अख्तियार दुरुपयोग अनुसन्धान आयोगको
बत्तिसौं वार्षिक प्रतिवेदन
आर्थिक वर्ष २०७८/७९



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं
२०७९

प्रकाशकः
अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं ।

छापिएको संख्याः

सर्वाधिकारः
प्रकाशकमा निहित

मुद्रकः

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

फोन नं. :- ५२६२१८०
५२६२२४७
फ्याक्स :- ५२६२१२८
५२६२१०४
ई—मेल :- ujuri@ciaa.gov.np
info@ciaa.gov.np
वेबसाइट :- www.ciaa.gov.np

पत्र संख्या :

मिति :- २०७९/६/५

विषय :- <u>बत्तिसौं वार्षिक प्रतिवेदन ।</u>

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
महाराजगन्ज, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७८/७९ (२०७८ श्रावण १ गतेदेखि २०७९ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

डा. सुमित्रा श्रेष्ठ अमात्य	डा. हरि पौडेल	जयबहादुर चन्द	किशोर कुमार सिलवाल	प्रेम कुमार राई
आयुक्त	आयुक्त	आयुक्त	आयुक्त	प्रमुख आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरू



प्रेम कुमार राई
प्रमुख आयुक्त



किशोर कुमार सिलवाल
आयुक्त



जयबहादुर चन्द
आयुक्त



डा. हरि पौडेल
आयुक्त



डा. सुमित्रा श्रेष्ठ अमात्य
आयुक्त

अनुक्रमणिका

परिच्छेद	शीर्षक	पृष्ठ
	प्रतिवेदनको सारांश	**क - घ**
परिच्छेद -१	**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय**	**१-१९**
	१.१ पृष्ठभूमि	१
	१.२ आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था	१
	१.३. आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू एवं आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू	४
	१.४ छानबिन तथा अनुसन्धान प्रक्रिया	६
	१.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय	१०
	१.६ संस्थागत संरचना	११
	१.७ अधिकार प्रत्यायोजन	१३
	१.८ आयोग र अन्य निकायबीचको कार्यसम्बन्ध	१४
	१.९ आयोगको संरचनागत सुदृढीकरण	१७
	१.१० बजेट व्यवस्था	१९
परिच्छेद-२	**आयोगबाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण**	**२०-३००**
	२.१ पृष्ठभूमि	२०
	२.२ उजुरीका माध्यम	२०
	२.३ उजुरी तथा फछ्यौंट	२१
	२.४ प्रारम्भिक छानविनबाट भएको कारबाही	३०
	२.५ विस्तृत अनुसन्धान	३२
	२.६ आयोगको बैठक र निर्णय	३३
	२.७ मुद्दा दायर/अभियोजन	३५
	२.८ फैसला प्राप्ति र पुनरावेदन	१४६
	२.९ कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको	२१५
	२.१० तामेली	२५४
	२.११ मुल्तबी	२९९
परिच्छेद-३	**भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू**	**३०१-३१३**
	३.१ पृष्ठभूमि	३०१
	३.२ निरोधात्मक कार्य	३०१
	३.३ प्रवर्द्धनात्मक कार्य	३०८

परिच्छेद-४ भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण ३१४-३४६

४.१ पृष्ठभूमि ----------३१४

४.२ भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्था----------३१४

४.३ भ्रष्टाचारको प्रवृत्ति विश्लेषण ----------३१५

४.४ भ्रष्टाचारको पदीय/पेसागत प्रवृत्तिको विश्लेषण----------३२८

४.५ भ्रष्टाचारको क्षेत्रगत प्रवृत्तिको विश्लेषण----------३३०

४.६ आयोगको स्थापनाकालदेखि हालसम्म अदालतमा दायर गरिएका मुद्दाहरूको प्रवृत्ति विश्लेषण----------३३८

परिच्छेद - ५ सुझावहरू ---------- ३४७-३९१

५.१ पृष्ठभूमि----------३४७

५.२ विगतका सुझाव कार्यान्वयनको अवस्था----------३४७

५.३ भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नका लागि आयोगद्वारा दिइएका सुझावहरू---------३७२

५.३.१ नीति तथा कानुन.....३७३

५.३.२ विषयगत निकायहरू सुझावहरू.....३८०

परिच्छेद - ६ आयोगको रणनीति र आगामी कार्यदिशा ३९२-४०२

६.१ पृष्ठभूमि----------३९२

६.२ आयोगको संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१)----------३९३

६.३ संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) को कार्यान्वयनको अवस्था३९६

६.४ आयोगको आगामी कार्यदिशा---------- ३९९

उपसंहार ---------- ४०३-४०४

अनुसूचीहरू ---------- ४०५-४४९

अनुसूची १ क अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सांगठानिक ढाँचा ----------४०५

अनुसूची १ ख अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयहरुको सांगठानिक ढाँचा----------४०६

अनुसूची २ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्वीकृत दरवन्दी----------४१२

अनुसूची ३ आयोगको ०७८।७९ को बजेट राजश्व र धरौटीको व्यवस्था ----------४१३

अनुसूची ४ क आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको विवरण ----------४१४

अनुसूची ४ ख आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको मन्त्रालयगत विवरण : ----------४१९

अनुसूची ४ ग आयोग र आयोगका मातहत कार्यालयहरूमा एकमुष्ट दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको मन्त्रालयगत विवरण : ----------४२१

अनुसूची ४ घ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको भौगोलिक आधारमा प्रदेशगत विवरण : ----------४३०

अनुसूची ४ ङ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको संघीय निकायहरुको प्रदेशगत विवरण : ----------४३०
अनुसूची ४ च आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको प्रदेश निकायहरुको प्रदेशगत विवरण : ----------४३१
अनुसूची ४ छ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको स्थानीय निकायहरुको प्रदेशगत विवरण : ----------४३१
अनुसूची ४ ज आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरूको तीन तहका सरकारका आधारमा प्रदेशगत विवरण : ----------४३२
अनुसूची ४ झ आयोग र आयोगका मातहत कार्यालयहरूमा दर्ता भएका उजुरीहरू तथा फछ्यौंटको जिल्लागत विवरण : ----------४३३
अनुसूची ५ आयोगको प्रत्यायोजित अधिकारको प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूबाट कारबाही भएका उजुरीहरूको संख्यात्मक विवरण : ----------४३६
अनुसूची ६ विस्तृत अनुसन्धान सम्पन्न भएका उजुरीहरूको मन्त्रालयगत/निकायगत विवरण.....४३७
अनुसूची ७ विस्तृत अनुसन्धानबाट विभिन्न कारबाही भएका आयोगका निर्णयहरूको मन्त्रालयगत/निकायगत विवरण----------४३९
अनुसूची ८ क आयोगका महाशाखाका आधारमा उजुरी संख्या ----------४४१
अनुसूची ८ ख आयोगका मातहत कार्यालयका आधारमा उजुरी संख्या ----------४४१
अनुसूची ८ ग भौगोलिक आधारमा प्रदेशगत उजुरी ----------४४२
अनुसूची ८ घ संघीय निकायहरुको आधारमा प्रदेशगत उजुरी ----------४४२
अनुसूची ८ ङ प्रदेशका निकायहरुको आधारमा प्रदेशगत उजुरी संख्या ----------४४३
अनुसूची ८ च स्थानीय निकायहरुको आधारमा प्रदेशगत उजुरी ----------४४३
अनुसूची ८ छ तीन तहका सरकारका प्रदेशगत उजुरीको प्रवृति ----------४४४
अनुसूची ९ प्रारम्भिक छानबिनबाट भएका कारबाहीको विवरण ----------४४४
अनुसूची १० विभिन्न आर्थिक वर्षमा उजुरी दर्ता र फछ्यौंटको प्रवृत्ति ----------४४५
अनुसूची ११ विगत ५ वर्षमा कुल उजुरीको फछ्यौंट विवरणको प्रवृत्ति ----------४४५
अनुसूची १२ विशेष अदालतमा दायर भएका विभिन्न प्रकृतिका मुद्दा ----------४४६
अनुसूची १३ विभिन्न प्रकृतिका मुद्दाहरूमा मागदाबी लिइएको बिगो रकमको हिस्सा ----------४४६
अनुसूची १४ विस्तृत अनुसन्धानबाट भएका कारबाहीको हिस्सा ----------४४७
अनुसूची १५ विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा कसुर स्थापितको प्रतिशत ४४७
अनुसूची १६ विगत ५ वर्षमा गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाको विवरण ----------४४८
अनुसूची १७ विगत ५ वर्षमा नक्कली शैक्षिक योग्यतासम्बन्धी मुद्दा दायरको विवरण ----------४४८
अनुसूची १८ विगत ५ वर्षको घुस (रिसवत) सम्बन्धी मुद्दा र प्रतिवादीको प्रवृत्ति ----------४४९
अनुसूची १९ विगत १९ वर्षमा मुद्दा दायर र प्रतिवादीको प्रवृत्ति.....४४९

प्रतिवेदनको सारांश

१. नेपालको संविधानको भाग २१ धारा २३८ मा संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनसम्बन्धी व्यवस्था र धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । जसअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने व्यवस्था रहेको छ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको कामकारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउने व्यवस्था छ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, मातहत स्थापना गरिएका ८ वटा कार्यालयहरू क्रमशः इटहरी-सुनसरी, बर्दिवास-महोत्तरी, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बुटवल-रुपन्देही, वीरेन्द्रनगर-सुर्खेत, महेन्द्रनगर-कन्चनपुर र बुटवल कार्यालयको सम्पर्क कार्यालयको रूपमा नेपालगञ्ज-बाँकेमा रहेका छन्। आयोगबाट ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ ।

३. आयोग र मातहतका ८ वटा कार्यालयहरूमा निजामती, प्रहरी र अन्य सेवाका गरी जम्मा ९९० जना कर्मचारीहरूको दरबन्दी रहेको छ । जसअनुसार आयोगको टंगालस्थित कार्यालयमा १२ वटा महाशाखाहरू रहेका र निजामती, प्रहरी र अन्य गरी जम्मा ५१२ जना विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको छ भने आयोगका मातहत कार्यालयहरूको जम्मा दरबन्दी ४७८ रहेको छ ।

४. आर्थिक वर्ष ०७८/७९ मा आयोगका लागि छुट्याइएको कुल बजेट रु. १ अर्ब २७ करोड ६९ लाख २ हजार ५ सय ७९ रुपैयाँमा रु. ८८ करोड १४ लाख ३८ हजार ९ सय रुपैयाँ निकासा भई त्यत्ति नै रकम खर्च भएको छ । आयोगलाई प्राप्त बजेटमध्ये चालुमा रु. ९८ करोड ६६ लाख २ हजार ५ सय ७९ रुपैयाँ र पुँजीगतमा रु. २९ करोड ३ लाख विनियोजन भएकोमा चालुतर्फ रु. ७३ करोड ८० लाख ७० हजार ३ सय २० रुपैयाँ र पुँजीगततर्फ रु.१४ करोड ३३ लाख ६८ हजार ५ सय ८० रुपैयाँ खर्च भएको छ । छुट्याइएको पुँजीगत बजेटबाट भौतिक पूर्वाधार विकासतर्फ आयोगका भवन निर्माण, इन्जिनियरिङ ल्याब निर्माण, उपकरणहरू खरिद, फर्निचर फिक्सचर्स लगायतका कार्य गरिएको छ । त्यसैगरी चालुतर्फको बजेटबाट तलब भत्ता, जनशक्ति क्षमता अभिवृद्धि, प्रवर्द्धनात्मक कार्यक्रम र अध्ययन अनुसन्धान गरिएका छन् । प्रतिवेदन अवधिसम्म आयोगमा कुनै पनि बेरुजु रहेको छैन ।

५. उजुरीकर्ताको सहजताका लागि आयोगमा विभिन्न माध्यमहरूबाट उजुरी गर्न सकिने प्रबन्ध मिलाइएको छ । आयोगमा हटलाइन नं. १०७ मा फोन गरेर, टोल फ्रि नं १६६०-०१-२२२३३ मा फोन गरेर, भाइबर नं. ९८६३३३३१९१ मा फोन वा सूचना पठाएर, फ्याक्स नं. ९७७-१-५२६२१२८ र ५२६२१०४ मा फ्याक्स गरेर, ई-मेल ujuri@ciaa.gov.np, Twitter मा @ciaa_nepal र आयोगको फेसबुक पेजमार्फत उजुरीको सूचना पठाएर, आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन माध्यमबाट उजुरी गरेर, हुलाकबाट उजुरीको चिठी पठाएर वा आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालयहरूमा आफैं उपस्थित भएर आयोगमा

उजुरी दर्ता गर्न सकिन्छ। यसका अतिरिक्त पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका भ्रष्टाचार र आर्थिक अनियमितितासम्बन्धी सार्वजनिक चासोका विषयहरूलाई समेत आयोगले उजुरीका रूपमा ग्रहण गर्ने गरेको छ । आयोगको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कानुन, कार्यविधि तथा आचारसंहितामा आधारित भई कार्यसम्पादन गर्ने गरिन्छ।

६. आर्थिक वर्ष २०७८/७९ मा यस आयोग वा आयोगका कार्यालयमा दर्ता भएका उजुरीहरूका माध्यमका आधारमा सबैभन्दा बढी (४,४९५) उजुरी लिखित निवेदनबाट भएको देखिन्छ । त्यस्तैगरी क्रमशः हुलाक सेवा, इमेल, वेबसाइटलगायतका माध्यमहरूबाट उजुरी प्राप्त भएको देखिन्छ भने सबैभन्दा कम उजुरी एस.एम.एस.बाट ४ वटा मात्र दर्ता भएको देखिन्छ ।

७. आर्थिक वर्ष ०७८/७९ मा आयोगमा दर्ता हुन आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका उजुरीहरूमा सबैभन्दा बढी उजुरीहरू अर्थात् आधाभन्दा बढी ५०.५५% उजुरी आयोगको टंगालस्थित कार्यालयमा छन् । मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको कार्यालय, बर्दिबासमा (८.६८%) रहेका छन् र सबैभन्दा कम उजुरीहरू भने आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जमा (३.०७%) तथा आयोगको कार्यालय, पोखरामा (४.५९%) रहेका छन्।

८. त्यसैगरी फछ्यौंटतर्फ, आयोगको केन्द्र तथा मातहत कार्यालयहरूका फछ्यौंट संख्याका आधारमा सबैभन्दा बढी ९,५०९ उजुरीहरूको फछ्यौंट आयोगको टंगालस्थित कार्यालयबाट भएका छन् । फछ्यौंट प्रतिशतका आधारमा मातहत कार्यालयहरूमध्ये आयोगको कार्यालय, बुटवलबाट ८४.५२% फछ्यौंट भएका छन् यद्यपि फछ्यौंट संख्याका आधारमा आयोगको कार्यालय, बर्दिबासबाट १,१९६ उजुरी फछ्यौंट भएका छन् । त्यसैगरी फछ्यौंट प्रतिशतकै आधारमा सबैभन्दा कम फछ्यौंट भने आयोगको कार्यालय, इटहरीबाट (५३.३६%) र फछ्यौंट संख्याका आधारमा आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जबाट ५२४ उजुरी फछ्यौंट भएका छन्।

९. आयोगमा परेका संघ, प्रदेश र स्थानीय तह मातहतका सार्वजनिक निकायहरूका उजुरीहरूलाई तहगत आधारमा उजुरीको झन्डै आधा हिस्सा (४७.०८%) स्थानीय तहसम्बद्ध निकायहरूका विरुद्ध परेको देखिन्छ। त्यस्तै संघीय सरकारमातहतका निकायहरूमा यस्तो संख्या करिब ४०.९६ प्रतिशत रहेको देखिन्छ ।

१०. संघीय सरकार मातहतका सार्वजनिक निकायहरूका आधारमा बाग्मती प्रदेशमा रहेका संघीय कार्यालयहरू विरुद्ध सबैभन्दा बढी र त्यसपछि मधेस प्रदेश, लुम्बिनी प्रदेश र प्रदेश नं. १ मा रहेका छन् । तुलनात्मक रूपमा गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा बाँकी प्रदेशभन्दा कम उजुरी परेको देखिन्छ ।

११. प्रदेश र स्थानीय तह मातहतका सार्वजनिक निकायहरू विरुद्धका उजुरीहरूलाई प्रदेशगत आधारमा मधेस प्रदेशमा सबैभन्दा बढी (२८.१०%) र गण्डकी प्रदेशमा सबैभन्दा कम (८.४७%) उजुरीहरू परेको देखिन्छ । त्यसैगरी लुम्बिनी प्रदेशमा १५%, सुदूरपश्चिम प्रदेशमा १३.७३%, प्रदेश नं. १ मा १२.७९%, बाग्मती प्रदेशमा ११.७८%, र कर्णाली प्रदेशमा १०% उजुरीहरू रहेको देखिन्छ ।

१२. आयोगमा परेका विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित उजुरीहरू क्रमशः संघीय मामिला, शिक्षा, स्वास्थ्य, भूमि प्रशासन, वन तथा वातावरण, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार, गृह प्रशासनलगायतका क्षेत्रसँग सम्बन्धित उजुरीहरू तुलनात्मक रूपमा बढी रहेका छन् । त्यसैगरी गैरकानुनी सम्पत्ति आर्जन र नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित उजुरीहरू पनि उल्लेख्य रूपमा पर्ने गरेका छन्।

१३. सबैभन्दा बढी उजुरी परेका क्षेत्रहरू क्रमशः संघीय मामिला (स्थानीय तहसमेत) ३३.१४%, शिक्षा १५.३१% र भूमि प्रशासन ७.७१% रहेका छन् । त्यस्तै, वन तथा वातावरणका ४.६२%, स्वास्थ्य तथा जनसंख्याका ३.९९%, भौतिक पूर्वाधार तथा यातायातका ३.८८%, गृह प्रशासनका ३.७५% तथा पर्यटन,उद्योग तथा वाणिज्यका ३.२३%, ऊर्जा, जलस्रोत तथा सिंचाइका ३.०९%, खानेपानी तथा सहरी विकासका २.९८%, कृषि तथा पशुपक्षीका १.८८% उजुरीहरू रहेका छन् ।त्यस्तै अर्थ तथा राजस्व क्षेत्रसँग सम्बन्धित १.९६%, संचार तथा सूचना प्रविधिका ०.९९%, नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित ५.६८% र गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ४.७९% उजुरीहरू पर्न आएका छन् । उल्लिखित क्षेत्रहरू बाहेकका अन्य विविध विषयहरूसँग सम्बन्धित उजुरीहरू ३% रहेका छन्।

१४. प्रारम्भिक छानबिनबाट भएको उजुरी फछर्यौट आर्थिक वर्ष ०७८।७९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा रहेका १२,३०० उजुरीहरूमध्ये ९,५०९ अर्थात् ७७.३१% उजुरीहरू फछर्यौट भएका छन् भने मातहत कार्यालयहरूमा रहेका १२,०३१ उजुरीहरूमध्ये ७,६६० अर्थात ६३.६७% उजुरी फछर्यौट भएका छन् । आयोग र मातहत कार्यालयसमेतका कुल उजुरीहरू २४,३३१ मध्ये १७,१६९ उजुरीहरू फछर्यौट भई समग्र फछर्यौट ७०.५६% रहेको छ । फछर्यौट हुन बाँकी रहेका ७,१६२ उजुरीहरू छानबिनका लागि आर्थिक वर्ष २०७९/८० मा जिम्मेवारी सरेका छन् ।

१५. आर्थिक वर्ष ०७८/७९ मा विस्तृत अनुसन्धानको आधारमा १३० वटा आरोपत्रहरू विशेष अदालतमा दायर गर्ने निर्णय भएका र आ.व.२०७७/७८ मा निर्णय भएको १ वटा आरोपपत्र समेत गरी प्रतिवेदन अवधिमा जम्मा १३१ मुद्दा विशेष अदालतमा दायर भएका छन्। त्यसैगरी सम्बन्धित निकायलाई सुझाव दिएको र लेखी पठाइएको संख्या क्रमशः ८० र १७ रहेको छ भने ६३७ वटा तामेली जाने र ४१ वटा अन्य निर्णयहरू भएका छन् ।

१६. आर्थिक वर्ष ०७८/७९ मा आयोगको कुल ७९ पटक बैठक बसी मुद्दा दायर, लेखी पठाउने, तामेली, मुल्तबी, पुनरावेदन, पुनरावलोकन लगायतका विषयहरूमा जम्मा ९७५ वटा निर्णयहरू भएका छन्।

१७. आर्थिक वर्ष ०७८/७९ मा मुद्दा दायर १३१ मुद्दाहरूमध्ये सबैभन्दा बढी ३५ मुद्दा सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी रहेका छन् भने त्यसपछि गैरकानुनी लाभ हानिसम्बन्धी ३४ मुद्दा रहेका छन् । त्यसैगरी, घुस रिसवतसम्बन्धी ३२, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ७, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ६, राजस्व चुहावटसम्बन्धी ५ र विविध विषयका १२ थान रहेका छन्।

१८. आ.व. ०७८/७९ मा विशेष अदालतबाट भएका फैसलाहरूमध्ये आयोग सहमत हुन नसकेका ५७ वटा मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ ।

१९. आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. ०७८/७९ मा विस्तृत अनुसन्धानपश्चात गैरकानुनी सम्पत्ति आर्जनतर्फका उजुरी ४२ र अन्य ५९५ गरी जम्मा ६३७ उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) तथा नियमावली, २०५९ को नियम १० बमोजिम तामेलीमा राखिएको छ ।

२०. आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. ०७८/७९ मा ९ वटा उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० को उपनियम (२) बमोजिम मुल्तबीमा राखिएको छ ।

२१. आयोगले संस्थागत रणनीति (आ.व.२०७६/७७-२०८०/८१) मार्फत् उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकास गरी चारवटा रणनीतिहरू अवलम्बन गरि कार्यसम्पादन गर्दै आइरहेको छ। उपचारात्मक रणनीति अन्तरगत उजुरीहरुको वस्तुगत अनुसन्धान गर्ने, दोषी देखिएमा आरोपपत्र दायर गर्ने, पुनरावेदन एवं पुनरावलोकनका कार्यहरु गर्दै आइएको छ । निरोधात्मक रणनीतिमार्फत सार्वजनिक निकायलाई सुझावहरू सम्प्रेषण गर्ने, कारबाहीका लागि लेखी पठाउने, समन्वय बैठक, छलफल तथा अन्तर्क्रियाहरू गर्ने, संसदीय समितिमा छलफल तथा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन गर्ने कार्यहरू भइरहेका छन् । प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत भ्रष्टाचारविरुद्ध समुदायिक सचेतना अभिवृद्धि, सञ्चार माध्यमसँग भेटघाट तथा प्रेस विज्ञप्ति प्रकाशन, सरोकारवाला निकायबीच असल सञ्चार र अनुभव साटासाटमा सहकार्य गर्ने एवं सहयोग आदानप्रदान गर्ने कार्यले निरन्तरता पाइरहेको छ । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा भ्रष्टाचारका विविध आयाम, जोखिमका क्षेत्रहरूको पहिचानसम्बन्धी अध्ययन अनुसन्धान गर्दै आइरहेको छ ।

२२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ तथा भ्रष्टाचार न्यूनीकरणको निरोधात्मक रणनीतिबमोजिम आयोगले आफ्नो कामकारबाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुधारका लागि सुझाव दिंदै आएको छ । आर्थिक वर्ष २०७८/०७९ मा आयोगले सरकारी निकायमा प्रयोग हुने विभिन्न विद्युतीय सूचना प्रणालीको सुरक्षा प्रवन्ध मिलाउने, सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गरी संरक्षण गर्ने, निजामती कर्मचारीहरुलाई अनिवार्य रूपमा कार्यविवरण प्रदान गर्ने, कार्य विवरणसमेतको आधारमा कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन गर्ने व्यवस्था मिलाउने र सामुदायिक वन उपभोक्ता समूहहरूले कोषमा संकलित रकम लामो समयसम्म बिनाकारण आफ्नो जिम्मामा नराख्ने लगायतका सुझावहरू दिइएको छ ।

२३. भ्रष्टाचार नियन्त्रणको कार्य बहुआयामिक, जटिल र संवेदनशील हुने हुँदा मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने आयोगका कदमहरूमा शासन प्रणालीका सबै पक्षहरूको दरिलो साथ, सहयोग र ऐक्यबद्धता आवश्यक पर्दछ। नागरिक तहबाट महसुस हुने गरी राज्यबाट प्रवाह हुने सेवा र विकास व्यवस्थापनमा प्रभावकारिता कायम हुन सके मात्र राज्य र शासन प्रणालीप्रति नागरिकको अपनत्व र भरोसा अभिवृद्धि हुन सक्दछ। तसर्थ, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा सार्वजनिक, निजी, गैरसरकारी तथा सहकारी क्षेत्र, संचार जगत, नागरिक समाज, आम-जनसमुदाय तथा सम्पूर्ण सरोकारवालाहरूसँग हातेमालो गर्दै अघि बढ्ने कार्यमा साथ र सहयोगका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ।

परिच्छेद- १
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय

१.१ पृष्ठभूमि

सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी भ्रष्टाचार नियन्त्रणमा भूमिका निर्वाह गर्ने संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो कार्यसम्पादन गर्दै आएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ र ९८ को व्यवस्थाबाट स्वतन्त्र एवं स्वायत्त संवैधानिक आयोगको रूपमा २०४७ साल माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगको भूमिकालाई निरन्तरता दिएको थियो । वर्तमान नेपालको संविधानले आयोगलाई भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भई कार्य गर्ने गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ। संविधानले प्रदान गरेका जिम्मेवारी सम्पादन र भ्रष्टाचार नियन्त्रणका लागि आयोगले उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरूलाई अंगीकार गरी कार्यसम्पादन गर्ने गरेको छ।

आयोगको केन्द्रीय कार्यालय काठमाडौंको टंगालमा रहेको छ । आयोग मातहत स्थापना गरिएका ८ वटा कार्यालयहरू क्रमशः इटहरी-सुनसरी, बर्दिवास-महोत्तरी, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बुटवल-लुम्बिनी, वीरेन्द्रनगर-सुर्खेत, महेन्द्रनगर-कन्चनपुर र बुटवल कार्यालयको सम्पर्क कार्यालयको रूपमा नेपालगञ्ज-बाँकेमा रहेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २१क. मा आयोगको कार्यसंचालनका लागि नेपाल सरकारले स्वीकृत गरेका दरबन्दीअनुसारको कर्मचारीहरूको व्यवस्था गर्ने उल्लेख रहेको छ। सो बमोजिम आयोगमा नेपाल सरकारका विशिष्ट श्रेणीका सचिव तथा निजामती, प्रहरी लगायत अन्य राष्ट्रसेवक कर्मचारीहरू कार्यरत रहेको अवस्था छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासनमा योगदान दिन आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ एवं अन्य प्रचलित कानुनी व्यवस्था र आयोगको कामकारबाहीसम्बन्धी कार्यविधि, निर्देशिका एवं मापदण्डमा आधारित भई सदाचार, निष्पक्षता र निर्भीकताको सिद्धान्त अवलम्बन गरी कार्यसम्पादन गर्दछ । नेपालको संविधानको धारा २९४ को व्यवस्था अनुरूप आयोगले वर्षभरि सम्पादन गरिएका कामकारबाहीहरूको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्दै आएको छ ।

१.२ आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग २१ धारा २३८ मा संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठनसम्बन्धी व्यवस्था र धारा २३९ मा आयोगको काम, कर्तव्य र

अधिकार उल्लेख गरिएको छ । जसअनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था रहेको छ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको कामकारबाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष बुझाउने व्यवस्था रहेको छ ।

१.२.१ आयोगको गठन

नेपालको संविधानको भाग २१, धारा २३८ मा आयोगको गठन सम्बन्धमा देहायबमोजिम व्यवस्था रहेको छः-

(१) नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र अन्य चार जना आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

(२) राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्नेछ ।

(३) प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजका विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

(५) उपधारा (२) बमोजिम नियुक्त प्रमुख आयुक्त तथा आयुक्तको पुनः नियुक्ति हुन सक्ने छैन ।

तर आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) लेखा, राजस्व, इन्जिनियरिङ, कानुन, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) पैतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र भएको ।

(७) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका सर्त संघीय कानुनबमोजिम हुनेछ । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका सर्त परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

(८) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।

तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेस गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१.२.२ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको भाग २१ को धारा २३९ मा आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ । तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानुनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुनबमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुनबमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकायसमक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानुनबमोजिम हुनेछ ।

१.२.३ संवैधानिक निकायको काम कारबाहीको अनुगमन

नेपालको संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारबाहीको अनुगमन सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

संवैधानिक निकायका प्रमुख र पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहनुपर्नेछ । प्रतिनिधिसभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेक अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ ।

१.२.४ संवैधानिक निकायको वार्षिक प्रतिवेदन

संविधानको धारा २९४ मा संवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धमा देहायबमोजिम व्यवस्था गरिएको छ :-

(१) यस संविधानबमोजिमका संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउनेछ ।

(२) उपधारा (१) बमोजिमको वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू संघीय कानुनबमोजिम हुनेछ ।

(३) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक निकायले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्न सक्नेछ ।

१.३ आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू एवं आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू :-

१.३.१ आयोगको कामसँग सम्बन्धित मुख्य कानुनहरू :-

आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिमका कानुनद्वारा व्यवस्थित गरिएका छन् :

- नेपालको संविधान,
- भ्रष्टाचार निवारण ऐन, २०५९,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८,
- विशेष अदालत ऐन, २०५९,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४,
- प्रमाण ऐन, २०३१ लगायत अनुसन्धानसँग सम्बन्धित अन्य कानुनहरू,
- सम्पत्ति शुद्धीकरणा निवारण ऐन, २०६४ र नियमावली, २०७३ ।
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र नियमावली २०७० ।
- कानुन व्याख्यासम्बन्धी ऐन, २०१० ।
- सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ र नियमावली २०६५ ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८,

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता २०७६,
- अभियोजन मार्गदर्शन, २०७८ ।
- अनुसन्धानसम्बन्धी अन्य नीति, निर्देशिका एवं कार्यविधिहरू ।

१.३.२ आयोगलाई कानुनद्वारा प्रदत्त अधिकारहरू :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियारको दुरुपयोग गरेमा कानुनबमोजिम अनुसन्धान, तहकिकात र अभियोजन गर्ने व्यवस्था रहेको छ । आयोगले आफ्नो कर्तव्य निर्वाहको क्रममा देहायका अधिकार प्रयोग गर्न पाउने कानुनी प्रावधान छ :

- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको कुनै व्यक्तिले कुनै प्रमाण लोप वा नष्ट गर्न सक्ने वा आयोगको कामकारबाहीमा बाधा व्यवधान वा प्रतिकूल प्रभाव पार्न सक्ने पर्याप्त कारण भएमा आयोगले निजलाई प्रचलित कानुनबमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्ने ।
- कुनै कार्यालय वा कुनै व्यक्तिको साथमा रहेको सम्बद्ध मिसिल वा प्रमाणको लिखत पेस गर्न आदेश दिने ।
- अख्तियार दुरुपयोगको आरोपित वा सम्बद्ध तथ्यहरूको जानकारी भएको व्यक्तिलाई उपस्थित गराई सोधपुछ गर्ने, बयान लिने वा आवश्यकताअनुसार बन्द सवाल जारी गर्ने ।
- बयान लिइसकेपछि खोजेको बखत हाजिर हुने कागज गराई छाड्ने वा तारिखमा राख्ने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति पदमा बहाल रहिरहँदा आफ्नो विरुद्धको प्रमाण लोप गर्न वा नास गर्न सक्ने वा अनुसन्धान र तहकिकातमा बाधा व्यवधान पुऱ्याउन सक्ने मनासिब कारण भएमा त्यस्तो व्यक्तिलाई पदबाट निलम्बन गर्न नेपाल सरकार वा सम्बन्धित संस्थालाई लेखी पठाउने ।
- भ्रष्टाचारको आरोपमा कारबाही चलाइएको व्यक्ति बेपत्ता हुनसक्ने मनासिव कारण भएमा वा बिगो हानि नोक्सानी भएको देखिएमा आयोगले निजसँग धरौटी वा जेथा जमानत माग्ने र नदिएमा थुनामा राख्ने ।
- आयोगले अनुसन्धानको सिलसिलामा कुनै लिखत वा अन्य कुनै वस्तु पेस गर्न वा कुनै कुराको जानकारी दिन कुनै कार्यालय वा कुनै व्यक्तिलाई लेखी पठाएकोमा वा कुनै व्यक्तिलाई उपस्थित हुन आदेश दिएकोमा सो बमोजिम नगर्ने पदाधिकारी उपर विभागीय कारबाही चलाउन निर्देशन दिने तथा जरिवाना गर्ने वा थुनामा राख्ने ।
- प्रचलित कानुनबमोजिम कुनै ठाउँको तलासी लिने वा लिन लगाउने र आवश्यक देखिएका कुनै वस्तु वा कागज वा मिसिल आफ्नो कब्जामा लिने वा त्यस्तो कागज वा मिसिलको प्रतिलिपि उतार्ने ।
- भ्रष्टाचारको कसुरमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको स्वदेश वा विदेशमा कुनै बैंक वा वित्तीय संस्थामा भएको कारोबार वा खाता संचालन रोक्का राख्न आदेश दिने ।
- अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भइसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिने ।

- अभियुक्तलाई आयोगको स्वीकृति बिना कुनै स्थान छोड्न नपाउने गरी वा कुनै स्थानमा जान नपाउने गरी आदेश दिने ।
- आयोगको अनुसन्धान र तहकिकातसम्बन्धी काम कारबाहीमा बाधा विरोध गर्नेलाई जरिवाना वा कैद वा दुवै सजाय गर्ने ।

सोही ऐनले आयोगलाई सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अख्तियार दुरुपयोग गरेमा कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्ने, मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणाअनुरूप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरू गर्ने थप दायित्वसमेत सुम्पेको छ। यस अनुरूप आयोगबाट निम्न कार्यहरू सम्पादित हुँदै आएका छन् :

- विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारबाही वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने वा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।
- भ्रष्टाचारलाई नियन्त्रण गर्ने उद्देश्यले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यहरू गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

१.४ छानबिन तथा अनुसन्धान प्रक्रिया

भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी, सूचना वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानबिन, अनुसन्धान तहकिकात गर्न/गराउन वा अन्य कारबाही चलाउन सक्छ । आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने भ्रष्टाचारसम्बन्धी कुनै पनि विषयमा अनुसन्धान तहकिकात गरी भ्रष्टाचार भएको देखिएमा सम्बन्धित अदालतमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गर्न सक्छ । सामान्यतया आयोगले उजुरी दर्तापश्चात् प्रारम्भिक छानबिन गर्दछ । प्रारम्भिक छानबिन गर्दा भ्रष्टाचार भएको हुनसक्ने तथ्यगत आधार देखिएमा विस्तृत अनुसन्धान गरी आवश्यक निर्णय गर्ने गरिन्छ । उजुरीको गाम्भीर्यता विचार गरी आवश्यकतानुसार सिधै विस्तृत अनुसन्धानको प्रक्रियासमेत सुरु गर्न सकिन्छ । प्राप्त हुन आएका उजुरीउपरको छानबिन गर्दा देहायको प्रक्रिया अपनाउने गरिएको छ :


क) विभिन्न माध्यमबाट प्राप्त हुन आएका उजुरीहरू सर्वप्रथम प्रमुख आयुक्तसमक्ष पेस भई तोक आदेश हुने व्यवस्था छ ।

ख) आयोगका सचिवको संयोजकत्वमा रहेको उजुरी छानबिन तथा फछ्यौंट सिफारिस समिति (**Screening Committee**) ले प्राप्त उजुरीहरू छानबिन गरी रायसहित आयोगसमक्ष पेस गर्दछ ।

ग) आयोगबाट निर्णय भएबमोजिम उजुरी/निवेदनहरू उपर थप आवश्यक कारबाही अगाडि बढाइन्छ ।

चित्र नं. १.१
छानबिन तथा अनुसन्धान प्रक्रिया

(ख) कार्यालयको कार्यसम्पादन प्रणाली (फ्लो-चार्ट)



१.४.१ उजुरी छानबिन तथा फछ्यौंट सिफारिस समिति (Screening Committee) को काम/कर्तव्य :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यविधि, २०७८ अनुसार आयोग वा अन्तर्गतका कार्यालयमा प्राप्त हुने उजुरीहरूको छानबिन, व्यवस्थापन तथा फछ्यौंट प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउने कार्यका लागि आयोगका सचिवको संयोजकत्वमा उजुरी छानबिन तथा फछ्यौंट सिफारिस समिति गठन गरिएको छ ।

आयोगमा प्राप्त हुने उजुरीहरूलाई समितिले देहायबमोजिम वर्गीकरण गर्ने गरेको छ :-

(क) सार्वजनिक हित वा सरोकारसँग सम्बन्धित विषयवस्तु बाहेकका सनाखत हुन नसकेका वा सनाखत गराउन नसकिने अवस्थाका उजुरी,

(ख) सार्वजनिक हित वा सरोकारसँग सम्बन्धित विषयमा मर्का पर्ने व्यक्ति बाहेक अन्य व्यक्तिले दिएको उजुरी,

(ग) हदम्याद नाघेका उजुरी,

(घ) आयोगको क्षेत्राधिकार र कार्यक्षेत्रमा नपरेका उजुरी,

(ङ) प्रथमः दृष्टिमै तथ्ययुक्त नदेखिएका वा गोलमटोलरूपमा लेखिएका उजुरी,

(च) अत्यन्त सामान्य विषयमा लेखिएका उजुरी,

(छ) कुनै कारणले कारबाही गर्न सम्भव नभएका उजुरी,

(ज) एकपटक तामेलीमा रहिसकेको उजुरीमा नयाँ प्रमाण पेस नगरी पुनः दिएको उही विषयको उजुरी,

(झ) सम्बन्धित मन्त्रालय/निकायबाट नै कारबाही गर्न उपयुक्त देखिएका उजुरी,

(ञ) आयोगबाटै कारबाहीको प्रक्रिया अघि बढाउन उपयुक्त देखिएका उजुरी,

(ट) आयोगका कार्यालयहरूबाट आयोगमा सिफारिस भई आएका उजुरीहरूको पुनः छानबिन/यकिन गरी आयोगमा निर्णयको लागि पेस गरेका उजुरी ।

समितिले वर्गीकरण गरेका उजुरीहरुको व्यवस्थापन र फछ्यौंट देहायबमोजिम गर्ने गरिएको छः-

(क) प्रमुख आयुक्तबाट छानबिन/शीघ्र कारबाही गर्ने भनी तोक आदेश भएका उजुरीको हकमा स्मृतिपत्र उठाई व्यहोरा जनाई सम्बन्धित महाशाखाबाट छानबिन प्रक्रिया अगाडि बढाउने,

(ख) दर्ता भएका उजुरीहरूलाई महाशाखागतरूपमा विभाजन गरी पूर्व छानबिन (स्क्रिनिङ) का लागि सो को सफ्टकपी सम्बन्धित महाशाखामा पठाउने,

(ग) यस सम्बन्धमा सम्बन्धित महाशाखाका सहसचिवले पहिले कायम रहेका उजुरीहरू एवं सो विषयमा भएको कारबाही विवरणसमेत अध्ययन गरी तत्काल छानबिन गर्नुपर्ने वा समितिमा पेस गर्न उपयुक्त हुने देखिएका उजुरीलाई आफ्नो रायसहित पेस गर्ने,

(घ) उजुरीहरूको पूर्व छानबिन गर्दा तामेलीमा राख्नुपर्ने देखिएका उजुरीहरुको मन्त्रालय वा निकायगतरूपमा विवरण तयार गरी तामेलीमा राख्न एकमुष्ठ उजुरीहरू सम्बन्धित आयुक्त र प्रमुख आयुक्तसमक्ष पेस गर्ने,

(ङ) सम्बन्धित विषय हेर्ने आयुक्त र प्रमुख आयुक्तबाट तामेलीमा राख्ने भनी निर्णय भएमा त्यस्ता उजुरी सम्बन्धित महाशाखामार्फत मुद्दा पुनरावेदन तथा बहस पैरवी महाशाखामा पठाउने,

(च) कुनै उजुरी आयोगको कार्यालयमा छानबिनका लागि लेखी पठाउने निर्णय भएमा सम्बन्धित महाशाखाको अभिलेखबाट उक्त उजुरीको लगत कट्टा गर्ने,

(छ) तामेलीमा जाने उजुरीबाहेक अन्य उजुरीहरू आवश्यक कारबाहीका लागि सम्बन्धित महाशाखामा पठाउने,

(ज) आयोगका कार्यालयहरूमा गठन गरिएका उजुरी छानबिन तथा फछ्यौंट सिफारिस समितिबाट सिफारिस भई आएका उजुरीहरू अध्ययन गरी सिफारिससहित निर्णयका लागि पेस गर्ने र सो बमोजिम निर्णय कार्यान्वयनका लागि आयोगको सम्बन्धित महाशाखा वा आयोगको कार्यालयमा पठाउने,

(झ) एउटै उजुरी आयोग र आयोगका कार्यालयहरूमा समेत परेमा आयोगबाट भएको निर्णयअनुसार गर्न आयोगको कार्यालयमा पठाउने र यस्तो निर्णय कार्यालयमा प्राप्त भएपछि सोही निर्णयबमोजिम कार्यालयले कार्यान्वयन गर्ने,

(ञ) कुनै उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ९ बमोजिम कुनै निकायमा लेखी पठाएकोमा निर्णयबमोजिम आयोगको अभिलेखबाट लगत कट्टा गर्ने।

१.४.२ प्रारम्भिक छानबिनको प्रक्रिया :

आयोगसमक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारीउपर प्रारम्भिक छानबिनको क्रममा कारबाही गर्नुपर्ने वा नपर्ने निक्यौंल गर्दा देहायका आधार लिने गरिएको छ :-

क) आयोगको क्षेत्राधिकारभित्रको विषय,

ख) विषयको गाम्भीर्यता,

ग) आरोपको तथ्यपरक आधार,

घ) आरोपित निकाय र पदाधिकारीहरू,

ङ) सार्वजनिक वा सरकारी सम्पत्तिको हानि नोक्सानी वा अनुचित लाभको अवस्था,

ङ) उजुरीको विषयमा कुनै अदालतमा विचाराधीन रहेको वा मुद्दा चलिरहेको अवस्था,

च) उजुरीमा उल्लिखित विषयको हदम्याद आदि ।

आयोगमा पर्न आएका उजुरीउपर प्रारम्भिक छानबिन गर्नुपर्ने देखिएमा आयोग आफैंले वा अन्य सरकारी निकाय वा संस्था वा अधिकारीमार्फत प्रारम्भिक छानबिन गर्न/गराउन

सक्दछ। आयोगमा पर्न आएको उजुरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा देहायबमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले त्यस्तो उजुरी कुनै कारबाही नगरी तामेलीमा राख्न सक्दछ।

क) ऐनको हदम्याद नाघेको,
ख) आयोगको अधिकार र कार्यक्षेत्रभित्रको विषय नभएको,
ग) गोलमटोल एवं तथ्ययुक्त आधार नभएको,
घ) दुःख दिने मनसायको र
ङ) सामान्य विषय समावेश भएको ।

प्रारम्भिक छानबिनको क्रममा भ्रष्टाचार भई अख्तियारको दुरुपयोग भएको देखिन आएमा त्यस्ता उजुरीउपर आयोगले विस्तृत अनुसन्धान तथा तहकिकात गर्न/गराउन सक्दछ। उजुरीमा उल्लिखित विषयवस्तुको गाम्भीर्यता उजुरीको प्रकृति र प्राप्त सूचनाहरूको आधारमा प्रारम्भिक छानबिन नगरी आयोगले एकैपटक विस्तृत अनुसन्धान पनि गर्न सक्दछ।

१.४.३ विस्तृत अनुसन्धानको प्रक्रिया

प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान गर्नुपर्ने वा सिधै विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरिन्छ । अनुसन्धान अधिकृतले प्रमुख आयुक्त र सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र निर्देशनमा अनुसन्धान र तहकिकात गर्दछ । उजुरीमा आरोपित विषयहरूका बारेमा सम्बन्धित व्यक्तिहरूको बयान वा लिखित जवाफ लिने, निजविरुद्धका प्रमाणहरू संकलन गर्ने, अनुसन्धानका क्रममा आरोपित व्यक्तिलाई नियन्त्रणमा लिनुपर्ने भए नियन्त्रणमा लिने, आवश्यकताअनुसार निजबाट धरौटी वा जेथाजमानी वा हाजिर जमानी लिने कार्य गर्न सक्दछ । अनुसन्धानको कार्य पूरा भएपछि अनुसन्धान अधिकृतले प्रतिवेदन तयार गरी आयोगको बैठकमा पेस गर्नका लागि सम्बन्धित आयुक्तसमक्ष पेस गर्ने व्यवस्था रहेको छ । यसरी पेस भएको प्रतिवेदन आयोगमा पेस हुनुपूर्व सम्बन्धित आयुक्तबाट थप प्रमाण संकलन वा अनुसन्धान गर्नुपर्ने भए सो समेत गर्न लगाई आयोगमा पेस गर्न आदेश हुन सक्दछ । यसरी पेस भएको प्रतिवेदन आयोगमा छलफल गरी कसुरको मात्रा, विषयको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकतासमेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा सम्बन्धित निकायलाई सुझाव दिने वा तत्कालका लागि मुल्तबीमा राख्ने वा केही कारबाही गरिरहन नपर्ने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगले गरेका विस्तृत अनुसन्धान प्रतिवेदन र निर्णयको कार्यान्वयन आयोगको सचिवमार्फत् हुने व्यवस्था रहेको छ ।

१.५ आयोगको आन्तरिक कार्यविभाजन, बैठक र निर्णय

आयोगमा प्रमुख आयुक्त र चार जना आयुक्तहरू कार्यरत रहेको अवस्था छ । आयोगमा हाल कार्यरत पदाधिकारीहरूको नामावली देहायबमोजिम रहेको छ ।

तालिका १.१

पदाधिकारीहरूको नामावली

क्र.सं.	पद	नाम	नियुक्ति मिति
१.	प्रमुख आयुक्त	प्रेम कुमार राई	२०७७।१०।२१
२.	आयुक्त	किशोर कुमार सिलवाल	२०७७।१०।२१
३.	आयुक्त	जयबहादुर चन्द	२०७७।१०।२१
४.	आयुक्त	डा. हरि पौडेल	२०७८।०३।१०
५.	आयुक्त	डा. सुमित्रा श्रेष्ठ अमात्य	२०७८।०३।१०

आयोगमा कार्यरत प्रमुख आयुक्त र आयुक्तहरूबीचको कार्यविभाजन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २२ बमोजिम प्रमुख आयुक्तले तोक्ने र निर्णय प्रक्रियाको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ बाट निर्धारण गरिएको छ । आयोगका आन्तरिक कार्यविधिहरू आयोगको बैठकबाट निर्णय गरी व्यवस्थित गरिएका छन् । आयोगमा पेस हुन आएका भ्रष्टाचारसम्बन्धी उजुरीका सम्बन्धमा आवश्यक छानबिन, अनुसन्धान र तहकिकातका लागि आयुक्तहरूका बीचमा संयुक्तरूपमा निर्णय हुने व्यवस्था छ । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेस गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेस गर्ने आदेश भएका विषयहरू वा अन्य नीतिगत निर्णय हुनुपर्ने विषयहरूको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि विषयको गाम्भीर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकतालाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशनअनुसार कुनै पनि समयमा आयोगको बैठक बसी निर्णय हुने व्यवस्था रहेको छ । मातहत कार्यालयहरूको कामकारबाहीको अनुगमन प्रयोजनका लागि समेत प्रमुख आयुक्तबाट आयुक्तहरूबीच कार्यविभाजन गरी व्यवस्थित गरिएको छ ।

१.६ संस्थागत संरचना

नेपालको संविधानले दिएको भूमिका निर्वाह गर्नका लागि आयोगको संगठन संरचना, दरबन्दी तथा कर्मचारीको व्यवस्थापनसहितको संस्थागत संरचनाको व्यवस्था गरिएको छ । आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था रहेको छ । मुलुकमा संघीय स्वरूप कायम भएसँगै संघीय ढाँचाअनुरूप स्थानीयस्तरमा आयोगको उपस्थिति थप सुदृढ बनाउन तथा बढ्दो उजुरीको अनुपातलाई समेत विचार गरी आयोगको संरचनामा समय समयमा पुनरावलोकन हुँदै आएकोमा पछिल्लो पटक नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।१।८ को निर्णयले स्वीकृत नयाँ संगठन संरचना कार्यान्वयनमा रहेको छ । स्वीकृत नयाँ संगठन संरचनाबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, मातहत रहने गरी सात प्रदेशमा १/१ वटा कार्यालय रहेका छन् भने आयोगको कार्यालय बुटवलको सम्पर्क कार्यालय नेपालगन्जमा रहेको छ । त्यस्तै, नयाँ संगठन संरचनाबमोजिम आयोग र मातहतका ८ वटा कार्यालयहरूमा निजामती, प्रहरी र अन्य

सेवाका गरी जम्मा ९९० जना कर्मचारीहरूको दरबन्दी रहेको छ । जसअनुसार आयोगको टंगालस्थित कार्यालयमा १२ वटा महाशाखाहरू रहेका र निजामती, प्रहरी र अन्य गरी जम्मा ५१२ जना विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको छ भने आयोगका मातहत कार्यालयहरूको जम्मा दरबन्दी ४७८ रहेको छ । आयोगको मिति २०७७।११।२८ को निर्णयानुसार देहायबमोजिम कार्यालयहरूको कार्यक्षेत्र (जिल्लाहरू) हेरफेर गरी सोहीबमोजिम कार्य सम्पादन हुँदै आएको छ।

तालिका १.२

आयोगका कार्यालय, दरबन्दी र कार्यक्षेत्र

क्र.सं.	कार्यालयहरूको नाम	दरबन्दी	कार्यक्षेत्र तोकिएका जिल्लाहरू
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं	५१२	
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी	६५	१.ताप्लेजुङ २.पाँचथर ३.इलाम ४.संखुवासभा ५.तेह्रथुम ६.धनकुटा ७.भोजपुर ८. झापा ९.मोरङ १०.सुनसरी ११.सप्तरी १२.उदयपुर
३.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास	६६	१.सिराहा २.धनुषा ३.महोत्तरी ४.सर्लाही ५.खोटाङ ६.सोलुखुम्बु ७.ओखलढुंगा ८.सिन्धुली ९.रामेछाप
४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	६५	१.रौतहट २.बारा ३.पर्सा ४.मकवानपुर ५.चितवन ६.धादिङ ७.रसुवा ८.नुवाकोट ९.सिन्धुपाल्चोक १०.काभ्रेपलाञ्चोक ११.दोलखा
५.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	६३	१.गोरखा २.लमजुङ ३.तनहुँ ४.कास्की ५.मनाङ ६.मुस्ताङ ७.पर्वत ८.स्याङ्जा ९.म्याग्दी १०.बाग्लुङ
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल	५५	१.नवलपरासी (बर्दघाट सुस्तापूर्व) २.नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ३.रुपन्देही ४.कपिलवस्तु ५.पाल्पा ६.अर्घाखाँची ७.गुल्मी ८.प्युठान
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगञ्ज	४०	१.दाङ २.बाँके ३.बर्दिया ४.रोल्पा
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	६१	१.रुकुम (पूर्वी भाग) २.रुकुम (पश्चिम भाग) ३.डोल्पा ४.जुम्ला ५.मुगु ६.हुम्ला ७.कालिकोट ८.जाजरकोट ९.दैलेख १०.सुर्खेत ११.सल्यान
९.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, महेन्द्रनगर	६३	१.बाजुरा २.बझाङ ३.डोटी ४.अछाम ५.दार्चुला ६.बैतडी ७.डडेल्धुरा ८.कञ्चनपुर ९.कैलाली
	जम्मा	९९०	७७

आयोगको हाल विद्यमान संगठनात्मक संरचना अनुसूची-१ मा तथा कर्मचारीहरूको स्वीकृत दरबन्दी विवरण अनुसूची- २ मा उल्लेख गरिएको छ ।

द्रष्टव्य : काठमाडौं उपत्यकाभित्रका तीन जिल्लाहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाटै हेर्ने व्यवस्था मिलाइएको छ ।

१.७ अधिकार प्रत्यायोजन

नेपालको संविधानको धारा २३९ को उपधारा (५) मा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी आयोगबाट अधिकार प्रत्यायोजन हुनसक्ने व्यवस्था भएबमोजिम आयोगबाट देहायबमोजिमका हाल ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ :-

तालिका १.३

अधिकार प्रत्यायोजन गरिएका जिल्लाहरू

प्रदेश	जिल्ला	संख्या
प्रदेश नं. १	ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ	७
बागमती	रसुवा, दोलखा, रामेछाप	३
गण्डकी	गोरखा, लमजुङ, मनाङ, मुस्ताङ	४
लुम्बिनी	रुकुम (पूर्वी भाग), रोल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान	५
कर्णाली	जाजरकोट, कालिकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, सल्यान, रुकुम (पश्चिम भाग)	८
सुदूरपश्चिम	दार्चुला, बैतडी, बझाङ, बाजुरा, अछाम, डोटी	६
	जम्मा	३३

प्रत्यायोजित अधिकार प्रयोग गर्दा प्रमुख जिल्ला अधिकारीहरूले पालना गर्नुपर्ने सर्तहरू :

१. नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८, भ्रष्टाचार निवारण ऐन,२०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियामावली, २०५९ र अन्य प्रचलित कानुन तथा आयोगबाट निर्धारित कार्यविधिहरू पालना गर्नुपर्ने,

२. अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरूका सम्बन्धमा प्रारम्भिक छानबिन गरी विस्तृत अनुसन्धान गर्न वा तामेलीमा राख्न सम्बन्धित कागजात संलग्न गरी आधार र कारणसमेत खुलाई निर्णयका लागि आयोगको सम्बन्धित कार्यालयमार्फत आयोगसमक्ष तीन महिनाभित्रमा पठाउनुपर्ने,

३. आफ्नो कार्यक्षेत्र वा क्षेत्राधिकारभित्र नपर्ने उजुरीहरू आयोगको सम्बन्धित कार्यालयमा आवश्यक कारबाहीका लागि पठाउनुपर्ने,

४. आफ्नो कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक पद धारण गरेका व्यक्ति वा निजसँग संलग्न अन्य व्यक्तिहरूलाई रङ्गेहात प्रक्राउ गर्नुपर्ने भएमा आयोग वा आयोगका सम्बन्धित कार्यालय प्रमुखलाई गोप्य रूपमा तुरुन्त खबर गरी निकासा भएअनुसार गर्नुपर्ने,

५. प्रारम्भिक छानबिनको सिलसिलामा उजुरीसँग सम्बन्धित आवश्यक कागजपत्र माग गर्न वा झिकाउन सक्ने र उजुरीसँग सम्बन्धित भौतिक चिजवस्तुहरू नियन्त्रणमा लिनुपर्ने भएमा वा आरोपित व्यक्तिसँग सोधपुछ गर्नुपर्ने भएमा आयोग वा आयोगको कार्यालय प्रमुखसँग समन्वय गरी गर्नुपर्ने,

६. आयोगले प्रारम्भिक छानबिनको क्रममा स्थलगत प्रतिवेदन वा रायप्रतिक्रिया माग गरेमा सो उपलब्ध गराउनुपर्ने,

७. प्रत्यायोजित अधिकारबमोजिम गरेका काम कारबाहीको विषयमा आयोगको सम्बन्धित कार्यालयमार्फत मासिक विवरण आयोगमा पठाउने,

(द्रष्टव्यः प्रत्यायोजित अधिकारअन्तर्गतको कुनै काम कारबाही आयोगबाटै गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीलाई तोक्न तथा आयोगमा परेको कुनै पनि उजुरी आयोगबाटै अनुसन्धान गर्न बाधा पुगेको मानिने छैन।)

१.८ आयोग र अन्य निकायबीचको कार्यसम्बन्ध

मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नका लागि संवैधानिक तथा कानुनी व्यवस्थाबमोजिम विभिन्न निकायहरूले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा अन्तरसम्बन्धित भई कार्यसम्पादन गर्दै आएका छन् । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग निकटतम कार्यसम्बन्ध रहेका प्रमुख निकायहरूमा सर्वोच्च अदालत, विशेष अदालत, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, विशेष सरकारी वकिलको कार्यालय रहेका छन् । साथै, संघीयसरकार र प्रदेश सरकारका मन्त्रालयहरू, राष्ट्रिय किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाइ, नेपाल प्रहरीलगायतका निकायहरूसँग समेत आयोगबाट कार्यसम्पादनका सिलसिलामा पत्राचार र विवरण आदानप्रदान हुने गरेको छ ।

नेपालको संविधानमा आयोगबाट भएको अनुसन्धानबाट कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको देखिएमा यस्तो व्यक्ति वा सो कार्यमा संलग्न अन्य व्यक्तिउपर अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्नसक्ने व्यवस्था रहेको छ । सो व्यवस्थाबमोजिम आयोगले उजुरीउपर अनुसन्धान गरी भ्रष्टाचारजन्य कसुर भएको देखिएमा विशेष अदालतमा मुद्दा दर्ता गर्ने गर्दछ । यस सम्बन्धमा विशेष सरकारी वकिलको कार्यालयबाट बहसपैरवी हुने र आवश्यकतानुसार आयोगले सर्वोच्च अदालतमा पुनरावेदन वा पुनरावलोकनको निवेदन दर्ता गर्ने व्यवस्था रहेको छ ।

प्रतिनिधिसभाका समितिले संवैधानिक निकायको अनुगमन गर्ने संवैधानिक व्यवस्था भएअनुरूप संघीय संसद, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट आयोगका कामकारबाहीहरूको अनुगमन हुने गरेको छ । आयोगको वार्षिक प्रतिवेदनमार्फत दिइएका सुझावहरूको कार्यान्वयनका विषयमा समितिमा छलफल हुने गर्दछ । यसैगरी भ्रष्टाचार नियन्त्रणका प्रयासहरूलाई गतिशील र प्रभावकारी बनाउन तथा सुशासन र सदाचार प्रवर्द्धनमा देखिएका समस्या समाधान गर्नका लागि समितिबाट सम्बद्ध निकायहरूसँग छलफल तथा अन्तर्क्रिया हुनुका साथै आवश्यक निर्णय/निर्देशनसमेत हुने गरेको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ मा भएको व्यवस्थाअनुसार राष्ट्रिय सतर्कता केन्द्रले सार्वजनिक पद धारण गरेको व्यक्तिले हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा बुझाए/नबुझाएको विषयमा अनुगमन गरी प्रतिवेदन आयोगमा पठाउने गरेको छ । प्राप्त प्रतिवेदनमा उल्लेख भएका सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई कानुनबमोजिम आयोगबाट जरिवाना हुँदै आएको छ ।

आयोगबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भ्रष्टाचारजन्य कार्यको अनुसन्धानका सिलसिलामा नेपाल सरकारका विभिन्न निकायहरूबाट आवश्यक जानकारी तथा विवरण प्राप्त हुने गरेको छ । आयोगको मागअनुसार नेपाल सरकारका मन्त्रालयहरू, निजामती किताबखाना, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंकलगायतका अभिलेख र विवरण रहने निकायहरूबाट आवश्यक विवरण आयोगलाई प्राप्त हुन्छ । त्यसैगरी आयोगमा परेको कुनै उजुरी अन्य निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगबाट आवश्यक कारबाहीका लागि सम्बन्धित निकायसमक्ष लेखी पठाउने गरिएको छ । यस्ता निकायहरूमा सम्बन्धित मन्त्रालय/विभाग/कार्यालय, विश्वविद्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरीलगायत अन्य नियामक निकायहरू रहेका छन् । भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित प्रमुख सरोकारवाला निकाय, कार्यक्षेत्र तथा आयोगसँगको कार्यसम्बन्ध देहायबमोजिम रहेको छः-

तालिका १.४

भ्रष्टाचार नियन्त्रणका लागि आयोग र अन्य निकायको भूमिका तथा कार्यसम्बन्ध

संस्थाको नाम	भ्रष्टाचार नियन्त्रणमा भूमिका	कार्यसम्बन्ध
अख्तियार दुरुपयोग अनुसन्धान आयोग	सार्वजनिक पदधारण गरेका व्यक्तिले गरेको भ्रष्टाचारजन्य कार्यउपर अनुसन्धान/अभियोजन र निरोधात्मक/प्रवर्द्धनात्मक कार्य संचालन ।	भ्रष्टाचार नियन्त्रणका प्रयासमा विभिन्न निकायहरूसँग समन्वय र सहकार्यका साथै सूचना, सुझाव र पृष्ठपोषण आदानप्रदान ।
सर्वोच्च अदालत	विशेष अदालतको फैसला उपर परेको पुनरावेदन र आफ्नो फैसला उपर पुनरावलोकन गरी न्याय निरुपण गर्ने ।	पेस भएका पुनरावेदन र पुनरावलोकनका उपर सुनुवाइ गरी फैसला ।

संस्थाको नाम	भ्रष्टाचार नियन्त्रणमा भूमिका	कार्यसम्बन्ध
विशेष अदालत	भ्रष्टाचारजन्य मुद्दाको न्यायिक निरुपण ।	आयोगबाट दायर भएका भ्रष्टाचारका मुद्दाहरूको सुनुवाइ गरी फैसला ।
संघीय संसद र संसदीय समिति	भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक कानुन निर्माण तथा परिमार्जन। आयोगको काम कारबाहीको अनुगमन, सुझाव प्रदान	भ्रष्टाचारसम्बन्धी अनुसन्धान गर्न आयोगमा सिफारिस, राज्य व्यवस्था तथा सुशासन समिति मार्फत अनुगमन ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन कार्यको प्रमुख जिम्मेवारी बहन, यस क्षेत्रमा क्रियाशील निकायहरूबीच समन्वय ।	आयोगको कार्य वातावरणलाई अनुकूल बनाउन सहयोग र समन्वय ।
महालेखा परीक्षकको कार्यालय	सरकारी कार्यालय र सरकारी स्वामित्व भएका संस्थाहरूको लेखापरीक्षण ।	लेखापरीक्षणबाट उजागर भएका भ्रष्टाचारजन्य कार्यउपर आयोगबाट अनुसन्धान, सहकार्य ।
महान्यायाधिवक्ताको कार्यालय	नेपाल सरकारको हक, हित र सरोकार भएका मुद्दामा नेपाल सरकारको प्रतिनिधित्व ।	आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा आयोगको तर्फबाट मुद्दाको प्रतिरक्षा ।
गृह मन्त्रालय/ मातहत निकाय	मुलुकमा शान्ति सुरक्षा र सदाचार प्रवर्द्धन, नेपाल प्रहरीमार्फत किर्ते, ठगीलगायत अन्य अपराध अनुसन्धान ।	आयोगबाट ३३ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई उजुरीको प्रारम्भिक छानबिनसम्बन्धी अधिकार प्रत्यायोजन ।
राष्ट्रिय सतर्कता केन्द्र	भ्रष्टाचार नियन्त्रणका लागि सूचना संकलन, अनुगमन, प्राविधिक परीक्षण ।	सम्पत्ति विवरण अनुगमन प्रतिवेदन आयोगमा प्रेषण र आयोगबाट सम्पत्ति विवरण भरी नबुझाउने उपर कानुनबमोजिम जरिवाना ।
राजस्व अनुसन्धान विभाग	राजस्व चुहावट, विदेशी विनिमय अपचलनको अनुसन्धान, राजस्व प्रशासन सुधार ।	राजस्व चुहावटसम्बन्धी सूचना तथा विवरण आदानप्रदान, सहकार्य ।
राष्ट्रिय अनुसन्धान विभाग	आर्थिक एवं वित्तीय अपराधलगायतका अपराधसँग सम्बन्धित सूचना ।	आर्थिक एवं वित्तीय अपराधलगायतका अपराधसँग सम्बन्धित सूचना आदानप्रदान एवं सहकार्य ।
सार्वजनिक खरिद अनुगमन कार्यालय	सार्वजनिक खरिद कार्यको अनुगमन र नियमन ।	सार्वजनिक खरिदमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता कायम गर्न सहयोग र सहकार्य ।
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग	सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा अनुसन्धान र समन्वय ।	गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी सूचना तथा विवरण आदानप्रदान, सहकार्य ।

संस्थाको नाम	भ्रष्टाचार नियन्त्रणमा भूमिका	कार्यसम्बन्ध
नेपाल राष्ट्र बैंक / वित्तीय जानकारी इकाइ	वित्तीय कारोबारको नियमन र वित्तीय सुशासन कायम, वित्तीय अपराध नियन्त्रण । शंकास्पद वित्तीय कारोबारको विवरण संकलन, विश्लेषण र अनुसन्धान निकायमा प्रेषण ।	शंकास्पद वित्तीय कारोबारको विवरण आयोगमा प्रेषण तथा अनुसन्धानमा समन्वय, भ्रष्टाचार नियन्त्रण मा सहयोग ।
नेपाल उद्योग वाणिज्य महासंघ, च्याम्बर अफ कमर्स	निजी क्षेत्रबाट हुनसक्ने भ्रष्टाचार नियन्त्रण, सूचना प्रवाह, समन्वय र प्रवर्द्धन गर्ने ।	आयोगको कार्यक्षेत्र बाहिर रहेको निजी क्षेत्रमा स्वच्छ अभ्यास प्रवर्द्धन र पालना ।
ट्रान्सपरेन्सी इन्टरनेसनल	भ्रष्टाचार नियन्त्रण/सदाचार प्रवर्द्धनसम्बन्धी गतिविधि संचालन, जनचेतना अभिवृद्धि ।	भ्रष्टाचार नियन्त्रणका लागि आपसी सहकार्य तथा सूचना आदानप्रदान ।
संयुक्त राष्ट्रसंघीय निकाय	भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि **(UNCAC)** लगायत अन्तर्राष्ट्रिय असल अभ्यासहरू कार्यान्वयनमा सहयोग/समन्वय ।	भ्रष्टाचार नियन्त्रणका लागि सहयोग तथा क्षमता अभिवृद्धि ।
गैरसरकारी तथा समुदायमा आधारित संस्था	सुशासन, भ्रष्टाचार नियन्त्रण र विधिको शासनका लागि जनचेतना तथा नागरिक परिचालन ।	भ्रष्टाचारका विरुद्ध जनचेतनामूलक कार्यक्रम, गोष्ठी, जनस्तरमा सक्रियता अभिवृद्धि गर्न आयोगसँग सहकार्य र समन्वय ।

१.९ आयोगको संस्थागत सुदृढीकरण

आयोगको संस्थागत पाँचवर्षे रणनीतिक योजना (२०७६/७७-२०८०/८१) अनुरूपको एक महत्वपूर्ण रणनीति संस्थागत सुदृढीकरणमा भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता र मनोबल अभिवृद्धि, परिस्कृत कार्यपद्धतिको अवलम्बन तथा कार्यवातावरण सुधार गर्ने गरी कार्यक्रमहरू संचालन हुँदै आएका छन्। आयोगले कार्यालय भवन, इन्जिनियरिङ र फरेन्सिक ल्याब, कार्यकक्षहरूको पूर्वाधार विकास, कर्मचारीहरूको क्षमता विकास, कार्यप्रक्रियामा सुधार, संचार, ज्ञान, सीप र प्रविधि हस्तान्तरणलगायतका विषयमा जोड दिएको छ। कानुनी सुधारतर्फ आयोगको कार्यसम्पादनसँग सम्बन्धित कानुन र कार्यविधि परिमार्जनका लागि पहलकदमी लिइएको छ। आयोगको कार्यसम्पादनलाई प्रविधिमैत्री बनाउन तथा अभिलेख प्रणालीमा सुधार गर्न आयोग र मातहतका कार्यालयहरूमा संचालनमा रहेको स्वचालित कार्यालय संचालन प्रणाली (Office Automation System) मा निरन्तर सुधार गर्दै यसको विस्तार गर्ने र प्रणालीलाई थप परिष्कृत बनाई संचालनमा ल्याइएको छ। आयोगमा खटिई आउने नवआगन्तुक अनुसन्धान अधिकृतहरूलाई अनुसन्धानसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्ने गरिएको छ। आयोगमा उपलब्ध स्रोतसाधनहरूको कुशल र मितव्ययीरूपमा उपयोग गर्दै संस्थागत सुदृढीकरणका कार्यक्रमहरू संचालन गरिएको छ। आर्थिक वर्ष २०७८/७९ मा आयोगको संस्थागत सुदृढीकरण कार्यक्रमतर्फका कार्यहरूको विवरणहरू देहाय बमोजिम रहेका छन् :-

क. आयोगको भौतिक पूर्वाधार विकास

आर्थिक वर्ष २०७८/७९ मा आयोगको कार्यालय हेटौंडा र कञ्चननपुरको आवासीय भवनको निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी आयोगको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन भवन निर्माणका साथै डिजिटल उपकरण, सूचना प्रविधि तथा अन्य प्रविधिको उपयोग बढाइएको छ। आयोगको केन्द्रीय कार्यालय र मातहतका आठवटै कार्यालयहरूमा सार्वजनिक निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माणसँग सम्बन्धित उजुरीहरूको अनुसन्धानमा सहयोग गर्नका लागि Engineering Lab स्थापना गरी संचालनमा ल्याइएको छ । यस अवधिमा विद्युतीय कार्यसंचालनका लागि आयोग र मातहत कार्यालयमा ४३ थान कम्प्युटर र ६५ थान प्रिन्टर तथा अन्य विद्युतीय सञ्चार उपकरणहरू खरिद गरी प्रयोगमा ल्याइएको छ। साथै, अनुसन्धान तथा व्यवस्थापनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी कार्यप्रणालीमा सुधार ल्याउने रणनीतिअनुरूप भिडियो कन्फ्रेन्सिङ प्रणाली, सीसीटीभी क्यामेरा, एक्स-रे मेसिन तथा अनुसन्धानसम्बन्धी विद्युतीय उपकरणहरूको प्रयोगलाई विस्तार गरिएको छ ।

ख. आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकास

संविधान तथा कानुनले आयोगलाई तोकेको कार्यहरू अन्तर्गत हुने छानबिन, अनुसन्धान तथा अभियोजनका कार्यहरू प्रभावकारीरूपमा सम्पादन गर्न विशिष्टीकृत ज्ञान, सीप र क्षमता आवश्यक पर्ने हुँदा कर्मचारीको क्षमता र मनोबल अभिवृद्धि गर्न आवश्यक रहेको छ। अनुसन्धान र अभियोजन प्रक्रियालाई वस्तुगत, प्रामाणिक र वैज्ञानिक बनाउने निरन्तर प्रयासअन्तर्गत आयोगबाट कर्मचारीहरूको लागि स्वदेश र विदेशमा विभिन्न विषयमा तालिमहरू संचालन गरिएको छ।

तालिका १.५

आर्थिक वर्ष २०७८/७९ मा आयोगका कर्मचारी सहभागी भएका तालिम तथा प्रशिक्षण कार्यक्रमहरू

क्र.सं.	तालिमका नामहरू/विषयहरू	संचालन अवधि	सहभागी संख्या
१.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	१३-२० भदौ २०७८	४१
२.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	७ -१२ कात्तिक २०७८	३६
३.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	२५ फागुन- चैत १ २०७८	२५
४.	डिजिटल फरेन्सिक	६-७ चैत २०७८	२७
५.	अनुसन्धानसम्बन्धी आधारभूत अभिमुखीकरण	११-१७ चैत २०७८	३३
६.	मुचुल्का लेखन	१४-१६ वैशाख २०७९	२४
७.	इन्जिनियरिङ ल्याब उपकरण संचालन	११-१३ जेठ २०७९	१३
८.	स्टिङ अपरेसन	१४-१५ जेठ २०७९	१२
९.	आगलागी नियन्त्रण	२१ जेठ २०७९	६०
जम्मा :			**२७१**

तालिका १.६
आर्थिक वर्ष २०७८/७९ मा आयोगका पदाधिकारी र कर्मचारीहरू अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट सञ्चालित सम्मेलन, तालिम, प्रशिक्षण तथा कार्यक्रम

Program	Organizer	Date	Number of Participants
Ninth Session of the Conference of the States Parties to the United Nations Convention Against Corruption	UNODC	१३-१७ डिसेम्बर २०२१	२
Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Corruption Eradication	Asian Institute of Technology, Thailand	३० जेठ- ८ असार २०७९	२६
Governance and Anti-Corruption: The Methods and Tools Behind an Effective Corruption Eradication	Asian Institute of Technology, Thailand	१३ - २२ असार २०७९	२६
Executive Certificate Course for Strategic Management Anti-Corruption Program	MACA, Malaysia (Virtual)	२०-२४ असार २०७९	१

१.१० बजेट व्यवस्था

विशिष्टीकृत संस्थाको रूपमा रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचारजन्य कार्यको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यमा संलग्न रहँदै आएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यका लागि यसले प्रवर्द्धनात्मक एवं निरोधात्मक कार्यसमेत गर्दै आएको छ । यसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था नेपाल सरकारबाट हुँदै आएको छ । आर्थिक वर्ष ०७८/७९ मा आयोगका लागि छुट्याइएको कुल बजेट रु. १ अर्ब २७ करोड ६९ लाख २ हजार ५ सय ७९ रुपैयाँमा रु. ८८ करोड १४ लाख ३८ हजार ९ सय रुपैयाँ निकासा भई त्यत्ति नै रकम खर्च भएको छ । आयोगलाई प्राप्त बजेटमध्ये चालुमा रु. ९८ करोड ६६ लाख २ हजार ५ सय ७९ रुपैयाँ र पुँजीगतमा रु. २९ करोड ३ लाख विनियोजन भएकोमा चालुतर्फ रु. ७३ करोड ८० लाख ७० हजार ३ सय २० रुपैयाँ र पुँजीगततर्फ रु.१४ करोड ३३ लाख ६८ हजार ५ सय ८० रुपैयाँ खर्च भएको छ । छुट्याइएको पुँजीगत बजेटबाट भौतिक पूर्वाधार विकासतर्फ आयोगका कार्यालय भवन निर्माण, आवासीय भवन निर्माण, इन्जिनियरिङ ल्याब निर्माण, उपकरणहरू खरिद, फर्निचर फिक्सचर्स लगायतका कार्य गरिएको छ । त्यसैगरी चालुतर्फको बजेटबाट तलब भत्ता, जनशक्ति क्षमता अभिवृद्धि, प्रवर्द्धनात्मक कार्यक्रम र अध्ययन अनुसन्धान गरिएका छन् । प्रतिवेदन अवधिसम्म आयोगमा कुनै पनि बेरुजु रहेको छैन । आयोगको बजेट विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद-२
आयोगबाट भएका निर्णय, अनुसन्धान र अभियोजनसम्बन्धी कार्यको विश्लेषण

२.१ पृष्ठभूमि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक निकायको भ्रष्टाचारजन्य गतिविधिसम्बन्धी सूचना तथा जानकारीलाई उजुरीको रूपमा दर्ता गरी छानबिन तथा अनुसन्धान कार्य अगाडि बढाउने गर्दछ । उजुरीकर्ताको सहजताका लागि आयोगमा विभिन्न माध्यमहरूबाट उजुरी गर्न सकिने प्रबन्ध मिलाइएको छ । आयोगमा हटलाइन नं. १०७ मा फोन गरेर, टोल फ्रि नं १६६०-०१-२२२३३ मा फोन गरेर, भाइबर नं. ९८६३३३३१९१ मा फोन वा सूचना पठाएर, फ्याक्स नं. ९७७-१-५२६२१२८ र ५२६२१०४ मा फ्याक्स गरेर, ई-मेल ujuri@ciaa.gov.np, Twitter मा @ciaa_nepal र आयोगको फेसबुक पेजमार्फत उजुरीको सूचना पठाएर, आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन माध्यमबाट उजुरी गरेर, हुलाकबाट उजुरीको चिठी पठाएर वा आयोगको केन्द्रीय कार्यालय र मातहतका कार्यालयहरूमा आफैं उपस्थित भएर आयोगमा उजुरी दर्ता गर्न सकिन्छ। यसका अतिरिक्त पत्रपत्रिका तथा अन्य विद्युतीय सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका भ्रष्टाचार र आर्थिक अनियमिततासम्बन्धी सार्वजनिक चासोका विषयहरूलाई समेत आयोगले उजुरीका रूपमा ग्रहण गर्ने गरेको छ । आयोगको अनुसन्धान र अभियोजनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कानुन, कार्यविधि तथा आचारसंहितामा आधारित भई कार्यसम्पादन गर्ने गरिन्छ। आयोगको निर्णय अनुसार आर्थिक वर्ष २०७८।७९ का उजुरीउपर आयोगबाट भएका छानबिन, अनुसन्धान, अभियोजन, मुद्दा दायर तथा पुनरावलोकनसम्बन्धी तथ्यहरूको परिमाणात्मक विवरण यस खण्डमा प्रस्तुत गरिएको छ।

२.२ उजुरीका माध्यम

आर्थिक वर्ष २०७८/७९ मा यस आयोग वा आयोगका कार्यालयमा दर्ता भएका उजुरीहरूका माध्यमका आधारमा उजुरीको विवरण तलको तालिका र पाइचार्टमा प्रस्तुत गरिएको छ । जसअनुसार सबैभन्दा बढी (४,४९५) उजुरी लिखित निवेदनबाट भएको देखिन्छ । त्यस्तैगरी क्रमशः हुलाक सेवा, इमेल, वेबसाइटलगायतका माध्यमहरूबाट उजुरी प्राप्त भएको देखिन्छ भने सबैभन्दा कम उजुरी एस.एम.एस.बाट ४ वटा मात्र दर्ता भएको देखिन्छ ।

तालिका २.१

आयोग वा आयोगका कार्यालयमा दर्ता भएका उजुरीका माध्यमका आधारमा उजुरीहरूको विवरण


क्र.सं.	उजुरीको माध्यम	उजुरी संख्या	क्र.सं.	उजुरीको स्रोत	उजुरी संख्या
१.	लिखित निवेदन	४४९५	७.	मोबाइल एप	१०२
२.	हुलाक सेवा	२७६०	८.	फेसबुक	९३

३.	इमेल	२७५७	९.	भाइबर	१५
४.	वेबसाइट	२१६५	१०.	एस.एम.एस.	४
५.	टेलिफोन	७५०	११.	अन्य स्रोत	२८०७
६.	समाचारपत्र	२९०	**कुल जम्मा उजुरी**		**१६,२३८**

उजुरी प्राप्त हुने माध्यमहरूको विश्लेषण गर्दा सबैभन्दा बढी उजुरी लिखित निवेदनबाट रहेको जुन एक चौथाइभन्दा बढी अर्थात् २७.७% भएको देखिन्छ। त्यस्तै लिखित निवेदनसहित हुलाक, इमेल, वेबसाइटलगायतका चार वटा माध्यमहरूबाट मात्रै तीन चौथाइ अर्थात् ७५% उजुरी आएको देखिन्छ । यसरी हेर्दा उजुरी दर्ता गर्ने माध्यम तुलनात्मक रूपमा मोबाइल एप, फेसबुक, भाइबरहरूभन्दा इमेल, वेबसाइट, लिखित निवेदन र हुलाक नै सहज माध्यम भएको बुझ्न सकिन्छ।

चित्र २.१

आयोगको टंगाल र मातहत कार्यालयमा दर्ता भएका उजुरीका माध्यमका आधारमा उजुरीहरूको स्थिति



२.३ उजुरी तथा फछ्यौंट

आर्थिक वर्ष ०७८।७९ मा आयोगमा दर्ता हुन आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका उजुरीहरू र फछ्यौंटको विवरण देहायको तालिका तथा Multiple bar-diagram मा प्रस्तुत गरिएको छ । जसअनुसार सबैभन्दा बढी उजुरीहरू अर्थात् आधाभन्दा बढी ५०.५५% उजुरी आयोगको टंगालस्थित कार्यालयमा छन् । मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी उजुरीहरू आयोगको कार्यालय, बर्दिबासमा (८.६८%) रहेका छन् र सबैभन्दा कम उजुरीहरू भने आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जमा (३.०७%) तथा आयोगको कार्यालय, पोखरामा (४.५९%) रहेका छन्।


तालिका २.२
आयोगको टंगाल र मातहत कार्यालयमा रहेका उजुरी र फछर्यौंटको विवरण

कार्यालय	उजुरीको संख्या		कुल उजुरी संख्या	फछर्यौंट संख्या		कुल फछर्यौंट भएको संख्या	कार्यालयमा उजुरी प्रतिशत	कार्यालयको फछर्यौंट प्रतिशत
	गत आ.व.बाट जिम्मेवारी सरेको	आ.व. ०७८।७९ मा दर्ता भएका		गत आ.व. को जिम्मेवारी सरेको मध्येबाट	चालु आ.व. को जम्मा उजुरीबाट			
अ.दु.अ.आयोग, टंगाल	२६७७	९६२३	१२३००	१२८४	८२२५	९५०९	५०.५५	७७.३१
आयोगको कार्यालय, इटहरी	१०६७	९५७	२०२४	४३२	६४८	१०८०	८.३२	५३.३६
आयोगको कार्यालय, बर्दिबास	११९६	९१५	२१११	६०४	५९२	११९६	८.६८	५६.६६
आयोगको कार्यालय, हेटौंडा	४११	११८९	१६००	२४२	८९०	११३२	६.५८	७०.७५
आयोगको कार्यालय, पोखरा	४२६	६९२	१११८	२२१	४८५	७०६	४.५९	६३.१५
आयोगको कार्यालय, बुटबल	३६६	९००	१२६६	३२७	७४३	१०७०	५.२०	८४.५२
आयोगको सम्पर्क कार्यालय, नेपालगंज	२७३	४७५	७४८	१५६	३६८	५२४	३.०७	७०.०५
आयोगको कार्यालय, सुर्खेत	६४५	७८०	१४२५	३५१	५३९	८९०	५.८६	६२.४६
आयोगको कार्यालय, कञ्चनपुर	१०३२	७०७	१७३९	५६६	४९६	१०६२	७.१५	६१.०७
कुल जम्मा	८०९३	१६२३८	२४३३१	४१८३	१२९८६	१७१६९	१००	**७०.५६**

त्यसैगरी फछर्यौंटतर्फ, आयोगको केन्द्र तथा मातहत कार्यालयहरूका फछर्यौंट संख्याका आधारमा सबैभन्दा बढी ९,५०९ उजुरीहरूको फछर्यौंट आयोगको टंगालस्थित कार्यालयबाट भएका छन् । फछर्यौंट प्रतिशतका आधारमा मातहत कार्यालयहरूमध्ये आयोगको कार्यालय, बुटवलबाट ८४.५२% फछर्यौंट भएका छन् यद्यपि फछर्यौंट संख्याका आधारमा आयोगको कार्यालय, बर्दिबासबाट १,१९६ उजुरी फछर्यौंट भएका छन् । त्यसैगरी फछर्यौंट प्रतिशतकै आधारमा सबैभन्दा कम फछर्यौंट भने आयोगको कार्यालय, इटहरीबाट (५३.३६%) र फछर्यौंट संख्याका आधारमा आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जबाट ५२४ उजुरी फछर्यौंट भएका छन्।

चित्र २.२

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल र मातहत कार्यालयका उजुरी र फछ्यौंटको स्थिति



तीनै तहका सरकारका सम्पूर्ण उजुरीहरूलाई भौगोलिक आधारमा विश्लेषण गर्दा क्रमशः मधेस र बाग्मती प्रदेशमा रहेका विभिन्न सार्वजनिक निकायहरू विरुद्ध एकै अनुपातमा सबैभन्दा बढी तथा गण्डकी र कर्णाली प्रदेशका त्यस्ता निकायहरू विरुद्ध सबैभन्दा कम उजुरीहरू परेको देखिन्छ। यससम्बन्धी विवरण तालिका २.३ तथा चित्र २.३ को पाइचार्टमा देखाइएको छ।


तालिका २.३

भौगोलिक आधारमा प्रदेशगत उजुरीको विवरण

प्रदेश	आ.व. २०७८।७९मा दर्ता भएका उजुरी संख्या	गत आ.व. बाट जिम्मेवारी सरेको उजुरी संख्या	जम्मा उजुरी संख्या	प्रतिशत
प्रदेश नं. १	१०८४	१५५२	२६३६	११.६१
मधेस	१९५४	३५५२	५५०६	२४.२५
बाग्मती	१४८७	३९९१	५४७८	२४.१३
गण्डकी	५४८	११८३	१७३१	७.६२
लुम्बिनी	८१४	२३६६	३१८०	१४.०१
कर्णाली	७४१	१११६	१८५७	८.१८
सुदूरपश्चिम	१११९	१२०४	२३१५	१०.२०
प्रदेश जम्मा	७७३९	१४९६४	२२७०३	१००
अन्य (गैरकानुनी सम्पत्ति, विश्वविद्यालय आदि)	३५४	१२७४	१,६२८	
कुल जम्मा	८,०९३	१६,२३८	२४,३३१	

चित्र २.३

प्रदेशगत उजुरीको प्रतिशत



संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक निकायहरूमा अलग-अलग रूपमा प्रदेशगत उजुरीलाई विश्लेषण गर्दा प्रत्येक प्रदेशमा स्थानीय तहका निकायविरुद्ध बढी उजुरी परेको देखिन्छ । त्यसपछि क्रमशः संघीय र प्रदेश सरकारका निकायहरू विरुद्ध कम उजुरी परेका छन् । तथापि बागमती प्रदेशमा भने संघीय सरकारका निकायविरुद्ध सबैभन्दा बढी उजुरी परेका छन्, अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा बढी संख्यामा संघीय कार्यालय हुनु पनि एक कारण हुनसक्छ । सुदूरपश्चिम प्रदेशमा प्रदेश सरकारका निकायविरुद्ध सबैभन्दा बढी उजुरी परेको देखिन्छ । अन्य प्रदेशका तुलनामा संघीय सरकारका निकायविरुद्ध भन्दा प्रदेश सरकारका निकायविरुद्ध बढी उजुरी यही प्रदेशमा परेको देखिन्छ । स्थानीय तहतर्फ मधेस प्रदेशका स्थानीय तहहरू विरुद्ध सबैभन्दा बढी उजुरी परेको देखिन्छ । यससम्बन्धी विवरण तालिका २.४ तथा चित्र २.४(क) र (ख) मा देखाइएको छ।


तालिका २.४

संघीय, प्रदेश र स्थानीय तहका प्रदेशगत उजुरीको विवरण

प्रदेश	संघ	प्रदेश	स्थानीय तह	कुल जम्मा	प्रतिशत
प्रदेश नं. १	९२१	३०५	१४१०	२६३६	११.६१
मधेश	१७३९	४१७	३३५०	५५०६	२४.२५
बागमती	३८९९	२९१	१२८८	५४७८	२४.१३
गण्डकी	५९६	२२९	९०६	१७३१	७.६२
लुम्बिनी	११६९	३९१	१६२०	३१८०	१४.०१
कर्णाली	५०१	४०५	९५१	१८५७	८.१८
सुदूरपश्चिम	४७४	६७८	११६३	२३१५	१०.२०
प्रदेशगत जम्मा	**९२९९**	**२७१६**	**१०६८८**	**२२७०३**	१००
प्रतिशत	४०.९६	११.९६	४७.०८	१००	
अन्य (गैरकानुनी सम्पत्ति, विश्वविद्यालय आदि)	१६२८			१६२८	
कुल जम्मा	**१०,९२७**	**२,७१६**	**१०,६८८**	**२४,३३१**	

चित्र २.४(क)


तीन तहका सरकारका प्रदेशगत उजुरीको प्रवृत्ति



आयोगमा परेका संघ, प्रदेश र स्थानीय तह मातहतका सार्वजनिक निकायहरूका उजुरीहरूलाई तहगत आधारमा विश्लेषण गर्दा उजुरीको झन्डै आधा हिस्सा (४७.०८%) स्थानीय तहसम्बद्ध निकायहरूका विरुद्ध परेको देखिन्छ। त्यस्तै संघीय सरकारमातहतका निकायहरूमा यस्तो संख्या करिब ४०.९६ प्रतिशत रहेको देखिन्छ ।

चित्र २.४(ख)

तीन तहका सरकारका उजुरीको स्थिति




संघीय सरकार मातहतका सार्वजनिक निकायहरूका आधारमा उजुरीको विश्लेषण गर्दा बागमती प्रदेशमा रहेका संघीय कार्यालयहरू विरुद्ध सबैभन्दा बढी र त्यसपछि मधेस प्रदेश, लुम्बिनी प्रदेश, प्रदेश नं. १ मा क्रमशः उजुरीको संख्या घट्दो क्रममा रहेका छन् । तुलनात्मक रूपमा गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा बाँकी प्रदेशभन्दा कम उजुरी परेको देखिन्छ । यससम्बन्धी विवरण तालिका २.५ तथा चित्र २.५ मा देखाइएको छ।

तालिका २.५
संघीय सरकारका प्रदेशगत उजुरीको विवरण

प्रदेश	आ.व. ०७८।७९ मा दर्ता भएका उजुरी संख्या	गत आ.व. बाट जिम्मेवारी सरेको उजुरी संख्या	जम्मा उजुरी संख्या	प्रतिशत
प्रदेश नं. १	३५०	५७१	९२१	९.९०
मधेस	८१९	९२०	१७३९	१८.७०
बागमती	११३६	२७६३	३८९९	४१.९३
गण्डकी	२१२	३८४	५९६	६.४१
लुम्बिनी	३१४	८५५	११६९	१२.५७
कर्णाली	२१३	२८८	५०१	५.३९
सुदूरपश्चिम	१४२	३३२	४७४	५.१०
प्रदेशगत जम्मा	**३१८६**	**६११३**	**९२९९**	**१००**
अन्य (गैरकानुनी सम्पत्ति, विश्वविद्यालय)	३५४	१२७४	**१६२८**	
कुल जम्मा	**३,५४०**	**७,३८७**	**१०,९२७**	

चित्र २.५
प्रदेशगत उजुरीको प्रतिशत




प्रदेश र स्थानीय तह मातहतका सार्वजनिक निकायहरू विरुद्धका उजुरीहरूलाई प्रदेशगत आधारमा विश्लेषण गर्दा मधेस प्रदेशमा सबैभन्दा बढी (२८.१०%) र गण्डकी प्रदेशमा सबैभन्दा कम (८.४७%) उजुरीहरू परेको देखिन्छ ।अन्य प्रदेशहरूमा भने उस्तै-उस्तै हाराहारीमा भए तापनि लुम्बिनी प्रदेशमा १५% र कर्णाली प्रदेशमा १०% उजुरीहरू रहेको देखिन्छ । यससम्बन्धी विवरण तालिका २.६ तथा चित्र २.६ मा देखाइएको छ।

तालिका २.६
प्रदेश र स्थानीय तहका प्रदेशगत उजुरीको विवरण

प्रदेश	आ.व. ०७८।७९ मा दर्ता भएका उजुरी संख्या	गत आ.व. बाट जिम्मेवारी सरेको उजुरी संख्या	जम्मा उजुरी संख्या	प्रतिशत
प्रदेश नं. १	७३४	९८१	१७१५	१२.७९
मधेस	११३५	२६३२	३७६७	२८.१०
बागमती	३५१	१२२८	१५७९	११.७८
गण्डकी	३३६	७९९	११३५	८.४७
लुम्बिनी	५००	१५११	२०११	१५.००
कर्णाली	५२८	८२८	१३५६	१०.१२
सुदूरपश्चिम	९६९	८७२	१८४१	१३.७३
प्रदेशगत जम्मा	**४५५३**	**८८५१**	**१३४०४**	१००

चित्र २.६
प्रदेशगत उजुरीको प्रतिशत



आयोगमा परेका विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित उजुरीको विश्लेषण गर्दा क्रमशः संघीय मामिला, शिक्षा, स्वास्थ्य, भूमि प्रशासन, वन तथा वातावरण, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार, गृह प्रशासनलगायतका क्षेत्रसँग सम्बन्धित उजुरीहरू तुलनात्मक रूपमा बढी रहेका छन् । त्यसैगरी गैरकानुनी सम्पत्ति आर्जन र नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित उजुरीहरू पनि उल्लेख्य रूपमा पर्ने गरेका छन्। तालिका २.७ र चित्र २.७(क) र (ख) मा आर्थिक वर्ष ०७८/७९ का विभिन्न क्षेत्रहरूसम्बद्ध उजुरीहरूको संख्यात्मक विवरण प्रस्तुत गरिएको छ।


तालिका २.७
क्षेत्रगत उजुरीको विवरण

क्र.सं.	उजुरीको क्षेत्र	आ.व. ०७८।७९ मा दर्ता भएका	गत आ.व.बाट जिम्मेवारी सरेका	जम्मा संख्या	प्रतिशत
१.	संघीय मामिला (स्थानीय तहसमेत)	२७४३	५३२१	८०६४	३३.१४
२.	शिक्षा (स्थानीय तहसमेत)	११६०	२५६५	३७२५	१५.३१
३.	भूमि प्रशासन	७१९	११५६	१८७५	७.७१
४.	वन तथा वातावरण	३४८	७७५	११२३	४.६२
५.	स्वास्थ्य तथा जनसंख्या	२३१	७३९	९७०	३.९९
६.	भौतिक पूर्वाधार तथा यातायात	३३२	६१३	९४५	३.८८
७.	गृह प्रशासन	७७	८३६	९१३	३.७५
८.	पर्यटन, उद्योग तथा वाणिज्य	१९४	५९१	७८५	३.२३
९.	ऊर्जा, जलस्रोत तथा सिंचाइ	२६९	४८२	७५१	३.०९
१०.	खानेपानी तथा सहरी विकास	२७९	४४६	७२५	२.९८
११.	कृषि तथा पशुपक्षी	१६४	२९४	४५८	१.८८
१२.	अर्थ	८१	३९६	४७७	१.९६
१३.	संचार तथा सूचना प्रविधि	६७	१७४	२४१	०.९९
१४.	नक्कली शैक्षिक प्रमाणपत्र	९८२	४०१	१३८३	५.६८
१५.	गैरकानुनी सम्पत्ति आर्जन	३२०	८४५	११६५	४.७९
१६.	अन्य क्षेत्र	१२७	६०४	७३१	३.००
जम्मा		**८०९३**	**१६२३८**	**२४३३१**	**१००

माथिको तालिकाबाट सबैभन्दा बढी उजुरी परेका क्षेत्रहरू क्रमशः संघीय मामिला (स्थानीय तहसमेत) ३३.१४%, शिक्षा १५.३१% र भूमि प्रशासन ७.७१% रहेका छन् । त्यस्तै, वन तथा वातावरणका ४.६२%, स्वास्थ्य तथा जनसंख्याका ३.९९%, भौतिक पूर्वाधार तथा यातायातका ३.८८%, गृह प्रशासनका ३.७५% तथा पर्यटन,उद्योग तथा वाणिज्यका ३.२३%, ऊर्जा, जलस्रोत तथा सिंचाइका ३.०९%, खानेपानी तथा सहरी विकासका २.९८%, कृषि तथा पशुपक्षीका १.८८% उजुरीहरू रहेका छन् ।त्यस्तै अर्थ तथा राजस्व क्षेत्रसँग सम्बन्धित १.९६%, संचार तथा सूचना प्रविधिका ०.९९%, नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित ५.६८% र गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ४.७९% उजुरीहरू पर्न आएका छन् । उल्लिखित क्षेत्रहरू बाहेकका अन्य विविध विषयहरूसँग सम्बन्धित उजुरीहरू ३% रहेका छन्।

चित्र २.७ (क)


आर्थिक वर्ष ०७८/०७९ मा उजुरी परेका क्षेत्रहरूको स्थिति



विगत छ वर्षमा आयोगमा परेका उजुरीहरूको तथ्यांक विश्लेषण गर्दा सबैभन्दा बढी उजुरी पर्ने क्षेत्रहरूमा शिक्षा, संघीय मामिला र भूमि प्रशासन रहेका छन्। आर्थिक वर्ष २०७३/७४ सम्मा सबैभन्दा बढी उजुरी शिक्षा क्षेत्रमा रहँदै आएकोमा संघीय शासन व्यवस्थापछिको पहिलो स्थानीय तह निर्वाचनपश्चात आ.व. २०७४/७५ मा लगभग शिक्षा र संघीय मामिला (स्थानीय तह समेत) का उजुरीहरू बराबरी झै देखिए पनि त्यसपछाडिका चार आर्थिक वर्षहरूमा संघीय मामिला (स्थानीय तहसमेत) र शिक्षातर्फका उजुरीहरूको अन्तर क्रमशः बढ्दो क्रममा रही सबैभन्दा बढी उजुरी परेको साथै प्रतिवेदन वर्षमा अन्य आ.व.को तुलनामा संघीय मामिला (स्थानीय तहसमेत) उजुरीको संख्या बढ्दै गएको देखिन्छ । स्थानीय तह (शिक्षातर्फ) र भूमि प्रशासनतर्फ विगत ६ वर्षको अवधिभरि नै करिब समान अनुपातमा उजुरीहरू परेको देखिन्छ।

चित्र २.७ (ख)

विगत ५ वर्षमा बढी उजुरी परेका क्षेत्रहरूको प्रवृत्ति



२.४ प्रारम्भिक छानबिनबाट भएको कारबाही

आयोगले अनुसन्धान कार्यलाई उजुरीको गाम्भीर्यता तथा प्राप्त तथ्य प्रमाणका आधारमा प्राथमिकीकरण गरी विभिन्न चरणमा कार्यसम्पादन गर्ने गर्दछ । स्क्रिनिङ समिति तथा प्रारम्भिक छानबिनपश्चात आयोगको निर्णय अनुसार उजुरीमाथि विस्तृत अनुसन्धान गर्ने, तामेलीमा राख्ने वा सम्बन्धित निकायमा लेखी पठाउनेलगायतका कार्यहरू गरिन्छ । प्रारम्भिक छानबिनमा भ्रष्टाचार भएको सम्भावना देखिन आएमा विस्तृत अनुसन्धान गर्न आयोगबाट अनुसन्धान अधिकृत तोकी थप कारबाहीको प्रक्रिया अगाडि बढाइन्छ । आर्थिक वर्ष ०७८।७९ मा प्रारम्भिक छानबिनबाट फछ्यौंट भएका उजुरीहरूको संख्यात्मक विवरण तालिका २.८ र चित्र २.८ मा प्रस्तुत गरिएको छ।

तालिका २.८

प्रारम्भिक छानबिनबाट फछ्यौंट भएका उजुरीको विवरण

कार्यालय	कुल उजुरीको संख्या	फछ्यौंट गरिएका उजुरीको संख्या					बाँकी उजुरीको संख्या
		विस्तृत अनुसन्धानमा गएको	सिधै तामेली भएको	सुझाव सहित तामेली भएको	अन्य कारबाही भएको	कुल फछ्यौंट संख्या	
अ.दु.अ.आयोग, टंगाल	१२३००	३१४	२३८१	९५	६७१९	९५०९	२७९१
आयोगको कार्यालय, इटहरी	२०२४	८६	३९७	३४	५६३	१०८०	९४४
आयोगको कार्यालय, बर्दिबास	२१११	५९	५८०	१६	५४१	११९६	९१५
आयोगको कार्यालय, हेटौंडा	१६००	८७	३७८	२०	६४७	११३२	४६८
आयोगको कार्यालय, पोखरा	१११८	५३	१९६	४५	४१२	७०६	४१२
आयोगको कार्यालय, बुटवल	१२६६	३४	३८०	९१	५६५	१०७०	१९६
आयोगको सम्पर्क कार्यालय, नेपालगंज	७४८	३५	१७७	३६	२७६	५२४	२२४
आयोगको कार्यालय सुर्खेत	१४२५	८२	३१६	५५	४३७	८९०	५३५
आयोगको कार्यालय, कञ्चनपुर	१७३९	७३	४९७	८२	४१०	१०६२	६७७
जम्मा	**२४३३१**	**८२३**	**५३०२**	**४७४**	**१०५७०**	**१७१६९**	**७१६२**


प्रारम्भिक छानबिनबाट भएको उजुरी फछ्यौंटको तथ्यांक हेर्दा आर्थिक वर्ष ०७८।७९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा रहेका १२,३०० उजुरीहरूमध्ये ९,५०९ अर्थात् ७७.३१% उजुरीहरू फछ्यौंट भएका छन् भने मातहत कार्यालयहरूमा समग्रमा

१२,०३१ उजुरीहरूमध्ये ७,६६० उजुरी फछर्यौट ६३.६७% रहेको छ । आयोग र मातहत कार्यालयसमेतका कुल उजुरीहरू २४,३३१ मध्ये १७,१६९ उजुरीहरू फछर्यौट भई समग्र फछर्यौट ७०.५६% रहेको छ । फछर्यौट हुन बाँकी रहेका ७,१६२ उजुरीहरू छानबिनका लागि आर्थिक वर्ष २०७९/८० मा जिम्मेवारी सरेका छन् ।

आयोगमा कुल दर्ता र फछर्यौट भएका उजुरीहरूको निकायगत विवरण अनुसूची-४ मा र आयोगको प्रत्यायोजित अधिकार प्रयोग गर्ने जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता भएका उजुरीसम्बन्धी विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ ।

चित्र २.८

प्रारम्भिक छानबिनबाट फछर्यौट उजुरीको प्रतिशत



आर्थिक वर्ष ०७८।७९ मा प्रारम्भिक छानबिनबाट फछर्यौट भएका कुल १७,१६९ उजुरीमध्ये ३१% उजुरी सिधै तामेलीमा गएका छन् भने ६१% उजुरी अन्य कारबाहीका भएका छन् । त्यसैगरी ३% उजुरी सम्बन्धित निकायमा सुझाव दिई तामेलीमा राखिएका छन् भने ५% उजुरीमा विस्तृत अनुसन्धानको कारबाही अगाडि बढाइएको छ ।


तालिका २.९

विगत ५ आर्थिक वर्षमा उजुरी दर्ता, फछर्यौट र बाँकी उजुरीको विवरण

आर्थिक वर्ष	उजुरी	फछर्यौट	बाँकी उजुरी
२०७४/७५	१९४८८	१२४००	७०८८
२०७५/७६	२४०८५	१५५२७	८५५८
२०७६/७७	२५१५२	१६९५२	८२००
२०७७/७८	२२६२५	१४५३२	८०९३
२०७८/७९	२४३३१	१७१६९	७१६२

चित्र २.९

विगत ५ आर्थिक वर्षमा उजुरी दर्ता, फछर्यौट र बाँकी उजुरीको प्रवृत्ति



उजुरी दर्ता, फछर्यौट तथा बाँकी उजुरीको संख्यात्मक विवरणसम्बन्धी विगत पाँच वर्षको तथ्यांकको तुलनात्मक तालिका २.९ र चित्र २.९ मा प्रस्तुत गरिएको छ। विगतका आर्थिक वर्षहरूमा प्राप्त उजुरी र फछर्यौट भएका उजुरीको अनुपात क्रमशः वृद्धि भइरहेको सन्दर्भमा आ.व. २०७७/७८ मा विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारीको कारण उजुरी र फछर्यौट संख्या कम भए तापनि प्रतिवेदन अवधिमा क्रमशः वृद्धितर्फ भएको देखिन्छ । फछर्यौट भएका र फछर्यौट हुन बाँकी भई अर्को वर्षमा जिम्मेवारी सरेका उजुरीहरूको अनुपात भने करिब उस्तै रहे तापनि यस आ.व.मा भने फछर्यौट बढ्न गई अर्को वर्षमा जिम्मेवारी सरेका उजुरी केही घटेको माथिको चित्रबाट देखिन्छ ।

२.५ विस्तृत अनुसन्धान

विगत आर्थिक वर्षबाट जिम्मेवारी सरेका र प्रतिवेदन अवधिमा थप भएका गरी जम्मा ८२१ वटा फाइलहरूको विस्तृत अनुसन्धान सम्पन्न भई आयोगसमक्ष पेस गरिएको र उक्त फाइलहरूमध्ये केही विस्तृततर्फका फाइलहरूमा एकभन्दा बढी निर्णय हुने हुँदा जम्मा ९१४ वटा निर्णय भई थप कारबाही अगाडि बढाइएको छ । यस अवधिमा सम्बन्धित निकाय र व्यक्तिहरूबाट रु.१८,००,९२,६७३।२० असुलउपर भएको छ । आर्थिक वर्ष ०७८/७९ मा विस्तृत अनुसन्धानबाट भएको कारबाही विवरण निम्नानुसार रहेको छ । अनुसन्धान सम्पन्न भएका उजुरीहरूको निकायगत विवरण अनुसूची-६ मा र विस्तृत अनुसन्धानबाट कारबाही भएका निर्णयहरूको विषयगत संख्यात्मक विवरण अनुसूची-७ मा प्रस्तुत गरिएको छ ।


तालिका २.१०

विस्तृत अनुसन्धानबाट भएको कारबाहीको विवरण

सि. नं.	विवरण	कारबाही संख्या
१.	मुद्दा दायर	१३०
२.	सुझाव	८०
३.	लेखी पठाएको	१७
४.	तामेली	६३७
५.	मुल्तबी	९
६.	अन्य	४१
जम्मा		९१४

चित्र २.१०

विस्तृत अनुसन्धानबाट भएको कारबाही



आर्थिक वर्ष ०७८/७९ मा विस्तृत अनुसन्धान सम्पन्न भई आयोगबाट १३० वटा आरोपत्रहरू विशेष अदालतमा दायर गर्ने निर्णय भएका र आ.व.२०७७/७८ मा निर्णय भएको १ वटा आरोपपत्र समेत गरी प्रतिवेदन अवधिमा जम्मा १३१ मुद्दा विशेष अदालतमा दायर भएका छन्। त्यसैगरी सम्बन्धित निकायलाई सुझाव दिएको र लेखी पठाइएको संख्या क्रमशः ८० र १७ रहेको छ भने ६३७ वटा तामेली जाने र ४१ वटा अन्य निर्णयहरू भएका छन्। यससम्बन्धी विस्तृत विवरण सम्बन्धित खण्डहरूमा प्रस्तुत गरिएको छ ।


२.६ आयोगको बैठक र निर्णय

आयोगमा परेका उजुरीउपर विस्तृत अनुसन्धान गर्न तोकिएका अनुसन्धान अधिकृतहरूले तयार गरेको अनुसन्धान प्रतिवेदनसम्बन्धी आयोगको बैठकमा पेस भई छलफलपश्चात निर्णय हुन्छ । आयोगका कामकारबाहीसम्बन्धी अन्य विषयहरूमा समेत आयोगको बैठकबाटै निर्णय लिइन्छ । आर्थिक वर्ष ०७८।७९ मा आयोगको कुल ७९ वटा बैठक बसी विभिन्न विषयहरूमा जम्मा ९७५ वटा निर्णयहरू भएका थिए। आयोगको बैठकबाट भएका ९७५ वटा निर्णयहरूसम्बन्धी विवरण तालिका २.१० मा प्रस्तुत गरिएको छ।

तालिका २.११
आयोगका निर्णयहरूको विवरण

क्र.सं.	निर्णयको विवरण	निर्णय संख्या
१.	मुद्दा दायर र सुझाव दुवै दिने	९
२.	मुद्दा दायर र लेखी पठाउने दुवै	६
३.	तामेली र लेखी पठाउने दुवै	१०
४.	तामेली र सुझाव दिने दुवै	६८
५.	मुद्दा दायर गर्ने मात्र	११५
६.	सुझाव दिने मात्र	३
७.	लेखी पठाउने मात्र	१
८.	तामेलीमा राख्ने मात्र	५५९
९.	मुल्तबीमा राख्ने	९
१०.	पुनरावेदन गर्ने	५७
११.	पुनरावेदन नगर्ने	६३
१२.	पुनरावलोकन नगर्ने	३४
१३.	विविध	४१
जम्मा		९७५

चित्र २.११
आयोगको बैठकबाट भएका निर्णयहरूको भेनचित्र



आयोगको बैठकबाट भएका जम्मा ९७५ वटा निर्णयहरूमध्ये ९ वटा मुद्दा दायर गर्ने र सुझाव दिने, ६ वटा मुद्दा दायर गर्ने र लेखी पठाउने, ६८ वटा तामेली र सुझाव दिने, १० वटा तामेली र लेखी पठाउने गरी दुवै विषय रहेका छन् । ११५ वटा मुद्दा दायर गर्ने र ३ वटा सुझाव दिने विषयसँग सम्बन्धित मात्र रहेका छन् । यस प्रकार ९, ६ र ११५ गरी जम्मा १३० वटा मुद्दा दायर गर्ने, ९, ६८ र ३ वटा गरी जम्मा ८० वटामा सुझाव दिने निर्णय भएका छन् । साथै जम्मा लेखी पठाउने संख्या १७, तामेली राख्ने संख्या ६३७, मुल्तबी राख्ने ९, पुनरावेदन गर्ने ५७, पुनरावेदन नगर्ने ६३, पुनरावलोकन नगर्ने ३४ र विविध निर्णय संख्या ४१ वटा रहेका छन् । यससम्बन्धी विवरण माथिको भेन चित्र २.११ मा देखाइएको छ ।

आर्थिक वर्ष ०७८।७९ मा आयोगको बैठकबाट निर्णय भएअनुरूप मुद्दा दायर गरिएको, पुनरावेदन गरिएको, सुझाव दिइएको, आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको, तामेली र मुल्तबी राखिएको विवरण यसपछिका खण्डहरूमा क्रमैसँग प्रस्तुत गरिएको छ ।

२.७ मुद्दा दायर/अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेको व्यक्तिउपर भ्रष्टाचारको आरोपसम्बन्धी कारबाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण तथा प्रमाण देखिएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानुनबमोजिम मुद्दा चलाउन सक्ने व्यवस्था रहेको छ। सो अनुरूप आर्थिक वर्ष ०७८।७९ मा मुद्दा दायर गर्ने निर्णय भएका १३० वटा र आर्थिक वर्ष ०७७/७८ मा निर्णय भएको १ वटा मुद्दा गरी जम्मा १३१ वटा मुद्दाहरू प्रतिवेदन अवधिमा विशेष अदालतमा दायर भएका छन् । विस्तृत अनुसन्धानबाट मुद्दा दायर गर्ने निर्णय भएका उजुरीहरू घुस/रिसवत, शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानुनी लाभ हानि, राजस्व रकम हिनामिना, गैरकानुनी सम्पत्ति आर्जनलगायतका विषयसँग सम्बन्धित रहेका छन् । मुद्दाहरूको विषयगत विवरण, प्रतिवादी बनाइएका व्यक्तिहरूको लैङ्गिक विवरण तथा कुल बिगो मागदाबीसम्बन्धी विवरण तालिका नं. २.१२ र चित्र नं.२.१२ मा प्रस्तुत गरिएको छ।

तालिका २.१२


आ.व. ०७८/७९ को मुद्दासम्बन्धी दायरको विवरण

क्र.सं.	विषय	मुद्दा (संख्या)	प्रतिवादी (संख्या)			कुल बिगो मागदाबी (रु.)
			पुरुष	महिला	जम्मा	
१.	घुस (रिसवत)	३२	५१	१	५२	१,०६,६६,२९२.००
२.	झुटा शैक्षिक प्रमाण पत्र	६	७	१	८	६,७४,५११.००
३.	गैरकानुनी सम्पत्ति आर्जन	७	१२	७	१९	२४,१४,९८,७८६.१७

४.	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी	३५	१२०	१६	१३६	१,०८,७७,३५,८१९.८६
५.	गैरकानुनी लाभ वा हानि पुऱ्याएको	३४	२५८	६४	३२२	१६,८७,१२,१९७.५३
६.	राजस्व चुहावट	५	३५	७	४२	१,२८,०९,६५,४९३.५५
७.	विविध	१२	५५	५	६०	२४,९५,०००.००
	जम्मा	**१३१**	**५३८**	**१०१**	**६३९**	**२,७९,२७,४८,१००.११**

चित्र २.१२

विषयगत आधारमा मुद्दा दायरको स्थिति



उल्लिखित तालिकामा दिइएबमोजिम विस्तृत अनुसन्धानपश्चात आयोगबाट निर्णय गरिएका १३१ मुद्दाहरूमध्ये सबैभन्दा बढी ३५ मुद्दा सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी रहेका छन् भने त्यसपछि गैरकानुनी लाभ हानिसम्बन्धी ३४ मुद्दा रहेका छन् । त्यसैगरी, घुस रिसवतसम्बन्धी ३२, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ७, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी ६, राजस्व चुहावटसम्बन्धी ५ र विविध विषयका १२ थान रहेका छन्।

२.७.१ घुस (रिसवत) सँग सम्बन्धित मुद्दाहरू

आ.व.२०७८।८९ मा तपसिलबमोजिमका कार्यालय र पदमा कार्यरत राष्ट्रसेवकले घुस (रिसवत) लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको र राष्ट्रसेवक तथा अन्य व्यक्तिहरूले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (२) वा उपदफा (३) बमोजिमको कसुर गरेको अनुसन्धानबाट पुष्टि हुन आएकाले निजहरूउपर तपसिलबमोजिमको बिगो कायम गरी बिगोबमोजिम दफा ३ को उपदफा (१) अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपत्र दायर गरिएको छ।

तालिका २.१३
घुस (रिसवत) सँग सम्बन्धित मुद्दाहरू

सि.नं.	आयोगको निर्णय मिति र आरोपपत्र दायर मिति	प्रतिवादीको नाम, पद र कार्यालय	प्रतिवादी संख्या	बिगो (रु.)
१.	२०७८।४।२५	राजन पासवान, सवइन्जिनियर, पुनर्निर्माण प्राधिकरण इकाई, सिद्धिचरण नगरपालिका वडा नं. १, ओखलढुंगा ।	१	३०,०००।-
२.	२०७८।४।२८	हश्मुल्लाह मुसलमान, कार्यालय प्रमुख, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, स्याउ जोन, डोल्पा ।	१	२५,०००।-
३.	२०७८।४।२८	विनोद सापकोटा, सवइन्जिनियर, सामाजिक निर्माण कार्यान्वयन इकाई, बाग्मती प्रदेश, गजुरी, धादिङ ।	१	२०,०००।-
४.	२०७८।६।११	उमेशकुमार चौधरी, नायब सुब्बा, जिल्ला प्रशासन कार्यालय, धनुषा।	१	८,५००।-
५.	२०७८।६।१४	विनोद पौडेल, सवइन्जिनियर, बूढानीलकण्ठ नगरपालिका, कार्यालय, काठमाडौं ।	१	७२,०००।-
६.	२०७८।७।१२	रामबहादुर महतो, वडा अध्यक्ष र अैबुल राइन, सहायक कम्प्युटर अपरेटर (करार), मटिहानी नगरपालिका वडा नं. ५ कार्यालय, महोत्तरी ।	२	१०,०००।-
७.	२०७८।७।१५	राजीशरण साह, प्रहरी वरिष्ठ हवल्दार, सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस र विचौलिया राम आशिष रामनगर, महोत्तरी ।	२	५,०००।-
८.	२०७८।७।१५	दीपेन्द्रकुमार के.सी., सवइन्जिनियर, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, बसुन्धरा, काठमाडौं ।	१	२,००,०००।-
९.	२०७८।८।२	प्रतिकूल बकपत्र दिने कमल किशोर राज यादव, कैलाली ।	१	५०,०००।-
१०.	२०७८।८।१६	राधेश्याम झा खरिदार, उदयसिंह रावल ना.सु., शम्भुप्रसाद अधिकारी ना.सु., मालपोत कार्यालय, बर्दिया । जग्गाधनी चन्द्रबहादुर सुनार र जग्गा खरिद गर्ने टेकबहादुर सुनार र भक्तबहादुर थापासमेत ।	६	३५०००।-

११.	२०७८।८।१९	दुर्गाप्रसाद पोखरेल, नायब सुब्बा, वैदेशिक रोजगार कार्यालय, ताहाचल ।	१	८,०००।-
		आर.के. फोटोकपी संचालकद्वय खेमप्रसाद काफ्ले र राजेश पोखरेल ।	२	१३,२९२।-
१२.	२०७८।९।८	मुकुन्द पौडेल, कार्यालय प्रमुख मालपोत कार्यालय, चनौली, चितवन र वीरेन्द्रबहादुर कठायत, अमिन, महानगरपालिका वडा नं. २० को वडा कार्यालय, भरतपुर ।	२	५,५०,०००।-
१३.	२०७८।९।१२	रामदुलार साह, वडाध्यक्ष, वडा सदस्यद्वय सोनेलाल साह रौनियार र उमेश राय यादव ईश्वरपुर नगरपालिका वडा नं. ११ कार्यालय, सर्लाही ।	३	१,५०,०००।-
१४.	२०७८।९।१९	भीमबहादुर गुरुङ, वडाध्यक्ष र कुलबहादुर गुरुङ वडा सदस्य, भीरकोट नगरपालिका वडा नं. ९ स्याङ्जा ।	२	१,३५,०००।-
१५.	२०७८।९।२२	अजयकुमार साह, हेल्थ असिस्टेन्ट, महोत्तरी स्वास्थ्य चौकी, महोत्तरी र कृष्णकुमार यादव विचौलिया, औरही गाउँपालिका वडा नं. ३, सिरहा ।	२	२०,०००।-
१६.	२०७८।९।२२	विष्णुकान्त मिश्र, वन अधिकृत, वन कार्यालय रसुवा र मतियार नवीनकुमार मिश्र र लाक्पा ग्याल्जेन रसुवा ।	३	७०,००,०००।-
१७.	२०७८।९।२६	वसन्त महर्जन, सदस्य, काठमाडौं महानगरपालिका वडा नं. १४ कार्यालय, काठमाडौं।	१	२,००,०००।-
१८.	२०७८।१०।२६	सोमप्रसाद पहाडी, इलेक्ट्रिकल सुपरभाइजर, नेपाल विद्युत प्राधिकरण काठमाडौं ग्रिड महाशाखा, ललितपुर ।	१	१,४०,०००।-
१९.	२०७८।११।२	मोहम्मद सिद्दिक, वडा सचिव (नायव सुब्बा), सिद्दार्थनगर नगरपालिका वडा नं. ४, रुपन्देही ।	१	३,०००।-
२०.	२०७८।११।१०	विनोदप्रसाद साह, वडा सचिव (ना.सु.), कोल्हवी नगरपालिका ११ नं. वडा कार्यालय, बारा ।	१	३,५००।-
२१.	२०७८।११।१६	प्रतिकूल बकपत्र दिने मो. अजरुद्दिन राइन, एकडारा गाउँपालिका वडा नं. २, महोत्तरी ।	१	१५,०००।-
२२.	२०७८।११।२६	लक्ष्मण बस्नेत, खरिदार, मालपोत कार्यालय चाबहिल, काठमाडौं ।	१	१,३५,०००।-
२३.	२०७८।१२।४	धर्मेन्द्रप्रसाद पटेल,	२	५,००,०००।-

		नगर प्रमुख र अशोकप्रसाद पटेल, विचौलिया, देवाही गोनाही नगरपालिका वडा नं. ८ रौतहट ।		
२४.	२०७९।१।१५	सुनीलकुमार झा, मालपोत अधिकृत, भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम ।	१	५,००,०००।-
२५.	२०७९।१।१९	विनोद तिवारी, खरिदार, मालपोत कार्यालय, टोखा सरस्वती , काठमाडौं ।	१	२०,०००।-
२६.	२०७९।१।२२	रूपनारायण महतो, प्रहरी नायब निरीक्षक, गण्डकी प्रदेश प्रहरी कार्यालय विपद् व्यवस्थापन गुल्म, बाग्लुङ ।	१	३८,०००।-
२७.	२०७९।१।२९	राकेशकुमार ठाकुर, प्रधानाध्यापक, श्री विश्वेश्वरप्रसाद कोइराला आदर्श मा.वि., रौतहट र दीपेन्द्रकुमार झा, (मतियार) सर्जिकल पसलका संचालक, दुर्गा भगवती गाउँपालिका वडा नं. ३, रौतहट।	२	३,००,०००।-
२८.	२०७९।२।१७	विनोद के.सी., सर्भेक्षक र प्रकाश राज भट्ट, अमिन, नापी कार्यालय, चाबहिल १ नं. नापी टोली बूढानीलकण्ठ, काठमाडौं ।	२	१,००,०००।-
२९.	२०७९।३।६	टेकबहादुर रायमाझी, अमिन, नापी कार्यालय, रुपन्देही ।	१	३०,०००।-
३०.	२०७९।३।२०	पनेरु महत, मालपोत अधिकृत (कार्यालय प्रमुख) लेखा, मालपोत कार्यालय,ताप्लेजुङ।	१	१५०,०००।-
३१.	२०७९।३।२३	जगदीप गौतम, रेन्जर डिभिजन वन कार्यालय, चितवन ।	१	१,५०,०००।-
३२.	२०७९।३।२३	रामदिनेश मण्डल, प्रधानाध्यापक र विनोद पासवान, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, श्री मा.वि., एकडारा, महोत्तरी ।	२	५०,०००।-

२.७.२ झुटा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेका मुद्दाहरू

निम्नलिखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत कर्मचारीहरूले अनुचित लाभ लिने उद्देश्यले सुरु नियुक्ति र बढुवाका लागि पेस गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरूका सम्बन्धमा आ.व.२०७८।७९ मा अनुसन्धान हुँदा झुटा प्रमाणपत्र पेस गरेको तथ्य प्रमाणित हुन आई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा परिभाषित कसुर गरेको देखिएकाले निजहरूलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा व्यवस्थित हदैसम्मको सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपत्र दायर गरिएको छ।

तालिका २.१४

झुटा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेका मुद्दाहरू

सि.नं.	आयोगको निर्णय र आरोपत्र दायर मिति	प्रतिवादीको		शैक्षिक योग्यता र संस्था
		नाम, पद र कार्यालय	संख्या	
१.	२०७८।४।३२	रवीन्द्रनाथ चौधरी, नि.मा.वि. शिक्षक र (मतियार) रामलखन चौधरी, प्रधानाध्यापक, श्री राम जनता आधारभूत विद्यालय, चन्द्रनगर-३, बड्कुर्वा सर्लाही ।	२	अध्यापन अनुमतिपत्र, शिक्षक सेवा आयोग ।
२	२०७८।८।१३	मनकला चौलागाईं, प्राथमिक तह, भेरी माध्यमिक विद्यालय, ललितापुर, बर्दिया र मनिलाल आचार्य, राजापुर नगरपालिका-८, धोविनपुर, बर्दिया ।	२	शिक्षक सेवा आयोगको परीक्षामा उत्तरपुस्तिका साटासाट, आदर्श मेमोरियल परीक्षा केन्द्र, सुर्खेत ।
३	२०७८।९।२६	नेपाल प्रहरीका पूर्व प्र.ना. नि. हरि खड्का ।	१	आई.ए.को प्रमाणपत्र, माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी उत्तर प्रदेश, भारत ।
४	२०७९।१।८	बिरजुकुमार गच्छदार, प्रा.वि. शिक्षक, धुवाखोला आधारभूत विद्यालय, तुम्वेबा गाउँपालिका-४ बलेन, पाँचथर ।	१	प्रमाणापत्र तह जनता आदर्श मल्टिपल कलेज विराटनगर ।
५	२०७९।३।३	हुमलाल पौडेल, (अस्थायी शिक्षक) निम्न माध्यमिक , नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, ठूलापोखरा, अर्घाखाँची ।	१	स्नातक तहका शैक्षिक प्रमाण-पत्रहरू, गोरखपुर विश्वविद्यालय भारत ।
६	२०७९।३।२०	अमरनाथ मिश्र, (अस्थायी शिक्षक), माध्यमिक तह श्री पिपरहवा माध्यमिक विद्यालय, रुपन्देही ।	१	माध्यमिक तह अध्यापन अनुमतिपत्र, शिक्षक सेवा आयोग, भक्तपुर ।

२.७.३ गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेका मुद्दाहरू

सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूले सार्वजनिक पदमा बहाल रहँदा स्रोत नखुलेको अकुत सम्पत्ति आर्जन गरेको भनी दर्ता भएका उजुरीहरूमा अनुसन्धान हुँदा देहायबमोजिमका कर्मचारीहरूले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सो कसुरलाई निरन्तरता दिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश एवं भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन

र साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम गैरकानुनी सम्पत्तिसमेत जफत हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको छ । सि.नं. ५ को प्रतिवादी देवीबहादुर थापाको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

तालिका २.१५

गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेका मुद्दाहरू

क्र. सं.	निर्णय मिति आरोपपत्र दायर मिति	प्रतिवादीको नाम र संख्या			बिगो (रु.) (स्रोत नखुलेको सम्पत्ति)
		मुख्य प्रतिवादीको नाम, पद र कार्यालय	सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र प्रतिवादी	संख्या	
१.	२०७८।८।२३	उद्धवप्रसाद थपलिया, तत्कालीन शाखा अधिकृत (हाल अवकाशप्राप्त), अर्थ मन्त्रालय ।	श्रीमती मुना पन्त थपलिया ।	२	१,६४,८९,७००।२५
२.	२०७८।९।२१	हेमराज बिष्ट, निमित्त वन निर्देशक, सुदूरपश्चिम प्रदेश सरकार, वन निर्देशनालय, कैलाली ।	श्रीमती रुबी जि.सी. (बिष्ट) ।	२	६,८७,५७,०८०।६०
३	२०७८।१०।२६	तत्कालीन सह-न्यायाधिवक्ता (हाल निलम्बित) सुरेन्द्रबहादुर थापा उच्च सरकारी वकिल कार्यालय, पोखरा ।	श्रीमती अन्जु खड्का थापा ।	२	६१,०२०७६।९७
४	२०७८।११।१५	रामकुमार श्रेष्ठ नेपाल सरकारका पूर्व सचिव एवं पूर्वमन्त्री, नेपाल सरकार ।	सरस्वती श्रेष्ठ र सरोज श्रेष्ठ ।	३	४,४५,२७,६६६।९८
५	२०७८।१२।२४ २०७९।१।१२	देवीबहादुर थापा, ना.सु. (हाल निलम्बन) भन्सार जाँचपास परीक्षण कार्यालय तीनकुने काठमाडौं ।	कृष्णबहादुर थापा, चन्द्रमाया र श्रीमती विमसा राउत ।	४	१८७४७१४९।४२
६	२०७९।२।३० २०७९।३।३	तत्कालीन वरिष्ठ व्यवस्थापन सहायक भीमकान्त भण्डारी, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, झापा ।		१	६,२४,०४,००६।४४

७	२०७९।२।३० २०७९।३।८	नायव सुब्बा गणपति झा, जिल्ला प्रशासन कार्यालय, धनुषा ।	मीनादेवी झा, दिवाकरकुमार झा, शिवाकरकुमार झा र करुणाकरकुमार झा ।	५	२,४४,७१,१०५।५१
गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेका ७ मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या :-				१९	

२.७.४. सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेका मुद्दाहरू

सि.नं	उजुरी	अनुसन्धानबाट पुष्टि भएको व्यहोरा	निर्णय मिति, आरोपपत्र दायर मिति	प्रतिवादीको नाम, पद र कार्यालय	संख्या	भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम		
						कसुर	सजाय मागदाबी	बिगो रु.
१	प्रहरी सहायक निरीक्षक दिलीप कार्कीले प्रहरी कल्याण कोषद्वारा संचालित पेट्रोलपम्प, नक्सालमा हुँदै नभएको कारोबारको आधारमा असुली देखाएर रकम हिनामिना गरेको ।	प्रहरी सहायक निरीक्षक दिलीप कार्की प्रहरी पेट्रोलपम्पमा पदीय हिसाबले कार्यरत रहँदा निजले बिक्री भएको तेलको वास्तविक रकम दाखिला नगरी रु.१,०३,९७,९३७।५४ हिनामिना एवं हानि नोक्सानी गरी भ्रष्टाचारजन्य कसुर गरेको ।	२०७८।४।११ २०७८।४।३२	दिलीप कार्की, प्रहरी सहायक निरीक्षक, प्रहरी कल्याण कोषद्वारा संचालित पेट्रोलपम्प, नक्साल ।	१	दफा १७	दफा ३ (१) (झ)	१,०३,९७,९३७।५४
२	जिल्ला वन कार्यालय, बाराका तत्कालीन सहायक वन अधिकृतले आ.व. २०७३/७४ मा बाँसको कलमी बिरुवा उत्पादन वा खरिद तथा सदुपयोग, अम्रिसो	जिल्ला वन कार्यालय, बाराका सहायक तत्कालीन वन अधिकृतले अम्रिसो बिरुवा उत्पादन वा खरिद तथा वितरण, बाँसको कलमी बिरुवा उत्पादन वा खरिद तथा सदुपयोग, नदी उकास जग्गामा १०० के.जी. खयर, सिसौ, सिमल आदि प्रजातिका बीउ खरिद गरी छर्नका लागि	२०७८।४।२८ २०७८।५।८	बिन्देश्वरप्रसाद पटेल तत्कालीन सहायक वन अधिकृत, भैरवप्रसाद घिमिरे तत्कालीन जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय,	२	दफा १७	दफा ३ (१), दफा ३ (१) (घ)	४,९०,०००।-

	बिरुवा उत्पादन वा खरिद तथा वितरण, नदी उकास जग्गामा खयर, सिसौं, सिमल आदि प्रजातिका बीउ खरिद गरी छर्ने समेतको कार्य गर्नका लागि लिएको पेश्की रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	लिएको रु.४,९०,०००।- मध्ये नियम कार्यविधिविपरीत गरी बाँसका बिरुवाहरूसमेत स्वीकृत मापदण्ड अनुसार खरिद नगरेको । उक्त कार्यको सहायक वन अधिकृत दिनेशप्रसाद जयसवालले जाँचपास गरी कार्य सम्पन्न प्रतिवेदन फाराममा जिल्ला वन अधिकृत भैरवप्रसाद घिमिरेले दस्तखत गरेको र सिसौ, सिमल आदि प्रजातिका बीउ खरिदमा २० किलो मात्र बीउ छरेको र सो कार्यको जाँचपास र कार्य सम्पन्न फाराममा जिल्ला वन अधिकृत भैरवप्रसाद घिमिरेबाट हस्ताक्षर भएको देखिई जम्मा रु.४,९०,०००।- हिनामिना एवं हानि नोक्सानी गरी भ्रष्टाचार गरेको ।		बारा ।				
				दिनेश प्रसाद जायसवाल, तत्कालीन सहायक वन अधिकृत, जिल्ला वन कार्यालय, बारा	१	दफा १७	दफा ३ (१), दफा ३ (१) (घ)	३,९०,०००।-
३	सर्लाही लालबन्दी नगरपालिका भवन बनाउन ठेक्का दिँदा लालबन्दी नगरपालिकाका	नेपाल बैंक लिमिटेड मलंगवा शाखाको नक्कली अग्रिम भुक्तानी जमानत बनाई रु.४२ लाख भुक्तानी लिई सरकारी रकम हिनामिना भएको भन्ने पुष्टि भएको ।	२०७८।५।१० २०७८।५।२२	सन्तोष विक्रम शाह ऋण फाँटको सहायक, नेपाल बैंक लि., मंलगवा, सर्लाही ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१) (छ)	रु.४२,००,०००।-

	कर्मचारीहरूले ठेक्का लिने ठेकेदारलाई नक्कली बैंक ग्यारेन्टीको आधारमा भुक्तानी गरेको र हाल भवन बन्ने काम रोकिएको भन्नेसमेत ।			अनिल गुप्ता र शिवनन्दन पासवान, लोकवीर बेताली/ पाँचकुमारी जे.भी.का पार्टनर।	२	दफा ८(४)	दफा ८(४)	४२,००,०००।-
४	तनहुँ जिल्ला घाँसीकुवा गा.वि.स.मा दर्सै र परिषद् तयारी खर्च भनी १/१ महिनाको तलब थप लिने गरेको, परिषद्को निर्णयबिना आर्थिक सहायता दिने गरेको, परामर्शदाता नियुक्ति पछि गरी पहिल्यैदेखिको सम्झौता बनाई रकम भुक्तानी गरेको, जिन्सी खाता नरहेको, विभिन्न फोटोकपी बिल राखी खर्च लेख्ने गरेको,	तत्कालीन घाँसीकुवा गाउँ विकास समितिमा आ.व. २०७०/७१ र आ.व. २०७१/७२ मा विभिन्न शीर्षकमा कानुनविपरीत हुने गरी खर्च तथा भुक्तानी गरी जम्मा रु.१,४७,३६४।७५ बराबरको सरकारी रकम हिनामिना एवं हानि नोक्सानी भएको ।	२०७८।५।१० २०७८।५।२७	रामराज न्यौपाने गा.वि.स.सचिव, तत्कालीन घाँसीकुवा गा.वि.स., तनहुँ	१	दफा १७	दफा ३ (१) (घ)	१,४७,३६४।७५
				शुकदेव अधिकारी इन्जिनियर, तत्कालीन जिल्ला प्राविधिक कार्यालय, तनहुँ, र गणेश घिमिरे गा.वि.स.सचिवका चेक साझेदार, तत्कालीन घाँसीकुवा	२	दफा १७	दफा ३ (१) (ग)	६३,७५०।-

	धेरैजसो योजनाका इस्टिमेट र कार्य सम्पन्न प्रतिवेदनमा जिम्मेवार व्यक्तिको हस्ताक्षर नभएको भन्ने समेत ।			गा.वि.स., तनहुँ				
				तीर्थराज ढुंगाना जिल्ला प्राविधिक कार्यालय, तनहुँ र ऋषिभक्त वाग्ले, गा.वि.स.सचिवका चेक साझेदार, तत्कालीन घाँसीकुवा गा.वि.स., तनहुँ	२	दफा १७	दफा ३ (१) र दफा ३ (१) (ग)	७२,२५०।-
				नरहरि पण्डित र श्रीभद्र खनाल, लेखापरीक्षक ।	२	दफा १९ (१)	दफा १९ (१)	
५	नेपाल खाद्य संस्थान लहानमा २०७५ सालमा नियमविपरीत ७० हजार क्विन्टल धान खरिद गर्दा कमिसन लिई भ्रष्टाचार	नेपाल खाद्य संस्थान, लहानका कर्मचारी र मिल संचालकसमेतको मिलोमतोमा बदनियतपूर्वक तरिकाले धान खरिद र कुटानी तथा दाखिला गर्दा सरकारी रकम हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।	२०७८।५।२१ २०७८।६।४	गंगाप्रसाद साह तत्कालीन प्रमुख र सुनिताकुमारी यादव लेखा प्रमुख, खाद्य व्यवस्था तथा व्यापार	२	दफा १७	दफा ३ (१) र दफा ३ (१) (ज)	९७,०२,७८४।२८

	गरेको र गुणस्तरहीन धान खरिद गर्दा २० हजार क्विन्टल चामल सडेको भन्ने समेत ।			कम्पनी लिमिटेड लाहान ।				
				अशोककुमार अग्रवाल नीलकमल सेलर मिलका संचालक, लाहान ।	१	दफा ८ (४)	दफा ८ (४)	७,५१,१४३।६०
				लालुप्रसाद अग्रवाल गिरधारी खाद्य उद्योगक संचालक लाहान ।	१	दफा ८ (४)	दफा ८ (४)	५८,७५,६१२।१६
६	मकवानपुरको कैलाश गाउँपालिकाबाट युवा क्षमता विकास तालिम र आधारभूत पत्रकारिता तालिम कार्यक्रम संचालन गर्दा फिलिंगो मिडियाका संचालक र गाउँपालिकाका अध्यक्षको मिलेमतोमा अनियमितता गरेको	कैलाश गाउँपालिकाबाट मिलेमतोमा आ.व. २०७५/७६ मा आधारभूत पत्रकारिता तालिम र युवा क्षमता विकास तालिम संचालन गर्दा भए गरेको कामभन्दा बढी भुक्तानी गरी भ्रष्टाचार गरेको ।	२०७८।५।२८ २०७८।६।१५	टंकबहादुर मुक्तान गाउँपालिकाका तत्कालीन अध्यक्ष, कैलाश गाउँपालिका, मकवानपुर ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१)(घ)	२,६०,९००।-
				रामकुमार रिजाल फिलिंगो मिडियाका संचालक, मकवानपुर ।	१	दफा ८ (४)	दफा ८ (४)	२,६०,९००।-
				लोकबहादुर	३	दफा	दफा ३	२,६०,९००।-

	भन्नेसमेत ।			कुसारी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, सुजन श्रेष्ठ तत्कालीन लेखापाल र मोहनप्रसाद पौडेल तत्कालीन सामाजिक विकास अधिकृत, कैलाश गाउँपालिका मकवानपुर ।		१७	(१) र दफा ३ (१)(घ)	
				त्रिलोक थापा मगर तत्कालीन आन्तरिक लेखापरीक्षक, कैलाश गाउँपालिका, मकवानपुर ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१)(घ)	२,६०,९००।-
७	उदयपुर जिल्ला साबिक रामपुर ठोक्सिला गा.वि.स.का कर्मचारीहरूले सो	उदयपुर जिल्ला साबिकको रामपुर ठोक्सिला गाउँ विकास समितिमा आ.व. ०६३/६४ देखि आ.व. ०७१/७२ सम्म सामाजिक सुरक्षा	२०७८।५।२८ २०७८।६।१२	केशवप्रसाद आचार्य तत्कालीन सचिव, साबिक रामपुर ठोक्सिला गाउँ	१	दफा १७	दफा ३ (१) र दफा ३ (१)	९,९०,५००।—

	गा.वि.स.मा विगत ८/१० वर्षअगाडि नै मृत्यु भइसकेका व्यक्तिको नाममा, दोहोरो नाममा र वनावटी नाममा सामाजिक सुरक्षा भत्ताबापतको रकम निकाली दुरुपयोग गरेको ।	भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको मृत्यु र मृत्यु दर्ता भएपश्चात निजहरूको नामावली सामाजिक सुरक्षा भत्ता वितरणको भरपाईमा कैफियत जनाई लगत कट्टा गर्नुपर्नेमा सो कार्य नगरी मृतक लाभग्राहीहरूको नाममा र दोहोरो नामको भरपाईबाट समेत सामाजिक सुरक्षा भत्ता रु.१६,४०,५००।- हिमामिना गरेको ।		विकास समिति, उदयपुर ।			(ङ)	
				लोकेन्द्र कार्की तत्कालीन सचिव, साबिक रामपुर ठोक्सिला गाउँ विकास समिति, उदयपुर ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१) (ग)	७८,०००।—
				विसाल सुन्दास, तत्कालीन सचिव, साबिक रामपुर ठोक्सिला गाउँ विकास समिति, उदयपुर ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१) (ग)	८२,०००।—
				माधवप्रसाद खतिवडा, तत्कालीन सचिव, साबिक रामपुर ठोक्सिला गाउँ विकास समिति, उदयपुर ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१) (घ)	३,१४,०००।-

				पुष्पराज सिग्देल, तत्कालीन सचिव, साबिक रामपुर ठोक्सिला गाउँ विकास समिति, उदयपुर ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१) (घ)	१,७६,०००।—
८	अनिरुद्र पब्लिक माध्यमिक विद्यालय, कपिलवस्तुका तत्कालीन प्र.अ.ले विज्ञान प्रयोगशालाको लागि विद्यालयमा प्राप्त रकमबाट कुनै काम नगरी फर्जी बिल बनाई भ्रष्टाचार गरेको ।	विद्यालयलाई प्राप्त विज्ञान प्रयोगशालाको बजेट तथा विद्यालय कोषको थप रकम स्पष्ट आधार तथा कानुनविपरीत खर्च गरेको, खरिद योजना नबनाएको, विद्यालय व्यवस्थापन समितिमा जानकारीसमेत नगराई खर्च गरेको, सार्वजनिक खर्च प्रणालीका सामान्य सिद्धान्तसमेत नअपनाई खर्च गरी भ्रष्टाचारजन्य कसुर गरेको ।	२०७८।७।८ २०७८।८।१३	देवेन्द्रमणि त्रिपाठी, तत्कालीन प्रधानाध्यापक र असर्फी यादव, लेखापाल/कार्यालय सहायक, अनिरुद्र पब्लिक माध्यमिक विद्यालय, कपिलवस्तु ।	२	दफा १७	दफा ३ (१) (ङ)	७,८२,६५१।६०
९	मनसुता सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्षले अनुमति बिना रूख कटान गरी आर्थिक हिनामिना गरेको ।	आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्मको लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित घुम्ती कोष लगानी विवरणमा २९ जना महिलालाई प्रत्येक आर्थिक वर्ष रु.१,२४,०००।— को दरले ३	२०७८।८।२ २०७८।८।९	कुलबहादुर खत्री तत्कालीन अध्यक्ष, शोभा भनिने शविकुमारी खड्का तत्कालीन सचिव र टोपेन्द्र थापा	३	दफा १७	दफा ३ (१) (घ) र दफा १७	४,५६,०००।—

		आर्थिक वर्षको जम्मा रु.३,७२,०००।— लिए/दिएको भनी भरपाईसमेत नभएको झुटा विवरण बनाएको साथै वन हेरालु इन्द्रबहादुर डाँगीलाई आ.व. २०७०/७१ को वार्षिक तलब रु.८४,०००।— दिएको विवरण व्यय शीर्षकमा राखी झुटा विवरण बनाई आपसी मिलेमतोमा मनसुता सामुदायिक वन उपभोक्ता समूहको सम्पत्ति जम्मा रु.४,५६,०००।— बदनियतपूर्वक हिनामिना गरेको।		तत्कालीन कोषाध्यक्ष मनसुता सामुदायिक वन उपभोक्ता समूह दाङ ।				
१०	सुर्खेत जिल्ला साबिक तातापानी गा.वि.स. वडा नं. २, ३ र ४ मा रहेको पातालगैरी सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीसमेतको मिलोमतोमा रु.१७ लाख हिनामिना गरेको	जिल्ला सुर्खेत, पञ्चपुरी नगरपालिका वडा नं. ११ कुइनेमा रहेको पातालगैरी सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना विपरीत पदाधिकारीहरूको मिलेमतोमा काठ बिक्रीबाट प्राप्त रकम अनियमित तरिकाले हिनामिना गरेको ।	२०७८।८।२ २०७८।८।२०	हरि दमाई अध्यक्ष, खड्कप्रसाद जैसी, कोषाध्यक्ष र पूर्णिमा शाह (सिंह), सचिव, पातालगैरी सामुदायिक वन उपभोक्ता समूह, सुर्खेत ।	३	दफा १७	दफा ३ (१) (च)	१८,७७,०००।-

	समेत ।			रणबहादुर बडुवाल सदस्य, पातालगैरी सामुदायिक वन उपभोक्ता समूह, सुर्खेत ।	१	दफा १७	दफा ३ (१) (ङ)	५,५०,०००।-
				भरतबहादुर शाही पातालगैरी सामुदायिक वन उपभोक्ता समूह, सुर्खेत ।	१	दफा १७	दफा ३ (१) (घ)	१,५०,०००।-
				प्रेमबहादुर सिंजापती उपभोक्ता, पातालगैरी सामुदायिक वन उपभोक्ता समूह, सुर्खेत ।	१	दफा ८ (४)	दफा ८ (४)	८,८७,०००।-
				हस्तना देवी शाही उपभोक्ता, पातालगैरी सामुदायिक वन उपभोक्ता समूह, सुर्खेत ।	१	दफा ८ को उपदफा (४)	दफा ८ को उपदफा (४)	१,१५,०००।-

				अशोक सिंह उपभोक्ता, पातालगैरी सामुदायिक वन उपभोक्ता समूह, सुर्खेत ।	१	दफा ८ को उपदफा (४)	दफा ८ को उपदफा (४)	२५,०००।-
११	महोत्तरी नमुना गाउँ विकास समितिको कार्यालय, गौशालाका तत्कालीन सचिव नागेश्वर राय यादवले निर्माण, कर्मचारीको तलब र सामाजिक सुरक्षा भत्तालगायत गा.वि.स.को विभिन्न शीर्षकको रकम अनियमितता गरेको ।	नमुना गाउँ विकास समितिको कार्यालय, महोत्तरीका लागि ज्येष्ठ नागरिक, असहाय विधवा, अशक्त अपाङ्ग, दलित नागरिकको सामाजिक सुरक्षा भत्ताका लागि निकासा भएको रकम तत्कालीन गा.वि.स. सचिवले सम्बन्धित नागरिकहरूलाई वितरण नगरी भरपाई मात्र बनाई उक्त भरपाईमा बुझिलिनेको सहीछाप महलमा आफैंले र अरू व्यक्तिहरूलाई औंठाछाप गर्न लगाई सामाजिक सुरक्षा भत्ताको रु.१२,८६,८००।- हिनामिना गरेको ।	२०७८।८।१६ २०७८।८।२८	नागेश्वर राय यादव तत्कालीन सचिव, नमुना गाउँ विकास समितिको कार्यालय, महोत्तरी ।	१	दफा १७	दफा ३ (१) र दफा ३ (१) (च)	१२,८६,८००।-
१२	जुनतारा सामुदायिक वन उपभोक्ता समूह,	जुनतारा सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्षले	२०७८।८।२३ २०७८।९।१६	राजेन्द्र थेबे तत्कालीन अध्यक्ष,	१	दफा १७	दफा १७ र	१३,९७,७७७।४१

	इलामका तत्कालीन अध्यक्षले ठेकदार तथा स-मिलसँग समूहका गोलिया काठ दिन्छु भनी सात लाखभन्दा बढी रकम लिएको, गोलिया बिक्रीबाट प्राप्त रकम कोषाध्यक्षको चेकमा किर्ते सही गरी सत्र लाख रकम निकाली हिनामिना गरेको तथा रातारात काठ तस्कर हुने गरेको भन्नेसमेत ।	समूहको निर्णय किताब तथा चेकबुकलगायतका कागजातहरू आफूले राखे गरेको, वन उपभोक्ता समूहको नाममा रु.३३,२०,२७२।२३ जम्मा भएकोमा केही चेकमा समूहकी कोषाध्यक्षको दस्तखतसमेत किर्ते गरेको र सामुदायिक वनका कार्यक्रमहरूको खर्च विवरण तथा बिल भरपाईसमेत नदेखाई बदनियतपूर्ण ढंगले रु.१३,९७,७७७।४१ रकम हिनामिना गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेको ।		जुनतारा सामुदायिक वन उपभोक्ता समूह, इलाम ।			दफा ३ (१) तथा दफा ३ (१) (च)	
१३	कृषि सामग्री कम्पनी लिमिटेडले खरिद गरेको डि.ए.पी. मल नेपाल सरकारले तोकेको गुणस्तरमा नरहेको, कम गुणस्तरको मल खरिद गरी आर्थिक	कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि सामग्री कम्पनी लिमिटेडले खरिद गरेको डि.ए.पी. मल कम्पनी लिमिटेडका कर्मचारीहरू र आपूर्तिकर्तासमेतको मिलेमतोमा र बिनाप्रतिस्पर्धा प्रमाणपत्र अद्यावधिक नगरेको संस्थालाई मलको गुणस्तर परीक्षण प्रतिवेदन दिन लगाएको ।	२०७८।८।२३ २०७८।९।१८	नेत्रबहादुर भण्डारी प्रबन्ध संचालक, विष्णुप्रसाद पोखरेल प्रबन्धक, दुर्गाप्रसाद पाण्डे, सहायक प्रबन्धक, पुष्करदीप बुढा उपप्रबन्धक, कृषि	४	दफा १७	दफा ३ (१) तथा दफा ३ (१) (झ) र दफा २४	रु.१,००,५३,२२,४०६।७२

	अनियमितता गरेको ।	सो ठेक्काबाट प्राप्त मल कम गुणस्तरको रहेको देखिएको । उक्त मल स्पेसिफिकेसनबमोजिम नै गुणस्तर भएको भनी गलत परीक्षण प्रतिवेदन बनाई भन्सार नाका तथा कृषि सामग्री कम्पनी लिमिटेड प्रधान कार्यालयमा पेस गरे गराएको देखिनुका साथै सोही प्रतिवेदनसमेतका आधारमा आपूर्तिकर्तालाई रकम भुक्तानीसमेत भई सरकारी रकम हानि नोक्सानी भएको ।		सामग्री कम्पनी लिमिटेड ।				
				सलिल देवकोटा प्रबन्ध निर्देशक, सुनिलबाबु खत्री ल्याब निर्देशक, महेन्द्रकुमार डागा सिनियर सर्भेयर, भोलानाथ चौधरी र मनोज आचार्य, Nepal Environmental and Scientific Services (P) Ltd.	५	दफा ८ (४)	दफा ८ (४)	१,००,५३,२२,४०६।७२
				विनित जोशी कार्यकारी निर्देशक, Joshi Biz House (P) Ltd. Kathmandu, Nepal	१	दफा ८ (४)	दफा ८ (४)	१,००,५३,२२,४०६।७२
१४	साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड, मल बिक्री केन्द्र, सल्यानमा कार्यरत तत्कालीन जुनियर सहायक	साल्ट ट्रेडिङ कर्पोरेसन, सल्यान मल बिक्री केन्द्रका इन्चार्ज तत्कालीन जुनियर सहायकले आफ्नो जिम्मामा मौज्दात रहेको रायायनिक मलमध्ये ५० के.जी. डि.ए.पी. मल ३६३	२०७८।९।१२ २०७८।९।२८	विजयकुमार पासवान, तत्कालीन जुनियर सहायक, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड,	१	दफा १७	दफा ३ (१) र दफा ३ (१) (च)	१८,७६,६६४।-

	पदका विजयकुमार पासवानले मलको नियमानुसार हिसाब किताब नराखी सार्वजनिक सम्पत्तिको हिनामिना गरी भ्रष्टाचार गरेको ।	बोराको रु.८,३७,०७८।—, युरिया ८८४ बोराको रु.७,५६,७०४।-, ५० के.जी. पोटास ६९ बोराको रु.१,१७,७१४।- र ५० के.जी. एस.एस.पी. साधा १४८ बोराको रु.१,६५,१६८।- गरी जम्मा रु.१८,७६,६६४।- बराबरको रासायनिक मल बदनियत गरी हिनामिना गरेको ।		मल बिक्री केन्द्र, सल्यान ।				
१५	जिल्ला नुवाकोट पञ्चकन्या गाउँपालिका वडा नं. २ को वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न भनी ल्याएको रु.५० लाख, नगद रु.२,६१,८५६।- र विभिन्न शीर्षकबाट उठेको राजस्व रु.४०,०००।- गरी जम्मा रु.५३,०१,८५६।-	प्रतिवादी सरिता राउत र रामकुमार गिरीले रु.५० लाख रकम बैंकबाट लिएर आएको र कार्यालयमा निज सरिता राउत, रामकुमार गिरी र नीलप्रसाद मिश्रको रोहबरमा उक्त रकम राखिएको । दराजको सेफको चाँबी सरिता राउत र रामकुमार गिरीसँग रहेको र ढोकाको चाँबी नीलप्रसाद मिश्रले बोकेको साथै घटनापश्चात कुनै पनि ठाउँमा तोडफोड भएको नदेखिएको । सुरक्षा निकायलाई जानकारी नगराएको साथै सुरक्षाका लागि समन्वयसमेत नगरेको देखिएको र वडा कार्यालयमा रकम	२०७८।९।१९ २०७८।१०।१४	सरिता राउत वडा सचिव, रामकुमार गिरी कार्यालय सहायक र नीलप्रसाद मिश्र कार्यालय सहयोगी, पञ्चकन्या गाउँपालिका वडा नं. २ को वडा कार्यालय, नुवाकोट ।	३	दफा १७	दफा ३ (१) र दफा ३ (१) (ज)	५३,०१,८५६।-

	शंकास्पद रूपमा हराएको भन्ने ।	राखी घर गएको हुँदा निज सरिता राउत, रामकुमार गिरी र नीलप्रसाद मिश्रले नेपाल सरकारको सम्पत्तिको बदनियत गरी हानि नोक्सानी गरेको ।						
१९.	ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम तर्फको नियमित सडक मर्मतसम्भार र रूख बिरुवा रोप्ने कार्यअन्तर्गत साबिकको जिल्ला प्राविधिक कार्यालय, सप्तरीबाट रूपनगर सवानपुर पथरी घोघनपुरसमेतका सडक खण्डमा ग्राभेल गर्ने र बिरुवा रोप्ने कार्य गर्दा प्रक्रिया नपुऱ्याई	तत्कालीन जिल्ला प्राविधिक कार्यालय सप्तरीका प्रमुख जिल्ला इन्जिनियर राजकुमार गोइत, इन्जिनियर उग्रानन्द पाठक र लेखापाल छत्रबहादुर श्रेष्ठले वास्तविक भए गरेको कामभन्दा बढी परिमाणको काम गरेको भनी झुटा बिल भरपाई बनाई सो बिल अनुसार रु. ६६,६४,६९२।२२ भुक्तानी दिने र लिने कार्य गरेको तथा माँ	२०७९।१।८ २०७९।१।२७	तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरीका प्रमुख जिल्ला इन्जिनियर राज कुमार गोइत र इन्जिनियर उग्रानन्द पाठक ।	२	दफा ८ (१) (ङ)	दफा ८ (१)	६६,६४,६९२।२२
				भुपेन्द्र यादव, प्रोप्राइटर, माँ जानकी निर्माण सेवा ।	१	दफा ८ (४)	दफा ८ (४)	२१,००,२४०।९७
				विजयकुमार यादव, प्रोप्राइटर, एभरेष्ट निर्माण सेवा ।	१	दफा ८ (४)	दफा ८ (४)	२६,५४,२१४।४५
				ममतादेवी यादव, प्रोप्राइटर, अन्नपूर्ण कन्स्ट्रक्सन ।	१	दफा ८ (४)	दफा ८ (४)	१९,१०,२३६।७९

	भुक्तानी गरेको भन्नेसमेत।	जानकी निर्माण सेवा, अन्नपूर्ण कन्स्ट्रक्सन र एभरेष्ट निर्माण सेवासँगको मिलेमतोमा आफूलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने कार्यसमेत गरेको ।		छत्रबहादुर श्रेष्ठ, तत्कालीन लेखापाल, जिल्ला प्राविधिक कार्यालय, सप्तरी ।	१	दफा ८ (१) (ङ)	दफा ८ (१)	२,५४,७१०।७६
२०.	जिल्ला हुम्ला, लिमी गा.वि.स. सचिव धर्मराज रोकायाले आ.व. २०७०/७१ देखि आ.व. २०७२/७३ सम्म दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गरेको भन्ने ।	साबिक लिमी गा.वि.स. हुम्लाका तत्कालीन गा.वि.स. सचिव धर्मराज रोकायाले सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्दा एउटै व्यक्तिलाई उस्तै नागरिकता प्रमाणपत्र नम्बर राखी दोहोरो सामाजिक सुरक्षा भत्ताको रकम रु.२,१९,०००। हिनामिना गरी हानि नोक्सानी गरेको ।	२०७९।१।२२ २०७९।२।१०	धर्मराज रोकाया, तत्कालीन गा.वि.स. सचिव, लिमी, हुम्ला ।	१	दफा ८ (१) (ङ)	दफा ८ (१)	२,१९,०००।-

२१.	गोदावरी न.पा. कैलालीका सम्बन्धमा आयोगमा प्राप्त सूचनाको आधारमा आयोगको स्थलगत निरीक्षण प्रतिवेदनबमोजिम १३ वटा सडकमा विभिन्न निर्माण व्यवसायीबाट कार्य सम्पादन भएका ठेक्काहरूमा भुक्तान भएको परिमाणको स्थलगत निरीक्षणबाट निर्धारित सर्त तथा मापदण्डविपरीत निर्माण कार्य गराइएको प्रतिवेदन नै उजुरीको रूपमा	गोदावरी न.पा. कैलालीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट र देवराज जोशीले गुणस्तरहीन कार्यको नापी किताबमा समेत हस्ताक्षर गरी हानि नोक्सानीमा संलग्न रहेको, इन्जिनियर पूर्ण कुँवर, सव-इन्जिनियर भक्तराज जोशी, नरेन्द्र शाही र धनबहादुर बिष्टले गुणस्तरहीन कार्य गराई नापी किताबमा वास्तविक कार्यभन्दा बढी परिमाण उल्लेख गरी मूल्यांकन गरेको, साथै निर्माण व्यवसायी सन्तोष जोशीले बढी	२०७९।१।२६ २०७९।२।१३	खेमराज बिष्ट, प्रमुख प्रशासकीय अधिकृत, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ख),(ग) र (ङ)	दफा ८ (१)	४२,००,५३१।२०
				देवराज जोशी, प्रमुख प्रशासकीय अधिकृत, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ङ)	दफा ८ (१)	६,७८,२२०।००
				पूर्ण कुँवर, इन्जिनियर, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ख), (ग) र (ङ)	दफा ८ (१)	४८,७८,७५१।२०
				भक्तराज जोशी, सव-इन्जिनियर, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ख),(ग) र (ङ)	दफा ८ (१)	२७,५८,४३२।२०
				नरेन्द्र शाही, सब-इन्जिनियर, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ख),(ग) र (ङ)	दफा ८ (१)	२१,२०,३१९।-
				धनबहादुर बिष्ट, ल्याब टेक्निसियन, प्राविधिक पूर्वाधार कार्यालय ।	१	दफा १९ (२)	दफा १९ (२)	४०,१७,६००।२०

	कायम गरिएको ।	भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।		सन्तोष जोशी, निर्माण व्यवसायी ।	१	दफा ८ (४)	दफा ८ (४)	३७,९८,९४५।२०
२२.	गोदावरी न.पा. कैलालीका सम्बन्धमा आयोगमा प्राप्त सूचनाको आधारमा आयोगको स्थलगत निरीक्षण प्रतिवेदनबमोजिम १३ वटा सडकमा विभिन्न निर्माण व्यवसायीबाट कार्य	गोदावरी न.पा. कैलालीका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टले गलत तथा गुणस्तरहीन कार्यको नापी किताबमा समेत हस्ताक्षर गरेको, इन्जिनियर पूर्ण कुँवर, सव-इन्जिनियर नरेन्द्र शाही र धनबहादुर	२०७९।१।२६ २०७९।२।१३	खेम राज बिष्ट, प्रमुख प्रशासकीय अधिकृत, पूर्ण कुँवर इन्जिनियर, नरेन्द्र शाही सव-इन्जिनियर, गोदावरी न.पा. कैलाली ।	३	दफा ८ (१) (ख),(ग) र (ङ)	दफा ८(१)	१५,१७,६९७।४०
				धनबहादुर बिष्ट ल्याब टेक्निसियन, प्राविधिक पूर्वाधार कार्यालय ।	१	दफा १९ (२)	दफा १९ (२)	१४,९६,१५५।००

	सम्पादन भएका ठेक्काहरूमा भुक्तान भएको परिमाणको स्थलगत निरीक्षणबाट निर्धारित सर्त तथा मापदण्डविपरीत निर्माण कार्य गराइएको प्रतिवेदन नै उजुरीको रूपमा कायम गरिएको ।	बिष्टले गुणस्तरहीन कार्य गराएको, नापी किताबमा वास्तविक कार्यभन्दा बढी परिमाण उल्लेख गरी मूल्यांकन गरेको, साथै निर्माण व्यवसायी हरिसिंह बिष्टले बढी भुक्तानी लिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।		हरिसिंह बिष्ट, निर्माण व्यवसायी ।	१	दफा ८ (४)	दफा ८ (४)	१५,१७,६९७।४०
२३.	गोदावरी न.पा. कैलालीका सम्बन्धमा आयोगमा प्राप्त सूचनाको आधारमा आयोगको स्थलगत निरीक्षण प्रतिवेदनबमोजिम १३ वटा सडकमा विभिन्न निर्माण व्यवसायीबाट कार्य सम्पादन भएका	गोदावरी न.पा. कैलालीका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्ट र देवराज जोशीले गुणस्तरहीन कार्यको नापी किताबमा समेत हस्ताक्षर गरी हानि नोक्सानीमा संलग्न रहेको, इन्जिनियर पूर्ण कुँवर, सव-इन्जिनियर ज्ञानेन्द्र बुढा र	२०७९।१।२६ २०७९।२।१३	खेमराज बिष्ट, प्रमुख प्रशासकीय अधिकृत, गोदावरी न.पा. कैलाली ।	१	दफा ८(१)(ख)	दफा ८(१)	७,६७,९८८।-
				देवराज जोशी, प्रमुख प्रशासकीय अधिकृत, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ख), (ग) र (ङ)	दफा ८ (१)	२४,५१,५२६।-
				पूर्ण कुँवर, इन्जिनियर, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ख),(ग) र (ङ)	दफा ८(१)	३२,१९,५१४।-

	सडकका ठेक्काहरूमा भुक्तान भएको परिमाणको स्थलगत निरीक्षणबाट निर्धारित सर्त तथा मापदण्डविपरीत निर्माण कार्य गराइएको प्रतिवेदन नै उजुरीको रूपमा कायम गरिएको।	धनबहादुर बिष्टले गुणस्तरहीन कार्य गराई नापी किताबमा वास्तविक कार्यभन्दा बढी परिमाण उल्लेख गरी मूल्यांकन गरेको, साथै निर्माण व्यवसायी कामी शेर्पाले गुणस्तरहीन कार्य र बढी भुक्तानी लिएकाले नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।		सब-इन्जिनियर ज्ञानेन्द्र बुढा, गोदावरी न.पा. कैलाली ।	१	दफा ८ (१) (ख), (ग) र (ङ)	दफा ८(१)	३२,१९,५१४।-
				धन बहादुर बिष्ट, ल्याब टेक्निसियन, प्राबिधिक पूर्वाधार कार्यालय ।	१	दफा १९ (२)	दफा १९ (२)	२९,२८,१६८।-
				कामी शेर्पा, निर्माण व्यवसायी ।	१	दफा ८ (४)	दफा ८ (४)	२९,२८,२७४।-
२४.	जिल्ला रुपन्देही ओमसतिया गाउँपालिका-४ मटेरिया गाउँको मुख्य सडकको निर्माण कार्य गर्दा सम्झौताअनुसार काम नगरी रकम हिनामिना गरेको	ओमसतिया गा.पा.-४ मटेरिया गाउँको मुख्य सडक ढलान गर्ने कार्यमा लागत अनुमानअनुसार ढलान नगरी नापी किताब तथा बिल पेस गर्दा फिल्डमा भएको भन्दा बढी उल्लेख गरी	२०७९।२।१३ २०७९।३।१४	राजु नेपाल (प्रमुख प्रशासकीय अधिकृत), लवकुश चाई (इन्जिनियर) र सन्तोष भुसाल (सव-इन्जिनियर), ओमसतिया गाउँपालिका, रुपन्देही ।	३	दफा ८ (१) (ग) र (ङ)	दफा ८ (१)	२,६१,८५५।९०

	तथा कोषाध्यक्ष रमादेवी चमारको किर्ते हस्ताक्षर गरी बैंकबाट रकम निकासा गरेको ।	रु.२,६१,८५५।९० सरकारी रकम हानि नोक्सानी गरेको ।		गजराज यादव, अध्यक्ष र धर्मराज खरविन्द सचिव, उपभोक्ता समिति ।	२	दफा ८ (४)	दफा ८ (४)	२,६१,८५५।९०
२५	बाग्लुङ जिल्ला काठेखोला गाउँपालिका नालढुङ्गा खानेपानी योजनामा नापी किताबअनुसारको पाइप प्रयोग नगरेको भन्नेसमेत।	खानेपानी तथा सडक विस्तार योजनामा काम गर्नु पूर्व नै मिलेमतो गरी प्रचलित ऐन नियमका प्रावधानलाई समेत वेवास्ता गरी सामान्य निवेदनको भरमा मात्र एक फर्मलाई एक वडाको जिम्मेवारी दिएको । अर्को फर्मबाट समेत काम भएको भनी नापी किताब तयारी देखि भुक्तानी गर्ने कार्य आयोजना निर्माण व्यवसायीलाई वितरण गरेको र नभए नगरेको कार्यको समेत नापी	२०७९।२।१९ २०७९।३।१५	खिमबहादुर वि.क., प्रमुख प्रशासकीय अधिकृत नवीन थापा, सव-इन्जिनियर सनोज उपाध्याय, असिस्टेन्ट सव-इन्जिनियर र खडानन्द कँडेल, लेखापाल, काठेखोला गाउँपालिका, बाग्लुङ ।	४	दफा ८ (१) (ग) र (ङ)	दफा ८ (१)	७,९२,०९९।४९
				दीपेन्द्रबहादुर खड्का, प्रोप्राइटर, सेभेन स्टेट बिल्डर्स, बाग्लुङ ।	१	दफा ८ (४)	दफा ८ (४)	३,५३,१६२।२९
				मसुमन अर्गेजा, प्रोप्राइटर, अर्गेजा	१	दफा ८ (४)	दफा ८ (४)	१,५१,२१०।९५

		किताब तयार गरी गर्न लगाई भुक्तानीसमेत गरिएको ।		निर्माण सेवा ।				
				टंकबहादुर कुँवर, प्रोप्राइटर, काठेखोला कन्स्ट्रक्सन ।	१	दफा ८ (४)	दफा ८ (४)	१,५१,२१०।९५
								१,३५,८०३।४०
				सूर्यबहादुर भण्डारी, खुसु निर्माण सेवा र गणेशबहादुर भण्डारी, भण्डारी निर्माण सेवा ।	२	दफा ८ (४)	दफा ८ (४)	१,५१,९२२।८५
				मनोज खड्का, प्रोप्राइटर, सातबीसे कन्स्ट्रक्सन ।	१	दफा ८ (४)	दफा ८ (४)	१,३५,८०३।४०
२६	बाग्लुङ जिल्ला काठेखोला गाउँपालिकास्थित नालदुङ्गा (घुँडेखोला) खानेपानी योजनामा नापी किताब अनुसारको पाइप प्रयोग नगरेको भन्ने समेत ।	काठेखोला गाउँपालिकाका कर्मचारी तथा लामाबगर डुडियाघाट ह्युमपाइप उपभोक्ता समितिले दुईवटा कल्भर्ट निर्माण गर्दा झुटा बिल भरपाई बनाई नभए नगरेको कार्यसमेतको भुक्तानी	२०७९।२।१९ २०७९।३।१५	खिमबहादुर वि.क., प्रमुख प्रशासकीय अधिकृत नवीनकुमार दास, सव-इन्जिनियर, सनोज उपाध्याय, असिस्टेन्ट सव-इन्जिनियर, काठेखोला	३	दफा ८ (१) (ग) र (ङ)	दफा ८ (१)	४,९०,२२७।७७

		लिने दिने कार्य गैरकानुनी हानि पुऱ्याएको ।		गाउँपालिका, बाग्लुङ।				
				रनबहादुर थापा, अध्यक्ष, टेकनारायण पुन, सचिव र पार्वती थापा, कोषाध्यक्ष, उपभोक्ता समिति ।	३	दफा ८ (४)	दफा ८ (४)	४,९०,२२७।७७
२७.	बाग्लुङ जिल्ला काठेखोला गाउँपालिकास्थित नालढुङ्गा (घुँडेखोला) खानेपानी योजना र एक्लेखेत घाट ह्युमपाइप आयोजनामा कमसल सामग्री प्रयोग गरी अनियमितता गरेको ।	काठेखोला गाउँपालिकाका कर्मचारी तथा एक्लेखेतघाट ह्युमपाइप उपभोक्ता समितिले कल्भर्ट निर्माण गर्दा झुटा बिल भरपाई बनाई भुक्तानी लिने दिने कार्य गरेको, भए गरेको कार्यभन्दा बढी कामको मूल्यांकन गरी नापी किताबमा चढाउन लगाई भुक्तानी लिने कार्य गरी उपभोक्ता समितिले	२०७९।२।१९ २०७९।३।१५	खिमबहादुर वि.क., प्रमुख प्रशासकीय अधिकृत, नवीन थापा, सव-इन्जिनियर र सनोज उपाध्याय, असिस्टेन्ट सव-इन्जिनियर, काठेखोला गाउँपालिका, बाग्लुङ ।	३	दफा ८ (१) (ग) र (ङ)	दफा ८ (१)	२,३९,२८४।१९
				अम्मर बहादुर गुरुङ, अध्यक्ष,	३	दफा ८ (४)	दफा ८ (४)	२,३९,२८४।१९

		नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याएको ।		चेलीमाया थापा, सचिव र गगनबहादुर कार्की, कोषाध्यक्ष, उपभोक्ता समिति ।				
२८.	जुगल गाउँपालिका सिन्धुपाल्चोकमा मोटरबाटो निर्माण गर्ने क्रममा अवैधानिक उपभोक्ता समिति गठन गरेको, झुटा विवरणको आधारमा रकम भुक्तानी गरेको, मापदण्डबमोजिम निर्माण नगरी हचुवाको भरमा काम गरे गराएको, डोर हाजिर साथै माइन्युटमा पनि किर्ते हस्ताक्षर गरी संस्थागत भ्रष्टाचार गरेको ।	जुगल गाउँपालिका, सिन्धुपाल्चोकबाट कर्मचारी तथा पदाधिकारीको मिलेमतोमा आफूहरूलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले लागत इस्टिमेटविपरीत विभिन्न हाइड्रोपावर कम्पनीमार्फत निःशुल्क उपलब्ध भएको स्काभेटर र जे.सी.बी. प्रयोग गरी लेबरद्वारा काम गरेको डोरहाजिर, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.३६,४९,८९९।६३	२०७९।२।३० २०७९।३।२	ढाकाराम अर्याल, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, सुरेश पौडेल,इन्जिनियर र रुपक घिमिरे, असिस्टेन्ट सवइन्जिनियर, जुगल गाउँपालिका, सिन्धुपाल्चोक ।	३	दफा ८ (१) (ग) र (ङ)	दफा ८ (१) र दफा १९ (२)	३६,४९,८९९।६३
				सतेन्द यादव, लेखापाल, जुगल गाउँपालिका ।	१	दफा ८ (१) (ग) र (ङ)	दफा ८ (१)	३६,४९,८९९।६३
				देवेन्द्र शाक्य, अध्यक्ष र अनुषा लामा, कोषाध्यक्ष, बलेफी तेम्बाथान सडक	२	दफा ८ (४)	दफा ८ (४)	३६,४९,८९९।६३

		बढी भुक्तानी लिने दिने कार्य गरी भ्रष्टाचारजन्य कसुर गरेको।		उपभोक्ता समिति ।				
२९.	म्याङलुङ नगरपालिकाको जिरीखिम्ती, माझगाउँमा आम्फुवा पशुहाटबजार निर्माण गर्नका लागि १ करोड अनुदान प्राप्त भएकोमा निर्माण कार्य सम्पन्न नगरी अनियमितता गरेको भन्ने।	आम्फुवा पशुहाटबजार निर्माण कार्यमा किराँत याकथुम चुमलुङ कृषि सहकारी संस्था लिमिटेडले पेस गरेको लागत इस्टिमेटमा इस्टिमेटबमोजिमको निर्माण कार्य सम्पन्न नगरी रु.४७,३७,६२९।६२ बढी भुक्तानी लिई भ्रष्टाचारजन्य कार्य गरेको ।	२०७९।३।१२ २०७९।३।२८	बलराम थापा क्षेत्री, कार्यकम निर्देशक, रामप्रसाद बँजगाई, लेखा अधिकृत, पूजा शर्मा, वरिष्ठ पशु चिकित्सक, पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालय कार्यालय, हरिहरभवन, ललितपुर ।	३	दफा ८ (१) (ङ)	दफा ८ (१)	४७,३७,६२९।६२
				गणेशकुमार लिम्बु, अध्यक्ष, तेजमान कन्दङ्वा, व्यवस्थापक र गणेशबहादुर सोदेम्बा, कोषाध्यक्ष, किराँत याकथुम चुमलुङ कृषि सहकारी संस्था	३	दफा ८ (४)	दफा ८ (४)	४७,३७,६२९।६२

				लिमिटेड ।				
				रोशन भट्टराई, सञ्चालक, लाइफ टाइम इन्जिनियरिङ प्रा.लि. ।	१	दफा १९ (२)	दफा १९ (२)	
३०.	जिल्ला मोरङ, विराटनगर महानगरपालिका, वडा नं. १५ स्थित रानी हेल्थपोष्ट नजिकैको पोखरीमा पार्क (सिँढी) निर्माण कार्यमा वास्तविक कार्यभन्दा बढी भुक्तानी गरेको भन्ने।	पोखरीमा पार्क (सिँढी) निर्माण कार्यमा उपभोक्ता समितिबाट भएको कार्यभन्दा बढी नापी किताबमा चढाएको, ज्यामीद्वारा गर्नुपर्ने माटो फिलिङको कार्य रोलर मेसिनद्वारा गराई कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिए लिएको, गलत अनुगममन प्रतिवेदन	२०७९।३।१६ २०७९।३।२४	एकदेव अधिकारी तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, गोपाल पोखरेल सहरी विकास महाशाखा प्रमुख/ इन्जिनियर, पुष्पक प्रधान इन्जिनियर र मो. इफतेखार आलम सव-इन्जिनियर, विराटनगर महानगरपालिका ।	४	दफा ८ (१) (ग), (ङ) र दफा १९ (२)	दफा ८ (१) र दफा १९ (२)	१०,५५,९७९।४८

		सिफारिस गरेको ।		बलदेव साहु सुडी अध्यक्ष, दिनानाथ आचार्य सचिव र कल्पना घिमिरे कोषाध्यक्ष, पोखरीमा पार्क निर्माण उपभोक्ता समिति ।	३	दफा ८ (४)	दफा ८ (४)	१०,५५,९७९।४८
				इन्दिरा कार्की तत्कालीन नगर उपप्रमुख, विराटनगर महानगरपालिका । र असलम आलम, वडा अध्यक्ष, विराटनगर महानगरपालिका ।	२	दफा ८ (१)(ग)	दफा ८ (१)	५,०८,६६९।८८
३१.	जिल्ला वन कार्यालय, बाराका तत्कालीन सहायक वन अधिकृत विन्देश्वरप्रसाद पटेलले वरियापुर नर्सरीमा राष्ट्रपति	श्री विशेष अदालत, काठमाडौंमा प्रतिवादी विन्देश्वर प्रसाद पटेलसमेत भएको मुद्दामा नक्कली बिल बनाई दिने अजयकुमार कुशवाहालाई भ्रष्टाचार	२०७९।३।२० २०७९।३।२७	अजयकुमार कुशवाहा, संचालक, शुभकामना नर्सरी ।	१	दफा ८ (१) (ङ) दफा २२ र दफा ५५	दफा ८ (१) (ङ) दफा २२	३,००,०००।-

	चुरेको बाँसको बिरुवा खरिदमा व्यापक अनियमितता गरेको भन्नेसमेत व्यहोराको सम्मानित विशेष अदालतमा दर्ता भएको मुद्दामा सरकारी साक्षीका रूपमा पेस गरिएको अजयकुमार कुशवाहाले गरेको प्रतिकूल बकपत्र भन्ने समेत ।	निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिएर प्रतिवादी नबनाई सरकारी साक्षीको रूपमा पेस गरिएकोमा निजले विशेष अदालत, काठमाडौंसमक्ष प्रतिकूल बकपत्र गरेको ।						
३२.	जिल्ला डोटी सायल गाउँपालिका वडा नं. ५ मा विनियोजित रकमबाट मेल्लेख चनपन्ना सडकको काम नै नगरी गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत,	डोटी जिल्ला, सायल गाउँपालिकाको मेल्लेख चनपन्ना देवरमाण्डौ, कृषि सडक योजनामा कार्यसम्पन्न नहुँदै सम्झौता हुँदाको लगत इस्टिमेट भन्दा कम काममा भुक्तानी दिएको, हुँदै नभएको कार्यलाई	२०७९।३।२० २०७९।३।२८	नवराज सापकोटा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत, सायल गाउँपालिका, डोटी ।	१	दफा ८ (१) (ग) र दफा १९(२)	दफा ८ (१) र दफा १९(२)	१४,३४,२८६।१४
				किरणसागर भण्डारी, तत्कालीन इन्जिनियर, सायल गाउँपालिका, डोटी ।	१	दफा ८ (१) (ग) र दफा १९(२)	दफा ८ (१)र दफा १९(२)	१४,३४,२८६।१४

	प्राविधिक र उपभोक्ता समितिको मिलेमतोमा रकम भुक्तानी दिई आर्थिक अनियमितता/भ्रष्टाचार गरेको ।	भएको भनी नापजाँच गरी प्रतिवेदन दिएको, जाँचपास तथा फरफारकका लागि गलत अनुगममन प्रतिवेदन सिफारिस गरेको तथा हुँदै नभएको कामको समेत रकम भुक्तानी दिएको/लिएको ।		गणेशबहादुर बोगटी, तत्कालीन वडाध्यक्ष, सायल गाउँपालिका, डोटी ।	१	दफा ८ (३)	दफा ८ (३)	१४,३४,२८६।१४
				दीपक कार्की, तत्कालीन लेखापाल, सायल गाउँपालिका, डोटी ।	१	दफा ८(१)(ग)	दफा ८(१)	१४,३४,२८६।१४
				दली डुम्रेल, अध्यक्ष, पदमबहादुर खाती, सचिव र डोल्माकुमारी बोगटी (खड्का) कोषाध्यक्ष, कृषि सडक निर्माण उपभोक्ता समिति ।	३	दफा ८ (४)	दफा ८ (४)	१४,३४,२८६।१४
३३.	जिल्ला खेलकुद विकास समितिको कार्यालय, सप्तरीद्वारा राजविराज नगरपालिकास्थित राजरंगशाला	जिल्ला खेलकुद विकास समितिले राजविराज नगरपालिकास्थित राजरंगशाला खेलमैदान स्तरोन्नति कार्य गर्दा निर्धारित सर्त तथा	२०७९।३।२० २०७९।३।२९	एजेट न्यासुर तत्कालीन अध्यक्ष, जिल्ला खेलकुद विकास समिति सप्तरी ।	१	दफा ८(१)(ग)	दफा ८ (१)	१३,२७,४३०।४०
						दफा १७ र दफा १९ (२)	दफा ३ (१)(घ) र दफा १७ र दफा १९ (२)	२,००,०००।-

	खेलमैदान स्तरोन्नति कार्यका लागि रु.२५,००,०००।– बजेट विनियोजन भएकोमा अनियमितता गरी भ्रष्टाचार गरेको ।	मापदण्ड विपरीत बढी काम भएको भनी मूल्यांकन गरी भुक्तानीको लागि सिफारिस गर्ने, स्वीकृत गरी भुक्तानी दिने, गलत प्रतिवेदनको आधारमा कानुन विपरीत पेश्की लिई काम नगरेको तथा पेश्की फछ्यौंट नगरी रकम हिनामिना गरेको ।		धीरेन्द्र बर्मा, तत्कालीन उपाध्यक्ष, जिल्ला खेलकुद विकास समिति सप्तरी ।	१	दफा १७	दफा ३ (१) (घ) र दफा १७	२,००,०००।-
				महेन्द्रप्रसाद यादव, तत्कालीन कार्यालय प्रमुख, जिल्ला खेलकुद विकास समिति, सप्तरी ।	१	दफा ८(१) (ग)	दफा ८ (१)	७,५७,६२०।-
				लक्ष्मण मण्डल, तत्कालीन कार्यालय प्रमुख, जिल्ला खेलकुद विकास समिति सप्तरी ।	१	दफा ८(१) (ग)	दफा ८ (१)	५,६९,८१०।४०
						दफा १७	दफा ३ (१) (घ) र दफा १७	२,००,०००।-
				विकास श्रेष्ठ, तत्कालीन इन्जिनियर, जिल्ला समन्वय समितिको कार्यालय सप्तरी ।	१	दफा ८ (१) (ग) र दफा १९ (२)	दफा ८ (१) र दफा १९ (२)	१३,२७,४३८।४०
				उदय श्रेष्ठ, सञ्चालक, उदय निर्माण सेवा ।	१	दफा ८(४)	दफा ८(४)	१०,६३,९६२।-

				भीमराज यादव, सञ्चालक, न्यु गहिल कन्स्ट्रक्सन ।	१	दफा ८(४)	दफा ८(४)	२,६३,४६८।४०
गैरकानुनी लाभ लिई नेपाल सरकारलाई हानि नोक्सानी गरी भ्रष्टचार गरेका ३३ मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या : ३१७								

२.७.६ राजस्व चुहावट गरी भ्रष्टाचार गरेका मुद्दाहरू :-

राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भनी आयोगमा प्राप्त उजुरीउपर अनुसन्धान हुँदा तपसिलबमोजिमका सार्वजनिक पद धारण गरेका कर्मचारी/पदाधिकारीहरूले राजस्व चुहावट गरेको व्यहोरा खुल्न आएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले व्यवस्था गरेबमोजिम सोही ऐनको दफा ३ बमोजिम सजाय गरी दफा ७ बमोजिम चुहावट भएको राजस्वको दोब्बर जरिवाना हुन मागदाबी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएका छन् । आर्थिक वर्ष २०७८/७९ मा राजस्व चुहावटसम्बन्धी जम्मा ५ वटा मुद्दा दायर भएकोमा तालिका २.१७ मा प्रतिवादी संख्या गणना गर्दा प्राकृतिक व्यक्तिलाई मात्र समावेश गरिएको छ । आर्थिक वर्ष २०७८/७९ मा दायर भएका उक्त मुद्दामा राजस्व चुहावटमा संलग्न जम्मा १२ वटा कानुनी व्यक्ति (सप्लायर्स-२, निर्माण सेवा-१, प्राइभेट कम्पनी-९) लाई समेत प्रतिवादी कायम गरी मुद्दा दायर गरिएका छन् ।

तालिका २.१७

राजस्व चुहावट गरी भ्रष्टाचार गरेका मुद्दाहरू

सि.नं.	उजुरी	अनुसन्धानबाट पुष्टि भएको व्यहोरा	निर्णय मिति, आरोपपत्र दायर मिति	प्रतिवादीको		भ्र.नि. ऐन, २०५९ बमोजिम		
				नाम, पद र कार्यालय	संख्या	कसुर	सजाय मागदाबी	बिगो (रु.)
१.	जिल्ला बारा, जीतपुर सिमरा उपमहानगरपालिकाले आ.व. २०७६/७७ को लागि उपमहानगरको १६ नं. वडामा रहेको पसाहा खोलाको	पसाहा खोलाबाट आ.व. २०७६/७७ को खोलाजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्ने गरी ओम सप्लायर्स, कलैया	२०७९।३।३, २०७९।३।१०	जीतपुर सिमरा उपमहानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईं ।	२	दफा ७ (क)	दफा ७ र दफा ३ (१)(ज)	९९,९९,९९९।-

	खोलाजन्य सामग्री उत्खननका लागि ठेक्का सम्झौता अनुरूपको कार्य नगरी गैरकानुनी तरिकाले उत्खनन् गरेको साथै जिम्मेवार पदाधिकारीहरू तथा कर्मचारीहरूले ठेकेदारसँग अवाञ्छित मिलेमतो गरी आर्थिक चलखेलमा राज्यको स्रोत साधनको दोहन गरेको भन्नेसमेत ।	उपमहानगरपालिका- ६ बारासँग सम्झौता गर्दाको बखत बाँकी दुई किस्ताको हुन आउने रकमको ठेकेदार कम्पनीबाट कार्यसम्पादन जमानत लिनुपर्नेमा नलिई सम्झौता गरेको कारण उक्त आ.व.मा ठेकेदारको तर्फबाट कबोलबमोजिमको अंकमध्ये बाँकी रकम रु. ९९,९९,९९९।- (मु.अ. कर बाहेक) हालसम्म दाखिला हुन नसकी उपमहानगरपालिकाको राजस्व रकम चुहावट हुन पुगेको ।		ओम सप्लायर्स कलैया ६, बारा र ऐ. ऐ. का प्रोपाइटर निज ओमशंकर प्रसाद ।		दफा ८ (४)	दफा ८ (४)	१,३८,९९,९९८।८७
२.	जिल्ला बारा, जीत पुरसिमरा उपमहानगरपालिका समेतले न्यु पाथिभरा सप्लायर्स, हेटौंडासँग सम्झौता पत्रमा उल्लेख भएबमोजिमका	बालगंगा खोलाबाट खोलाजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्ने गरी न्यु पाथिभरा सप्लायर्स हेटौंडा-४, मकवानपुरसँग	२०७९।३।३, २०७९।३।१०	जीतपुर सिमरा उपमहानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शिवराज सेढाईं ।	२	दफा ७ (क)	दफा ७ र दफा ३ (१)(ज)	१,२०,२८,०९०।-

	सर्तहरू पूरा नगर्दा पनि नियमित रूपमा गिट्टी बालुवा उत्खनन्, बिक्री वितरण कार्य गर्न दिइएको हुँदा उपमहानगरपालिकाका कर्मचारीहरूको समेत संलग्नतामा अनियमितता भएको भन्ने ।	सम्झौता गर्दाको बखत दुई किस्ताबापत हुन आउने रकमको ठेकेदार कम्पनीबाट कार्य सम्पादन जमानत लिनुपर्नेमा सो नलिई सम्झौता गरेको कारण आ.व.२०७६/७७ मा ठेकेदारको तर्फबाट कबोलबमोजिमको अंकमध्ये हालसम्म दाखिला गर्न बाँकी रकम रु.१,२०,२८,०९०।- नगरपालिकाको राजस्व रकम चुहावट हुन गएको ।		न्यु पाथिभरा सप्लायर्स, हेटौंडा-४, मकवानपुर र ऐ.ऐ.का प्रोपाइटर निज मिराकुमारी श्रेष्ठ ।		दफा ८(४)	दफा ८(४)	१,६६,७२,६००।-
३.	मोहन्याल गाउँपालिका, कैलाली भएर बग्ने पथ्थरगढ, सेतो, सालघारी, गोडे, खण्डे, बादे, साउडे र कान्द्रा खोलाको नदीजन्य पदार्थको बिक्रीकर संकलनसम्बन्धी सूचनाको आधारमा बोलपत्र बिक्री भएकोमा मोहन्याल गाउँपालिकाका पदाधिकारी	गाउँ कार्यपालिकाबाट मिनाहाको निर्णय गरी ठेकेदारलाई मिनाहा गरेको रकम र सो रकमको मूल्य अभिवृद्धि करबापतको रकम गरी जम्मा रु.५४,१८,५६८।०९ सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको ।	२०७८।१२।२१ २०७९।१।२	मोहन्याल गाउँपालिका कैलालीका तत्कालीन उपाध्यक्ष पूजादेवी बुढामगर, वडा नं. २ का वडा अध्यक्ष देवीदत्त उपाध्याय, वडा नं. १ का वडा अध्यक्ष नवीन पुन मगर, वडा नं. ७ का वडा अध्यक्ष	१४	दफा ७(क) र दफा १७	दफा ७(क) र दफा १७ बमोजिम दफा ३(१), दफा ३(१)(ज)	५४,१८,५६८।०९

	तथा कर्मचारी र न्यु बडिमालिका निर्माण सेवाका ठेकेदारबीच मिलेमतोमा सम्झौता भई भ्रष्टाचार भएको भन्ने ।			खरप्रसाद अधिकारी, वडा नं. ५ का वडा अध्यक्ष छविलाल हौजाली मगर, वडा नं. ४ का वडा अध्यक्ष टेकबहादुर बोगटी, वडा नं. ६ का वडा अध्यक्ष टीकाराम भण्डारी, वडा नं. ३ का वडा अध्यक्ष नन्दराम गिरी, गाउँ कार्यपालिका सदस्यहरू राधिका दमाई, तारा शर्मा र विशालकुमार पहराई ।				
				न्यु बडिमालिका निर्माण सेवा र सोका प्रोप्राइटर मकर बहादुर शाह ।		दफा ८(४)	दफा ८(४)	५६,००३४८।६१
				मोहन्याल गाउँपालिका कैलालीका अध्यक्ष स्वर्गीय नवल सिहं रावल ।		दफा ७(क) र दफा १७	दफा ४६	५४,१८,५६८।०९
				मोहन्याल गाउँपालिका, कैलालीका तत्कालीन		दफा ७(क) र	दफा ३(१),	५६,००३४८।६१

				प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त ओझा ।		दफा १७	दफा ३(१) (ज)	
४.	खानी तथा भूगर्भ विभागबाट मिति २०७६।२।१४ गते तत्कालीन उपमहानिर्देशक (हाल महानिर्देशक) राम प्रसाद घिमिरेको नेतृत्वमा गठित ३ सदस्यीय समिति (पहिलो) ले विभिन्न ९ वटा सिमेन्ट उद्योगहरूले खानी दोहन गरी उत्खनन् अनुमतिपत्रमा तोकिएको निर्धारित परिमाण भन्दा बढी चुनढुंगा निकालेको उल्लेख गरी मिति २०७६।३।३१ मा पेस गरेको प्रतिवेदनमा रु.१ अर्ब २६ करोड १९ लाख ४८ हजार क्षतिपूर्ति (राजस्व) उठाउनुपर्ने गरी कारबाहीको सिफारिस गरेकोमा सिमेन्ट/चुनढुंगा	आफ्नै नेतृत्वमा गठित समिति (पहिलो) ले दिएको प्रतिवेदन अनुसार लिनुपर्ने क्षतिपूर्ति (राजस्व) नभराई बदनियतपूर्वक दोस्रो समिति गठन गरी नेपाल सरकारलाई राजस्व हानि नोक्सानी हुने र निजी उद्योग/कम्पनीहरूलाई फाइदा पुग्ने गरी दोस्रो समितिले तयार गरेको गलत प्रतिवेदनले सिफारिस गरेबमोजिम माइनिङ स्किममा आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को लागि तोकिएको वार्षिक स्वीकृत क्षमताभन्दा बढी (अधिक) चुनढुंगा उत्खनन्/उत्पादन	२०७८।१०।४ २०७८।१०।१२	खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरे, सु.मा.ई. जयराज घिमिरे र उपसचिव (कानुन) सपना अधिकारी ।	१८	दफा ७(क) (ख)	दफा ७ बमोजिम दफा ३(१), दफा ३(१) (झ)	१,२४,४५,२६,६४३।-
				उपन्यायाधिवक्ता चन्द्रकुमार पोखरेल, सि.डी.मे.ई. प्रशान्त बोहरा, सि.डी.जी. धर्मराज खड्का, लेखा अधिकृत श्रीभद्र गौतम, रिसर्च अधिकृत वसन्त अधिकारी र जियोलोजिस्ट डा. सौनक भण्डारी ।		दफा १९ (२)	दफा १९ (२)	-
				सर्वोत्तम सिमेन्ट लिमिटेड, विष्णुप्रसाद		दफा ८(४)	दफा ८(४)	१६,३१,८१,६१६।-

	कम्पनीहरूबाट लिनुपर्ने क्षतिपूर्ति नलिई मिति २०७७।२।१५ गते सु.मा.ई. जयराज घिमिरेको संयोजकत्वमा गठित समिति (दोस्रो) को प्रतिवेदनबमोजिम जम्मा १८ लाख मात्र जरिवाना लिएर राज्यलाई अरबौंको राजस्व भ्रष्टाचार गरेको भन्नेसमेत ।	गर्ने ९ वटा कम्पनीहरूबाट वार्षिक प्रति आर्थिक वर्ष रु.१/१ लाखका दरले जरिवाना लिने गरी विभागीय निर्णय गरी क्षतिपूर्ति (राजस्व) उठाउने कानुनी कर्तव्यबाट विमुख भई सामान्य जरिवाना मात्र लिई नेपाल सरकारलाई हानि नोक्सानी पुग्ने गरी राजस्व चुहावट गरी भ्रष्टाचार गरेको ।		न्यौपाने ।				
				सिद्धार्थ मिनरल्स प्रा.लि., पशुपति मुरारका ।		दफा ८(४)	दफा ८(४)	४९,४५,५१,६४५।-
				मारुती सिमेन्टस् लिमिटेड, सरद गोयल ।		दफा ८(४)	दफा ८(४)	२०,५०,६५,५७५।-
				अन्नपूर्ण क्वेरिज प्रा.लि., ऋषि अग्रवाल ।		दफा ८(४)	दफा ८(४)	११,१७,२५,७५७।-
				उदयपुर मिनरल्स टेक प्रा.लि., प्रबलजंग पाण्डे ।		दफा ८(४)	दफा ८(४)	१,७९,७१,७७६।-
				युनाइटेड सिमेन्ट प्रा.लि., नरेश दुगड		दफा ८(४)	दफा ८(४)	९,६९,४०,५००।-
				सोनापुर मिनरल्स एण्ड आयल लिमिटेड, निपेस तायल ।		दफा ८(४)	दफा ८(४)	६,९८,९९,४१५।-
				कन्चन क्वेरिज प्रा.लि., भीमबहादुर थापा क्षेत्री ।		दफा ८(४)	दफा ८(४)	३,०८,६९,१५९।-

				डोलोमाइट चुनढुंगा उद्योग प्रा.लि., मानबहादुर श्रेष्ठ ।		दफा ८(४)	दफा ८(४)	५,४३,२१,२००।-
५.	जिल्ला पर्सा, वीरगञ्ज महानगरपालिका वडा नं. १४ का वडाध्यक्ष भरतप्रसाद कुर्मी र सोही वडाका कार्यालय सहयोगी जितेन्द्रप्रसाद कुर्मी समेतको मिलेमतोमा वडा कार्यालयबाट प्रदान गरिने घरबाटो सिफारिस, चौहदी सिफारिस लगायतका अन्य सिफारिसबापतको राजस्व रकमको रसिद नकाटी, जथाभावी दर्ता चलानी राखी चलानी किताबमा कुनै पनि राजस्व रकम चलानी नराखी राजस्व रकम हिनामिना गरेको भन्ने ।	चौहदी प्रमाणित, घरबाटो सिफारिस, विवाह दर्ता, मृत्यु दर्ता लगायतका सिफारिसमा एकभन्दा बढी चलानी गरी, चलानी नगरी, लिनुपर्ने राजस्व रकम नलिई, लिनुपर्ने भन्दा घटी/बढी राजस्व रकम लिई तथा आम्दानी रसिद नकाटी आर्थिक अनियमितता गरी दाखिला गर्नुपर्ने राजस्व रकमसमेत दाखिला नगरेको ।	२०७८।११।१६ २०७८।१२।२	वीरगञ्ज महानगरपालिका वडा नं. १४ का वडाध्यक्ष भरतप्रसाद कुर्मी, वडा सदस्यद्वय रफिक अन्सारी, संजय कुमार पटेल र कार्यालय सहयोगी जितेन्द्र कुमार कुर्मी ।	६	दफा ७ (क)(ख) (ग) दफा ३	दफा ७ बमोजिम दफा ३ (१) (घ)	१,०२,५८५।-
				वडा सचिव अनामिका रौनियार ।		दफा ७ (क) (ख) (ग) दफा ३	दफा ७ बमोजिम दफा ३ (१) (घ)	१,३१,०९०।-
				वडा सचिव राजकुमार सिंह ।		दफा ७ (क) (ख) (ग) दफा ३	दफा ७ बमोजिम दफा ३ (१) (ख)	३२,२३५।-

२.७.७ विविध विषयका मुद्दाहरू

आयोगमा विविध विषयमा पर्न आएका उजुरीहरू उपर अनुसन्धान हुँदा देहायका व्यक्ति र पदाधिकारीहरूले भ्रष्टाचार गरेको देखिन आएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम विशेष अदालत, काठमाडौंमा आरोपपत्रहरू दायर गरिएको छ।

तालिका २.१८

विविध विषयका मुद्दाहरू

सि.नं.	उजुरी	अनुसन्धानबाट पुष्टि भएको व्यहोरा	निर्णय मिति, आरोपपत्र दायर मिति	प्रतिवादीको		भ्र.नि. ऐन, २०५९ बमोजिम		बिगो (रु.)
				नाम	संख्या	कसुर	सजाय मागदाबी	
१.	जिल्ला सर्लाही साबिक सुदामा गा.वि.स. वडा नं. ९ हाल बलरा नगरपालिका वडा नं. १० का वीरेन्द्र महतोले निज प्रहरीमा भर्ना हुने बेलामा आफ्नो नागरिकता र एसएलसीको प्रमाणपत्रमा जन्म मिति सच्याई, किर्ते गरी नेपाल प्रहरीमा भर्ना भई अकुत सम्पत्ति कमाई	प्रहरी नायब निरीक्षक वीरेन्द्र महतोले नेपाल प्रहरीको प्रहरी जवान पदमा नियुक्ति हुँदा पेस गरेका प्रमाणपत्रहरूमा जन्म मिति सच्याई नियुक्ति लिई आफूलाई लाभ हुने र नेपाल सरकारलाई हानि पुऱ्याई भ्रष्टाचारजन्य कार्य गरेको । श्री सरस्वती माध्यमिक विद्यालय, रौतहटमा कार्यरत प्रधानाध्यापक रवीन्द्र झा र सोही विद्यालयमा कार्यरत शिक्षक मुकेश कुमार सिंहले	२०७८।७।८ २०७८।७।३०	वीरेन्द्र महतो, प्रहरी नायब निरीक्षक	१	दफा १२ र दफा १६ (१)	भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१)	

	जग्गा जमिन किनेको भन्नेसमेत ।	निज वीरेन्द्र महतोको Character Certificate र School Leaving Certificate मा प्रतिलिपि प्रमाणपत्र जारी गर्दा मिति सच्याई प्रतिलिपि दिई आफूहरूलाई फाइदा र नेपाल सरकारलाई हानि पुऱ्याई भ्रष्टाचार गरेको ।		रवीन्द्र झा, प्रधानाध्यापक, मुकेशकुमार सिंह, शिक्षक, श्री सरस्वती माध्यमिक विद्यालय, पिपरा, भलोहिया, रौतहट ।	२	दफा ९	दफा ९	
२.	नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवा निर्देशनालय, लाहान वितरण केन्द्रका लेखा प्रमुख विष्णुप्रसाद गुप्ता र निर्देशक डिल्लीरमण दाहालले अवकाशप्राप्त कर्मचारीले पाउने रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्नेसमेत ।	अनिवार्य अवकाश भएका मिटररिडर धनपति ठाकुर र हेल्पर सत्यनारायण साहलाई अवकाशपश्चात केन्द्रीय कार्यालयबाट निकासा भई आएबमोजिम भुक्तानी दिनुपर्ने बीमाबापतको रकम निज विष्णुप्रसाद गुप्ताले नदिने गलत मनसायले आफूले लिनेखाने बदनियत राखेको ।	२०७८।८।१६ २०७८।८।२८	विष्णुप्रसाद गुप्ता लेखा प्रमुख,नेपाल विद्युत् प्राधिकरण, लाहान वितरण केन्द्र, सिराहा ।	१	दफा ५ (१)	दफा ५ (१)	
३.	काठमाडौं महानगरपालिका वडा नं. १२, टेकुस्थित भवन निर्माण गर्न	काठमाडौं महानगरपालिका वडा नं. १२, टेकुस्थित भवन निर्माण गर्दा मूल्यांकन प्रक्रियामा सहभागी भई	२०७८।८।२० २०७८।८।२९	भैरवबहादुर बोगटी निर्देशक, काठमाडौं महानगरपालिका ।	५	दफा ९	दफा ९	

	सार्वजनिक सूचनामार्फत बोलपत्र आह्वानबमोजिम इबिडिङ प्रक्रियाबाट प्राप्त बोलपत्रहरूको मूल्यांकन प्रतिवेदनमा गलत लिखत तयार गरी निर्माण व्यवसायी छनौट गरेको भन्ने।	भैरवबहादुर बोगटी, बखतबहादुर साउद, सुमन अधिकारी, वीरबहादुर खड्का र उमेशकुमार बुढाथोकीले गलत लिखत तयार गरी निर्माण व्यवसायीको छनौट गरेको ।		बखतबहादुर साउद खरिद इकाइ प्रमुख उपनिर्देशक, काठमाडौं महानगरपालिका । सुमन अधिकारी उपनिर्देशक, काठमाडौं महानगरपालिका । वीरबहादुर खड्का उपनिर्देशक, काठमाडौं महानगरपालिका र उमेशकुमा बुढाथोकी, इन्जिनिय काठमाडौं महानगरपालिका ।				
४.	सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका तत्कालीन ल्याब इन्चार्ज विनोदकुमार यादवले पी.सी.आर. टेष्टको रिपोर्ट फेरबदल गरी लामो समयदेखि	"सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका तत्कालीन ल्याब इन्चार्ज विनोदकुमार यादवले विभिन्न मानिसहरूको विभिन्न मितिमा पी.सी.आर. परीक्षण नै नगरी आफुखुसी गलत प्रतिवेदन तयार पारी बदनियतपूर्वक भए गरेको कुरा	२०७८।१०।४ २०७८।११।९	विनोदकुमार यादव, तत्कालीन ल्याब इन्चार्ज, सहिद गंगालाल राष्ट्रिय हृदय	१	दफा १९ (२)	दफा १९ (२)	

	अनुचित लेनदेन गरेको भन्नेसमेत ।	लुकाईछिपाई वा नभए नगरेको कुरा देखाई पी.सी.आर. प्रतिवेदन सम्बन्धित मानिसहरूलाई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको ।		केन्द्र ।				
५.	सडक कार्यालय, दाङ अन्तर्गत ठेक्कामा पेश्की लिन तत्कालीन डिभिजन प्रमुख धर्मेन्द्र झासमेतको मिलेमतोमा निर्माण व्यवसायी वि.टी./टौदह/फस्कु जे.भी. काठमाडौंले पेस गरेको बैंक जमानत नक्कली भएको भन्नेसमेत ।	साबिक म.प. सडक डिभिजन कार्यालय नं. २, दाङ, घोराही र वि.टी/टौदह/फस्कु जे.भी.बीच सम्झौता भएको ठेक्का सोनापुर सिमेन्ट फ्याक्ट्री सडक निर्माणमा राष्ट्रिय वाणिज्य बैंक, जुम्लाका तत्कालीन शाखा प्रबन्धक रामजनक चौधरीले रु.१९,३५,०००।- को फर्जी अग्रिम भुक्तानी जमानी पत्रको नवीकरण गरेको फर्जी अग्रिम भुक्तानी जमानतपत्रहरूमा हस्ताक्षर गरी गलत लिखत तयार गरेको ।	२०७८।११।१६ २०७८।११।२६	रामजनक चौधरी, तत्कालीन शाखा प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक, जुम्ला ।	१	दफा ९	दफा ९	
				माधवप्रसाद भण्डारी, निर्देशक बीटी निर्माण सेवा । अर्जुनबहादुर बुढाथोकी, प्रोप्राइटर, फस्कु निर्माण सेवा । पुन्नबहादुर साही, प्रतिनिधि जेभी, टौदह कन्स्ट्रक्सन ।	३	दफा २२	दफा ९	

६.	यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की गण्डकी पोखराबाट मिति २०७५ मंसिर र २०७६ साल कात्तिक र मंसिरमा संचालन गरिएको सवारी चालक अनुमतिपत्रको परीक्षामा अनुत्तीर्णलाई उत्तीर्ण गरेको भन्ने ।	सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षाको परिणाम सिस्टममा प्रमाणित गर्ने क्रममा अनुपस्थित तथा फेल भएका परीक्षार्थीहरूलाई पास र पास भएका परीक्षार्थीहरूलाई फेल गरी गराई परीक्षाको परिणाम फेरबदल गर्दा समेत निज निमित्त कार्यालय प्रमुख समेतले संलग्न कर्मचारीहरूलाई कुनै प्रकारको विभागीय कारबाही नगरेको ।	२०७८।११।२३ २०७८।१२।४	गोकुल शर्मा पौडेल, निमित्त कार्यालय प्रमुख, हरिप्रसाद गौतम, निमित्त कार्यालय प्रमुख, भरतमणि बराल अधिकृतस्तर आठौं, भरतराज काफ्ले, अधिकृतस्तर आठौं, प्रेमप्रसाद श्रेष्ठ अधिकृतस्तर सातौं, डिल्लीराम बराल अधिकृतस्तर छैठौं, होमनाथ शर्मा कम्प्युटर अधिकृत छैठौं, झलक पौडेल कम्प्युटर अपरेटर (करार),	९	दफा १३	दफा १३	

				मोहनमणि सुवेदी कम्प्युटर अपरेटर (करार), श्री यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, कास्की, गण्डकी प्रदेश, पोखरा ।				
७.	त्रि.वि. सेवा आयोगको कार्यालय, त्रि.वि.बाट लिखित परीक्षामा व्यापक अनियमितता र आर्थिक चलखेल गरी सक्षम र उत्कृष्ट उम्मेदवारहरूलाई पाखा लगाई त्रि.वि. सेवा आयोगका तत्कालीन पदाधिकारी, कर्मचारी र त्रि.वि. सम्बद्ध संघ संगठनका पदाधिकारीहरूका आफन्त र नातागोतालाई मात्र उत्तीर्ण गराएको भन्नेसमेत	त्रि.वि.सेवा आयोगको कार्यालयबाट विज्ञापन नं. १८/०७३/०७४ अन्तर्गतका पदहरूको स्थायी पदपूर्तिका लागि लिइएको लेखा सहायक पद र पुस्तकालय सहायक पदको लिखित परीक्षामा परीक्षकहरूले गलत मनसायका साथ केरमेट गरी जम्मा प्राप्तांकमा हेरफेर गरी मेरिट सूची फेरबदल गर्ने कार्य गरेको उक्त गलत कार्यलाई सम्परीक्षकले सदर गरेको र रुजु गर्ने व्यक्तिले समेत रुजु गरी सच्याउने कार्य नगरी अन्य व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले परीक्षाको परिणाममा	२०७८।१२।७ २०७८।१२।१५	परशुराम कोइराला तत्कालीन प्रमुख, बच्चुराम पाण्डे तत्कालीन मुख्य कार्यालय सहायक, प्रा.डा. टेकनाथ ढकाल सम्परीक्षक, इन्दिरा घिमिरे पुस्तकालय सहप्रशासक, राजेश्वर न्यौपाने सहप्राध्यापक, केशव घिमिरे,	६	दफा १३	तीन महिनादेखि एक वर्षसम्म कैद र पाँच हजार रुपैयाँदेखि दस हजार रुपैयाँसम्म जरिवाना	

	व्यहोरा ।	फेरबदल गरेको ।		सह-प्राध्यापक, सेवा आयोगको कार्यालय, त्रि.वि. ।				
८.	चन्दननाथ माध्यमिक विद्यालय, जुम्लाका शिक्षक कलानन्द माझीले शैक्षिक माफियाको रूपमा जिल्लाको शैक्षिक गुणस्तर वृद्धिमा तगारोको रूपमा खडा भएको एवं छोरा परीक्षार्थी शेखर माझीलाई परीक्षा केन्द्रमा उपस्थित नगराई हाजिरीमा उपस्थित देखाएको भन्ने समेत ।	चन्दननाथ मा.वि., जुम्लामा कार्यरत तत्कालीन शिक्षक कलानन्द माझीले आफ्नो छोरा शेखर माझीलाई राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरबाट संचालित परीक्षामा गैरकानुनी रूपमा पास गराउने बदनियतले अंग्रेजी र फिजिक्स विषय पास गराउनका लागि गैरकानुनी तरिकाले सच्याई, थपघट गरी पहिले नै विज्ञान विषय लिई कक्षा ११ र १२ को परीक्षा पास गरिसकेको प्रभात शाही उल्लेख गरी पुनः अर्को कन्ट्रोल लिष्ट बनाएको ।	२०७८।१२।२१ २०७८।१२।२९	कलानन्द माझी तत्कालीन शिक्षक, श्री चन्दननाथ मा.वि., जुम्ला ।	१	दफा ११	दफा ११	
				मिनराज शर्मा तत्कालीन केन्द्राध्यक्ष, श्री कर्णाली माध्यमिक विद्यालय, जुम्ला । प्रभात शाही र शेखर माझी परीक्षार्थी, श्री कर्णाली माध्यमिक विद्यालय, जुम्ला ।	३	दफा ११ र दफा २२	दफा ११ र दफा २२	
९.	चपडाही आधारभूत विद्यालय हरिनगरा सुनसरीका प्रधानाध्यापक भगवानप्रसाद गुप्तासमेतले	राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, इनरुवा, सुनसरीमा चपडाही निम्न माध्यमिक विद्यालयका प्रधानाध्यापक भगवानप्रसाद गुप्ता र शिक्षिका	२०७८।१२।२४ २०७८।१२।२९	सिद्धिनाथ लाल दास श्री प्राथमिक विद्यालय नरसिंह-५ सुनसरीका पूर्व	२	दफा ११, दफा १७ र दफा २२	दफा ११, दफा १७ र दफा २२, दफा ३ (१)	५,६०,०००। -

	विद्यालयका विभिन्न शीर्षकको रकम हिनामिना गरेको भन्ने ।	कविताकुमारी बहरदार खाता सञ्चालक रहने गरी बैंकिङ कारोबार हुँदै आएकोमा प्रतिवादीहरू सिद्धिनाथ लाल दास, मनोजकुमार चौधरी र तारणीप्रसाद खतिवडाको आपसी मिलेमतोमा साबिकको खाता सञ्चालकहरूको सट्टामा प्रधानाध्यापक विजेन्द्र मण्डल र शिक्षक मोहनप्रसाद शाहको नाममा सोही नम्बरको खाता संचालन गरी जिल्ला शिक्षा कार्यालय सुनसरीको लेटरप्याड, छाप तथा दस्तखत किर्ते गरी बैंकको दस्तखत नमुना कार्ड नै परिवर्तन गरी गराई रु.५,६०,०००।- निकाली खाइमासी भ्रष्टाचारजन्य कसुर गरेको ।		प्रधानाध्यपक, मनोजकुमार चौधरी महावीर प्राथमिक विद्यालय, सुनसरीका तत्कालीन राहत शिक्षक एवं प्रधानाध्यापक ।			(ङ)	
				तारणीप्रसाद खतिवडा, राष्ट्रिय वाणिज्य बैंक इनरुवा, सुनसरीका सहायक प्रबन्धक ।	१	दफा ११ र दफा १७	दफा ११, दफा १७ र दफा ३ (१) (ङ)	५,६०,०००। -
१०.	श्री गणेश आधारभूत विद्यालय दैलेखमा आई.सी.टी. व्यवस्थापनका लागि सामान खरिद गर्दा अनियमितता गरेको भन्ने ।	जिल्ला दैलेख, आठबीस नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष तथा गणेश आधारभूत विद्यालय, विशालाका विद्यालय व्यवस्थापन समितिका सदस्य मुक्तिप्रसाद उपाध्याय, अध्यक्ष सन्तकबहादुर कामी र प्रधानाध्यापक अनिलकुमार शाहीले दलित उज्यालो कार्यक्रमको सोलार वितरण	२०७९।१।२९ २०७९।२।१६	मुक्तिप्रसाद उपाध्याय विद्यालय व्यवस्थापन समितिका सदस्य, सन्तकबहादुर कामी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष	३	दफा ९	दफा ९	

		कार्यक्रमको रकम भुक्तानीको बहाना गरी आ.व. २०७६/७७ मा सोलार खरिदका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय गरी सोही निर्णयको आधारमा झुटा बिल कागजात तयार गरी आठबीस नगरपालिका वडा नं. ८ को कार्यालयबाट सिफारिससमेत गरी रु.४,९८,०००।- भुक्तानी लिने उद्देश्यले गलत लिखत तयार गरी भ्रष्टाचार गरेको ।		र अनिलकुमार शाही प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका सदस्य सचिव ।				
११.	राष्ट्रिय चिया तथा कफी विकास बोर्डको सूचनाबमोजिम विभिन्न पदमा पदपूर्तिका लागि विज्ञापन गरेकोमा शैक्षिक योग्यता नमिल्ने व्यक्तिहरूलाई नियुक्ति दिएको, पदपूर्तिसम्बन्धी प्रक्रियामा संलग्न पदाधिकारीले आफूलाई प्राप्त अख्तियारको दुरुपयोग गरेको भन्नेसमेत ।	राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशकले पदपूर्ति समितिको संयोजक रही सावधानी अपनाउनुपर्नेमा तोकिएको न्यूनतम शैक्षिक योग्यता नमिल्ने व्यक्तिहरूको दरखास्त फाराम स्वीकृत गर्ने र गर्न आदेश दिने काम गरेको, दरखास्त स्वीकृत गर्ने कर्मचारीहरूले प्रचलित कर्मचारी सेवासम्बन्धी विनियमावली, तथा मिति २०७२।६।२ गतेको सूचनामा उल्लिखित न्यूनतम शैक्षिक योग्यता नहेरी, बदनियत राखी न्यून एवं अमिल्दो शैक्षिक योग्यताको	२०७९।२।२३ २०७९।२।२६	शेषकान्त गौतम तत्कालीन कार्यकारी निर्देशक (पदपूर्ति उपसमितिको संयोजक), रघुपति चौधरी, प्रशासन शाखा प्रमुख, गौरव लुईंटेल कृषि विकास अधिकृत, टंकप्रसाद ओली,	४	दफा१९(२)	दफा १९(२)	

		तथ्यलाई लुकाइछिपाइ योग्यता नपुगेका आवेदकहरूको दरखास्त फारामहरू ठीक छ भनी प्रमाणित गरी गलत प्रतिवेदन दिई स्वीकृत गरी गराई भ्रष्टाचारजन्य कार्य गरेको ।		लेखा अधिकृत, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ।				
१२.	यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरका कर्मचारीहरू तथा सिन्धुली फोटोकपी सेन्टरका सञ्चालक बाबुराम शर्मासमेतले सेटिङमा विचौलियामार्फत सवारी चालक अनुमतिपत्र जारी गर्ने गरेको भन्ने ।	यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, एकान्तकुना, ललितपुरका तत्कालीन कार्यालय प्रमुखहरू सम्बरबहादुर कार्की र राजुभाइ कुस्माले सवारी चालक अनुमतिपत्र नवीकरण गर्ने सम्बन्धमा गलत नियतले मातहतका कर्मचारीहरूलाई अख्तियारी प्रदान गरेको र मेकानिकल इन्जिनियर विजयराज गिरी, सहायक स्तर (पाचौं) कमल स्याङतान, सिनियर मेकानिक्स अच्युतप्रसाद फुयाल, कम्प्युटर अपरेटर (करार सेवा) प्रकाश कार्की, कम्प्युटर अपरेटर (करार सेवा) रेजु भट्टराई, कम्प्युटर अपरेटर (करार सेवा) रोसन राजभण्डारी, कम्प्युटर अपरेटर (करार सेवा) श्यामसुन्दर चौधरी, कम्प्युटर अपरेटर (करार	२०७९।२।२३ २०७९।३।७	सम्बरबहादुर कार्की तत्कालीन निमित्त कार्यालय प्रमुख, राजुभाइ कुस्मा तत्कालीन निमित्त कार्यालय प्रमुख, विजयराज गिरी मेकानिकल इन्जिनियर, कमल स्याङतान सहायक पाँचौ, अच्युतप्रसाद फुयाल, सिनियर मेकानिक्स, प्रकाश कार्की कम्प्युटर अपरेटर (करार सेवा),	१२	दफा ११	दफा ११	

		सेवा) लक्ष्मी श्रेष्ठ, कम्प्युटर अपरेटर (करार सेवा) माया सेठी, कम्प्युटर अपरेटर (करार सेवा) रिचा श्रेष्ठसमेतले सवारी चालक अनुमतिपत्रको नवीकरण गर्ने सम्बन्धमा अख्तियारीको दुरुपयोग गरी आ.व.२०७७/७८ र आ.व. २०७८/७९ को १४ महिनाको अवधिमा विचौलियाहरू हरिभक्त श्रेष्ठ, बाबुराम शर्मा भन्ने उद्धबबहादुर खत्री, दीपक विश्वकर्मा, गणेश अधिकारी र नरेन शाक्यसमेतको मिलेमतोमा विविध कारणले गैरकानुनी रूपमा ५३३ जना नयाँ व्यक्तिको नाममा सवारीचालक अनुमतिपत्र जारी गरी सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको ।		रेजु भट्टराई कम्प्युटर अपरेटर (करार सेवा), लक्ष्मी श्रेष्ठ कम्प्युटर अपरेटर (करार सेवा), श्यामसुन्दर चौधरी कम्प्युटर अपरेटर (करार सेवा), माया सेठी कम्प्युटर अपरेटर (करार सेवा), रोशनराज भण्डारी, कम्प्युटर अपरेटर (करार सेवा), रिचा श्रेष्ठ, कम्प्युटर अपरेटर (करार सेवा), यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना ।				

				हरिभक्त श्रेष्ठ विचौलिया, बाबुराम शर्मा भन्ने उद्धवबहादुर खत्री विचौलिया, दीपक विश्वकर्मा विचौलिया, गणेश अधिकारी विचौलिया, नरेन शाक्य विचौलिया, यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना ।	५	दफा ११ र दफा २२	दफा ११ र दफा २२	
विविध विषयका १२ मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या : ६०								


२.८ फैसला प्राप्ति र पुनरावेदन

विगत वर्षहरूमा आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आर्थिक वर्ष २०७८।७९ मा १४८ वटा मुद्दाहरूको फैसला प्राप्त भएको छ । विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये कुल ३८.५१% मुद्दाहरूमा कसुर स्थापित भएको छ ।

विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दाहरूमा आर्थिक वर्ष २०६६।६७ देखि आर्थिक वर्ष ०७८।७९ सम्म आयोगका पक्षमा भएका फैसलाहरूको प्रतिशत चित्र २.१२ मा प्रस्तुत गरिएको छ ।

चित्र २.१३

विशेष अदालतबाट फैसला भएका भ्रष्टाचारसम्बन्धी मुद्दामा कसुर स्थापितको प्रतिशत



आयोगबाट आ.व. ०७८।७९ मा विशेष अदालतबाट भएका फैसलाहरूमा चित्त नबुझी तपसिलका ५७ वटा मुद्दाहरू सर्वोच्च अदालतमा पुनरावेदन गरिएका छन् :-

१. **जिल्ला झापा साबिक हाल मेची नगरपालिका वडा नं. ४ स्थायी वतन भई जिल्ला काठमाडौं टोखा नगरपालिका वडा नं. ९ बस्ने प्रतिवादी गंगा तिम्सिनासमेत.....१० जना**
मुद्दा : भ्रष्टाचार (हानि नोक्सानी) (०७६-CR-०१११)
फैसला भएको मिति : २०७७।१०।८ **पुनरावेदन दर्ता मिति : २०७८।४।१४**
आयोगको निर्णय मिति : २०७८।४।४

आरोपपत्र मागदाबी

प्रतिवादीहरू गंगा तिम्सिना, डा. ईश्वरीप्रसाद अधिकारी, राजगोविन्द राजकर्णिकार, माधवप्रसाद ओझा, राजनजंग थापा र दीपक सुवेदीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको हुँदा निज प्रतिवादीहरूउपर जनही बिगो रु.४६,७९,१८२।३५ कायम गरी सोही ऐनको दफा १७ मा उल्लेख भएबमोजिम सजाय हुन र हिनामिना भएको रकम सोही दफा १७

बमोजिम असुलउपर हुन र प्रतिवादीहरू गोकुल फुयाल, फणीन्द्रप्रसाद दाहाल, दीपबहादुर खड्का र सतीससकुमार गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको बिगो रु.२२,१९,६६८।०२ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र बिगोसमेत निजहरूबाट असुलउपर गरी जफत हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीमध्ये डा. ईश्वरीप्रसाद अधिकारी, राजगोविन्द राजकर्णिकार, माधवप्रसाद ओझा, राजनजंग थापा, दीपक सुवेदी, फणीन्द्रप्रसाद दाहाल र सतिसकुमार गिरीले आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादी दीपबहादुर खड्का र गोकुलप्रसाद फुयाललले आरोपदाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा सोही दफाबमोजिम प्रतिवादी दीपबहादुर खड्कालाई बिगो रु.२४,५९,५१४।३३ को दामासाहीले आधा रु.१२,२९,७५७।१६ र प्रतिवादी गोकुलप्रसाद फुयाललाई बिगो रु.२२,१९,६६८।०२ को आधा रु.११,०९,८३४।०१ जरिवाना र सोहीबमोजिम निजहरूबाट बिगो असुल (यी प्रतिवादीहरूलाई लागेको जरिवाना र निजहरूबाट असुल हुने बिगो बराबरको रकम प्रतिवादी गंगा तिम्सिनाबाटसमेत असुल) हुने र निज प्रतिवादीहरूलाई जनही ३ महिना कैद हुने ठहर्छ । प्रतिवादी गंगा तिम्सिनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र उपदफा (३) बमोजिम प्रतिवादी दीपबहादुर खड्कालाई कायम भएको बिगो रु.२४,५९५,१४।३३ को आधा रु.१२,२९,७५७।१६ र प्रतिवादी गोकुलप्रसाद फुयाललाई कायम भएको बिगो रु.२२,१९,६६८।०२ को आधा रु.११,०९,८३४।०१ गरी जम्मा रु.२३,३९,५९१।१७ जरिवाना गरी बिगो रु.२३,३९,५९१।१७ असुलउपर हुने र थप सजायसमेत गरी जम्मा ६ महिना कैद सजाय भएको ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीहरू डा. ईश्वरीप्रसाद अधिकारी, राजगोविन्द राजकर्णिकार, माधवप्रसाद ओझा, राजनजंग थापा, दीपक सुवेदी दुग्ध विकास संस्थानको आयोजना प्रमुख, उपमहाप्रबन्धक, सहायक प्रबन्धक, वरिष्ठ लेखा अधिकृत, प्रशासन व्यवस्थापन प्रमुखको भूमिकामा रही तत्कालीन महाप्रबन्धक गंगा तिम्सिनासमेतसँग राय सल्लाह गरी दूध डिस्ट्रिव्युटर्सहरू दीपबहादुर खड्का, गोकुल फुयाल, फणीन्द्रप्रसाद दाहाल र सतिसकुमार गिरीसमेतसँग मिलेमतो गरी आफूहरूलाई फाइदा र दुग्ध विकास संस्थानलाई हानि नोक्सानी पुऱ्याउने बदनियत लिई प्रतिस्पर्धालाई छली सम्झौता अवधि सकिएपछि बोलपत्र आह्वान गरी प्रतिस्पर्धात्मक मूल्यमा दूध ढुवानी सम्झौता गर्नुपर्नेमा नगरी बिना आधार कारण साबिकको सम्झौता मूल्यमा ५ प्रतिशतले ढुवानी मूल्य वृद्धि गरी साबिकको ढुवानीकर्ताहरूसँग सम्झौता गरी दुग्ध विकास संस्थानको सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेकोमा अभियोगदाबीबाट सफाइ दिएको फैसला त्रुटिपूर्ण छ । प्रतिवादी गंगा तिम्सिनालाई अभियोग दाबीको कसुर ठहर नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ र ८(३) को कसुरमा सोही दफाबमोजिम सजाय र बिगो असुल गर्ने गरी घटी सजाय गर्ने गरी गरेको फैसला तथ्य र प्रमाण प्रतिकूल हुँदा बदरभागी रहेको देखिन्छ । प्रतिवादीहरूमध्ये गोकुल फुयाल र

दीपबहादुर खड्कालाई अभियोग दाबीको कसुर ठहर गरी सजाय भएको देखिँदा पुनरावेदन गर्नु नपर्ने ।अन्य प्रतिवादीहरू डा. ईश्वरीप्रसाद अधिकारी, राजगोविन्द राजकर्णिकार, माधवप्रसाद ओझा, राजनजंग थापा, दीपक सुवेदी, फणीन्द्रप्रसाद दाहाल र सतिसकुमार गिरीलाई अभियोग दाबीबाट सफाइ दिएको तथा प्रतिवादी गंगा तिम्सिनालाई अभियोग दाबीभन्दा पृथक दफाको कसुर ठहर गरी सजाय भएको हकमा हालसम्मको प्रचलन, स्थापित मान्यता एवं कानुनी रूपमा त्रुटिपूर्ण भई बदरभागी छ ।

२. जिल्ला कालिकोट नरहरिनाथ गाउँपालिका वडा नम्बर ६ बस्ने प्रतिवादी अबिलाल बिष्ट.....१ जना
मुद्दा : भ्रष्टाचार (घुस/रिसवत) (०७६-CR-०००३) ।
फैसला भएको मिति : २०७७।१२।१८ पुनरावेदन दर्ता मिति : २०७८।४।२५
आयोगको निर्णय मिति : २०७८।४।१४

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी अबिलाल बिष्टले बिजुलीको नयाँ मिटर छिटो जडान गरिदिने प्रयोजनका लागि उजुरी निवेदक लोकराज पाठकसँग रु.५,०००।- घुस/रिसवत लिई भ्रष्टाचार गरेको तथ्य प्रमाणित हुन प्रतिवादी अबिलाल बिष्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी अबिलाल बिष्टले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको र उक्त इन्कारी बयानलाई साक्षीको बकपत्रसमेतबाट समर्थित गराएको, प्रतिवादीले उजुरकर्ताको काम ढिलासुस्ती मोलाहिजा गरी दुःख दिएको काम गरिदिन वा नगरिदिन वा गरिदिएबापत रिसवत माग गरेको भन्ने नदेखिएको, प्रमाणको रूपमा पेस भएका अडियो सी.डी.को श्रवण गर्दा पनि प्रतिवादीले उजुरकर्तासँग घुस/रिसवत लिने खाने मनसायले रकम माग गरेको खुल्न नआएकाले, प्रतिवादी अबिलाल बिष्टले आरोपदाबीबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादी अबिलाल बिष्टले मिटर जडान गर्ने हो भने रु.५,०००।- लाग्छ भनी घुस/रिसवत माग गरी उक्त रकम लगेको हुँदा प्रतिवादीलाई कानुनबमोजिम कारबाही गरी पाऊँ भन्ने व्यहोराको उजुरी निवेदन परेकोमा प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा कसुरमा इन्कारी बयान गरे तापनि उजुरी निवेदकले खाजा खानाको लागि मेरो हातमा रु.५,०००।- राखिदिएको र उक्त रकम आफ्नो साथबाट बरामद भएको कुरामा साबित रहेको देखिन्छ भने बरामद भएको रकम निवेदक लोकराज पाठकबाट बिजुलीको नयाँ मिटर जडान छिटो गरिदिने भनी लिएका हुन् भनी गरेको कागज व्यहोरालाई अदालतको बकपत्रसमेतबाट समर्थित गराएसमेतबाट प्रतिवादीले बिजुलीको नयाँ उजुरी निवेदकसँग मिटर जडान छिटो गरिदिने भनी लिएको रु.५,०००।- घुस/रिसवतबापत लिएको कुरा पुष्टि भएको उजुरी निवेदक र प्रतिवादी

अबिलालबीच भएको टेलिफोनको प्रत्यक्ष संवाद अडियो सीडी र बरामदी मुचुल्काका साक्षी विशाल पराजुली थापासमेतले अदालतमा बकपत्र गर्दासमेत बरामदी खानतलासी मुचुल्काको व्यहोरा ठीक साँचो हो भनी गरिदिएको बकपत्रलगायतका प्रमाणलाई प्रतिवादीले अन्यथा पुष्टि गर्न सकेको अवस्था नहुँदा प्रमाणलाई समेत प्रमाणको रूपमा ग्रहण नगरी प्रतिवादीलाई आरोपदाबीबाट सफाइ दिने गरी विशेष अदालत, काठमाडौँबाट भएको फैसला (ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८०) मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरविपरीत समेत भई त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३. जिल्ला तेह्रथुम स्थायी ठेगाना भई काठमाडौँ टोखा नगरपालिका वडा नं. ७ बस्ने प्रतिवादी कृष्णप्रसाद सुवेदी..... १ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।(०७५-CR-०१०६)

फैसला भएको मिति : २०७७।११।६ पुनरावेदन दर्ता मिति : २०७८।४।२५

आयोगको निर्णय मिति : २०७८।४।१४

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी कृष्णप्रसाद सुवेदीलाई बिगो रु.१,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी कृष्णप्रसाद सुवेदीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा आरोप दाबीमा कसुरमा इन्कार रही बयान गरेको, प्रतिवादीले घुस रिसवत रकम माग गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन नसकेको, प्रतिवादीले आरोपदाबी बमोजिम घुस रिसवत लिएको वा लिन मन्जुर गरेको भन्ने कुरा स्वतन्त्र, वस्तुनिष्ठ एवं निश्चयात्मक प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएको, भन्नेसमेतका आधारमा प्रतिवादी कृष्णप्रसाद सुवेदीले आरोपदाबीबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादी कृष्णप्रसाद सुवेदीले बाटो ढलानका लागि छुट्याएको रकमको काम सम्पन्न गरेपश्चात अन्तिम बिल भुक्तानी गरिदिनका लागि रु.१,००,०००।- घुस माग गरेको हुँदा कानुनबमोजिम कारबाही गरी पाऊँ भनी उजुरी निवेदन परेकोमा प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि आफ्नो कार्यकक्षको टेबुलको घर्राबाट रकम बरामद भएको र उजुरी निवेदकसँग पटकपटक फोनमा कुरा गरेको कुरामा अनुसन्धान अधिकारी तथा अदालतसमक्ष साबिती बयान गरिदिएसमेतबाट उजुरी समर्थित भएको पाइन्छ भन्ने प्रतिवादी कृष्णप्रसाद सुवेदीले पूर्वाधार विकास योजना कार्यक्रमको नव सिर्जना टोल सुधार उपभोक्ता समाजलाई बाटो ढलानको अन्तिम बिल भुक्तानीका लागि रु.१,००,०००।- घुस/रिसवत माग गरेको प्रतिवादी कृष्णप्रसाद सुवेदीले गरेको सनाखत कागज व्यहोरा, प्रहरी नायब उपरीक्षक हेमकुमार थापासमेतले पेस गरेको प्रतिवेदन, मिसिल संलग्न कल डिटेलसमेत प्रतिवादीले घुस/रिसवत लिएको तथ्य पुष्टि भएको

रकम लेनदेन गरेको तथ्य अनुसन्धानको क्रममा पेस गरेको मिसिल संलग्न रहेको भिडियो सि.डी. प्रमाणबाट प्रस्ट रूपमा देखिएको छ । सो कुरालाई प्रतिवादीले समेत अन्यथा पुष्टि गर्न सकेको अवस्था छैन । उक्त प्रमाणलाई समेत प्रमाणको रूपमा ग्रहण नगरी प्रतिवादीलाई आरोपदाबीबाट सफाइ दिने गरी विशेष अदालत काठमाडौंबाट भएको फैसला (ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८०) मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरविपरीत समेत भई त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ ।

४. जिल्ला सुनसरी स्थायी वतन भई हाल काठमाडौं, का.म.न.पा. वडा नं. ३१ शंखमूल राधामार्ग बस्ने प्रतिवादी रामप्रसाद भट्टराई.....१ जना
मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको । (०७५-CR-००४६)
फैसला भएको मिति : २०७८।१।८ पुनरावेदन दर्ता मिति : २०७८।४।२५
आयोगको निर्णय मिति : २०७८।४।१४

आरोपपत्र मागदाबी

प्रतिवादी रामप्रसाद भट्टराई उजुरी निवेदक जनकराज भट्टसँग रु.१०,०००।- घुस/रिसवत रकम लिएकोले निजको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) मा परिभाषित कसुर भएको हुँदा बिगो रु.१०,०००।- कायम गरी निजउपर सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

उक्त फैसलासहित मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादीले लाग्नेभन्दा बढी महसुल कायम गरिदिन खोजेको वा वास्तविक महसुलभन्दा कम रकम निर्धारण गरी घुस/रिसवत माग गरेको भन्ने तथ्य अनुसन्धानबाट स्थापित हुन नसकेको, अख्तियारको टोली कोठामा प्रवेश गरेको देखेपछि रकम भुईमा फालिदिएको भन्ने प्रतिवेदकको भनाई अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको, प्रतिवादीको ईन्कारी बयानलाई अन्यथा मान्न मिल्ने अवस्था नरहेको भन्नेसमेत आधार लिई प्रतिवादीले आरोपदाबीबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादी रामप्रसाद भट्टराईले भन्सार शुल्क तिरिसकेपछि मिति २०७५।४।२८ मा पनि राजस्व शुल्कबाहेक रु.१०,०००।- माग गरेकोले कारबाही गरी पाउँ भनी निवेदन दिएको देखिन्छ । निज प्रतिवादीले आफू बसेको कुर्सीबाट टेबुलमुनि हात छिराई घुस/रिसवत लिएको रकम टेबुलमुनिबाट अगाडि फालेको भनी उल्लेख गरी मौकाको प्रतिवेदन कागज सनाखत गरी बकपत्र गरेकोमा उल्लिखित प्रमाणहरूलाई प्रमाणमा ग्रहण नगरी भएको विशेष अदालतको फैसला प्रमाण ऐन, २०३१ को दफा १०, १८ र ३७ बमोजिम त्रुटिपूर्ण रहेको र निवेदक एवं अनुसन्धानमा संलग्न प्रतिवेदकसमेतका साक्षी प्रमाण, बरामदी मुचुल्का, रंगेहात परीक्षण मुचुल्का लगायतका भौतिक प्रमाणहरूबाट प्रतिवादीले रकम लिइसकेको तथ्य पुष्टि भइसकेको अवस्थामा उल्लिखित

प्रमाणहरूलाई ग्रहण नगरी असम्बद्ध प्रमाणलाई ग्रहण गरी भएको विशेष अदालतको फैसला प्रमाण ऐन, २०३१ को दफा ३ विपरीत भएकाले प्रतिवादीले रकम लिएको होइन भन्ने तथ्यका सन्दर्भमा रंगेहात परीक्षणमा निजको हातमा फेनोतफथालिन देखिएकोबाट उक्त रकम लिएको भन्ने स्थापित भएको देखिन्छ । तसर्थ प्रतिवादीको इन्कारी बयानलाई आधार लिई भएको विशेष अदालतको फैसला प्रमाणको रोहमा त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ ।

५. जिल्ला अर्घाखाची साबिक ढिकुरा गा.वि.स वडा नं. ३ स्थायी वतन भई हाल जिल्ला बर्दिया गरलरीया नगरपालिका वडा नं. ६ बस्ने प्रतिवादी कृष्णप्रसाद घिमिरे.....२ जना ।

मुद्दा : भ्रष्टाचार (रकम हिनामिना) (०७५-CR-०२४०)

फैसला भएको मिति : २०७८।१।७ **पुनरावेदन दर्ता मिति : २०७८।४।२९**

आयोगको निर्णय मिति : २०७८।४।२१

आरोपपत्र मागदाबी

प्रतिवादीहरू कृष्णप्रसाद घिमिरे र भैरवप्रसाद घिमिरेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को उपदफा (१) र सोही ऐनको, दफा ९ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर भएकाले जनही बिगो रु. २,०६,०७०।- कायम गरी निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को उपदफा (१) बमोजिमको सजाय हुन।

विशेष अदालतको फैसला

वन उपभोक्ता समितिका पदाधिकारीहरूको भनाइसमेतको आधारमा प्रतिवेदन दिएको भन्ने व्यहोरा लेखाई दिएको देखिँदा यस्तो अपुरो प्रतिवेदन एवं प्रतिवेदकहरूले गरेको बकपत्रलाई प्रतिवादीहरूको विरुद्ध वस्तुनिष्ठ प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने, मौकामा कागज गर्ने र सोही व्यहोराको पत्राचार आयोगलाई गर्ने गयाप्रसाद थारु र दुर्गा थारुको मौकाको भनाइ र अदालतमा गरेको बकपत्र व्यहोरामा एकरूपता नदेखिएको तथा बढैया ताल गाउँपालिकाको वडा नं. ७ र ९ को वडा कार्यालयको कामदारको हाजिरी फाराममा उल्लिखित व्यक्तिहरू यस वडामा बस्ने नगरेको, नाम थर नमिलेको भन्ने व्यहोराको पत्र सम्बन्धमा उक्त हाजिरी फाराम नक्कली रूपमा तयार भएको भन्ने यकिन आधार प्रमाणको अभावमा प्रतिवादीहरूको विरुद्धमा प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था नरहने भन्ने आधार लिई प्रतिवादीहरूलाई आरोपदाबीबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

मयुरवस्ती इलाका वन कार्यालय, बर्दियाअन्तर्गत मयुर सामुदायिक वन उपभोक्ता समूह र शिवशक्ति सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रको खाली जग्गामा वृक्षरोपण गर्न रु.२,६४,८७०।- को लागत स्टिमेट भए अनुसार उक्त कार्य गर्न भनी जिल्ला वन कार्यालय, बर्दियाबाट मयुरवस्ती इलाका वन कार्यालयका फरेष्टर कृष्णप्रसाद घिमिरेले रु.२,६४,८७०।- रकम पेश्की लिएकोमा शिवशक्ति सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा बिरुवा ढुवानी र ज्यालाबापत रु.५८,८००।- मात्र जिल्ला वन कार्यालयबाट खर्च भई बाँकी रकम

रु.२,०६,०७०।- उक्त वृक्षरोपण कार्यक्रममा खटिएका कामदारहरूभन्दा बढी हाजिरी देखाई रकम बुझेको भरपाईसमेत नक्कली कागजात तयार गरी किर्ते हाजिरी बनाई रकम हिनामिना गरेको भन्ने स्थलगत प्रतिवेदन रहेकोमा प्रतिवेदकहरूले अदालतसमक्ष उपस्थित भई प्रतिवेदन व्यहोरा पुष्टि हुने गरी बकपत्र गरिदिएको अवस्था छ । अदालतको आदेशबमोजिम प्रमाण परीक्षण भइसकेपछि प्रमाण ऐन,२०३१ को दफा १८ एवं दफा २० बमोजिम प्रमाण ग्रहण गरी सो प्रमाण लगाई निर्णय निरूपण गर्नुपर्नेमा सोभन्दा विषयान्तर भई गरेको उक्त फैसला त्रुटिपूर्ण रहेको । वन कार्यालयका फरेष्टर कृष्णप्रसाद घिमिरेसमेतले नक्कली झुटा कामदारको नामावली खडा गरी किर्ते हाजिरी खडा गरी सोही कागजातको आधारमा रकम खर्च भएको देखाई पेश्की फछ्यौंटको निवेदन दिई सोही निवेदनको आधारमा स्थलगत रूपमा नबुझी सार्वजनिक सुनुवाईसमेत नगरी प्रतिवादी भैरवप्रसाद घिमिरेसमेतले मिलेमतोमा पेश्की फछ्यौंट गरी रकम हिनामिना गरी प्रतिवादीहरूले भ्रष्टाचार गरेको पुष्टि भइरहेको अवस्थामा स्थानीय गतिविधिको बारेमा जानकार तथा सरोकार राख्ने वन उपभोक्ता समूह तथा वडा कार्यालयबाट लिखित रूपमा प्राप्त प्रमाणलाई समेत बेवास्ता गरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको उल्लिखित फैसला मिसिल संलग्न तथ्य विवेचना, प्रमाण मूल्यांकन तथा विश्लेषणसमेतबाट त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

६. जिल्ला महोत्तरी महोत्तरी साबिक धर्मपुर गा.वि.स. वडा नं. ७ हाल भंगाहा नगरपालिका वडा नं. ८ बस्ने प्रतिवादी मो. रफिक आलमसमेत) .....३ जना

मुद्दा : घुस रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०६६)।

फैसला भएको मिति : २०७७।१२।१९ पुनरावेदन दर्ता मिति : २०७८।४।२८

आयोगको निर्णय मिति : २०७८।४।२१

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू मो. रफिक आलम र कारी साहु तेलीलाई रु.१,६०,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३ को (१) (घ) बमोजिम तथा प्रतिवादी मुकेश साहलाई उल्लिखित बिगोमा मतियारतर्फ सोही ऐनको दफा २२ र दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला :

प्रतिवादी कारी साहु तेलीसमेतले रकम लिन पठाएकाले मुकेश साहले जनकपुर पुगेपछि उजुरकर्ताहरूलाई फोन गरी भेट भई रकम लेनदेन गरेको र सडक निर्माण रकम भुक्तानी गरिदिएबापत सो रकम माग गरेको तथ्य श्रव्यदृश्यसहितको सिडी तथा अन्य प्रमाणहरूबाट देखिएको भन्नेसमेतको आधार ग्रहण गरी मिति २०७७।१२।१९ मा प्रतिवादीहरू मो. रफिक आलम र कारी साहु तेलीलाई आरोपदाबी बमोजिमको बिगो रु.१,६०,०००।- को दामासाहीले जरिवाना र जनही ६ महिना कैद हुने तथा प्रतिवादी मुकेश साहले बरामद रकम घुसबापतकै थियो भन्ने जानीजानी लिएको नदेखिएको हुँदा मनसाय तत्त्वको अभावमा निजलाई आरोपित कसुरबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार :

प्रस्तुत मुद्दामा मुकेश साहलाई उजुरकर्ताहरूले जनकपुरको पिडारी चोकमा भेटी रकम हेल्मेटमा राखिदिएको नभई कारी साहु तेलीले उजुरकर्ताहरूसँग रकम लिन पठाएकाले मुकेश साह जनकपुर पुगेपछि उजुरकर्ताहरूलाई फोन गरी भेट भई रकम लिनुदिनु गरेको तथ्य मिसिल संलग्न रेकर्डेड संवादको व्यहोरा एवं मुकेश साहको बयानबाट स्थापित भएको भनी फैसलामा आधार ग्रहण गरेको देखिन्छ । निज प्रतिवादीले जानी जानी घुस लिने कार्यमा प्रत्यक्ष संलग्न भई सहप्रतिवादीहरूलाई सहयोग गरेको अवस्थाले निजको बदनियत घामझैं छर्लंग भएको देखिएको छ । सार्जन पाण्डे वि. नेपाल सरकार (सअबु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९) भएको मुद्दामा कार्यतत्त्वले नै बदनियत तत्त्व र मनसाय तत्त्व पत्ता लाग्छ भनी व्याख्या भएको छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीले घुस रकम लिने मनसायसाथ वारदातस्थल पुगी रकम लिएको अवस्था प्रतिवादी मुकेश साहलाई कसुरबाट उन्मुक्ति दिने हदसम्मको उक्त फैसला उपर्युक्त नजिर सिद्धान्तहरूको पालना र प्रयोगको रोहमा समेत त्रुटिपूर्ण भई सो हदसम्म बदरभागी छ ।

७. जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. ४ बस्ने प्रतिवादी तेजनारायण यादवसमेत, ...१० जना

मुद्दा : भ्रष्टाचार (सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको नतिजा फेरबदल एवं थपघट) (०७५-CR-००८५)

फैसला भएको मिति : मिति २०७८।४।११ पुनरावेदन दर्ता मिति : २०७८।५।१०

आयोगको निर्णय मिति : २०७८।४।३२

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ द्वारा परिभाषित कसुर गरेको हुँदा प्रतिवादीहरू तेजनारायण यादव, श्याम के.सी., इश्वरराज रेग्मी, विष्णुप्रसाद सुवेदी, शिवप्रसाद सुवेदी, भूपराज दाहाल, शालिग्राम पौडेल र लक्ष्मण तिवारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुरमा सोही दफा १३ बमोजिम हदैसम्मको जरिवाना र कैद सजाय हुन र प्रतिवादीहरू विज्ञान खड्गी, लेखनाथ भुसालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसुर गर्न मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ द्वारा परिभाषित कसुर गरेको देखिँदा निज विज्ञान खड्गी र लेखनाथ भुसालउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ बमोजिम हदैसम्मको कैद र जरिवाना सजय हुन ।

विशेष अदालतको फैसला :

श्याम के. सी. र लक्ष्मण तिवारीले अभियोग दाबीबमोजिम सवारीचालक अनुमतिपत्रका लागि संचालन भएको परीक्षाको परिणाम फेरबदल गर्ने कार्य गरी गराई भ्रष्टाचारको कसुर गरेको ठहरी श्याम के. सी. लाई ६ महिना कैद र रु.१०,०००।- जरिवाना तथा लक्ष्मण तिवारीलाई ३

महिना कैद र रु. ५,०००।- जरिवाना सजाय हुने । EDLVRS प्रणालीमा विगतमा समस्या देखिएको भनी प्रत्राचार भएको, User ID दुरुपयोग भएमा सम्बन्धित कर्मचारी जिम्मेवार हुने यातायात कार्यविधि निर्देशिका,२०७४ का आधारमा मात्र कसुर ठहर नहुने भन्ने आधार लिई प्रतिवादीहरूमध्ये तेज नारायण यादव, ईश्वरराज रेग्मी, विष्णुप्रसाद सुवेदी, शिवप्रसाद सुवेदी, भुपराज दाहाल, शालिग्राम पौडेल, विज्ञान खड्गी र लेखनाथ भुसालले आरोपदाबीबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार :

प्रतिवादीहरूमध्ये श्याम के.सी. र लक्ष्मण तिवारीलाई अभियोग दाबीबमोजिम सवारीचालक अनुमतिपत्रका लागि संचालन भएको परीक्षाको परिणाम फेरबदल गरी गराई भ्रष्टाचारको कसुर गरेको ठहर भई सजाय भइसकेको हुँदा निजहरूको हकमा पुनरावेदन जिकिर लिएको छैन । यातायात व्यवस्था कार्यालय बागमती, एकान्तकुना, ललितपुर र ठूलोभन्याङ, काठमाडौं कार्यालयबाट मिति २०७४।१०।१ देखि २०७४।११।२५ सम्म B Category को सवारीचालक अनुमतिपत्रका लागि लिएको प्रयोगात्मक परीक्षाको नतिजामा परीक्षामा फेल भएका, अनुपस्थित भएका र परीक्षाको चेकलिष्टमा नाम नै नभएका २०८ आवेदकहरूको नतिजा फेरबदल गरी नतिजा इन्ट्री एवं एप्रुभ गरे गराएको र सोमध्येको ४ आवेदकहरूको नतिजा एप्रुभ भएको नदेखिए पनि उल्लिखित २०४ जना आवेदकहरूको नतिजा Verify तथा Approve गरी सवारीचालक अनुमतिपत्र जारी गरी आरोपपत्रबमोजिमको कसुर गरेको पुष्टि भएकोमा समान काम गर्ने यी श्याम के.सी. बाहेकका प्रतिवादीलाई सफाइ दिएको प्रतिवादी शिवप्रसाद सुवेदीले अर्का प्रतिवादी तत्कालीन कार्यालय प्रमुख तेजनारायण यादवले नतिजा एप्रुभ नभएका व्यक्तिलाई पनि एप्रुभ गरेर पठाइदिनु भनेकाले केही व्यक्तिहरूको नतिजा Approve गरिदिएको भनी अनुसन्धानमा बयान गरेको निज यादवले ट्रायलमा खटिएका कर्मचारीलाई ट्रायलमा हेरिदिनु भन्ने गरेको व्यहोरालाई स्वीकार गरेको तथा Applicaint ID २४२९११४ का नागेन्द्रप्रसाद यादवको मिति सन् १८ जनवरी २०१८ मा भएको B वर्गको सवारीचालक अनुमतिपत्र उत्तीर्ण भनी सवारीचालक अनुमतिपत्र जारी गरिएको तर सोही मितिको प्रयोगात्मक परीक्षामा निज अनुपस्थित रहेको पाइन्छ । निजले ट्रायल (प्रयोगात्मक परीक्षा) मा समेत उपस्थित नभएको, दाजु नाताका तेजनारायण यादवले भनिदिएकै कारण आफू पास भएको र राजस्वसमेत जम्मा गरिदिएको भनी मौकामा कागज गरेको पाइन्छ । निज तेजनारायण यादवले अदालतमा समेत बयान गर्दा नागेन्द्रप्रसाद यादवलाई आफूले नचिनेको, आफ्नो नाताको व्यक्ति नभएको र निजको नाउँमा सवारीचालक अनुमतिपत्र जारी नभएको भनी इन्कार गर्न नसकेको। यसरी आपसी सहमति र मिलोमतोमा आफ्ना नातेदार र अन्य व्यक्तिको अनुचित प्रभावमा परी परीक्षामा अनुपस्थित व्यक्तिलाई उपस्थित जनाई अधिकृत शिवप्रसाद सुवेदी स्वयंले Approve गरी सवारीचालक अनुमतिपत्र जारी गरी अख्तियारीको दुरुपयोग गरी भ्रष्टाचार गरेको अवस्थामा प्रतिवादीहरू शिवप्रसाद सुवेदी र तेजनारायण यादवलाई सफाइ दिएको विशेष अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी छ । निवेदन दर्ता र स्वास्थ्य परीक्षा प्रतिवादी विज्ञान खड्गीबाट गराएको, मिति २०१८ फेब्रुअरी २६ प्रयोगात्मक परीक्षामा उपस्थित नभएको, परीक्षाको नतिजा उल्लेख भएको, व्यक्तिगत Applicant's Details Print मा Absent जनिएको भनी लक्ष्मण तिवारीले व्यहोरा

लेखाएको पाइन्छ । उक्त व्यहोराको Entry, Update,Verify, Approve आ-आफ्नो User ID बाट भएको देखिएको तथ्यमा मौकामा र अदालतमासमेत सबै प्रतिवादीहरूले स्वीकार गरेको तर उक्त कार्य आफूहरूले नगरेको भनी कसुरमा इन्कार रही बयान गरेको भनी यी प्रतिवादीहरूलाई कसुरबाट सफाइ दिने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ ।

८. झापा जिल्ला दमक नगरपालिका वडा नं. ३ बस्ने वर्ष ४८ को प्रतिवादी जयनारायण खनालसमेत.....१० जना ।

मुद्दा : भ्रष्टाचार (नभएको काम भएको भनी गलत प्रतिवेदन दिएको) (०७५-CR-०२१९)

फैसला भएको मिति : २०७७।१२।१० पुनरावेदन दर्ता मिति : २०७८।५।१७

आयोगको निर्णय मिति : २०७८।५।१०

आरोपपत्र मागदाबी :

प्रस्तुत मुद्दामा प्रतिवादी जयनारायण खनाल, सन्तोष श्रेष्ठ, मणिराम तामाङ, विमलमान राई, महेश कार्की र किशोर किराँतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) तथा (८) (१) को (ग) र (ङ) बमोजिमको कसुर गरेको हुनाले मणिराम तामाङको हकमा बिगो रु. १९,६९,०००।- र अन्य प्रतिवादीहरूको हकमा बिगो रु.२८,९५,५०८।८६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को (१) बमोजिम सजाय हुन तथा प्रतिवादीहरू फुर्वा तामाङ, राजेन्द्र राई, ज्ञानुमाया तामाङ र हेमकुमार श्रेष्ठउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा बिगो रु.२८,९५,५०८।८६ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को (४) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरूले अनुसन्धान अधिकृत र अदालतसमक्ष आरोपित कसुरमा इन्कारी रही बयान गरेको, प्रतिवादीहरूले बदनियतपूर्वक लिनुखानु गरेको पुष्टि भएको नदेखिँदा भ्रष्टाचारको कसुर मान्न नमिल्ने र तोकिएको समयमा कार्य सम्पन्न नभएको भए तापनि अर्को आर्थिक वर्षमा कार्य सम्पन्न भएको देखिएको भन्ने कुरालाई आधार लिई प्रतिवादीहरूलाई आरोपदाबीबाट सफाइ हुने तर प्रतिवादीहरू विमलमान राई, महेश कार्की र मणिराम तामाङलाई विभागीय कारबाहीको लागि तालुक विभागमा लेखी पठाउने र अन्य प्रतिवादीहरू फुर्वा तामाङ, राजेन्द्र राई, ज्ञानुमाया तामाङ, हेमकुमार श्रेष्ठ र किशोर किराँतीलाई यस प्रकृतिको त्रुटि, लापरबाही अब आइन्दा नगर्न सचेत गराउने भनी फैसला भएको।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दाको फैसलामा प्रतिवादीहरूले अनुसन्धान अधिकृत र अदालतसमक्ष बयान गर्दा आरोपदाबीबाट उम्कन पनि प्रतिवादीले इन्कारी बयान गर्ने सक्ने कुरा स्वाभाविक भएको हुनाले मिसिल संलग्न अन्य तथ्यहरूको नजरअन्दाज गरी खाली प्रतिवादीहरूको बयानलाई मात्रै आधार बनाएर भ्रष्टाचार जस्तो कसुरमा प्रतिवादीहरूलाई आरोपदाबीबाट सफाइ हुने गरी गरेको फैसला त्रुटिपूर्ण हुनुका साथै कसुरदारहरूको बदनियत भएको र नभएको भन्ने कुरा निजहरूले व्यक्त

गरेको कुराहरूबाट होइन कि मिसिल संलग्न कागजहरूबाट देखिनुपर्दछ । फिल्डमा अनुगमन गर्ने जिम्मेवारी भएको व्यक्तिले फिल्डमा नै नगई अरूले तयार पारेको कागजात चेकजाच गरेको हुँ भन्ने कुरालाई अदालतमै स्वीकार गर्दासमेत निजमा बदनियत नभएको भनी व्याख्या गर्नु भनेको सफाइ दिने काल्पनिक बहाना बाहेक अरू केही हुन सक्दैन । तसर्थ आरोपदाबीलाई पुष्टि गर्ने प्रमाण मिसिल संलग्न हुँदाहुँदै र आरोपित तथ्यलाई प्रतिवादीहरू र स्वयं अदालतले समेत स्वीकार गरिसकेको अवस्थामा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजाय गर्नुपर्नेमा सम्मानित अदालतले प्रतिवादीहरूलाई भ्रष्टाचारजन्य कार्यको सजायबाट उन्मुक्ति दिने नै मनसायले वादी नेपाल सरकारले जिकिर नै नलिएको अन्य ऐनको दफा प्रयोग गरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

९. जिल्ला बारा, कोल्हवी नगरपालिका, वडा नं. ९ बस्ने वर्ष २९ को प्रतिवादी मनोजकुमार रजक समेत.....६ जना

मुद्दा : भ्रष्टाचार (सरकारी रकम हिनामिना) गरेको ।(०७६-CR-०४१७)

फैसला भएको मिति : मिति २०७७।१२।२४ पुनरावेदन दर्ता मिति : २०७८।५।१७

आयोगको निर्णय मिति : २०७८।०५।१०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू मनोजकुमार रजक, प्रमोदकुमार वर्मा, वैधनाथ झा र रेणु यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी ऐ. दफा ८ को उपदफा (१) बमोजिम हानि नोक्सानीको बिगो रु.१,१५,८७२। असुलउपर हुन, गिरधारी कुमारलाई ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी ऐ. को दफा ८ को उपदफा (४) बमोजिम हानि नोक्सानीको बिगो रु.१,१५,८७२।- असुलउपर हुन तथा राजदेवी नगरपालिका, वडा नं. २ का वडा अध्यक्ष सनुप महतोलाई ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरूले वास्तविक रकमभन्दा बढी रु.१,१५,९७२।- भुक्तानी गरेको देखिएको तर उक्त कार्य बदनियतपूर्वक लिनु खानु गरेको पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरू सबै जनाले उक्त आरोपदाबीबाट सफाइ पाउने तर वास्तविक भुक्तानीभन्दा बढी भुक्तानी भएको रु.१,१५,८७२।- सबै प्रतिवादीहरूबाट दामासाहीको हिसाबले प्रतिव्यक्ति रु.१९,३१२।- आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १५ बमोजिम राजस्व खातामा दाखिला गराउने गरी फैसला भएको ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीहरू सबै जनाले मौकामा र सम्मानित अदालतमा समेत कसुर स्वीकार गरेको र सम्मानित अदालतले समेत सो तथ्यलाई स्वीकार गरी यसरी बढी भुक्तानी गरेको बिगो रकमलाई

प्रतिवादीहरूले लापरबाहीजन्य कार्यबाट भुक्तानी गरेको मानी उक्त बिगो रकम आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १५ बमोजिम सबै प्रतिवादीहरूबाट दामासाहीको हिसाबले राजस्व खातामा जम्मा गर्ने र सजायबाट उन्मुक्ति दिने गरी फैसला भएको देखिन्छ । वास्तविक रकमभन्दा रु.१,१५,९७२।- बढी भुक्तानी भएको भन्ने कुरामा विवाद देखिंदैन । प्रतिवादीहरूले बढी रकम भुक्तानी गरेको कुरालाई स्वीकार गरेको, साथै अदालतले समेत उक्त तथ्यलाई स्वीकार गरेको अवस्थामा जानीजानी, नेपाल सरकारलाई हानि नोक्सानी नै पुऱ्याउने बदनियतबाट वास्तविक भुक्तानीभन्दा बढी भुक्तानी गरेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम सजाय गर्नुपर्नेमा सम्मानित अदालतले प्रतिवादीहरूलाई भ्रष्टाचारजन्य कार्यको सजायबाट उन्मुक्ति दिने नै मनसायले वादी नेपाल सरकारले जिकिर नै नलिएको अन्य ऐनको दफा प्रयोग गरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी ।

१०. जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं. ५ सहोडवा बस्ने प्रतिवादी संजयकुमार ठाकुर.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।(०७५-CR-०१७७)

फैसला भएको मिति : मिति २०७७।१२।११ पुनरावेदन दर्ता मिति : २०७८।५।१७

आयोगको निर्णय मिति : २०७८।५।१०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी संजयकुमार ठाकुरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि भएकाले निजलाई बिगो रु.५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेको, प्रतिवादी र उजुरकर्ता बिना बुढाबीच भएको संवादलाई प्रतिवादीले इन्कारी गरेको साथै तथ्य स्वीकार गर्नु र कसुर स्वीकार गर्नु पृथकपृथक विषय भएकाले भ्रष्टाचारको कसुर पुष्टि नहुने भन्ने प्रतिवादीउपर आरोपित कसुरबाट सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

प्रतिवादीले मौकामा बयान गर्दा, आफू मालपोत कार्यालय, नेपालगञ्ज, बाँकेको रजिष्ट्रेसन फाँट 'ख' मा कार्यरत रहेको, उक्त फाँटमा रही राजस्व असुल गर्नेसमेतको काम गर्नु आफ्नो जिम्मेवारी रहेको तथा मिति २०७५/१०/८ गते कार्यालय समय सकिन लाग्दा दुई महिला आएर पैसा गनिदिनुस् भनी दिएकाले उक्त पैसा गन्दै गर्दा भूमिसुधार तथा मालपोत कार्यालय, बाँकेको मेरो आफ्नै कार्यकक्षबाट अख्तियारको टोलीले रंगेहात समात्नुभएको भन्ने कुरालाई स्वीकार गरेको देखिन्छ भने सम्मानित अदालतसमक्ष बयान गर्दा पनि करिब करिब सोही व्यहोरालाई स्वीकार गरी आफूले उजुरकर्ताले दिएको पैसा गनिदिएको कुरामा साबिती रहेको बरामद भई रंगेहातको

कार्यविधिसमेत पूरा भएको भनी प्रतिवादी स्वयंले स्वीकार गरेको प्रतिवादीले आफ्नो टेबलमा गन्दै गरेको अवस्थामा रु.५०,०००।- रकम बरामद भएको तथ्यलाई अन्यथा पुष्टि गर्न नसकेको त्यस्तै, प्रतिवादीले श्रव्यदृश्य डि.भि.डी.मा पैसा लिई टेबलमा ठोक्दै गरेको दृश्य मेरै हो भनी स्वीकार गरेको देखिन्छ । प्रस्तुत मुद्दामा उजुरकर्ताहरूको सबै काम सम्पन्न भइसकेपछि पनि लाल पुर्जामा छाप लगाउने काम रोकी रु.५०,०००।- घुस रकम माग गरेको हुँदा उजुरकर्ताहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी लिएर जाने, मौकामा कागज गर्ने, अदालतमा बकपत्र गर्ने तथा ती सबै ठाउँमा एकै किसिमको व्यहोरा लेखाउनुपर्ने अन्य कारण पनि नभएको, बयानलाई मात्रै आधार बनाएर गरेको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

११. हाल काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. १० तिलिङटार बस्ने प्रतिवादी टीकाराम भुसालसमेत.....२ जना

मुद्दा : गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।(०७४-CR-००९७)

फैसला भएको मिति : मिति २०७८।३।३१ पुनरावेदन दर्ता मिति : २०७८।५।३०

आयोगको निर्णय मिति : २०७८।५।२१

आरोपपत्र मागदाबी

प्रतिवादी टीकाराम भुसालले बिगो रु.१,५८,६३,६५७.६४।- बराबरको चलअचल सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा उल्लिखित बिगो कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन तथा साबिक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), सोही ऐनको दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम गैरकानुनी रूपमा आर्जन गरेका सम्पत्तिहरू जफत हुनुका साथै प्रतिवादी मुनादेवी घिमिरेले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), सोही ऐनको दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम सम्पति जफतसमेत हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीको वास्तविक आय रु.२,६७,८९,८६१।- र व्याय रु.२,०९,६६,४२०।- रहेको पुष्टि भएको, प्रतिवादीको व्यायभन्दा आय रु.५८,२३,४४१।- बढी देखिएको, आरोपदाबी वादी पक्षले वस्तुनिष्ठ र निश्चयात्मक प्रमाणबाट प्रमाणित गर्न नसकेकाले प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीले जिल्ला नवलपरासी देवचुली ९ मा मुनादेवी घिमिरेको नाममा रहेको कि.नं. ६०६ र

६०७ मा मिति २०६२।६३ मा घर निर्माण गर्दा लागेको लागत रु.१५,७०,१८४।७५ मध्ये २,४०,४७२।- को मात्र स्रोत खुलेको, टीकाराम भुसालकी श्रीमती मुनादेवी घिमिरेको नाममा मिति २०६३।७।१७ मा अनु इन्टरप्राइजेज नवलपरासीमा स्थापना गर्दा भएको लगानी रु.१,००,०००।- को स्रोत नपुगेको, जिल्ला काठमाडौं धापासी ६ साबिक कि.नं. १६७४ हा.सा. भई कायम कि.नं. १६१ क्षे.फ.१-०-०-० को जग्गा मिति २०६४।१०।३ मा बालकृष्ण सिवाकोटीबाट श्रीमती मुनादेवी घिमिरेको नाममा खरिद गर्दा लागेको खर्च रु.१८,००,०००।- को स्रोत नखुलेको, श्रीमती मुनादेवी घिमिरेले नेपाल टेलिकमको ७५० कित्ता शेयर मिति २०६५।३।११ मा खरिद गर्दा भएको खर्च रु.५,००,०००।- को स्रोत नपुगेको, टीकाराम भुसालको छोरा छोरीको आ.व. २०६८/६९ मा त्रियोग उच्च माध्यमिक विद्यालयमा अध्ययन गराउँदा लागेको खर्च रु.१,२१,४०५।- मध्ये रु.३५,२३२।६८ को स्रोत नपुगेको भनी स्पष्ट रूपमा दाबी लिइएको छ । उल्लिखित छुट्टाछुट्टै अवधिको प्रतिवादीले आफ्नो बैध स्रोत खुलाउन सकेको पाइँदैन । आरोपपत्रमा उल्लिखित उपरोक्त छुट्टाछुट्टै मितिसम्मका प्रतिवादीको बैध स्रोतको छुट्टाछुट्टै मूल्यांकन नगरी प्रस्तुत मुद्दामा प्रमाणको भार प्रतिवादीमा रहेको पाइन्छ । गैरकानुनी रूपमा आर्जन गरेको मानिने सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नुपर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानुनी रूपमा आर्जन गरेको मानिनेछ भनी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (१) ले कानुनी व्यवस्था गरेको छ । "सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७२, अंक १२, नि.नं. ९५०५, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानीसम्म गैरकानुनी आर्जन हुन सक्दछ न कि त्यसबाट बढेबढाएको हालको मूल्य । त्यसैले कुनै सम्पत्ति खरिद गर्दा के कति लगानी गरिएको थियो त्यसको स्रोतसम्म माग्नु र प्रमाणित गर्नु यस प्रकृतिका मुद्दामा कानुनसम्मत र न्यायोचित हुने" भनी सिद्धान्त प्रतिपादन भएको छ । आरोपदाबी पुग्न नसक्ने ठहर गरी भएको विशेष अदालतको फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्त प्रतिकूल प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण बदरभागी रहेको छ ।

१२. जिल्ला धनुषा, हाल जनकपुर उपमहानगरपालिका वडा नं. ४ आनन्दनगर बस्ने प्रतिवादी ललितकुमार झासमेत.....२ जना ।

मुद्दा : भ्रष्टाचार (गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको) (०७५-CR-०३४२)

फैसला भएको मिति : २०७८।३।२१ पुनरावेदन दर्ता मिति : २०७८।७।१६

आयोगको निर्णय मिति : २०७८।७।४

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी ललितकुमार झाले भष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एंव भष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा निज ललितकुमार झालाई बिगो रु.१,५६,७९,०२६।- कायम गरी साबिक भष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र १६ (ग) तथा दफा २९ एंव प्रचलित भष्टाचार निवारण ऐन, २०५९

को दफा २० को उपदफा (२) बमोजिम बिगो जरिवाना र कैद सजाय हुन र निजले स्रोत खुलाउन नसकेको उक्त बिगो रु.१,५६,७९,०२६।- बराबरको चलअचल सम्पत्तिहरू साबिक भष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत गरी पाउन र प्रतिवादी सुचितादेवी झाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा निज ललितकुमार झालाई बिगो रु.१,५६,७९,०२६।- कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र १६ (ग), दफा २९ एंव प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र निजले स्रोत खुलाउन नसकेको उक्त बिगो रु.१,५६,७९,०२६।- बराबरका चलअचल सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफत समेत हुन।

विशेष अदालतको फैसला :

प्रतिवादीको दाबीअनुसार कृषि आय रु.३१,०४,०००।- लाई आयमा गणना गर्नुपर्नेमा नगरेको, प्रतिवादीको छोरा पप्पु झा अविनाशले प्राप्त गरेको पारिश्रमिक रु.४,६२,४४०।- लाई आयमा गणना गर्नुपर्नेमा नगरेको, प्रतिवादीले दाबी गरेको घरवहालबाट रु.५०,०००।- कर तिरेको तथ्यसमेतको आधारमा निजले दाबी गरेको रु.३१,५०,०००।- लाई आयमा गणना गर्नुपर्नेमा नगरेको, सुनका गहना बिक्रीबाट प्राप्त रकम रु.३,०८,५२५।- लाई प्रतिवादीको आयमा गणना गर्नुपर्नेमा नगरेको, प्रतिवादीको आय आयोगले रु.२,२८,६४,२०८।-दाबी गरेकोमा प्रतिवादी स्वयंले रु.६,१०,६७,१६५।- जिकिर लिएको निजको वास्तविक आय रु.२,७५,६४,७७४।- कायम हुने देखिँदा आयोगले ललितकुमार झाको व्याय रु.३,८५,४३,२३४।- दाबी गरेकोमा जम्मा व्याय रु.२,७४,६९,२३९।- हुनेमा निजको व्यायभन्दा आय रु.९५,५३५।- बढी देखिएकाले आरोपित कसुबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीले अनुसन्धानमा बयान गर्दा खुलाएको सुरुमा गरेको अस्थायी नियुक्तिसमेतको आयलाई जोडी अनुसन्धान अवधिसम्ममा जम्मा तलबबाट पारिश्रमिक र चाडपर्व खर्च आयमा ७० प्रतिशत बचत र ३० प्रतिशत खर्च कट्टा गर्दा पनि रु.१७,३६,०७२।- बढी नहुनेमा रु.७,१८२।- मात्र पारिश्रमिक आएमा गणना गरेको कार्य त्रुटिपूर्ण रहेको पाइन्छ । भ्रष्टाचारको कसुरमा यी प्रतिवादीउपर उजुर परी एकपटक तामेलीमा गएपछि फेरि अनुसन्धान गरी मुद्दा चलाएको भनी प्रतिवादीलाई सफाइ दिने आधार लिएको देखिन्छ जुन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ को प्रतिबन्धात्मक वाक्यांशसमेत विपरीत रहेको छ, पारिश्रमिक आयमा चाडपर्व खर्चसमेत जोडी खुद आय गणना गरी गरेको कार्यमा चाडपर्व खर्च नजोडिएको भनी रु.१,९०,१७९।- लाई आयमा गणना गरेको विशेष अदालतको फैसलामा दोहोरो परेको हुँदा उक्त फैसला त्रुटिपूर्ण रहेको

छ । प्रतिवादी सुचिता देवी झाले कर्मचारी सन्चयकोष, नागरिक लगानी कोष, बैंक तथा वित्तीय संस्थाहरूको विवरण अनुसार कर्जा सापटी रु.१,१०,७१,२४०।- लिएकोमा बिना आधार रु.१,२०,७१,३४०।- कर्जा लिएको भनी बढी रकम आयमा गणना गरेको कार्य त्रुटिपूर्ण रहेको र प्रतिवादीले आफ्नो घर भाडामा लगाएको जिकिर पुष्टि गर्न घरभाडामा लगाएको घरबहाल कर तिरेको पुष्टि हुनुपर्ने, घर बहालकर आम्दानीको १० प्रतिशत राज्य कोषमा दाखिल गरेको भौचर अनिवार्य रूपमा पेस गर्नुपर्दछ । अनुसन्धानमा कुनै जिकिर पेस नगरी कुनै एकसालको रु.५०,०००।- बुझाएको जिकिर लिए पनि सोको आम्दानी रु.५,००,०००।- हुनेमा दाबी गरेको रु.३१,५०,०००।- लाई आयमा गणना गर्ने गरेको प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१३.जिल्ला हाल काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने प्रतिवादी चुडामणि चापागाईं .....१ जना

मुद्दा : भ्रष्टाचार घुस रिसवत लिई भ्रष्टाचार गरेको ।(०७४-CR-००९४)

फैसला भएको मिति : २०७८।४।२० पुनरावेदन दर्ता मिति : २०७८।९।६

आयोगको निर्णय मिति : २०७८।९।१

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी चुडामणि चापागाईंले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले बिगो रु.४,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीले घुस लिने मनसायले निवेदकसँग कुराकानी गरेको भन्दा पनि मोही बाँडफाँडको कुरामा मोही र निवेदकबीचको सम्बन्धमा सुझाव दिने मनसायले निजहरूबीच सो विषयमा रकम लेनदेनको कुरा गरेको देखिएको र वारदातस्थलमा जबरजस्ती कालो झोलाभित्र रहेको नगद होटलको टेबलमा फालेको भन्ने प्रतिवादीको भनाइलाई अन्य साक्षीको भनाइले समर्थित गरेको देखिएको भन्नेसमेतको आधार र कारणले प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

सर्वोच्च अदालतको संवैधानिक इजलासबाट विष्णुप्रसाद घिमिरेविरुद्ध संघीय संसद्समेत भएको उत्प्रेषणसमेत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमाली, २०५९ को नियम ३० को आधारमा रकम बरामद भएको अवस्था मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा न्याय निरूपण हुनुपर्ने भनी सिद्धान्त कायम भएको देखिन्छ। मिसिल संलग्न अडियोसमेतका प्रमाणमा पाँच लाखको रेन्जमा घुस मागेको तथ्य स्थापित भएको देखिएको छ । प्रतिवादीले अदालतसमक्षको बयानमा सो रकम लेनदेनको कुरालाई स्वीकार गरेको

मुचुल्काबमोजिमको रकम बरामद भएको तथ्यलाई अन्यथा पुष्टि गर्न नसकी प्रतिवादीले लिएको गलत जिकिरलाई प्रमाणमा लिई प्रतिवादीमा गलत मनसाय नरहेको निष्कर्षमा पुगी भएको उक्त फैसला उल्लिखित नजिर सिद्धान्तको व्याख्या र पालनाको रोहमा समेत त्रुटिपूर्ण छ । अनुसन्धानको क्रममा तयार भएको मुचुल्कामा भएको सहीछापलाई यी प्रतिवादीसमेतले सनाखत गरिदिएको देखिँदा देखिँदै प्रतिवादीलाई उन्मुक्ति दिने गरी भएको उक्त फैसला भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को प्रयोग र व्याख्याको रोहमा समेत त्रुटिपूर्ण भई बदनियतपूर्ण तबरले आफूले गैरकानुनी लाभ र अर्कालाई गैरकानुनी हानि पुग्न गएको देखिन्छ भने सो कार्य भ्रष्टाचारजन्य फौजदारी प्रकृतिको अपराध हुन जाने भनी यादव लामिछानेविरुद्ध विशेष प्रहरी (ने.का.प.,२०४६, अंक ६, नि.नं. ३८४९) भएको मुद्दामा सिद्धान्त प्रतिपादित भएको छ । कसुरको प्रकृति र श्रव्यदृश्य सामग्रीमा भएका कुराकानीसमेतबाट प्रतिवादी चुडामणि चापागाईंको कार्य भ्रष्टाचारजन्य कसुरअन्तर्गत पर्दछ भन्ने पुष्टि भएको छ । यस तथ्यलाई अनदेखा गरी निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने हदसम्मको उक्त फैसला उपर्युक्त नजिर सिद्धान्तहरूको पालना, मिसिल संलग्न प्रमाणको मूल्यांकन र प्रचलित न्यायिक मान्यताको रोहमा समेत त्रुटिपूर्ण भई सो हदसम्म बदरभागी छ ।

१४.जिल्ला बाँके कोहलपुर नगरपालिका वडा नं. ५ बस्ने प्रतिवादी जगवीरखत्री समेत .....४ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।(०७५-CR-०१९९)

फैसला भएको मिति : २०७८।६।७ **पुनरावेदन दर्ता मिति : २०७८।१०।२४**

आयोगको निर्णय मिति : २०७८।१०।१७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा जगवीर खत्री, केशवबहादुर वली, बहादुर के.सी. र हरिकुमार चन्दले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको आरोपितहरू प्रत्येकलाई जनही बिगो रु.१०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरू हरिकुमार चन्दलाई आरोपत्रको मागदाबीबमोजिम एक महिना कैद र रु.१०,०००।- जरिवाना हुने । प्रतिवादीहरू र उजुरीकर्ताहरूबीच भएको स्क्रिप्ट राइटिङ अवलोकन गर्दा यी प्रतिवादीहरूले काठ नापजाँच गर्दा लाग्ने सरकारी रकमको विषयमा निवेदकहरूसँग कुरासम्म गरेको, प्रतिवादीहरूले मौकामा तथा अदालतसमक्ष बयान गर्दा कसुरमा पूर्णतयाः इन्कार भई सो इन्कारीलाई साक्षीहरूद्वारा पुष्टि भएकोसमेत देखिएको भन्ने आधार लिई प्रतिवादीहरू जगवीर खत्री, केशवबहादुर वली र बहादुर के.सी. लाई आरोपित दाबीबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा प्रतिवादीहरू जगवीर खत्री, केशवबहादुर वली र बहादुर के.सी. लाई आरोपित कसुरबाट सफाइ दिने ठहरी भएको फैसलासमेतका मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा, अपराधको परिणाम जुन प्रतिवादीहरूको कार्यबाट सिर्जना भएको हो तिनै प्रतिवादीहरू कसुरबाट उन्मुक्ति पाउनु न्यायकर्ताको प्रमाणको मूल्यांकनमा त्रुटिपूर्ण देखिएको, प्रतिवादीहरू सबै जनासँग उजुरीकर्ता उदयबहादुर कार्कीबीच टेलिफोन संवाद भएको अडियो तथा भिडियो रेकर्डमा भएको संवाद स्क्रिप्ट राइटिङलाई अध्ययन गरी हेर्दा यी प्रतिवादीहरूबीच सरकारी रकमको विषयमा कुरा गर्दै जाँदा प्रतिवादी बहादुर के.सी. ले जिल्लाको आफैं गर्नुस् भनी भनेका प्रतिवादी केशवबहादुर वली र उजुरीकर्ता उदयबहादुर कार्कीले जिल्लाकोसमेत पैसा तपाईहरूले लिने ? भनी प्रश्न गर्दा यहाँ दस हजार लाग्छ भनी स्पष्टरूपमा बोलेको संवादको अवस्थाबाट घुस/रिसवत लिने कार्य सफाइ पाएका प्रतिवादीहरू तीनै जनासमेतको संलग्नता रहेको तथ्य पुष्टि भएको र फरेष्टर केशव वली र बहादुर के.सी. को आदेशमा लिएको हो भन्ने व्यहोरा खुलाएको । रु.१०,०००।- प्रतिवादीहरू बसिराखेकै टेबुलमुनि फालिदिएको अवस्थामा बरामद भएको र प्रतिवादीहरू एकैसाथ घटनास्थलबाटै पक्राउ परेका तथा नोट रकममा लगाएको सोडियम कार्बोनेट प्रतिवादीहरूले हात धुँदा गिलासको पानीको रङ रातो भएकोसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू जगवीर खत्री केशवबहादुर वली र बहादुर के.सी. (खत्री) उपरको कसुर पुष्टि भइरहेको प्रमाणित तथ्यको अनदेखा गरी यी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

१५. जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. ९, सिनामंगल, ओमनगर बस्ने प्रतिवादी हरिकुमार पोखरेलसमेत.....३ जना।

मुद्दा : भ्रष्टाचार (घुस/रिसवत) ।(०७६-CR-००४९)

फैसला भएको मिति : २०७८।७।११ **पुनरावेदन दर्ता मिति : २०७८।१०।२४**

आयोगको निर्णय मिति : २०७८।१०।१३

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू हरिकुमार पोखरेल र पवित्रमणि आचार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिँदा निजहरूलाई बिगो रु.७,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय हुन र प्रतिवादी ऋषि गौतमले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर अपराध गरेको देखिँदा निजलाई बिगो रु.७,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम सोही दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम सजाय गरी बरामद भएको उक्त रु.७,००,०००।- सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफतसमेत हुन ।

विशेष अदालतको फैसला

बरामद भएको देखिएको रकम प्रतिवादीहरूले घुस/रिसवतस्वरूप लिनुदिनु गरेको वा गर्न लागेको भन्नेसम्मको कुनै तथ्ययुक्त आधार नखुलेको, प्रतिवादीहरूले एकापसमा घुस रकम लिनुदिनु गर्न लागेको वा गरेको भन्ने कुनै सूचना, आधार, वार्तालाप प्रस्तुत मुद्दामा नखुलेको तथा प्रतिवादीहरूले आरोपित कसुरमा इन्कारी रही बयान गरेको भन्ने कुरालाई आधार मानी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा सडक डिभिजन पोखराका लेखा अधिकृत सीता न्यौपानेको भान्साकोठाको गेष्टरुमको भित्र उत्तरतर्फ कुनामा लुकाइराखेको अवस्थामा फेला पारी उक्त झोलाहरू खानतलासी गर्दा कालो झोलाबाट रु.७,००,०००।- र अर्को झोलाबाट रु.२,००,०००।- बरामद भएको भन्ने व्यहोराको खानतलासी/बरामदी मुचुल्का देखिन्छ । उक्त बरामदी मुचुल्कालाई सम्मानित अदालतसमक्ष नै सबै जना प्रतिवादीहरूले स्वीकार गर्नुभएको छ । कार्यालय प्रमुखको झोला र निर्माण व्यवसायी ऋषि गौतमको झोला कार्यालय प्रमुख र निर्माण व्यवसायीको आदेशमा कार्यालय प्रमुखको भान्से सन्देश लम्सालले लेखा अधिकृतको कोठामा राखेको भन्ने कुरा सन्देश लम्साले अदालतमा गरेको बकपत्रसमेतबाट पुष्टि भएको छ र निर्माण व्यवसायीले सात लाख रुपैयाँ नगद लिई कार्यालय समयमा कार्यालय प्रमुखको निवासमा भेट गरी रकम लेनदेन गरिसकेको मालाकार प्रमाणलाई अनदेखा गरेको । रकम बरामद भएको तथ्यमा विवाद नभएको, बरामद भएको रकमलाई निर्माण व्यवसायीले घुसबापतको होइन भनेर उल्लेख गरे तापनि के कुन प्रयोजनका लागि साथमा बोकी लिएर हिंडेको भन्ने प्रमाण पेस गर्न नसकेको, कार्यालय समयमा कार्यालय प्रमुखको निवासबाट रकमसहित प्रतिवादीहरू पक्राउ परेको, प्रतिबादीरहरूबीच पटकपटक फोन सम्पर्क भएको देखिएको तथा घुस लेनदेन गर्ने पर्याप्त आधार भएको अवस्थामा सम्मानित विशेष अदालतले परिस्थितिजन्य प्रमाणको पूर्णरूपमा बेवास्ता गरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।

१६. जिल्ला गुल्मी, रुरु गाउँपालिका वडा नं. ६ बस्ने प्रतिवादी केशवबहादुर बस्नेत.....१ जना
मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।(०७५-CR-०३३२)
फैसला भएको मिति : २०७८।५।३० **पुनरावेदन दर्ता मिति : २०७८।१०।२४**
आयोगको निर्णय मिति : २०७८।१०।१३

आरोपपत्र मागदाबी

सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा प्रतिपादित सिद्धान्तका आधारमा बरामदी मुचुल्का प्रमाणको रूपमा ग्राह्य हुने अवस्था नदेखिएको, निवेदक र प्रतिवादीबीच भएको फोन संवाद स्क्रप्ट राइटिङको व्यहोरा हेर्दा रकम लिएर आउ भनेको हो वा के हो स्पष्ट नभएको र प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कारी रही बयान गरेको तथा निवेदकले प्रतिकूल बकपत्र गरेको देखिएको भन्ने आधार लिई प्रतिवादीले सफाइ पाउने ।

विशेष अदालतको फैसला

प्रस्तुत मुद्दामा प्रतिवादी केशवबहादुर बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको प्रमाण पुष्टि भएकाले निजलाई बिगो रु.१५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा प्रतिपादित सिद्धान्तका आधारमा बरामदी मुचुल्का प्रमाणको रूपमा ग्राह्य हुने अवस्था नदेखिएको भन्ने आधारमा मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ भन्ने व्यहोरा उल्लेख भएको देखियो । सम्मानित सर्वोच्च अदालतको आदेशमा भएको उपरोक्त व्यहोरा विशेष अदालतले पनि स्वीकार गरेको तर मुद्दाको अन्य तथ्यमा प्रवेश नै नगरी प्रतिवादीलाई सफाइ हुने गरी फैसला गरेको देखिँदा सर्वोच्च अदालतको मिति २०७८।१।८ को आदेशको आधारमा प्रतिवादी र उजुरकर्ताबीच फोन सम्पर्क भएको तथ्य प्रतिवादीले समेत स्वीकार गरेको तथा फोन सम्पर्क गरी घुस रकम माग गरेकै प्रमाण स्पष्टरूपमा देखिँदादेखिँदै पनि स्पष्ट नभएको भन्ने आधारमा आरोपदाबीबाट सफाइ दिनु भनेको सफाइ दिनकै लागि मात्रै बनाएको बनावटी आधार हो भन्ने देखियो । प्रतिवादीले निवेदकसँग रकम माग गरी आरोपित कसुर गरेको तथ्य समर्थित हुने व्यहोरा सि.डी.मा रेकर्ड रहेको संवाद अनुसार तयार पारिएको स्क्रिप्ट राइटिङमा रहेको लिखतलाई प्रमाणमा लिई प्रतिवादीलाई मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा प्रतिवादी विरुद्धको प्रमाणलाई नजरअन्दाज गरी सम्मानित सर्वोच्च अदालतले प्रतिपादन गरेको नजिरको समेत प्रतिकूल भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी छ ।

१७. जिल्ला दाङ, घोराही उप-महानगरपालिका वडा नं. १५ भरतपुर बस्ने प्रतिवादी मानप्रसाद वि.क. समेत.....६ जना

मुद्दा : राजस्व चुहावट गरी भ्रष्टाचार गरेको ।(०७५-CR-०३००)

फैसला भएको मिति : २०७८।७।१० **पुनरावेदन दर्ता मिति : २०७८।१२।२२**

आयोगको निर्णय मिति : २०७८।१२।१०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू मानप्रसाद वि.क., शिशिर विक्रम शाह, रामचन्द्र भट्ट, र अतुलकुमार शर्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको कार्य गरी सोही ऐनको दफा ७ ले व्यवस्था गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा निजहरूलाई बिगो जनही रु.५३,९४,३१६।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय हुन तथा प्रतिवादीहरू राजनप्रसाद तिमल्सिना र जगतराज दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा जनही बिगो रु.५३,९४,३१६।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी मानप्रसाद वि.क.समेतको संलग्नता, मिलेमतो भएको भन्ने कतैबाट पुष्टि नभएको र अभिलेख शाखालाई मौकामा बुझ्ने कामसमेत नभएकाले निजले उक्त किर्ते प्रज्ञापनपत्र बनाउनमा सहयोगी भूमिका निर्वाह गरेको भन्ने कुरा कुनै प्रमाणबाट पुष्टि हुन नआएको, भ्रष्टाचारको आरोप पुष्टि हुने लाभ वा बदनियत तत्त्वको पुष्टि हुनुपर्ने अनिवार्यता समेत हुँदा प्रस्तुत मुद्दामा प्रतिवादी मानप्रसाद वि.क.समेतका कर्मचारीले कुनै लाभ लिएको वा बदनियतसाथ ना४ ख ४१२६ नं. को गाडी बाहिरिने भूमिका खेलेको पुष्टि हुन नसकेको, प्रतिवादीहरू मानप्रसाद वि.क. समेतका कर्मचारीहरूको भन्सार राजस्व छली गर्ने कार्यमा संलग्नता रहेको भनी भन्न मिल्ने नदेखिएको । प्रतिवादी जगतराज दाहाल र राजनप्रसाद तिमल्सिनाको हकमा विचार गर्दा प्रतिवादी जगतराज दाहाललाई भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिम विवादित मालवस्तु चोरी पैठारी गरेको ठहऱ्याई रु. ५३,९४,३१८।- जरिवाना र ३ महिना कैद हुने र प्रतिवादी राजनप्रसाद तिमल्सिनालाई भन्सार ऐन, २०६४ को दफा ५७(१) (घ) बमोजिम रु. ५३,९४,३१६।- जरिवाना र ६ महिना कैद सजाय भई राजस्व न्यायाधिकरणबाट सो फैसला सदर भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०६९ को दफा ८(४) बमोजिमको समेत कसुर कायम गरी पाउँ भन्ने आरोपदाबी बमोजिम भ्रष्टाचारजन्य कसुरसमेत प्रतिवादीहरूले गरेको भन्न मिल्ने अवस्था पुष्टि हुन नसकेबाट प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दाको फैसलामा कहीं कतै पनि उल्लिखित २ वटा प्रज्ञापनपत्रहरू पुनः प्रयोग गरिएको विषयलाई इन्कार गरिएको छैन । बरु प्रतिवादी जगतराज दाहाल र राजनप्रसाद तिमल्सिनालाई भन्सार ऐनबमोजिम कारबाही भइसकेको भन्ने आधार लिइएको छ । भन्सार एजेन्टहरूलाई भन्सार ऐनबमोजिम कारबाही भएकै भरमा भन्सार कार्यालयमा एकपटक पेस भइसकेको प्रज्ञापनपत्र पुनः पेस गरी सोही प्रज्ञापनपत्रको परीक्षण र भन्सार जाँचपास मूल्यांकन र गाडीको भौतिक परीक्षणसमेत नगरी बदनियतसाथ राजस्व छली नेपाल सरकारलाई हानि पुऱ्याई भ्रष्टाचारजन्य कार्य गर्ने नेपाल सरकारका जिम्मेवार कर्मचारीलाई उन्मुक्ति दिई भएको उक्त फैसला प्रथम दृष्टिमै त्रुटिपूर्ण रहेको । सहप्रतिवादीहरू राजनप्रसाद तिमल्सिना र जगतराज दाहालले बयान गर्दा कर्मचारीको मिलेमतो बिना गाडी छुटाउन सम्भव हुँदैन भनी कर्मचारीहरूको संलग्नता रहेको व्यहोरा खुलाई बयान गरेको देखिएको ।प्रतिवादी मानप्रसाद वि.क.को बयानमा समेत उल्लिखित तथ्यलाई इन्कार गरिएको छैन । ट्रान्स नेपाल फ्रेट सर्भिसेस प्रा. लि. भैरहवाबाट जारी भएको बिलमा मालबाहक गाडी भैरहवा भन्सार परिसरमा प्रवेश गरी भन्सार जाँचपासको प्रक्रिया पूरा गरी बाहिरिएको भन्सारको विवरणबाट देखिन्छ । सो प्रज्ञापनपत्रमा भएका दस्तखत आफ्नो नभएको भनी प्रतिवादीहरूले इन्कार नगरेको अवस्थाम प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको ।

१८.जिल्ला सिरहा, गोलबजार नगरपालिका वडा नं. ७ चोहर्वा बस्ने सव-इन्जिनियर उमा श्रेष्ठ.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको । (०७६-CR-००२६)

फैसला भएको मिति : २०७८।६।६ पुनरावेदन दर्ता मिति : २०७८।१०।२४

आयोगको निर्णय मिति : २०७८।१०।१३

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू उमा श्रेष्ठ र जगदीशप्रसाद साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर पुष्टि भएको हुँदा निजहरूलाई जनही बिगो रु.५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ख) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी उमा श्रेष्ठलाई आरोपदाबी बमोजिम ४ महिना कैद र बिगो रु.५०,०००।- जरिवानासमेत हुने ठहरी फैसला भएको र प्रतिवादी जगदीशप्रसाद साहले कसुरमा इन्कार रही बयान गरेको । उजुरकर्ता र प्रतिवादी उमा श्रेष्ठबीच भएको वार्तालापको सि.डी. रेकर्ड (स्क्रिप्ट राइटिङ) मा निज प्रतिवादीको उपस्थिति पनि नदेखिएको सुरु उजुरी व्यहोरामा निजउपर पोल आरोप पनि रहेको नदेखिएको बुझिएका मानिसहरूको भनाइसमेतबाट पनि निजको संलग्नता वा मिलेमतो रहेको भन्ने कुरा खुल्न नसकेको । सहप्रतिवादी उमा श्रेष्ठले अनुसन्धान तथा अदालतसमक्ष गरेको बयानमा यी प्रतिवादी जगदीशप्रसाद साहउपर फरक फरक तवरले पोल गरेको भन्ने आधार लिई प्रतिवादी जगदीशप्रसाद साहलाई आरोपदाबीबाट सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादी जगदीशप्रसाद साहको पोलियोग्राफ टेष्टमा DECEPTION INDICATED भन्ने उल्लेख भएबाट समेत निजले झुटो बोलेको भन्ने देखिएको र उजुरी निवेदकले ध्रुवकुमार पासवानले जिल्ला सिरहा, गोलबजार नगरपालिका वडा नं. ९ स्थित जनता माध्यमिक विद्यालयको शौचालय निर्माण कार्य सम्पन्न गरी बिल भरपाई पेस गरेपछि उक्त रकम भुक्तानीका लागि रु.५०,०००।- घुस/रिसवतबापत माग गरी प्रतिवादी उमा श्रेष्ठले बुझिलिएको भनी उजुरी निवेदन गरी मौकामा कागज गर्दासमेत प्रतिवादी जगदीशप्रसाद साहले घुस/रिसवतको रकम उमा श्रेष्ठलाई माग गर्न लगाएको हो भनी लेखाई दिएका छन् । प्रतिवादी जगदीशप्रसाद साहसमेतको मिलोमतोमा प्रतिवादीहरूले निवेदकसँग घुस/रिसवत लिएको पुष्टि र प्रतिवादी उमा श्रेष्ठले अनुसन्धानको क्रममा र अदालतमा प्रतिवादी जगदीशप्रसाद साहले लाए अह्राएबमोजिम घुस मागको वार्तालापको सि.डी. रेकर्ड स्क्रिप्ट राइटिङमा उक्त घुस/रिसवत प्रतिवादीमध्येका जगदीशप्रसाद साह र जनता माध्यमिक विद्यालय चन्द्रोदयपुरका प्रधानाध्यापकबीच तय भए अनुसार घुस/रिसवत रकम माग गरेको खुलेबाट पनि प्रतिवादी जगदीशप्रसाद साहसमेतको सल्लाहबमोजिम प्रतिवादीमध्येकी उमा श्रेष्ठलाई उजुरीकर्तासँग घुस/रिसवत माग गर्न लगाई वारदात घटाएको तथ्य पुष्टि भएको र प्रमाण ऐन, २०३१ को दफा ९(क) बमोजिम सहप्रतिवादीको पोललाई प्रमाणमा लिनुपर्ने कानुनी

व्यवस्थासमेतको बर्खिलाप गरी प्रतिवादी उमा श्रेष्ठबीच घुस मागको वार्तालापको सि.डी. रेकर्ड स्क्रिप्ट राइटिङसमेतबाट सहप्रतिवादी पोल समर्थित भई प्रतिवादी जगदीशप्रसाद साहसमेतको मिलोमतोमा उजुरी निवेदकसँग घुस/रिसवत लिई भ्रष्टाचार गरेको पुष्टि भएकोमा उक्त प्रमाणसमेतलाई प्रमाणको रूपमा ग्रहण नगरी प्रतिवादीलाई आरोपदाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ ।

१९. जिल्ला दार्चुला महाकाली नगरपालिका वडा नं. ८ बस्ने प्रतिवादी विपिनचन्द्र पन्त.....१ जना

मुद्दा : घुस/रिसवत लेनदेन गरी भ्रष्टाचार गरेको ।(०७६-CR-०११९)

फैसला भएको मिति : २०७८।१२।९ पुनरावेदन दर्ता मिति : २०७९।२।१७

आयोगको निर्णय मिति : २०७९।२।१०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी विपिनचन्द्र पन्तले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निज प्रतिवादीलाई बिगो रु.५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

सर्वोच्च अदालत संवैधानिक इजलासबाट ०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८।१।८ मा भएको आदेश/फैसलाबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने खानतलासी/बरामदीलाई प्रमाणग्राह्य गर्न नमिलेको, प्रतिवादी आरोपित कसुरमा इन्कारी रही उक्त रकम मैले सापटी दिएकोले फिर्ता लिएको हुँ भनी बयान गरेको तथा निवेदकले अदालतमा उपस्थित भई बकपत्र गर्न सकेको नदेखिंदा भन्ने आधार लिई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा मिसिलमा रहेका सबै प्रमाण र प्रतिवादीको बयानलाई सूक्ष्म रूपमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा सो गरेको नदेखिँदा निवेदकसँग प्रतिवादीले रकम लिएको भनी स्वीकार गरेको, उक्त रकम सापटीबापत लिएको भनी उल्लेख गरेको तर सापटी लिनुदिनुसम्मको कार्य गर्नुपरेको अवस्था प्रमाणित गर्न नसकेको वादीका साक्षीहरूले अदालतमा उपस्थित भई मौकाको कागजलाई समर्थन हुने गरी बकपत्र गरेको, निवेदक र प्रतिवादीको बीचमा सापटी नभई घुसकै रकम लेनदेन गर्ने व्यहोराको फोनमा कुराकानी भएको देखिएको अवस्था तथा अन्य प्रमाणलाई बेवास्ता गरी आयोगको रकम बरामद भएकाले भन्ने मात्रै आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी विशेष अदालतले गरेको फैसलामा गम्भीर त्रुटिपूर्ण भई बदरभागी छ ।

२०.जिल्ला रूपन्देही साबिक सिदार्थनगर नगरपालिका वडा नं. ८ बस्ने प्रतिवादी कपिल अर्याल.....२ जना

मुद्दा : घुस/रिसवत लेनदेन गरी भ्रष्टाचार गरेको ।(०७६-०१५५)

फैसला भएको मिति : २०७८।१२।१० पुनरावेदन दर्ता मिति : २०७९।२।१७

आयोगको निर्णय मिति : २०७९।२।१०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू कपिल अर्याल र लक्ष्मण ढुंगानाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निजहरूलाई बिगो रु.८०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरूले आरोपित कसुरमा पूर्ण इन्कार रही बयान गरेको, प्रतिवदीहरूको उजुरीकर्ताको समर कन्सलटेन्सीमा लगानी परेकाले रकम भागबण्डा हुनुपर्छ भनी प्रतिवादीहरूले भनेको कुरा स्वयं उजुरीकर्ताले मौकाको कागजमा उल्लेख गरेको, उजुरवाला र उजुरवालाका साझेदार शिवराज चौधरीले समेत अदालतमा उपस्थित भई मौकाको कागजलाई समर्थन हुने गरी बकपत्र नगरेको तथा बरामद भनिएको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको देखिएकाले विष्णुप्रसाद घिमिरेविरुद्ध संघीय संसदसमेत भएको मुद्दा ०७४-WC-००२० मा प्रतिपादित सिद्धान्त तथा व्याख्यासमेतलाई आधार लिई प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीहरूले मौकामा बयान गर्दा आफूहरू शुद्धोधन गाउँपालिकाको कार्यालयमा उक्त कार्यालयको प्राविधिक शाखामा कार्यरत रहेको, भवनको नक्सासम्बन्धी कार्यको सम्पूर्ण जिम्मेवारी आफूहरूको रहेको, आफूहरूको सम्पर्कमा आएका सेवाग्राहीहरूलाई समर कन्सल्टेन्सीमा जान सिफारिस गर्ने गरेको तथ्यलाई स्वीकार गर्नुभएको छ भने सम्मानित अदालतसमक्ष बयान गर्दा उजुरीवालाले बनाएको नक्सालाई अभिलेखीकरण गर्ने कार्य प्रतिवादीहरूको जिम्मेवारीमा रहेको कुरामा कुनै विवाद छैन । बरामद भएको रकम आफूहरूको साथबाट नै बरामद भएको व्यहोरालाई अदालतमा नै स्वीकार गरी प्रतिवादीहरूले लेखाएको अवस्था देखिन्छ । उक्त कुराको पुष्टि गर्ने भार प्रमाण ऐन, २०३१ दफा २७ अनुसार प्रतिवादीहरूमै रहने भए तापनि सो सम्बन्धमा भएको कुनै सम्झौतापत्र प्रतिवादीहरूले पेस गर्न सकेको अवस्था प्रस्तुत मुद्दामा रहेको छैन । प्रतिवादीहरूले आफूहरूको साथबाट रु.८०,०००।- रकम बरामद भएको तथ्यलाई अन्यथा पुष्टि गर्न नसकेको र निज प्रतिवादीहरूले उक्त रकम आफूहरूबाट बरामद भएको तथ्यलाई अदालतमै स्वीकार गरेको अवस्थामा केवल उक्त रकम आयोगबाट उपलब्ध गराएको भन्ने आधारमा मात्रै सफाइ दिने गरी भएको फैसला त्रुटीपूर्ण भई बदरभागी छ ।

२१. जिल्ला नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) पाल्हिनन्दन गाउँपालिका वडा नं. १ स्थायी ठेगाना भएका प्रतिवादी ज्ञानेन्द्रकुमार मौर्य.....१ जना

मुद्दा : घुस/रिसवत लेनदेन गरी भ्रष्टाचार गरेको ।(०७६-CR-०१३९)

फैसला भएको मिति : २०७८।१२।१७ पुनरावेदन दर्ता मिति : २०७९।२।१७

आयोगको निर्णय मिति : २०७९।२।१०

आरोपपत्र मागदाबी

प्रतिवादी ज्ञानेन्द्रकुमार मौर्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु.७,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी ज्ञानेन्द्रकुमार मौर्यले मौकामा कसुर स्वीकार गरी बयान गरेको भए अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको, बरामदी रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम रहेको, अडियोबाट तयार गरिएको स्क्रिप्ट राइटिङमा घुस रकम माग गरेको यकिनसाथ खुलेको नदेखिएको कुराहरूलाई आधारमा प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीले मौकामा कसुर स्वीकार गरी बयान गरेकोमा अदालतसमक्ष कसुरबाट उन्मुक्ति पाउनको लागि मात्रै कसुरमा इन्कार रही बयान गर्नुका साथै स्वतन्त्रपूर्वक बयान लेख्न दिएको होइन भनी लेखाएको भए तापनि त्यस्तो अवस्था विद्यमान रहेको भए म्याद थपको समयमा अदालतसमक्ष भन्ने वा जानकारी गराउनुपर्नेमा सो समेत नगरेकाले त्यस्तै, सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा प्रतिपादित सिद्धान्तका आधारमा बरामदी रकम मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सम्मानित सर्वोच्च अदालतको आदेशमा भएको उपरोक्त व्यहोरालाई हृदयंगम गरी मिसिलमा रहेको सबै प्रमाण र प्रतिवादीहरूको बयानलाई सूक्ष्म रूपमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा सो गरेको नदेखिँदा सर्वोच्च अदालतको मिति २०७८।१।८ को आदेशको आधारमा मात्रै प्रस्तुत मुद्दाका प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला प्रतिवादीको साथबाट रकम बरामद भएको कुरामा विवाद नदेखिएको, बरामद भएको रकम घुस/रिसवत हो भन्ने अनुसन्धानको क्रममा प्रस्ट भएको, उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, निवेदक र प्रतिवदीहरूबीच रकम लेनदेन सम्बन्धमा फोन संवाद कुराकानी भएको देखिएकोसमेतको अवस्थामा प्रतिवादीलाई मागदाबी बमोजिम सजाय गर्नुपर्नेमा अन्य सबै तथ्यप्रमाणको नजरअन्दाज गरी प्रतिवादीको इन्कारी बयान र आयोगबाट रकम उपलब्ध गराएको कुरालाई मात्रै आधार बनाएर प्रतिवादीलाई सफाइ दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

२२. सिराहा जिल्ला, सिराहा नगरपालिका वडा नं. ३ बस्ने प्रतिवादी रामबाबु मण्डल.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०१८३) ।

फैसला भएको मिति : २०७८।१२।२ पुनरावेदन दर्ता मिति : २०७९।२।१७

आयोगको निर्णय मिति : २०७९।२।१७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी रामबाबु मण्डलले रु.५,००,०००।- घुस/रिसवत माग गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८।१।८ मा भएको आदेश/फैसलाबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने खानतलासी/बरामदीलाई प्रमाणग्राह्य गर्न नमिलेको, निवेदकले अदालतमा उपस्थित भई बकपत्र गर्दा उक्त रकम मैले सापटी दिएको हुँ भनी इन्कारी रही बकपत्र गरेको भन्ने आधार लिई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा निवेदकहरूसँग प्रतिवादीले रकम लिएको भनी स्वीकार गरेको, उक्त रकम सापटीबापत लिएको भनी अदालतमा गरेको बयानमा समेत उल्लेख गरेको वादीका साक्षीहरूले अदालतमा उपस्थित भई मौकाको कागजलाई समर्थन हुने गरी बकपत्र गरेको, निवेदक र प्रतिवादीको बीचमा फोनमा कुराकानी भएको देखिएको अवस्था रहेको तथा सम्मानित सर्वोच्च अदालत संवैधानिक इजलासबाट रिट नं. (०७४-WC-००२०) मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० को सन्दर्भमा गरेको आदेशअनुसार मिसिलमा भएका अन्य प्रमाणलाई बेवास्ता गरी आयोगको रकम बरामद भएकोले भन्ने मात्रै आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी विशेष अदालतले गरेको फैसलामा गम्भीर त्रुटि रहेको र उक्त फैसला सर्वोच्च अदालतबाट मुद्दा नं. ०७३-CR-११८२ मा प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको ।

२३.हाल जिल्ला भक्तपुर सूर्यविनायक नगरपालिका वडा नं. ८, सिपाडोल बस्ने प्रतिवादी सविन सुवेदीसमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको ।(०७५-CR-०२४७)

फैसला भएको मिति : २०७८।१२।२४ पुनरावेदन दर्ता मिति : २०७९।३।७

आयोगको निर्णय मिति : २०७९।२।३०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा निज प्रतिवादीहरू सविन सुवेदी र नवराज भट्टराईले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीहरू सविन सुवेदी र नवराज भट्टराईलाई जनही बिगो रु.१५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

अधिवक्ता विष्णुप्रसाद घिमिरेविरुद्ध संघीय संसद, नयाँ बानेश्वर, काठमाडौं भएको ०७४-WC-००२० को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।१।८ मा भएको फैसला, प्रतिवादी नवराज भट्टराई आफूउपरको अभियोग दाबीका सम्बन्धमा इन्कार रहेका प्रतिवादी सविन सुवेदीले मौकामा कसुर स्वीकार गरेको देखिए पनि अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रहेको, उजुरकर्ताले प्रतिवादीहरूका विरुद्धमा पोल गरी बकपत्र गरेको देखिए पनि निजको भनाइ मिसिलसँग अन्य प्रमाणहरूबाट पुष्टि हुन सकेको नदेखिएको भन्नेसमेत आधार ग्रहण गरी दुवै प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा निवेदक जिवन खड्कासमेतका सरकारी साक्षीहरूले अदालतमा समेत बकपत्र गर्दा सो उजुरी व्यहोरालाई समर्थन गरी बकपत्र गरेकोसमेतबाट प्रतिवादीहरूले कार्यालयको कार्यकक्षमा नै घुस/रिसवत लिएको भन्ने देखिएको हुँदा उक्त कार्यमा प्रतिवादीहरूको Mens Rea र Actus Reus दुबै तत्त्वको विद्यमान रहेको अवस्था पुष्टि भएको पाइन्छ । मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ भनी सम्मानित सर्वोच्च अदालतले ०७४-WC-००२० मा नै व्याख्या गरेकोलाई गलत अर्थ लगाई सो विपरीत प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको, प्रतिवादी र निवेदकबीच पटकपटक फोन सम्पर्क भएको Call Details Record बाट देखिएको, घुस/रिसवत कार्यालयको कार्य कक्षमा नै प्रतिवादीहरूले लिएको देखिने श्रव्यदृश्य मिसिल सामेल भएकोमा सोलाई प्रतिवादीहरूले अन्यथा प्रमाणित गर्न नसकेको, प्रतिवादी सविन सुवेदीले अधिकार प्राप्त अधिकारीसमक्ष लिखित बयान गर्दा कसुरमा साबिती रही प्रतिवादी नवराज भट्टराईलाई पोल गरी बयान गरेकोलाई अदालतमा बयान गर्दासमेत अन्यथा प्रमाणित गर्न नसकेको, निवेदक जीवन खड्कासमेतको सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा र अदालतको बकपत्रमासमेत प्रतिवादीहरूले बदनियत राखी घुस/रिसवत लिएको पुष्टि हुने गरी बकपत्र गरेको सो बकपत्र प्रमाण ऐन, २०३१ को दफा १० र १८ अनुसार प्रमाणयोग्य नै देखिएकोसमेतबाट प्रतिवादीहरूको उक्त कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई वारदात स्थापित भई नै रहेको अवस्थामा समेत प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरेको र उजुरकर्ताले प्रतिवादीहरूका विरुद्धमा पोल गरी बकपत्र गरेको देखिए पनि निजको भनाइ मिसिलसँग अन्य प्रमाणहरूबाट पुष्टि हुन सकेको नदेखिएको भन्ने आधार लिई

प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

२४.जिल्ला ललितपुर हाल गोदावरी न.पा. वडा नं. ५ बस्ने प्रतिवादी उमेशकुमार महत.....१ जना

मुद्दा : सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको गरेको (०७५-CR-०२१३) ।

फैसला भएको मिति : २०७८।१२।२१ पुनरावेदन दर्ता मिति : २०७९।३।७

आयोगको निर्णय मिति : २०७९।२।३०

आरोपपत्र मागदाबी :

प्रतिवादी उमेशकुमार महतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर अपराध हुदा बिगो रु.५२,१३,५९०।४३ कायम गरी प्रतिवादी निज उमेशकुमार महतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीले सरकारी सम्पत्ति व्यक्तिगत हित तथा फाइदाका लागि प्रयोग गरेको देखिन आएन, प्रतिवादीउपर बिगोतर्फ दाबी नलिएको तथा रकम हिनामिना हानि नोक्सानी गरेको सम्बन्धमा नेपाल विद्युत प्राधिकरणले भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरेको, निजले हानि नोक्सानी गरेको रकम निजको दायित्वभित्रको भई निजले बैंक दाखिला गरिसकेको देखिँदा रकम हिनामिना गरी खाइमासी भ्रष्टाचार गरेको भनी मान्न मिल्ने अवस्था देखिन आएन भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दा प्रतिवादी उमेशकुमार महतले रु.५२,१३,५९०।४३ रकमको हकमा छानबिन हुन पूर्वसम्म उक्त सरकारी सम्पत्ति व्यक्तिगत हित तथा फाइदाका लागि प्रयोग गरेकोमा छानबिनपश्चात बैंक दाखिला गरेको देखिँदासमेत प्रतिवादीले सरकारी सम्पत्ति व्यक्तिगत हित तथा फाइदाका लागि प्रयोग गरेको देखिन आएन भन्ने आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भएको निजले गरेको आपराधिक कार्यको प्रकृतिबाटै नेपाल विद्युत प्राधिकरणअन्तर्गतको सरकारी/सार्वजनिक रकम आपराधिक मनसाय र बदनियतपूर्वक हिनामिना गरी आर्जन गरेको सम्पत्तिलाई हानि नोक्सानी गरेको रकम प्रतिवादीको दायित्वभित्रको मानी निज प्रतिवादीले बैंक दाखिला गरिसकेको आधार लिई प्रतिवादीको दायित्वको सरकारी/सार्वजनिक सम्पत्तिको अपव्याख्या गरी भएको फैसला भ्रष्टचार निवारण ऐन,२०५९ दफा १७ को व्यवस्थाको रोहमा त्रुटिपूर्ण रहेको । यसै सन्दर्भमा रामप्रसाद सिटौलाविरुद्ध टिम्बर कर्पोरेशन अफ नेपाल केन्द्रीय कार्यालय भएको मुद्दामा (ने.का.प.,२०६४, अंक २, भाग ४९, नि.नं. ७८१६) संगठनका कर्मचारीहरूलाई आचरणविपरीत गरेमा गरिने कारबाही भनेको Non-Criminal र Disciplinary Action को कारबाही हो र राज्यको फौजदारी कानुन तोडेबापत

राज्यको तर्फबाट Public Prosecution भई अदालतबाट कानुनबमोजिम कैद वा जरिवाना दुवै सजाय हुने कारबाही भनेको अदालती कारबाही हो । संगठनका कर्मचारीलाई आचरण विपरीत कारबाही गरी पुनः भ्रष्टाचारको फौज्दारी अपराधमा कारबाही गरी अदालतबाट सजाय हुँदा पनि Double Jeopardy विरुद्धको हक हनन् नहुने भनी सम्मानित सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भइसकेको अवस्थामा नजिरको प्रतिकूल हुने गरी रकम हिनामिना हानि नोक्सानी गरेको सम्बन्धमा नेपाल विद्युत प्राधिकरणले भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरेको देखिएको भनी आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

२५.जिल्ला सर्लाही, बरहथवा नगरपालिका, वडा नं. ३, झिंगयाही बस्ने प्रतिवादी विन्दा साह भन्ने विनोद साह.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०२६९) ।

फैसला भएको मिति : २०७९।१२।२ पुनरावेदन दर्ता मिति : २०७९।७।७

आयोगको निर्णय मिति : २०७९।२।३०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी विन्दा साह भन्ने विनोद साहलाई बिगो रु.३,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

आफूले काम गरेबापत पाउनुपर्ने भुक्तानी समयमा नआएको कारणले उजुरकर्ताले उजुरी गरेको नदेखिई आफूले पाउनुपर्ने रकम भुक्तानी भई आफ्नो खातामा आइसकेपश्चात अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष उजुरी गरी घुस बापत दिन भनी रकम बुझी लगेको, प्रतिवादीको कोठाबाट बरामद भएको रकम प्रतिवादीको मञ्जुरीले लिएर राखेको भन्ने आपराधिक तत्त्वको विद्यमानता प्रस्तुत मुद्दामा पुष्टि हुनसकेको नदेखिएको, उजुरीकर्ताबाट जबरजस्ती रकम प्रतिवादीलाई भिडाउन खोजेको अवस्थालाई रकम बरामद भएको हो भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा बोल्ड वाइड/रामसागर विल्डर्स जे.भी. काठमाडौंबाट रूपनी-राजविराज-कुनौली सडक खण्डको कालोपत्रे कार्यको ठेक्का नं. १४/२०७४/०७५ को अन्तिम बिल भुक्तानी लगायतका काम गरिदिएबापत सडक डिभिजन लहान, सिरहाका निमित्त डिभिजन प्रमुख विनोद साहले सेवाग्राहीबाट रु.३,००,०००।- घुस/रिसवत माग गरेको भन्नेसमेत व्यहोराको खडानन्द पौडेल र सागर लुइटेलले निवेदन दिएको देखिएको, सडक डिभिजन कार्यालय लहानको कार्यालय भवन परिसरभित्रको कार्यालय प्रमुखको बैठक कक्षमा प्रतिवादी विनोद साह बसिरहेको सोफामा

रिसवत रकम रु.३,००,०००।- बरामद भएको, मिसिल सामेल अडियो तथा श्रव्यदृश्य सि.डी.बाट निज प्रतिवादीले राजीखुसी घुस रिसवत माग गरी लिएको पुष्टि भएको देखिएको, निवेदक र प्रतिवादीबीच पटक पटक फोन सम्पर्क भएको CDR बाट देखिएको, खडानन्द पौडेल र सागर लुइटेलसमेतका सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले कार्यालय परिसरभित्र बैठक कक्षमा घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्वको विद्यमान रहेकाले यसै सन्दर्भमा शिवबहादुर स्वाँर वि. नेपाल सरकार भएको मुद्दामा पुनरावेदक प्रतिवादी शिवबहादुरले आफ्नो पर्सबाट बरामद भएको रकम लिलाप्रसादले घर्रामा छाडेको कुरामा अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा उल्लेख गरेको अधिकार प्राप्त अधिकारी र अदालतमा बयान गर्दा राहदानी बनाउन कागज रकम बरामद भएको कुरा स्वीकार गरेको स्थितिमा घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएकोमा प्रतिवादीलाई रकम भिडाउन खोजेको अवस्थालाई रकम बरामद भएको हो भनी त्यतिकै आधारमा कुनै राष्ट्रसेवकलाई दोषी करार गर्न मिल्दैन भनी आधार लिई प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ पाउने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

२६.जिल्ला उदयपुर साबिक ठोक्सिला गा.वि.स. वडा नं.७ बस्ने प्रतिवादी रेवतीकुमार कोइरालासमेत.....३ जना

मुद्दा : सामाजिक सुरक्षा भत्ता रकम हिनामिना गरी भ्रष्टाचार गरेको (०७५-CR-०१४२)।

फैसला भएको मिति : २०७८।१२।२० पुनरावेदन दर्ता मिति : २०७७।३।७

आयोगको निर्णय मिति : २०७९।२।३०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी रेवतीकुमार कोइरालालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.८३,०००।- कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा १ को देहाय (ग) बमोजिम सजाय हुन र हिनामिना गरेको बिगो रकम रु.८३,०००।- ऐ. ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर हुन, प्रतिवादी मनिष चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.२,५०,०००।- कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा १ को देहाय (घ) बमोजिम सजाय हुन र हिनामिना गरेको बिगो रकम रु.२,५०,०००।- सोही ऐनको दफा १७ बमोजिम निजबाट असुलउपर हुन र टेकबहादुर श्रेष्ठलाई भ्रष्टाचार निवरण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर अपराधमा ऐ. ऐनको दफा १७, दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) देहाय (घ) ले हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरूमध्ये मनिष चौधरी र टेकबहादुर श्रेष्ठले लाभग्राहीको सहीछाप आफैं गरी सम्बन्धित व्यक्तिहरूलाई बुझाएको भनी बयान व्यहोरा लेखाएका, मृत्यु भएका, बसाइँ सरेका तथा वडामा नै नभएका व्यक्तिहरूको समेत रकम निकाली खर्च लेखेको सम्बन्धमा प्रचलित नेपाल कानुनबमोजिम नेपाल सरकारले प्रतिवादीहरूबाट असुलउपर गर्न सक्ने नै देखिएको, सह-प्रतिवादीहरू रेवतीकुमार कोइराला र मनिष चौधरीको कार्यकालमा सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्दा भएको अनियमितताको बिगो निज प्रतिवादी टेकबहादुर श्रेष्ठबाट भराउन न्यायोचित र विवेकसम्मत देखिंदैन, मृत्यु भएका तथा बसाइँ सरेका व्यक्तिहरूको यकिन मृत्यु मिति र बसाइँसराइँ मिति वादीले प्रमाणबाट पुष्टि गर्न नसकेको, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफूले पाउनुपर्ने रकम नपाएको भनी उजुर गरेको नदेखिएको, प्रतिवादीहरूले झुटा/नक्कली लाभग्राहीहरूको नाम राखी रकम आफैंले बुझी खाइमासेको भन्ने तथ्य स्थापित हुन नसकेको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

प्रतिवादीहरूमध्ये मनिष चौधरी र टेकबहादुर श्रेष्ठले लाभग्राहीको सहीछाप आफैं गरी सम्बन्धित व्यक्तिहरूलाई बुझाएको भनी बयान व्यहोरा लेखाएका, मृत्यु भएका, बसाइँ सरेका तथा वडामा नै नभएका व्यक्तिहरूको समेत रकम निकाली खर्च लेखेको भनी स्वय सुरु अदालतले फैसलामा स्वीकारी सकेको अवस्थामा प्रतिवादीहरूले आरोपदाबी बमोजिम कसुर गरेको पुष्टि भएको देखिएकाले सजाय गर्नुपर्नेमा अस्पष्ट तथा हचुवाको भरमा सो सम्बन्धमा प्रचलित नेपाल कानुनबमोजिम नेपाल सरकारले प्रतिवादीहरूवबाट असुलउपर गर्न सक्ने नै देखिएको भनी आधार लिई प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई आर्थिक वर्ष २०६५/६६ देखि २०७०/७१ सम्मको जिल्ला विकास समितिबाट सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको नामावली उल्लेख भएको प्रकाशित पुस्तकमा रहेको खुद नामावली संख्या भन्दा प्रतिवादीहरूले गाउँ विकास समितिको कार्यालयबाट बुझाएको भरपाईमा बढी देखिएको, केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुसी, काठमाडौंको च.नं. ४९४ मिति २०७३।५।१३ गतेको पत्रसाथ प्राप्त औंठाछाप परीक्षण प्रतिवेदनबाट उक्त आ.व.हरूमध्ये प्रतिवादीहरू रेवतीकुमार कोइराला र मनिष चौधरीको कार्यकालमा विभिन्न चौमासिकमा १५४ जनालाई वितरण गरेको सामाजिक सुरक्षा भत्ता भरपाईहरूमा भएको औंठाछापसँग प्रतिवादी टेकबहादुर श्रेष्ठसँग लिएको औंठाछाप मिलेको देखिएको, प्रतिवादी मनिष चौधरीको कार्यकालको विभिन्न चौमासिकमा गरी २१ जनालाई वितरित सामाजिक सुरक्षा भत्ता र आर्थिक वर्ष २०६७/६८ को बाल संरक्षण अनुदान शीर्षकमा २५ जनालाई वितरण गरेको भरपाईहरूमा भएको औंठाछापसँग निज मनिष चौधरीसँग लिएको नमुना औंठाछापसँग मिलेको देखिएको भन्नेसमेत व्यहोराको प्रतिवेदन देखिएको र प्रतिवेदन दिने लेखा विशेषज्ञ मेघनाथ खतिवडाले सोही प्रतिवदेनलाई समर्थन हुने गरी अदालतमा बकपत्र गरेको, स्थलगत सर्जमिनको क्रममा खोजतलास गर्दा नाम फेला नपरेको/गा.वि.स. वडा एरियामा नभएका, मृत्यु एवं बसाइँसराइँ गरिसकेको भनी खुल्न आएका व्यक्तिहरू तत्कालीन प्रतिवादी रेवतीकुमार कोइरालाको कार्यकालमा सामाजिक सुरक्षा भत्ता

वितरण भई प्रतिवादी टेकबहादुर श्रेष्ठले औंठाछाप लगाएका भरपाईहरू/सक्कल सामाजिक सुरक्षा भत्ता लगत रजिष्टरमा नामावली दर्ता नभएका व्यक्तिहरूको विवरण (तालिका नम्बर-४) जम्मा ३७ जनाको रकम रु.८३,०००।- देखिएको र प्रतिवादी मनिष चौधरीको कार्यकालमा (तालिका नम्बर-५) जम्मा ४९ जनाको रु.१,४४,०००।- र प्रतिवादी मनिष चौधरीको कार्यकालमा सामाजिक सुरक्षा भत्ता वितरण भई निज आफैंले औंठाछाप लगाएका भरपाईहरू/सक्कल सामाजिक सुरक्षा भत्ता लगत रजिष्टरमा नाम दर्ता नभएका व्यक्तिहरू (तालिका नम्बर-६) जम्मा २१ जना जम्मा रु.४६,०००।- र बाल संरक्षण अनुदान शीर्षकका आफैंले औंठाछाप लगाएका भरपाईहरू/सक्कल सामाजिक सुरक्षा भत्ता लगत रजिष्टरमा नाम दर्ता नभएका व्यक्तिहरू (तालिका नम्बर-७) जम्मा २५ जना रु.६०,०००।- देखिएकोबाट निज प्रतिवादीहरूले झुटा/नक्कली लाभग्राहीहरूको नाम राखी रकम आफैंले बुझी खाइमासेको भन्ने तथ्य स्थापित पुष्टि भइरहेको अवस्थामा समेत निज प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

२७.जिल्ला लमजुङ, मध्यनेपाल नगरपालिका वडा नं. ३, सूर्यपाल स्थायी ठेगाना भई हाल जिल्ला तनहुँ, व्यास नगरपालिका वडा नं. १ बस्ने प्रतिवादी शुकदेव अधिकारीसमेत.....२ जना

मुद्दा : घुस/रिसवत लेनदेन गरी भ्रष्टाचार गरेको (०७६-CR-०३१२) ।

फैसला भएको मिति : २०७९।१।२ **पुनरावेदन दर्ता मिति : २०७९।३।७**

आयोगको निर्णय मिति : २०७९।२।३०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी शुकदेव अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन र अर्का आरोपित कृष्णबहादुर अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

मिसिल संलग्न रहेका प्रमाणहरू बरामदी रकमसँगै सम्बन्धित रहेको देखिएकाले सर्वोच्च अदालत संवैधानिक इजलासबाट ०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८।१।८ मा भएको आदेश/फैसलाबमोजिम उक्त प्रमाणहरूलाई प्रमाणग्राह्य गर्न नमिल्ने साथै प्रतिवादीहरू आरोपित कसुरमा इन्कारी रही बयान गरेको तथा उजुरकर्ताले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिकूल बकपत्र गरेको समेतका आधारलाई लिएर उक्त प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले मिति २०७८।१।८ मा ०७४-WC-००२० को सन्दर्भमा गरेको आदेशको व्यहोरामा न्याय निरूपण गर्दा हाल मुद्दाको सुनुवाइ अन्तिम भइनसकेका वा न्यायिक प्रक्रियामा रहेका विवादका सन्दर्भमा मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको

आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ भन्ने व्यहोरा उल्लेख भएकोमा अदालतबाट फैसला गर्दा अन्य प्रमाणको मूल्यांकन गरेको देखिएन । प्रस्तुत मुद्दामा निवेदक र प्रतिवादीमध्येका कृष्णबहादुर अधिकारीबीच घुस रकम लेनदेन गर्ने विषयमा लामो र पटकपटक फोन सम्पर्क भएको भन्ने तथ्य मिसिल संलग्न रहेको देखियो र आयोगले उपलब्ध गराएको रकम बरामद भए तापनि मिसिल संलग्न अन्य तथ्य र प्रमाणको आधारमा प्रतिवादीले निवेदकसँग घुस रकम माग गरी लिएको पुष्टि भएको निवेदक र प्रतिवादीहरू सबै जना स्वार्थ बाझिने पदमा रहेर सापटी लेनदेन गरेको भनी मान्ने हो भने पनि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (५) ले सेवाग्राहीसँग राष्ट्रसेवकले सापटी, चन्दा वा उपहार लेनदेन गर्ने कार्यलाई पनि कसुर मानेको अवस्थामा उक्त ऐनको दफा ५ ले सापटी लेनदेन गर्ने कार्यलाई कसुर परिभाषित गरेको हुनाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत कृष्णबहादुर दाहालको प्रतिवेदनले नेपाल सरकार वादी र रमेशकुमार तामाङ प्रतिवादी भएको, भ्रष्टाचार (घुस/रिसवत) मुद्दा (०७३-CR-११८२) मा मिति २०७८।४।१९ मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (५) बमोजिम ३ महिना कैद हुने गरी विशेष अदालतले गरेको फैसला सदर हुने गरी नजिरसमेत कायम भएको अवस्था देखियो । निवेदक र प्रतिवादीको बीचमा फोनमा कुराकानी भएको देखिएको, निवेदकले प्रतिकूल बकपत्र गरेको भने तापनि उक्त बकपत्र र प्रतिवादीको बयान व्यहोरामै फरक परेको तथा सम्मानित सर्वोच्च अदालत संवैधानिक इजलासबाट (रिट नं. ०७४-WC-००२०) को सन्दर्भमा मिति २०७८।१।८ मा गरेको आदेशको मूल भावनाविपरीत हुने गरी फैसला भएकाले त्रुटिपूर्ण भई बदरभागी छ ।

२८.जिल्ला ताप्लेजुङ, सिदिङ्गवा गाउँपालिका (साबिक मेहेले गा.वि.स. वडा नं. ७) बस्ने प्रतिवादी देउमान कडरिया.....१ जना

मुद्दा : घुस/रिसवत लेनदेन गरी भ्रष्टाचार गरेको (०७६-CR-००३५)

फैसला भएको मिति : २०७८।१२।१६ पुनरावेदन दर्ता मिति : २०७९।३।७

आयोगको निर्णय मिति : २०७९।२।३०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी देउमान कडरियाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिँदा बिगो रु.५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८।१।८ मा भएको आदेश/फैसलाबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसँग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य

गर्न नमिल्ने र रकम बरामद भएको बाहेक अन्य प्रमाणहरूबाट प्रतिवादीउपरको आरोपदाबी पुष्टि हुन नसकेको भन्ने कुरालाई आधार लिई प्रतिवादीले सफाइ पाउने ।

विशेष अदालतको फैसला

सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८।१।८ मा भएको आदेश/फैसलाबमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसँग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने र रकम बरामद भएको बाहेक अन्य प्रमाणहरूबाट प्रतिवादीउपरको आरोपदाबी पुष्टि हुन नसकेको भन्ने कुरालाई आधार लिई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

निवेदक र प्रतिवादीबीच पटकपटक गरी ३७ पटकसम्म सम्पर्क भएको देखिएको, प्रतिवादी र निवेदक सेवा प्रदायक र सेवाग्राही भएको कुरालाई अदालतलेसमेत स्वीकार गरेको देखियो । आयोगले उपलब्ध गराएको रकम बरामद भए तापनि मिसिल संलग्न अन्य तथ्य र प्रमाणको आधारमा प्रतिवादीले निवेदकसँग घुस रकम माग गरी लिएको पुष्टि भएको भनी सम्मानित विशेष अदालतबाटै ०७६-CR-००२५, ०७४CR-०११६ लगायतमा मुद्दामा प्रतिवादी कसुरदार ठहर भएकोमा सोही तथ्य भएको प्रस्तुत मुद्दामा गरेको फैसलामा एकरूपता देखिएन । अर्कोतर्फ भ्रष्टाचारजन्य कसुर पुष्टि हुनका लागि रकम बरामद हुनैपर्ने भन्ने अनिवार्यता पनि होइन । कुनै काम गरिदिन वा नगरिदिने प्रयोजनार्थ घुस रकम लिने वा लिन मञ्जुर गरेमा पनि भ्रष्टाचार कसुर हुने भन्ने कानुनी मनसाय रहेको उजुरकर्ता सेवाग्राही र प्रतिवादी उजुरवालालाई उपलब्ध गराउनुपर्ने सेवा र प्रतिवादीले सम्पादन गर्नुपर्ने कार्य अन्तरसम्बन्धित रहेको भन्ने कुरालाई अदालतले पनि स्वीकार गरेको, रकम लिनुदिनु कार्यसँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको, निवेदक र वादीका साक्षीले अदालतमा बकपत्र गर्दा अनुसन्धानका कागजलाई समर्थन हुने गरी बकपत्र गरेको, यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको समेतका प्रमाणहरू मिसिल संलग्न भएको अवस्थामा अन्य प्रमाणलाई अनदेखा गरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएकाले बदरभागी छ ।

२९.रौतहट जिल्ला, जटहरा गा.वि.स., वडा नं ८ स्थायी ठेगाना भई नेपाल सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको मेडिकल सुपरिन्टेन्डेन्ट प्रतिवादी डा. रामशंकर यादवसमेत.....३ जना
मुद्दा : गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (०७३-CR-००३२) ।
फैसला भएको मिति : २०७८।१२।१३ पुनरावेदन दर्ता मिति : २०७९।३।८
आयोगको निर्णय मिति : २०७९।२।३०

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी डा. रामशंकर ठाकुरलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर

गरेको पुष्टि हुन आएकाले निज डा. रामशंकर ठाकुरलाई बिगो रु.१,१८,२७,०१३।- कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ ग. तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन, निजले भ्रष्टाचार गरी गैरकानुनी आर्जन गरेको सम्पत्ति बिगो रु.१,१८,२७,०१३।- मध्ये रु.३०,५०,५८३।- बराबरको स्रोत पुष्टि नभएको चलअचल सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम स्रोत खुल्ने अन्य सम्पत्तिबाट जफत गर्न र प्रतिवादी विन्दुदेवी ठाकुरको नाममा स्रोत नखुलेको रकम रु.७१,८९,११८।- तथा निज रामशंकर ठाकुरको छोरा जितेश ठाकुरको जम्मा रु.८७,७६,४३०।- समेत बराबरको स्रोत पुष्टि नभएको चलअचल सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीले अदालतमा गरेको बयान, प्रतिवादीका कानुन व्यवसायीले गरेको बहस जिकिर र पेस गरेको बहसनोटलाई आधार लिई तलब भत्ता बाहेकको अन्य आयमा आरोपपत्रमा समावेश नभएको भनी अदालतबाट रु.१,८२,४०२।- थप गरिदिने, कृषि आयतर्फ आरोपपत्रमा उल्लेख भएको रकममा रु.४,४५,७३५।- अदालतबाट थप गरिदिने, घरबहालबापतको आय रु.२१,३९,३९९।- होला भनी अदालतले अनुमान गरी प्रतिवादीको आय रकम बढाइदिने प्रयोजनार्थ आय कायम गरिदिने तथा प्रतिवादीले निजी प्राक्टिस गरे होलान भनी अदालतबाट अनुमान गरी रु.९२,२२,५००।- आय कायम गरिदिई प्रतिवादीले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा प्रतिवादीले दाबी नै नगरेको रकमलाई आरोपपत्रमा उल्लेख नगरिएको, यस आयोगमा बयान गर्दा र १३ पाने फाराम भर्दा स्रोतसहित उल्लेख नगरेको आयस्रोत र रकम अदालतमा बयान गर्दा प्रतिवादीले उल्लेख गरेको तथा विद्वान कानुन व्यवसायीले बहस नोटमा जिकिर लिएको भनी प्रतिवादीको आय रकम आरोपत्रमा उल्लेख भएको रु.३,५०,८४७।- मा रु.१,८२,४०२।- थप गरी जम्मा रु.५,३३,२५९।- कायम गरिएको देखियो। यसरी अनुसन्धानको क्रममा प्रतिवादीले स्रोतसहित दाबी गर्न नसकेको आयस्रोत अदालतमा पुगेपछि कानुन व्यवसायीले बहस नोटमा जिकिर लिएको भनी आय रकम थप गरी आम्दानी बढाइदिने र प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को कानुनी व्यवस्था, प्रमाणको भार प्रतिवादीमा सर्ने कानुनको मक्सद र उक्त कानुन बन्नु पछाडिको उद्देश्यभन्दा फरक र कानुनी मान्यताविपरीत देखियो ।त्यस्तै कृषि आयतर्फ आरोपपत्रमा कृषिबाट भएको आय भनी रु.८,९१,४७०।- कायम गरिएकोमा उक्त रकम आयोगले मनोमानी ढंगले गणना नगरी जिल्ला कृषि विकास कार्यालय,

रौतहटबाट प्रतिवादी रामशंकर ठाकुर र निजको परिवारका नाममा रहेका विभिन्न किल्ला नं. हरूको अवस्था, हुने बाली तथा ०५०/५१ देखि हालसम्मको उत्पादन लागत, उत्पादकत्व, बजार मूल्य र वार्षिक आम्दानीसमेतको विवरण माग गरी उक्त कार्यालयबाट प्राप्त विवरणको आधारमा सो विषयसँग सम्बन्धित विज्ञ (वरिष्ठ कृषि विकास अधिकृत) केशव देवकोटाले दिएको प्रतिवेदनको आधारमा उक्त कृषि आयबापतको रकम उल्लेख गरी आधिकारिक सरकारी कार्यालय (जिल्ला कृषि विकास कार्यालय रौतहट) बाट प्राप्त विवरणलाई आधार मानी विश्लेषण गरी कुल आम्दानीमा लागत मूल्य घटाई कृषि आय गणना गर्दा धानबाट जम्मा रु.५,१७,६३३।६९ र गहुँबाट जम्मा रु.३,७३,८३८।६८ जम्मा कृषिबाट आय रु.८,९१,४७२।३७ कायम गरिएको हो । धान वर्षे बाली हो र गहुँ हिउँदे बाली हो, वर्षे बालीको आय रु.५,१७,६३३।६९ र गहुँ (हिउँदे बाली)बाट जम्मा रु.३,७३,८३८।६८ गरी जम्मा रु. रु.८,९१,४७२।३७ कायम गरिएको देखियो । प्रतिवादी आफैंले कमाएको जग्गामा वर्षे बालीको हकमा कुत प्रयोजनमा तोकिएको उब्जनीको दोब्बर, सिंचाइ सुविधा भई दुई बाली लाग्ने जग्गामा हिउँदे बालीबापत वर्षे बालीको आधा र मोही लागेको जग्गामा भूमिसम्बन्धी ऐनबमोजिम जग्गाधनीले पाउन सक्ने भाग हिस्सालाई कृषि आयका रूपमा कायम गर्नु उचित र न्यायसम्मत हुने भन्ने सिद्धान्त (ने.का.प. २०६८, नि.नं. ८६३०, पृ.९१७) कायम भएको अवस्थामा अदालतबाट फैसला हुँदा माथि उल्लेख गरिएको जम्मा कृषि आयको आधा रु.४,४५,३७५।- थप गरी जम्मा आय रु.१३,३७,२०५।- कायम गरिदिएको देखियो । जबकि रु.८,९१,४७२।३७ मै वर्षे बाली र हिँउदे बालीको आय समावेश भइसकेको र कृषि आयमा के कसरी बढोत्तरी भयो भनी कुनै पनि कागजातले समर्थन नगर्दा नगर्दै पनि अदालतले माथि उल्लेख भएबमोजिमको प्रतिपादित सिद्धान्तको आधारमा सामान्य हिसाब गणनामा समेत त्रुटि गरी बिना आधार प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

३०.जिल्ला झापा, गौरादह नगरपालिका वडा नं. ७ बस्ने हाल जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ, इनरुवा, सुनसरीका इकाइ प्रमुख पदमा कार्यरत प्रतिवादी खगेन्द्रप्रसाद सुवेदी.....१ जना

मुद्दा : घुस/रिसवत लेनदेन गरी भ्रष्टाचार गरेको (०७४-CR-०१५९) ।

फैसला भएको मिति : २०७८।१२।२४ **पुनरावेदन दर्ता मिति : २०७९।३।८**

आयोगको निर्णय मिति : २०७९।३।३

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी खगेन्द्रप्रसाद सुवेदीलाई बिगो रु.५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

मिसिल संलग्न रहेका प्रमाणहरू बरामदी रकमसँगै सम्बन्धित रहेको देखिएकाले सर्वोच्च अदालत

संवैधानिक इजलासबाट ०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८।१।८ मा भएको आदेश/फैसलाबमोजिम उक्त प्रमाणहरूलाई प्रमाणग्राह्य गर्न नमिल्ने र प्रतिवादीको उजुरवालासँग घुस/रिसवत लिने मनसाय नदेखिएको तथा स्वेच्छाले घुस/रिसवत लिएको पनि नदेखिएको भन्ने कुरालाई आधार बनाई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले मिति २०७८।१।८ मा ०७४-WC-००२० को सन्दर्भमा मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ । मिसिल संलग्न रहेका प्रतिवादीविरुद्धका तथ्य प्रमाणको आधारमा हेरिनुपर्नेमा प्रतिवादीले घुस रकम माग गरेको भन्ने प्रमाण अन्य तथ्यबाट देखिँदा पनि अदालतले त्यसतर्फ अनदेखा गरी फैसला गरेको देखियो । प्रस्तुत मुद्दामा निवेदक र प्रतिवादी खगेन्द्र सुवेदीबीच घुस रकम लेनदेन गर्ने विषयमा लामो र पटकपटक फोन सम्पर्क भएको, प्रतिवादीले घुस रकम लिनकै लागि आफूले गर्नुपर्ने कामसँग सम्बन्धित फाइल आफ्नो डेरामा लिएर गएको र रकम लिएर उक्त फाइल निवेदकलाई दिएको, घुस रकम लिनका लागि समय तोकेरै निवेदकहरूलाई आफू बस्ने ठाउँमा बोलाएको समेतका तथ्यहरू मिसिल संलग्न हुँदाहुँदै र मिसिल संलग्न अन्य तथ्य र प्रमाणको आधारमा प्रतिवादीले निवेदकसँग घुस रकम माग गरी लिएको पुष्टि भएको निवेदकले अनुसन्धानको कागज र निवेदनलाई समर्थन हुने गरी बकपत्र गरेको तथा सम्मानित सर्वोच्च अदालत संवैधानिक इजलासबाट (रिट नं. ०७४-WC-००२०) को सन्दर्भमा मिति २०७८।१।८ मा गरेको आदेशको मूल भावनाविपरीत हुने गरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

३१.जिल्ला कैलाली धनगढी उपमहानगरपालिका वडा नं.१३ राजपुर बस्ने प्रतिवादी दिलबहादुर महरासमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०३८९) ।

फैसला भएको मिति : २०७८।१२।१६ पुनरावेदन दर्ता मिति : २०७९।३।७

आयोगको निर्णय मिति : २०७९।३।६

आरोपपत्र मागदाबी

प्रतिवादीहरू दिलबहादुर महरालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन र प्रतिवादी बृखबहादुर धामीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रु.५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

आयोग स्वयंले दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाण ग्रहणयोग्य नहुने भनी सिद्धान्त प्रतिपादन गरेको पाइँदा आयोगले सरकारी कोषको रकम दिई सिर्जना गरेको बरामदी मुचुल्का तथा बरामद रकमलाई प्रमाणको रूपमा ग्राह्य गर्न मिल्ने अवस्था देखिन आएन, वादी नेपाल सरकारका साक्षी तुलराम सापकोटाले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीहरूले घुस रकम लिएको मैले देखेको होइन, प्रतिवादी बृखबहादुर धामीले उक्त रकम दिलबहादुर महरालाई दिनका लागि लिएको भनेका पनि थिएनन् र दिलबहादुर महरा उक्त स्थानमा छँदा पनि थिएनन् भनी बकपत्र गरेको र प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कारी रही बयान गरेको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा निवेदक गोरखबहादुर धामीको अदालतमा बकपत्र भएको नदेखिएकोबाट प्रस्तुत मुद्दाको प्रत्यक्ष प्रमाणको रूपमा रहेको निज निवेदक र निजले आयोगमा घुस/रिसवतको निवेदन दिनुपूर्वको अडियो वार्तालापको सम्बन्धमा अदालतमा गरिने बकपत्रले अदालतको फैसलामा असर पर्न सक्ने देखिँदासमेत प्रस्तुत मुद्दामा निज निवेदकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदा समेत सोतर्फ प्रवेश नगरी प्रतिवादीहरूलाई सफाइ दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानुन व्यवस्थाको प्रतिकूल रही फैसला त्रुटिपूर्ण रहेको र प्रमाण ऐन, २०३१ को दफा १३ क. बमोजिम श्रव्यदृश्य अभिलेखलाई प्रमाणमा ग्रहण गर्न सकिने कानुनी व्यवस्था रहेको अवस्थामा उजुरीकर्ताले पेस गरेको अडियो र श्रव्यदृश्य सि.डी. समेत मिसिल सामेल रहेको देखिएकोमा सोलाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको फैसला प्रतिपादित सिद्धान्त, विद्यमान कानुन तथा तथ्य र प्रमाणको मूल्यांकनको रोहमा समेत त्रुटिपूर्ण भई बदरभागी छ ।

३२.जिल्ला पाल्पा, हाल रैनादेवी छहरा गाउँपालिका वडा नं. ७ बल्डेङगढी बस्ने प्रतिवादी देवेन्द्र पुन.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०४०१) ।

फैसला भएको मिति : २०७९।१।२ **पुनरावेदन दर्ता मिति : २०७९।३।७**

आयोगको निर्णय मिति : २०७९।३।६

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी देवेन्द्र पुनलाई बिगो रु.३,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

उजुरकर्ता र प्रतिवादीका बीचमा भएको टेलिफोन संवादमा पैसाको विषयमा कुराकानी भएको

देखिए पनि त्यसलाई प्रतिवादीले अदालतसमक्ष बयान गर्दा सापटीको पैसा हो, घुसको होइन भनी इन्कार गरेका, फोन संवादमा उजुरकर्ताले के कति लाग्छ भनेर पटकपटक सोधेको रु.३,००,०००।- ले हुन्छ भनेको देखिए पनि प्रतिवादीले घुस रकम माग गरेको यति रकम चाहिन्छ भनेर बार्गेनिङ गरेको अवस्था नदेखिएको, प्रतिवादीले मौकामा बयान गर्दा उजुरवालाले रु.३,००,०००।- दिन्छु भनेर घरमै बोलाएका थिए भन्नेसम्म तथ्य स्वीकार गरेको देखिए पनि अदालतसमक्षको बयानमा कसुरमा पूर्णरूपमा इन्कार गरेको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा प्रतिवादी देवेन्द्र पुनले सेवाग्राहीबाट घुस/रिसवत लिई लुकाइछिपाई राखेको निजले बोकेको झोलाबाट रकम रु.३,००,०००।- बरामद भएको र निज प्रतिवादीले हात धोएको कचौरामा रहेको पानी परिवर्तन भई पिंक भएको भन्नेसमेत व्यहोराको खानतलासी बरामदी मुचल्का देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष लिखित बयानको स.ज. १३ मा निवेदक हरिहर थापाले पेस गरेको सि.डी. मा रहेको आवाज म र निवेदकबीचको कुराकानी वार्तालाप हो, स.ज. १४ मा घुसको रकम रु.३,००,०००।- आफ्नो साथबाट बरामद भएको स्वीकार गरेको र स.ज. १८ मा रु.५,००,०००।- सापटी लिएकोमा रु.४,५०,०००।- फिर्ता दिइसकेको छु, रु.५०,०००।- हजार बाँकी छ भनी इन्कारी बयान गरेको देखिएको अवस्था छ । निवेदक र प्रतिवादीबीच पटकपटक फोन सम्पर्क भएको Call Details Record बाट देखिएको, हरिहर थापासमेतका सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई घुस रिसवत लिन सहमत भई वारदात स्थापित भई नै रहेको अवस्थामा छ भन्ने प्रमाण ऐन,२०३१ को दफा १३क. बमोजिम श्रव्यदृश्य अभिलेखलाई प्रमाणमा लिने भनी कानुनी व्यवस्था रहेको अवस्थामा उजुरीकर्ताले पेस गरेको सि.डी.लाई समेत प्रमाणमा लिई प्रतिवादीलाई सजाय गर्नुपर्नेमा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ पाउने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

३३.जिल्ला रूपन्देही सम्मरीमाई गाउँपालिका वडा नं. ५, रोइनीहवा बस्ने प्रतिवादी श्रवणकुमार यादव.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०३५२) ।

फैसला भएको मिति : २०७८।१२।११ पुनरावेदन दर्ता मिति : २०७९।३।१२

आयोगको निर्णय मिति : २०७९।३।६

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी श्रवणकुमार यादवलाई बिगो रु.७०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय हुन तथा आयोगबाट निवेदकलाई उपलब्ध गराइएको

रकम रु.७०,०००।- निज प्रतिवादी श्रवणकुमार यादवबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम असुलउपर गरी जफत गर्ने ।

विशेष अदालतको फैसला

निवेदकसँग हात मिलाएको कारण मेरो हातमा केमिकल सरेर मैले हात धोएको पानीको रंग परिवर्तन भएको हो, मेरो ज्याकेटमा समेत परीक्षणका क्रममा फेनोल्फथालिन भेटिन सक्छ किनकि मैले निवेदकसँग हात मिलाएपश्चात खल्तीमा हात हालेको थिए भनी कसुरमा इन्कारी रही बयान गरेको, प्रतिवादीलाई घुस/रिसवत दिएको भनिएको रकम प्रतिवादीको साथ तथा निज रहेको स्थानबाट बरामद हुन नसकेको, बरामद भनिएको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको देखिएकाले विष्णुप्रसाद घिमिरेविरुद्ध संघीय संसदसमेत भएको मुद्दा (०७४-WC-००२०) मा प्रतिपादन सिद्धान्त र सरकारी कोषको रकम उपलब्ध गराई/दिई गरिएको भन्ने कुराहरूलाई आधारको रूपमा लिई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले मिति २०७८।१।८ मा ०७४-WC-००२० को सन्दर्भमा गरेको आदेशको व्यहोरामा न्याय निरूपण गर्दा हाल मुद्दाको सुनुवाइ अन्तिम भइनसकेका वा न्यायिक प्रक्रियामा रहेका विवादका सन्दर्भमा अमान्य बदर घोषित गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानअनुसार संकलन गरिएको अर्थात प्रत्यर्थी आयोग स्वयंले नै दिई पठाएको सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, केवल यही कारणबाट मुद्दा नै खारेज हुने वा भए गरेका सबै कामकारबाही बदर हुने होइनन् । मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सम्मानित सर्वोच्च अदालतको आदेशमा भएको उपरोक्त व्यहोरालाई हृदयंगम गरी मिसिलमा रहेका अन्य सबै प्रमाणलाई सूक्ष्म रूपमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा सो गरेको नदेखिएको निवेदक रणजित लोधले प्रतिवादी श्रवणकुमार यादवका नाउँमा दिएको किटानी उजुरी निवेदन, निवेदक तथा अन्य साक्षीहरूले मौकामा र अदालतसमक्ष गरिदिएको कागज, प्रतिवादीको हात धोएको पानीमा र निजले लगाएको ज्याकेट अर्थात नमुना १ र ३ मा फेनोल्फथालिन पाइएको छ भन्ने वैज्ञानिक परीक्षण प्रतिवेदन, उजुरकर्ता र प्रतिवादीबीच भएको फोन संवाद तथा स्क्रिप्ट राइटिङमा सिफारिस उपलब्ध गराएबापत रकम माग गरेको प्रस्टरूपमा देखिन आएको अवस्थामा प्रतिवादीलाई मागदाबी बमोजिम सजाय गर्नुपर्नेमा अन्य सबै तथ्यप्रमाणको नजरअन्दाज गरी रकम बरामद नभएको भन्ने आधार बनाएर प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएकाले बदरभागी छ ।

३४.जिल्ला बारा, कलैया उप-महानगरपालिका वडा नं. २२ बस्ने प्रतिवादी विनोद यादव भन्ने विनोदप्रसाद यादवसमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०००१)।

फैसला भएको मिति : २०७८।१२।१६ पुनरावेदन दर्ता मिति : २०७९।३।१२

आयोगको निर्णय मिति : २०७९।३।६

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी विनोदप्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निजलाई बिगो रु.१५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन र प्रतिवादी वृजकिशोर साहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर गर्ने उद्योग गरेको हुँदा सोही ऐनको दफा २१ र दफा ३ को उपदफा (२) मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) मा उल्लिखित सजायको आधा सजाय हुन ।

विशेष अदालतको फैसला

उपभोक्ता समितिको नाउँमा मिति २०७६।३।३ मा चेक तयार भएकोमा उजुरकर्ताले चेक मिति २०७६।३।३ मा बुझिसकेकोमा मिति २०७६।३।१२ मा प्रतिवादीहरूउपर भुक्तानी रोकी घुस/रिसवत माग गरेको भन्ने उजुरीका कुरा विश्वासलायक नदेखिएको, प्रतिवादीहरू विनोदप्रसाद यादव र उजुरकर्ताबीच भएको फोन कुराकानी तथा स्क्रिप्ट राइटिङ कुनैमा पनि उजुरीकर्तासँग प्रतिवादीले घुस/रिसवत माग गरेको तथा बार्गेनिङ गरेको भन्ने संवाद नदेखिएको, घुस/रिसवतबापतको रकम लिई पक्राउ परेका व्यक्ति तथा दफा ५५ बमोजिमका वादी पक्षका साक्षी आशपुरन कुशवाहालाई पटक-पटक बकपत्रका लागि आदेश गर्दा उपस्थित गराउन नसकेको हुँदा निजले मौकामा गरेको बयान कागज प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणग्राह्य हुन नसक्ने, बरामद भनिएको रकम (२०७४-WC-००२०) मा प्रतिपादन सिद्धान्तमा र सरकारी कोषको रकम उपलब्ध गराइएको भन्ने कुराहरूलाई आधारको रूपमा ग्रहण गरी प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा वादी पक्षका अन्य साक्षीहरूले अदालतसमक्ष उपस्थित भई उजुरी निवेदन, मौकाको कागजलाई समर्थन हुने र प्रतिवादीहरूको इन्कारी बयान खण्डन हुने गरी बकपत्र गरिदिएको अवस्था छ । उक्त साक्षीहरूले गरेको कागज प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा ८ अनुसार प्रमाणमा लिन मिल्ने हुन्छ । आफ्नो जीविका निर्वाहका लागि एकजना साक्षी आशपुरन कुशवाहा भारतमा रोजगारीका लागि गएको कारणले उपस्थित हुन नसकेको तथा अदालतमा आई बकपत्र गर्न नसकेको भए तापनि निजको मौकाको बयान कागजलाई अन्य प्रमाणहरूले पुष्टि गरेको अवस्थामा एकजना साक्षी अदालतमा उपस्थित हुन नसक्दैमा सोही कुरालाई आधार बनाई प्रतिवादीहरूलाई आरोपदाबीबाट सफाइ दिने र सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा प्रतिपादित सिद्धान्तका आधारमा उक्त बरामदी तथा सोसँग सम्बन्धित अन्य प्रमाणहरू प्रमाणमा ग्राह्य हुने देखिएन भन्ने आधारमा विशेष अदालतले यी प्रतिवादीहरूलाई सफाइ दिएको तर्फ हेर्दा उक्त फैसला त्रुटिपूर्ण रहेको देखिन्छ । सम्मानित

सर्वोच्च अदालतले मिति २०७८।१।८ मा ०७४-WC-००२० को सन्दर्भमा गरेको आदेशको व्यहोरामा मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सम्मानित सर्वोच्च अदालतको आदेशमा भएको उपरोक्त व्यहोरालाई हृदयंगम गरी मिसिलमा रहेका अन्य सबै प्रमाणलाई सूक्ष्मरूपमा विश्लेषण गरी फैसला गर्नुपर्नेमा सो गरेको नदेखिंदा प्रतिवादी विनोदप्रसाद यादवले लिन पठाएको व्यक्तिको साथबाट रकम बरामद भएको, बरामद भएको रकम घुस/रिसवत हो भन्ने अनुसन्धानको क्रममा प्रस्ट भएको, योजनाको निर्माण कार्य सम्पन्न भई चेकसमेत तयार भइसकेको अवस्थामा चेक उपलब्ध गराउन आनाकानी गरेको, उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, उजुरकर्ता र प्रतिवादीबीच भएको फोन संवाद तथा स्क्रिप्ट राइटिङमा योजनाको १०% रकम माग गरेको प्रस्टरूपमा देखिन आएको अवस्थामा समेत प्रतिवादीहरूलाई मागदाबी बमोजिम सजाय गर्नुपर्नेमा अन्य सबै तथ्यप्रमाणको नजरअन्दाज गरी दफा ५५ बमोजिमको साक्षी उपस्थित हुन नसकेको तथा बरामद रकम आयोगले उपलब्ध गराएको भन्ने आधारमा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

३५.जिल्ला सप्तरी हाल राजविराज नगरपालिका वडा नं. १० बस्ने प्रतिवादी ब्रह्मदेव सुनरैतसमेत.....१३ जना

मुद्दा : भ्रष्टाचार (प्रश्नपत्रको गोपनीयता भंग गरेको) (०७५-CR-०३१४) ।

फैसला भएको मिति : २०७८।११।२९ पुनरावेदन दर्ता मिति : २०७९।३।१२

आयोगको निर्णय मिति : २०७९।३।६

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू दीपेन्द्रकुमार मण्डल, ब्रह्मदेव सुनरैत र मनोजकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम सजाय हुन र प्रतिवादीहरू अरोध यादव, विष्णुदेव यादव, राजेशकुमार यादव, महेशकुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको निज प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अनुसार हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन र वारदात मितिसम्ममा नाबालक बबरमहल N(एन)), बबरमहल M(एम) को हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (४) बमोजिम हुन र नाबालक टंगाल ००१, टंगाल ००२ (परिवर्तित नाम) को हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम हुन र प्रतिवादीहरू श्रवण यादव र इन्दल यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेकोमा निज प्रतिवादीहरू श्रवण यादव र इन्दल यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ अनुसार हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरू ब्रह्मदेव सुनरैत र दीपेन्द्रकुमार मण्डललाई आरोपपत्रको मागदाबीबमोजिम जनही ४ महिना कैद र रु.६०००।- जरिवाना हुने र अन्य प्रतिवादीहरूको हकमा राष्ट्रसेवक नभएको अर्थात भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ आकर्षित नहुने र दफा १३ आकर्षित नभएपश्चात ऐ. ऐनको दफा २२ समेत आकर्षित नहुने, मौकामा कसुर अर्थात प्रश्नपत्रको गोपनियता भंग गरेको स्वीकार गरे तापनि अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको भन्ने आधार लिई प्रतिवादीहरू मनोजकुमार यादव, अरोध यादव, विष्णुदेव यादव, राजेशकुमार यादव, बबरमहल N(एन), बबरमहल M(एम), टंगाल (००१), टंगाल (००२), महेशकुमार यादव, श्रवण यादव र इन्दल यादवले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (२) मा कुनै कसुर गर्ने नियतले त्यस्तो कसुर वा अन्य कसुर गर्न सहयोग पुऱ्याउने वा कसुर गरिसकेपछि कसुरदारलाई भगाउने, लुकाउने वा कसुर गर्न वा गराउन साधन उपलब्ध गराउने वा अन्य कुनै किसिमले सहयोग पुऱ्याउने व्यक्ति मतियार मानिनेछ भनी उल्लेख भएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गर्ने मुख्य प्रतिवादीहरू (राष्ट्रसेवक) लाई सहयोग पुऱ्याउने मतियारहरूसमेत राष्ट्रसेवक नै हुनुपर्ने भनी प्रतिवादीहरूलाई राष्ट्रसेवक नभएको तथा पदीय जिम्मेवारी सम्हालेको व्यक्ति नभएको भन्ने आधार लिई सफाइ दिएको र प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेको भन्ने आधारमा निजलाई आरोपदाबीबाट सफाइ दिने, प्रतिवादीहरूले मौकामा बयान गर्दा आफूहरूले विभिन्न सामाजिक सञ्जालको प्रयोग गरी विभिन्न विषयका प्रश्नपत्र विभिन्न व्यक्तिलाई पठाई प्रश्नपत्रको गोपनीयता भंग गरेको स्वीकार गर्नुका साथै प्रतिवादीमध्येका बबरमहल-N, बबरमहल-M, टंगाल-001 राजेशकुमार यादव र मनोजकुमार यादवले अदालतसमक्ष समेत आफूहरूले प्रश्नपत्र देखेको, एक अर्काको मोबाइलमा आदानप्रदान गरेको तथ्य स्वीकार गरेको देखिन्छ भने आफूहरूलाई प्रश्नपत्रको गोपनीयता भंग गरेको कसुरमा सजाय हुने देखी सजायबाट उन्मुक्ति पाउनका लागि मात्रै कसुरमा इन्कार रही बयान गरेको अवस्था रहेको छ । प्रतिवादीको मोबाइलको CDR विवरणमा समेत प्रतिवादीहरूबीच पटकपटक फोन सम्पर्क भएको, SMS विवरणमा समेत प्रश्नपत्रको सम्बन्धमा कुराकानी भएको अवस्थामा मागदाबीबमोजिम कसुर ठहर गरी सजाय हुनुपर्नेमा आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने कुरा अर्थात् दोहोरो खतराको सिद्धान्त कुनै एक कसुरमा उही व्यक्तिउपर मुद्दा चलाई निर्णय भइसकेकोमा सोही कसुरको सम्बन्धमा पुनः कारबाही चलाउन रोक लगाउने सन्दर्भमा आकर्षित हुने हो । यसबाट एउटै क्रियाबाट अलगअलग ऐनअन्तर्गतमा कसुरसमेत भएमा अलगअलग मुद्दा चलाउन र सजाय गर्ने बाधा हुने अवस्था नदेखिने, विषयका प्रश्नपत्रहरू प्रतिवादीहरूको मोबाइलमा रहेको विवरण प्राप्त भएको समेतको अवस्थामा प्रतिवादीहरूलाई मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा वस्तुनिष्ठ प्रमाणहरूको नजरअन्दाज गरी प्रतिवादीहरूले कसुर इन्कारी बयान गरेको, कसुरअनुसारको सजाय

पाइसके भनी गरेको फैसला त्रुटिपूर्ण देखिएकाले आरोप मागदाबीबमोजिम कसुर ठहर भएका प्रतिवादीहरू दीपेन्द्रकुमार मण्डल र ब्रह्मदेव सुनरैतबाहेक अन्य प्रतिवादीहरूको हकमा भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

३६.जिल्ला कैलाली, धनगढी उप-महानगरपालिका वडा नं.२ सन्तोषी टोल बस्ने प्रतिवादी सिंहबहादुर कुँवरसमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-००६०)।

फैसला भएको मिति : २०७८।१२।१७ पुनरावेदन दर्ता मिति : २०७९।३।१२

आयोगको निर्णय मिति : २०७९।३।६

आरोपपत्र मागदाबी :

प्रस्तुत मुद्दामा प्रतिवादीहरू सिंहबहादुर कुँवर र नरराज पाण्डेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकाले निजलाई बिगो रु.८,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

घुस/रिसवत माग गरी बार्गेनिङ गरेको भन्ने नदेखिएको, फोन संवाद भएको मात्रै आधारमा घुस/रिसवतकै विषयमा कुराकानी भएको भन्ने अर्थ गर्न मिल्ने देखिंदैन, उजुरवालाले अदालतमा उपस्थित भएर बकपत्रद्वारा आफ्नो पूर्व भनाई पुष्टि गर्न नसकेको, प्रतिवादी सिंहबहादुर कुँवर आरोपदाबीमा पूर्ण इन्कार रहेका, प्रतिवादी नरराज पाण्डेको मौकाको बयान अन्य स्वतन्त्र प्रमाणद्वारा पुष्टि हुन नसकेका कुराहरूलाई आधारको रूपमा ग्रहण गरी प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही बयान गरेको भन्ने आधारमा निजलाई आरोपदाबीबाट सफाइ दिने गरी भएको फैसलाधार नै गलत रहेको छ, प्रतिवादी सिंहबहादुर कुँवरले मौकामा बयान गर्दा आफूहरू मालपोत कार्यालय, कैलालीमा कार्यरत रहेको उजुरीकर्ताको कामको जिम्मेवारी आफूहरूसँग रहेको तथा बरामदी रकम अर्का प्रतिवादी खरिदार नरराज पाण्डेको साथबाट बरामद भएको तथ्य स्वीकार गरी बयान गरेका छन् भने प्रतिवादीमध्येका प्रतिवादी नरराज पाण्डेले रकमको बार्गेनिङ गरेको कुराकानी आफूहरू र उजुरकर्ताबीच भएको, बरामद भएको रकम आफ्नो साथबाट बरामद भएको, उक्त रकम आफू र अर्का प्रतिवादीले बाँडी लिने उल्लेख गरेका छन् भने बरामद भएको रकम प्रतिवादीहरूको साथबाट बरामद भएको तथ्यमा कुनै विवाद देखिँदैन । प्रतिवादीहरूले आफूहरूको साथबाट रु.८०००।- बरामद भएको तथ्यलाई अन्यथा पुष्टि गर्न नसकेको र निज प्रतिवादीहरूले उक्त रकम आफूहरूबाट बरामद भएको तथ्यलाई अदालतमै स्वीकार गरेको अवस्थामा केवल उक्त रकम आयोगबाट उलब्ध गराएको भन्ने आधारमा मात्रै सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण

रहेको र उजुरकर्ता र आरोपितहरूको फोन संवादको स्क्रिप्ट राइटिङमा समेत उक्त काम गरेबापतको रकम बार्गेनिङ गरेको समेतको अवस्थामा प्रतिवादीहरूलाई मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा अन्य सबै तथ्यप्रमाणको नजरअन्दाज गरी प्रतिवादीको इन्कारी बयान र उजुरकर्ताले अदालतसमक्ष बकपत्र नगरेको मात्रै आधार बानाएर प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

३७.जिल्ला गुल्मी मदाने गाउँपालिका वडा नं. ७ स्थायी वतन भएका प्रतिवादी छविलाल पोखेल.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०३०७) ।

फैसला भएको मिति : २०७८।१२।३० पुनरावेदन दर्ता मिति : २०७९।३।१२

आयोगको निर्णय मिति : २०७९।३।६

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी छविलाल पोखेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निज प्रतिवादी बिगो रु.३,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

भ्रष्टाचार कसुर प्रमाणित हुनका लागि मनसायतत्त्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्यकारण भएको प्रस्टरूपमा देखिनुपर्नेमा प्रतिवादीको घुस लिने मनसाय, बदनियत रहेको देखिने अन्य स्वतन्त्र प्रमाणहरू रहे/भएको नदेखिएको, सवारी जरिवाना बापतको कुराकानीलाई घुस रिसवत मागेको भनी पेस गरेको भन्दै मौकामा र अदालतसमक्ष कसुरमा इन्कारी रहेको र आयोगबाट उपलब्ध गराएको रकम, बरामदी मुचुल्का, आयोगाट उपलब्ध गराएको स्रोत साधन र त्यसकै आधारमा तयार पारिएको रेकर्डिङ, फोन संवाद, प्रतिवेदकहरूको बकपत्रलाई सर्वोच्च अदालतले स्वतन्त्र प्रमाण नमानेको भन्ने कुराहरूलाई आधारको रूपमा ग्रहण गरेको भनी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा प्रतिवादीले जरिवानाबापतको रसिद काटी पठाउनुपर्नेमा त्यस्तो नगरेको र आफू निर्दोष रहेको अवस्था भएको भए आयोगको टोलीलाई सघाउनुपर्नेमा भागी फरार हुन खोजेको अवस्थामा कार्यालयभन्दा १५० मि. टाढा नहरमा गई लुकिछिपी बसेको हुँदा प्रतिवादीले लिएको उक्त रकम जरिवानाबापतको नभई घुस/रिसवतबापतको हो भन्ने शंकारहित तरिकाले पुष्टि भएको हुँदा र त्यस्तै, आयोगबाट उपलब्ध गराएको रकम, बरामदी मुचुल्का, आयोगबाट उपलब्ध गराएको स्रोत, साधन र त्यसकै आधारमा तयार पारिएको रेकर्डिङ, फोन संवाद, प्रतिवेदकहरूको बकपत्रलाई सर्वोच्च अदालतले स्वतन्त्र प्रमाण नमानेको भनिए तापनि सम्मानित सर्वोच्च अदालतले मिति २०७८/१/८ मा ०७४-WC-००२० को सन्दर्भमा गरेको आदेशको व्यहोरामा मुद्दामा संकलित अन्य प्रमाणको मूल्यांकनको आधारमा आरोपदाबी ठहर हुने वा नहुने कुराको

न्यायिक निरूपण गर्नु नै पर्ने हुन्छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तकै प्रतिकूल रहेको र, प्रतिवादीको घर्राबाट रकम बरामद भएको कुरामा विवाद नदेखिएको, बरामद भएको रकम घुस/रिसवत हो भन्ने अनुसन्धानको क्रममा प्रस्ट भएको, उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, उजुरकर्ता र प्रतिवादीबीच पटकपटक फोन संवाद हुनुका साथै फोनमार्फत कुराकानी गरी घुसबापत रकमको बार्गेनिङ गरेको समेतको अवस्थामा प्रतिवादीलाई मागदाबीबमोजिम सजाय गर्नुपर्नेमा अन्य सबै तथ्यप्रमाणको नजरअन्दाज गरी आयोगले रकम उपलब्ध गराएकाले अन्य प्रमाणलाई समेत स्वतन्त्र प्रमाण मान्न नसकिने भनी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

३८. जिल्ला महोत्तरी महोत्तरी गाउँपालिका वडा नं. ६, गोनरपुरा बस्ने प्रतिवादी रामकिशोर शाह.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०१९८)।

फैसला भएको मिति : २०७८।१२।३० पुनरावेदन दर्ता मिति : २०७९।३।३०

आयोगको निर्णय मिति : २०७९।३।२३

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी रामकिशोर शाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.९०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) (ग) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी राम किशोर शाहले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा आरोप दाबीमा कसुरमा इन्कार रही बयान गरेको र उजुरकर्ताले घुसबापत दिएको पैसा नभई निजको तर्फबाट सेवाग्राहीलाई दिनका लागि ग्याँस चुल्लो लगायतका सामग्री वितरण गर्नका लागि मेरो हातमा पैसा थमाएपछि सोही पैसा बरामद भएको हो भनी प्रतिवादीको बयानबाट खुलेको, प्रतिवादीले गरेको बयान मिसिल संलग्न स्क्रिप्ट राइटिङसमेतका प्रमाणहरूबाट उजुरीकर्ताको भनाइ समर्थित हुन नसकेको, बरामदी गर्दा गरिएको रङ्गेहात परीक्षण त्यसैसँग सम्बन्धित सरकारी साक्षीहरूको बकपत्रलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नभएको र उजुरकर्ताबीच भएको फोन संवादबाट आरोपदाबीबमोजिम घुस रकम माग गरेको भन्ने कुरा प्रस्ट खुलेको नदेखिएको भन्ने आधार लिई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि ग्यास डिलरहरूसँग समन्वय गर्नका लागि मैले उजुरी निवेदक राजरानी कुमारीबाट रकम लगेको र मेरो साथबाट उक्त रकम बरामद भएको ठीक साँचो हो भनी निज प्रतिवादीले रकम बुझेपछि प्रतिवादीको हात पानीको गिलासमा धुन लगाउँदा पानीको रङ परिवर्तन भई पिंक भएको भन्ने रङ्गेहात नमुना परीक्षण प्रतिवेदनमा

उल्लेख भएको र खानतलासी तथा बरामदी मुचुल्कासमेतबाट प्रतिवादीले उजुरी निवेदकसँग रकम माग गरी घुस/रिसवत लिई वारदात घटाएको पुष्टि भएको र आफ्नो उजुरी व्यहोरालाई समर्थित हुने गरी उजुरी निवेदक राजरानी कुमारीले अदालतमा प्रतिवादले आफूसँग घुस/रिसवत माग गरी लगेका हुन् भनी किटानीका साथ उजुरी निवेदनलाई समर्थित हुने बकपत्र गरिदिएको, रकम लेनदेन गर्नुअघि प्रतिवादीले उजुरकर्तालाई लामो समयसम्म कल गरी रकम बार्गेनिङ गरी १ लाखमा १० हजार कम दिनु भनी संवाद गरेको टेलिफोन संवादको अडियो रेकर्ड, रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का, बरामद रकमको फोटोकपी, प्रतिवादी रामकिशोर शाहले गरेको सनाखत कागज व्यहोरा, प्रहरी नायब उपरीक्षक मधुकुमार थापासमेतले पेस गरेको प्रतिवेदन, मिसिल संलग्न मिसिल संलग्न आधार प्रमाण कागजातहरूबाट उजुरी निवेदकलाई होटल सीता प्यालेसमा बोलाई रु.९०,०००।- लिनु दिनु गरी घुस/रिसवत लिइएको अवस्थामा प्रतिवादीको साथबाट रकम बरामद भई प्रतिवादीले वारदात घटाएको पुष्टि भइरहेकोमा प्रतिवादीलाई आरोपदाबीबाट सफाइ दिने गरी भएको फैसला मिसिल संलग्न प्रमाणको उचित मूल्यांकनबिना भएको देखिँदा उक्त फैसला न्याय र कानुनको रोहमा त्रुटिपूर्ण भई बदरभागी रहेको ।

३९. जिल्ला दैलेख भैरवी गाउँपालिका वडा नं. ३ को बस्ने तिवादी गणेशप्रसाद रिजालसमेत.....२ जना

मुद्दा : दोहोरो राहत लिई सरकारी रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको (०७६-CR-००२२) ।

फैसला भएको मिति : २०७८।१२।६ पुनरावेदन दर्ता मिति : २०७९।३।३०

आयोगको निर्णय मिति : २०७९।३।२३

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी गणेशप्रसाद रिजालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा १७ बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ९ बमोजिम जरिवाना तथा कैद सजाय हुनका साथै सोही ऐनको दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम नेपाल सरकारलाई हानि नोक्सानी भएको बिगो रु.१०,००,०००।- समेत असुलउपर हुन र प्रतिवादी कुलबहादुर शाहीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिँदा निजले नेपाल सरकारको बिगो रु.१०,००,०००।- रकम खाइमासेको देखिँदा निजको हकमा रु.१०,००,०००।- बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) मा उल्लेख भएबमोजिम सजाय गरी खाइमासेको उक्त बिगो असुल गरी जफत हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी कुलबहादुर शाहीले आफ्ना दुईवटा छोरीहरू किस्मता कुमारी शाही र सुनिता शाही भएकोमा निजहरूको द्वन्द्वकालमा मृत्यु भएको भनी कसुरमा इन्कार गरी बयान गरेको, वादी नेपाल सरकारका साक्षी दमनबहादुर शाहीसमेतले प्रतिवादी कुलबहादुर शाहीका दुईवटा छोरीहरू

भएको जेठी किस्मता शाही, कान्छी सुनिता शाही भएकोमा उनीहरू द्वन्द्वकालमा मृत्यु भएको थियो भनी मौकाको कागज व्यहोरा खण्डन हुने गरी बकपत्र गरिदिएको र तत्कालीन बदालकोट गा.वि.स. हाल खाँडाचक्र नगरपालिकाबाट प्राप्त अभिलेखबाट समेत प्रतिवादी कुलबहादुर शाहीले आफ्ना दुईवटा छोरीहरू किस्मता शाही र सुनिता शाही रहेको भन्ने देखिएको भन्ने आधार लिई प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा प्रतिवादी कुलबहादुर शाहीले एकमात्र छोरी किस्मता कुमारी शाही रहेको निजको द्वन्द्वकालमा मृत्यु भएकोमा फरकफरक नामबाट सिफारिस गराई मृतक र बेपत्तासमेत भनी किस्मता कुमारी शाही र सुनिता शाहीको नामबाट राज्यको रु.१०,००,०००।- राहत रकम दोहोरो भुक्तानी लिई रकम दुरुपयोग गरेकोले कानुनबमोजिम कारबाही गरी पाउँ भनी उजुरी निवेदन परेकोमा निज प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि प्रतिवादीमध्येका गणेशप्रसाद रिजालले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा कुलबहादुर शाहीको एकमात्र छोरी किस्मता कुमारी शाही हुन् र सुनिता शाही भन्ने उनको कोड नाम रहेछ, निवेदकले मलाई झुक्याई, जालसाजी र किर्ते गरी राहत रकम सिफारिससमेत लिएको हुँदा प्रचलित कानुनबमोजिम निजलाई नै सजाय हुनुपर्ने हो, किस्मता कुमारी शाही र सुनिता शाही फरक फरक व्यक्ति नभई एउटै व्यक्ति हुन्, किस्मता कुमारी शाहीको २०६० सालमा मृत्यु भएको हुँदा द्वन्द्वपीडितको राहत रकम सुनिता शाहीको नामबाट निकाली हिनामिना गरेको हो भन्ने व्यहोराको जनकबहादुर शाहीसमेतको स्थलगत मुचुल्का कागजबाट देखिएको र सोही व्यहोरालाई पुष्टि हुने प्रहरी निरीक्षक दीपेन्द्र खत्रीसमेतको प्रतिवेदन रहेकोमा सोही प्रतिवेदन व्यहोरा पुष्टि हुने गरी कागज गर्ने व्यक्तिहरूले अदालतमा बकपत्र गरी दिएसमेतबाट प्रतिवादीहरूको मिलोमतोबाट हुँदै नभएको व्यक्ति सुनिता शाहीलाई बेपत्ता भएको भनी झुटा कागज तयार गरी सिफारिससमेत गरी दोहोरो राहत रकम भुक्तानी लगी हिनामिना गरेको कुरा मिसिल संलग्न कागज प्रमाणहरूबाट तत्कालीन बदालकोट गा.वि.स. हाल खाँडाचक्र नगरपालिकाबाट प्राप्त अभिलेखबाट समेत प्रतिवादी कुलबहादुर शाहीले आफ्ना दुईवटा छोरीहरू किस्मता शाही र सुनिता शाही रहेको भन्ने देखिएको र प्रतिवादी कुलबहादुर शाहीका छोरी किस्मता शाहीको जन्मदर्ता २०६८ मा गरेको र छोरी सुनिता शाहीको नाममा जन्मदर्ता अभिलेखमा दर्ता नं. २९५ दर्ता मिति २०६९।४।४ उल्लेख भएको र निजको जन्मदर्ताको प्रमाणपत्र हेर्दा दर्ता नं. ४८६ मिति २०७२।३।२५ मा जन्मदर्ताको दोहोरो कागज बनाएबाट पनि सुनिता शाहीको नाममा किर्ते/झुटा नाता प्रमाणित जन्मदर्ताको प्रमाणपत्र तथा राहत रकम उपलब्ध गराइदिनु भन्ने सिफारिससमेत जारी गरी गलत लिखत/कागजात बनाई राज्य कोषको रकम दुरुपयोग हिनामिना गरेको भनी निज प्रतिवादी कुलबहादुर शाहीका गाउँघरको मानिस जनकबहादुर शाहीसमेतले मौकामा कागज गरिएको र निजहरूले झुटा कुरा गरी प्रतिवादीहरूलाई फसाउनुपर्ने कुनै कारण नखुलेको र प्रतिवादीले उक्त कुरालाई खण्डन गर्न पनि नसकेकाले प्रतिवादीहरूकै मिलेमतोमा एउटा व्यक्तिलाई दुईवटा नामबाट पटक-पटक जन्मदर्ता गरी झुटा कागज तयार गरी दोहोरो राहत रकम लगी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको बदालकोट गा.वि.स. को

कार्यालय, कालिकोटको जन्मदर्ता अभिलेख र सुनिता शाहीको नामबाट जारी भएको जन्मदर्ताको प्रमाणपत्रसमेतबाट पुष्टि भएको कुरा अनर्थ लगाई प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी रहेको ।

४०.जिल्ला पर्वत कुस्मा नगरपालिका वडा नं. ९ बस्ने प्रतिवादी लोकनाथ पराजुली.....१ जना।

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७५-CR-०३५७) ।

फैसला भएको मिति : २०७८।१२।३० पुनरावेदन दर्ता मिति : २०७९।३।३०

आयोगको निर्णय मिति : २०७९।३।२३

आरोपपत्र मागदाबी

प्रतिवादी लोकनाथ पराजुलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (३)को उपदफा (१) को कसुर अपराधमा रु.३०,०००।- बिगो कायम गरी ऐ. को दफा ३(१) र (३) (१) को देहाय खण्ड (ख) बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० मा मिति २०७८।१।८ गते भएको फैसलाका आधारमा रंगेहात पक्राउ गरी तयार पारेको बरामदी मुचुल्कासँग सम्बन्धित कागजातहरू, साक्षीका बकपत्रहरू प्रमाणग्राह्य रहेनन् । प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षीहरूले अदालतसमक्ष बकपत्र गरेको तथा फोनमा उल्लिखित लामो संवादमा प्रतिवादीले घुसका लागि बार्गेनिङ गरेको नदेखिई निवेदकले नै पैसा दिन खोजेको, प्रतिवादीलाई पैसा लिन उक्साएको भन्ने देखिएको र कसैलाई भ्रष्टाचारी ठहर गर्न स्वेच्छाले रकम बुझेको थियो भन्ने पुष्टि हुनुपर्छ भन्ने आधारहरू लिई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादीको साथबाट रकम बरामद हुनुपूर्व नै उजुरीकर्ता र प्रतिवादीबीच घुस रकम लिने सम्बन्धमा टेलिफोन वार्तालापको क्रममा कुरा गर्दै गर्दा उजुरी निवेदकले कति जत्ति टक्राउँ सर ? भन्दा प्रतिवादीले अहिले ल्याउनुभएको छ ? भन्दा निवेदकले अँ ल्याएको थिएँ भनी भनेका र प्रतिवादीले दिनु न त, किन राख्नु भनी भनेको पाइन्छ । निवेदकले स्पष्टसँग घुस/रिसवत लिने मनसायका साथ घुस रकम माग गरेको र उजुरकर्ताकै गाडीमा चढी वारदात स्थलमा गई घुस/रिसवत लिएको भिडियो अडियोसमेतबाट देखिँदा सर्वोच्च अदालतको उक्त रिट आदेशमा नियम ३० लाई बदर गर्दैमा नियोजित मनसायपूर्वक घुस रकम माग गरेको वार्तालापबाट पुष्टि भएको तथ्यलाई विस्थापित गर्ने गरी गरिएको अपव्याख्याको आधारमा प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने आधार बन्नु हुँदैन र बन्दैन । यसरी निवेदकसँग घुस/रिसवत लिने पूर्ण मनसाय रहेको तथ्यलाई अडियो, भिडियो रेकर्डसमेतबाट पुष्टि भइरहेको एवं मौकामा उजुरीकर्ता बसन्तराज पौडेलले अदालतसमक्ष उपस्थित भई उक्त उजुरी निवेदन, बरामदी मुचुल्का, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरिदिएको कागजसमेतको व्यहोरालाई समर्थन गरी गरिदिएको

बकपत्रसमेतबाट घुस/रिसवत लिई भ्रष्टाचारको सप्रमाण पुष्टि भएको दीपक लामिछाने स्वयं प्रतिवादीको गाउँले भाइ भएको तथ्य स्वयं प्रतिवादी र निज दीपक लामिछानेको भनाइसमेतबाट पुष्टि हुन्छ । प्रतिवादीले घुस/रिसवत लिने सोचका साथ रकम माग गरेको अडियो टेलिफोन रेकर्डलाई प्रतिवादी उक्त घुस/रिसवत लिन अनिच्छित थियो भन्ने तर्कले पनि प्रतिवादीलाई सफाइ दिने मनसाय राखी न्यायकर्ताले गरेको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको ।

४१.जिल्ला अछाम, पन्चदेवल नगरपालिका वडा नं. ४ बस्ने प्रतिवादी रामकुमार फुयाँलसमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७५-CR-०२३४) ।

फैसला भएको मिति : २०७८।१२।२३ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।०३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा निज प्रतिवादीहरू रामकुमार फुयाँल र जगतबहादुर बोहरालाई बिगो रु.६०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी रामकुमार फुयाँललाई अभियोग दाबीबमोजिम कसुर कायम गरी ४ महिना कैद र रु.६०,००० जरिवाना हुने ठहर गरी फैसला भएको अवस्था छ । अर्का प्रतिवादी जगतबहादुर बोहराको हकमा प्रतिवादी जगतबहादुर बोहराको उजुरकर्तासँग चिनजान नै नरहेको, निजले उजुरकर्तासँग रकम माग गरेको भन्ने कुरालाई स्वयं उजुरकर्ताले इन्कार गरी बकपत्र गरेको, प्रतिवादी जगतबहादुर बोहराको उपस्थितिमा रकम बरामद भएको भन्ने नदेखिएको, प्रतिवादी जगतबहादुर बोहराले कसुरमा इन्कारी बयान गरेको देखिएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादी जगतबहादुर बोहराले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

अडियो सि.डी. र स्क्रिप्ट राइटिङमा प्रतिवादी रामकुमार फुयाँलले स्पष्टरूपमा रु.५०,०००।- प्रतिवादी जगत बोहोरालाई दिनुपर्ने खुलाई रकमको बार्गेनिङसमेत गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १३ क बमोजिम प्रमाणयोग्य देखिएको र घुस रिसवतको विषय सम्पन्न गर्ने कार्य रामकुमार फुयाँलको ओहोदाको नभई प्रतिवादी जगत बोहोराको ओहोदाले गर्ने देखिएको अवस्थामा सहअभियुक्त रामकुमार फुयाँललाई कसुरमा ठहर गरेपश्चात प्रतिवादी जगत बोहोरालाई समेत कसुर ठहर गरी सजाय गर्नुपर्नेमा प्राप्त प्रमाणको उचित मूल्यांकन नगरी प्रतिवादी जगत बोहोरालाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएको । प्रतिवादी घुस रिसवत लिन सहमत भई वारदात स्थापित भई नै रहेको अवस्थामा कसुरबाट सफाइ पाउने गरी भएको विशेष अदालतको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको ।

४२.जिल्ला सल्यान, तुल्सीपुर उप महानगरपालिका वडा नं. ६, दाङ गाईडर बस्ने प्रतिवादी पवित्रकुमार खड्कासमेत.....८ जना

मुद्दा : राजस्व चुहावट गरी भ्रष्टाचार गरेको (०७५-CR-०१७३)।

फैसला भएको मिति : २०७८।१२।९ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा निज प्रतिवादीहरू पवित्रकुमार खड्का र धीरजकुमार थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क), (ख) र (घ) बमोजिमको कसुरमा बिगो रु.७,५९,६३,१९०।१२ कायम गरी सोही ऐनको दफा ७ बमोजिम सजाय गरी ऐ ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम सजाय हुन, प्रतिवादीहरू सुमन श्रेष्ठ, रन्जन त्रिपाठी, धनबहादुर तामाङ, आकाश श्रेष्ठ, निरन्जन त्रिपाठी र डम्बरबहादुर श्रेष्ठको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को कसुरमा सोही ऐनको दफा ७, दफा ३(१) र दफा ३(१) को देहाय (झ) ले हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरूले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गत राजस्व चुहावट गरेको नदेखिएको भनी उच्च अदालत पाटन, मुद्दा नं. 076-FJ-0083, मिति २०७८।१०।१८ मा फैसला भएको अवस्थामा प्रतिवादीहरूले आफूमा निहित कानुनको अख्तियारी दुरुपयोग गरेको अवस्था देखिन आएन, प्रतिवादीहरूले ओहदाको काममा अधिकारको दुरुपयोग गरेको नदेखिएको तथा गैरकानुनी लाभ लिएको वा लिने बदनियत रहेकोसमेत पुष्टि नभएको अवस्था हुँदा प्रतिवादीहरूउपर लगाइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ अन्तर्गतको आरोप पुष्टि हुने अवस्था देखिन आएन, आरोपदाबीमा मूल आरोपी बनाइएका राष्ट्रसेवक कर्मचारीहरूको हकमा आरोपदाबी पुष्टि हुन नसकेकाले अन्य प्रतिवादीहरूउपर लगाइएको मतियारको आरोपदाबी पनि पुग्न सक्ने देखिन आएन भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आपसमा मिलेमतो गरी एउटा सामानलाई अर्कै सामान भनी गलत घोषणा गरी कम राजस्व तिर्ने तिराउने गरी र कतिपय सामान घोषणा नै नगरी भन्सार बिन्दुबाट जाँचपास गरी काठमाडौँमा दर्ता रहेको फर्मको नाममा कागजात बनाई काठमाडौँमा बिक्री वितरण गर्न ढुवानी गरी ल्याएको देखिन्छ । पवित्रकुमार खड्काको बयानमा उत्पत्तिको प्रमाणपत्र उत्तरी नाकामा (रसुवा भन्सार, तातोपानी भन्सारमा) पेस गरिदैन, पैठारीकर्ताको बिल बिजकलाई आधार मान्ने गरिन्छ भनी कानुनी व्यवस्था विपरीत कार्य गरिरहेको स्वीकार गरेकै देखिएको छ । उक्त भेष्ट र कट्टुमा FIFA World cup Russia २०१८ को लोगो, सम्बन्धित देशको फुटबल टिमको लोगो, चर्चित खेलाडीको नाम र जर्सी नं. लगायत Adidas लेखिएको लोगोसमेत छ । उक्त मालवस्तु Adidas कम्पनीकै ब्राण्डेड उत्पादन हो होइन थाहा भएन, पैठारीकर्ताले घोषणा गरेका

मालवस्तुमध्ये Mother Shoes मा Country of Origin Thailand रहेको हो । कामको भीडभाड, Internet र बिजुली आउनेजाने भइरहँदा उक्त मालवस्तुमा आर्थिक ऐन, २०७५ को अनुसूची १ को दफा १८ अनुसार जरिवाना गर्न छुट भएको हो भनी नायब सुब्बा धीरजकुमार थापाले अनुसन्धानको क्रममा बयान गरेकोमा सोही व्यहोरा समर्थन गरी अदालतसमक्ष बयान गरेकाले निजले पनि कानुनपालन इमान्दारीपूर्वक नगरेको देखिन्छ । प्रतिवादी रञ्जन त्रिपाठीले गाडीमा रहेको सामान ल्याउने कार्यमा सहयोग गरिदिनु भनी सुमन श्रेष्ठले भनेकाले सहयोगका लागि बैंकबाट प्राप्त डकुमेन्ट सो ठाउँमा पुऱ्याउनेसम्मको कार्यमात्र गरेको, आफू विद्यार्थी रही आफूबाट कमजोरी भएको हो भनी बयान गरे तापनि निज व्यापारी रहेको भनी पवित्रकुमार खड्काको बयान, मालवस्तुको जाँचपासमा सहयोग गर्ने यी प्रतिवादी हुन् भनी धीरजकुमार थापाको बयानबाट समेत खुलेको साथै लोड भई आएको सामान आफ्नो हो भनी दाबी गरेकोसमेतबाट निजको आरोपित कसुरमा संलग्नता रहेको देखिन्छ । साथै एजेण्ट सिस्टम लागू नभएकाले ९९९ संकेतबाट भन्सार कार्यालयकै कम्प्युटर शाखाका कर्मचारीको सहयोगमा ASYCUDA बाट मालसामान जाँचपास गराएको देखिएकाले मालसामान धनी एवम् कर्मचारीहरूको मिलेमतो स्पष्ट देखिन्छ । प्रतिवादीहरूको मिलेमतोमा गुणस्तरीय मालसामानलाई न्यून गुणस्तरको घोषणा गरी उत्पत्ति मुलुक र सामानको परिमाणसमेत फरक पार्ने घोषणा गरिएको कागजातउपर समर्थन जनाएकाले कर्मचारीहरूसमेतले आफ्नो पदीय दायित्त्व इमान्दारीपूर्वक निर्वाह गरेको भन्न मिल्ने अवस्था छैन । ना५ख ६६५४ नम्बरको ट्रक/कन्टेनरमा भएको मालवस्तु प्रज्ञापनपत्र नं. MC३७४ मा उल्लेख भएको विवरणसँग राजस्व अनुसन्धान विभागले उक्त ट्रक नियन्त्रणमा लिई भिडान गर्दा मालवस्तुको नाम, प्रकृति, उत्पादन गर्ने देश र गुणस्तरसमेत फरक परेको हुँदा प्रतिवादीहरूले आपसमा मिलेमतो गरी भन्सार प्रज्ञापनपत्रमा मालवस्तुको गलत घोषणा गरी वास्तविक तिर्नुपर्ने राजस्व नतिरी राजस्व चुहावट गरी/गराई मालवस्तु (सामान) पैठारी गर्ने कार्यमा प्रतिवादीहरू भन्सार अधिकृत पवित्रकुमार खड्का र नायब सुब्बा धीरजकुमार थापा प्रत्यक्ष संलग्न रहेको अवस्था त्यसैगरी प्रतिवादीहरू मालसामान धनी एवम् मितेरी इन्टरनेसनल ट्रेडर्सका प्रोप्राइटर सुमन श्रेष्ठ सो ट्रेडर्सको नाममा भन्सार छुटाई ल्याएको सामान आफ्नो हो भनी निवेदन साथ राजस्व अनुसन्धान विभागमा उपस्थित रञ्जन त्रिपाठी, लाङटाङ ट्रेड कन्सर्नका प्रोप्राइटर एवम् गाडीधनी धनबहादुर तामाङ, नेपाल बङ्गलादेश बैंकले गाडी नामसारी गर्न पत्राचार गरेका आकाश श्रेष्ठ, निज आकाश श्रेष्ठले भैपरी आउने आफैंले व्यहोर्ने गरी मौखिकरूपमा सहमति गरी गाडी जिम्मा दिएका निरन्जन त्रिपाठी र गाडी चालक डम्बरबहादुर श्रेष्ठले राजस्व चुहावट कसुर गर्न मतियारको भूमिका खेलेको पुष्टि भएको देखिन्छ । भन्सार ऐन, २०६४ अनुसार भन्सार लाग्ने वस्तु प्रज्ञापनपत्रमा घोषणा गर्नुपर्ने र सोअनुरूप लाग्ने भन्सार महसुल तिर्नुपर्ने दायित्त्व पैठारीकर्ताको हुने उल्लेख भएको र कर्मचारीले प्रज्ञापनपत्रानुसार भए नभएको हेरी जाँचपास गर्नुपर्नेमा सो कार्य नगरेको देखिएको अवस्थामा उच्च अदालत, पाटनले प्रज्ञापनपत्र र भौतिक जाँच मुचुल्कालाई प्रमाणको रूपमा नलिई प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

४३.जिल्ला रौतहट, ईशनाथ नगरपालिका वडा नं. ८, मोतीपुर बस्ने प्रतिवादी वसी अख्तर मोहम्मद.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०००८)।

फैसला भएको मिति : २०७८।१२।२४ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी वसी अख्तर मोहम्मदलाई बिगो रु.४,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

रिसवत रकम प्रतिवादीको साथबाट बरामद नभई प्रतिवादीको डेराकोठाबाट बरामद भएको, उजुरीकर्ताको उजुरीमा देखिन्छ, आयोजनाको भुक्तानी गर्नुपर्ने मितिमा नै भुक्तानी लिइसकेको देखिन्छ, अडियो सि.डी. रेकर्ड छेडछाड भएको र आफ्नो आवाज होइन भनी प्रतिवादीले भनिरहेको अवस्थामा सो रेकर्डको आधारमा प्रतिवादीले निवेदकसँग रिसवत माग गरेको आरोपदाबी पुष्टि हुन नसक्ने, प्रतिवादीले कसुरमा इन्कारी बयान गरेको देखिएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

उजुरीकर्ता निवेदक जगनबहादुर गुरुङले खानेपानी तथा सरसफाइ इन्जिनियर बसी अख्तर मोहम्मदले निकासा रकमको १८ देखि २०% ले हुन आउने रु.४,००,०००।- घुस रकम माग गरेकोको भन्नेसमेत व्यहोराको निवेदन देखिएको, अर्का उजुरीकर्ता सव-इन्जिनियर कमल बरालले निवेदक जगनबहादुर गुरुङलाई इन्जिनियर बसी अख्तर मोहम्मदले मलाई उक्त घुस रकम दिनु भनेको भन्ने जानकारी प्राप्त भएकोले उक्त कार्य मबाट हुँदैन, म आवश्यक सहयोग गर्दछु भनी निवेदन गरेको देखिएको, प्रतिवादीले घुस रिसवत लिइसकेपछि निजको हात धोएको ग्लासमा रहेको पानीको रंग पिंक भएको देखिएकोबाट निज प्रतिवादीले घुस रकम हातमा लिएको पुष्टि भएको देखिएको, प्रतिवादीको डेराकोठाबाट घुस रकम बरामद भएको खानतलासी बरामदी मुचुल्काबाट देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको हस्तलिखित बयानमा घुस/रिसवत रकम आफ्नो डेराकोठाबाट बरामद भएको स्वीकार गरेको अब आइन्दा म यस्तो प्रलोभनमा कदापि पर्ने छैन भनी यो पटकको लागि यहाँहरूसमक्ष क्षमायाचना माग्दछु भनी बयान गरेको देखिन्छ । अडियो सि.डी. तथा स्क्रिप्ट राइटिङमा प्रतिवादीले निवेदक जगनबहादुर गुरुङलाई फोन गरी सव-इन्जिनियर कमल बराललाई भेट्नु भनेको देखिएको छ जगनबहादुर गुरुङसमेतका सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले घुस रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले घुस/रिसवत

लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई पुष्टि भएको र उजुरीकर्ताले पेस गरेको सि.डी.लाई समेत प्रमाणमा लिई प्रतिवादीलाई सजाय गर्नुपर्नेमा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ पाउने गरी भएको फैसला मिसिल संलग्न प्रमाणको मूल्यांकनको रोहमा समेत त्रुटिपूर्ण भई बदरभागी छ ।

४४. जिल्ला काभ्रेपलान्चोक, पनौती नगरपालिका वडा नं. ५ सुब्बा गाउँ बस्ने प्रतिवादी सुरज के.सी.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७५-CR-०२७०)।

फैसला भएको मिति : २०७९।१।७ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी सुरज के.सी.लाई बिगो रु.१०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीले घुस/रिसवत लिएको Actus Reus नै स्थापित/पुष्टि नभएको अवस्थामा आरोपदाबी बमोजिम उजुरकर्तासँग घुस रकम मागी घुस लिई अपराध गरेको भन्ने देखिन आएन, प्रतिवादी सुरज के.सीले काम गर्ने टेबुलको ड्रयरबाट आयोगले बरामद गरेको रकम प्रतिवादीले उजुरकर्तासँग माग गरी ड्रयरमा राखेको हो भन्ने कसुर प्रमाणित गर्ने विश्वसनीय स्वतन्त्र र भरपर्दो प्रमाण अभियोजन पक्षबाट पेस हुन नसकेको, अडियो संवादमा पैसाको कुरा भएको देखिँदैन भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

उजुरीकर्ता गोविन्दप्रसाद लामिछानेले ग्रेड मिलान अवकाशपछिको मितिमा गरेको हुँदा ग्रेड पाउनु हुन्न, मिलाउन घुस/रिसवत रु.१००००।- माग गरेको भन्नेसमेत निवेदन गरेकोमा, प्रतिवादी सुरज के.सी.ले काम गर्ने टेबुलको ड्रयरबाट आयोगले दिई पठाएको रकम बरामद भएको भनी स्वयं अदालतले स्वीकार गरेको देखिएकोमा वारदात लगत्तै प्रतिवादीको हात धोएको ग्लासमा रहेको पानीको रङ्ग पिंक भएकोबाट निज आफैंले रकम बुझी लिएको पुष्टि भएको, प्रतिवादिले मौकामा र अदालतमा बयान गर्दा घुस रकम आफ्नो साथ बरामद भएकोमा अन्यथा भन्न नसकेको, प्रतिवादी र उजुरीकर्ता पूर्व चिनजानको नभएको अवस्थामा निजहरूबीच पटक-पटक फोन सम्पर्क भएको अडियो, स्क्रिप्ट राइटिङसमेत देखिएको, उजुरीकर्ताले अदालतमा बकपत्र गर्दा अनुसन्धानको कागजसमेतलाई समर्थन गर्दै डकुमेन्ट कागज फरवार्ड नगरी आफैसँग राख्नुभएको र घुस रिसवत रकम ल्याएपछि दिन्छु भन्नुभएको थियो भनी खुलाएको र अन्य सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले घुस

रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले कार्यालयको कार्य कक्षमा घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

४५. जिल्ला सर्लाही ब्रम्हापुरी गाउँपालिका वडा नं. ४ बस्ने प्रतिवादी मोहन यादव.....१ जना।

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-००६८) ।

फैसला भएको मिति : २०७८।१२।२४ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी मोहन यादवलाई बिगो रु.१,५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

स्क्रिप्ट राइटिङको व्यहोरा सम्बन्धमा प्रतिवादीले आफ्ना लागि रकम मागेको होइन उजुरीकर्ताले नै विपक्षीसँग मुद्दा मिलाइदिन रकमको कुरा गरेको हो भनी इन्कारी बयान गरेको सम्बन्धमा प्रतिवादीले जनाएको असहमतिलाई वादी पक्षले स-प्रमाण खण्डन गर्न सकेको देखिएन, उजुरकर्ता निवेदकलाई वादी पक्षले अदालतमा बकपत्रका लागि उपस्थित गराउन सकेको पाइएन, भन्ने आधार लिई प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

उजुरीकर्ता नसिम खानले जिल्ला महोत्तरी जलेश्वर न.पा वडा नं. २ स्थित आमा अनिशा खातुनको नामको कि.नं. १५३८ मा नक्साअनुसार घर बनाएको अवस्थामा निज अमिन मोहन यादवले मेरो घर नापनक्सा अनुसार नभएको बहाना बनाई पछि उक्त नापनक्सा अनुसार बनाइदिन्छु भनी रु.१,५०,०००।- घुस/रिसवत माग गरेको र प्रतिवादीले बोकेको ब्यागमा घुस/रिसवत रकम बरामद भएको तथा निजको हात धोएको ग्लासमा रहेको पानीको रंग पिंक रेड भएकोबाट निज आफैंले रकम बुझेको पुष्टि भएको देखिएको । निवेदकले अनुसन्धानको क्रममा कागज गर्दा प्रतिवादी मोहन यादव मेरो घर जग्गा नापजाँच सरजमिनका लागि खटिआएको कर्मचारी हुन् निजले मेरो जमिन नापजाँच गरिसकेपछि मुद्दा मिलाइदिन्छु भनी उक्त घुस रकम माग गरेको भनी खुलाएको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारी समक्ष गरेको हस्तलिखत बयानमा घुस/रिसवत रकम आफ्नो साथबाट बरामद भएको स्वीकार गरेको देखिन्छ, सरकारी साक्षीहरू जयराम पंजियारसमेतले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले

घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले घुस/रिसवत लिएको घटना श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई घुस/रिसवत लिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

४६.जिल्ला सर्लाही, मलंगवा नगरपालिका वडा न. ७ बस्ने रामजी बाबु यादव.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-००२७)।

फैसला भएको मिति : २०७९।१।८ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी रामजी बाबु यादवलाई बिगो रु.५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जरिवाना र कैद सजाय हुन।

विशेष अदालतको फैसला

प्रतिवादीले सम्पादन गर्ने कार्यसँग निज उजुरीकर्ताहरूको सार्थक सरोकार रहे भएको नदेखिंदा उजुरकर्ताहरूलाई सेवाग्राही मान्न सकिने अवस्था भएन, वादीका साक्षीहरूले मौकाको कागजको व्यहोरा खण्डित हुने बकपत्र गरेको देखिएको अवस्था एवं बरामद रकम प्रतिवादीले स्वेच्छाले माग गरेको र लिएको नभई उजुरकर्ताहरूले जबरजस्ती प्रतिवादीको पाइन्टमा राखिदिएको देखिएको, प्रतिवादी र उजुरकर्ताबीच भएको निजी फोन रेकर्डमा प्रतिवादीले उजुरकर्तासँग घुस खाने इच्छा स्पष्टरूपमा व्यक्त गरी घुस माग गरेको नदेखिएको, प्रतिवादीले इन्कारी बयान गरेको देखिएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

उजुरकर्ता हरिनन्दनप्रसाद यादव र सन्तोषकुमार यादवले उपभोक्ता समितिमार्फत रामनगर गा.पा. भित्र विद्युत जडान गर्ने कार्यलाई रु.२०,००,०००।- विनियोजन भएकोमा प्राविधिक मूल्यांकनसहित कार्य सम्पन्न गरी भुक्तानीका लागि गाउँपालिकाका इन्जिनियर रामजीप्रसाद यादवले पटकपटक दुःख दिई रु.५०,०००।- घुस/रिसवत माग गरेको । सोको अडियो मिसिल सामेल रहेको भन्ने निवेदन देखिएको, प्रतिवादीले लगाइराखेको पाइन्टबाट घुस/रिसवत रकम बरामद भएको र निजको हात पानी धुन लगाउदा पिंक भएको देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष हस्तलिखित बयान गर्दा घुस/रिसवत आफूसाथ बरामद भएको स्वीकार गरेको तथा स्क्रिप्ट राइटिङ मिसिल सामेल देखिएकोलाई प्रमाण ऐन,२०३१ को दफा १३क ले प्रमाणमा लिन मिल्ने देखिएको, प्रतिवादीले घुस/रिसवत माग गरेको व्यहोरा पुष्टि हुन्छ भनी

पोलिग्राफ परीक्षण गर्न इन्कार गरेको देखिएको, निवेदक र प्रतिवादीबीच फोन सम्पर्क भएको देखिएको, उपभोक्ता समितिका अध्यक्ष अभिनन्दन सहनीले पटकपटक योजनाको कार्य सम्पन्न लिन नसकेको र निजकी ठुली आमा बिरामी भई औषधोपचार गर्न बाहिर जानुपर्ने भएकाले उजुरीकर्ताहरू हरिनन्दन यादव र सन्तोष यादवलाई कार्य सम्पन्न लिन पठाएको भन्नेसमेत देखिएको, सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्व विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

४७.जिल्ला कपिलवस्तु यशोधरा गाउँपालिका वडा नं. ५ बस्ने प्रतिवादी रवीन्द्रप्रसाद मौर्यासमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०१३४) ।

फैसला भएको मिति : २०७९।२।१२ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू रवीन्द्रप्रसाद मौर्या र रामकुमार लोनियालाई बिगो रु.४०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीहरूको उजुरवालासँग घुस/रिसवत लिने मनसाय नदेखिएको, प्रतिवादीले घुस/रिसवत माग गरेको नदेखिएको, प्रतिवादीले स्वेच्छाले घुस/रिसवत लिएको पुष्टि नभएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीहरूले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

उजुरीकर्ता राधेश्याम मिश्रले मेरो भाइ राकेश मिश्रले श्री बालज्योति मा.वि. मा मा.वि. विज्ञान कोटाको शिक्षकमा उम्मेदवार दिएकोमा उक्त विद्यालयको प्रधानाध्यापक रवीन्द्रप्रसाद मौर्यासमेतले रु.४०,०००।- घुस/रिसवत माग गरेको भनी उजुरी दिएको देखिएको, उक्त विद्यालयका कार्यालय सहयोगी प्रतिवादी रामकुमार लोनियाले लगाएको पाइन्टको दाहिने गोजीमा रु.४०,०००।- घुस/रिसवत रकम बरामद भएको देखिएको, निवेदक राधेश्याम मिश्र र प्रतिवादीहरूबीच फोनमा भएको वार्तालाप रेकर्ड तथा श्रव्यदृश्यसहितको सि.डी. र स्क्रिप्ट

राइटिङ मिसिल सामेल रहेको देखिएको, प्रतिवादी रवीन्द्रकुमार मौर्यले अदालतमा इन्कारी बयान गरे तापनि अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारीसमक्ष गरेको हस्तलिखित बयानमा विद्यालयको आर्थिक स्रोत कमजोर हुँदा व्यक्तिगत प्रयोजनको लागि नभई विद्यालयमा खर्च गर्न सहप्रतिवादी रामकुमार लोनियालाई रकम लिन पठाएको तथ्य स्वीकार गरेको, अर्का प्रतिवादी रामकुमार लोनियाले पनि रवीन्द्र सरले लिन पठाएकोले लिन गएको भनी बयान गरेको, शिक्षक नियुक्तिमा गम्भीर लडाइँ छ, तपाईं कमसेकम ४० हजार दिनुस् नाम निस्कियो भने पैसा खर्च हुन्छ निस्केन भने पूरै रकम फिर्ता गरिदिन्छौं भन्ने उल्लेख भएको देखिएकोमा उक्त संवादलाई प्रतिवादीहरूले अनुसन्धानको क्रममा पनि स्वीकार गरेको देखिन्छ भनी अदालतको फैसलाको ३८ नं. बुँदामा स्वीकार गरेको देखिएको, उजुरकर्ता राधेश्याम मिश्रले अदालतमा बकपत्र गर्दासमेत स.ज. ८ मा प्रतिवादी रवीन्द्र मौर्यले प्रतिवादी रामकुमार लोनियालाई घुस रकम लिन पठाएको भनी बकपत्र गरेको र प्रतिवादीहरूबीच पटक-पटक फोन सम्पर्क भएको, सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीहरूले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीहरूले घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका शृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्व विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीहरूको उजुरवालासँग घुस/रिसवत लिने मनसाय नदेखिएको, घुस/रिसवत माग गरेको नदेखिएको, स्वेच्छाले घुस/रिसवत लिएको पुष्टि नभएको भनी हास्यास्पद आधार लिई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

४८.जिल्ला सर्लाही, मलंगवा नगरपालिका वडा नं. ३ बस्ने प्रतिवादी मोहन बाबु यादव.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०००९) ।

फैसला भएको मिति : २०७८।१२।१६ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी मोहनबाबु यादवलाई बिगो रु.१,८०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

उजुरीकर्ताले मिति २०७६।३।२८ मा उजुरी दिएको देखिन्छ भने मिति २०७६।३।२९ गते नै भुक्तानी लिइसकेको देखिएकोबाट जुन रकम र भुक्तानीका लागी रिसवत माग गरेको भन्ने उजुरी परेको हो सो पहिले नै भुक्तानी भइसकेको देखिएकाले सम्पन्न भइसकेको कामका विषयमा

रिसवत माग गरेको भन्ने आरोपदाबी आधारहीन देखिन आयो, प्रतिवादीले अडियो सि.डी. मा भएको आवाज आफ्नो होइन भनेको अवस्थामा सो रेकर्डको आधिकारिकता र शुद्धता पुष्टि हुनुपर्नेमा सो भएको देखिएन । प्रतिवादीले कसुरमा इन्कारी रही बयान गरेको देखिएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

प्रतिवादीले उजुरकर्तासँग घुस/रिसवत माग गरी बार्गेनिङसमेत गरेको अडियो सि.डी. तथा स्क्रिप्ट राइटिङ मिसिल सामेल देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १३ क ले प्रमाणमा लिन मिल्ने नै देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा स.ज. २५ मा अडियोमा भएको वार्तालाप आफ्नो हो भनी स्वीकार गरेको देखिएको, उक्त फोन वार्तालाप प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्युरोको च.न. ३२६ मिति २०७६।४।१३ को पत्रबाट परीक्षण प्रतिवेदन प्राप्त भएको देखिएको, प्रतिवादी र उजुरकर्ताबीच पटकपटक फोन सम्पर्क भएको Call Details Record बाट देखिएको, उजुरकर्ता टंकबहादुर रानामगरसमेतका सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी उल्लेख गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्व विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

४९.जिल्ला धनुषा, हाल जनकपुर उप-महानगरपालिका वडा नं.१५ स्थायी ठेगाना भएको प्रतिवादी राजकुमार ठाकुर.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७५-CR-०१४५) ।

फैसला भएको मिति : २०७९।१।७ **पुनरावेदन दर्ता मिति : २०७९।३।३१**

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमार ठाकुरलाई बिगो रु.३३,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीको साथबाट घुस भनिएको रकम बरामद भएको नदेखिई पूजा कोठाको कार्टुनभित्रबाट बरामद भएको देखिन्छ, उजुरवालाले उल्लेख गरेको काम प्रतिवादीको ओहोदासँग सम्बन्धित वा निजैले सम्पादन गर्नुपर्ने कार्य क्षेत्रभित्रको नदेखिएको, प्रतिवादी र उजुरवालाबीचको फोन संवादमा

प्रतिवादीले घुसबापतको रकमको कुराकानी गरेको तथ्य स्थापित नभएको, प्रतिवादीले मौकामा र अदालतमा समेत बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

उजुरकर्ता चिरञ्जिवी सुवेदीले मिति २०७५।९।५ मा उजुरी दिँदा निजी आवादीको उत्तिसको काठ चिरानका लागि ट्रयाक्टरमा ल्याउँदा प्रहरीले नियन्त्रण गरेको वन मुद्दामा सहायक वन अधिकृत राजकुमार ठाकुर (सव-डिभिजन प्रमुख) उक्त मुद्दा जिल्ला सरकारी वकिल कार्यालयसमेत नपठाई रु.३३०००।- घुस/रिसवत माग गरेको उजुरी व्यहोरा देखिएको, प्रतिवादीको हात धुन लगाउँदा पानी बैजनी रातो भएकोबाट निजले घुस रकम हातले छोएको देखिन्छ, प्रतिवादीको कार्यालय भवनकै पूजाकोठाबाट घुस रकम बरामद भएको खानतलासी बरामदी मुचुल्काबाट देखिएको, प्रतिवादी र निवेदकबीच वन मुद्दा मिलाई दिएबापत घुस रकम माग गरेको अडियो सि.डी. र स्क्रिप्ट राइटिङ मिसिल सामेल रहेको देखिएको, प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष हस्तलिखित बयान गर्दा स.ज. ११ मा वन मुद्दा मिलाइदिन्छु भनी घुस रकम कार्यकक्षमा लिएको भनी कसुरमा स्वीकार गरी बयान गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा ९(२) (क) बमोजिम प्रमाणमा लिन मिल्ने देखिएको, उक्त वन मुद्दा प्रतिवादी पक्राउ परेको भोलिपल्ट उजुकर्तासमेतलाई प्रतिवादी बनाई मिति २०७५।९।६ मा अदालतमा दायर भएको देखिएको, प्रतिवादी र उजुरीकर्ताबीच पटकपटक फोन सम्पर्क भएको । प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्वको विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

५०.जिल्ला ओखलढुंगा हाल सिद्धिचरण नगरपालिका वडा नं. ५ स्थायी ठेगाना भएका प्रतिवादी कुमारबहादुर राजभण्डारीसमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७५-CR-०१७२) ।

फैसला भएको मिति : २०७८।१२।१७ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू कुमारबहादुर राजभण्डारी र बाबुराजा शाक्यलाई बिगो रु.६०००।- कायम गरी प्रतिवादी कुमारबहादुर राजभण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर र अर्का प्रतिवादी बाबुराजा शाक्यलाई सोही ऐनको दफा ३(२) बमोजिमको कसुरमा प्रतिवादीहरूलाई सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादी कुमारबहादुर राजभण्डारीले मिति २०७५।१०।५ मा फिल्डमा गई हाल साबिकको

काम सम्पन्न गरिसकेको देखिन्छ भने निजलाई त्यसको भोलिपल्ट मिति २०७५।१०।६ मा निजको कार्यकक्षमा रिसवत रकम दिएको भन्ने व्यहोराबाट नै प्रतिवादीले उजुरकर्ताको काम रोकी सोही कामका लागि भनी रिसवत माग गरेको भन्ने दाबी विश्वसनीय देखिन आएन, प्रतिवादीले अडियो सि.डी. मा प्रश्न उठाएको अवस्थामा सो रेकर्डको आधिकारिकता र शुद्धता पुष्टि हुनुपर्नेमा सो भएको देखिएन । प्रतिवादीहरूले कसुरमा इन्कारी रही बयान गरेको देखिएको भन्नेसमेत आधार ग्रहण गरी दुवै प्रतिवादीले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

प्रतिवादी कुमारबहादुर राजभण्डारीले लगाएको पाइन्ट दाहिने तर्फको खल्तीबाट घुस रकम बरामद भएको, प्रतिवादी बाबुराजा शाक्यले अधिकारप्राप्त अधिकारीसमक्ष हस्तलिखित बयान गर्दा कसुर स्वीकारी सहअभियुक्त कुमारबहादुर राजभण्डारीलाई पोल गरी बयान गरेको देखिएको, अर्का प्रतिवादीले घुस रकमसहित प्रकाउ परेकोमा स्वीकार गरी बयान गरेको देखिएको, उजुरीकर्ता र प्रतिवादी बाबुराजा शाक्यबीचको फोन वार्तालाप अडियो र रकम नै किटान गरी स्क्रिप्ट राइटिङबाट घुस रकम माग गरेको पुष्टि भएको देखिएको, प्रतिवादीमध्ये बाबुराजा शाक्यले अदालतमा बयान गर्दा स.ज १० मा ट्याक्सी खर्चबापत रु.६०००।- दिएको हो भनी सहअभियुक्त कुमारबहादुर राजभण्डारीलाई पोल गरी बयान गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा ९क. बमोजिम प्रमाणमा लिन मिल्ने देखिएको, सरकारी साक्षी रमेश थापासमेतले अनुसन्धानको क्रममा तथा अदालतमा बकपत्र गर्दा प्रतिवादीले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएकोसमेतबाट प्रतिवादीहरूले कार्यालयको कार्य कक्षमा घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुबै तत्त्व विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएकोमा प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

५१. जिल्ला सिन्धुली कमलामाई नगरपालिका वडा नं. १४ तल्लो रानीबास (साबिक जिल्ला सिन्धुली, रानीबास) बस्ने प्रतिवादी श्यामबहादुर माझी.....१ जना
मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०११२) ।
फैसला भएको मिति : २०७९।११।७ पुनरावेदन दर्ता मिति : २०७९।३।३१
आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी श्यामबहादुर माझीलाई बिगो रु.१०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

उजुरीकर्ता र प्रतिवादीका बीचमा भएको भनिएको फोन संवादमा उजुरकर्ताले त्यही दस हो त भनेकोसम्म सुनिए पनि प्रतिवादीले उक्त फोन संवादमा मलाई यत्ति नै पैसा चाहिन्छ, पैसा नभई तिम्रो काम हुँदैन भनेर रिसवत माग गरेको वा बार्गेनिङ गरेको अवस्था देखिँदैन, निवेदक उजुरीकर्ता राजकुमार तिमल्सिनाको उजुरी निवेदन परेको र निजले सोहीबमोजिम बयानसमेत गरेको देखिए पनि निजको अदालतसमक्ष बकपत्र हुन नसकेको, प्रतिवादीले घुस/रिसवत माग गरेकोमा कसुरमा इन्कार रही बयान गरेको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

पाथिभरा यातायातबाट संचालन भएका बा६ख ७४५१ समेतका ५ वटा बसहरू वि.पी. राजमार्गमा सिन्धुलीतर्फ जाने क्रममा नेपालथोकमा रहेको अ. प्रहरी ट्राफिक पोष्टमा कार्यरत प्र.स.नि. श्यामबहादुर माझीले केही समय ढिलो भएमा कारबाही हुन सक्छ म सहयोग गर्छु भनी रु.२००० को दरले रु.१०,००० माग गरेको भन्नेसमेत व्यहोराको राजकुमार तिमल्सिनाको निवेदन देखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष हस्तलिखित बयानमा कसुरमा पूर्ण साबिती रही बयान गरेको देखिएकोलाई प्रमाण ऐन २०३१ को दफा ९(२) (क) बमोजिम प्रमाणयोग्य देखिएको, प्रतिवादी र निवेदकबीच घुस रिसवतको वार्तालाप भएको अडियो सि.डी. र स्क्रिप्ट राइटिङ मिसिल सामेल रहेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १३क. ले प्रमाणयोग्य देखिएको, प्रतिवादी र निवेदकबीच घुस रकम नै किटान गरी पटकपटक फोन सम्पर्क भएको Call Details Record बाट देखिएको, प्रतिवादीले अदालतमा इन्कारी बयान गरे तापनि स.ज. ८ मा उजुरीकर्ता चिन्दिन भने तापनि फोन सम्पर्क भएको देखिएको र निजको साथबाट घुस रकम बरामद भएकोलाई अन्यथा भन्न सकेको देखिदैन, सरकारी साक्षीहरू चन्दनकुमार साहसमेतले अनुसन्धानको क्रममा र अदालतमा बकपत्र गर्दा प्रतिवादीले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले पाथिभरा यातायातको बस सिन्धुली चल्ने क्रममा सहज गर्न घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्वको विद्यमान रहेको अवस्था पुष्टि भएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको रोहमा त्रुटिपूर्ण रहेको र बुझ्नपर्ने आधिकारिक व्यक्ति राजकुमार तिमल्सिनालाई वादी पक्षले उपस्थित गराई बकपत्र गराउन नसकेको भन्ने आधार लिई प्रतिवादीलाई सफाइ दिने आधारको सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दामा निज राजकुमार तिमल्सिनालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदासमेत सोतर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाइ दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानुन व्यवस्थाको प्रतिकूल रही फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

५२. जिल्ला नवलपरासी पूर्व बिनयी त्रिवेणी गाउँपालिका वडा नं. ६ (साबिक जिल्ला नवलपरासी त्रिवेणी सुस्ता गा.वि.स. २) स्थायी वतन भएका प्रतिवादी पुष्पराज श्रेष्ठ.....१ जना
मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०२७१)।
फैसला भएको मिति : २०७९।११।१४ पुनरावेदन दर्ता मिति : २०७९।३।३१
आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी पुष्पराज श्रेष्ठलाई बिगो रु.५०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

मिसिल संलग्न स्क्रिप्ट राइटिङबाट पनि प्रतिवादीले मलाई यति रकम चाहिन्छ भनी रकम माग गरेको, बार्गेनिङ गरेको भन्ने देखिँदैन, प्रतिवादी र निवेदक उजुरीकर्ताबीच पूर्व रिसइवी रहेको तथ्य उजुरीकर्ताको बकपत्र तथा प्रतिवादीले पेस गरेको अडियो संवादको सि.डी. लिपिबद्ध व्यहोराबाट देखिन आउँछ, प्रतिवादीबाट बरामद रकम राज्यकोषको रकम भएको र निजले स्वेच्छाले घुस/रिसवत माग गरी लिएको नदेखिएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

स्क्रिप्ट राइटिङ तथा अडियो रेकर्डमा प्रतिवादीले सिग्नेचर गरिसकेकोले सिस्टमबमोजिम खर्च सर्च चाहियो भनी माग गरेको, ४-५ हजार भए हुन्छ भनी सोध्दा प्रतिवादीले हुन्छ भनी लेखाएको देखिएको तथा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा सो वार्तालापलाई स्वीकार गरेको देखिएकोलाई उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ दफा १३ क. ले प्रमाणयोग्य नै हुँदासमेत अदालतले प्रतिवादीलाई सफाइ दिने मनसायले मिसिल संलग्न स्क्रिप्ट राइटिङबाट पनि प्रतिवादीले मलाई यति रकम चाहिन्छ भनी रकम माग गरेको, बार्गेनिङ गरेको भन्ने देखिँदैन भनी आधार लिई भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । प्रतिवादीको साथबाट घुस/रिसवत रकम बरामद भएकोमा विवाद नदेखिएको, सरकारी साक्षीहरूले अनुसन्धान तथा अदालतमा गरेको बकपत्रमा प्रतिवादीले घुस/रिसवत लिएको भनी कागज गरेको देखिएको, प्रतिवादीले कसुर गरेको कारण नै अनुसन्धानको क्रममा पोलिग्राफ परीक्षण गर्न नमानेको समेतबाट प्रतिवादीले स्वेच्छाले घुस/रिसवत माग गरी लिएको देखिएको अवस्थामा समेत प्राप्त प्रमाणको उचित मूल्यांकन नगरी गलत अर्थ लगाई निजले स्वेच्छाले घुस/रिसवत माग गरी लिएको नदेखिएको भनी आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

५३.जिल्ला सिरहा, लाहान नगरपालिका, वडा नं. ७ मारवाडी टोल वतन भएका प्रतिवादी रामप्रकाश सतरा.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-००१०)।
फैसला भएको मिति : २०७९।१२।१४ पुनरावेदन दर्ता मिति : २०७९।३।३१
आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी रामप्रकाश सतरालाई बिगो रु.१५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीबाट बरामद भएको नगदसहितको खानतलासी मुचुल्का उजुरकर्ता शिवनाथ सहनीले पेस गरेको सि.डि, प्रतिवादीको हात धुँदा पानीको रंग परिवर्तन भएको मुचुल्का र पानीमा रहेको केमिकल फेनोल्फथालिन परीक्षण प्रतिवेदनलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन आएन । उजुरकर्ताले भुक्तानीको लागि निवेदन दिएको देखिएको, प्रतिवादीले अनुसन्धानको क्रममा भएको बयान तथा अदालतसमक्षको बयानमा कसुरमा इन्कार रहेको देखिन्छ भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादी रामप्रकाश सतराले अधिकारप्राप्त अधिकारीसमक्ष हस्तलिखित बयान गर्दा स.ज १७ मा निवेदकसँग रु.१५,०००।- घुस रकम मागेको, स.ज २० मा कागजमा सही गरी पैसा लिएको हुँ, स.ज २२ मा एकपटकलाई माफी पाउँ, स.ज २३ मा शिवनाथले रु.१५,०००/- दिन्छ लिनु भनी ध्रुव महतोलाई भनेको थिएँ भनी कसुरमा स्वीकार गरी बयान गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा ९(२) (क) ले प्रमाणमा लिनहुने देखिएकोमा कार्यालय सहयोगी ध्रुव महतो नुनियाले सोही बयानलाई समर्थन गरी स.ज. १७ मा प्रतिवादी रामप्रकाश सतराले भनेबमोजिम निवेदक शिवनाथ सहनीसँग रु.१५,०००।- रकम लिई दिएको हुँ भनी बयान गरेको देखिन्छ, निज प्रतिवादीको साथबाट घुस रकम बरामद भएकोमा विवाद देखिदैन, निवेदक र प्रतिवादीबीच पटकपटक फोन सम्पर्क भएकोमा अदालतले नै स्वीकार गरेको देखिन्छ, उक्त पर्खालको कार्यको हालसम्म पनि भुक्तानी प्राप्त नभएको भनी बकपत्र गरेकोसमेतवाट प्रतिवादीले निर्माण कार्य सम्पन्न पश्चात भुक्तानी कागजमा दस्तखत गर्न जाँदा घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्व विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

५४.जिल्ला रौतहट, गौर नगरपालिका वडा नं. ९ सिर्सिया बस्ने प्रतिवादी अजयकुमार ठाकुरसमेत.....२ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७५-CR-००१३) ।
फैसला भएको मिति : २०७८।१२।२४ पुनरावेदन दर्ता मिति : २०७९।३।३१
आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादीहरू अजयकुमार ठाकुर र ज्ञानेन्द्र यादवलाई बिगो रु.४५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

उजुरकर्तालाई उजुर गर्न उपभोक्ता समितिले अधिकार प्रदान गरेको नदेखिएको, कोठामा अन्य मानिसहरूसमेत रहे, भएको अवस्थामा घुसको रकम हाकाहाकी मागेर साथमा राख्ने कुरा स्वाभाविक हुने नदेखिँदा उजुरकर्ताको उजुरी आधारहीन देखिन आएको, उजुर गर्नुभन्दा पहिले नै उजुरीकर्ताको बिल बनाउने काम सम्पन्न भइसकेको देखिएको, बुझ्नुपर्ने आधिकारिक व्यक्तिहरू इसरायल मिया र विजय अधिकारीलाई वादी पक्षले उपस्थित गराई बकपत्र गराउन नसकेको, उजुरकर्ताको मौकाको कागज र अदालतसमक्षको बकपत्र परस्पर बाझिएको देखिन आएको भन्नेसमेत आधार ग्रहण गरी दुवै प्रतिवादीहरूले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा प्रतिवादीमध्ये ज्ञानेन्द्र यादवले घुस/रिसवत माग गरेको अडियो रेकर्ड नै मिसिल सामेल देखिएकोलाई प्रमाण ऐनले प्रमाणमा लिनहुने नै देखिन्छ, प्रतिवादी ज्ञानेन्द्र यादवले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा स.ज. १७ मा नापी कार्य सम्पन्न भइसकेको उपभोक्ता समितिको कृषि बाटोको लागि ५% र स्कुलको कम्पाउण्डवालका लागि ३% घुस रकम लिन प्रतिवादी अजयकुमार ठाकुरले भनेबमोजिम निवेदक राकेश यादवसँग कुरा भएको थियो, स.ज. १८ उक्त निर्माण कार्यको रेखदेखको जिम्मेवारी मसमेतको थियो भनी बयान गरेकोलाई सोही ऐनको दफा ९(२) (क) बमोजिम प्रमाणमा लिनहुने देखिएको, स्क्रिप्ट राइटिङ र Call Detail Record वाट प्रतिवादी र निवेदकबीच पटकपटक फोन सम्पर्क भएको देखिएको, प्रतिवादीहरूको कार्यकक्षमा नै घुस रकमसहित प्रतिवादी प्रकाउ परेको देखिएको तथा निजको हात धुन लगाउँदा बैजनी रातो भएको, सरकारी साक्षीहरू तिर्थराज उपाध्याय, किरण परियार, हनुमान राउत अहिरसमेतका सरकारी साक्षीहरूले अनुसन्धानको क्रममा तथा अदालतमा समेत बकपत्र गर्दा प्रतिवादीले घुस/रिसवत माग गरी भ्रष्टाचारको कसुर गरेको भनी उल्लेख गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीहरूले कार्यालयको कार्य कक्षमा घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुबै तत्त्वको विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी हचुवाको आधारमा प्रतिवादीहरूलाई सफाइ दिने हेतुले कोठामा अन्य मानिसहरूसमेत रहे

भएको अवस्थामा घुसको रकम हाकाहाकी मागेर साथमा राखे कुरा स्वाभाविक हुने नदेखिंदा उजुरकर्ताको उजुरी आधारहीन देखिन आएको भनी तथ्यलाई गलत अर्थ लगाई प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको र बुझ्नपर्ने आधिकारिक व्यक्तिहरू इसरायल मिया र विजय अधिकारीलाई वादी पक्षले उपस्थित गराई बकपत्र गराउन नसकेको भनी आधार लिई प्रतिवादीहरूलाई सफाइ दिने आधारको सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दामा निज इसरायल मिया र विजय अधिकारीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्नसक्ने देखिँदासमेत सोतर्फ प्रवेश नगरी प्रतिवादीहरूलाई सफाइ दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानुन व्यवस्थाको प्रतिकूल रही फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

५५.जिल्ला सप्तरी खड्ग नगरपालिका वडा नं. ७ (साबिक कल्याणपुर गा.वि.स. वडा नं. ७) घर भएका प्रतिवादी दिनेशकुमार साह.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-०२६७) ।

फैसला भएको मिति : २०७९।१।१४ **पुनरावेदन दर्ता मिति : २०७९।३।३१**

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी

प्रस्तुत मुद्दामा प्रतिवादी दिनेशकुमार साहलाई बिगो रु.७,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

उजुरकर्तासँग प्रतिवादीले घुस/रिसवत माग गरेको, बार्गेनिङ गरेको, उजुरीकर्तालाई घुस/रिसवत दिन बाध्य पारेको तथ्य फोन संवाद र स्क्रिप्ट राइटिङबाट देखिएको छैन, सर्वोच्च अदालतबाट गोविन्दप्रसाद कँडेल वि. नेपाल सरकार 075-CR-1110 भएको फैसलासमेतको आधारमा प्रस्तुत मुद्दामा उजुरकर्ता र प्रतिवादीबीच भएको फोन संवाद तथा स्क्रिप्ट राइटिङलाई प्रमाणको रूपमा लिन मिल्ने देखिएन, प्रतिवादीको साथबाट तथा निजको घरकोठाबाट रकम बरामद भएको अवस्था नरहेको, उजुरकर्ता प्रतिवादीको सेवाग्राही नभएको अदालतमा प्रतिवादीले इन्कारी बयान गरेको देखिएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा निवेदक नरबहादुर तामाङले जग्गा फिल्ड चेक जाँचका लागि सम्बन्धित दिनेशकुमार शाहलाई अनुरोध गर्दा आलटाल गरी रु.७,०००।- घुस/रिसवत माग गरी घुस/रिसवत दिन बाध्य बनाएको र घुस/रिसवत माग गरेको वार्तालापको अडियोसाथ नै पेस गरेको भन्नेसमेत व्यहोराको निवेदन देखिएको, प्रतिवादीले निवेदकसँग घुस/रिसवत लिई घाँसमा फालेको अवस्थामा फेला परेको, खानतलासी बरामदी मुचुल्का रहेको देखिएको र वारदात लगत्तै प्रतिवादीले हात धोएको ग्लासमा रहेको पानी PINK भएकोबाट घुस रकम निजले लिएको पुष्टि

भएको, निवेदकबीचको अडियो रेकर्डको स्क्रिप्ट राइटिङमा प्रतिवादीले रु.७,०००।- घुस रकम माग गरेको देखिएको, प्रतिवादी र निवेदकबीच पटकपटक फोन सम्पर्क भएको Call Details Record बाट देखिन्छ, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आफ्नै हस्तलिखित बयान गर्दा घुस रकम माग गरी लिएको र अडियो रेकर्डमा भएको कुराकानी निवेदकसँग भएको भनी कसुरमा साबिती बयान गरेको देखिन्छ, प्रतिवादीले अदालतमा बयान गर्दा इन्कारी बयान गरे तापिन विश्वासयोग्य प्रमाण पेस गर्न सकेको नदेखिएको, वादी नेपाल सरकारका साक्षीहरू प्रलाद बोगटी, नरबहादुर तामाङ, मनबहादुर राईसमेतले अनुसन्धानमा कागज र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले घुस/रिसवत लिएको पुष्टि हुने गरी कागज गरेको देखिएकोलाई प्रमाण ऐन,२०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतवाट प्रतिवादीले जग्गा फिल्ड चेकजाँचको लागि घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुबै तत्त्वको विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी उजुरकर्तासँग प्रतिवादीले घुस/रिसवत माग गरेको, बार्गेनिङ गरेको, उजुरीकर्तालाई घुस/रिसवत दिन बाध्य पारेको तथ्य फोन संवाद र स्क्रिप्ट राइटिङबाट देखिएको छैन भन्नेसमेत आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ ।

५६.जिल्ला गुल्मी दरबार गाउँपालिका वडा नं. १, जुभुङ (साबिक जुभुङ गा.वि.स वडा नं. १) स्थायी वतन भएका प्रतिवादी प्रेमबहादुर थापा.....१ जना

मुद्दा : घुस/रिसवत लिई भ्रष्टाचार गरेको (०७६-CR-००१५) ।

फैसला भएको मिति : २०७९।२।४ पुनरावेदन दर्ता मिति : २०७९।३।३१

आयोगको निर्णय मिति : २०७९।३।२७

आरोपपत्र मागदाबी :

प्रस्तुत मुद्दामा प्रतिवादी प्रेमबहादुर थापालाई बिगो रु.३,५००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीबाट बरामद रकम नै प्रमाणग्राह्य नभएको (०७४-WC-००२०) र उक्त बरामद रकम प्रतिवादीले स्वेच्छाले माग गरेको अवस्था नभएको, उजुरीकर्ता र प्रतिवादीबीच भएको अडियो संवाद सि.डी. तथा स्क्रिप्ट राइटिङसमेत कानुनसम्मत रूपमा आधिकारिक निकायबाट अनुमति लिई रेकर्ड गरिएको नदेखिएको प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र अदालतमा कसुरमा इन्कारी बयान गरेको देखिएको भन्नेसमेत आधार ग्रहण गरी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने।

पुनरावेदन गर्ने आधार

प्रस्तुत मुद्दामा निवेदक राजेशकुमार तेली र पर्शुराम गुप्ताको हार्डवयरका सामानहरू बिक्री वितरण गर्नका लागि सहज बनाइदिने प्रयोजनार्थ प्रतिवादी प्र.स.नि. प्रेमबहादुर थापाले राजेशकुमार तेलीसँग रु.१५००।- र पर्शुराम गुप्तासँग रु.२०००।- गरी जम्मा रु.३५००।- माग गरेको र घुस/रिसवत माग गरेको अडियो भएको DVD साथै पेस गरेको निवेदनवाट मुद्दा उठान भई अनुसन्धान भएको देखिएको, प्रतिवादीको नेपाल प्रहरी युनिफर्म पाइन्टको दाहिनेपट्टि घुँडानिरको बक्स गोजीमा रु. ३५००।- घुस रकम बरामद भएको खानतलासी बरामदी मुचुल्का रहेको देखिएको, प्रतिवादी र निवेदकबीच पटकपटक फोन सम्पर्क भएको Call Details Record बाट देखिन्छ, प्रतिवादीले अदालतमा बयान गर्दा इन्कारी बयान गरे तापनि विश्वासयोग्य प्रमाण पेस गर्न सकेको नदेखिएको, वादी नेपाल सरकारका साक्षीहरू राजेशकुमार तेली, जोगिन्दर तेली, रमेश ढकाल, पर्शुरामप्रसाद गुप्तासमेतले अनुसन्धानमा कागज र अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले घुस/रिसवत लिएको पुष्टि हुने गरी कागज गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाणयोग्य नै देखिएको समेतबाट प्रतिवादीले निवेदकसँग हार्डवयरका सामानहरू बिक्री वितरण गर्नका लागि सहज बनाइदिने प्रयोजनार्थ घुस/रिसवत लिएको घटना वारदातमा कसुर गर्दाको घटनाका श्रृंखलाहरू क्रमबद्ध रूपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्त्वको विद्यमान रहेको देखिएको अवस्था पुष्टि भएको देखिएकोमा प्राप्त प्रमाणहरूको उचित मूल्यांकन नगरी उक्त बरामद रकम प्रतिवादीले स्वेच्छाले माग गरेको अवस्था नभएको भन्नेसमेत आधार लिई प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला प्रमाणको मूल्यांकनको रोहमा त्रुटिपूर्ण रहेको र निवेदकले यस आयोगवाट घुस/रिसवतको रकम प्राप्त गर्नुपूर्वको प्रतिवादीले घुस/रिसवत माग गरेको अडियो रेकर्ड मिसिल सामेल रहेको देखिएको र उक्त वार्तालापलाई प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको स्वयंको हस्तलिखित बयानमा स्वीकार गरेको देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३ क. ले प्रमाणमा लिनुपर्ने कानुनी व्यवस्था रहेको र उक्त प्रमाणलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले 074-CR-0020 को फैसला गर्दासमेत प्रमाणको रूपमा ग्रहण गर्नु नै पर्ने भनी व्याख्या गरेको अवस्थामा मुद्दा विशेषमा भएको लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार (०७८-CR-०६७८) मुद्दामा भएको फैसलालाई नै नजिरको रूपमा स्वीकारी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

५७.जिल्ला दाङ, तुल्सीपुर उप-महानगरपालिका वडा नं. ५ बस्ने धनबहादुर ओली.....१ जना

मुद्दा : झुटा विवरण पेस गरी भ्रष्टाचार गरेको (०७५-CR-०३६६)।

फैसला भएको मिति : २०७८।१२।२४ पुनरावेदन दर्ता मिति : २०७९।३।३०

आयोगको निर्णय मिति : २०७९।०३।२७

आरोपपत्र मागदाबी :

प्रतिवादी धनबहादुर वलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराधमा जम्मा बिगो रु.२५,०००।- कायम गरी ऐ. को दफा ३(१) र ३(१) (क)

बमोजिम सजाय हुन ।

विशेष अदालतको फैसला

प्रतिवादीले निवेदकको काममा ढिलासुस्ती गरी सरुवाको निर्णय गर्ने बहाना बनाई घुस/रिसवत माग गरेको भन्ने निवेदकको उजुरी निवेदन तथा निजको मौकाको कागज एवं बकपत्र व्यहोरा तथ्यगत रूपमा मिलेको नदेखिँदा त्यसलाई स्वतन्त्र प्रमाणको संज्ञा दिई प्रमाणग्राह्य गर्न मिल्ने अवस्था नदेखिएको र बरामदित रकम, बरामदी मुचुल्का, मोबाइल फोन संवाद, श्रव्यदृश्य डि.भि.डी., प्रतिवेदकको बकपत्रसमेतलाई सर्वोच्च अदालतबाट 074-WC-0020 रिटमा मिति २०७८।१।८ मा भएको आदेशबमोजिम प्रमाणग्राह्य नहुने भन्नेसमेतका आधारमा प्रतिवादीले सफाइ पाउने ।

पुनरावेदन गर्ने आधार

प्रतिवादी उपर उजुरी परेकोमा उक्त उजुरीलाई प्रतिवादीसँगको टेलिफोन संवादमा पच्चीस हजार रकम माग गरी निवेदकलाई आफ्नो निवासमा रकम दिन बाध्य पारी पैसा दिई निज उजुरीकर्ता गएपश्चात तत्काल निज पक्राउ परेको देखिएबाट निज प्रतिवादीले टिप्पणी तयार गर्न लगाई सरुवापत्रको मस्यौदासमेत बनाइराखेको तथ्यले नियोजित रूपमा रकम लिने मनासायका साथ बहाना गरेको देखिएको अवस्थामा केवल सर्वोच्च अदालतको 074-WC-0020 रिटमा भएको मिति २०७८।१।८ को आदेशलाई आधार मानी रकम बरामद हुनुपूर्वका नियोजित कार्यले आरोपित कसुरलाई पुष्टि गरिदिएको टेलिफोन संवाद, सरुवाको टिप्पणी र पत्रको मस्यौदा, उजुरी निवेदक युवराज आचार्यले अदालतमा उपस्थित भई मौकाको उजुरी तथा टेलिफोन संवादलाई समेत समर्थन गरी गरिदिएको बकपत्र, प्रतिवादीले यातायात खर्चसमेत भनी अनेक बहाना गरी उक्त रकम लिने कुराको समर्थन गरी आफ्नो निवासमा बोलाएको र रकम लिएको स्वीकार गरी आफ्नै हस्तलिखित रूपमा गरेको बयानसमेतको प्रमाणको यथोचित मूल्यांकन नगरी सर्वोच्च अदालतको स्थापित नजिरको अन्यथा अर्थ लाग्ने गरी प्रतिवादीलाई सफाइ दिने उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।

२.९ कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको

सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको कामकारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्रअन्तर्गत पर्ने प्रकृतिको देखिएमा अनुसन्धानपश्चात् आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने कानुनी व्यवस्था भएअनुरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा भएको व्यवस्थाबमोजिम आर्थिक वर्ष २०७८/७९ मा आयोगबाट निर्णय भई लेखी पठाइएका सुझावहरू निम्नानुसार रहेका छन् ।

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१.१ उत्तर-दक्षिण (कोसी) सडक योजना, खाँदबारी, संखुवासभाअन्तर्गतको श्रीपाली निर्माण सेवा, तेह्रथुमले निर्माण कार्यमा ढिलाइ गरी ठेक्का सम्झौताअनुसार काम नगरेकाले नेपाल सरकारलाई हानि नोक्सानी पुगेको भन्ने विषयमा खरिद सम्झौता गर्दा ठेक्का अंकको के कति अंश वा कुन भाग/प्रकृतिको काम सब-कन्ट्रयाक्ट गर्न सकिने हो सो कुरा बोलपत्रसम्बन्धी कागजातमा स्पष्ट खुलाउन, कन्ट्रयाक्टरले सब-कन्ट्रयाक्टर नियुक्त गर्दा अपनाउनुपर्ने विधि खुलाई नियुक्त गर्नुपूर्व सार्वजनिक निकायले सव-कन्ट्रयाक्टरको योग्यता/उपयुक्तताको परीक्षण गरी लिखित रूपमा स्वीकृति दिन, मौखिक सहमतिको भरमा कन्ट्रयाक्टरद्वारा अनधिकृत रूपमा सव-कन्ट्रयाक्टर परिचालित हुने प्रवृत्तिको अन्त्य गर्न, अनधिकृत व्यक्ति/कम्पनीसँग सार्वजनिक निकायद्वारा पत्राचार वा ठेक्का व्यवस्थापनसम्बन्धी कुनै व्यवहार नगर्न र खरिद सम्झौता गर्ने बोलपत्रदातालाई सम्झौताबमोजिम पूर्णरूपमा जिम्मेवार बनाउन उपयुक्त हुने भनी आयोगको मिति २०७८/१०/२६ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझाव लेखी पठाइएको ।

१.२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, तरकारी सुपरजोन कास्कीमा कार्यरत लेखापाल डार्बिन लम्सालले कृषि कार्यालयबाट दिइने अनुदानमा अनुदानग्राहीसँग तथा कार्यालयले गरेको सामान खरिददेखि स्टेसनरी मसलन्दमा समेत खुलेआम घुस माग्ने गरेको भन्ने विषयमा अनुदानग्राही पाँचवटा फर्मको नाममा रहेको पेश्की रकम हालसम्म पनि फछ्यौंट गरेको नदेखिएकोमा कानुनबमोजिम उक्त पेश्की रकम फछ्यौंट गर्न गराउन आयोगको मिति २०७८/१०/२६ को निर्णयानुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंलाई सुझाव लेखी पठाइएको ।

१.३ आयोगमा परेका उजुरीहरूको छानबिन तथा अनुसन्धानको सिलसिलामा सरकारी निकायहरूबाट सम्पादन हुने कार्यमा विभिन्न कमीकमजोरीहरू देखिन आएकाले आयोगको मिति २०७८/११/२३ को निर्णयानुसार सरकारी निकायहरूलाई तपसिलबमोजिम सुझाव लेखी पठाइएको ।

तपसिल

सुझाव	सुझाव लेखी पठाइएको निकाय
सुझाव नं. १ सरकारी निकायमा प्रयोग हुने विभिन्न विद्युतीय सूचना प्रणालीको प्रयोगकर्ता विवरण (युजर नेम र पासवर्ड) सम्बन्धित कर्मचारी आफैंले प्रयोग नगरी अरूलाई प्रयोग गर्न दिने तथा दुरुपयोग गर्ने	१. **श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :-** सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाई सबै मन्त्रालय, सचिवालय र सबै

जस्ता बेथितिहरू बढ्दै जाँदा दीर्घकालीनरूपमा समग्र सार्वजनिक निकायको कार्यमा बाधा पर्ने र संवेदनशील सूचनाहरू चुहावटसमेत हुनसक्ने देखिन्छ। सबै सरकारी निकायका जिम्मेवार कर्मचारीहरूलाई मात्र यस्ता विद्युतीय सूचना प्रणाली प्रयोगकर्ता विवरण उपलब्ध गराउन, पासवर्ड उपलब्ध गराएको प्रयोगकर्ताबाट भए गरेका काम कारबाहीहरूको समय-समयमा अनुगमनको व्यवस्था मिलाउन र म.ले.प. फारम नं. ९०१ र ९०२ को अनिवार्य प्रयोग गर्न गराउन सबै सरकारी निकायलाई परिपत्र गर्ने ।	प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयहरूलाई जानकारी गराउनुहुन । २. **श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय :-** सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाई सबै स्थानीय तहलाई जानकारी गराउनुहुन । ३. श्री **गृह मन्त्रालय :-** सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाई मातहतका सबै निकायलाई जानकारी गराउनुहुन । ४. **श्री अर्थ मन्त्रालय :-** सुझाव कार्यान्वयनको आवश्यक व्यवस्था मिलाई मातहतका सबै निकाय र सार्वजनिक संस्थानलाई जानकारी गराउनुहुन ।
सुझाव नं. २ कर्मचारी सरुवा/बढुवा भई जाँदा आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्ति, सार्वजनिक सम्पत्तिको हक हस्तान्तरण गर्ने निर्णय भएका फाइलहरू, जिन्सी सामग्री, कम्प्युटर अभिलेख, निर्णय फाइल तथा चिठ्ठीपत्रसहितका कागजातहरू अनिवार्यरूपमा बरबुझारथ गर्ने व्यवस्था मिलाउने, यसरी आफूले जिम्मा लिएका सामानहरू नबुझाउने कर्मचारीलाई जवाफदेही बनाउनेसमेत सबै सरकारी निकायलाई परिपत्र गर्ने।	
सुझाव नं. ३ निजामती सेवा ऐन, २०४९ को दफा ५क. मा निजामती पदको कार्य विवरणसम्बन्धी व्यवस्था उल्लेख रहेको छ । ऐ. ऐनको दफा १८ख. मा निजामती कर्मचारीलाई जिम्मेवारी नदिई राख्न नहुने व्यवस्था उल्लिखित छ । निजामती सेवा नियमावली, २०५० को नियम ९ मा कार्य विवरणसम्बन्धी ऐनको व्यवस्थाको थप व्याख्या गरिएको छ । यसैगरी, ऐ. नियमावलीको नियम ७८ मा कार्य विवरणसमेतको आधारमा कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन हुने गरी सूचकहरू निर्धारण गरिएको छ । सार्वजनिक निकायका कर्मचारीलाई कार्य विवरण प्रदान नगरिएको कारण कार्यसम्पादनसम्बन्धी त्रुटि एवं कमीकमजोरी भएमा सो सम्बन्धमा सम्बन्धित निकायका प्रमुखसमेत उत्तरदायी हुनुपर्दछ । तसर्थ, कार्य विवरण लागू गर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा निजामती सेवाको पदमा कार्यरत कर्मचारीहरूको लागि उल्लिखित कानुनी व्यवस्थाबमोजिम हुने गरी र अन्य सरकारी सेवा र सार्वजनिक संस्थानका कर्मचारीहरूका लागि सम्बन्धित कानुनमा तोकिएबमोजिम हुने गरी अनिवार्यरूपमा कार्य विवरण तयार गरी सम्बन्धित कर्मचारीलाई जानकारी गराई कार्यान्वयन गर्ने।	
सुझाव नं. ४ सामुदायिक वन उपभोक्ता समूहहरूले कार्यसम्पादनको सिलसिलामा आफ्नो कोषमा संकलित रकम लामो समयसम्म	**५. श्री वन तथा वातावरण मन्त्रालय** **६. सबै प्रदेशका मुख्यमन्त्री तथा**

बिनाकारण पदाधिकारीहरूको जिम्मामा राखे गरेको र बिना प्रयोजन यसरी व्यक्तिको जिम्मामा रहेको रकम लामो समयसम्म असुलउपर नगर्ने देखिएकाले सामुदायिक वन उपभोक्ता समूहको रकम व्यक्तिको जिम्मामा नराखे व्यवस्था मिलाउने ।	**मन्त्रिपरिषद्को कार्यालयहरू** ७. **सातै वटा प्रदेश सरकारका वन व्यवस्थापनसँगसम्बन्धित मन्त्रालयहरू**

१.४ सरकारी एवं सार्वजनिक प्रकृतिको जग्गा अनधिकृत व्यक्ति, समूहलगायतका व्यक्तिहरूबाट सरकारी वा सार्वजनिक अधिकारीहरूलाई प्रभावमा पारी कतै सुकुम्बासीको नाममा भोगाधिकार, जग्गा दर्ता हुने गरेको सम्बन्धमा त्यस्ता किसिमका जग्गाहरूको संरक्षण गर्न पालिकास्तरको एवं जिल्ला एवं निकायगत अभिलेख दुरुस्त राखी हिनामिना नहुने व्यवस्था मिलाउन आवश्यक नीति नियम, कानुन एवं कार्यान्वयन गर्न गराउन हुन आयोगको मिति २०७८/११/२३ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सहरी विकास मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पशुपतिक्षेत्र विकास कोष र गुठी संस्थान प्रधान कार्यालयलाई सुझाव लेखी पठाइएको।

१.५ गरिबी निवारण कोषका नहकुल के.सी.समेतले आ.व. २०६०/६१ देखि आ.व. २०७२/७३ सम्मको जिन्सी सामग्री हिनामिना गरेको भन्ने विषयमा आ.व. २०७६/७७ को जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित सामानहरूको सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० बमोजिम सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षण गरी उचित व्यवस्थापन गर्ने गराउने सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नु गराउनुपर्ने हो सो गर्ने गराउने व्यवस्था भई सोको जानकारी अनिवार्य रूपमा यस आयोगलाई दिन आयोगको मिति २०७८/५/२१ को निर्णयानुसार गरिबी निवारण कोषलाई लेखी पठाइएको ।

१.६ निजामती कर्मचारीको पद, जिम्मेवारी तथा विशिष्ट आवश्यकताको आधारमा ल्यापटप कम्प्युटर उपलब्ध गराउने/उपयोगको व्यवस्था गर्ने, मर्मतसम्भार तथा हस्तान्तरण सम्बन्धमा स्पष्ट मापदण्ड बनाई लागू गर्न उपयुक्त देखिएकाले स्पष्ट मापदण्ड तयार गरी लागू गर्न आयोगको मिति २०७८।५।१० को निर्णयानुसार नेपाल सरकारलाई सुझाव लेखी पठाइएको ।

१.७ अछाम जिल्ला मंगलसेन नगरपालिकाका मेयर पदमबहादुर बोहरा र कार्यकारी अधिकृत गणेशप्रसाद जैशीसमेतको मिलेमतोमा गाडी खरिदमा खरिद ऐन र आर्थिक नियमावली विपरीत सिधै डिलरबाट खरिद गरेको भन्ने विषयमा सार्वजनिक खरिद ऐन र उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधिबमोजिम सवारीसाधन खरिद गर्दा एकैपटक वा पटकपटक गरी बढीमा एक आ.व.मा रु.६० लाखसम्ममा खरिद गर्न सकिने व्यवस्था भएकोमा मंगलसेन नगरपालिकाको गाडी खरिदमा सो प्रक्रिया अवलम्बन गरेको नदेखिएको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ को कार्यपालिका स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ भन्ने प्रावधान विपरीत सवारीसाधन खरिदमा रकम नपुग भएको भनी भवन निर्माण शीर्षकबाट रकम रु.६० लाख सवारीसाधन शीर्षकमा रकमान्तर गरेको देखिएकोले खरिद

प्रकृयामा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को पूर्ण पालना गर्न गराउन कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्न गराउन आयोगको मिति २०७८/७/१५ को निर्णयानुसार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सुझाव लेखी पठाइएको ।

२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

२.१ मोरङ जिल्लाको पथरी शनिश्चरे नगरपालिका वडा नं. १० मा रहेको भुल्के पशुपति सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूको मिलोमतोमा उक्त सामुदायिक वनको कोषको रकम हिनामिना गरेको भन्ने सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को परिच्छेद ४ मा आम्दानीको लेखा राख्ने कार्यविधि, परिच्छेद ६ मा स्वीकृत बजेट खर्च गर्ने र खर्च लेख्ने कार्यविधि भन्ने व्यवस्था भएकोमा सो अनुरूप भएको भन्ने नदेखिएकाले उल्लिखित व्यवस्थाअनुसार समूहको कोष परिचालन गर्ने व्यवस्था हुन आयोगको मिति २०७८।५।१० को निर्णयानुसार ७ वटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझाव लेखी पठाइएको ।

३. गृह मन्त्रालय

३.१ प्रहरी कल्याण कोषद्वारा सञ्चालित पेट्रोलपम्प नक्सालमा कम्प्युटर नेभिगेटर सफ्टवेयर संचालनको जिम्मेवारी लिई बसेका प्रहरी कर्मचारीले प्रहरी पेट्रोलपम्पमा इन्चार्जको रूपमा पदीय जिम्मेवारी प्रभावकारी रूपमा निभाएको नदेखिएकाले सो सम्बन्धमा एवं पेट्रोलपम्पलाई व्यवस्थित तथा पारदर्शी रूपमा संचालन गर्ने/गराउने सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्ने गराउने व्यवस्था हुन आयोगको मिति २०७८।४।११ को निर्णयानुसार प्रहरी प्रधान कार्यालयलाई सुझाव लेखी पठाइएको ।

३.२ नागरिकता प्रमाणपत्रको प्रतिलिपि लिँदादिँदा झुटा विवरण पेस गरी गलत लिखत तयार गरे गराएको विषयमा आरोपित रमेशबहादुर सिंहले नागरिकताको प्रमाणपत्रमा आफैंले सच्याई किर्ते गरेको र जिल्ला प्रशासन कार्यालय, बझाङबाट रमेशबहादुर सिंहको नाममा नेपाली नागरिकता प्रमाणपत्र नं. ३६९३ वितरण भएको अभिलेख रजिष्टरअन्तर्गत जन्म मिति महलमा उल्लिखित जन्म मितिमा २०३३ भनिएको सालको पछिल्लो अंकलाई फरक मसी कलमले सच्याई किर्ते गरेको समेतका सम्बन्धमा छानबिन गरी आवश्यक कारबाही गर्न आयोगको मिति २०७८/८/२ को निर्णयानुसार गृह मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

३.३ जिल्ला प्रशासन कार्यालय, मोरङका खरिदार टेकबहादुर श्रेष्ठसमेतले गैरकानुनी रूपमा कार्यालयको रेकर्ड सच्याई नागरिकता जारी गरेको भन्ने विषयमा नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा (६) मा नेपाली नागरिकताको प्रमाणपत्र दिने अधिकारीले जानी-जानी वा बदनियत राखी यस ऐन वा ऐनअन्तर्गत बनेका नियमविपरीत हुने गरी नागरिकता प्रमाणपत्र दिएमा प्रचलित कानुनबमोजिम विभागीय सजाय हुने भन्ने व्यवस्था भएकाले सो बमोजिम छानबिन भएको नदेखिएकाले कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्न आयोगको मिति २०७८/८/७ को निर्णयानुसार गृह मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

३.४ जिल्ला सर्लाही साबिक सुदामा गा.वि.स. वडा नं. ९ हाल बलरा नगरपालिका वडा नं. १० का वीरेन्द्र महतो हाल बाराको इलाका प्रहरी कार्यालय, सिमरौनगढमा प्रहरी नायब निरीक्षक पदमा कार्यरत वीरेन्द्र महतोको प्रथम प्रतिलिपि उल्लेख भएको नागरिकताको प्रमाण-पत्रमा जन्म मिति

२०२९/१/५ उल्लेख भएको समेतका प्रमाणबाट निज वीरेन्द्र महतोले पुनः मिति २०७५/५/३० गते जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट नेपाली नागरिकताको प्रथम प्रतिलिपि जन्म मितिसमेत सच्याई मिति २०२९/११/५ बनाई कागजात पेस गरेको हुँदा निज वीरेन्द्र महतोको उक्त कार्य नागरिकता ऐन, २०६३ विपरीतका कार्यहरू हुनसक्ने देखिएकाले निजलाई सोही ऐनबमोजिम आवश्यक कारबाही गर्न आयोगको मिति २०७८/७/८ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा सुझाव लेखी पठाइएको ।

३.५ भारतीय नागरिक प्रशान्त तामाङ (पाखिन) ले झुटा विवरणका आधारमा नेपाली नागरिकता लिएको विषयमा नागरिकता ऐन, २०६३ बमोजिम आवश्यक छानबिन गरी जे-जो गर्नुपर्ने हो सो गर्न आयोगको मिति २०७८/७/१५ को निर्णयानुसार गृह मन्त्रालयमा लेखी पठाइएको ।

३.६ रुकुम (पश्चिम) जिल्ला सानीभेरी गाउँपालिका वडा नं. ५ बस्ने पशुपति रिजालले झुटा विवरण पेस गरी दोहोरो नागरिकता र राहदानी लिएको भन्ने विषयमा नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा (६) मा नेपाली नागरिकताको प्रमाणपत्र दिने अधिकारीले जानी-जानी वा बदनियत राखी यस ऐन वा यस ऐनअन्तर्गत बनेका नियमविपरीत हुने गरी नागरिकता प्रमाणपत्र दिएमा प्रचलित कानुनबमोजिम विभागीय सजाय हुने भन्ने व्यवस्था भएकाले सो बमोजिम छानबिन भएको नदेखिएकाले जो-जे गर्नुपर्ने हो गर्नका लागि आयोगको मिति २०७८/७/१५ को निर्णयानुसार गृह मन्त्रालयलाई लेखी पठाइएको ।

३.७ जिल्ला प्रशासन कार्यालय, कास्कीबाट साबिक हंसपुर गा.वि.स. र सल्यान गा.वि.स.को बसोबाससहितको जन्मदर्ता, बसाइँसराइँ प्रमाणपत्र र जग्गाधनीको पुर्जासमेत नक्कली बनाई पेस गरी नागरिकता बनाएको हुँदा उक्त कार्य नागरिकता ऐन, २०६३ विपरीत देखिएकाले सो कार्यमा संलग्न तत्कालीन गा.वि.स. सचिवहरू चोलाकान्त पौडेल, गेदुराम ढकाल र बाग्लुङ जिल्लामा स्थायी बसोबास भएका पूर्णबहादुर खत्री, सुमन कार्की, कृष्णप्रसाद शर्मा, तुलबहादुर खड्का, प्रदीप भण्डारी र संलग्न शिक्षक कर्मचारीसमेतलाई सोही ऐनबमोजिम जो-जे गर्नुपर्ने हो सो कारबाही गर्नका आयोगको मिति २०७८/७/१५ को निर्णयानुसार गृह मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

३.८ इलाम जिल्ला माईनगरपालिका वडा नं. ९ स्थित जुनतारा सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष राजेन्द्र थेबेले समूहकी कोषाध्यक्ष मनिषा लुइटेलको सही किर्ते गरी रकम निकालेको देखिँदा निजले गरेको उक्त कसुर मुलुकी अपराध संहिता, २०७४ को लिखतसम्बन्धी कसुर र बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसुर आकर्षित हुनसक्ने हुँदा सो सम्बन्धमा कारबाही गर्नका लागि प्रहरी प्रधान कार्यालयलाई आयोगको मिति २०७८/८/२३ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

३.९ बाग्मती गाउँपालिका वडा नं. ५, इकुडोलको भकारीडाँडा चिली भञ्ज्याङ हुँदै चिलाथुम्कासम्म कृषि सडक निर्माण गर्दा मिलोमतोमा बढी भुक्तानी दिएको भन्ने विषयमा उपभोक्ता समितिका अध्यक्ष लगायत भुक्तानी दिने कार्यालय प्रमुखसमेतले हालसम्म यकिन वतन खुलाउन नसकेका उनाउ व्यक्ति इन्जिनियर राजेन्द्र गौतमको नामबाट तयार पारेको कार्यसम्पन्न प्रतिवेदन कृषि ज्ञान केन्द्र, ललितपुरमा पेस गरी सो प्रतिवेदनको आधारमा रु.२५,३५,३९०।- भुक्तानी दिएको सम्बन्धमा यसरी उनाउ व्यक्तिको नामबाट किर्ते कागज खडा गरी सो कागज कृषि ज्ञान केन्द्र, ललितपुरमा

पेस गरी सो कागजलाई स्वीकार गरी भुक्तानी दिने लिनेउपर सरकारी कागज किर्ते कसुरमा अनुसन्धान गर्न आयोगको मिति २०७८/९/१६ को निर्णयानुसार नेपाल प्रहरी प्रधान कार्यालय, नक्साललाई लेखी पठाइएको ।

३.१० अर्घाखाँची जिल्ला, शीतगंगा नगरपालिकाबाट वडा नं. १ निवासी ठगबहादुर कुँवरको पुरानो नागरिकता च्याती वडा अध्यक्षको संलग्नतामा निज ठगबहादुर कुँवरको नागरिकता २००२ सालको बनाई वृद्ध भत्ता खुवाएकोमा निज वडा अध्यक्षले सार्वजनिक पदको दुरुपयोग गरेको हुँदा कानुनबमोजिम कारबाही गरी पाऊँ भन्ने सम्बन्धमा निज ठगबहादुर कुँवरसमेतले दोहोरो नागरिकता लिने दिने कार्यमा संलग्न भई नेपाल नागरिकता ऐन, २०६३ विपरीतको कार्य गरेको देखिन आएकाले सो सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्ने गराउने व्यवस्था हुन आयोगको मिति २०७८/८/१६ को निर्णयानुसार गृह मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

३.११ जिल्ला सर्लाही, बलरा नगरपालिका वडा नं. ८ का वडाध्यक्ष रविकुमार साह र वडा सचिव अशोक गुप्तासमेतको मिलेमतोमा भारतीय नागरिक शिवजी ठाकुरलाई नेपाली नागरिकता प्रमाण-पत्रको सिफारिस गरी भ्रष्टाचार गरेको भन्ने नागरिकतासम्बन्धी कसुर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ अन्तर्गत भएको र सो कसुरको सम्बन्धमा सम्बन्धित प्रहरी अधिकृतबाट अनुसन्धान हुने र सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयबाट अभियोजन गर्ने नगर्ने विषय देखिएको हुँदा आयोगको मिति २०७८/९/२२ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा सुझाव लेखी पठाइएको ।

४ वन तथा वातावरण मन्त्रालय

४.१ वन तथा भू-संरक्षण विभागबाट सबै मातहत कार्यालयहरूलाई बेरुजु फछ्यौंट कार्ययोजना पठाएकोमा डिभिजन वन कार्यालय (साबिक जिल्ला वन कार्यालय) बाराको म.ले.प. प्रतिवेदन अनुसार आ.व. २०७१/७२ देखि आ.व. २०७४/७५ सम्मको पेश्की बेरुजुमध्ये आ.व. २०७५/७६ मा रु.१,९५,३३,१४६।१३ बेरुजु सम्परीक्षणका लागि पेस भएको देखिएको र अन्य पेश्की बेरुजु सम्बन्धमा थप कारबाही अगाडि बढाएको नदेखिएकाले सो समेतको बेरुजु फछ्यौंट गर्ने गराउने सम्बन्धमा यथाशीघ्र आवश्यक कारबाही अगाडि बढाउने सम्बन्धमा आयोगको मिति २०७८।४।२८ को निर्णयानुसार वन तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण विभागलाई सुझाव लेखी पठाइएको ।

४.२ जिल्ला वन कार्यालय बारा, सिमराको मातहतमा रहेको सेक्टर वन कार्यालय मधवुनअन्तर्गत बोधवन पोष्ट र ककडी इलाका वन कार्यालयअन्तर्गत सहजनाथ साझेदारी वन सिमानाभित्र साल जातका रूखहरू हानि नोक्सानीसेमत गरी वनको जग्गा अतिक्रमण गरी पोखरी खन्ने, खनजोत गर्ने र घर टहरा बनाउने कार्य गरेको विषयमा सहजनाथ साझेदारी वनक्षेत्रमा रहेको अतिक्रमण हालसम्म नहटेको हुँदा कानुनबमोजिम जे-जो गर्नुपर्ने हो सो गर्न/गराउन आयोगको मिति २०७८/७/१५ को निर्णयानुसार वन तथा भू-संरक्षण विभाग, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र गाउँपालिकालाई सुझाव लेखी पठाइएको ।

४.३ जिल्ला अछाम ढकारी गाउँपालिका वडा नं. ८ स्थित दहमन्तोली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तुलाराम उपाध्याय र सचिव विशाखर जैशीले आ.व. २०६७।६८ देखि २०७५।७६ सम्मको आर्थिक कारोबारको आयव्यय हिसाब प्रस्ट नराखी मनोमानी गरी रु.१०

लाख हिनामिना गरेको सम्बन्धमा वन उपभोक्ता समूहहरूलाई प्रचलित लेखा प्रणालीमा उपभोक्ता समूहको आयव्ययलगायतका हिसाब किताब राखी खाताहरू अद्यावधिक राख्ने व्यवस्थाका लागि आयोगको मिति २०७८/९/२६ को निर्णयानुसार वन तथा वातावरण मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

४.४ अछाम जिल्ला, तुर्माखाँद गा.पा. वडा नं. ६ स्थित तालुपात्रे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष महेन्द्र न्यौपानेसमेतले सामुदायिक वन क्षेत्रबाट खोटो संकलन, चरिचरण लगायतबाट हुने रोयल्टी रकम दुरुपयोग गरेको तथा आफन्तलाई बिनापुर्जी रूख काट्न दिई गैरकानुनी रूपमा रकम आर्जन गरेको भन्ने सम्बन्धमा सामुदायिक वन उपभोक्ता समूहहरूले आफ्नो कार्यसम्पादनको सिलसिलामा समूहको कोषमा संकलित भएको रकम लामो समयसम्म बिनाकारण पदाधिकारीहरूको जिम्मामा राख्ने गरेको तथा बिनाप्रयोजन यसरी व्यक्तिको जिम्मामा रहेको रकम लामो समयसम्म असुलउपर गर्न पहल नगर्ने तथा दाखिला नगरेको देखिँदा सामुदायिक वन उपभोक्ता समूहहरूको रकम व्यक्तिको जिम्मामा राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०७८/११/२ को निर्णयानुसार डिभिजन वन कार्यालय र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहलाई सुझाव लेखी पठाइएको ।

४.५ सुर्खेत जिल्ला बराहताल गा.पा. वडा नं. १० स्थित सम्झना सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरू समेतले वन समूहको रकम हिनामिना गरेको भन्ने सम्बन्धमा प्राविधिकको सहयोगमा लगत इस्टिमेट, नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन जस्ता कागजातहरू तयार गरी वन ऐन, २०७६ तथा सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ अनुसार हुने गरी मात्रै विकास निर्माण तथा अन्य कार्यहरूमा समूहको कोष परिचालन गर्ने गराउने व्यवस्थाका लागि आयोगको मिति २०७९/१/५ को निर्णयानुसार डिभिजन वन कार्यालय, भेरी (सुर्खेत) मार्फत सम्झना महिला सामुदायिक वन उपभोक्ता समूह, बराहताल-१०, सुर्खेतलाई सुझाव लेखी पठाइएको ।

४.६ निमित्त प्रदेश वन निर्देशक हेमराज विष्टको स्रोत नखुलेको हाल कायम रहेका सम्पत्तिहरू समेत साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १६ ग., दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख बमोजिम जफत/असुलउपर गरी पाउन आयोगको मिति २०७८/९/१६ को निर्णयानुसार विशेष अदालतमा मुद्दा दायर गरिएकाले हाल कायम रहेका घरजग्गाहरू (निजहरूको हक हिस्सा मात्र) र बैंक तथा वित्तीय संस्थाको खाताको कारोबार रोक्का राख्नका लागि सम्बन्धित मालपोत कार्यालयहरूमा लेखी पठाइएको।

४.७ वन कार्ययोजनाको म्याद समाप्त भएको समयमा तत्कालीन जिल्ला वन कार्यालय धनगढी, कैलालीलाई जानकारी नगराई तथा संकलनका लागि सहमतिसमेत नलिई कालिका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष कमलबहादुर शाही, सचिव पार्वती जैसी र कोषाध्यक्ष तेजबहादुर कुवँरसमेतले मिति २०७३/१०/११ गतेको आकस्मिक साधारणसभाको निर्णयअनुसार काठ संकलन गरी समूहको घाटगद्दीमा जम्मा गरेको, काठ बिक्री वितरण भएको नदेखिएको तथा १० देखि १३ थान गोलिया हालसम्म यथावत रहेको तथा अन्य गोलिया सडेर कुहिएको अवस्थामा रहेकाले यस सम्बन्धमा आवश्यक थप अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाई कारबाही गर्नुपर्ने

देखिएको हुँदा निजहरूलाई प्रचलित कानुनअनुसार जो-जे गर्नुपर्ने कारबाही गर्न आयोगको मिति २०७८/११/१६ को निर्णयानुसार डिभिजन वन कार्यालय, पहलमानपुर, कैलालीलाई लेखी पठाइएको ।

५. प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

५.१ श्री भगवती सामुदायिक वन उपभोक्ता समूहकी अध्यक्षलगायत अन्य पदाधिकारीहरूले वन नियमावली, २०५१ को नियम ३३ को उपनियम (२) र (३) र सामुदायिक वनको काठदाउरा संकलन तथा बिक्री-वितरण निर्देशिका, २०७१ को दफा १६ र दफा १७ ले व्यवस्था गरेविपरीत तवरबाट काम कारबाही गरेको देखिएकाले कानुनी प्रावधानको पूर्णरूपमा पालना गर्दै कार्य गर्न र समूहको काम कारबाहीको नियमन र अनुगमन गर्ने गराउने डिभिजन वन कार्यालय, वीरेन्द्रनगर, सुर्खेतले समूहले गरेको काम कारबाहीको नियमित रूपमा प्रभावकारी अनुगमन गर्न र कानुनी प्रावधानविपरीत कार्य गर्ने उपभोक्ता समूहलाई कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो बमोजिम गर्न गराउन आयोगको मिति 2078/7/8 को निर्णयानुसार प्रदेश उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय सुर्खेतलाई सुझाव लेखी पठाइएको ।

५.२ वन समुदायको खातामा जम्मा भएको रकमलगायत समुदायको आम्दानी खर्चका सबै आर्थिक तथा जिन्सी विवरणहरूको प्रचलित कानुनबमोजिम लेखापरीक्षण गर्ने क्रममा बैंक मौज्दातको प्रविष्टि गर्दा बैंक स्टेटमेन्टलाई आधार मानेर मात्र बैंक मौज्दात यकिन भई प्रचलित कानुनबमोजिम लेखापरीक्षण गर्ने र वन ऐन, २०७६ को दफा ३३ तथा प्रचलित नियमावलीबमोजिम उपभोक्ता समूहको कोषको संचालन गर्ने गराउने विषयमा सम्बन्धित वन उपभोक्ता समितिलाई निर्देशन दिने व्यवस्थाका लागि आयोगको मिति २०७८/१२/१० को निर्णयानुसार कर्णाली प्रदेश उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

५.३ जिल्ला कैलाली चुरे गाउँपालिका वडा नं.६ स्थित सिद्ध भगवती सामुदायिक वन उपभोक्ता समूह, गिथडा, कैलालीले विभिन्न योजना निर्माण एवं कार्यक्रम सम्पन्न गर्दा प्रचलित कानुनको पूर्णरूपमा पालना गरेको नदेखिएकाले सामुदायिक वन उपभोक्ता समूहबाट स्वीकृत कार्ययोजनाबमोजिम कार्यहरू सम्पन्न गर्दा र सामुदायिक वन उपभोक्ता समूहबाट हुने विकास निर्माण लगायतका कार्यहरू सम्पन्न गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमहरूको पूर्णरूपमा पालना गर्न गराउन आवश्यक सतर्कता अपनाउने विषयमा सामुदायिक वनहरूको अनुगमन एवं नियन्त्रण गर्ने निकाय प्रदेश उद्योग, वन तथा पर्यटन मन्त्रालय, सुदूरपश्चिम प्रदेश कैलालीलाई आयोगको मिति २०७८/८/२३ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

५.४ जिल्ला मकवानपुर, कैलाश गाउँपालिका र भीमफेदी गाउँपालिकाको सीमामा पर्ने मनहरी खोलामा गैरकानुनी रूपमा नदीजन्य पदार्थको दोहन भइरहँदा पनि सम्बद्ध निकायहरूले अनुगमन नगरेकाले सरकारी सम्पत्ति हानि पुग्ने गरी गरिएको उत्खनन् समयमै बन्द गरी संचालकलाई कारबाही गरियोस् भन्ने सम्बन्धमा नदीजन्य पदार्थको गैरकानुनी उत्खनन् तथा उपयोग कार्यको नियमित र प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था गरी नियन्त्रण गर्न आयोगको मिति २०७८/१२/२४ को निर्णयानुसार बागमती प्रदेशअन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, हेटौंडालाई सुझाव लेखी पठाइएको ।

६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

६.१ सडक विभागअन्तर्गत कालीगण्डकी कोरिडोर (बेनी-जोमसोम-कोरला) सडक योजनाअन्तर्गत निर्माणाधीन कागबेनी खोला पुल निर्माण कार्यमा अनियमितता तथा विभिन्न बहानामा निर्माण कार्यमा ढिलाइ गरी अनियमितता गरेको उजुरीका सम्बन्धमा उक्त पुल नेपाल र चीनबीचको प्रमुख नाका जोड्ने कालीगण्डकी कोरिडोर सडकमा अवस्थित रहेको हुँदा पुल निर्माणमा भएको ढिलाइले यातायात संचालन तथा सेवा प्रवाहमा समेत असर पर्ने हुँदा सो पुल निर्माण कार्य यथाशीघ्र सम्पन्न गरी संचालनमा ल्याउन आवश्यक व्यवस्थापन गर्न जे जस्तो गर्नुपर्ने हो तहींबाट गर्न आयोगको मिति २०७८।५।३ को निर्णयानुसार कालीगण्डकी कोरिडोर (बेनी-जोमसोम-कोरला) सडक योजना, जोमसोम, मुस्ताङलाई सुझाव लेखी पठाइएको ।

६.२ यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुना, ललितपुरका कर्मचारीहरू तथा सिन्धुली फोटोकपी सेन्टरका संचालक बाबुराम शर्मासमेतले सेटिङमा विचौलियामार्फत सवारी चालक अनुमतिपत्र जारी गर्ने गरेको भन्ने सम्बन्धमा गैरकानुनी प्रक्रियाबाट जारी भएका उल्लिखित ५३३ वटा सवारी चालक अनुमतिपत्रहरूको हकमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्न आयोगको मिति २०७९/२/२३ को निर्णयानुसार यातायात व्यवस्था विभाग, मीनभवनलाई लेखी पठाइएको ।

६.३ देशभरका यातायात व्यवस्था कार्यालयबाट लाइसेन्सका लागि लिइने लिखित परीक्षाहरूमा एकपटक सोधिएका प्रश्नपत्रका सेटहरू दोहोऱ्याएर नसोध्ने, लिखित परीक्षा संचालन गर्ने मिति र समय सबै यातायात व्यवस्था कार्यालयको एउटै कायम गर्ने र उक्त मिति र समयमा सोधिने प्रश्नपत्रहरूको सेटहरू एउटै छन् भने पुनः दोहोऱ्याएर नसोध्ने, एक वर्षका लागि केही सेट प्रश्नपत्र तयार गरिने र वर्षभरि सोही सेटहरूबाट नै लिखित परीक्षा संचालन गर्ने पद्धति तुरुन्त सुधार गरी परीक्षाको मर्यादालाई कायम गर्न लोक सेवा आयोगको परीक्षा प्रणालीलाई अवलम्बन गर्ने, यातायात व्यवस्था कार्यालयहरूले कार्यालयमा भएका प्रश्नपत्रहरूको सुरक्षित भण्डारण, गोपनीयता कायम, विचौलियाको पहुँचरहित हुने तवरबाट व्यवस्थापन गर्न र सो कार्यको अनुगमनसमेत गर्न आयोगको मिति २०७९/३/२७ को निर्णयानुसार यातायात व्यवस्था विभाग, मीनभवनलाई सुझाव लेखी पठाइएको ।

७. प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय

७.१ आ.व. २०७५/७६ (सर्लाही जिल्ला, निर्वाचन क्षेत्र नं. २(ख) भरि) को प्रदेश विनियोजन ऐनबमोजिम ब.उ.शी.नं.७०२३१३५१ (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-कार्यक्रम खर्च) अन्तर्गत कम्प्युटर सप्लाई तथा वितरण गर्ने कार्य उपभोक्ता समितिमार्फत गरेको पाइयो। उपभोक्ता समितिमार्फत गर्ने कार्यमा उपभोक्ताहरू प्रत्यक्ष लाभान्वित हुने कार्य मात्र हुनुपर्नेमा बजारबाट खरिद गरी वितरण गर्ने कार्यमा समेत समितिलाई संलग्न गराइएको पाइएकाले अब उप्रान्त यस्ता कार्य नगराउन आयोगको मिति २०७८/८/१६ को निर्णयानुसार पूर्वाधार विकास कार्यालय, रौतहटलाई सुझाव लेखी पठाइएको ।

७.२ यातायात व्यवस्था कार्यालय पोखराका तत्कालीन कार्यालय प्रमुख गोकुल शर्मा पौडेल र यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्की गण्डकी पोखराबाट मिति २०७५ मंसिर र २०७६ साल कात्तिक र मंसिरमा संचालन गरिएको सवारी चालक अनुमतिपत्रको

परीक्षामा अनुत्तीर्णलाई उत्तीर्ण गरेको भन्ने उजुरीका सम्बन्धमा विभिन्न मितिमा परिणाम फेरबदल गरी जारी भएका १६६ (एकसय छैसठ्ठी) जनाको विभिन्न वर्गका सवारी चालक अनुमतिपत्रहरू सम्बन्धमा सम्बन्धित व्यक्तिहरूलाई प्रतिवादको मौका दिई बुझी जो-जे गर्नुपर्ने हो कानुनबमोजिम आवश्यक कारबाही गर्न उचित देखिएकाले आयोगको मिति २०७८/११/२३ को निर्णयानुसार प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश पोखरालाई सुझाव लेखी पठाइएको ।

८. ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

८.१ डोटी जिल्ला, दिपायल सिलगढी नगरपालिका वडा नं. ६ स्थित धोबिखोला भन्ने खिचेखोलादेखि थाप्ला गाउँसम्मको नहर तथा पोखरी निर्माण आयोजनामा प्रदेश नं. ७ को कार्यालयबाट रु.तीस लाख विनियोजन भई आर्थिक अनियमितता भएको भन्ने सम्बन्धमा रनिङ बिलबापतको भुक्तानी गर्दा पर्याप्त प्राविधिक नापजाँच गरी रनिङ बिल भुक्तानी गर्ने व्यवस्था मिलाउन, लागत अनुमान तथा फाइनल बिल तयार गर्दा स्पष्टसँग भ्याट अनुमानसमेत खुलाई कागजात तयार गर्न/गराउन तथा उपभोक्ता समितिबाट गराइने कार्यमा बिल, भरपाईबाट समेत खर्च पुष्टि हुने कागजात राख्न आयोगको मिति २०७९/२/२३ को निर्णयानुसार जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय, राजपुर डोटीलाई सुझाव लेखी पठाइएको ।

८.२ रणकालिका सामाजिक सेवा समिति, बैरेनी, धादिङले उपभोक्ता लाभग्राहीहरूसँग मिटर खरिद कार्यका लागि उठाएको रकमबाट हालसम्म उपभोक्ताहरूको घरमा मिटर खरिद र जडान गरेको नदेखिएको एवं लामो समयदेखि समितिको पेश्की फछ्यौंट भएको नदेखिएकाले सो सम्बन्धमा कानुनबमोजिम जो जे गर्नुपर्ने हो सोको आवश्यक व्यवस्था गर्न गराउन आयोगको मिति २०७८/५/२१ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, धादिङलाई र सामुदायिक ग्रामीण विद्युतीकरण विनियमावली, २०७१ बमोजिम रणकालिका सामाजिक सेवा समिति, बैरेनी, धादिङको नियमित अनुगमन हुन नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, काठमाडौंलाई सुझाव लेखी पठाइएको ।

८.३ लालबकैया नदी नियन्त्रण आयोजना समयमा सम्पन्न गर्न नसकेको विषयमा खरिद कारबाही सुरु गर्न अगावै आवश्यक पर्ने जग्गाको सुनिश्चितता गर्नुपर्नेमा सो नगरी ठेक्का सम्झौता भएको कारण ठेक्काको म्याद पटकपटक थप गर्नुपरेको र सुरु सम्झौतामा उल्लिखित परिमाणबमोजिम निर्माण कार्य गर्न नसकिने अवस्था सिर्जना भई कामको परिमाण र सम्झौता रकम घट्न गएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम भेरियसन आदेश जारी गर्नुपर्नेमा भेरियसन आदेशसमेत जारी भएको नदेखिएकाले अब आइन्दा यस प्रकारका ठेक्का कार्यान्वयन गर्ने क्रममा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ बमोजिम निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको कारबाही सुरु नगर्न नगराउन र सुरु सम्झौताभन्दा घटी बढी कार्य भई कामको परिमाण र रकम घटी बढी हुने अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम भेरियसन आदेश स्वीकृत गरी गराई मात्र खरिद कार्य गर्ने गराउनेतर्फ आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०७८/८/१३ को निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

८.४ हिमालयन बैंक, पाटन शाखाबाट भ्याली टप ओभरसिज सर्भिस प्रा.लि.का नाममा आ.व. २०६१/६२ मा कर्जा प्रवाह गर्दा उक्त ओभरसिजका संचालक एकराज गिरी, पाटन शाखा बैंकका कर्मचारी, विराटनगर शाखा कार्यालयका कर्मचारी तथा कन्सलटेन्टसमेतको मिलेमतोमा सुनसरी जिल्ला मधेसा गा.वि.स.को कौडीको भाउको खोला बगेको जग्गा धितो राखी पचासौं लाख कर्जा प्रवाह गरी बैंक डुबाउने कार्य गरेको भन्ने सम्बन्धमा अधिग्रहण गरी मुआब्जासमेत वितरण गरिसकेका जग्गाहरू सम्बन्धित आयोजनाका नाममा आउन नसक्दा बहुमूल्य सरकारी जग्गाहरूको संरक्षण हुन सकेको नदेखिँदा यसमा को कसको लापरबाहीले यस्तो हुन गएको हो ? अधिग्रहण भई मुआब्जासमेत वितरण भएका सम्पूर्ण जग्गाहरू छानबिन गरी आयोजनाका नाममा ल्याउन आयोगको मिति २०७९/१/५ को निर्णयानुसार जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुरलाई सुझाव लेखी पठाइएको ।

८.५ सार्वजनिक खरिद ऐन, नियम र अन्तर्गत बनेका विनियमावलीबमोजिम ठेक्का व्यवस्थापन गर्न नगरी नहुने कार्य थप/घटका लागि भेरिएसन गर्नुपूर्व ठेक्का जीवितै राख्न म्याद थपको काम कानुनबमोजिम मात्र गर्ने र थप कार्यको मूल्य/गाम्भीर्यताका आधारहरू तोकी भेरिएसन गर्नुपर्दा वृद्धि हुने कार्य दायित्वका लागि कार्य सम्पादन बैंक जमानी लिन आवश्यक व्यवस्था गरी कार्यान्वयन गर्नु गराउनु उचित हुने भनी नेपाल विद्युत प्राधिकरण, काठमाडौंलाई आयोगको मिति २०७९/३/६ को निर्णयानुसार सुझाव लेखी पठाउने ।

९. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

९.१ आर्थिक चलखेल गरी पुरानो मिति राखी सुपारीलगायतका सामान पैठारी अनुमति दिने गरेको भन्ने उजुरीका सम्बन्धमा मालवस्तु पैठारीसम्बन्धी कार्यमा कानुनी रूपमा प्रत्यक्ष संलग्न हुने तपसिलमा उल्लिखित निकायहरूलाई आयोगको मिति २०७८/६/७ को निर्णयानुसार प्रचलित कानुनको अनिवार्य पालनाका अतिरिक्त निम्नानुसारको सुझाव लेखी पठाइएको ।

क. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१. केराउ, सुपारी, नधुल्याएको मरिच, छोकडा तथा पोस्तादानालगायतका परिमाणात्मक बन्देज लगाई सूचित आदेशमार्फत पैठारी अनुमति दिइने वस्तुहरूको आयातमा मुलुकको उद्योगका लागि माग र आपूर्तिको विश्लेषणमार्फत आवश्यकताको पहिचान गरी परिमाण यकिन गर्ने,

२. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को परिच्छेद-४ बमोजिम प्रशासनिक कार्यसम्पादन गर्दा अपनाउनुपर्ने कार्यविधि अपनाई केराउ, सुपारी, नधुल्याएको मरिच, छोकडा तथा पोस्तादानाजस्ता परिमाणात्मक बन्देज लगाइने वस्तुहरूको पैठारी अनुमतिका लागि आगामी दिनमा इजाजत दिंदा पारदर्शिता कायम गर्न आधार र कारणसहितको व्यवस्थित वितरण प्रणाली उल्लेख भएको कार्यविधि निर्माण गरेर मात्र पैठारी इजाजत दिने,

३. कुनै पनि फर्महरूले पैठारी इजाजत माग गर्दा निकासी पैठारी नियमहरू, २०३४ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्ने र विभागले पैठारी अनुमति दिँदा अनुसूची-४ बमोजिमको ढाँचामा मात्र इजाजतपत्र जारी गर्ने,

४. आयात अनुमति प्रदान गरिएको र आयात गरिएका परिमाणहरूको अभिलेख दुरुस्त राख्ने,

५. प्रशासनिक त्रुटि सच्याई दर्ता चलानी व्यवस्थित सिलसिलेवार र पारदर्शी ढंगबाट गर्ने,

ख. अर्थ मन्त्रालय

परिमाणात्मक बन्देज लगाइएका वस्तुहरूको परिमाण, पैठारी गरिसक्नुपर्ने अवधि तथा इजाजत प्राप्त फर्म/कम्पनीको नाम यकिन भई मालवस्तुको भन्सार जाँचपास नभएको कारण पैठारी अनुमति नलिएका फर्म/कम्पनीबाट समेत पोस्तादनालगायतका वस्तुहरू आयात भएको भन्सार प्रशासनमा अभिलेखित भएको देखिँदा अब आइन्दा मालवस्तु पैठारी भई भन्सार जाँचपास गर्दा उल्लिखित कागजातको अलावा प्रचलित कानुनले अनिवार्य गरेका सबै कागजपत्रहरूको सुनिश्चितता गरेर मात्र भन्सार जाँचपास गर्ने व्यवस्था गर्ने ।

ग. नेपाल राष्ट्र बैंक

राष्ट्र बैंकको पूर्वस्वीकृति लिई कुनै पनि व्यापारिक फर्मको नामबाट वा नाममा वाणिज्य बैंकहरूले प्रतीतपत्र वा सोही प्रकारका अन्य भुक्तानीका साधनहरू जारी गर्दा वस्तु पैठारी गर्न इजाजत प्राप्त निकाय/अवधि/वस्तु र परिमाणको यकिन गरी प्रचलित कानुनले अनिवार्य गरेका सबै कागजातहरूको सुनिश्चितता गरेर मात्र प्रतीतपत्र वा सोही प्रकारका अन्य भुक्तानीका साधनहरू जारी गर्ने र सो पछि प्राप्तिका अन्य प्रमाणहरूको संकलन र नियमन गर्ने व्यवस्था अनिवार्य गर्ने ।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

१०.१ जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ९ डाँडागाउँस्थित लक्ष्मण बरईको नाममा रहेको जग्गाको पछाडि दक्षिणतर्फ अन्दाजी १५ धुर सार्वजनिक जग्गा रहेकोमा निज लक्ष्मण बरईले नापी कार्यालयका कर्मचारीलाई आर्थिक प्रलोभनमा पारी सार्वजनिक जग्गासमेत घुसाई फायल नक्सा बनाएको भन्ने सम्बन्धमा उल्लिखित जग्गाको प्रयोजनविपरीत त्रुटिपूर्ण फायल नक्सा तयार भएको तर उक्त त्रुटिपूर्ण फायल नक्साबाट थप गलत कार्य भए गरेको नदेखिएको, उक्त फायल नक्सा नियमानुसार नै बदरसमेत भइसकेको र उक्त जग्गाको हालसाबिक समेत भएको नदेखिए तापनि नापी कार्यालयहरूबाट फायल नक्सा तयार गर्दा प्रचलित ऐन, नियम तथा निर्देशिकाबमोजिम हुने गरी तयार गरेको नदेखिएकाले सो सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्न हुन आयोगको मिति २०७८/७/८ को निर्णयानुसार नापी विभागलाई सुझाव लेखी पठाइएको ।

१०.२ धादिङ जिल्ला नौबीसे गा.वि.स. वडा नं. २ख कित्ता नं. १४, ३७६ र ३८० का जग्गा साबिक नापीमा खोल्सी कायम रहेकोमा कित्ताकाट गरी व्यक्ति विशेषका नाउँमा कायम गरेको भन्ने सन्दर्भमा कित्ताकाट भएको विषयमा कानुनबमोजिम जे-जो गर्नुपर्ने हो गरी उक्त कित्ताकाट भई जग्गाहरू प्लट रजिष्टर तथा नक्सामा समेत बदर गरी यथावत रूपमा कायम राख्न आयोगको मिति २०७८/८/१३ को निर्णयानुसार नापी विभागलाई सुझाव लेखी पठाइएको ।

१०.३ नापी विभागबाट भू-उपयोग नक्सा (डाटा) बनाउने कार्यका निमित्त नियुक्त भएका विज्ञहरूले पेस गरेका कागजातहरू नक्कली रहेको भन्ने उजुरीका सम्बन्धमा आ.व. २०७५/७६ को स्वीकृत कार्यक्रमबमोजिम विभिन्न स्थानीय तहहरूको ३१ प्याकेज ४ वटा प्याकेजहरूमा नगरेको नभएको कार्य अनुभवलाई गरेको भनी झुटा व्यक्तिगत विवरण तयार पारी सोमा नक्कली हस्ताक्षर गरी सो ठीक छ भनी अख्तियारी प्राप्त व्यक्तिसमेतले प्रमाणित गरी खरिद प्रक्रियामा भाग लिई, सम्झौता

गरी हाल कार्य सम्पन्न गरी भुक्तानीसमेत लिइसकेको देखिँदा उक्त कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा २ को खण्ड (ख) को प्रावधान प्रतिकूल देखिएकाले उक्त ४ वटा प्याकेजलगायत उल्लिखित सम्पूर्ण ३१ वटा प्याकेजहरूमा समेत आवश्यक छानबिन गरी प्रचलित कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्न गराउन आयोगको मिति २०७८/८/१६ को निर्णयानुसार नापी विभागलाई सुझाव लेखी पठाइएको ।

१०.४ बारा जिल्ला साबिक निजगढ गा.वि.स. वडा नं. ८ग कि.नं. ९० को एउटै कित्ता जग्गाको दुई व्यक्तिले हक हिस्सा प्राप्त हुने गरी मालपोत कार्यालय, सिमरा, बारा र सुकुम्बासी समस्या समाधान आयोग, बाराबाट समेत फरकफरक मितिमा दोहोरो श्रेस्ता कायम भएको विषय देखिन आएकाले मालपोत कार्यालय, बाराले उक्त श्रेस्ता कायम गरेको निर्णय मिसिल आयोगबाट पटकपटक माग गर्दा सो प्राप्त हुन नसकेको समेत हुँदा यस प्रकृतिका निर्णय मिसिलको उचित व्यवस्थापन गर्ने कार्य तथा दोहोरो श्रेस्ताको व्यवस्थापन गर्ने तालुक निकाय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको रहेकाले निर्णय मिसिलको उचित व्यवस्थापन हुन तथा दोहोरो श्रेस्ता सम्बन्धमा कानुनबमोजिम जे-जो गर्नुपर्ने हो गर्न गराउन आयोगको मिति २०७८/९/१२ को निर्णयानुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१०.५ जिल्ला कञ्चनपुर, साबिक सुडा गा.वि.स. वडा नं. २, ४ र ५ को साबिक नक्सा र भोगभन्दा फरक ठाउँमा अस्वाभाविक कित्ता कायम गरी जग्गा दर्ता गरेको, साबिक नक्सामा कायम नरहेको कित्ता साबिक प्रमाण र भोगसमेत नरहेकोमा समेत अर्कै व्यक्तिको भोग र कित्तामा तथा साबिकमा सरकारी सार्वजनिक जग्गा रहेको ठाउँमा नयाँ कित्ता कायम गरी व्यक्ति विशेषको नाममा जग्गा दर्ता गरेको, साबिक नापीमा कायम बाटो, कुलो, नहरलगायतका सरकारी सार्वजनिक जग्गा नयाँ नापीमा व्यक्ति विशेषको नाममा दर्ता गरेको, साबिक नापीको नक्सा र वास्तविक भोगभन्दा पुनः नापीको नक्सा धेरै नै फरक रहेको देखिएको भन्ने विषयमा सरकारी/सार्वजनिक जग्गा व्यक्तिविशेषको नाममा दर्ता हुन गएको भएमा प्रचलित कानुनबमोजिम सरकारी/सार्वजनिक कायम गर्न आयोगको मिति २०७८/९/२२ को निर्णयानुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

१०.६ काठमाडौं जिल्ला, का.म.न.पा.-३२ को सिट नं. १०२-११४६-०१ कि.नं. ३० क्षे.फ. ६२.१० व.मि. जग्गाको सुरु नापी हुँदाका बखत मूल स्रोत नै व्यक्ति (कृष्णबहादुर श्रेष्ठ) भएको र निजबाट कित्ताकाट भई तह-तह हुँदै हालका जग्गाधनी राजेन्द्रराज तिमिल्सिनाको नाममा आएको सन्दर्भमा माथि उल्लिखित जग्गा जो जसको हो, प्रचलित कानुनअनुसार गरी गराई यस आयोगलाई समेत जानकारी दिन आयोगको मिति २०७८/१२/१० को निर्णयानुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा लेखी पठाउने ।

१०.७ साबिक ढोरफिर्दी ७ठ कि.नं. ५ क्षे.फ. ४५-७-३-१ को खोल्सी पर्ती जग्गा कित्ताकाट गरी कि.नं. २३ र कि.नं. २४ रहेकामध्ये कि.नं. २३ क्षे.फ. १०-३-२-० जग्गा दर्ता हुन छुट भएको भनी कृष्णप्रसाद लम्सालसमेत ६ जनाले छुट दर्ता गरेको तथा कि.नं. २४ क्षे.फ. ३५-४-१-१ रहेको जग्गा हिमाली प्रा.वि.को विद्यालय व्यवस्थापन समितिले मिति २०५१/१/११ गते निर्णय गरी विभिन्न व्यक्तिहरूलाई घरसारको कागज गरी सार्वजनिक जग्गा गैरकानुनीरूपमा

बिक्री वितरणसमेत गरेको भन्ने विषयमा सरकारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने तथा अतिक्रमण हटाउनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ को उपदफा १क बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६क) र दफा १०क बमोजिम हुने गरी संरक्षण र व्यवस्थापनका लागि आयोगको मिति २०७८/८/२३ को निर्णयानुसार गृह मन्त्रालय र मालपोत ऐन, २०३४ को दफा २४ अनुसार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

१०.८ जिल्ला धादिङ पीडा १ख को सार्वजनिक जग्गा (बुटेन) कित्ता नम्बर २४२ क्षेत्रफल १२२-३-०-० मध्ये कित्ताकाट गरी कित्ता नम्बर ४६९ क्षेत्रफल १-६-१-० कायम गरी दपोट गरी व्यक्तिविशेषले भोग गरी राखेको सम्बन्धमा मालपोत ऐन, २०३४ को दफा २५ अनुसार दर्ता नभएको जग्गा आवाद गर्न नहुने कुरा उल्लेख भएकाले दपोट गरी अनधिकृत रूपमा स्वीकारी उक्त जग्गा तुलसीप्रसाद अधिकारीले भोगचलन तथा आवाद गरेकाले उक्त कार्य हटाउनका लागि आयोगको मिति २०७८/१२/२१ को निर्णयानुसार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

१०.९ जिल्ला चितवन भरतपुर ६क को जग्गाधनी कपिल श्रेष्ठको नाउँमा दर्ता रहेको कित्ता नम्बर ३१९३ ज.बि. ०-१- किता नम्बर ३१९१ ज. बि. ०-०-१५ रहेको गरी जम्मा क्षेत्रफल ०-१-१५१/२ जग्गा रोक्का रहेको मालपोत कार्यालयका प्रमुखसमेतको मिलोमतो गरी आर्थिक प्रलोभनमा परी एभरेष्ट बैंक नारायणगढमा रोक्का रहेको जग्गा फुकुवा गरी दा.खा.समेत गरेको सम्बन्धमा एउटै जग्गा एकभन्दा बढी पटक रोक्का रहेको अवस्थामा कुनै एक फुकुवा हुँदा अर्को रोक्का कायम हुने अवस्था गर्न र मिसिलहरूको अकर्ण बनाई गर्ने लगायत कार्यालयको रोक्का, फुकुवा, दर्ता, चलानीसमेत स्पष्ट अभिलेखन गर्ने व्यवस्था गर्न गराउन आयोगको मिति २०७९/१/२२ को निर्णयानुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

१०.१०जिल्ला धादिङ गजुरी ४ङ को कि.नं. २४२ क्षे.फ. १-११-२-३ रहेको मलेखु खोलाको जग्गा कित्ताकाट गरी व्यक्तिविशेषका नाउँमा कायम गरेको भनी मिति २०७१/१/७ को आयोगको स्थलगत निरीक्षण प्रतिवेदनमा उल्लेख हुन आएको सम्बन्धमा धादिङ गजुरी ४ङ कित्ता नं. २०५ को कित्ताकाट गरी कायम भएका कित्ता नम्बरहरू २४२ र २४३ लाई बदर गरी साबिककै कित्ता नं. २०५ कायम गरिदिन आयोगको मिति २०७९/१/२६ को निर्णयानुसार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सुझाव लेखी पठाइएको ।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालय

११.१ जिल्ला दोलखा, भीमेश्वर नगरपालिका वडा नं. ८ बोचमा सरकारको समेत सहयोगमा ६ सय क्षमताको दक्षिण एसियाकै ठूलो रु. १५ करोड लगानीमा सुरु गरिएको गाई फार्म अलपत्र रहेको, फार्ममा न गाई, न संचालक नै सम्पर्कमा रहेको भन्ने उजुरीका सम्बन्धमा आफूले शेयर लगानी गरेको कम्पनी, प्रबन्धपत्रमा उल्लेख भएको उद्देश्यतर्फ लक्षित छ छैन नियमित अनुगमन निरीक्षण गरी लगानी सुरक्षित गर्नेतर्फ पहल गर्न उपयुक्त देखिएकाले उक्त कम्पनीमा लगानी गर्ने

राष्ट्रिय दुग्ध विकास बोर्ड, भीमेश्वर नगरपालिका र सम्बन्धित वन उपभोक्ता समूहहरूलाई आयोगको मिति २०७८/९/१६ को निर्णयानुसार सुझाव लेखी पठाएको ।

१२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१२.१ कपिलवस्तु जिल्ला, साबिक जिल्ला विकास समितिको कार्यालयबाट आ.व. २०७१/७२ मा गरिबसँग विशेश्वर कार्यक्रमलगायत अन्य विभिन्न ३२ वटा योजनाहरूको रकममा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा नियमित प्रक्रियाबाट तीन वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फछ्यौंट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रूपमा रहने र जायजेथाबाट असुलउपर गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७ र दफा ४८ मा रहेको हुँदा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको विषयमा प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम जो-जे गर्नुपर्ने हो गरी सोको जानकारी आयोगलाई गराउन आयोगको मिति २०७८/७/१५ को निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाइएको ।

१२.२ जिल्ला सुर्खेत, वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ स्थित श्री सिद्ध बहिरा बालकको स्कुलका विद्यालय व्यवस्थापन समितिका अध्यक्षलगायतले विद्यालयको छात्राबासमा बस्ने विद्यार्थीहरूको छात्रवृत्ति रकम हिनामिना गरेको उजुरीका सम्बन्धमा एभरेष्ट बैंक लिमिटेड, शाखा कार्यालय, सुर्खेतमा खोलिएको खाता बन्द गरी खातामा रहेको रकम विद्यालयको मूल खातामा जम्मा गर्न गराउन आयोगको मिति २०७८।४।२१ को निर्णयानुसार वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेतलाई सुझाव लेखी पठाइएको ।

१२.३ जलविद्युत आयोजना संचालन भएको क्षेत्रमा राष्ट्रिय प्रसारण ग्रिडको बिजुलीको पहुँच नभएको र उक्त योजनामा प्रयोग भएका उपकरण जीर्ण अवस्थामा रहेको हुँदा मुलौरा जलविद्युत् आयोजनामा भएको उपयोग गर्न मिल्ने उपकरणहरूको व्यवस्थापन गरी मुलौरा जलविद्युत् आयोजनाको कार्यमूलक समिति तथा नोभा मल्टी सर्भिसेज प्रा.लि.सँग समन्वय गरी उक्त जलविद्युत् आयोजना संचालनमा ल्याउन के-कसो गर्न सकिन्छ गर्न आयोगको मिति २०७८।४।२१ को निर्णयानुसार मालिकार्जुन गाउँपालिकालाई सुझाव लेखी पठाइएको ।

१२.४ आन्तरिक स्रोतको रकम र जि.वि.स., बाराबाट प्राप्त अनुदान रकमको व्यापक हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा चालु आ.व. २०७८/७९ भित्र प्रचलित कानुनबमोजिम बाँकी पेश्की रकम फरफारक तथा फछ्यौंट गरी यस आयोगलाई समेत जानकारी गराउन आयोगको मिति २०७८।५।३ को निर्णयानुसार कलैया उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बारा, कलैयालाई सुझाव लेखी पठाइएको ।

१२.५ ललितपुर जिल्ला, महांकाल गाउँपालिकाको कार्यालयमा सवइन्जिनियर पदको पदपूर्ति समितिमा रहेर आफ्नो पदीय जिम्मेवारी निर्वाह गर्ने सो गाउँपालिकाका तल्कालीन प्रमुख प्रशासकीय अधिकृत राजन थापा, ना.सु. केदारनाथ रिजाल र सहलेखापाल कृष्णबहादुर बुढाले उमेदवारहरूले दरखास्तका साथमा पेस गरेका कागजातहरू विज्ञापनमा माग गरिएको योग्यताअनुसार भए नभएको हेर्ने, रुजु गर्ने पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरूका प्रतिलिपिहरू अन्तर्वार्ताको समयमा सक्कल प्रमाणपत्रसँग भिडाउने जिम्मेवारी पूरा गर्नुपर्ने पदीय दायित्व पूरा नगरेको हुँदा सो

सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नु गराउनुपर्ने हो सो गराउन आयोगको मिति २०७८/७/८ को निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश लोक सेवा आयोग, विराटनगर र रानीजमरा कुलरिया सिंचाइ आयोजना कैलालीलाई सुझाव लेखी पठाइएको ।

१२.६ सरकारी रकम लगानी दुरुपयोग भई भ्रष्टाचार भएको, पूर्वाधार विकास, कार्यालय संचालन खर्च, सामाजिक सुरक्षा भत्ता वितरण तथा अन्य विकास निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा गोप्यारा भौचरमा सम्बन्धित अधिकारीहरूको सहीछाप गराएर श्रेस्ता चुस्त दुरुस्त राख्ने, भुक्तानीको समयमा प्रचलित कानुनबमोजिम कट्टा गर्नुपर्ने कर कट्टी गर्ने, नगदी रसिद नियन्त्रण खाता तथा जिन्सी खाता राखी कार्यालयको नगदी तथा जिन्सी सामानहरूको अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको सभामा छलफल गराई पारदर्शिता कायम गर्ने भन्ने सुझाव साबिक विसनपूर्वा मानपुर गा.वि.स. समायोजन भएको हालको माधवनारायण नगरपालिका रौतहटलाई र पेश्की फछ्यौंटका लागि जिम्मेवार कर्मचारी साबिक विसनपूर्वा मानपुर गा.वि.स.मा कार्यरत रामनरेश राय यादव हाल कटहरिया नगरपालिका रौतहटमा कार्यरत रहेको बुझिएकाले निजले कार्यालयबाट प्राप्त गर्ने सेवा सुविधाबाट कट्टा गरी पेश्की फछ्यौंट गर्न कटहरिया नगरपालिका रौतहटलाई आयोगको मिति २०७८/८/२० को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१२.७ जिल्ला बाँके, बैजनाथ गाउँपालिका वडा नं. ५ स्थित शुभप्रभात बहुमुखी पब्लिक क्याम्पसले कहीं कतैबाट सम्बन्धनसमेत नलिएको र कुनै पनि ठाउँमा संचालन नगरेको क्याम्पसलाई बैजनाथ गाउँपालिकाबाट आ.व. २०७४/७५ मा गैरकानुनी तवरबाट रु.१ करोड विनियोजन गरी सोमध्येबाट रु.६० लाख खर्च गरिसकेको र आ.व. २०७५/७६ मा गाउँपालिकाको नीति तथा कार्यक्रमअनुसार उक्त क्याम्पसको भवन निर्माण र प्राविधिक विषयको पठनपाठन संचालनका लागि रु.५० लाख विनियोजन गरेको विषयमा बैजनाथ गाउँपालिकाबाट पेश्की रकम दिने कार्यमा प्रक्रियागत त्रुटि भएको देखिँदा अब उप्रान्त पेश्की वितरणलाई निरुत्साहन गर्न आवश्यक नीतिगत, संरचनागत र प्रक्रियागत रूपमा गर्नुपर्ने सम्पूर्ण पहलकदमी गर्न/गराउन आयोगको मिति २०७८/८/६ को निर्णयानुसार सम्बन्धित स्थानीय तहलाई सुझाव लेखी पठाइएको ।

१२.८ जिल्ला पर्सा पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष हरिनारायण चौधरी र प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार चौधरीले भलुवाही र जमुनिया खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, निकासी तथा बिक्री वितरण गर्ने विषयमा बोलपत्र आह्वान गर्दा कम मूल्यमा सकार गर्नेलाई काम दिई अनियमितता गरेको विषयमा नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरण लगायत सम्पूर्ण ठेक्का प्रक्रिया अगाडि बढाउँदा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२०, तथा प्रचलित कानुनबमोजिम यथाशक्य इ-बिडिङमार्फत गर्न गराउन आयोगको मिति २०७८/८/६ को निर्णयानुसार सुगौली पटेर्वा गाउँपालिका, पर्सालाई सुझाव लेखी पठाइएको ।

१२.९ जिल्ला रुकुम पश्चिम सानीभेरी गाउँपालिकाका खरिद इकाइ प्रमुख खिमप्रकाश शाहसमेतले औषधी, ल्यापटप, ट्याबलेट आदि खरिद प्रक्रियामा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख बमोजिम क्याटलग सपिङ विधिबाट सामान खरिद गर्दा मालसामान उपलब्ध गराउने प्रत्याभूति पत्रलाई आधिकारिक बिक्रेताको पत्र

मानी खरिद गरिएको कार्य मिलेको नदेखिँदा अब गरिने खरिद कार्यमा कुनै पनि कम्पनीको आधिकारिक बिक्रेताको पत्र (प्रमाणपत्र) के कस्तो हुने हो यकिन गरेर मात्र खरिद कार्य गर्नु गराउनु र ऐ. नियमको उपनियम (३) र (४) बमोजिमको प्रक्रिया पूरा नगरी उपनियम (३)बमोजिम सूची तयार गर्ने प्रयोजनका लागि सूचना प्रकाशन गरी दर्ता हुन आएका बोलपत्रहरूलाई मूल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही बोलपत्रको छनौट गरी गरिएको खरिद कार्य मिलेको नदेखिँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख बमोजिम अब गरिने खरिद कार्यमा ऐ. नियमको उपनियम (३), (४) र (५) को प्रक्रिया पूरा गरी गर्न गराउन आयोगको मिति २०७८/८/१३ को निर्णयानुसार सानीभेरी गाउँपालिका, रुकुम पश्चिमलाई सुझाव लेखी पठाइएको ।

१२.१० जिल्ला काठमाडौँ तारकेश्वर नगरपालिकासमेतले नगरपालिका भवन निर्माण कार्यमा आफ्नो नजिकको नातेदार निर्माण कम्पनीलाई काम दिलाउने मनसायले लागत अनुमान इस्टिमेट तयारीमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा नगरपालिकाको कार्यालय भवनको लागत अनुमान वास्तविक हुनुपर्ने भन्दा बढी भएको हुँदा अब उप्रान्त कुनै खरिद कार्यको लागत अनुमान तयार/चेकजाँच/स्वीकृत गर्दा प्रचलित नर्म्स तथा दररेटबमोजिम गर्ने तर्फ आवश्यक सतर्कता अपनाउन आयोगको मिति २०७८/९/२६ को निर्णयानुसार तारकेश्वर नगरपालिकालाई सुझाव लेखी पठाइएको ।

१२.११ डोटी जिल्ला पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष दीर्घराज बोगटीसमेतले गुरुयोजना निर्माण गर्दा फर्जी कागजात तयार गरी रकम भुक्तानी गरेको भन्ने विषयमा आगामी दिनमा परामर्श सेवा खरिद गर्दा आचारणगत र प्रक्रियागत कानुनी व्यवस्था पूर्णरूपमा पालना गर्ने तथा आवश्यकता एवं उपयोगिताको आधारमा कार्यान्वयनयोग्य गुरुयोजना बनाउने र सो गुरुयोजना पूर्णरूपमा कार्यान्वयन गरी सार्वजनिक वित्तीय स्रोतको अत्युत्तम उपयोगका लागि कानुनी व्यवस्था सुनिश्चित गर्न आयोगको मिति २०७८/१०/४ को निर्णयानुसार पूर्वीचौकी गाउँपालिका, डोटीलाई सुझाव लेखी पठाइएको ।

१२.१२ त्रियुगा नगरपालिका, उदयपुरले खास लक्षित कार्यक्रम बिना पत्रकारहरूलाई ल्यापटप वितरण गरिएको सम्बन्धमा सरकारी सम्पत्तिको खर्च गरी पत्रकारहरूलाई ल्यापटप वितरण गर्ने कार्य औचित्यको दृष्टिकोणले उपयुक्त नरहेको देखिएकाले आगामी दिनमा संविधान तथा कानुनप्रदत्त अधिकारबमोजिम योजना तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक कोषको खर्च गर्दा मितव्ययिता, प्रभावकारिता र दिगोपनासमेतलाई ध्यान दिन आयोगको मिति २०७८/११/५ को निर्णयानुसार त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, उदयपुर, गाईघाटलाई सुझाव लेखी पठाइएको ।

१२.१३ जिल्ला गोरखा अजिरकोट गाउँपालिका वडा नं. ३ हंशपुर र वडा नं. ५ मुच्चोकका वडासचिव दीपकबहादुर दर्जीसमेतले वडाको रकम अनियमितता गरेको सम्बन्धमा आ.व. २०७३/७४ को तेस्रो सामाजिक सुरक्षा भत्ताबाहेक अजिरकोट गाउँपालिका वडा नं. ३ हंशपुर र वडा नं ५ मुच्चोकका तत्कालीन वडासचिव दीपकबहादुर दर्जीसमेतले विभिन्न विकास निर्माण कार्य, प्रशासनिक तथा अन्य खर्चसमेत गरेको देखिएको तर कागजातहरू दुरुस्त नराखेको र निजले गरेको आर्थिक कारोबारको सही हिसाब नराखी नबुझाई पेश्की फछ्यौंट तथा लेखापरीक्षणसमेत

नगरेको हुँदा सो सम्बन्धमा कानुनबमोजिम गर्न गराउन आयोगको मिति २०७८/११/२३ को निर्णयानुसार जिल्ला समन्वय समितिको कार्यालय गोरखा र अजिरकोट गाउँपालिकालाई सुझाव लेखी पठाइएको ।

१२.१४ जिल्ला बारा साबिक गा.वि.स. औरैया वडा नं.९ को कित्ता नं. ५६ ज.वि. ०-६-१७ जग्गामा कच्ची बाटो रहेकोमा जिल्ला बारा सुवर्ण गाउँपालिका वडा नं. २ कार्यालयका वडाध्यक्ष रंजितप्रसाद यादवले मालपोत कार्यालय, बारामा उक्त जग्गाको घरबाटो सिफारिस गर्दा खेतीयोग्य रहेको भनी गलत सिफारिस गरको सम्बन्धमा घरबाटो सिफारिस गर्दा स्थलगत रूपमा फिल्डमा समेत निरीक्षण गरी यकिनसाथ फिल्डमा रहे/भएको अनुसार सिफारिस गर्न/गराउनु हुन आयोगको मिति २०७८/१२/१० को निर्णयानुसार सुवर्ण गाउँपालिका, बारालाई सुझाव लेखी पठाइएको ।

१२.१५ तत्कालीन नमुना गाउँ विकास समिति बेनौली, बाराका तत्कालीन गा.वि.स. सचिवसमेतले उक्त गा.वि.स. क्षेत्रमा रहेको भिखना माछा पोखरी ठेक्कामा लगाई सर्तबमोजिम बैंक ग्यारेन्टी नराखेको, जमानतबापत जग्गा धितो राखेको, किस्ता रकम असुल नगरेको जस्ता अनियमित कार्य गरी सरकारी रकम हानि नोक्सानी गरेको सम्बन्धमा बक्यौता रकम कानुनबमोजिम असुलउपर गर्न गराउन आयोगको मिति २०७८/१२/१० को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, बारालाई र असुलउपर गर्न पचरौता नगरपालिका, बेनौली, बारालाई सुझाव लेखी पठाइएको ।

१२.१६ जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), सुनवल नगरपालिका अन्तर्गत पानभार खोलामा आ.व. २०७५/७६ को नदीजन्य पदार्थ उत्खनन् तथा निकासीको ठेक्कामा मापदण्डविपरीत उत्खनन् गरेको तथा नगरपालिकाबाट प्रमाणित नगरेको रसिद प्रयोग गरी राजस्व छली गरेको भन्ने सम्बन्धमा अनुसन्धानको क्रममा प्राप्त हुन आएका रसिदहरूमध्ये केही बिल, रसिदहरूमा नगरपालिकाको फर्जी छाप लगाई कारोबार भएको देखिएकाले सो सम्बन्धमा कानुनबमोजिम जो जे गर्नुपर्ने हो आवश्यक कारबाही गर्न आयोगको मिति २०७८/५/३ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लाई लेखी पठाइएको ।

१२.१७ जिल्ला सर्लाही, चक्रघट्ट गाउँपालिका वडा नं ४ मा सडक ढलान निर्माण कार्यको हकमा गाउँपालिकाको स्वीकृति नलिई सम्झौताविपरीत अब्दुल ताहिर शेखको घरदेखि शेख कैस रजाको घरको उत्तरसम्म जम्मा ३५ मिटर बाटो ढलान गरेको उक्त कार्य प्रक्रियासम्मत नदेखिएको तथा उक्त गाउँपालिकाको हालसम्म पनि उपभोक्ता समितिलाई नियमन गर्ने कार्यविधि/मापदण्डसमेत तर्जुमा भएको नदेखिएकाले अब उप्रान्त गाउँपालिकामा विकास निर्माणसम्बन्धी योजनाहरू संचालन गर्दा उपभोक्ता समितिलाई नियमन गर्ने आवश्यक निर्देशिका/कार्यविधि/मापदण्ड लगायतको स्पष्ट नीतिगत व्यवस्था गर्ने तथा गाउँपालिकाले स्वीकृत गरेको बजेट शीर्षक तथा स्वीकृत इस्टिमेटबमोजिम हुने गरी निर्माण कार्य गर्ने गराउने सम्बन्धमा आयोगको मिति २०७९/१/२२ को निर्णयानुसार चक्रघट्टा गाउँपालिका, सर्लाहीलाई सुझाव लेखी पठाइएको ।

१२.१८ जिल्ला डोटी पूवीचौंकी गाउँपालिका वडा नं. ५, धानकाडाको चिन्नेकोट काडामाडौं सडक निर्माण योजना उपभोक्ता समितिका अध्यक्ष दिर्ग खड्कासमेतले सडक निर्माणमा मिलेमतोमा रकम बाँडफाँड गरेको भन्ने सम्बन्धमा चिन्नेकोट काडामाडौं सडक निर्माण समितिका अध्यक्ष

दिर्गबहादुर खड्काले भर्पाइ कागजमा किर्ते गरी सरकारी कागजातमा किर्ते गरेको देखिएको सम्बन्धमा आयोगको मिति २०७९/३/१६ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, डोटीलाई सो किर्तेसम्बन्धी थप छानबिन गर्न सुझाव लेखी पठाइएको ।

१२.१९ जिल्ला मुगु साबिक रारा गा.वि.स. वडा नं. १ देखि ९ सम्मको आ.व. २०७१/७२ र २०७२/७३ मा सामाजिक सुरक्षा भत्ता र बाल पोषण भत्ताबापतको रकममा किर्ते कागज बनाई अनियमितता भएको भन्ने सम्बन्धमा पदमबहादुर भण्डारी, तीर्थराज शाही, नव गिरी र हस्तबहादुर शाहीसमेतले जम्मा रु.८,१३,६००।- रकम हिनामिना गर्दा विभिन्न व्यक्तिहरूको नामै नभएका व्यक्तिहरूको नाम उल्लेख गरी, भरपाई दोहोरो बनाई साथै सहीछाप किर्तेसमेत गरेको हुँदा निजहरूले गरेको उक्त कसुर मुलुकी अपराध संहिता, २०७४ को लिखतसम्बन्धी कसुर आकर्षित हुनसक्ने देखिँदा सो सम्बन्धमा आवश्यक अनुसन्धान हुन आयोगको मिति २०७८/१०/१३ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, मुगुलाई सुझाव लेखी पठाइएको।

१२.२० बारा जिल्ला, साबिक बेनौली गाउँ विकास समितिको कार्यालयबाट आ.व. २०६२/६३ देखिको पेश्की रकमसमेतको विभिन्न २२ वटा विषयमा आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनबाट पहिलादेखि नै सदैं आएका फछ्यौंट हुन बाँकी रहेका पेश्की रकमहरू कानुनबमोजिम असुलउपर वा फछ्यौंट के गर्नुपर्ने हो गर्न/गराउन आयोगको मिति २०७८/८/२० को निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१२.२१ जिल्ला सुर्खेत भेरीगंगा नगरपालिका वडा नं. १० बस्ने हरिप्रसाद उपाध्याय (गौतम) ले उमेर बढाई सामाजिक सुरक्षा भत्ता लिएको भन्ने उजुरीका सम्बन्धमा निजले मिति २०५२/२/३१ मा ना.प्र.न.भे.सु.ई.न.१/२३५७० लिएको नागरिकता प्रमाणपत्रको सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्न र सिभिल बैंक लिमिटेड छिन्चु शाखा सुर्खेतमा निज हरिप्रसाद उपाध्यायको नाममा रहेको खाता नम्बर ०८९००१५३६३१०१८ मा रोक्का रहेको रकम नेपाल सरकारको राजस्व खातामा जम्मा गर्ने व्यवस्थासमेत गर्न जिल्ला प्रशासन कार्यालय वीरेन्द्रनगर सुर्खेतलाई आयोगको मिति २०७८/९/१२ को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१२.२२ मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. १८ स्थित श्री गोरक्षनाथ माध्यमिक विद्यालयका लेखापाल शंकरबहादुर न्यौपानेले विद्यार्थीहरूबाट उठाइएको भर्ना शुल्क लगभग ६-७ लाख रुपैयाँ हिनामिना गरेको, सो कारणले लेखापरीक्षण नगराएको भन्ने उजुरीका सम्बन्धमा हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमार्फत उक्त विद्यालयलाई आर्थिक कारोबारको लेखा प्रणाली नियमानुसार व्यवस्थित, पारदर्शी बनाई बैंकिङ प्रणालीबाट गर्न गराउन र यथासमयमा लेखापरीक्षण तथा सामाजिक परीक्षण गर्न गराउन आयोगको मिति २०७८।५।१० को निर्णयानुसार सुझाव लेखी पठाइएको ।

१२.२३ कोपिला माध्यमिक विद्यालय, लाटिकोइली, सुर्खेतका तत्कालीन प्र.अ. पहलबहादुर के.सी.ले विद्यालयको रकम तथा जिन्सी सामान हिनामिना गरी अनियमितता गरेको भन्ने सम्बन्धमा विद्यालयबाट अन्यत्र सरुवा भई जाँदा तत्कालीन प्र.अ. पहलबहादुर के.सी.ले आफ्नो जिम्मामा रहेका कागजातहरू एवं सरसामानहरू शिक्षा नियमावली, २०५९ को नियम १७३ को उपनियम

(१) बमोजिम बुझबुझारथ नगरेको एवं हालका प्र.अ.समेतले बुझबुझारथको लागि सोही नियमावलीको १७३ को उपनियम (२) बमोजिमको कारबाही अगाडि बढाएको समेत नदेखिएको हुँदा सो सम्बन्धमा कानुनबमोजिम जो जे गर्नुपर्ने हो सो गर्न गराउन आयोगको मिति २०७८/५/२१ को निर्णयानुसार वीरेन्द्रनगर नगरपालिका, शिक्षा तथा समन्वय इकाइ, सुर्खेतलाई सुझाव लेखी पठाइएको ।

१२.२४ जिल्ला पाल्पा, तानसेन नगरपालिका वडा नं. ११ स्थित गार्गी माध्यमिक विद्यालयको कोषमा जम्मा भएको रकम खर्च गरेको, छात्रवृत्तिबापतको रकम नगद उपलब्ध गराउनुपर्नेमा सबै विद्यार्थीलाई एकै किसिमले पोसाक वितरण गरेकाले लक्षित वर्गका विद्यार्थीहरू राज्यले उपलब्ध गराएको सुविधाबाट बन्चित हुनुपरेको, शिक्षा नियमावली २०५९ को नियम १७० एवं आर्थिक प्रशासनसम्बन्धी प्रचलित कानुनबमोजिम विद्यालयको आयव्ययको लेखा राख्नुपर्नेमा व्यवस्थित रूपमा राखेको नदेखिएको र शिक्षा नियमावली, २०५९ को नियम १७१ बमोजिम प्रत्येक वर्ष लेखापरीक्षण गराउनुपर्नेमा नियमित रूपमा लेखापरीक्षण गराएको नपाइएको हुँदा प्रचलित नीतिगत र कानुनी व्यवस्थाको पालना गरेको नदेखिएकाले विद्यालयका प्रधानाध्यापक यादव घिमिरेलाई कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सोका लागि शिक्षा विकास तथा समन्वय इकाइ पाल्पालाई आयोगको मिति २०७९/६/१४ को निर्णयानुसार सुझाव लेखी पठाइएको । प्रत्येक वर्ष लेखापरीक्षण गर्ने व्यवस्था मिलाई लेखापरीक्षणका क्रममा दिईएका सुझावहरू समयमा नै कार्यान्वयन गर्न/गराउन ।

१२.२५ सुनसरी जिल्लास्थित पंचायत निम्न माध्यमिक विद्यालय (हाल आधारभूत विद्यालय) को रकम हिनामिना गरेको भन्ने सम्बन्धमा विद्यालयले समयसापेक्ष जग्गा ठेक्का प्रक्रिया नियमित नगरेको, विद्यालयको सम्पत्तिको संरक्षण नगरेको, लामो समयसम्म पुरानै ठेक्का अनुसार जग्गा कमाउन दिई सो ठेक्काबापतको रकमसमेत वार्षिक रूपमा नियमित असुलउपर गर्न नसकेको देखिँदा विद्यालयको जग्गा ठेक्का लिई सोबापतको रकम नबुझाउने व्यक्तिहरूसँग हालसम्मको बक्यौता रकम असुलउपर गर्ने, विद्यालयको सम्पूर्ण जग्गा छुट्याएर विद्यालयको स्वामित्वमा ल्याई खाली राख्ने वा विद्यालयको स्वामित्वमा आएको जग्गा कानुनबमोजिम कानुनले तोकेको न्यूनतम रकमभन्दा कम नहुने गरी प्रतिस्पर्धा गराई ठेक्कामा लगाउने, ठेक्कामा लगाएको जग्गाको सो बापतको रकम नियमित रूपमा उठाउने साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (२) देहाय (ज) को (९) को व्यवस्थाअनुसार सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन गर्न गराउन आयोगको मिति २०७८/११/५ को निर्णयानुसार पंचायत निम्न माध्यमिक विद्यालय (हाल आधारभूत विद्यालय), दुहबी नगरपालिका, सुनसरी, बुढीगंगा गाउँपालिका, मोरङ, जिल्ला प्रशासन कार्यालय, सुनसरी र मोरङलाई सुझाव लेखी पठाइएको ।

१२.२६ जिल्ला शिक्षा कार्यालय, पर्सामा विभिन्न शीर्षकमा २५ लाख पेश्की लिई फछ्यौंट नगरी कागजी प्रक्रिया मिलाएको भन्ने सम्बन्धमा सरकारी कर्मचारीले तोकिएको म्यादभित्र पेश्की फछ्यौंटका लागि आवश्यक कागजात पेस नगरेमा त्यस्तो पेश्की रकम म्याद नाघेको मितिले ब्याजसमेत लगाई असुलउपर गर्ने वित्तीय उत्तरदायित्व तथा आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ५१ मा व्यवस्थासमेत रहेको देखिँदा सम्बन्धित जिल्ला शिक्षा कार्यालय, पर्सा तथा जिल्ला

शिक्षा कार्यालय, बारालाई पेश्की फछ्यौंट गर्ने सम्बन्धमा प्रचलित कानुनबमोजिम जो-जे गर्नुपर्ने हो गर्न आयोगको मिति २०७८/११/५ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, पर्सा तथा जिल्ला शिक्षा कार्यालय, बारालाई सुझाव लेखी पठाइएको ।

१२.२७ श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बाँसगढीमा प्रा.वि. तहमा कार्यरत शिक्षिका अम्बिका चापागाईंलाई मा.वि. तहमा अंग्रेजी विषय अध्यापन गर्नका लागि बढुवा गरेको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको बढुवा, कर्मचारी नियुक्तिसम्बन्धी निर्णय विधि प्रणालीविपरीत भएको पाइएकाले अब आइन्दा शिक्षकको नियुक्ति, कर्मचारी व्यवस्थापन, अतिरिक्त सुविधा वितरणजस्ता विषय प्रचलित ऐन, नियमबमोजिम गर्न तथा विद्यालय व्यवस्थापन समितिले प्रचलित कानुनबमोजिम पाएको अधिकारभित्र रहेर मात्र निर्णय गर्न/गराउन आयोगको मिति २०७८/११/२३ को निर्णयानुसार नेपाल राष्ट्रिय मा.वि., बाँसगढी र बाँसगढी नगरपालिका, बर्दियालाई सुझाव लेखी पठाइएको ।

१२.२८ जिल्ला दाङ घोराही नगरपालिका वडा नं. ११ हाल घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित पद्मोदय उच्च माध्यमिक विद्यालयका शिक्षकसमेतले विद्यार्थीबाट शुल्क उठाइ अनियमितता गरेको भन्ने सम्बन्धमा सामुदायिक विद्यालयले नियमविपरीत शुल्क उठाई राख्दा विकृति आई भ्रष्टाचारजन्य कसुर हुन सक्ने देखिएकाले विद्यालयहरूले यसरी उठाउने कार्यलाई कानुनद्वारा व्यवस्थित गर्न, उठाइएको शुल्कलाई थप व्यवस्थित, पारदर्शी, मितव्ययी र नियमसँगत बनाउन आयोगको मिति २०७८/१२/७ को निर्णयानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् सबै स्थानीय तहहरूलाई सुझाव लेखी पठाइएको ।

१२.२९ आनन्द माध्यमिक विद्यालय चापागाउँ, दैलेखका प्र.अ. तपेन्द्रबहादुर शाही र नि.प्र.अ. चीनबहादुर खत्री मिलेर पुस्तकालय निर्माणका लागि प्राप्त रु.६,५०,०००।-, ICT को रु.१,४०,०००।- र विद्यालयको आन्तरिक कोषको रकम रु.९०,०००।- हिनामिना गरेको भन्ने विषयमा विद्यालयमा पुस्तकालय तथा ICT कार्यक्रम व्यवस्थापनका लागि प्राप्त रकम निजी स्रोतका शिक्षकहरूको तलब भत्तामा खर्च गरेको देखिएकाले नगरपालिकाभित्रका विद्यालयमा पुँजीगत शीर्षकको रकम चालु शीर्षकमा खर्च नगर्न आयोगको मिति २०७८/४/४ को निर्णयानुसार चामुण्डा बिन्द्रासैनी नगरपालिका, दैलेखलाई सुझाव लेखी पठाइएको ।

१२.३० जिल्ला दाङ साबिक पुरन्धारा गा.वि.स वडा नं. ३ स्थित श्री जनश्रम नि.मा.वि. हस्तनापुरमा २०६१ देखि २०७३ सम्मको सामाजिक परीक्षण नगराएको, पछिल्लो समयको सामाजिक परीक्षण अनपढ मानिसहरूलाई राखी औपचारिकतामा मात्र गराएको, पाठ्यपुस्तक दिवा खाजाको रकम दुरुपयोग गरेको, पुरानो ४ कोठे भवनको कर्कटपाता र काठका झ्याँलहरू बिक्री गरी थोरै रकम आम्दानी बाँधेको, विद्यालयको अधीनमा रहेको ऐलानी जग्गा बिक्री वितरण गरेको भन्ने सम्बन्धमा साबिक पुरन्धारा गा.वि.स. वडा नं. ३ हाल बबई गाउँपालिका वडा नं. ४ स्थित श्री जनश्रम आधारभूत विद्यालयले निर्माण कार्य कानुनी प्रक्रिया नपुऱ्याई गरेको, शिक्षा नियमावली, २०५९ को नियम १७१ र १७१(क) बमोजिम सामाजिक परीक्षण एवं लेखापरीक्षण नगरिएको, हाल विद्यालयको हकभोगको जग्गा रजिष्ट्रेसन गरी लगत अद्यावधिक

समेत गरेको नदेखिँदा कानुनबमोजिम गर्न गराउन आयोगको मिति २०७८/४/४ को निर्णयानुसार बबई गाउँपालिकालाई सुझाव लेखी पठाइएको ।

१३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१३.१ सरकारी कोषबाट निर्माण भएको लकान्द्रा प्राथमिक स्वास्थ्य केन्द्रको भवन उपयोगविहीन भएकोले स्वास्थ्य संस्थाका भवन निर्माण गर्दा औचित्य र आवश्यकताको गहन विश्लेषणपछि मात्र भवन निर्माणसम्बन्धी कार्य अगाडि बढाउन जे-जो गर्नुपर्ने हो सोही गर्नु भनी आयोगको मिति २०७८।४।४ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१३.२ नेपाल स्वास्थ्य सेवा, फार्मेसी समूहका ४ जना कर्मचारीहरूको सातौँ तहबाट आठौँ तहमा स्तरवृद्धि गर्दा नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ को दफा ९ को उपदफा (१)४ बमोजिम कम्तीमा एक वर्ष अति दुर्गम वा दुई वर्ष दुर्गम क्षेत्रमा सेवा गरेको हुनुपर्ने कानुनी प्रावधान रहेकोमा जिल्ला अस्पताल, सिन्धुलीमा मिति २०७१।३।२० मा र उपक्षेत्रीय अस्पताल, डडेलधुरामा मिति २०७१।२।८ मा १/१ जना नेपाल स्वास्थ्य सेवा फार्मेसी समूह, फार्मेसी अधिकृत तह ७/८ को दरबन्दी रहेको अवस्थामा दुर्गम क्षेत्रमा सेवा नगरेका ४ जना कर्मचारीहरूको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सातौँ तहबाट आठौँ तहमा स्तरवृद्धि गरिएको कार्य कानुनसम्मत मान्न मिल्ने नदेखिएकाले अब उप्रान्त स्तरवृद्धि गर्दा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमका कानुनी प्रावधानको पूर्ण पालना गर्न गराउन आयोगको मिति २०७८/५/१७ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

१३.३ सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका तत्कालीन ल्याब इन्चार्ज विनोदकुमार यादवले पी.सी.आर. टेष्टको रिपोर्ट फेरबदल गरी लामो समयदेखि अनुचित लेनदेन गरेको भन्नेसमेतका विषयमा आयोगको मिति २०७८/१०/४ को निर्णयानुसार निम्नबमोजिम सुझाव लेखी पठाइएको ।

क. जिल्ला काठमाडौं टोखा नगरपालिका वडा नं. ६ बसुन्धारास्थित धौलागिरी हिमाल पोलिक्लिनिकलाई पी.सी.आर. परीक्षण तथा पी.सी.आर. परीक्षणका लागि स्वाब संकलन गर्ने अनुमतिसमेत नभएको देखिएको हुँदा सो सम्बन्धमा उक्त धौलागिरी हिमाल पोलिक्लिनिक प्रा.लि.लाई नियमानुसार कार्य गर्न गराउन उचित देखिएकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सुझाव लेखी पठाउने ।

ख. महानगरिय प्रहरीवृत्त महाराजगंजमा प्रतिवादी विनोदकुमार यादवविरुद्ध लिखतसम्बन्धी कसुरमा मुद्दा दर्ता भई अनुसन्धान भइरहेको भन्ने देखिएकाले सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौंमा रहेको विनोदकुमार यादवको कार्यकक्ष खानतलासी गर्दा सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको छाप थान-१ तथा SR.MEDICAL LAB TECHNOLOGIST INCHARGE लेखिएको छाप थान-१ बरामद भएकोमा उक्त दुवै छापहरूको आधिकारिकताको सम्बन्धमा सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रको चलानी नं. १०६४ मिति २०७८।५।२९ गतेको पत्रमा दुवै छाप केन्द्रको आधिकारिक छापसँग मिल्दोजुल्दो बनाई दुरुपयोग गरेको तथा केन्द्रको अनुमति लिएर बनाएको होइन

भनी उल्लेख भएको देखिएकाले महानगरीय प्रहरी वृत्त, महाराजगंजलाई उक्त थप प्रमाणलाई समेत दृष्टिगत गरी मुद्दाको अनुसन्धान गर्न सुझाव लेखी पठाउने ।

ग. विनोदकुमार यादवले सार्वजनिक पदमा हुँदा पी.सी.आर. परीक्षण नै नगरी गलत पी.सी.आर. प्रतिवेदन दिई नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ र नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६ ले तोकेको पेसासम्बन्धी आचरणको पालना नगरेको अवस्थासमेत प्रस्तुत मुद्दाको अनुसन्धानबाट देखिएको र नेपाल स्वास्थ्य व्यवसायी परिषद्को ऐन, २०५३ को दफा १८ र नेपाल स्वास्थ्य व्यवसायी परिषद् नियमावली, २०५६ को नियम १३, १४, १५ र १६ बमोजिमको कारबाहीका लागि नेपाल स्वास्थ्य व्यवसायी परिषद् बाँसबारीलाई प्रस्तुत मुद्दाको आरोपपत्रको प्रतिलिपिसमेत संलग्न राखी सुझाव लेखी पठाउने ।

१३.४ स्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा तत्कालीन जिल्ला स्वास्थ्य कार्यालय, नवलपरासीको आ.व. २०७०/७१ को लेखापरीक्षण प्रतिवेदनको सि.नं. १९.३ मा उल्लिखित वास्तविक संख्याभन्दा बढी देखाई बर्थिङ सेन्टरलाई अनुदान दिएको सम्बन्धमा उक्त कार्यालयको च.नं. २६८ मिति २०७७।१०।२० को पत्रबाट पाल्ही प्राथमिक स्वास्थ्य केन्द्रको बेरुजु रकम रु.१३,५००।- बैंक दाखिला गरेको भौचरको प्रतिलिपि प्राप्त भई रु.३८,५००।- असुल हुन बाँकी रहेको देखिएकाले सो असुलउपर सम्बन्धमा जो-जे गर्नुपर्ने हो सो गर्ने गराउने व्यवस्था गर्न आयोगको मिति २०७८/४/५ को निर्णयानुसार स्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लाई सुझाव लेखी पठाइएको ।

१४. प्रदेश सामाजिक विकास मन्त्रालय प्रदेश नं ५

१४.१ जिल्ला शिक्षा कार्यालयबाट भवन मर्मतका लागि उपलब्ध गराएको रकम तथा विद्यालयको पोखरीको ठेक्कामा रकम हिनामिना गरेको र विद्यालयमा नि.मा.वि. राहत शिक्षक पदपूर्ति प्रक्रियामा अनियमितता गरेको उजुरीका सम्बन्धमा विद्यालयले माछापोखरीबाट प्राप्त आम्दानी तथा खर्चको कारोबार गर्दा बैंकिङ कारोबारबाट नगरी सिधै खर्च गर्ने गरेको अवस्था देखिएकामा विद्यालयबाट सिधै खर्च भए बराबरको रकम असुलउपर समेत गरी विद्यालयको खातामा आम्दानी बाँधेको देखिँदा आगामी दिनमा विद्यालयले प्राप्त आम्दानी रकमको खर्च गर्दा गराउँदा बैंकिङ कारोबारबाट गर्न गराउन, मर्मतका लागि प्राप्त रकम अन्य शीर्षकमा खर्च भएको सम्बन्धमा प्रचलित कानुनबमोजिमको रीत पुऱ्याई जुन शीर्षकमा जे उद्देश्यका लागि बजेट विनियोजन भएको हो सोही काममा खर्च गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०७८/६/१४ को निर्णयानुसार सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवलमार्फत सम्बन्धित विद्यालय श्री तिलौराकोट मा.वि., कपिलवस्तुलाई सुझाव लेखी पठाइएको ।

१५ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

१५.१ नेपाल टेलिभिजन, सिंहदरबार, काठमाडौंमा रु.४ करोडको ग्राफिक सिस्टम खरिदमा व्यापक अनियमितता भएको, सेकेण्ड ह्याण्ड सामान खरिद गरेको एवं ठेकेदारसँग रु.५ लाखका दरले भत्ता लिएको भन्ने सम्बन्धमा बोलपत्रलाई थप प्रतिस्पर्धी बनाउनका निमित्त नेपाल टेलिभिजनबाट भविष्यमा प्रकाशन हुने बोलपत्रहरूमा हवाई टिकटलाई Evaluation Criteria को दायराभित्र नराखी प्रतिस्पर्धामा समान अवसर प्रदान गर्ने गरी स्पेसिफिकेसन तयार गर्ने व्यवस्था गर्न

आयोगको मिति २०७९/१/२९ को निर्णयानुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल टेलिभिजनलाई सुझाव लेखी पठाइएको ।

१५.२ गोरखा नगरपालिकाको औषधी खरिदको सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित भएकोमा सो सूचना नछापिएका प्रभाव दैनिकका प्रतिहरू बजारमा पठाई प्रतिस्पर्धालाई खुम्च्याउने काम गरिएको भन्ने उजुरीका सम्बन्धमा प्रभाव दैनिक पत्रिकाका तत्कालीन कार्यकारी सम्पादक रमेशराज राईले गरेको उक्त कार्य पत्रकार आचारसंहिता, २०७३ विपरीत देखिन्छ। त्यसैले प्रभाव दैनिक पत्रिकाका तत्कालीन कार्यकारी सम्पादक रमेशराज राईलगायत अन्य सबै पत्रिकाका मिडियाकर्मीहरूबाट यसप्रकारका गल्ती हुन नदिन आवश्यक छानबिन तथा कारबाही गर्न उपयुक्त हुने देखिएकाले आयोगको मिति २०७८/८/२३ को निर्णयानुसार प्रेस काउन्सिल नेपाललाई सुझाव लेखी पठाइएको ।

१६. सहरी विकास मन्त्रालय

१६.१ सहरी विकास तथा भवन निर्माण विभाग र सघन सहरी तथा भवन निर्माण आयोजना, मन्थली, रामेछापले ठेक्का नं. DUDBC/KAVRE/WORKS/20/068/69 पिष्कर स्वास्थ्य चौकी भवन निर्माणमा ढिलाइ गरेको सम्बन्धमा सहरी विकास तथा भवन निर्माण विभाग र सघन सहरी तथा भवन निर्माण आयोजना, मन्थली, रामेछापलाई प्रचलित कानुनबमोजिम जो-जे गर्नुपर्ने हो सो गर्न उपयुक्त हुने भनी सुझाव दिई सो ठेक्काको उपचारपश्चात अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाललाई जानकारी गराउने र अबका दिनहरूमा स्वास्थ्य चौकी, विद्यालय आदि जस्ता संवेदनशील संरचनाहरूको निर्माण गर्दा भूकम्पीय तथा अन्य प्राकृतिक विपत्तिले हुन सक्ने सम्भावित क्षतिलाई न्यून गर्नका निम्ति उपयुक्त Disaster Prone Zone र Land Use Map अध्ययन गरी विपद उत्थानशील संरचनाहरूको निर्माण गर्न आयोगको मिति २०७९/३/१६ को निर्णयानुसार सहरी विकास तथा भवन निर्माण विभाग र सघन सहरी तथा भवन निर्माण आयोजना, मन्थली, रामेछापलाई सुझाव लेखी पठाइएको ।

१७. शिक्षा मन्त्रालय

१७.१ चन्दननाथ मा.वि., जुम्लाको विज्ञान संकायतर्फका सिम्बोल नम्बर १६३०००६५ र रजिष्ट्रेशन नम्बर ७५६३०१०७४ भएका विद्यार्थी शेखर माझी मिति २०७५।१।३० देखि २०७५।२।९ सम्म कर्णाली माध्यमिक विद्यालय जुम्लामा संचालित विज्ञान संकाय कक्षा ११ को नियमिततर्फको परीक्षामा निज स्वयं उपस्थित भई सबै विषयको परीक्षा दिनुपर्नेमा मिति २०७५।१।३० गतेको अंग्रेजी र मिति २०७५।२।१ गतेको फिजिक्स विषयको परीक्षामा निज शेखर माझी उपस्थित नभई निजको सट्टामा प्रभात शाही उपस्थित भई निज शेखर माझीको सिम्बोल नम्बर १६३०००६५ बाट प्रभात शाहीले परीक्षा दिएको हुँदा निज शेखर माझीको परीक्षाको परिमाणको सम्बन्धमा कानुनबमोजिम जे-जो गर्नुपर्ने हो सो गर्न/गराउन आयोगको मिति २०७८/१२/२१ को निर्णयानुसार श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठीमी, भक्तपुरलाई सुझाव लेखी पठाइएको ।

१७.२ श्री ल्याबेरोटरी मा.वि. धरान, सुनसरीमा चारकोठे भवन निर्माणमा अनियमितता भएको सम्बन्धमा उक्त ४ कोठे भवन स्रोत अभावको कारणले सम्पन्न नभएको हुनाले आयोगको मिति

२०७९/२/१३ को निर्णयानुसार ल्याबेरोटरी मा.वि., धरानलाई सो निर्मित भवन सम्पन्न गराई संचालनमा ल्याउन सुझाव लेखी पठाइएको ।

१८ अर्थ मन्त्रालय

१८.१ बाँके जिल्ला राप्ति सोनारी गा.पा. वडा नं. ३ मा संचालित भवानीपुर स्कुलदेखि सिशुवा गाउँसम्म बाटो पिच निर्माण कार्यमा विनियोजन भएको बजेट रु.५० लाख उपभोक्ता समितिका अध्यक्ष श्री ठाकुर थारुसमेतले अनियमितता गरेको भन्ने विषयमा आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ र मूल्य अभिवृद्धिकर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम अनुसन्धानात्मक कर परीक्षणबाट कर निर्धारण गरी करको दायरामा ल्याउने सम्बन्धमा कानुनबमोजिम जो-जे गर्नुपर्ने गर्न गराउन आयोगको मिति २०७८/१०/१३ को निर्णयानुसार आन्तरिक राजस्व विभागलाई सुझाव लेखी पठाइएको ।

१८.२ लिखु तामाकोसी गाउँपालिका वडा नं. ५ तथा वडा नं. ४ साबिक बिजुलीकोट गा.वि.स.को विद्युतीकरण योजनाहरूमा ट्रान्सफरमरहरू, १० मिटर र ८ मिटर स्टिल ट्युब्लर पोलहरू बाहेक अन्य सम्पूर्ण विद्युतीकरण सामग्रीहरू र वडा नं. १ साबिक दुरागाउँ गा.वि.स. वडा नं. १-९ र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरणमा सम्पूर्ण विद्युतीय सामग्रीहरू विभिन्न सप्लायर्सका बिलहरू प्रयोग गरी आफूले नै जारी गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ विपरीतको कार्यमा आवश्यक छानबिन र कानुनबमोजिम हुन आयोगको मिति २०७८/१२/१४ को निर्णयानुसार आन्तरिक राजस्व विभाग, काठमाडौंमा सुझाव लेखी पठाइएको ।

क. लिखु तामाकोसी गाउँपालिका वडा नं. ५ तथा वडा नं. ४ र वडा नं. १ को विद्युतीकरण योजनाहरूमा डि.जे. सप्लायर्स, कोटेश्वर, जे.बी. सप्लायर्स, कोटेश्वर, पि.ए.एस. सप्लार्यस, काठमाडौं, अभिलेष सप्लार्यस प्रा.लि., वनस्थली, मुकेश सप्लायर्स प्रा.लि. वनस्थली र जि.एस.डी. इन्टरप्राइजेज, काठमाडौंले उक्त विद्युतीकरण योजनाहरूमा सामानहरू सप्लाइ ढुवानी गरेका जारी बिलहरूबमोजिमको मूल्य अभिवृद्धि कर समायोजन गरे नगरेको यकिन नभएको भनी क्रमशः आन्तरिक राजस्व कार्यालय, कोटेश्वर, चाबहिल, बालाजु, नँया बानेश्वर, काठमाडौंबाट लेखी आएकाले सो सम्बन्धमा आवश्यक अनुसन्धान गरी कानुनबमोजिम हुन आयोगको मिति २०७८/१२/१४ को निर्णयानुसार आन्तरिक राजस्व विभाग, काठमाडौंलाई सुझाव लेखी पठाइएको ।

१८.३ राष्ट्रिय मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह, बेलौरी, कञ्चनपुरका पूर्व अध्यक्ष वीरसिंह विष्टसमेतले आ.व. २०७१/७२ देखि २०७३/७४ सम्मको ३ वर्षे कार्यकालमा आर्थिक कारोबारको आयव्यय हिसाब प्रस्ट नराखी मनोमानी गरी रु.४ लाख रकम हिनामिना गरेको सम्बन्धमा राष्ट्रिय मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह, बेलौरी, कञ्चनपुरले स्थायी लेखा नम्बरमा दर्ता नगरेकाले स्थायी लेखा नम्बर लिन आयोगको मिति २०७८/१२/१७ को निर्णयानुसार आन्तरिक राजस्व विभागलाई सुझाव लेखी पठाइएको ।

१८.४ बाँके जिल्ला साबिक नरैनापुर गा.वि.स. वडा नं. १, २ र ४ मा अवस्थित सदाबहार सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष विजयजित सिंह र कोषाध्यक्ष गयाप्रसाद यादवसमेतले मिलोमतो गरी आ.व. २०६८/६९ मा समूहका उपभोक्ताहरूलाई काठ आपूर्ति नगरी विद्यमान कार्ययोजना विपरीत समूहभन्दा बाहिर काठ दाउरा लिलाम बिक्री गरी सो रकम होटल बास, खाजा, नास्ता,

बैठक भत्ता, पारिश्रमिक आदिमा बढी खर्च देखाई रकम पचाइएको भन्ने सम्बन्धमा उपभोक्ता समूहको लेखापरीक्षण गर्ने दर्तावाला लेखापरीक्षक तुलाराम कुर्मीले लेखापरीक्षण गरी प्रतिवेदन दिँदा सावधानी अपनाई यथार्थ विवरणसहितको प्रतिवेदन दिनुपर्नेमा त्यसतर्फ ध्यान दिएको नदेखिएकाले उक्त लेखापरीक्षकलाई लेखापरीक्षण गर्दा कानुनबमोजिम अपनाउनुपर्ने सावधानी अपनाउन आयोगको मिति २०७९/३/३ को निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थालाई लेखी पठाउने ।

१८.५ जिल्ला बारा, जितपुरसिमरा उपमहानगरपालिकाले पसाहा खोलाको खोलाजन्य सामग्री उत्खननका लागि तोकिएको ठेकेदार फर्म श्री ओम सप्लायर्स, कलैया उपमहानगरपालिका-६ बाराले आ.व. २०७६/७७ का लागि पसाहा खोलाको नदी/खोलाजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरणका लागि ठेक्का कबोल गरेको रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रकम राजस्व शीर्षक ३३३१७ मा बुझाएको भन्ने यस कार्यालयको अभिलेखमा नदेखिएको भनी आन्तरिक राजस्व कार्यालय, सिमरा, बाराको चलानी नम्बर १००७ मिति २०७९।२।१९ गतेको पत्रबाट खुल्न आएको हुँदा उक्त फर्मले मूल्य अभिवृद्धि कर तिरे नतिरेको र मूल्य अभिवृद्धि करको बिलसमेततर्फ आवश्यक अनुसन्धान एवं कारबाहीका लागि आयोगको मिति २०७९/३/३ को निर्णयानुसार राजस्व अनुसन्धान विभागमा लेखी पठाइएको ।

१९. अन्य

१९.१ निवेदक सुन्दर प्रसाद पुडासैनीले (लिलाम दर्ता दाखिल खारेज नामसारी मुद्दाका वादी) साबिक सिनामंगल ८ग कि.नं. १५ को कित्ताकाट भई कि.नं. १५७ क्षे.फ. १-१-१-० र कि.नं. १५८ क्षे.फ. १-६-१-० को जग्गा (हाल लिलाम सकार गरी लिने मिरा पुडासैनीको नाउँ दर्ता) सर्वोच्च अदालतको अन्तिम फैसलाअनुसार ६ भागमध्ये ४ भाग हामी वादीहरूको भएकाले आफ्नो नाउँमा नामसारी गर्न फुकुवा गरी पाऊँ भनी मिति २०७८।३।१४ मा निवेदन दिनुभएको । उक्त जग्गा यस आयोगको च.नं. १६६ मिति २०६०।८।९ बाट रोक्का भएको भनी मालपोत कार्यालय, डिल्लीबजारको च.नं. ९००८ मिति २०७८।३।२२ को पत्रबाट लेखी आएको। यी निवेदकसमेतको विरुद्धमा भ्रष्टाचारमा अनुसन्धान भएको वा भइरहेको वा यो प्रयोजनले रोक्का राखिएको भनी कतैबाट नदेखिएको र अदालतको फैसला कार्यान्वयनको क्रममा रहेको देखिँदा उक्त जग्गा रोक्का राखी राख्नुपर्ने आधार र कारण रहेको समेत नदेखिँदा अन्य निकायबाट रोक्का राख्नुपर्ने नभए यस आयोगबाट रोक्का भएको कि.नं. १५७ र १७८ को जग्गा आयोगको मिति २०७८।४।४ को निर्णयानुसार फुकुवा गर्न लेखी पठाइएको ।

१९.२ धादिङ जिल्ला साबिक भुमेस्थान गा.वि.स. वडा नं. ६, हाल परिवर्तित थाक्रे गाउँपालिका वडा नं. २ सिम्ले बस्ने भेषकुमारी थापा, ऐ. ऐ. बस्ने दुर्गाबहादुर थापा, ऐ. ऐ. बस्ने रामकुमार थापा, ऐ. ऐ. बस्ने कृष्णबहादुर थापा, ऐ. ऐ. बस्ने अम्बरबहादुर थापा र नवराज खड्कासमेतको नाममा रहेको धादिङ जिल्ला भुमेस्थान वडा नं. ६ का साबिक कि.नं १४०, १४१ र १४२ का जग्गा रोक्का राखिरहन पर्ने कारण नदेखिएकाले अन्य कुनै कारणले रोक्का राख्नुपर्ने भएमा बाहेक यस आयोगको मिति २०७५१।२३ च.नं.१२४६ को पत्रको कारणले रोक्का राखिएको साबिक कि.नं. १४०, १४१ र १४२ का जग्गा फुकुवा गर्न आयोगको मिति २०७८।६।११ को निर्णयानुसार सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइएको ।

१९.३ शिवराज बस्नेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी रमाकान्त अर्यालसमेत भएको भ्रष्टाचार (गैरकानुनी सम्पत्ति आर्जन) (०७५-CR-०३१) मुद्दामा मिति २०७६/२/१६ गते विशेष अदालत, काठमाडौँमा मुद्दा दायर गरिएकोमा उक्त अदालतको मिति २०७७/११/१९ गतेको फैसलाअनुसार उक्त मुद्दाबाट प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी फैसला भएको र उक्त फैसलाउपर श्री सर्वोच्च अदालत, काठमाडौँमा पुनरावेदन नगर्ने गरी आयोगबाट मिति २०७८/५/१० मा निर्णय भइसकेको हुँदा प्रस्तुत मुद्दा अनुसन्धानको क्रममा आयोगको च.नं. ८६९२ मिति २०७६/२/१३ को पत्रबाट प्रतिवादी रमाकान्त अर्यालको नाममा रहेको काठमाडौँ जिल्ला टोखा नगरपालिका-४ (साबिक धापासी गा.वि.स.३) स्थित कि.नं. ४२ को जग्गा र सोमा बनेको घर र प्रतिवादी सरिता नेपालको नाममा रहेको काठमाडौँ जिल्ला खड्का भद्रकाली गा.वि.स. ५ स्थित कि.नं. ३६३ को जग्गा रोक्का रहेको देखिँदा उक्त जग्गाहरू फुकुवा गरी पाऊँ भनी प्रतिवादी रमाकान्त अर्यालसमेतले यस आयोगमा दिएको निवेदनको दर्ता नं. L-७४८२ बमोजिम उक्त कि.नं.का जग्गाहरू अन्य मुद्दा र कारणले रोक्का राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३३(२) बमोजिम उक्त घरजग्गा फुकुवाका लागि आयोगको मिति २०७८।६।११ को निर्णयानुसार मालपोत कार्यालय टोखा सरस्वती काठमाडौँमा लेखी पठाइएको ।

१९.४ नेपाल प्रहरी सेवामा प्रहरी जवान पदमा सेवा प्रवेश गरी लगभग २४ वर्ष सेवा गरी मिति २०५९।१।३१ गतेदेखि लागू हुनेगरी प्रहरी निरीक्षक पदबाट राजीनामा दिई सेवा निवृत्त भई पेन्सन लिइरहेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रले पेन्सन रोक्का भएकोमा पेन्सन फुकुवा गरी पाऊँ भन्ने भू.पु. प्र.नि. महेन्द्रप्रसाद श्रेष्ठको उजुरीका सम्बन्धमा निज श्रेष्ठको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको हुनसक्ने आशंका रहे तापनि आरोपपत्र दायर गरिरहनुपर्ने अवस्था नरहेको हुँदा निजउपर मुद्दा दायर नगर्ने र हाललाई प्रस्तुत उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १९ को उपदफा १२ अनुसार तामेलीमा राख्ने, अनुसन्धानको क्रममा मिति २०७८।६।२० मा महेन्द्रप्रसाद श्रेष्ठले आयोगमा शैक्षिक प्रमाणपत्र धरौटीबापत रु.३०,०००।- दाखिला गरेको हुँदा सो रकम निजलाई नियमानुसार फिर्ता गर्ने र निजको रोक्का भएको पेन्सनसमेत फुकुवा गर्ने प्रयोजनका लागि श्री प्रहरी प्रधान कार्यालय, नक्सल लगायत अन्य सम्बन्धित निकायलाई आयोगको मिति २०७८।७।११ को निर्णयानुसार लेखी पठाइएको ।

१९.५ निवेदक बुद्धशरण मानन्धरले कलंकी वडा नं. ५(क) कि.नं. ९८६ को क्षे.फ. ०-४-० तथा वडा नं. १४ कि.नं. ६४ को क्षे.फ. ०,०१४०.४० जग्गा मेरा नाउमा दर्ता कायम रहेको छ । यस आयोगको च.नं. ४९ मिति २०७०।४।७ बाट रोक्का भएकाले फुकुवा गरी पाऊँ भन्ने निवेदनको सम्बन्धमा काठमाडौँ जिल्ला अदालतको मिति २०७५।१।१३ र उच्च अदालत, पाटनको मिति २०७६।३।१० को फैसलाअनुसार वादी तथा पुनरावेदकको फिराद दाबी नपुग्ने गरी फैसलासमेत भएको पाइन्छ । सो फैसलासमेतलाई आधार मान्दा निवेदकको जग्गा सम्बन्धमा भ्रष्टाचारमा अनुसन्धान भइरहेको नदेखिएको र जुन प्रयोजनका लागि रोक्का राखिएको हो सो प्रयोजनसमेत समाप्त भइसकेको देखिँदा जग्गा रोक्का राखिराख्नुपर्ने आधार र कारण नदेखिँदा अन्य अवस्था वा निकायबाट रोक्का राख्नु नपर्ने भए यस आयोगबाट च.नं. ४९ मिति

२०७०।४।७ को पत्रबाट रोक्का भएको जग्गा फुकुवा गरी आयोगको मिति २०७८।८।२ को निर्णयानुसार मालपोत कार्यालय, कलंकी र निवेदकलाई लेखी पठाइएको ।

१९.६ निवेदक हिरारत्न महर्जन, ज्ञानबहादुर राई र गणेश पुजन चौधरीले आफ्नो नाउँको जग्गा यस आयोगबाट रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी दिनुभएको निवेदन उपर छलफल हुँदा आयोगको मिति २०७८।८।२ को निर्णयानुसार देहायबमोजिम गर्ने निर्णय गरियो ।

१. हिरारत्न महर्जनले आफ्नो नाउँमा दर्ता भएको काठमाडौं महानगरपालिका वडा नं. १६ कि. नं. ७६२ क्षे. फ. ९८.०१ व.मि. र ऐ. ऐ. २०(च) कि.नं. ५२४ क्षे.फ. ०-४-२-० को जग्गा यस आयोगबाट रोक्का भएकाले फुकुवा गरी पाऊँ भनी निवेदन दिएको सम्बन्धमा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंको च.नं. २५७१ मिति २०७८।६।११ को पत्रानुसार यस आयोगवाट रोक्का नरहेको जानकारी प्राप्त भएकाले यसमा केही गरिरहनुपरेन ।

२. ज्ञानबहादुर राईले साबिक बत्तिसपुतली वडा नं. १ क कि.नं. १९४ कित्ताकाट भई कायम भएको कि.नं. २७६ को जग्गा यस आयोगको च.नं. १९७ मिति २०६७।५।६ को पत्रबाट रोक्का रहेको र सो जग्गाको मोही आफू भएकाले उक्त जग्गा फुकुवा गरी पाऊँ भनी दिएको निवेदन सम्बन्धमा मालपोत कार्यालय, काठमाडौंको च.नं. ५७९० मिति २०७८।१०।२६ को पत्रानुसार यस आयोगको निर्णय संख्या ३३० मिति २०७०।१०।०७ को निर्णयबाट काठमाडौं बत्तिसपुतली १(ख) कि.नं. १९४ को कि. का. नं. २७६ को ज्ञानबहादुर राईको नाउँको जग्गा दुष्परिणाम सच्याउन लेखी पठाएकोमा काठमाडौं जिल्ला अदालतबाट रोक्का भएकाले दुष्परिणाम नसच्चिएको भनी जवाफ प्राप्त भएको देखिँदा निवेदनमा केही गरी रहनुपर्ने अवस्था नदेखिएको ।

३. गणेश पुजन चौधरीले आफ्ना बुबा सुखराज चौधरीको नाउँमा दर्ता भएको जिल्ला कपिलवस्तु साबिक गा.वि.स. पुरुषोत्तमपुर वडा न. ५(ख) कि.नं. १०६, २८९ र ऐ. वडा नं. ६ कि.नं. ३६६ को जग्गा विशेष प्रहरी विभागबाट च.नं. ७२ मिति २०५०।६।२० बाट रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी दिएको निवेदन सम्बन्धमा यस आयोगको च.नं. २९ मिति २०७३।४।१२ को पत्रबाट रोक्का फुकुवा भएको भनी मालपोत कार्यालय, चन्द्रौटा, कपिलवस्तुको च.नं. ३२४८ मिति २०७७।१२।३० को पत्रबाट देखिँदा निवेदनउपर कारबाही गरिरहनुपर्ने अवस्था नदेखिएको ।

१९.७ निवेदक सरस्वती थापाले आफ्नो नाउदर्ताको का.म.न.पा. वडा नं. १५ कि.नं. १७८ को क्षेत्रफल १-२-०-० जग्गा यस आयोगवाट रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी दिनुभएको निवेदनका सम्बन्धमा निवेदकका पति शेरबहादुर थापासँग भ्रष्टाचार मुद्दामा अनुसन्धानको क्रममा मागिएको धरौट दिन नसकी निवेदक सरस्वती थापाको जग्गा जेथा जमानतको क्रममा रोक्का भएको देखियो । जेथा जमानी राख्ने शेरबहादुर थापालाई लागेको कैद र जरिवाना असुल भइसकेको र निजको मृत्युसमेत भइसकेको देखिएको हुँदा भ्रष्टाचार मुद्दामा बिगो भरी पाउने ठहरेको पीडित नेपाल बैंक लिमिटेडको बिगो अन्य प्रतिवादीबाट असुल हुन नसके शेरबहादुर थापासमेतको सम्पतिबाट असुल हुने भनी फैसलामा उल्लेख भएकाले प्रस्तुत जग्गासमेत काठमाडौं जिल्ला अदालत तहसिल शाखाबाट रोक्का भएको भनी नेपाल बैंक लिमिटेडको पत्रबाट देखिए तापनि उक्त जग्गा रोक्का राखिराख्नु पर्ने आधार र कारण रहेको नदेखिँदा अन्य कुनै अवस्था वा

मुद्दामा रोक्का राख्नु नपर्ने भए यस आयोगबाट च.न. ३४ मिति २०६०।४।१२ को पत्रबाट रोक्का भएको जग्गा आयोगको मिति २०७८।८।२ को निर्णयानुसार फुकुवा गरी मालपोत कार्यालय, कलंकी र निवेदकलाई जानकारी दिइएको ।

१९.८ निवेदक भाग्य नारायण सिंहले आफ्नो नाउँ दर्ताको साबिक मनरकट्टी गा.वि.स. वडा नं. ७ कि.नं. ६२ को क्षे.फ. ०-३-५ तथा ऐ. ऐ. कि.नं. २९ को ०-०-१७ को जग्गा यस आयोगबाट च.नं. २१५९ मिति २०६९।२।१६ को पत्रबाट रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी दिएको निवेदन उपर उक्त जग्गाका सम्बन्धमा यस आयोगमा भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान भएको वा भइरहेको भन्ने नदेखिएको, हदबन्दी सम्बन्धमा कारबाही गर्न सम्बन्धित निकायलाई जानकारी भई कारबाही भइरहेको भनी सम्बन्धित मालपोत कार्यालयबाट जवाफ प्राप्त भएको र हदबन्दीसम्बन्धी मुद्दाको अभावमा मालपोत कार्यालयले व्यक्तिको सम्पत्ति रोक्का नराख्नु भनी मालपोत कार्यालयलाई अदालतबाट परमादेश जारी भइरहेको हुँदा निवेदकको कि.नं. ६२ र २९ को जग्गा रोक्का राखी राख्नुपर्ने आधार र कारण नदेखिँदा अन्य अवस्था वा निकायबाट रोक्का राख्नुपर्नेमा बाहेक यस आयोगबाट च.नं. २१५९ मिति २०६९।२।१६ को पत्रबाट रोक्का भएको जग्गा आयोगको मिति २०७८।८।२ को निर्णयानुसार फुकुवा गरी मालपोत कार्यालय, महोत्तरी र निवेदकलाई जानकारी दिइएको ।

१९.९ निवेदक शिवकुमार विष्ठ, राधेश्याम चाचन, जग्गाधनीहरू सारदादेवी पौडेल र शेखर पौडेलको वारेस निवेदक अच्युतराज न्यौपाने, रत्नबहादुर विश्वकर्मासमेतले यस आयोग तथा साबिकको विशेष प्रहरी विभाग समेतबाट रोक्का रहेको जग्गा फुकुवा गरी पाउन दिनुभएको निवेदनका सम्बन्धमा आयोगको मिति २०७८।८।२ को निर्णयानुसार देहायबमोजिम लेखी पठाइएकोः-

१. निवेदक स्व. इन्द्रबहादुर विष्टको नाति स्व. नेत्रबहादुर विष्टको छोरा शिवकुमार विष्टले बाजे जग्गाधनी इन्द्रबहादुर विष्टको नाउँ दर्ताको (सूर्यविनायक ७ भक्तपुर) कि.नं. ३७८ को क्षे.फ.०-१०-३-० को जग्गा रोक्का भएकाले फुकुवा गरी पाऊँ भनी निवेदन दिएको सम्बन्धमा साबिकको विशेष प्रहरी विभागबाट रोक्का भएको भनी मालपोत कार्यालय, भक्तपुरबाट जवाफ प्राप्त भएको तथा सोही रोक्का पत्रबाट रोक्का भएका कि.नं. ३१७, ३४७, ३९२, ३९७ जग्गाहरू यस आयोगको निर्णय संख्या ४९७ मिति २०७८।१।२० को निर्णयबाट रोक्का फुकुवा भइसकेको देखिँदा कि.नं. ३७८ जग्गा रोक्का राखिराख्नुपर्ने आधार र कारण रहेको नदेखिँदा अन्य कुनै मुद्दा वा निकायबाट रोक्का राख्नु नपर्ने भए विशेष प्रहरी विभागको च.नं. ४५७ मिति २०२७।११।९ को पत्रबाट रोक्का रहेको जग्गा फुकुवा गरी सोको जानकारी मालपोत कार्यालय, भक्तपुर र निवेदकलाई दिने ।

२. निवेदक राधेश्याम चाचनले स्व. पत्नी उमादेवी चाचनको नाउँ दर्ताको जिल्ला पर्सा, वीरगन्ज महानगरपालिका वडा नं. ८ कि.नं. ५८ को क्षे.फ. ००११५.८० जग्गा यस आयोगबाट रोक्का रहेकाले फुकुवा गर्न निवेदन दिएकोमा कि.नं. ५८ को ऐलानी जग्गा नम्बरीमा दर्ता गरी भ्रष्टाचार गरेको भनी विशेष अदालतमा दायर गरेको मुद्दामा विशेष अदालतको मिति २०७१।८।२४ को फैसला उल्टी गर्दै स्वबासी भनी घरजग्गा बिक्री गर्ने र खरिद गर्ने व्यक्तिउपर अभियोग दाबी नरहेको समेत आधारमा अभियोग दाबीबाट तत्कालीन मालपोत कार्यालय, पर्साका कर्मचारी नेत्रबहादुर रावलसमेतका प्रतिवादीहरूले सफाइ पाउने ठहर्छ भनी

सर्वोच्च अदालतबाट मिति २०७६।६।७ मा फैसला भएको प्रतिलिपिबाट देखिन्छ । उक्त फैसलाउपर पुनरावलोकन नगर्ने भनी यस आयोगको निर्णय संख्या ५५१ मिति २०७६।१२।९ बाट निर्णय भएको देखिएको समेतका आधार प्रमाणबाट उक्त जग्गा रोक्का राखी राख्नुपर्ने नदेखिएकाले अन्य मुद्दा वा निकायबाट रोक्का राख्नुपर्ने नभए यस आयोगको च.नं. ३७८ मिति २०६३।८।८ को पत्रबाट रोक्का रहेको कि.नं. ५८ को जग्गा फुकुवा गरी सोको जानकारी मालपोत कार्यालय, पर्सा र निवेदकलाई समेत दिने ।

३. निवेदक वारेस अच्युतराज न्यौपानेले, (जग्गाधनीहरू सारदादेवी पौडेल र शेखर पौडेल) विराटनगर १९ बस्ने शारदा देवी पौडेलको कि.नं. २८, क्षे.फ.०-१-६-०, ऐ. ऐ. बस्ने शेखर पौडेलको नाउँको कि.नं. २९, को क्षे.फ.०-०-१३-२ जग्गा तत्कालीन अख्तियार दुरुपयोग निवारण आयोगबाट रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी निवेदन दिएको सम्बन्धमा भ्रष्टाचारमा कसुर ठहर भई शेखर पौडेललाई कैद सजाय हुँदा काठमाडौं जिल्ला अदालतको कैदी पुर्जीबाट असुल भइसकेको भन्ने देखिएको र रोक्का राखी राख्न आवश्यक नदेखिएकाले अन्य मुद्दा वा निकायबाट रोक्का राख्नुपर्ने नभए अख्तियार दुरुपयोग निवारण आयोगको च.नं. १३०१ मिति २०४८।१०।५ को पत्रबाट रोक्का रहेको जग्गा फुकुवा गरी सोको जानकारी मालपोत कार्यालय, विराटनगर र निवेदकलाई समेत दिने ।

४. रत्नबहादुर विश्वकर्मा, शम्शेरबहादुर विश्वकर्मा, रामबहादुर विश्वकर्मा, मैया विडारी, मुरली सुनार, काइला सुनार, काजीमान जिम्वा र शंकरलाल श्रेष्ठले यस आयोगबाट रोक्का रहेको हेटौंडा उ.म.न.पा. वडा नं. ११ को लालबहादुर सुनार कामीको नाउँ दर्ताको कि.नं. १०१ र ११४ को क्रमसः क्षे.फ. १-२-१०-० र ०-५-१-० जग्गा फुकुवा गरी पाऊँ भनी निवेदन दिएकोमा लालबहादुर सुनार कामीको नाउँ दर्ताको कि.नं. १०१ र ११४ को जग्गा निवेदक रत्नबहादुर विश्वकर्मासमेतका नाउँमा दा.खा. दर्ता गर्ने गरी मिति २०५६।३।१५ मा मकवानपुर जिल्ला अदालतमा मिलापत्र भएको, पुनरावेदन अदालत, हेटौंडाले मिति २०७०।२।८ मा परमादेशको आदेश जारी हुने फैसला गरेको समेत आधार प्रमाणबाट निवेदकको जग्गा रोक्का राखी राख्न आवश्यक नदेखिएकाले अन्य मुद्दा वा निकायबाट रोक्का राख्नुपर्ने नभए च.नं. ७३३ मिति २०६७।१।२ को पत्रबाट रोक्का रहेको जग्गा फुकुवा गरी सोको जानकारी मालपोत कार्यालय, हेटौंडा र निवेदकलाई समेत दिने ।

१९.१० महेन्द्रनगर कञ्चनपुरमा रहेकी मेरी श्रीमती सकुन्तला थापाको नाममा रहेको साबिक ऐरी ७ख कि.नं. ५६६ क्षेत्रफल ०-१-८-१/२ को घरजग्गा आयोगको कारणले रोक्का राखिएकाले फुकुवा गरी पाऊँ भन्ने सम्बन्धमा निवेदक उपर परेको निर्माण कार्यमा लेखापालहरूसँग मिली भ्रष्टाचार गरेको भन्ने उजुरीको अनुसन्धानको सम्बन्धमा निजकी श्रीमती सकुन्तला थापाको नाममा रहेको घरजग्गासमेत रोक्का राखेको देखिन आएको र उक्त उजुरी मिति २०६०/३।११ मै तामेली गइसकेको अवस्थामा निजकी श्रीमतीको घर जग्गा रोक्का राखिरहनुपर्ने नदेखिएकाले अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक यस आयोगको मिति २०५९/१२/२७ च.नं. २२४० को पत्रको कारणले रोक्का राखिएको कञ्चनपुर जिल्ला, साबिक ऐरी ७ ख कि.न ५६६ क्षेत्रफल ०-१-८-१/२ को जग्गा फुकुवा गर्न आयोगको

मिति २०७८।८।१३ को निर्णयानुसार भूमिसुधार तथा मालपोत कार्यालय, कञ्चनपुरलाई लेखी पठाइएको ।

१९.११ मानप्रसाद वि.क. र श्रीमती आइतमाली वि.क.को संयुक्त नाममा दर्ता कायम रहने गरी मिति २०७५।२।२१ मा खरिद गरेको ललितपुर जिल्ला ललितपुर ५/छ स्थित कि.नं. ६१८ को जम्मा क्षे.फ. १५३ व.मि. भएको जग्गा यस आयोगबाट अनुसन्धानको सिलसिलामा रोक्का रहेको देखिएको र प्रतिवादी उपरको अभियोगबाट प्रतिवादीले सफाइ पाउने ठहरी विशेष अदालतबाट फैसला भएको तथा सो फैसलाउपर आयोगबाट पुनरावेदन नगर्ने निर्णय भई विशेष अदालतको फैसला अन्तिम भएको देखिँदा अन्य अदालत, निकाय तथा कारणले रोक्का राख्नुपर्ने बाहेक यस आयोगको च.नं. ६७३६ मिति २०७५।१२।५ को पत्रबाट रोक्का रहेको मानप्रसाद वि.क. र आइतमाली वि.क.को संयुक्त नाम दर्ताको ललितपुर जिल्ला साबिक ललितपुर उ.म.न.पा. वडा नं. ५/छ स्थित कि.नं. ६१८ को जम्मा क्षे.फ. १५३ व.मि. भएको जग्गा कानुनबमोजिम फुकुवा गरी दिनु भनी आयोगको मिति २०७८।९।१ को निर्णयानुसार भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरलाई लेखी पठाइएको ।

१९.१२ जिल्ला नुवाकोट साबिक ककनी गा.वि.स. वडा नं. ६ कि.नं. १०३, १४४, १४५, २१२, २६८, २७१ र २७४ का दिलबहादुर लामाले जोतभोग गरी आएको पौवा गुठीका नाममा कायम जग्गाहरूमा मोही कायम गरेकाले गुठीको जग्गा यथास्थितिमा राखी पाऊँ भन्ने निवेदनका सम्बन्धमा प्रचलित कानुनविपरीत मोही कायम भई उल्लिखित जग्गाहरूको हकहस्तान्तरण समेत हुन सक्ने देखिएको हुँदा अनुसन्धान कार्य सम्पन्न नभएसम्म उल्लिखित कित्ता जग्गाहरू कुनै पनि व्यहोराले हकहस्तान्तरण हुन नपाउने गरी रोक्का गर्न आवश्यक देखिएकाले आयोगको च.नं. Div२-१४९४४ मिति २०७८।९।८ को पत्रमार्फत जिल्ला नुवाकोट साबिक ककनी गा.वि.स. वडा नं. ६ का उल्लिखित पौवा गुठीका नाममा दर्ता कायम रहेका जग्गाहरू अनुसन्धान कार्य समाप्त नभएसम्म कुनै पनि व्यहोराले हक हस्तान्तरण हुन नपाउने गरी रोक्का गर्न मालपोत कार्यालय, नुवाकोटलाई पत्राचारसमेत भइसकेको हुनाले उक्त पत्रसमेतलाई समर्थन गरी उल्लिखित कित्ता जग्गाहरू आयोगको मिति २०७८।९।१२ को निर्णयानुसार रोक्का गरिएको ।

१९.१३ सुकुम्बासी समस्या समाधान आयोग, २०६६ अन्तर्गतको मनशोभा पाण्डेको अध्यक्षतामा गठित सुकुम्बासी समस्या समाधान जिल्ला समिति, नवलपरासीले वितरण गरेका जग्गाहरूमा अनियमितता र भ्रष्टाचार भएको भनी यस आयोगमा परेका उजुरीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको आदेशको प्रभावकारी कार्यान्वयन गर्न, सम्बन्धित निकायको बुझाइमा एकरूपता कायम गर्न र सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति नवलपरासीका तत्कालीन अध्यक्ष मनशोभा पाण्डेको कार्यकालमा भएका जग्गा वितरणसम्बन्धी निर्णयद्वारा भएका कामकारबाहीका सम्बन्धमा उक्त जग्गाहरू सरकारी, सार्वजनिक, गुठी, वन क्षेत्र तथा बाटोको क्षेत्रभित्र पर्ने जग्गा अनधिकृत तथा गैरकानुनी रूपमा वितरण भएको अवस्थामा सर्वाधिकार निकायले आवश्यक कारबाही गर्न सक्ने नै हुँदा अन्य अदालत, निकाय तथा कारणले रोक्का राख्नुपर्ने बाहेक यस आयोगले मिति २०६९।९।८ को निर्णय र च.नं. १२० मिति २०६९।९।१९ को पत्रबाट रोक्का रहेका जग्गाहरू कानुनबमोजिम फुकुवा गरिदिन आयोगको

मिति २०७८।९।१९ को निर्णयानुसार भूमिसुधार तथा मालपोत कार्यालय, नवलपरासी बर्दघाट सुस्ता पश्चिमलाई लेखी पठाइएको।

१९.१४ का.जि. साबिक धापासी गा.वि.स. वडा नं. ८क कि.नं. ४७ र ४८ का साबिक पर्ती जनिएका सार्वजनिक जग्गाहरू हाल सिट नं. १०२-०९४५-१९ कि.नं. ६५,६६ समेतका व्यक्ति विशेषको जग्गामा घुसाई दर्ता तथा अतिक्रमण गरी आफ्नो घर कम्पाउण्डमा घुसाएको भन्ने उजुरीका सम्बन्धमा भूमिसुधार तथा व्यवस्थापन विभाग बबरमहल, नापी कार्यालय टोखा र चाबहिलबाट प्राप्त पत्र तथा पत्रसाथ संलग्न उक्त कित्ताहरूको ओभरल्याप नक्सा तथा विवरण कागजातहरू साबिक नापीका समयमा फिल्डबुकमा पर्ती कायम रहेको कि.नं. ४७ र ४८ का केही भाग क्षेत्रफल घुसाई व्यक्ति विशेषको नाममा हाल सिट नं. १०२-०९४५-१९ कि.नं. ६६, १८३, २२, १२३, १२४, १८५, १८६ (कि.नं.१८६ कि.का. भई बनेको २६२, २६३) मा हालसाबिक हुन गएको देखिएको हुँदा र उक्त विषय आयोगमा अनुसन्धानकै क्रममा रहेकाले उल्लिखित जग्गाहरू कुनै पनि तवरबाट हक हस्तान्तरण नहुने गरी रोक्का राख्न मालपोत कार्यालय, टोखा, सरस्वतीलाई तथा उक्त कित्ताहरू हालसाबिक तथा कित्ताकाट नगर्न नापी कार्यालय टोखालाई साथै उक्त कित्ता जग्गामा कुनै पनि प्रकृतिको भौतिक संरचना निर्माण हुन नपाउने व्यवस्था मिलाउन आयोगको मिति २०७८/९/२६ को निर्णयानुसार सम्बन्धित नगरपालिकालाई लेखी पठाइएको।

१९.१५ यस आयोगबाट रोक्का रहेका जग्गाहरू फुकुवा गरी पाऊँ भनी रजनी चालिसे, पदमसिंह राना, गजबहादुर थारु, रामबहादुर के.सी.समेतले निवेदन दिनुभएकोमा आयोगको मिति २०७८/१०/१३ को निर्णयानुसार देहायबमोजिम गरिएको ।

१. रजनी चालिसेले आफ्नो नाउँ दर्ताको जिल्ला मकवानपुर गा.वि.स. रातमाटे वडा नं. ३ कि.नं. २०३ को क्षेत्रफल ०-१०-०-० को जग्गा रोक्का सम्बन्धमा मालपोत कार्यालय, हेटौंडाको च.नं. २४४८ मिति २०६२/१२/१८ को पत्रानुसार सो कार्यालयको मिति २०६२/१२/१७ को निर्णयानुसार उक्त कि.नं. २०३ को व्यक्तिको नाउँको लगत कट्टा गरी श्री ५ को सरकारको नाउँमा श्रेस्ता कायम गरिएको भनी जवाफ प्राप्त भएकाले निवेदकलाई सोही व्यहोराको जानकारी दिइएको ।

२. पदमसिंह रानासमेतले आफूहरूको नाउँ दर्ताको जिल्ला नवलपरासी गैंडाकोट नगरपालिकाअन्तर्गतका कि.नं. ३, १५२, २३४, २३३, २५३, १५६ समेतका जग्गाहरू रोक्का सम्बन्धमा उक्त जग्गाहरू सुकुम्बासी समस्या समाधान आयोग नवलपरासी २०६६ का तत्कालीन अध्यक्ष मनशोभा पाण्डेको नेतृत्वमा वितरण भएका घर जग्गाहरू भएकोमा यस आयोगको निर्णय संख्या २२० मिति २०७८/७/८ को निर्णयानुसार च.नं. ११९ मिति २०६९/९/१९ को पत्रबाट रोक्का रहेका सम्पूर्ण जग्गाहरू फुकुवा गरिदिन च.नं. ९८८६ मिति २०७८/७/१५ बाट सम्बन्धित मालपोत कार्यालयलाई पत्राचार भइसकेको ।

३. गजबहादुर थारुले आफ्नो नाउँ दर्ताको जिल्ला बर्दिया राजपुर नगरपालिका वडा नं. ३ को कि.नं. ८४ क्षेत्रफल १-९-० को जग्गा रोक्का सम्बन्धमा मालपोत कार्यालय, बर्दियाको च.नं. १७० मिति २०७८/४/३२ को पत्रानुसार रोक्का नदेखिएको र जग्गाको श्रेस्तामा

पर्ती उल्लेख भएको भनी जवाफ प्राप्त भएको देखिँदा पर्ती जग्गा सरकारी रहेकाले निवेदकलाई सोही व्यहोराको जानकारी गराइएको ।

४. रामबहादुर के.सी.ले आफ्नो नाउँ दर्ताको जिल्ला बाँके कचनापुर गा.वि.स. वडा नं. ५ को कि.नं. ५(क) १६४ को क्षेत्रफल ०-८-१९ जग्गा विशेष प्रहरी विभागबाट २०५१ सालमा नै रोक्का रहेकाले फुकुवा गरी पाऊँ भनी निवेदन दिएको सम्बन्धमा मालपोत कार्यालय, बाँके, नेपालगन्जको च.नं. २८८१० मिति २०७८/१/५ को पत्रानुसार उक्त जग्गा यस आयोगबाट रोक्का नरहेको भनी जवाफ प्राप्त भएकाले निवेदकलाई जानकारी दिइएको ।

१९.१६ निवेदक जितेन्द्रराज शाक्यले आरोपपत्रमा जफतको लागि मागदाबी नै नलिएको बैंक खातासमेत रोक्का हुँदा मलाई जीवनयापन गर्न कठिन भएको हुनाले मेरो नाउँको एभरेष्ट बैंक ग्वार्को शाखाको बचत खाता नं. ०३३००५१६२०००४७ फुकुवा गरी पाऊँ भनी यस आयोगसमक्ष निवेदन दिएको सम्बन्धमा आरोपपत्रमा मागदाबी नलिइएको तर आयोगको कारणले रोक्का रहेको निज जितेन्द्रराज शाक्यको नाउँको एभरेष्ट बैंकको ग्वार्को शाखाको उक्त खाता अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक यस आयोगको मिति २०७७/३/१६, च.नं. Div२-२२७०२ को पत्रबाट रोक्का रहेको खाता फुकुवा गरिदिन आयोगको मिति २०७८/१०/१३ को निर्णयानुसार एभरेष्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, लाजिम्पाटमा लेखी पठाइएको ।

१९.१७ शरणकुमार श्रेष्ठले आफ्नो नाउँ दर्ताको जिल्ला इलाम साबिक फिक्कल गा.वि.स. वडा नं. २ हाल सूर्योदय नगरपालिका वडा नं. ८ मा अवस्थित कित्ता नम्बर १४७ को क्षेत्रफल १४-१५-३-३ जग्गा मिति २०४१/३/६ देखि रोक्का रहेको हुँदा आफ्नो कमजोर स्वास्थ्य र बिना प्रयोजन रोक्का राखिएकाले फुकुवा गरी पऊँ भनी निवेदन दिएको सम्बन्धमा रोक्का राख्ने विशेष प्रहरी विभाग हाल अस्तित्व नरहेको हुँदा उक्त निकायले गर्ने काम हाल यस आयोगले गर्दै आएको, रोक्का पत्र र निर्णय मिसिल फेला नपरेको वा रेकर्ड नदेखिएको, हाल अपराध अनुसन्धान भइरहेको वा मुद्दा चलेको अवस्थासमेत नपाइएको हुँदा रोक्का राखिराख्नुपर्ने अन्य आधार र कारण रहेको नदेखिएकाले अन्य निकायबाट रोक्का राख्नुपर्ने नभए साबिकको विशेष प्रहरी विभागको च.नं. १५५१ मिति २०३६/१/१६ र २०४१/३/६ बाट भएको कि.नं. १४७ को जग्गा फुकुवा गरी निवेदकसमेतलाई जानकारी गराइएको ।

१९.१८ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७५/३/७ को पत्रबाट मेरो पेन्सन रोक्का भएकाले आफ्नो र परिवारको भरणपोषणका लागि समस्या पर्न आएकाले मैले खाइपाई रहेको पेन्सन सुविधा अविलम्ब फुकुवा गरी पाउन भनी विष्णुकान्त मिश्रले आयोगसमक्ष निवेदन दिएकोमा जिल्ला वन कार्यालय, रसुवाका तत्कालीन जिल्ला वन अधिकृत विष्णुकान्त मिश्रउपर आयोगबाट मिति २०७८/११/४ मा विशेष अदालतमा घुस रिसवत मुद्दाको आरोपपत्र दायर भइसकेको देखिएको र अदालतमा विचाराधीन मुद्दाको फैसला भएको बखत निवेदकले प्राप्त गर्ने पेन्सन सम्बन्धमा कानुनबमोजिम हुने नै हुँदा कर्मचारीको पेन्सन सुविधा रोक्का राखी राख्न मनासिब नदेखिएकाले यस आयोगको च.नं. १७५६ मिति २०७५/३/७ को पत्रबाट निज विष्णुकान्त मिश्रको रोक्का पेन्सन कानुनबमोजिम फुकुवा गरिदिन आयोगको मिति २०७८/११/१०को निर्णयानुसार श्री निवृत्तभरण व्यवस्थापन कार्यालयलाई लेखी पठाइएको ।

१९.१९ निवेदक सुरेश अधिकारीले मेरो माछापुछ्रे बैंक इटहरी शाखामा रहेको बैंक खाता आयोगबाट रोक्का रहेको हुँदा उक्त खाता फुकुवा गरी पाउँ भनी निवेदन दिएकोमा निवेदकले रोक्का फुकुवाका लागि माग गरेको उल्लिखित माछापुच्छ्रे बैंकको खाताको रकम आयोगले विशेष अदालतमा दायर गरेको आरोपपत्रबमोजिम जफत हुन मागदाबी लिएकाले उक्त मुद्दा अदालतबाट फैसला हुँदाका बखत कानुनबमोजिम हुने नै हुँदा हाल फुकुवातर्फ कारबाही गर्नुपर्ने अवस्था नदेखिएकाले आयोगको मिति २०७८/११/३० को निर्णयानुसार सो निर्णयको जानकारी निवेदकलाई दिइएको ।

१९.२० निवेदक काशीप्रसाद गुप्ताले मेरो लगायत मेरो परिवार र आफन्तसमेतको नाममा रहेको चलअचल सम्पत्ति आयोगबाट रोक्का रहेको हुँदा उक्त सम्पत्ति फुकुवा गरी पाउन निवेदन दिएकोमा रोक्का फुकुवाका लागि माग गरेको उल्लिखित सम्पत्ति विवरण आयोगले काशीप्रसाद गुप्तासमेत उपर विशेष अदालतमा दायर गरेको गैरकानुनी सम्पत्ति आर्जन मुद्दाको आरोपपत्रमा जफत हुन मागदाबी लिएकाले उक्त मुद्दा अदालतबाट फैसला हुँदाका बखत कानुनबमोजिम हुने नै हुँदा हाल फुकुवातर्फ कारबाही गर्नुपर्ने अवस्था नदेखिएको हुँदा आयोगको मिति २०७८/११/३० को निर्णयानुसार सो निर्णयको जानकारी निवेदकलाई दिइएको ।

१९.२१ का.जि. गोंगबु गा.वि.स. वडा नं. ७ मा रहेको कित्ता नं. ९३५ को जग्गा र सो जग्गामा बनेको घर यस आयोगबाट अनुसन्धानको सिलसिलामा रोक्का राखिएको सम्बन्धमा यस आयोग बाहेक अन्य निकायबाट रोक्का राखिएको भए सोहीबमोजिम हुने गरी यस आयोगबाट च.नं. ३१० मिति २०६६/७/१४ को पत्रबाट उक्त जग्गा रोक्का फुकुवा गर्न आयोगको मिति २०७८/१२/१० को निर्णयानुसार भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाइएको ।

१९.२२ जिल्ला डडेल्धुरा, परशुराम नगरपालिका वडा नं. ९ को वडा अध्यक्षमा वादी नेपाल सरकारविरुद्ध प्रतिवादी विजयराज पौडेलसमेत भएको भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका देवबहादुर बोहरा निर्वाचित भएको सन्दर्भमा तत्कालीन तालखोला चौतारी सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिका सचिव देवबहादुर बोहराको हकमा निजविरुद्धको माथि उल्लिखित मुद्दा अन्तिम किनारा नभएसम्म स्वतः निलम्बनमा रहने भन्ने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ मा प्रस्ट व्यवस्था रहेको हुँदा सोबमोजिम कार्यान्वयन गर्न गराउन आयोगको मिति २०७८/३/१६ को निर्णयानुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, निर्वाचन आयोग, कान्तिपथ र सम्बन्धित स्थानीय तह (परशुराम नगरपालिका) मा लेखी पठाइएको ।

१९.२३ यस आयोगबाट विभिन्न मितिमा भ्रष्टाचारको अभियोगपत्र विशेष अदालतमा दर्ता गरेका देहायका व्यक्तिहरू स्थानीय तहको निर्वाचन २०७९ मा विभिन्न ओहोदामा निर्वाचित भएको देखिँदा निजहरूविरुद्धको मुद्दा अन्तिम किनारा नभएसम्म स्वतः निलम्बनमा रहने हुँदा सोबमोजिम कार्यान्वयन गर्न गराउन आयोगको मिति २०७९/२/२३ र मिति २०७९/२/३० को निर्णयानुसार आरोपपत्रको प्रतिलिपिसहित संघीय मामिला मन्त्रालय तथा सामान्य प्रशासन मन्त्रालय, निर्वाचन आयोग र सम्बन्धित स्थानीय तहमा लेखी पठाइएको ।

सि.नं.	निर्वाचित पदाधिकारीको नाम	निर्वाचित पद तथा स्थानीय तह	अभियोग कसुर
१.	श्री देवीदत्त उपाध्याय	अध्यक्ष, मोहन्याल गाउँपालिका, कैलाली ।	सार्वजनिक सम्पत्ति हानि नोक्सानी, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ।
२.	श्री नन्दराम गिरी	वडाध्यक्ष, मोहन्याल गाउँपालिका - ३ कैलाली ।	सार्वजनिक सम्पत्ति हानि नोक्सानी, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ।
३.	श्री सुरतबहादुर रावल	वडाध्यक्ष, पंचदेवल विनायक नगरपालिका, - ७ अछाम ।	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) ।
४.	श्री हरिराम भण्डारी	वडाध्यक्ष, विदुर नगरपालिका - ९ नुवाकोट ।	विद्यालयको रकम हिनामिना गरेको, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ।
५.	श्री रामदुलार साह	वडाअध्यक्ष, ईश्वरपुर नगरपालिका - ११ सर्लाही ।	घुस/रिसवत लिएको, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) ।
६.	श्री उमेश राय	वडासदस्य, ईश्वरपुर नगरपालिका - ११ सर्लाही ।	घुस/रिसवत लिएको, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) ।

१९.२४ त्रिभुवन विश्वविद्यालय वनस्पतिशास्त्र केन्द्रीय विभागमा कार्यरत (हाल सेवा निवृत्त) प्रा.डा. कृष्णकुमार श्रेष्ठले ग्लोबल आइ.एम.ई. बैंक कीर्तिपुर शाखामा रहेको ०५०७०१०००२०८८ को खाता नं. रोक्का राखिएकाले फुकुवा गरी पाऊँ भनी निवेदन दिएको सम्बन्धमा निवेदकले फुकुवा माग गरेको खातामा रकम जम्मा गरेको नदेखिएको भनी आयोगले गरेको निर्णय व्यहोरामै उल्लेख गरेको, फुकुवा माग गरिएको खाता रोक्का राखिएको सम्बन्धी उजुरीको अनुसन्धान सम्पन्न भई उक्त उजुरी तामेलीमा राख्ने भनी निर्णय भइसकेको अवस्थामा निजको बैंक खाता रोक्का राखिरहनुपर्ने कारण नदेखिएकाले, अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक यस आयोगको मिति २०७१/१२/१५ को पत्र व्यहोराबाट ग्लोबल आइ.एम.ई. बैंक कीर्तिपुर शाखामा कृष्णकुमार श्रेष्ठको नाममा रहेको खाता नं. ०५०७०१०००२०८८ फुकुवा गरिदिनका लागि आयोगको मिति २०७८/१२/२१ को निर्णयानुसार ग्लोबल आइ.एम.ई. बैंक लिमिटेड, कीर्तिपुर शाखा, काठमाडौंमा लेखी पठाइएको ।

१९.२५ तत्कालीन महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको अरबौं मूल्य बराबरको जग्गा गैरकानुनी तवरले लिज तथा बिक्री गरी सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना गरी भ्रष्टाचार गरेको सम्बन्धमा आयोगबाट मुद्दा दायर भएको र तत्कालीन महेन्द्रनगर नगर विकास समितिको स्वामित्वमा रहेको जिल्ला कञ्चनपर, भीमदत्त न.पा. वडा नं.१८ कि.नं. ५६१ नगर विकास ऐन/निर्देशिकाबमोजिम लिलाम बढाबढको प्रक्रियाबाट व्यक्ति विशेषका नाममा कायम भएको देखिन आएकाले कि.नं. ५६१ कित्ताकाट भई कायम भएका कित्ता तथा उक्त कित्ताकाट भई कायम भएका कित्तामध्ये पुनः कित्ताकाट भएका कित्ता आयोगको च.नं. ३७६१ मिति २०७५/९/१२ को पत्रद्वारा रोक्का राखिएको हकमा मात्र हाललाई फुकुवाका लागि भूमिसुधार तथा मालपोत कार्यालय कन्चनपुरलाई पत्राचार गरिएको, त्यसैगरी साबिकको महेन्द्रनगर नगर विकास समितिको कित्ता नं. ४१२७ को क्षेत्रफल १५X२५ वर्गफुटको जग्गा अनुसन्धानको

क्रममा हाललाई रोक्का राखिरहन उचित नदेखिएकाले सो जग्गासमेत फुकुवाका लागि आयोगको मिति २०७८/१२/२१ को निर्णयानुसार भूमिसुधार तथा मालपोत कार्यालय, कञ्चनपुरलाई लेखी पठाइएको ।

१९.२६ मोरङ जिल्ला विराटनगर म.न.पा. साबिक वडा नं. ६ कित्ता नं. १९३,१९४ र २३७ तथा उक्त कित्ताकाट कित्ता बदर भई नयाँ कित्ता कायम भएको हाल साबिकसमेत भइसकेका सम्पूर्ण जग्गाहरू जुन उजुरीको सन्दर्भमा यस आयोगबाट रोक्का राखिएको थियो उक्त उजुरी पुष्टि हुने आधार नदेखिएको भनी उजुरी तामेलीमा राख्ने निर्णय भइसकेको अवस्थामा जग्गा रोक्का राखिरहनुपर्ने कारण नदेखिएको साथै सर्वोच्च अदालतमा रिट विचाराधीन रहेको भए तापनि आयोगले रोक्का राखेको जग्गा आयोगबाटै फुकुवा गर्नुपर्ने भएकाले अन्य कारणले रोक्का राख्नुपर्नेमा बाहेक यस आयोगको च.नं. १४७१, मिति २०७५/१२/२१ को पत्रबाट रोक्का राखिएका उल्लिखित कित्ताका जग्गाहरू फुकुवा गरिदिन आयोगको मिति २०७९/२/१० को निर्णयानुसार भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङलाई लेखी पठाइएको ।

१९.२७ काठमाडौं जिल्ला साबिक इन्द्रायणी गा.वि.स. वडा नं. ४ हाल शंखरापुर न.पा. वडा नं. १४ मा पर्ने पर्ती बगर जग्गा र भक्तपुर जिल्लामा पर्ने खोलाको बगरसहित ३५ रोपनी जग्गा भू-माफियासँगको मिलेमतोमा व्यक्तिका नाममा दर्ता गरेकाले छानबिन गरी कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा इन्द्रायणी गा.वि.स. वडा नं. ४ कि.नं. ११४, ११५, ११६, ११७ र ११८ र सोबाट कित्ताकाट भई कायम भएका सम्पूर्ण कित्ताका जग्गाहरू रोक्का नराखेको खण्डमा बिक्री वितरण हुनुका साथै थप कित्ताकाट हुन सक्ने अवस्था देखिएकाले उक्त जग्गाहरू कुनै पनि तवरबाट हक हस्तान्तरण नहुने गरी रोक्का राख्न मालपोत कार्यालय र नापी कार्यालय साँखुलाई उक्त कित्ताहरू हालसाबिक तथा कित्ताकाट नगर्न साथै उक्त कित्ताका जग्गामा कुनै पनि प्रकृतिको भौतिक संरचना निर्माण हुन नपाउने व्यवस्था मिलाउन आयोगको मिति २०७९/२/१० को निर्णयानुसार सम्बन्धित नगरपालिकालाई पत्राचार गरिएको ।

१९.२८ राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०७७/७८) बमोजिम सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेको व्यक्तिको सम्बन्धमा छलफल गरी आयोगको मिति २०७९/२/१९ को निर्णयानुसार देहायबमोजिम आवश्यक कारबाहीका लागि लेखी पठाइएको ।

१. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त आ.व. २०७७/७८ को सम्पत्ति विवरण अनुगमन प्रतिवेदनमा उल्लेख भएका संघीय तहका निजामती कर्मचारी २४८४ जना, नेपाल प्रहरी ३० जना, शिक्षक ५०१६ जना तथा अन्य (राजनीतिक नियुक्ति र करारतर्फ) २२६७ जना पदाधिकारी/कर्मचारीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित आयोग/ मन्त्रालय/ सचिवालय/ केन्द्रीय निकायहरूमा लेखी पठाउने ।

२. राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त विवरणअनुसार सम्पत्ति विवरण नबुझाउने प्रदेश तह (प्रदेश प्रमुखको कार्यालय, प्रदेश सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश

मन्त्रालयहरू) का सार्वजनिक पद धारण गरेका स्थायी, अस्थायी, राजनीतिक नियुक्ति, विकास समिति, करार, ज्यालादारी व्यक्तिहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा २ बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा पठाउन सम्बन्धित प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयहरूलाई लेखी पठाउने ।

३. तोकिएको समयावधिभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने सातै प्रदेशका मन्त्रालयहरू र अन्तर्गतका निकायका स्थायी, अस्थायी, राजनीतिक नियुक्ति, विकास समिति, करार, ज्यालादारी आदिमा कार्यरत पदाधिकारी/कर्मचारीहरूको सम्पत्ति विवरणसम्बन्धी तथ्यांक प्रविष्टिका लागि लगइन गरी तथ्यांक अपूर्ण रूपमा प्रविष्टि गरेको/गराएको वा प्रविष्टि नै नगरेको र नौ वटा स्थानीय तहले नाम, पद र कार्यरत निकाय आदिमा संकेत मात्र राखी खाली विवरण प्रविष्टि गरेको देखिएकाले ती निकाय/ तहका सार्वजनिक पद धारण गरेका पदाधिकारी/ कर्मचारीहरूलाई सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी/ कर्मचारीहरूको विवरण समयभित्रै उपलब्ध गराउने कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ भन्ने मिति २०७५/३/२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम सम्बन्धित निकाय र तहका प्रमुखलाई जिम्मेवार बनाउन सबै प्रदेशका प्रमुख सचिवहरूलाई लेखी पठाउने ।

४. राष्ट्रिय सतर्कता केन्द्रको विवरणअनुसार सबै प्रदेशका स्थानीय तहका ५,०३७ जना र जिल्ला समन्वय समितिका १ जना गरी जम्मा ५,०३८ जना सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३१ (क) को उपदफा (२) बमोजिम जनही रु.५,०००।- जरिवाना गरी तोकिएको निकायमा ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी बैंक भौचरसहित आयोगमा पठाउन सम्बन्धित स्थानीय तहहरूमा लेखी पठाउने।

५. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११० र मिति २०७५/३/२० को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम आर्थिक वर्ष सुरु भएको ९० दिनभित्र सम्बन्धित स्थानीय तहले निर्धारित समयमा सम्पत्ति विवरण बुझाएका व्यक्तिहरूको बन्दी खामसहित सम्पत्ति विवरण बुझाए/नबुझाएको तथ्यांक सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिसद्को कार्यालयमा पठाउने कानुनी व्यवस्थाको पालना नगर्ने सातै प्रदेशका १५२ वटा स्थानीय तहहरूका प्रमुखहरूलाई जिम्मेवार हुन लेखी पठाउने ।

६. जिल्लास्थित संघ, प्रदेश र स्थानीय तहअन्तर्गतका कार्यालयहरूमा कार्यरत पदाधिकारी/ कर्मचारीहरूले आ.व. २०७६/७७ र २०७७/७८ को सम्पत्ति विवरण तोकिएको समयमा बुझाए/ नबुझाएको र नबुझाएकाहरूले रु.५,०००।- जरिवाना तोकिएको सरकारी कारोबार गर्ने बैंकमा दाखिला गरे/नगरेको तथा ३० दिनभित्र सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा पेस गरे/नगरेको सम्बन्धमा जिल्लास्थित सबै कार्यालयका प्रमुखलाई

कार्यालय प्रमुखको बैठकमा जानकारी गराउने भनी ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई लेखी पठाउने ।

७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अस्थायी, विकास, ज्यालादारी आदिमा कार्यरत कर्मचारीहरूको सम्पत्ति विवरणसम्बन्धी तथ्यांक अपूर्ण रूपमा प्रविष्टि गरे गराएको/प्रविष्टि नै नगरे/नगराएको देखिएकाले सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी/कर्मचारीहरूको विवरण समयमै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुने भएकाले सो मन्त्रालयका सचिवलाई आवश्यक कार्यान्वयनका लागि लेखी पठाउने ।

८. राष्ट्रिय सतर्कता केन्द्रले पेस गरेको वार्षिक अनुगमन प्रतिवेदनमा मृत्यु भएका र सेवा निवृत्त भइसकेका पदाधिकारी/कर्मचारीहरूको समेत नामावली आउने गरेको पाइएकाले प्रतिवेदनको शुद्धताका लागि प्रतिवेदन पेस गर्नु पहिले सम्बन्धित किताबखानाबाट भेरिफाई गरेर मात्र प्रतिवेदन पेस गर्न र हाल आर्थिक वर्ष सुरु भएको ६० दिनभित्रको सम्पत्ति विवरणको मात्र अनुगमन गरी प्रतिवेदन दिने गरेकाले देहायका ५ अवस्थामा समेत सम्पत्ति विवरण भरे/नभरेको अनुगमन गरी सोको वार्षिक प्रतिवेदन आयोगमा पेस गर्न केन्द्रलाई सुझाव लेखी पठाउने ।

(क) आर्थिक वर्ष सुरु भएको ६० दिनभित्रको सम्पत्ति विवरण,

(ख) पाँच हजार जरिवानापछि पेस हुने सम्पत्ति विवरण,

(ग) नयाँ नियुक्तिको ६० दिनभित्रमा पेस गर्नुपर्ने सम्पत्ति विवरण,

(घ) अवकाशको ६० दिनभित्र पेस गर्नुपर्ने सम्पत्ति विवरण,

(ङ) स्थानीय तहले आ.व. सुरु भएको ९० दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने सम्पत्ति विवरण ।

९. राष्ट्रिय किताबखाना (निजामती, प्रहरी र शिक्षक) ले आफ्नो अभिलेखमा रहेका राष्ट्रसेवकहरूले तोकिएको समयमा सम्पत्ति विवरण नबुझाएको विवरण आयोगबाट प्राप्त भएपछि आ-आफ्नो अभिलेखमा रुजु गरी रु.५,०००।- जरिवाना दाखिला गर्न र ३० दिनभित्र सम्पत्ति विवरण भरी सम्बन्धित निकायमा अनिवार्यरूपमा पेस गर्नु हुन भनी किताबखानामा अभिलेख रहने निकायहरूमा पत्राचार गर्नका लागि राष्ट्रिय किताबखाना र सैनिक अभिलेखालयमा लेखी पठाउने ।

१०. तोकिएको अवधिभित्र सम्पत्ति विवरण फाराम नभर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा २ बमोजिमको जरिवाना संघीय राजस्व खाता नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंहरूमा दाखिला गराउनका लागि सम्बन्धित निकायहरूलाई पत्राचार गर्ने र ती निकायहरूले पत्र प्राप्त भएको मितिले ३० दिनभित्र सम्पत्ति विवरण पेस गर्ने/गराउने व्यवस्था गरी सोको एकमुष्ट जानकारीसमेत आयोगमा पठाउन सम्बन्धित निकायलाई लेखी पठाउने । सो जरिवाना रकम आयोगको कार्यालय कोड खुलाई संघीय राजस्व खाता नं.

१४३१२ मा दाखिला हुने व्यवस्थाका लागि मातहतका कोष तथा लेखा नियन्त्रक कार्यालय र सरकारी कारोबार गर्ने बैंकहरूमा पत्राचार गर्न महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकलाई लेखी पठाउने ।

११. विगत आर्थिक वर्ष २०७६/७७ मा तोकिएको समयमा सम्पत्ति विवरण नबुझाउने पदाधिकारी/कर्मचारीहरूले रु.५,०००।- जरिवाना दाखिला गरे/ नगरेको र ३० दिनभित्र सम्पत्ति विवरण सम्बन्धित निकायमा पेस गरे/ नगरेको यकिन गरी जरिवाना र सम्पत्ति विवरण बुझाएका र नबुझाएका पदाधिकारी/कर्मचारीहरूको विवरण उपलब्ध गराउन सम्बन्धित आयोग/ मन्त्रालय/ सचिवालय/ केन्द्रीय निकायहरू/ सम्बन्धित प्रदेश प्रमुखको कार्यालय/प्रदेशसभा सचिवालय/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश मन्त्रालयहरू र राष्ट्रिय सतर्कता केन्द्रलाई लेखी पठाउने ।

१२. सम्पत्ति विवरण बुझाउन तोकिएको समयभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण पेस गरेको तर सम्बन्धित निकायको लापरबाही, हेलचेक्र्याई, भुल वा अन्य प्राविधिक कारणबाट तोकिएको समयभित्र किताबखाना वा राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयरमा वा सम्बन्धित निकायहरूमा प्राप्त हुन नसकेका पदाधिकारी/कर्मचारीहरूले समयमै सम्बन्धित निकायमा सम्पत्ति विवरण पेस गरेको प्रमाण भएमा सोही प्रमाणसहित आयोगमा जानकारी गराए पुग्ने।

२.१० तामेली

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. ०७८/७९ मा विस्तृत अनुसन्धानपश्चात गैरकानुनी सम्पत्ति आर्जनतर्फका उजुरी ४२ र अन्य देहायबमोजिमका ५९५ गरी जम्मा ६३७ उजुरीहरू अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणका आधारमा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर हुन नसक्ने देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) तथा नियमावली, २०५९ को नियम १० बमोजिम तामेलीमा राखिएको छ ।

तालिका २.१९

अनुसन्धानपश्चात तामेलीमा राखिएका फाइलहरू

सि.न.	उजुरीको व्यहोरा	निर्णय मिति
१.	जिल्ला बैतडी, पाटन नगरपालिकाको श्री सरस्वती केदार प्राथमिक विद्यालयका प्रधानाध्यापक शिक्षिका विना वि.क.ले विद्यालयको अडिट र सामाजिक लेखापरीक्षण नगराएको, एउटै शिक्षिकालाई नगर शिक्षक र कार्यालय सहयोगीको तलब खुवाएको भन्नेसमेत।	२०७८।४।४
२.	आनन्द माध्यमिक विद्यालय दैलेखका प्र.अ. तपेन्द्रबहादुर शाही र नि.प्र.अ. चीनबहादुर खत्री मिलेर पुस्तकालय निर्माणका लागि प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।४
३.	दाङको श्री जनश्रम नि.मा.वि. हस्तनापुरमा २०६१ देखि २०७३ सम्मको सामाजिक परीक्षण नगराएको, पछिल्लो समयको सामाजिक परीक्षण औपचारिकतामा मात्र गराएको, पाठ्यपुस्तक दिवा खाजाको रकम दुरुपयोग गरेको, विद्यालयको ऐलानी जग्गा बिक्री वितरण गरेको भन्नेसमेत।	२०७८।४।४
४.	लकान्द्रा गा.वि.स.मा प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण गर्दा अनियमितता तथा भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।४।४
५.	दैलेख खरिगैरास्थित श्री जयन्ती माध्यमिक विद्यालयका तत्कालीन प्र.अ. सिंहबहादुर बोगटी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि प्रसाद उपाध्यायले एसओएस, सुर्खेतमा कार्यरत शिक्षक हिक्मतबहादुर वलीको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी मा.वि. राहत अंग्रेजी विषयको शिक्षकको तलब भत्ता हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।४
६.	कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका कृष्ण सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दानबहादुर बोहरासमेतको मिलेमतोमा राजमार्गछेउका रूख कटान भएको भन्नेसमेत।	२०७८।४।४
७.	कैलालीको घोडाघोडी नगरपालिकास्थित श्री सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक केशरबहादुर खड्काले भौतिक पूर्वाधार निर्माणमा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।११
८.	डोल्पाको त्रिपुरासुन्दरी मन्दिरदेखि कुमारीकोट बगर हुँदै फोक्सुण्डो प्रवेशद्वार सुलिगाड जाने पदमार्ग निर्माणका लागि विनियोजित रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।११
९.	आ.व. २०७४/०७५ मा राक्सिराङ गाउँपालिका मकवानपुरमा सञ्चालित सडकका नयाँ ट्रयाक खोल्ने कार्यमा हिनामिना भएको भन्नेसमेत।	२०७८।४।११
१०.	२०७४।५।४ को बाराको सिमाना जितपुरदेखि पर्साको सबैया हुँदै मान्वा	२०७८।४।११

	पुलसम्म जाने सडक मर्मत र कालोपत्रे गुणस्तरहीन गरेको भन्नेसमेत।	
११.	रोल्पाको साबिक सुकिदह गाउँपालिका हाल गंगादेव गाउँपालिका -१ स्थित राष्ट्रिय मा.वि. सुकिदहका प्र.अ. अमृतबहादुर घर्तीसमेतले विद्यालयको चारकोठे भवन निर्माण गर्दा नभएको कार्यलाई कार्य सम्पन्न भएको भन्नेसमेत।	२०७८।४।१४
१२.	रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाले आ.व. २०७५/७६ मा भ्रमण तथा क्षमता विकास कार्यक्रममा ना.सु. चिरन्जीवी घिमिरे र अन्य कार्मचारीहरूको मिलेमतोमा भ्रमणमा फजुल खर्च गरी अनावश्यक बिल भरपाई पेस गरेको भन्नेसमेत।	२०७८।४।१४
१३.	कन्चनपुरको भीमदत्त नगरपालिकास्थित सहरी स्वास्थ्य केन्द्र भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष अन्जु डगौरासमेतले भवन निर्माण कार्यको रकम लगत इस्टिमेट अनुसार कार्य नगरी फर्जी बिलहरू बनाई रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।१४
१४.	नवलपरासीमा कार्यरत टा.ना.सु. संगीता अर्याललले निर्वाचनमा काजमा खटिएको अवधिमा आफू कार्यरत कार्यालयबाट समेत विभिन्न मितिमा भ्रमण आदेश स्वीकृत गराई दोहोरो/तेहोरो आर्थिक सुविधा लिएको साथै जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत अन्य कर्मचारीहरूसमेतले दोहोरो/तेहोरो भ्रमण खर्चसम्बन्धी सुविधा लिएको भन्नेसमेत।	२०७८।४।२१
१५.	डिभिजन सडक कार्यालय शिवपुर कपिलवस्तुका डिभिजन प्रमुख बाबुराम सापकोटासमेतले आ.व. २०७०/७१ र २०७१/७२ मा मर्मत हुन नसक्ने सवारीसाधनहरूमा समेत इन्धन खर्च लेखेको र कार्यालयमा हाजिर रहेको अवधिमा समेत दैनिक भ्रमण भत्ता खाई आर्थिक अनियमितता गरेको भन्नेसमेत।	२०७८।४।२१
१६.	धनुषा, कमला न.पा.-१ मा आ.व. २०७५/७६ मा सञ्चालित वडा कार्यालय भवनमा नापी किताबअनुसारको काम नगरी आर्थिक हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२१
१७.	कास्की पोखरा उपमहानगरपालिका बस्ने नानीमाया के.सी.ले दर्ता गरेको जग्गा सार्वजनिक गराई पाऊँ भन्नेसमेत।	२०७८।४।२१
१८.	सुर्खेतको वीरेन्द्रनगर नगरपालिकास्थित श्री सिद्ध बहिरा बालकको स्कुलका विद्यालय व्यवस्थापन समितिका अध्यक्षलगायतले विद्यार्थीहरूको छात्रवृत्ति रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२१
१९.	काठमाडौं विश्वविद्यालयमा शैक्षिक सत्र २०१६ को MBBS/BDS कार्यक्रम अन्तर्गत लिइएको प्रवेश परीक्षामा चिट चोराई अनियमितता गरेको भन्नेसमेत।	२०७८।४।२१
२०.	सामुदायिक वन उपभोक्ता समूह, सुर्खेतका तत्कालीन अध्यक्ष चक्रबहादुर खत्रीले काठ पुर्जी लगायतको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२१
२१.	दार्चुलाको मुलौरा जलविद्युत आयोजनामा अपी संस्था दार्चुलाका तत्कालीन अध्यक्ष गंगादत्त जोशी, निर्माण कम्पनीका कर्मचारी र उपभोक्ता समूहका अध्यक्ष मदनसिंह धामीसमेतको मिलोमतोमा व्यापक भ्रष्टाचार भएको भन्नेसमेत।	२०७८।४।२१
२२.	पूर्वाधार विकास कार्यालय सिराहा, सम्पर्क इकाई कार्यालय, राजविराज, सप्तरीमार्फत बजेट विनियोजन भई श्री शारदा राष्ट्रिय प्रा.वि.,फकिरा, सप्तरीको कम्पाउण्डवाल निर्माण कार्य इस्टिमेटबमोजिम नगरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२१
२३.	ललितपुर साबिक लेलेको ढुंगा, गिटी, बालुवा, माटोलगायतका निर्माण सामग्रीको	२०७८।४।२१

	चोरी निकासीमा प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारीलगायतले पदीय अधिकारको दुरुपयोग गरेको भन्नेसमेत।	
२४.	तेह्रथुम, फेदाप गाउँपालिका वडा नं. २ का वडाध्यक्ष गोविन्दप्रसाद लिम्बूले आ.व. २०७४/७५ को सामाजिक सुरक्षा भत्ता वास्तविक लाभग्राहीलाई नदिई रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२१
२५.	रौतहट गौर नगरपालिका बैरगनियाका राजेन्द्रप्रसाद साह नेपाल प्रहरीको सहायक निरीक्षक पदबाट सेवा निवृत्त भई नियमविपरीत दोहोरो सुविधा लिएको तथा चुनावमा खटेको मितिमा कार्यालयमा हाजिर देखिएको भन्नेसमेत।	२०७८।४।२५
२६.	भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलेश्वर, महोत्तरीका तत्कालीन कार्यालय प्रमुख डा. राम पवित्र दासले सल्लाहकार पद सिर्जना गरी आफ्नो अनुकूलको मानिस नियुक्ति गरी राज्यलाई हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत।	२०७८।४।२५
२७.	शुद्धोधन गाउँपालिका मौजा गौरा, कपिलवस्तुमा पक्की नाली तथा सडक निर्माणका विनियोजन रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२८
२८.	रोल्पा, गंगादेव गाउँपालिका स्मार्ट कृषि गाउँ कार्यक्रमअन्तर्गत का विभिन्न शीर्षकहरूमा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२८
२९.	जिल्ला वन कार्यालय, बाराका कर्मचारी स.व.अ. अमरदेव यादवले वन दशक कार्यक्रमको रकम अनियमितता र सामाजिक परिचालक भर्ना गर्दा घुस लिएको भन्नेसमेत।	२०७८।४।२८
३०.	डोटीको पूर्वीचौकी गाउँपालिकाअन्तर्गतका योजनामा दलित सशक्तीकरणको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।४।२८
३१.	सुनसरी साबिक बक्लौरी गा.वि.स. का चन्द्र शेखर महादेव गुठीको नाममा रहेको जग्गा मालपोत तथा नापी कार्यालय र जनप्रतिनिधिहरूको मिलेमतोमा किर्ते कागजातसमेत तयार गरी व्यक्ति विशेषको नाम दर्ता गरिएको भन्नेसमेत।	२०७८।४।२८
३२.	साबिक शिवगञ्ज गाउँ पञ्चायतमा जग्गाधनी प्रमाणपुर्जा दिने दिलाउने समेतलाई कारबाही तथा जग्गा दर्ता बदर गरी आफ्नै नाममा जग्गाधनी प्रमाणपुर्जा दिलाई पाऊँ भन्नेसमेत।	२०७८।४।२८
३३.	दैलेखको महाबु गाउँपालिकाको भवन निर्माणको रकम गाउँपालिकाका प्रमुख जंगबहादुर शाही नभएको अवस्थामा उप-प्रमुख प्रेमकुमारी बुढाले आफ्नै छोरालाई निर्माणको जिम्मा दिई भवनका सामग्रीहरू गुणस्तरहीन खरिद गरी अनियमितता गरेको भन्नेसमेत।	२०७८।४।३२
३४.	बैजनाथ गाउँपालिका बाँकेको लायन्स गाभर पार्क घेराबार निर्माण कार्यमा भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।५।३
३५.	बारा साबिक मटिअर्बा गा.वि.स.का वडा सचिव खेदु मिया अन्सारीले आन्तरिक स्रोत र प्राप्त अनुदानको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।३
३६.	पूर्वाधार विकास कार्यालय, धनुषाबाट संचालित महोत्तरी जिल्ला, जलेश्वर न.पा. ७ को बखरीस्थित श्री मा.वि. महोत्तरीमा सरस्वती मन्दिर निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७८।५।३
३७.	सिक्टा सिंचाइ आयोजनाको मूल नहर निर्माणको काम अन्तिम चरणमा रहेको अवस्थामा मन्त्रिपरिषदबाट निर्णय गराई अनियमितता गरेको भन्नेसमेत।	२०७८।५।३
३८.	सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना, पश्चिमखण्ड, दाङअन्तर्गत निर्माणाधीन रेली खोला पुलको निर्माण कार्यमा अनियमितता गरेको	२०७८।५।३

	भन्नेसमेत।	
३९.	सडक विभागअन्तर्गत कालीगण्डकी कोरिडोर (बेनी-जोमसोम-कोरला) सडक योजनाअन्तर्गत निर्माणाधीन कागबेनी खोला पुल निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।५।३
४०.	कपिलवस्तुको यशोधरा गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत सि.अ.हे.व. ज्योतिप्रकाश दुवे र लेखापाल धनन्जय नेपालको मिलेमतोमा औषधी एवं मालसामान खरिदमा सामान नल्याई फर्जी बिल भरपाई बनाई व्यापक अनियमितता गरेको भन्नेसमेत।	२०७८।५।३
४१.	यातायात व्यवस्था विभागबाट प्राप्त प्रमाणित प्रतिलिपिमा हरिष भट्टले भक्तबहादुर गुरुङको बि बर्गको ट्रायल परीक्षाको स्टाटस फेलबाट पास बनाएको भन्ने व्यहोरामा आनन्द केशरी पोखरेल र हरिष भट्टले गरेको कसुरको वारदात फरकफरक देखिएको हुँदा छुट्टै अनुसन्धान अधिकृत तोकी अनुसन्धान गर्ने भन्नेसमेत।	२०७८।५।१
४२.	मोरङको पथरी शनिश्चरे नगरपालिकामा रहेको भुल्के पशुपति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पदमबहादुर पाखिन तामाङसमेतका पदाधिकारीहरूको मिलोमतोमा कोषको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।१०
४३.	आ.व. २०७३/७४ मा सांसद विकास कोषमार्फत प्राप्त रकमबाट सडक सुधार तथा नाली निर्माण गर्दा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।१०
४४.	राष्ट्रिय माध्यमिक विद्यालय, भजनी नगरपालिका खैलाड, कैलालीको चार कोठे भवन निर्माण गर्दा अमानतबाट निर्माण कार्य गरेको र बेरुजु रकम हालसम्म फछर्यौट नगरेको भन्नेसमेत।	२०७८।५।१०
४५.	सप्तरीको बोदेबर्साइनमा आ.व. २०७५/७६ मा सञ्चालित सडक ढलान गर्ने सरकारी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।१०
४६.	रुपनी गा.पा. वडा नं. २, सप्तरीमा खेलमैदान निर्माणका लागि निकासा भएको रकम हिनामिना भएकाले छानबिन गरी कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।५।१०
४७.	सुन्दरहरैंचा नगरपालिकाको कार्यालय, मोरङले पूर्व पश्चिम लोकमार्गको बुढीखोला पूर्वदेखि सडक निर्माण गर्ने बाहानामा सडकको छेउछाउमा रहेका रूख बिरुवाहरू अनियमित रूपले काटी भ्रष्टाचारजन्य कार्य गरेको भन्नेसमेत।	२०७८।५।१०
४८.	मकवानपुर हेटौंडा उपमहानगरपालिकास्थित श्री गोरक्षनाथ माध्यमिक विद्यालयका लेखापाल शंकरबहादुर न्यौपानेले विद्यार्थीहरूबाट उठाइएको भर्ना शुल्क हिनामिना गरी लेखापरीक्षण समेत नगराएको भन्नेसमेत।	२०७८।५।१०
४९.	झापा कचनकवल गाउँपालिका-२ का वडाध्यक्ष मेघबहादुर भट्टराईसमेतको मिलेमतोमा बिदेसी नागरिक भुपाल गुरुङलाई नेपाली नागरिकता प्रमाणपत्र दिलाउनका लागि सिफारिस गरेको भन्नेसमेत।	२०७८।५।१०
५०.	फार्मेसी अधिकृतहरू मुकेन्द्र परियार, किरण सुन्दर बज्राचार्य, विवेक श्रेष्ठ र निकेश श्रेष्ठलाई दुर्गम क्षेत्रमा नखटाई काठमाडौंमा कार्यरत भएको ३ वर्ष अवधि पुगेको भरमा चार जनाबाट दुई लाख घुस लिई आठौं तहमा स्तरवृद्धि गरेको भन्नेसमेत।	२०७८।५।१७
५१.	रुपन्देही, सम्मरीमाई गाउँपालिकाबाट नदीजन्य पदार्थ निकासी तथा बिक्री वितरणका लागि अल्ताफ खानले पेस गरेको बोलपत्र दर्तासमेत भएको अवस्थामा बोलपत्र फिर्ता लिन दबाब दिएको र न्यून अंक भएको बोलपत्र सदर	२०७८।५।१७

	गरेको भन्नेसमेत।	
५२.	चाबहिल साँखु सडक खण्डअन्तर्गतको निर्माण कार्य समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७८।५।१७
५३.	श्री राजनारायण मा.वि., गेरमी, नवलपरासीमा छात्रा शौचालय निर्माण, वाउन्ड्री वाल निर्माण र विज्ञान सामग्री खरिदमा अनियमितता भएको भन्नेसमेत।	२०७८।५।१७
५४.	श्री म.रा.उ.मा.वि., रामगोपालपुर न.पा. महोत्तरीमा कम्प्युटर ल्याब भवन निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७८।५।१७
५५.	ठगकुमारी उपाध्यायनीको नाममा रहेको जग्गामा निज ठग कुमारीको मृत्यु भइसकेको र निजको कोही नरहेकाले मोही खेदु राउत अहिरको एकलौटी हकभोग रहेको सो जग्गा हाल आएर दरोगी राउत अहिरको नाममा नापनक्सा भएको भनी राजमतीदेवी अहिरिनसमेतले वडा अध्यक्ष छठु राउत अहिर र मालपोत कार्यालयका कर्मचारीहरूको मिलोमतोमा आर्थिक लेनदेन गरी जग्गा रजिष्ट्रेसन लिखत गराएको भन्नेसमेत।	२०७८।५।१७
५६.	सुवर्ण गाउँपालिका-१, चारमोहना, बाराको वडा कार्यालय भवन निर्माण गर्दा लागत अनुमानविपरीत निर्माण कार्य गरेको र निर्माण कार्यको परिमाण बढाई बिल भरपाई तयार गरी बढी भुक्तानी दिएको भन्नेसमेत।	२०७८।५।१७
५७.	जिल्ला बारा, साबिक बडकी फुलबारिया हाल देवताल गाउँपालिका -१ स्थित नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयको मर्मतसम्भार कार्यमा वास्तविक कार्यभन्दा बढी मूल्यांकन देखाई बिल भुक्तानी पेस गरेको भन्नेसमेत।	२०७८।५।२१
५८.	मालपोत कार्यालय, चाबहिलमा घरजग्गाको हक-हस्तान्तरण गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकरमा अनियमितता भए गरेको भन्नेसमेत।	२०७८।५।२१
५९.	भीमबहादुर शाक्यको नाममा रहेको किर्ते सवारी दर्ता किताबमा तथा बा.७७ प ६८४५ नम्बर लेखिएको जीवनकुमार घलेको नाममा रहेको सवारी दर्ता किताबको राजस्व कटाई सही छाप गरी नवीकरण गरेको देखिएकाले सवारी दर्ता किताब सही वा किर्ते के हो भनी यकिन गरेर मात्र नवीकरण गर्नु/गराउनुपर्नेमा सो नगरी किर्ते सवारी दर्ता किताबलाई प्रमाणित गरेको भन्नेसमेत।	२०७८।५।२१
६०.	जिल्ला विकास समितिको कार्यालय, बाजुराबाट आर्थिक वर्ष २०६८/६९ मा विनियोजन गरेको रकम स्थानीय विकास अधिकारीसमेतको मिलेमतोमा पुराना योजनालाई देखाई हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।२१
६१.	कोपिला माध्यमिक विद्यालय, लाटिकोइली, सुर्खेतका तत्कालीन प्र.अ. पहलवहादुर के.सी.ले विद्यालयको रकम तथा जिन्सी सामान हिनामिना गरी अनियमितता गरेको भन्नेसमेत।	२०७८।५।२१
६२.	गरिबी निवारण कोषका नहकुल के.सी.समेतले आ.व. २०६०/६१ देखि आ.व. २०७२/०७३ सम्मको जिन्सी सामग्री हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।२१
६३.	कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरका सहायक रजिष्ट्रार दीपक खनालले कार्यालय परिसर बाहिर कानुन व्यवसायीमार्फत रकम लिएको भन्नेसमेत।	२०७८।५।२१
६४.	बाँके, बैजनाथ गाउँपालिकास्थित नौवस्ता पुलचोक भवरीकुना सडक खण्डको सडक ग्राभेलसमेत कार्यको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।२१
६५.	धादिङ बैरेनी गा.वि.स.मा विद्युत विस्तार गर्न नेपाल विद्युत प्राधिकरण र	२०७८।५।२१

	स्थानीय उपभोक्ताको साझेदारी कार्यक्रममा रणकालिका सामाजिक सेवा समिति, धादिङका अध्यक्ष वेदबहादुर भण्डारीले उपभोक्ता, गा.वि.स. र जि.वि.स.बाट उठाएको रकम हिनामिना गरेको भन्नेसमेत।	
६६.	शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले आर्थिक वर्ष २०७६/७७ को डेंगु महामारीको समयमा अस्पताल विकास समितिको कोषमा रहेको रकमबाट डेंगु कीट खरिदमा करोडौं रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।२८
६७.	हरिनगर गाउँपालिका-१ स्थित चपडाही नि.मा.वि.का विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष गन्नु मुखियाले नयाँ शौचालय निर्माणमा निकासा भएको रकम नक्कली बिल भरपाई पेस गरी हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।२८
६८.	जाजरकोटको तत्कालीन ढिमे गा.वि.स.को आ.व. २०६८/६९ देखि २०७०/७१ सम्मको सामाजिक सुरक्षा भत्ता रकम अनियमितता गरेको भन्नेसमेत।	२०७८।५।२८
६९.	कपिलवस्तु, मायादेवी गाउँपालिका बलुहवास्थित श्री जनता माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले भवन निर्माणको रकमसमेत हिनामिना गरेको भन्नेसमेत।	२०७८।५।२८
७०.	सिरहाको गोलबजार नगरपालिका वडा नं. ९ साबिक चन्द्रोदयपुर गा.वि.स. वडा नं. ८(क) कि.नं. ४२० जग्गामा घर/बाटो केही नभएको भन्ने ९ वडा कार्यालयको गलत सिफारिस हुँदा राजस्व रकम छली गरेको भन्नेसमेत।	२०७८।५।२८
७१.	कृषि ज्ञान केन्द्र, झापाबाट आ.व. २०७५/७६ मा चैते धान विशेष क्षेत्र विस्तार तथा उत्पादन वृद्धि कार्यक्रमअन्तर्गत किसानका लागि प्राप्त भएको अनुदान रकम दुरुपयोग भएको भन्नेसमेत।	२०७८।५।२८
७२.	कृषि ज्ञान केन्द्र, झापाबाट आ.व. २०७५/७६ मा चैते धान विशेष क्षेत्र विस्तार तथा उत्पादन वृद्धि कार्यक्रमअन्तर्गत गौरीगञ्ज गाउँपालिका तुलाचन कृषक समूहका किसानका लागि प्राप्त भएको अनुदान रकम दुरुपयोग भएको भन्नेसमेत।	२०७८।५।२८
७३.	कृषि ज्ञान केन्द्र, झापाबाट आ.व. २०७५/७६ मा चैते धान विशेष क्षेत्र विस्तार तथा उत्पादन वृद्धि कार्यक्रमअन्तर्गत गौरीगञ्ज गाउँपालिका माङसवा कृषक समूहका किसानका लागि प्राप्त अनुदान रकम दुरुपयोग भएको भन्नेसमेत।	२०७८।५।२८
७४.	मिति २०७५।८।२४ को पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना (पश्चिम खण्ड), तुलसीपुर, दाङद्वारा निर्माणाधीन खहरेखोला पुल समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७८।५।२८
७५.	लम्जुङ, बेंसीसहर नगरपालिकाले गाईखुरे झरना र करपुरेश्वर पार्कको डी.पी.आर. तयारीमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।६।७
७६.	सडक विभाग/हुलाकी राजमार्ग आयोजनाबाट निर्माण भइरहेको धनकौल पुल, सर्लाहीको निर्माण कार्य ठेक्का सम्झौताअनुसार काम नगरेको भन्नेसमेत।	२०७८।६।७
७७.	आ.व. २०७५।७६ मा कार्यक्रम तथा योजना स्वीकृत भई कार्यान्वयन भएका योजनाहरूमध्ये जनकपुर जलेश्वर हाइबेदेखि पश्चिम मुजेलियामा ग्राभेल सप्लाई कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७८।६।७
७८.	सर्लाही चक्रघट्टा गाउँपालिका औरहीका वडा अध्यक्ष रामकैलाश राउत र वडा सचिव शिवाकान्त चौधरीले एकआपसमा मिलेमतो गरी सामाजिक सुरक्षा	२०७८।६।७

	भत्ताबापतको रकम दुरुपयोग गरी खाईमासी भ्रष्टाचार गरेको भन्नेसमेत।	
७९.	आयोगमा दर्ता हुन आएको उ.द.नं. C०३४४६६ मिति २०७८।२।२४ र उ.द.नं. C०३८५३६ मिति २०७८।३।३० को उजुरीका सम्बन्धमा आर्थिक चलखेल गरी पुरानो मिति राखी सुपारीलगायतका सामान पैठारी अनुमति दिने गरेको भन्ने उजुरीसमेत।	२०७८।६।७
८०.	जिल्ला विकास समितिको कार्यालय, डोटीका लेखा अधिकृत अमरबहादुर बिष्टसमेतले मनोमानी ढंगबाट सामान खरिद गरी आर्थिक अनियमितता तथा भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।६।७
८१.	उदयपुर, बेलका न.पा. ८ स्थित महाकाली मा.वि.को एउटा भवन निर्माणमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुलाराज राई र जि.शि.का. उदयपुरका इन्जिनियरसमेतको मिलेमतोमा कमसल खालको गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।७
८२.	महोत्तरी, मनरासिस्वा नगरपालिका वडा नं. १० मा मधवा पोखरी डिल निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।६।७
८३.	सिराहा, लहान नगरपालिका वडा नं. १९ का वडाध्यक्ष घुरन यादवले आफ्नो पार्टीको मान्छे फुलेश्वर ठाकुरको उमेर नै नपुगी अनियमित तरिकाले पदको दुरुपयोग गर्दै वृद्धभत्ता दिलाएको भन्नेसमेत।	२०७८।६।७
८४.	मुशौली गोडैता सडक मर्मत तथा ग्राभेल कार्य गर्न रामदिनेश रायको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी काम गराइएको र गरेको काम अनुसारको रकम भुक्तनी गर्दा एउटै बिल पेस गरी अनियमितता गरेको भन्नेसमेत।	२०७८।६।७
८५.	दुग्ध विकास संस्थान, दुग्ध पदार्थ उत्पादन तथा बिक्री वितरण आयोजना, लैनचौरका तत्कालीन आयोजना प्रमुख ध्रुवकल्पित सुवेदी, लेखा अधिकृत मिनकाजी कार्की, लेखापाल बासुदेव बस्नेतसमेतको मिलेमतोमा आयोजनाका अन्य कर्मचारी र मातहत विभिन्न केन्द्रका प्रमुखहरूले दुग्ध पदार्थ उत्पादन तथा बिक्री वितरण गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७८।६।७
८६.	मालपोत कार्यालय, साँखुका खरिदार पूर्ण महर्जनले एस.बी.लेखापढी सेवामा गई बिचौलियासँग रकम लिएको अवस्थामा भिडियो खिची पठाएको व्यहोरा जनाउँदै निजउपर कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।६।७
८७.	नापी कार्यालय, लगनखेल, ललितपुरका नाम नायब सुब्बा रामबहादुर राईले कार्यालय परिसरमा सेवाग्राहीसँग रकम लिएको अवस्थामा भिडियो खिची पठाएको व्यहोरा जनाउँदै निजउपर कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।६।७
८८.	मालपोत कार्यालय, कलंकीका सहायक कम्प्युटर अपरेटर विनोद गिरीले कार्यालय परिसर बाहिर रहेको रकम लिएको अवस्थामा भिडियो खिची पठाएको व्यहोरा जनाउँदै निजउपर कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।६।७
८९.	मालपोत कार्यालय, लगनखेलका खरिदार विष्णु पन्तले सुरज बस्नेत नाम गरेका बिचौलियामार्फत रकम लिएको अवस्थामा भिडियो खिची पठाएको व्यहोरा जनाउँदै निजउपर कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।६।७
९०.	मालपोत कार्यालय, लगनखेलका नाम दर्जा नखुलेका कर्मचारीले कार्यालय परिसर बाहिर बिचौलियासँग रकम लेनदेन गरेको अवस्थामा भिडियो खिची पठाएको व्यहोरा जनाउँदै निजउपर कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।६।७

९१.	नापी कार्यालय, भद्रपुरमा कार्यरत ई. वीरेन्द्र पौडेलले कार्यकक्ष बाहिर लेखापढी व्यवसायीमार्फत रकम लिएको भन्नेसमेत।	२०७८।६।११
९२.	नापी कार्यालय, भद्रपुर, झापामा कार्यरत अमिन ताराकुमारी घिमिरेले कार्यकक्षको झ्यालबाट बिचौलियाले दिएको रकम लिएको भन्नेसमेत।	२०७८।६।११
९३.	नापी कार्यालय भद्रपुर, झापाका नाम दर्जा नखुलेका कर्मचारीले बिचौलियामार्फत नक्सा प्रिन्टबापत अतिरिक्त रकम लिएको भन्नेसमेत।	२०७८।६।११
९४.	नापी कार्यालय भद्रपुरमा कार्यरत नाम दर्जा नखुलेका कर्मचारीले कार्यकक्षको झ्यालबाट लेखापढी व्यवसायीमार्फत रकम लिएको भन्नेसमेत।	२०७८।६।११
९५.	नापी कार्यालय, भद्रपुर, झापाका कर्मचारी योगराज सुवेदीले कार्यकक्षको झ्यालबाट बिचौलियामार्फत रकम लिएको भन्नेसमेत।	२०७८।६।११
९६.	नापी कार्यालय भद्रपुर, झापाका सर्भेक्षक अनबारूल हक अन्सारीले कार्यकक्षमा बिचौलियामार्फत रकम लिएको भन्नेसमेत।	२०७८।६।११
९७.	नापी कार्यालय भद्रपुर, झापाका सर्भेक्षक सरोजकुमार वि.क.ले कार्यालय परिसर बाहिर लेखापढी व्यवसायीमार्फत रकम लिएको भन्नेसमेत।	२०७८।६।११
९८.	जिल्ला वन कार्यालय, कञ्चनपुरले आ.व. २०७१/७२ को बजेटबाट नर्सरी निर्माण र बिरुवा खरिद, उत्पादन तथा वृक्षरोपण कार्यमा फर्जी बिल प्रयोग गरेको भन्नेसमेत।	२०७८।६।११
९९.	दाङ लमही नगरपालिका वडा नं. ३ स्थित टिकुलीगढ प्रा.वि.को भौतिक पूर्वाधार निर्माणका लागि वडा अध्यक्ष बाबुराम चौधरीले आफ्नो भाइलाई समितिको अध्यक्ष बनाई अनियमितता गरेको भन्नेसमेत।	२०७८।६।११
१००.	बैतडी साबिक गुरुखोला गा.वि.स.बाट संचालन गरिएको गुरुखोला कलोन देउमडा-श्रीकोट जोड्ने कृषि सडक निर्माण कार्यमा समितिका अध्यक्ष विष्णुप्रसाद भट्टसमेतले जि.वि.स. र गा.वि.स.बाट विनियोजन भएको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।११
१०१.	रानी-विराटनगर-इटहरी-धरान सडक योजनाको बाँसबारी-निमुवा खण्डमा सडक योजनाको निर्माण कार्य तोकिएको मापदण्ड एवं लागत इस्टिमेटअनुरूप नभएको भन्नेसमेत।	२०७८।६।११
१०२.	जिल्ला सुनसरी, देवानगञ्ज गा.पा. वडा नं. १,२ र ३ मा आ.व. २०७४/७५ र आ.व. २०७५/७६ मा बिजुलीको बल्भ खरिद गर्दा फर्जी भ्याट बिल पेस गरी रकम हिनामिना गरेको भन्नेसमेत ।	२०७८।६।११
१०३.	एकडारा गाउँपालिका वडा नं. ४, भंगहिया, महोत्तरीको आधारभूत विद्यालयको ६८ मिटर पर्खाल निर्माणमा अनियमितता गरेको भन्ने समेत।	२०७८।६।११
१०४.	नवलपरासी पश्चिम साबिक पञ्चनगर गा.वि.स. अन्तर्गतको सरकारी जग्गा सरकारको अनुमतिबेगर निर्वाचित जनप्रतिनिधिहरूको निर्णयबाट संस्थाहरूलाई भोगचलन गर्न दिएको भन्नेसमेत।	२०७८।६।११
१०५.	जिल्ला अदालत, पर्साको नापी शाखामा कार्यरत अमिन अरुणकुमार चौधरीले छिपरमाई नगरपालिका बस्ने श्याम यादवसँग जग्गाको मुद्दा मिलाइदिन्छु भनी जिल्ला अदालतभित्र घुस/रिसवत लिएको हुँदा कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।६।११
१०६.	वैदेशिक रोजगार विभागका अधिकार प्राप्त नभएका अधिकारीबाट पूर्व स्वीकृति जस्तो संवेदनशील कार्य अनुचित ढंगले गरेको भन्नेसमेत।	२०७८।६।१४
१०७.	शिक्षा कार्यालय, कपिलवस्तुबाट भवन मर्मतलगायतका लागि उपलब्ध गराएको	२०७८।६।१४

	रकम हिनामिना र नि.मा.वि. राहत शिक्षक पदपूर्ति प्रक्रियामा अनियमितता गरेको भन्नेसमेत।	
१०८.	सिन्धुपाल्चोक साबिक फुल्पिङकोट-५ हालको बलेफी गा.पा. वडा नं. ३ बस्ने वर्ष ३५ को लक्ष्मी अधिकारीले लिखितसम्बन्धी मुद्दामा आयोगको नाम उल्लेख गरी किर्ते गरेको भन्नेसमेत।	२०७८।६।१४
१०९.	रंगेली अस्पताल, मोरङको काउण्टरबाट उठेको रकम बैंकमा जम्मा नगरी कर्मचारीहरूको मिलेमतोमा हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।१४
११०.	कपिलवस्तु शुद्धोधन गाउँपालिकाको उत्तर दोहनी सडक निर्माण गर्न राकेश यादवको अध्यक्षतामा गठित उपभोक्ता समितिले सडकमा पी.सी.सी.गर्ने कार्य गर्दा गुणस्तरहीन कार्य गरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।१४
१११.	पाल्पाको तानसेन नगरपालिकास्थित गार्गी माध्यमिक विद्यालय, बन्दीपोखराका प्रधानाध्यापक यादव घिमिरे तथा तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दामोदर घिमिरेको मिलेमतोमा छात्रवृत्ति तथा पाठ्यपुस्तकको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।१४
११२.	मन्द्रे माध्यमिक विद्यालय, अर्घाखाँचीका कार्यालय सहयोगी सुमन भट्टराई २०७३ वैशाखदेखि उपस्थित नभएको, निज रोजगारीका लागि हाल कतार गएको र हालसम्म निजको नाममा किर्ते हाजिर गरी विद्यालयका प्रधानाध्यापक (प्र.अ.) तिलक पौडेल, शिक्षक काशीनाथ पौडेल र कर्णबहादुर भट्टराईसमेतको मिलेमतोमा सुमन भट्टराईको तलब निकासा गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।६।१४
११३.	स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखाले CPAP Machine विगतमा इन्जिनियरहरूले गुणस्तरहीन भनी रिपोर्ट गरिसकेको अवस्थामा आवश्यक चेकजाँच नगरी हचुवाको भरमा रिपोर्ट पेस गरेर सामान स्वीकृत गरेको भन्नेसमेत।	२०७८।६।१४
११४.	बंगलामुखी रोजिन एण्ड टर्पेन्टाइन प्रा.लि.ले जाजरकोट जिल्लाको कुशे गाउँपालिकाको गाईखुर सामुदायिक वन उपभोक्ता समूहलाई उपलब्ध गराएको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।१४
११५.	कपिलवस्तु विजयनगर गाउँपालिका वडा न. ४ डगडौवाको जामिया रजविया लिलवनात निशवा मदरसामा पर्खाल निर्माण गर्ने कार्यमा वडा नं. ४ का वडाध्यक्ष तिलकराम कँडेल र उपभोक्ता समितिका अध्यक्ष मोहम्मद मोबिन मुसलमानले उपभोक्ता समिति बनाई सरकारी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।१४
११६.	सिराहा राजपुर गा.वि.स. वडा नं. २ बस्ने श्री जनकल्याण उच्च माध्यमिक विद्यालय गौरीपुर-३, मा कार्यरत निमित्त प्रधानाध्यापक हरिदेव यादवको स्नातकोत्तर तहको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्नेसमेत।	२०७८।६।१४
११७.	सहिद लखन गाउँपालिका, घैरुङ गोरखाका प्रमुख प्रशासकीय अधिकृत जीवनबहादुर आले मगरले एकै समयमा दोहोरो भ्रमण भत्ता बुझी सरकारी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।६।१४
११८.	राष्ट्रिय खेलकुद परिषद्का तत्कालीन सदस्य सचिव युवराज लामासमेतले छैठौं राष्ट्रिय खेलकुद प्रतियोगिताको भौतिक पूर्वाधार निर्माणमा कमसल सामग्री प्रयोग गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।६।१४
११९.	वीरगञ्ज महानगरपालिका वडा नं. ५ वडा कार्यालयमा सेवा प्राप्त गर्न पेस गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको दुरुपयोग गरी ऐ. वडाका वडा सदस्य	२०७८।६।१४

	सुरजकुमार कुर्मीले साझेदारी वन व्यवस्थापन समूह सबैया, पर्साबाट किर्ते कागजात एवम् विवरण पेस गरी आफ्नो र आफ्नो परिवारका सदस्यहरूको नामबाट काठ प्राप्त गर्ने र सो काठको गैरकानुनी तवरले बिक्री वितरण गरेको भन्नेसमेत।	
१२०.	मालपोत कार्यालय, साँखुमा घरजग्गाको हक-हस्तान्तरण गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकरमा अनियमितता भए गरेको भन्नेसमेत।	२०७८।६।१४
१२१.	मालपोत कार्यालय, दिङ्ला, भोजपुरमा घरजग्गाको हक-हस्तान्तरण गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकरमा अनियमितता भए गरेको भन्नेसमेत।	२०७८।६।१४
१२२.	भानुचोकदेखि ट्राफिक चोकसम्म सडक कालोपत्र गर्न र ढल निर्माण योजनामा निर्माण भएको खण्ड गुणस्तरहीन भएको भन्नेसमेत।	२०७८।६।२२
१२३.	श्री जनता आधारभूत विद्यालय, गैडहवा गाउँपालिका वडा नं. ८ रूपन्देहीका प्र.अ. सूर्यकुमार रिजालले भवन निर्माण गर्दा वास्तविकभन्दा बढी खर्च देखाई हिसाब पेस गरेको भन्नेसमेत।	२०७८।६।२२
१२४.	नुवाकोट जिल्लाको बुधसिंहस्थित त्रिशुली नदी पुल डिजाइन तथा निर्माण कार्य समयमा सम्पन्न नभएको भन्ने ।	२०७८।६।२२
१२५.	पर्सा जिल्लाको भलुवाही नदीमा पुल निर्माणको ठेक्कामा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई पटकपटक म्याद थप गरेको भन्नेसमेत।	२०७८।६।२२
१२६.	चितवन, भरतपुर महानगरपालिका ८ नं. वडा कार्यालयबाट झुटो विवरणका आधारमा बदनियतपूर्वक एकै व्यक्तिलाई एकपटक भन्दा बढी नाता प्रमाणित गरिदिएको भन्नेसमेत।	२०७८।६।२२
१२७.	जनकपुर अञ्चल अस्पतालमा कार्यरत ना.सु. दीपककुमार ठाकुरको नाममा रहेको सेन्चुरी बैंकको खातामा कार्यगत तालिमहरूका लागि सम्मिलित विद्यार्थीहरू अध्ययनरत मोडेल इस्टिच्युट जनकपुर-४ धनुषाबाट रकम जम्मा गरेको पाइएको भन्नेसमेत।	२०७८।६।२२
१२८.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) पाल्हीनन्दन गाउँपालिका- ५ स्थित वडा कार्यालय परिसरभित्रको ब्लक सोलिङमा बढी भुक्तानी र ढलान कम गरेको भन्नेसमेत।	२०७८।६।२२
१२९.	पर्सा, पोखरीया न.पा.-९ बैरियास्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय चौकियामा विद्यालयको पर्खाल निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।६।२२
१३०.	सिरहा, मिर्चैया नगरपालिका-९ मा रामजानकी मन्दिर निर्माण तथा सौन्दर्यीकरण योजनामा अनियमितता भएको भन्नेसमेत।	२०७८।६।२२
१३१.	सर्लाही, पर्सा गाउँपालिका-२ मा सती बेहुला मन्दिर निर्माण योजनामा अनियमितता गरेको भन्नेसमेत।	२०७८।६।२२
१३२.	इटहरी नगरपालिकाद्वारा आ.व. २०७०/७१ मा कार्यान्वयन गरिएको ड्रेन तथा कालोपत्रे निर्माण कार्य, पशुपति हवाई चोक मार्ग-२, सुनसरी योजनामा उपभोक्ता समिति र नगरपालिकाका कर्मचारीहरूको मिलेमतोमा गुणस्तरहीन काम गरेको भन्नेसमेत।	२०७८।७।८
१३३.	यस आयोगबाट मिति २०६९।९।८ को निर्णयबाट रोक्का भएका जग्गाहरू सुकुम्वासी समस्या समाधान आयोग नवलपरासीका तत्कालीन अध्यक्ष मनसोभा	२०७८।७।८

	पाण्डेका उक्त जग्गाहरू फुकुवा गरी पाऊँ भन्ने व्यहोरा समेतका २० थान निवेदन तामेलीमा राख्ने वा नराख्ने तथा उक्त रोक्का भनिएका जग्गाहरू फुकुवा गर्ने वा नगर्ने भन्नेसमेत।	
१३४.	काठमाडौं का.म.न.पा. -१६ सिट नं. १०२-०९८३-२१ कि.नं. ७४ को सार्वजनिक जग्गा मालपोत कार्यालय, डिल्लीबजारसमेतको मिलेमतोमा नक्कली स्रेस्ता बनाई का.म.न.पा. वडा नं. १६ बालाजु हाइट बस्ने राजु थापाको नाममा कायम गरेको भन्नेसमेत।	२०७८।७।८
१३५.	सिद्धार्थनगर नगरपालिका, रूपन्देही डाँडागाउँस्थित लक्ष्मण बरईको नाममा रहेको कि.नं. २१३५ को जग्गाको पछाडि दक्षिणतर्फ अन्दाजी १५ धुर सार्वजनिक जग्गा रहेकोमा निज लक्ष्मण बरईले नापी कार्यालयका कर्मचारीलाई आर्थिक प्रलोभनमा पारी सार्वजनिक जग्गासमेत घुसाई फाइल नक्सा बनाएको भन्नेसमेत।	२०७८।७।८
१३६.	बाँके, खजुरा गाउँपालिका- ८ का वडाध्यक्ष फिरोज खानले खानेपानी विद्युतका लागि विनियोजित रकम आफ्नो मान्छेलाई समितिको अध्यक्ष बनाएर झुटा बिल भरपाई बनाई रकम निकासा गरी हिनामिना गरेको भन्नेसमेत।	२०७८।७।८
१३७.	ललितपुरको महांकाल गाउँपालिकाका सवइन्जिनियर पुरुषोत्तम सङ्गेलले शैक्षिक योग्यता नभए तापनि इन्जिनियरको जागिर खाएको, एकै समयमा दुईवटा गाउँपालिकाबाट तलब खाएको भन्नेसमेत।	२०७८।७।८
१३८.	गोदावरी नगरपालिका, कैलालीस्थित पश्चिमतर्फ महेन्द्र राजमार्गछेउ वरपिपलको दक्षिणतर्फ दूरसञ्चारछेउमा ढल निर्माणका लागि नगरपालिकाबाट विनियोजित रकमको नगरपालिका प्रमुख, प्राविधिक तथा ठेकेदारसमेतको मिलोमतोमा हिनामिना तथा भ्रष्टाचार भएको भन्नेसमेत।	२०७८।७।८
१३९.	भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहल, काठमाडौंको पत्रसाथ संलग्न प्रतिवेदनसमेतका आधारमा मालपोत कार्यालय, कलंकीले घरजग्गाको रजिष्ट्रेसन पास गर्दा थैली रकम घटाएको लगायतका कार्यहरू गरी पुँजीगत लाभकर छली गरेको भन्नेसमेत।	२०७८।७।८
१४०.	सुर्खेत जिल्लास्थित श्री भगवती सामुदायिक वन उपभोक्ता समूहले इलाका वन कार्यालय, छिन्चुबाट छपान मूल्यांकन गरिएको भन्दा कम काठ उत्पादन देखाई हिनामिना गरेको भन्नेसमेत।	२०७८।७।८
१४१.	रौतहट गढीमाई नगरपालिकामा आ.व २०७४/७५ मा धर्मशाला निर्माण गर्दा बढी रकम भुक्तानी गरेको भन्नेसमेत।	२०७८।७।११
१४२.	कुम्भ प्राथमिक विद्यालय, पाल्पाका प्रधानाध्यापक राजु भण्डारीले विद्यालय मर्मत शीर्षक रकम आफूले खाई भरपाई तयार पारेको भन्नेसमेत।	२०७८।७।११
१४३.	भारतीय नागरिक रविन जेभियरले क्यानडाको नक्कली भिसा लगाइदिएको र सो भिसामा अध्यागमनका कर्मचारीहरूले अध्यागमनको छाप लगाई अनियमितता गरेको भन्नेसमेत।	२०७८।७।११
१४४.	का.जि. का.म.न.पा. वडा नं. १३ सिट नं. १०२-११०३-२२ कि.नं. ४९ को जग्गामा मालपोत कार्यालय, कलंकीबाट ट्रायलचेक गर्ने निर्णय गरी उक्त कित्ताको उत्तरतर्फ रहेको नापी कार्यालयको नक्सामा समेत स्पष्ट देखिएको बाटोको जग्गा घुसाई कि.नं. ४९ को साबिक क्षेत्रफल बढी कायम गरेको उजुरी र यसमा संलग्न कर्मचारीहरू र जग्गाधनीलाई कानुनी दायरामा	२०७८।७।११

	ल्याउनुपर्ने भन्नेसमेत।	
१४५.	काठमाडौं महानगरपालिका-६ बौद्धअन्तर्गत तीनचुली चारघरे बस्ने देवध्वज कार्की र उसका छोराहरू अनिलध्वज कार्की र प्रनिलध्वज कार्कीले मिलेर सोही ठाउँमा रहेको करिब १६ रोपनी जग्गा कब्जा गरी भाडामा दिएको भन्नेसमेत।	२०७८।७।११
१४६.	मिति २०७५।१२।१४ मा उ.द.नं. १२०७ दर्ता कायम भएको बाटो भएको जग्गालाई बाटो नभएको भनी सिफारिस गरिदिएको भन्नेसमेत।	२०७८।७।११
१४७.	भारतीय नागरिक प्रशान्त तामाङ (पाखिन) ले झुटा विवरण पेस गरी नेपाली नागरिकता लिएको भन्नेसमेत।	२०७८।७।१५
१४८.	मालपोत कार्यालय, डिल्लीबजारमा घरजग्गाको हक-हस्तान्तरण गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने पुँजीगत लाभकरमा अनियमितता भए गरेको छ छैन भन्नेसमेत।	२०७८।७।१५
१४९.	रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं. ५ बस्ने पशुपति रिजालले झुटा विवरण पेस गरी दोहोरो नागरिकता र राहदानी लिएको भन्नेसमेत।	२०७८।७।१५
१५०.	डडेल्धुरा, अमरगढी न.पा.-४ का खानेपानी आयोजनाको उपभोक्ता समितिका अध्यक्ष मोहनसिंह विष्ट र करन सिंह रावतले खानेपानी डिभिजन कार्यालयका प्रमुख र प्राविधिकलाई आयोजनाको काम नै सम्पन्न नगरी रकम निकासा गरी हिनामिना गरेको भन्नेसमेत।	२०७८।७।१५
१५१.	कपिलवस्तु साबिक जिल्ला विकास समितिको कार्यालयबाट आ.व. २०७१/७२ मा गरिबसँग विशेश्वर कार्यक्रमलगायत अन्य विभिन्न ३२ वटा योजनाहरूको रकममा अनियमितता गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।७।१५
१५२.	खाँदबारी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका काउन्टर सहायक सुरेश ढकाल, लेखापाल लक्ष्मण पराजुली, प्रशासन सहायक जुनिता कार्कीलगायतको संलग्नतामा उक्त संस्थाले महसुल र उपभोक्ताबाट उठाएको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।७।१५
१५३.	अर्घाखाँची मालारानी गाउँपालिका-६ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तला ब्लक कार्यक्रममा विनियोजित बजेटमा समूह र व्यावसायिक किसानलाई दिनुपर्ने अनुदान रकम केही डुब्लिकेट सामान र केही अनुदानका बिरुवा दिएर बजेट हिनामिना गरेको भन्नेसमेत।	२०७८।७।१५
१५४.	मालपोत कार्यालय, डिल्लीबजारमा मोहनबहादुर महर्जनसमेतको नाउँमा दर्ता कायम रहेको जग्गाको हक-हस्तान्तरण गर्दा प्रचलित कानुनबमोजिम असुल गर्नुपर्ने पुँजीगत लाभकर असुलीमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।७।१५
१५५.	राष्ट्रिय वाणिज्य बैंकको सुख्खा बन्दरगाह शाखाका वरिष्ठ सहायक अधिकृत तोर्णराज राउतले भन्सार क्लियरिङका लागि गुड फर पेमेन्ट लेखेको चेक सट्टा एकाउन्ट पेयी चेक भन्सार एजेन्टमार्फत स्वीकार गरी क्लियरिङ गर्दा पर्याप्त मौज्दात नभएको हुँदा भन्सार एजेन्टको मिलोमतोमा बैंकलाई करोडौं रकम हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत।	२०७८।७।१५
१५६.	सप्तरी, रुपनी गाउँपालिका-३ स्थित बर्थिङ सेन्टर भवन निर्माण योजनाका लागि प्राप्त भएको रकम खर्च गर्दा नीति-नियम विपरीत खर्च भएको र विभिन्न पदाधिकारीहरूको मिलेमतोमा कामै नगरी सरकारी रकम हिनामिना भएको भन्नेसमेत।	२०७८।७।१५
१५७.	सुर्खेत चिङ्गाड गाउँपालिका-६ पाम्कास्थित श्री नेपाल राष्ट्रिय आधारभूत	२०७८।७।१५

	विद्यालयमा जिल्ला शिक्षा कार्यालय, सुर्खेतबाट २ कोठे भवन निर्माणको रकम हिनामिना भएको भन्नेसमेत।	
१५८.	जिल्ला प्रशासन कार्यालय, कास्कीका ना.सु. नारायणदत्त सिग्देलसमेतले नागरिकता बनाउँदा रु. दस हजार खाएको भन्नेसमेत।	२०७८।७।१५
१५९.	मंगलसेन नगरपालिका, अछामका मेयर पदमबहादुर बोहरा र कार्यकारी अधिकृत गणेशप्रसाद जैशीसमेतको मिलेमतोमा गाडी खरिदका लागि विनियोजित रकम अनियमितता गरेको भन्नेसमेत।	२०७८।७।१५
१६०.	साबिक केदार अखडा गा.वि.स. वडा नं. ५ बस्ने जितबहादुर बमले विभिन्न समितिमा अध्यक्ष एवं सदस्य पदमा रही कुटानी पिसानी मिलका लागि प्राप्त सरकारी बजेट रकम र स्थानीय गा.वि.स.ले दिएको अनुदान रकम किर्ते कागज गरी अनियमितता गरेको भन्नेसमेत।	२०७८।७।१५
१६१.	वन कार्यालय बारा, सिमराको सेक्टर वन कार्यालय मधुवनअन्तर्गत बोधवन पोष्ट र ककडी इलाका वन कार्यालयअन्तर्गत सहजनाथ साझेदारी वन सिमानाभित्र साना र ठूला सालका रूखहरू नोक्सानी गरी जग्गा अतिक्रमण गरेको भन्नेसमेत।	२०७८।७।१५
१६२.	भक्तपुर चाँगुनारायण नगरपालिका-८ का वडाध्यक्ष परासर सापकोटाले घरबाटो प्रमाणित सिफारिस गर्दा अनियमितता गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको भन्नेसमेत।	२०७८।८।२
१६३.	अर्घाखाँची शीतगंगा नगरपालिका-१० बस्ने उमाकान्त पन्थी, कमल प्रसाद आचार्य, ढकप्रसाद आचार्य लगायतलाई नागरिकता वितरण टोलीले बिना आधार जन्म मिति सच्याई नागरिकताको प्रतिलिपि दिएको भन्नेसमेत।	२०७८।८।२
१६४.	नागरिकताको प्रमाणपत्रको प्रतिलिपि लिँदादिँदा झुटा विवरण पेस गरी गलत लिखत तयार गरे गराएको भन्नेसमेत।	२०७८।८।२
१६५.	सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष पुनाराम वि.क.समेतले सांसद विकास कोषको रकमबाट सल्यान जिल्ला त्रिवेणी गा.पा. त्रिवेणी लुहाम सिम्क मा.वि.देखि ढोरचौरसम्मको बाटोमा रकम भुक्तानी गर्दा राजस्वसमेत छली नापी बुकअनुसार काम नभएको भन्नेसमेत।	२०७८।८।२
१६६.	वादी नेपाल सरकार प्रतिवादी बालनरसिंह घर्तीसमेत भएको बैंकिङ कसुर मुद्दामा ऋणी जम्को प्रकाशन प्रा.लि.का संचालक कश्वर ढकाललाई कर्जा प्रवाह गर्दा किष्ट बैंक लि.का तत्कालीन कार्यकारी प्रमुख प्रतिवादी कमलप्रसाद ज्ञवालीसमेतसँग मिलेमतो गरी ऋणीले राखेको धितो अधिक मूल्यांकन गरी किष्ट बैंक लि.लाई हानि नोक्सानी पुगेको भन्नेसमेत।	२०७८।८।२
१६७.	इलाम साबिक दानाबारी गा.वि.स. वडा नं. २ स्थित कल्पतरु सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूले स्थापनाकालदेखि हालसम्म हुँदै नभएको विकास कार्यको झुटा बिल भरपाई बनाई रकम अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।२
१६८.	सुर्खेत बराहताल गाउँपालिका-८ स्थित जनएकता महिला सामुदायिक वनमा कटान भएका काठहरूमध्ये लगतभन्दा बढी काठ उत्पादन गरेको, काठ समूहभन्दा बाहिर बिक्री वितरण गरेको भन्नेसमेत।	२०७८।८।२
१६९.	दाङ, लमही नगरपालिकाले विपद व्यवस्थापनको नाममा बलाम्पुर पुलको दक्षिणतर्फको नदीबाट ढुंगा बालुवा उत्खनन गरी बिक्री गरी क्रसर उद्योगबाट रकम असुल्ने गरेको भन्नेसमेत।	२०७८।८।२

१७०.	बदगामा-जगतपुर उपभोक्ता समितिका अध्यक्ष रेणु शाहले कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय, पश्चिम कुशाहा, सुनसरीबाट विभिन्न प्रयोजनका लागि भुक्तानी लिएको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।८।२
१७१.	आन्तरिक राजस्व कार्यालय, भद्रपुरअन्तर्गतका करदाता सुरक्षा इन्टरनेसनल ट्रेड कार्यालयले निकासी हुँदाका बखत विदेशी मुद्रा प्राप्त नभएकाले निर्यातित वस्तुलाई स्थानीय बिक्री मानी मूल्य अभिवृद्धि कर निर्धारण भएकोमा सोउपर चित्त नबुझी आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकन गएकोमा कर निर्धारणको निर्णय बदर गरिएको र सो विषयमा आन्तरिक राजस्व कार्यालय, भद्रपुर, झापालाई चित्त नबुझेको भन्नेसमेत।	२०७८।८।६
१७२.	बारा साबिक विसुनपुर र हर्दिया गा.वि.स.का गा.वि.स. सचिव अशोक कुमार श्रीवास्तवले विसुनपुरमा विभिन्न शीर्षकमा छुट्याएको रकम एकमुष्ट निकासा गरी निजी काममा प्रयोग गरेको भन्नेसमेत।	२०७८।८।६
१७३.	हेलन केलर इन्टरनेसनल NGO बाट प्राप्त सहायता रकम दुरुपयोग गरेको भन्नेसमेत।	२०७८।८।६
१७४.	बाँके, बैजनाथ गाउँपालिका वडा नं. ५ स्थित शुभप्रभात बहुमुखी पब्लिक क्याम्पसले कहींकतैबाट सम्बन्धनसमेत नलिई बैजनाथ गाउँपालिकाबाट गैरकानुनी तवरबाट रकम विनियोजन गरेको र उक्त क्याम्पसको भवन निर्माण र प्राविधिक विषयको पठनपाठन संचालनका लागि पनि रकम विनियोजन गरेको भन्नेसमेत।	२०७८।८।६
१७५.	जिल्ला स्वास्थ्य कार्यालय, धनकुटाका कार्यालय प्रमुख डा. फणीन्द्रप्रसाद बरालले सार्वजनिक खरिद ऐनविपरीत एम्बुलेन्स खरिद गरेको भन्नेसमेत।	२०७८।८।६
१७६.	जिल्ला प्रशासन कार्यालय, धनकुटाका प्रशासकीय अधिकृत जयराम श्रेष्ठसमेतले आर्थिक चलखेल गरी रामबहादुर राईलाई नक्कली बाबु खडा गरी विद्या राई, मणि राई, सरोज राई र अनिश राईलाई नागरिकता बनाइदिएको भन्नेसमेत।	२०७८।८।६
१७७.	नेपाल बार एसोसिएसन, कपिलवस्तु भवनको तला थप निर्माण कार्यका लागि साबिक जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तुबाट र बार एसोसिएसन, कपिलवस्तु उपभोक्ता समितिबाट रकम लिई सम्झौताअनुसार काम नगरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।८।६
१७८.	पर्सा पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष हरिनारायण चौधरी र प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार चौधरीले भलुवाही र जमुनिया खोलाबाट नदीजन्य पदार्थ उत्खनन, निकासी तथा बिक्री वितरण गर्ने विषयमा बोलपत्र आह्वान गर्दा कम मूल्यमा सकार गर्नेलाई काम दिई अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।६
१७९.	जिल्ला प्रशासन कार्यालय, मोरङका खरिदार टेकबहादुर श्रेष्ठसमेतले गैरकानुनी रूपमा कार्यालयको रेकर्ड सच्याई नागरिकता जारी गरेको भन्नेसमेत।	२०७८।८।७
१८०.	यातायात व्यवस्था कार्यालय, बुटवल रुपन्देहीका तत्कालीन कार्यालय प्रमुख जीवनप्रसाद दुलालसमेतले परीक्षाको परिणाम फेरबदल गरी सवारी चालक अनुमतिपत्र जारी गरेको हुन सक्ने भन्नेसमेत।	२०७८।८।७
१८१.	सर्लाही, कौडेना गाउँपालिका वडा नं. ७ मा विवाह मण्डप निर्माण योजनामा वास्तविक रूपमा भएको कार्यभन्दा बढी परिमाण तथा हुँदै नभएको कार्यको समेत नापी किताबमा उल्लेख गरेको भन्नेसमेत।	२०७८।८।१३

१८२.	इलाम, रोङ गा.पा. २ स्थित श्री साना किसान कृषि सहकारी संस्था लि.का अध्यक्ष लक्ष्मीकान्त घिमिरेले रोङ गा.पा. र कृषकहरूबाट प्राप्त रकम बाखा खरिदमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।१३
१८३.	सिरहा, सखुवा नन्कारकट्टी गा.पा. २ स्थित श्री मनेलाल जनता मा.वि.को मर्मतलगायत कार्यका लागि प्राप्त रकम अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।१३
१८४.	धादिङ नौबीसे गा.वि.स. वडा नं. २ख कित्ता नं. १४, ३७६ र ३८० का खोल्सी कायम रहेको जग्गा कित्ताकाट गरी व्यक्ति विशेषका नाउँमा कायम गरेको भन्नेसमेत।	२०७८।८।१३
१८५.	क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, परवानीपुर, बाराले आ.व. २०७२/७३ को कुल राजस्व आम्दानी रकमभन्दा कम मात्र राजस्व दाखिला गरेको, जुनसुकै किसिमबाट प्राप्त हुन आएको राजस्व रकम नियमानुसार सोही दिन वा बढीमा ३ दिनभित्र बैंक दाखिला गरिसक्नुपर्नेमा महिनौंसम्म निजी प्रयोजनका लागि अपचलन गरेको भन्नेसमेत।	२०७८।८।१३
१८६.	रौतहट, साबिक डुमरिया परोह गा.वि.स.मा कार्यरत तत्कालीन गा.वि.स. सचिव जगतप्रसाद साहले गा.वि.स.को रकमबाट फर्निचर खरिदको रकम र गा.वि.स. भिलेज प्रोफाइलको रकम अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।१३
१८७.	लालबकैया नदी नियन्त्रण आयोजना समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७८।८।१३
१८८.	नवलपरासी बर्दघाट सुस्ता पश्चिम सरावल गाउँपालिका-१ बसाबसहीस्थित वसन्त मा.वि.का प्र.अ. गोविन्दप्रसाद गौतम तथा लेखापाल शिवराम न्यौपानेसमेतले विद्यालय व्यवस्थापन समितिबाट निर्णय नभएको शीर्षकमा रकम लिएको र विभिन्न शीर्षकमा लिएको शुल्क विद्यालयमा आम्दानी नदेखाएको भन्नेसमेत।	२०७८।८।१३
१८९.	पुष्पलाल मध्यपहाडी राजमार्ग योजना कार्यालय धुलिखेलमा कार्यरत सवइन्जिनियर नारायणगोपाल श्रेष्ठसमेतले कार्यक्रम बेगर अत्यधिक पेश्की लिई नक्कली बिल भरपाई बनाई नक्कली सहीछाप गरी अमानतबाट काम गरेको भन्नेसमेत।	२०७८।८।१३
१९०.	तनहुँस्थित आबुखैरेनी गाउँपालिका अध्यक्ष गिरबहादुर थापासमेतले पदको दुरुपयोग गरी मर्स्याङ्दी नदी किनारको नदीजन्य पदार्थ ठेक्का लगाउने कार्यमा अनियमितता गरी राजस्व हिनामिना गरेको भन्नेसमेत।	२०७८।८।१३
१९१.	रुकुम पश्चिम सानीभेरी गाउँपालिकाका खरिद इकाइ प्रमुख खिमप्रकाश शाहसमेतले औषधी, ल्यापटप, ट्याबलेट आदि खरिद प्रक्रियामा अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।१३
१९२.	अर्घाखाँची, शीतगंगा नगरपालिकाका वडा नं. १ निवासी ठगबहादुर कुँवरले पुरानो नागरिकता च्याती सोही नागरिकता २००२ सालको बनाई वृद्ध भत्ता खुवाएको भन्नेसमेत।	२०७८।८।१३
१९३.	सर्लाही, निर्वाचन क्षेत्र नं. २(ख) मा कम्प्युटर सप्लाई तथा वितरण गर्ने कार्यमा अनियमितता भए गरेको हुनसक्ने भन्नेसमेत।	२०७८।८।१३
१९४.	श्री जनचेतना राष्ट्रिय प्रा.वि., सप्तरीका प्रधानाध्यापक मोहम्मद गुल्जार मियाँले आ.व. २०६६/६७ मा तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट शौचालय निर्माणका लागि निकासा भएको रकम अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।१३
१९५.	नापी विभागबाट भू-उपयोग नक्सा बनाउने कार्यका निमित्त नियुक्त भएका	२०७८।८।१३

	विज्ञहरूले पेस गरेका कागजातहरू नक्कली रहेको भन्नेसमेत।	
१९६.	कैलाली जोशीपुर गाउँपालिका वडा. नं. ३ स्थित सामुदायिक वन क्षेत्रमा ग्रिनल्याण्ड सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अमित वडायक तथा कार्यालय सचिव रामदास चौधरीले सामुदायिक वनक्षेत्रभित्र भएका साल, सिमल, आसनाका काँचो रूखहरू काटी मनोमानी ढंगले वन फँडानी गरी बिक्री गरेको भन्नेसमेत।	२०७८।८।१३
१९७.	सिरहाको साबिक हनुमाननगर गा.वि.स. प्र.ध. वडा नं.-७ हाल धनगडीमाई नगरपालिका वडा नं. ३ स्थित जितन साह तेलीको नाउँमा रहेको कि.नं. २८० क्षेत्रफल ०-१२-१६ जग्गा बिक्री गर्दा उक्त वडाका वडाध्यक्ष देवकुमार साहले बाटो भएको जग्गालाई बाटो नभएको भनी सिफारिस गरिदिएको भन्नेसमेत।	२०७८।८।१३
१९८.	स्वास्थ्य कार्यालय म्याग्दीमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।८।१३
१९९.	रौतहटको साबिक फतुवा हर्षाहा गा.वि.स.अन्तर्गत आ.व. २०६७/६८ देखि २०७०/७१ सम्म बजेट परिचालनमा भएको अनियमितता र पेश्की रकम लिई फछर्यौट नगरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।८।२०
२००.	बाराको साबिक बेनौली गाउँ विकास समितिको कार्यालयबाट आ.व. २०६२/६३ देखिको पेश्की रकमसमेतको विभिन्न २२ वटा विषयमा आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।८।२०
२०१.	रौतहटको साबिक विसनपूर्वा मानपुर गा.वि.स.को आ.व. २०६७/६८ देखि २०७०/७१ सम्मको सरकारी रकम लगानी दुरुपयोग भई भ्रष्टाचार भएको भन्नेसमेत।	२०७८।८।२०
२०२.	रौतहटस्थित साबिक पिप्रा भगवानपुर गा.वि.स.समेतमा सामाजिक सुरक्षा भत्ता, अनुदान रकम दुरुपयोग गरेको भन्नेसमेत।	२०७८।८।२०
२०३.	भैरवी माध्यमिक विद्यालय अशोकवाटिका, विदुर नगरपालिका २, नुवाकोटका पूर्व प्रधानाध्यापक राम रिझन यादवले बिरामी बिदाको कटौती नगरी स्वीकृत गराई बिदाको रकम लिएको भन्नेसमेत।	२०७८।८।२०
२०४.	पर्सा, विन्दवासिनी गाउँपालिका वडा नं. २ का वडाध्यक्ष संजय चौहानले शौचालय सेड निर्माणबापतको पेश्की रकम नियमानुसार फरफारक गर्नुपर्नेमा अवधि सकिएको दुई वर्षसम्म पनि कागजातसमेत पेस नगरेको भन्नेसमेत।	२०७८।८।२०
२०५.	रौतहटका गरुडा वैरिया, जेठहरिया, विसनपूर्वा मानपुर, कनकपुरलगायतका स्थानीय निकायले सरकारी बजेट परिचालनमा अनियमितता गरेको भन्नेसमेत ।	२०७८।८।२०
२०६.	रौतहट, साबिक सखुअवा गा.वि.स.मा प्राप्त स्थानीय निकायको सरकारी बजेट परिचालनमा अनियमितता भएको भन्नेसमेत।	२०७८।८।२०
२०७.	रौतहट, साबिक कटहरिया गा.वि.स.मा प्राप्त सरकारी तथा अर्धसरकारी अनुदान रकम, सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणलगायतको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।८।२०
२०८.	रौतहटको साबिक दिपही गा.वि.स.को सचिव र उपभोक्ता समितिसमेतको मिलेमतोमा गाउँ परिषद्को निर्णय नगरी पाँच लाख रुपैयाँ बिनाकाम मासी हिनामिना गरेको भन्नेसमेत।	२०७८।८।२०
२०९.	रौतहटको साबिक मिठुअवा गा.वि.स.मा प्राप्त सरकारी तथा अर्धसरकारी अनुदान रकम, सामाजिक सुरक्षा भत्ता, स्थानीय पूर्वाधार विकास निर्माणलगायतको रकम	२०७८।८।२०

	हिनामिना गरेको भन्नेसमेत।	
२१०.	जिल्ला विकास समितिको कार्यालय, रौतहट र महम्मदपुर गाउँ विकास समितिलगायतका अन्य गा.वि.स.हरूमा समेत सरकारी, अर्धसरकारी अनुदान रकम दुरुपयोग भई भ्रष्टाचार र अनियमितता भएको भन्नेसमेत।	२०७८।८।२०
२११.	रौतहटको साबिक धर्मपुर, मदनपुर, समनपुर, लक्ष्मीपुर दोस्तिया, प्रतापपुर, पल्टुवा, पतौरा, सरमजुवा, जटहरा र गढो गा.वि.स.मा सरकारी बजेट परिचालनमा अनियमितता भएको भन्नेसमेत।	२०७८।८।२०
२१२.	रौतहट, साबिक वैरिया, औरिया, बसविट्टी, पिप्रापोखरिया, इनरुवा र देवही गा.वि.स.मा प्राप्त सरकारी तथा अर्ध सरकारी अनुदान रकमसमेत हिनामिना भएको भन्नेसमेत।	२०७८।८।२०
२१३.	काठमाडौं महानगरपालिका-१४ स्थित कि.नं. २६४ र २६५ को जम्को प्रकाशन प्रा.लि.को जग्गा कोमानन्द अधिकारीले प्रारम्भिक र पूर्ण मूल्यांकन गर्दा बढी मूल्यांकन गरी गराई सिद्धार्थ विकास बैंकबाट रु.१३ करोड कर्जा प्रवाह गराई बैंकिङ कसुर गरेको भन्नेसमेत।	२०७८।८।२३
२१४.	पाँचथर जिल्लाअन्तर्गतका विभिन्न ८ स्थानीय तहहरूमा सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको भन्नेसमेत।	२०७८।८।२३
२१५.	रौतहट, गढीमाई नगरपालिका-६ का वडा सदस्य महेन्द्र राय यादव र वडा सचिव आशिषकुमार साहसमेतको मिलेमतोमा भारतीय नागरिक कन्हैया राय यादवलाई नेपाली नागरिकता प्रमाणपत्रको सिफारिस गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।८।२३
२१६.	कैलालीको जनस्वास्थ्य कार्यालयले नगर स्वास्थ्य केन्द्रका लागि मौखिक अन्तर्वार्ता लिने भन्दै विभिन्न पदमा विज्ञापन आह्वान गरेको तर विज्ञापन अनुसार मौखिक अन्तर्वार्ता नलिएर लिखित परीक्षा लिएको भन्नेसमेत।	२०७८।८।२३
२१७.	शिखर हरियाली सामुदायिक वन उपभोक्ता समूह, चितवनका पूर्व पदाधिकारीहरू चन्द्रबहादुर लामा, पदम थपलिया र शमशेर लामाले आफ्नो कार्यकालमा अनियमित रूपमा अत्यधिक रूख कटान गरेको भन्नेसमेत।	२०७८।८।२३
२१८.	गोरखा नगरपालिकाको औषधी खरिदको सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित भएकोमा सो सूचना नछापिएका प्रभाव दैनिकका प्रतिहरू बजारमा पठाई प्रतिस्पर्धालाई खुम्च्याउने काम गरिएको भन्नेसमेत।	२०७८।८।२३
२१९.	विराटनगर उ.म.न.पा.का तत्कालीन कार्यकारी अधिकृत रामाधीन यादवसमेतले नियमविपरीत दोहोरो भत्ता लिएको भन्नेसमेत।	२०७८।८।२३
२२०.	नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालय साबिक धोरे गा.वि.स. ३, पर्साको भवन निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७८।९।१
२२१.	श्री खापर देवस्थली आधारभूत विद्यालयको शिक्षक नियुक्तिमा अध्यापन अनुमतिपत्र नभएको धर्मी बुढालाई नियुक्ति गरेको भन्नेसमेत।	२०७८।९।१
२२२.	गोगन उ.मा.वि. कास्कीका प्र.अ. मोहनराज बरालले विद्यालय भवन निर्माण कोटा प्राप्त गर्न जिल्ला शिक्षा कार्यालय, कास्कीका सवइन्जिनियर दिनेश कुमार यादवलाई घुस रिसवत दिएको भन्नेसमेत।	२०७८।९।१
२२३.	सप्तरी, साबिक गा.वि.स. सिस्वाबेल्ही-५ मा रहेको स्रेस्तामा गोबिन्दबहादुर मल्लको नाममा कायम रहेको साबिक कि.नं. १७५६ को जग्गामध्ये गाउँ ब्लकमा कायम ०-५-१३ को जग्गामा घर बसोबास रहेकोमा गंगाप्रसाद साहले	२०७८।९।१२

	७ नं. फाँटवारीमा केरमेट गरी बाजे हिराई साह तेलीको नाममा कि.नं. १७५६ थपी मालपोत कार्यालय, राजविराज, सप्तरीमा निवेदन दिएको भन्नेसमेत।	
२२४.	संखुवासभा चिचिला गा.पा.-१ को तीनखोप्रे-लोक्ताम-नयाँबस्ती सडक निर्माण गर्दा विनियोजित रकममध्ये केही रकम मात्र सडक निर्माणमा प्रयोग गरी बाँकी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।९।१२
२२५.	आर्थिक वर्ष २०७५/७६ मा प्रदेश नं. २ का विभिन्न मन्त्रालय र निकायअन्तर्गत संचालन भएका योजना तथा कार्यक्रमहरूको मूल्यांकन रकम फरक पर्न गएको, रौतहटको माधवनारायण नगरपालिका वडा नं. ६ मा सूर्य मन्दिर निर्माण योजनामा वास्तविक रूपमा भएको कार्यभन्दा बढी हुँदै नापी किताबमा उल्लेख गरी भुक्तानीका लागि पेस भएको भन्नेसमेत।	२०७८।९।१२
२२६.	निजगढ नगरपालिका वडा नं. ९ को क्षेत्रफल १-९-८ बिघा जग्गा उजुरीकर्ताका लालबहादुर श्रेष्ठले ४० वर्षदेखि भोगचलन गर्दै आएकोमा २०५५ सालमा नेपाल सरकारको सुकुम्बासी समस्या समाधान आयोगले ०-९-८ जग्गाको लालपुर्जा दिएकोमा हाल आएर भू-माफिया प्रेमबहादुर थापा मगरले नक्कली पुर्जा दूषित दर्ता गरी आएको हुनाले सम्बन्धित कर्मचारी र सनाखत गर्नेहरूलाई कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७८।९।१२
२२७.	आर्थिक वर्ष २०७५।७६ मा प्रदेश नं. २ का विभिन्न मन्त्रालय र निकायअन्तर्गत संचालन भएका योजना तथा कार्यक्रमहरूको सम्बन्धित कार्यालयबाट गरेको मूल्यांकन र उच्चस्तरीय संसदीय समितिले पेस गरेको हालको मूल्यांकन रकम फरक-फरक देखिएको, कतिपय योजना दोहोरो रहेको भन्नेसमेत।	२०७८।९।१२
२२८.	सुनसरी इनरुवा नगरपालिकाले सेवा करारमा पदपूर्तिसम्बन्धी सूचना प्रकाशन गरेकोमा उक्त सूचनाबमोजिम लिखित परीक्षा संचालन गरी अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा संचालन नै नगरी अनुत्तीर्ण व्यक्तिहरूलाई कामकाजमा लगाइरहेको र पदपूर्तिसम्बन्धी कार्य रोकेको भन्नेसमेत।	२०७८।९।१२
२२९.	कयरे खानेपानी योजनामा अनियमितता गरेको भन्नेसमेत।	२०७८।९।१२
२३०.	रुपन्देही, सम्मरीमाई गाउँपालिकाको आ.व. २०७४/७५ मा विनियोजन भएको सोलार बत्ती जडानमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।९।१२
२३१.	सुर्खेत भेरीगंगा नगरपालिका-१० बस्ने हरिप्रसाद उपाध्याय (गौतम) ले उमेर बढाई सामाजिक सुरक्षा भत्ता लिएको भन्ने समेत।	२०७८।९।१६
२३२.	अध्यागमन विभागमा काजमा कार्यरत नेपाल प्रहरीका हवल्दार हिमाला गुरुङले बर्मेली नागरिक नूर महमदलाई नेपाली नागरिकता र राहदानी बनाई विदेश पठाई दिने भनी साउदी अरबमा रहेका निजका दाजुबाट पटक-पटक ठगी गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।९।१६
२३३.	गोरखा, पालुङटार नगरपालिका-१ स्थित मजुवाखोला सातदोबाटो खानेपानी समितिले नयाँ पाइप खरिद गरी जडान गर्नुपर्नेमा प्राविधिकहरूको मिलेमतोमा पुरानो पाइप जडान गरी पिटर कुमार श्रेष्ठले रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।९।१६
२३४.	दोलखा, भीमेश्वर नगरपालिका-८ बोचमा सरकारको समेत सहयोगमा दक्षिण एसियाकै ठूलो लगानीमा सुरु गरिएको गाई फर्म अलपत्र रहेको, फार्ममा गाई नभएका र सञ्चालक पनि सम्पर्कमा नरहेको भन्नेसमेत।	२०७८।९।१६

२३५.	सल्यानको कालीमाटी गाउँपालिकाले उपभोक्ता समितिमार्फत सडक निर्माणका लागि स्क्याभेटर प्रयोग गर्दा कुनै कोटेसन र दररेट नखुलाई गोप्य तरिकाले बाटो खन्न लगाई भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।९।१६
२३६.	पर्वतको कुश्मा नगरपालिकाले नदीजन्य पदार्थको बिक्री तथा निकासी कर संकलन गर्दा प्रदेश सरकारले तोकेभन्दा कम दररेट राखी राजस्व रकम कम उठाई सरकारी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।९।१६
२३७.	नेपाल दूर सञ्चार तालिम केन्द्र बबरमहल, काठमाडौंमा संचालन भएका विभिन्न तालिम कार्यक्रममा देशका विभिन्न दूरसंचार कार्यालयहरूबाट अधिकृत स्तरका कर्मचारीहरू सहभागी हुन आउँदा आवतजावत गरेको भनी पेस गरेका हवाईजहाज टिकटहरू नक्कली पेस गरी भुक्तानी लिएको भन्नेसमेत।	२०७८।९।१६
२३८.	सिरहा, गा.वि.स. लहान बजार वडा नं. ६ख को कार्यालयमा सुरक्षित रहनुपर्ने चालु पर्मा ट्रेस नक्सामा अनुचित लाभ लिने मनसायका साथ केरमेट, थपघट गरी सरकारी कागजात सच्याउने कार्य गरेको भन्नेसमेत।	२०७८।९।१६
२३९.	आर्थिक वर्ष २०७५।७६ मा प्रदेश नं. २ का विभिन्न मन्त्रालय र निकाय अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रमहरूको सम्बन्धित कार्यालयबाट गरेको मूल्यांकन र उच्चस्तरीय संसदीय समितिले गरेको मूल्यांकन रकम फरक पर्न गएकोमा उक्त योजनाहरूको छानबिन गर्ने क्रममा वास्तविक रूपमा भएको कार्यभन्दा बढी हुँदै नभएको कार्यको समेत नापी किताबमा उल्लेख गरी भुक्तानीका लागि पेस भएको भन्नेसमेत।	२०७८।९।१६
२४०.	बाग्मती गाउँपालिका वडा नं. ५, इकुडोलको भकारीडाँडा चिली भञ्याङ हुँदै चिलाथुम्कासम्म कृषि सडक निर्माण गर्दा मिलेमतोमा बढी भुक्तानी दिएको भन्नेसमेत।	२०७८।९।१६
२४१.	राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, बबरमहलबाट धनगढीमा संचालित एउटै तालिमलाई २ वटा देखाई रु.७ लाख ५७ हजार निकासा गराई धनगढीको सुयस चन्द र चित्रराजलाई नक्कली प्रशिक्षक बनाई नक्कली बिल भरपाई पेस गरेर रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।९।१९
२४२.	आर्थिक वर्ष २०६७/६८ देखि २०७०/७१ सम्म रौतहट जिल्लास्थित बगही गा.वि.स.मा सरकारी बजेट परिचालनमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।९।१९
२४३.	प्रदेश नं. २, प्रदेश वन निर्देशनालयअन्तर्गत महोत्तरी जिल्ला, पिपरा गा.पा.-५, स्थित राधाकृष्ण मन्दिर निर्माण उपभोक्ता समितिले अनियमितता गरेको भन्नेसमेत।	२०७८।९।१९
२४४.	महोत्तरी, जलेश्वर न.पा. वडा नं. ८ मा किर्तन मण्डप निर्माण गर्दा बिल तथा कार्यको परिमाण दोब्बर राखेको भन्नेसमेत।	२०७८।९।१९
२४५.	काठमाडौं कान्ति बाल अस्तपाल, महाराजगञ्जसमेतले औषधी खरिद गर्दा बोलपत्रदताले अधिकतम अंकित मूल्यभन्दा बढी कबोल गरेकोमा बोलपत्रदातासँग वार्ता गरी थपघट गरेको भन्नेसमेत।	२०७८।९।१९
२४६.	मालपोत कार्यालय, दमक, झापामा कार्यरत कर्मचारीहरू किरण पाठक, टंकनाथ वस्ती, सरिता दास केवरत र यज्ञनिधि गौतमले सेवाग्राही/विचौलियामार्फत रकम लिएको भन्नेसमेत।	२०७८।९।१९
२४७.	नापी कार्यालय, दमक, झापामा सहायक कम्प्युटर अपरेटर (करार) पदमा कार्यरत दिलमाया शर्मा (थापा) ले सेवाग्राहीमार्फत कार्यालय परिसर बाहिर	२०७८।९।१९

	रकम लिएको भन्नेसमेत।	
२४८.	लमजुङ, बेंसीसहर नगरपालिकाले आफ्नो क्षेत्रका खोला, नदीहरूमा ढुंगा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री कार्य गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृत मापदण्ड, २०७७ बमोजिम वातावरणीय प्रभाव मूल्यांकन नगरी राजस्व संकलन र संकलित राजस्व दुरुपयोग गर्ने नियतले २ वटा सूचना जारी गरी उत्खनन् तथा बिक्री कार्य गरेको भन्नेसमेत।	२०७८।९।१९
२४९.	गुल्मी, साबिक खड्कोट गा.वि.स.-५, हाल कालीगण्डकी गाउँपालिका, वडा नं. ६, मा रहेको तोलाकोट प्राथमिक विद्यालय, बरल्वाका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले शौचालय निर्माण नगरी दुई लाख रुपैयाँ झ्वाम पारेको र २ कोठे ब्लक भवन बनाउनुपर्नेमा आफूखुसी २ कोठे नापमा ३ कोठे भवन बनाएको भन्नेसमेत।	२०७८।९।१९
२५०.	पाँचकटिया जुम्ला सडक (ठेक्का नं. १२५/०७०/७१) निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।९।२२
२५१.	कास्की, पोखरा महानगरपालिका-१९ ठुलीपोखरीमा पार्क निर्माण गर्ने नाममा वन कार्यालयको सहमतिबिना विभिन्न जातका रूखहरू कटान गरेको भन्नेसमेत।	२०७८।९।२२
२५२.	सिरहा, सिरहा नगरपालिका-१४ स्थित नवटोलीमा सल्हेश मन्दिर मर्मतसम्भार तथा निर्माण योजनाको अन्तिम नापी किताब/कार्य सम्पन्न प्रतिवेदनमा कुल मूल्यांकन रकम भुक्तानीका लागि बढी रकम सिफारिस गरेको भन्नेसमेत।	२०७८।९।२२
२५३.	सर्लाही, बलरा नगरपालिका-८ का वडाध्यक्ष रविकुमार साह र वडा सचिव अशोक गुप्तासमेतको मिलेमतोमा भारतीय नागरिक शिवजी ठाकुरलाई नेपाली नागरिकता प्रमाणपत्रको सिफारिस गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।९।२२
२५४.	शिक्षा कार्यालय, दोलखामा शिक्षक सेवा आयोगद्वारा दोलखा पशुपति कन्या मा.वि. चरिकोटमा लिइएको परीक्षामा उपसचिव गोविन्दराज सेढाईं केन्द्राध्यक्ष भई आफ्नी श्रीमती गीता सिवाकोटी सेढाईंको नाम निकाल्ने अभिप्रायले अनुचित कार्य गरेको भन्नेसमेत।	२०७८।९।२२
२५५.	कञ्चनपुरको साबिक सुडा गा.वि.स. वडा नं. २, ४ र ५ को नक्सा र भोगभन्दा फरक ठाउँमा अस्वाभाविक कित्ता कायम गरी जग्गा दर्ता गरेको भन्नेसमेत।	
२५६.	अछाम ढकारी गाउँपालिका-८ स्थित दहमन्तोली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तुलाराम उपाध्याय र सचिव विशाखर जैशीले आ.व. २०६७।६८ देखि २०७५।७६ सम्मको आर्थिक कारोबारको आयव्यय हिसाब प्रस्ट नराखी मनोमानी गरी रु.१० लाख हिनामिना गरेको भन्नेसमेत।	२०७८।९।२६
२५७.	सुनसरी साबिक पश्चिम कुशाहा गाउँ विकास समिति-६ स्थित श्री कोशी माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक श्री लक्ष्मण यादवसमेतले पदको दुरुपयोग गरी विगत तीन आ.व.देखि लेखापरीक्षणसमेत नगराई विद्यालयको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।९।२६
२५८.	जिल्ला रौतहट, प्राथमिक विद्यालय खोर, वृन्दावन न.पा.-१ को मर्मतसम्भारसम्बन्धी कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७८।९।२६
२५९.	रौतहट कटहरिया न.पा.-९ का वडा अध्यक्ष नन्दलाल हजारा र इन्जिनियरसमेतको मिलेमतोमा कटहरिया न.पा.-९ स्थित तुफानीको खेतदेखि तरहारी नदीसम्म कल्भर्ट निर्माण कार्यको कुनै काम नै नगरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।९।२६

२६०.	बारा, कलैया उपमहानगरपालिका-१ खैउरा सडक स्तरोन्नति कार्यमा पूर्वाधार विकास कार्यालय, वीरगञ्जसमेतबाट भएको मूल्यांकनमा फरक देखिनुमा वास्तविक भए गरेको कार्यभन्दा बढी परिमाण चढाई भुक्तानीका लागि सिफारिस गरेको देखिन आएको भन्नेसमेत।	२०७८।९।२६
२६१.	काठमाडौं तारकेश्वर नगरपालिकासमेतले भवन निर्माण कार्यमा नजिकको नातेदार निर्माण कम्पनीलाई काम दिलाउने मनसायले अधिकांश शीर्षकमा अनियमितता गर्ने नियतले लागत अनुमान तयार गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।९।२६
२६२.	डडेल्धुराको भागेश्वर गाउँपालिका- ४ स्थित बगरकोट खानेपानी आयोजना निर्माणका लागि उपभोक्ता समितिका अध्यक्ष ईश्वरीदत्त पन्तले जिल्ला खानेपानी डिभिजन कार्यालयका प्राविधिकको मिलेमतोमा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१०।४
२६३.	गुल्मी रुरुक्षेत्र गाउँपालिकास्थित श्री संस्कृत तथा साधारण माध्यमिक विद्यालयका प्र.अ. भोजराज गौतमले माध्यमिक तहमा शिक्षक नियुक्ति गर्दा आर्थिक चलखेल गरी अध्यापन अनुमतिपत्र नभएका मनोज चौधरी र मुकेश श्रेष्ठलाई नियुक्ति गरेको भन्नेसमेत।	२०७८।१०।४
२६४.	परशुराम नगरपालिका, डडेलधुरा, भागेश्वर मा.वि.का प्र.अ. नैनसिंह धामी र आ.व. २०६६/६७ सालतिरका वि.व्य.स. अध्यक्ष वीरबहादुर भण्डारीले साबिक शिर्षा गा.वि.स.बाट छात्राबास निर्माणका लागि निकासा भएको रकमको कुनै काम नगरी हिनामिना गरेको तथा तत्कालीन शिर्षा गा.वि.स. सचिव विष्णुदत्त भट्टले छात्राबास निर्माणको रकम विद्यालयको खातामा नदिई अध्यक्ष वीरबहादुर भण्डारीलाई दिई हिनामिना गरेको भन्नेसमेत।	२०७८।१०।४
२६५.	रौतहट, कटहरिया नगरपालिकाका उपमेयर नुरजहाँ खातुन र कार्यकारी अधिकृत राजदेव मुखिया विन विरुद्ध फत्तेपुरमा सडक निर्माण गर्ने शीर्षकमा विनियोजन भएको रकम श्यामाकान्त यादवको अध्यक्षतामा निर्माण समिति बनाई कार्य सम्पन्न नगरी नक्कली कागजात तयार पारी सो रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१०।४
२६६.	प्रदेश नं. २, प्रदेश वन निर्देशनालयअन्तर्गत सप्तरी जिल्ला, विष्णुपुर गा.पा.-१, स्थित कुमली र ठाकुर पोखरी निर्माण उपभोक्ता समितिले गरेको कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१०।४
२६७.	पशु विकास अधिकृत डा. सीता भट्टराईसमेतले सहकार्यमा ग्रामीण कुखुरा ह्याचरी स्थापनाका लागि छ्नौटमा परेका तीनवटा फर्महरूमध्ये दोस्रो नम्बरको काहुँडाँडा एभिएन एग्रो फर्म पोखराका संचालक राजुबहादुर खत्रीलाई सम्झौता गर्न आउँदा सम्झौता नगराई फिर्ता पठाएको भन्नेसमेत।	२०७८।१०।४
२६८.	डोटीको पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष दीर्घराज बोगटीसमेतले गुरुयोजना निर्माण गर्दा फर्जी कागजात तयार गरी रकम भुक्तानी गरेको भन्नेसमेत।	२०७८।१०।४
२६९.	बर्दिया, ठाकुरबाबा नगरपालिका-१ स्थित त्रिभुवन मा.वि. रोड, फुलबारी टोल र आदर्शनगर टोलमा बाटो कालोपत्रे र नाला निर्माण योजनाको ठेक्का सम्झौता गर्दा करसहितको मूल्यमा सम्झौता भएको देखिएको कार्यादेश तथा अन्तिम बिल भुक्तानी, सम्झौताको शर्तविपरीत भएको भन्नेसमेत।	२०७८।१०।१३
२७०.	सुर्खेतको गुर्भाकोट नगरपालिका-१० स्थित भेडाबारी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष थमानबहादुर खत्रीले आफ्नै पक्षका व्यक्तिहरूलाई समितिमा	२०७८।१०।१३

	राखी एकलौटी तरिकाले कार्ययोजना विपरीत खर्च गर्दै रकम हिनामिना गरेको भन्नेसमेत।	
२७१.	गरिबी निवारण कोषमा सहयोगी संस्था एवं तालिम दिने संस्थाको छनोटमा अनियमितता भएको भन्नेसमेत।	२०७८।१०।१३
२७२.	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र पोखराले नवलपुरको गैंडाकोटमा संचालन गरेको वैज्ञानिक वन व्यवस्थापन तालिममा केन्द्रका निर्देशक राजेन्द्रकुमार वासुकलासमेत ५ जनाले गैरकानुनी रूपमा दोहोरो भत्ता बुझी लिएको भन्नेसमेत।	२०७८।१०।१३
२७३.	बाँके रापी सोनारी गा.पा.-३ मा सञ्चालित भवानीपुर स्कुलदेखि सिसुवा गाउँसम्म बाटो पिच निर्माण कार्यमा विनियोजन भएको रु.५० लाख उपभोक्ता समितिका अध्यक्ष श्री ठाकुर थारुसमेतले अनियमितता गरेको भन्नेसमेत।	२०७८।१०।१३
२७४.	हुम्लास्थित नाम्खा गाउँपालिकाका हे.अ. दानबहादुर बोहोराले औषधी खरिद प्रक्रियामा नक्कली बिल पेस गरी रकम भुक्तानी लिएको भन्नेसमेत।	२०७८।१०।१७
२७५.	कास्की पोखरा महानगरपालिका-२० को तुरतुरे बिमिरे बस्ती संरक्षण योजनाअन्तर्गत ग्याबिन जाली हाल्ने क्रममा वडाका पदाधिकारी र कर्मचारीको मिलोमतोमा कमसल काम गरी सरकारी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१०।१७
२७६.	धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा भौतिक निर्माण तथा सुधार, शिक्षक नियुक्ति लगायतका कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७८।१०।१७
२७७.	बारा, कलैया उपमहानगरपालिकाले सुरक्षित आप्रवासन कार्यक्रम संचालन गर्न स्थानीय सेवाप्रदायक संस्था छनौटमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१०।१७
२७८.	सर्लाही, हरिवन नगरपालिकाद्वारा आयोजित दोस्रो मेयरकप फुटबल प्रतियोगितामा खर्च भएको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१०।१७
२७९.	धादिङ, ज्वालामुखी गाउँपालिका-२, मैदीस्थित श्री संस्कृत तथा साधारण उच्च माध्यमिक विद्यालयका तत्कालीन प्रधानाध्यापक हालका शिक्षक पौषप्रसाद तिवारीले विद्यालयको लागि खरिद जग्गा आफ्नै नाममा रजिष्ट्रेसन पास गरी विभिन्न समयमा आर्थिक लाभसमेत लिएको भन्नेसमेत।	२०७८।१०।१७
२८०.	रौतहट गढीमाई न.पा.का निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा समाज विकास केन्द्र नेपाल नामक संस्थाका अध्यक्ष ननीपत सहनीसमेतले समाज विकास केन्द्र नेपाल नामक संस्थामार्फत संचालित महिला हिंसाविरुद्ध जनचेतनामूलक तालिम कार्यक्रममा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१०।१७
२८१.	रौतहट गढीमाई न.पा.का निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा सिर्जनात्मक युवा क्लबका अध्यक्ष सन्तलाल ठाकुरसमेतले जनचेतनामूलक तालिम कार्यक्रममा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१०।१७
२८२.	सप्तरी, हनुमाननगर कंकालिनी नगरपालिकास्थित जोगनिया चोकदेखि वडा कार्यालयसम्म जाने सडकमा नाला निर्माण तथा ढलान कार्यमा गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१०।२६
२८३.	उत्तर-दक्षिण (कोसी) सडक योजना, खाँदबारी, संखुवासभाअन्तर्गतको श्रीपाली निर्माण सेवा, तेह्रथुमले निर्माण कार्यमा ढिलाइ गरी ठेक्का सम्झौताअनुसार काम नगरेकाले नेपाल सरकारलाई हानि नोक्सानी पुगेको भन्नेसमेत।	२०७८।१०।२६
२८४.	पर्सा, जगरनाथ गाउँपालिका वडा नं. २ स्थित अधुरो मन्दिर निर्माणमा वास्तविक कार्यभन्दा बढी मूल्यांकन गरी अनियमितता गरेको भन्नेसमेत।	२०७८।१०।२६

२८५.	कपिलवस्तु, बुद्धभूमि वीरपुरमा डिभिजन वन कार्यालय, कपिलवस्तुबाट एक गाउँ एक पोखरी कार्यक्रमअन्तर्गत पोखरी निर्माणका लागि निकासा भएको रकमबाट सम्झौता अनुरूप निर्माण कार्य नगरेको भन्नेसमेत।	२०७८।१०।२६
२८६.	जनकल्याण माध्यमिक विद्यालय, सेर्माकोट, दैलेखको खेल मैदान निर्माण गर्दा विद्यालय व्यवस्थापन समितिलाई बढी भुक्तानी दिएको भन्नेसमेत।	२०७८।१०।२६
२८७.	काठमाडौं गोकर्णेश्वर न.पा. मा रहेको जग्गा २०२२ सालको नापीमा ७ नं. पर्ती कायम भएकोमा मालपोत कार्यालय, चाबहिलले ३ नं. पर्ती बनाएर साबिक बालुवा ९क कि.नं. १६५, १६६ र १६७ कायम गरी कि.का. तथा बिक्री वितरण गरेको भन्नेसमेत।	२०७८।१०।२६
२८८.	कृष्णनगर न.पा., कपिलवस्तुमा भ्रमणका लागि बस भाडामा लिने प्रक्रिया नमिलेको, सम्झौता नभएको, ब्लुबुक, ड्राइभर आदि कुनै पनि उल्लेख नभएको र ठाडो कागजमा कुनै अमुक व्यक्तिले भुक्तानी लिएको देखिन आएको भन्नेसमेत।	२०७८।१०।२६
२८९.	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, तरकारी सुपरजोन कास्कीमा कार्यरत लेखापाल डार्विन लम्सालले अनुदानमा अनुदानग्राहीसँग तथा सामान खरिददेखि स्टेसनरी मसलन्दमा समेत घुस माग्ने गरेको र कार्यालय प्रमुखसँग मिली बजेट दुरुपयोग गरेको भन्नेसमेत।	२०७८।१०।२६
२९०.	धनकुटा, पाख्रीबास नगरपालिकाका कार्यकारी अधिकृत गणेश कार्की र मेयर वृषबहादुर राईसमेतको मिलेमतोमा भुल्के खानेपानी आयोजनाको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१०।२६
२९१.	वीरगञ्ज महानगरपालिका श्रीपुरस्थित श्री नेपाल राष्ट्रिय विद्यापीठ माध्यमिक विद्यालयका प्रधानाध्यापक गोपालप्रसाद महतो, विद्यालय व्यवस्थापन समिति र उपसमितिका अध्यक्ष जमुना ठाकुरसमेतको मिलेमतोमा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।२
२९२.	सर्लाही, हरिपूर्वा नगरपालिका, वडा नं.१ स्थित परियाग बाबा अधुरो मन्दिर निर्माण योजनामा आर्थिक अनियमितता भएको भन्नेसमेत।	२०७८।११।२
२९३.	डिभिजन वन कार्यालय, हुम्लाका कार्यालय प्रमुख निरज झासमेतले हुम्ला जिल्ला, खार्पुनाथ-५ खर्पेलगाउँ, कुरिल्लामा कामै नगरी उच्च प्रविधियुक्त नर्सरीको रकम भुक्तानी गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।११।२
२९४.	दैलेख, दुल्लु नगरपालिकाको श्री विजया माध्यमिक विद्यालयको भवन निर्माणमा विद्यालय व्यवस्थापन समिति, लेखापाल र ठेकेदार बखतबहादुर शाहीको मिलेमतोमा भवन गुणस्तरहीन भई ढल्ने अवस्थामा रहेको भन्नेसमेत।	२०७८।११।२
२९५.	अछाम, तुर्माखाँद-६ स्थित तालुपात्रे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष महेन्द्र न्यौपानेसमेतले सामुदायिक वन क्षेत्रबाट खोटो संकलन, चरिचरणलगायतबाट हुने रोयल्टी रकम दुरुपयोग गरेको भन्नेसमेत।	२०७८।११।२
२९६.	कृषि ज्ञान केन्द्र, सप्तरीले स्यालो ट्युबेल २ करोडको खरिद नगरी किसानलाई कमिसन लिएर चेक हस्तान्तरण गरिरहेको साथै तरकारी खेतीको अनुदान रकम कृषकलाई वितरण गर्दा कमिसन लिने गरेको भन्नेसमेत।	२०७८।११।२
२९७.	सुनसरीस्थित पंचायत निम्न माध्यमिक विद्यालय (हाल आधारभूत विद्यालय) को रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।५
२९८.	कञ्चनपुर, कृष्णपुरस्थित जनजागृति आधारभूत विद्यालयका शिक्षक धर्मराज भट्ट, कृष्णपुरस्थित कृष्ण मा.वि. का अंग्रेजी शिक्षक पुरनसिंह बोगटी र कृष्णपुरकै	२०७८।११।५

	सिद्धनाथ प्रा.वि. शिशु कक्षा सहयोगी जयलक्ष्मी बमले अनुमतिसमेत नलिई एकभन्दा बढी विद्यालयमा अध्यापन गरी अनियमितता गरेको भन्नेसमेत।	
२९९.	मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंले कानुनबमोजिम असुल गर्नुपर्ने सेवा शुल्क असुल नगरेको र घटी असुल गरेको भन्नेसमेत।	२०७८।११।५
३००.	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरले तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत रहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सहयोगमा प्रशिक्षण कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालयको स्वीकृत मापदण्डको पालन नगरेको भन्नेसमेत।	२०७८।११।५
३०१.	यातायात व्यवस्था कार्यालय सवारी, इटहरी, सुनसरीमा को१च ४६८७ नम्बरको सवारीले तिरेको रु.५८,५००।- राजस्व रकम लेखा अधिकृत राजेन्द्रप्रसाद आचार्यले सवारी नं. को२च ७५१ मा प्रयोग गरी राजस्व चुहावटको कसुर भए/गरेको हुन सक्ने भन्नेसमेत।	२०७८।११।५
३०२.	जिल्ला बारा, आदर्शकोतवाल गाउँपालिका-३ का वडा अध्यक्ष र वडा कार्यालय सचिवको मिलेमतोमा सामाजिक सुरक्षा भत्ता रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।५
३०३.	जिल्ला विकास समितिको कार्यालय, महोत्तरीले नियमविपरीत रकम ट्रान्सफर गरेको, तोकिएभन्दा बढी प्रशासनिक खर्च गरेको, फ्रिज गर्नुपर्ने रकम कोष खातामा ट्रान्सफर गरेको भन्नेसमेत।	२०७८।११।५
३०४.	त्रियुगा नगरपालिका, उदयपुरले खास लक्षित कार्यक्रम बिना पत्रकारहरूलाई किन ल्यापटप वितरण गरेको र त्यस कार्यले उक्त स्थानीय निकायलाई केही लाभ नपुगी सार्वजनिक सम्पत्ति हानि भएको भन्नेसमेत।	२०७८।११।५
३०५.	सिन्धुपाल्चोक, हेलम्बु गा.पा.का अध्यक्ष निमा ग्याल्जेन शेर्पा लगायतले ८५ रोपनी जग्गा खरिद गरी गा.पा.को भवनलाई सो जग्गाको आसपासमा सारी जग्गाको मूल्य बढाउने काम गरेको भन्नेसमेत।	२०७८।११।५
३०६.	सुर्खेत पंचपुरी न.पा.-२ स्थित सूर्य प्रकाश मा.वि.को भेटेनरीतर्फको प्रयोगशाला सामग्री खरिदमा अनियमितता र भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।११।१०
३०७.	बारा विश्रामपुर गाउँपालिका-५ बस्ने जयकिशोर साह सोनारले इटियाही टोलको नवनिर्मित शिव मन्दिरदेखि पूर्वतर्फ २००/२०० मिटर नाला निर्माण गर्दा भ्रष्टाचार गर्न खोजेको भन्नेसमेत।	२०७८।११।१०
३०८.	कपिलवस्तु कृष्णनगर नगरपालिका सुखरामपुरका दलित बस्तीमा आठ लाखको इँटा सोलिङ योजनामा रमेश यादवले वडा अध्यक्षसमेतको मिलोमतोमा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१०
३०९.	पोखरा महानगरपालिकाको निरीक्षण शाखामा कार्यरत निरीक्षण शाखा प्रमुख वसन्त चालिसेले २ वटा फरकफरक जन्म मिति भएका नागरिकता निकाली उमेर हदभन्दा बढी अवधि सेवामा बहाल रहेको भन्नेसमेत।	२०७८।११।१०
३१०.	उदयपुर लिम्चुङबुङ गाउँपालिका-२ का वडा सचिव गणेशप्रसाद भट्टराईले सामाजिक सुरक्षा भत्ता खाइरहेका मानिसहरूको समेत लगतकट्टा नगराई रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१०
३११.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, प्रदेश नं. २, जनकपुरधाम, धनुषाद्वारा उपभोक्ता समितिमार्फत संचालित शिव शनि मन्दिर निर्माणमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।११।१०
३१२.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, प्रदेश नं.	२०७८।११।१०

	२, जनकपुरधाम, धनुषाले उपभोक्ता समितिमार्फत संचालित अधुरो शिव मन्दिर निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	
३१३.	बाँके रापीसोनारी गाउँपालिका-२ का वडा सचिव बुद्धिराज भण्डारीले आ.व. २०७३।७४ को अन्तिम किस्ता र आ.व. २०७४।७५ को प्रथम किस्ता सामाजिक सुरक्षा भत्ता वितरणमा मृतक व्यक्तिहरूको किर्ते छाप लगाई भत्ता खाएको भन्नेसमेत।	२०७८।११।१०
३१४.	कृषि विकास कार्यालय, दैलेखका कृषि प्रसार अधिकृत नरेन्द्रबहादुर थापाले जिल्ला कृषि विकास कार्यालय, दैलेखबाट माछापोखरी निर्माण कार्यको रकम भुक्तानी गर्दा उपस्थित नभएका कृषकको समेत आफैं भरपाई गरेको भन्नेसमेत।	२०७८।११।१०
३१५.	पूर्वाञ्चल विश्वविद्यालय, सेवा आयोगद्वारा पदपूर्तिका लागि गरिएको विज्ञापनमा आर्थिक प्रलोभन र राजनीतिक स्वार्थका लागि निश्चित व्यक्तिलाई विश्वविद्यालयमा सेवा प्रवेश गराउने उद्देश्यले सेवा आयोगका अध्यक्ष बद्रीनाथ श्रेष्ठले गोप्यरूपमा अन्तर्वार्ता तयारी गरिरहेको भन्नेसमेत।	२०७८।११।१३
३१६.	जिल्ला रौतहट गढिमाई नगरपालिका वडा नं. ५ मा आ.व. २०७४/७५ मा रामजानकी मठ निर्माण गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७८।११।१३
३१७.	शुद्धोधन गाउँपालिकाको कार्यालय, कपिलवस्तुबाट वडा नं. ३ को वडा कार्यालय भवनको सेप्टी ट्यांकीसहितको शौचालय निमार्णमा सरकारी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१३
३१८.	त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगंज, काठमाडौं र वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरीमा लिइएको एम.डी.एम.एस. को प्रवेश परीक्षामा अनियमितता गरी भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७८।११।१३
३१९.	साबिक रामनगर गा.वि.स. सिरहाका सचिव रामदत्त यादवले पेश्की रकम आफैंले खाइमासी हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१३
३२०.	लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देहीले नगरपालिकाभित्रका पोखरीहरूको ठेक्का लगाउने क्रममा वडा नं. ४ मा रहेको खम्मे पोखरी ठेक्कामा बढी कबोल गर्ने फर्मको ठेक्का सदर नगरी कम कबोल गर्ने व्यक्तिको ठेक्का सदर गरेको भन्नेसमेत।	२०७८।११।१३
३२१.	श्री सत्यवादी उ.मा.वि. बझाङका विराट सिंह कडायत राहत शिक्षकको रूपमा कार्यरत रहेकै अवस्थामा जयपृथ्वी बहुमुखी क्याम्पसमा समेत काम गरी दोहोरो सुविधा लिई भ्रष्टाचारजन्य कार्य गरेको भन्नेसमेत।	२०७८।११।१३
३२२.	जिल्ला शिक्षा कार्यालय, पर्साका जि.शि.अ.की श्रीमती सुधा पाण्डे ३ वर्षदेखि सुरजी मा.वि. मुर्लीमा सरुवा भई विद्यालयमा नगई घरमा बसी अनियमितता गरेको भन्नेसमेत।	२०७८।११।१३
३२३.	रानीदेखि विराटनगरसम्म (ठेक्का नं. RBID/337312/071/072/02) को सडक निर्माण कार्य तोकिएको मापदण्ड एवं लागत अनुमानबमोजिम नभएको भन्नेसमेत।	२०७८।११।१६
३२४.	जिल्ला मोरङ कटहरी गाउँपालिकास्थित सहकारी व्यवस्थापक र अध्यक्ष मिली संस्थाको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१६
३२५.	पोखरा उपत्यका नगर विकास समितिको नाममा रहेको साबिक पुर्जाबमोजिमको जग्गाधनी पुर्जा नबनाई समितिको नाममा रहेको जग्गामा नापी कार्यालयले	२०७८।११।१६

	गैरकानुनी रूपमा बाटो कायम गरेको भन्नेसमेत।	
३२६.	बर्दिया, ठाकुरबाबा नगरपालिकाका-१ का कार्यकारी अधिकृत पित्रीभक्त गिरीसमेतले नारी शक्ति केन्द्रलाई सामुदायिक भवन निर्माणको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१६
३२७.	सर्लाही गोडैता नगरपालिका वडा नं. ३ मा शौचालयका रिङ वितरण गर्नका लागि वडा अध्यक्ष विजयकुमार चौधरीमार्फत् सुरुमा रु.४८ लाख स्वीकृत भएकोमा रिङ वितरण गर्दा कम गुणस्तरको वितरण गरेको भन्नेसमेत।	२०७८।११।१६
३२८.	बारा कलैया उ.म.न.पा. वडा नं १७ स्थित ने.रा.मा.वि., ब्रम्हपुरीलाई चारकोठे भवन निर्माणका लागि प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१६
३२९.	मुगु खत्याड गाउँपालिकाका विभिन्न शीर्षकमा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१६
३३०.	जिल्ला महोत्तरी, जलेश्वर न.पा. ८ मा किर्तन मण्डप निर्माण गर्दा लागत अनुमानभन्दा फरक साइजको निर्माण गरेको तथा स्थलगत रूपमा निर्माण नभएको कार्यको समेत बिल तयार गरेको भन्नेसमेत।	२०७८।११।१६
३३१.	ओखलढुंगाको हिटी-उवुँ-जयरामघाट सडक निर्माणमा हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।१६
३३२.	प्रदेश नं. ६ अन्तर्गतको नरहरिनाथ गा.पा. कालिकोटमा कार्यरत प्राविधिक सिभिल सवइन्जिनियर महेश बिष्टले दुई ठाउँमा तलब भत्तासहित सुविधा लिइरहेको भन्नेसमेत।	२०७८।११।१६
३३३.	मिर्चैया नगरपालिका-६, सिरहाको कविर मन्दिर कम्पाउण्डवाल निर्माण कार्यको बढी रकम सिफारिस गरेको भन्नेसमेत।	२०७८।११।२३
३३४.	मकवानपुर मनहरी गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७ का लागि निकालेको ढुंगा, गिट्टी, बालुवाको टेण्डरमा गाउँपालिकाले सूचना निकाल्दा इ-बिडिङमा आर्थिक चलखेलका कारण ठेक्काको टुंगो लगाउन नसकेको भन्नेसमेत।	२०७८।११।२३
३३५.	बाँकेस्थित श्री धम्बोझी माध्यमिक विद्यालय, नेपालगंजका प्रधानाध्यापक किरण आचार्यले विद्यालयमा निर्माणमा खरिद ऐन विपरीत कार्य गरेको भन्नेसमेत।	२०७८।११।२३
३३६.	जिल्ला कास्की, हाल माछापुच्छ्रे गाउँपालिका-२, साबिक सार्दीखोला गा.वि.स. वडा नं. ७ को कित्ता नं. ८२८ को भीर जनिएको सरकारी/सार्वजनिक जग्गालाई कित्ताकाट गरी विभिन्न व्यक्तिसमेतका नाममा दर्ता गरेको भन्नेसमेत।	२०७८।११।२३
३३७.	जिल्ला बाँके, राप्ती सोनारी गाउँपालिका, वडा नं. ८ स्थित पक्की बाटो निर्माण राजमार्गदेखि पेरानी चोक धर्मोती योजनामा सडक कालोपत्रे गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७८।११।२६
३३८.	सडक विभाग, मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजना (पश्चिम खण्ड), तुलसीपुर, दाङअन्तर्गतको ठेक्का नं. ७०/७१-०२५ सम्झौताबमोजिम समयमा सम्पन्न गर्न नसकी सरकारी रकम हानि नोक्सानी गरेको भन्नेसमेत।	२०७८।११।२६
३३९.	कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. योगेन्द्रकुमार कार्कीले कृषि सामग्री कम्पनी लिमिटेडद्वारा रासायनिक मल खरिद गर्दा महँगो दरमा ठेक्का दिलाएको भन्नेसमेत।	२०७८।११।२६
३४०.	मुस्ताङ, छोसेरस्थित श्री दिव्यदीप मा.वि.को घुम्ती विद्यालयको रूपमा जिल्ला कास्की, साबिक लेखनाथ नगरपालिका ५ मा खरिद गरिएको जग्गा संयुक्त नाममा रजिष्ट्रेशन पास गरी विद्यालयको सम्पत्ति हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।२६

३४१.	मुगु जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समितिका कार्यालय प्रमुख विवेकजंग शाही र पदमबहादुर मल्लले पवित्र कपी उद्योगलाई दिएको अनुदान रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।२६
३४२.	अर्घाखाची जिल्ला मालारानी गाउँपालिका वडा नं. ४ मा रहेको जनसेवा आधारभूत विद्यालयको तारबार तथा कक्षाकोठा मर्मत कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।११।२६
३४३.	साल्पासिलिछो गाउँपालिका भोजपुरमा वडा कार्यालयहरूबाट संकलन भएको राजस्व सम्बन्धित बैंक खातामा दाखिला नगरी वडा कार्यालयको प्रशासनिक खर्च, सामग्रीहरू र राहत सामग्री खरिद गरिएको भन्नेसमेत।	२०७८।११।२६
३४४.	जिल्ला जनस्वास्थ्य कार्यालय, म्याग्दीको कार्यालय भवन विगत ६ वर्ष हुँदासम्म सम्पन्न नभएको भन्नेसमेत।	२०७८।११।२६
३४५.	मधेश प्रदेश, पूर्वाधार विकास कार्यालयअन्तर्गत रौतहट जिल्ला, गढीमाई न.पा.-७ धनाडी धर्मपुरस्थित श्री आ.वि.मा.वि.को कक्षाकोठा निर्माण गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७८।११।३०
३४६.	जिल्ला वन कार्यालय, बाराबाट गैरसरकारी संस्थामार्फत संचालित उद्यान निर्माण र बिरुवा रोपण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।११।३०
३४७.	सप्तरी जिल्लाको साबिक कमलपुर गा.वि.स.को तत्कालीन सचिव जगधर ठाकुरले बेरुजु फछर्यौंट नगरेको भन्नेसमेत।	२०७८।११।३०
३४८.	मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका-१८ भोर्लेस्थित खोलाबाट अवैधरूपमा नदीजन्य पदार्थ निकासी गरेको भन्नेसमेत।	२०७८।११।३०
३४९.	सहरी विकास तथा भवन निर्माण विभाग, धनकुटाबाट तेह्रथुमको मोराहाङ र पोक्लावाङ तथा भोजपुरको पात्लेपानी स्वास्थ्य संस्थामा स्वास्थ्य चौकी भवन निर्माण समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७८।११।३०
३५०.	रंगेली नगरपालिकाको कार्यालय, मोरङमा कृषिका लागि विनियोजित रकम रु.३ लाख कामै नगरी हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।३०
३५१.	महानगरीय प्रहरी प्रभाग, नागढुंगाका तत्कालीन कार्यालय प्रमुख प्रहरी निरीक्षक त्रिभुवन सिंह थापालाई हिमशिखर मल्ल र सागर शाहीले निजहरूको काममा सहजता बनाइदिन भनी आर्थिक प्रलोभन देखाई घुस/रिसवत दिन खोजेको भन्नेसमेत।	२०७८।११।३०
३५२.	दाङ जिल्लाको कुरुवाखोलामा रहेको सिद्धबाबा सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीसमेतको मिलोमतोमा सामुदायिक वनको कार्ययोजनामा उल्लिखित वार्षिक कटानभन्दा बढी काठ कटान गरी लुकाइछिपाई राखेको भन्नेसमेत।	२०७८।११।३०
३५३.	विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका जीवनाथ चौधरीलाई मधेश प्रदेशका भौतक पूर्वाधार विकास मन्त्रालयको सल्लाहकारको रूपमा नियुक्ति गरेको भन्नेसमेत।	२०७८।११।३०
३५४.	रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. १४ स्थित स्मार्ट कृषि गाउँ कार्यक्रमको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।११।३०
३५५.	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बाँसगढीमा प्रा.वि. तहमा कार्यरत शिक्षिका अम्बिका चापागाईंलाई मा.वि. तहमा अंग्रेजी विषय अध्यापन गर्नका लागि बढुवा गरेको भन्नेसमेत।	२०७८।११।३०

३५६.	रुपन्देही सैनामैना नगरपालिकास्थित तुलबुलिया खोलाबाट नदीजन्य पदार्थको उत्खनन् तथा निकासीका लागि अनुमति दिइएको भन्दा बढी परिमाणमा उत्खनन् गरी निकासी गरेको भन्नेसमेत।	२०७८।१२।७
३५७.	घोराही उपमहानगरपालिका-१५ स्थित पद्यमोदय उच्च माध्यमिक विद्यालयका शिक्षकसमेतले विद्यार्थीबाट शुल्क उठाइ अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।७
३५८.	श्री माध्यमिक विद्यालय, भेडियाही, रौतहटले महिला शिक्षक कोटाको नियुक्तिमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।७
३५९.	लक्ष्मीनारायण मन्दिरको गुठीको लगतको का.म.न.पा. ११ को जग्गा व्यक्तिका नाममा रहेको देखिएको र गुठीको लगतमा जनिएको जग्गा अनधिकृत तवरले पर्सा जिल्लाबाट लिखत रजिष्ट्रेसन पारित भएको भन्नेसमेत।	२०७८।१२।७
३६०.	प्रदेश नं. २, पूर्वाधार विकास कार्यालय, जनकपुरधाम धनुषाले महोत्तरी जिल्ला लोहारपट्टी न.पा.- ८ मा सडक स्तरोन्नतिको कार्यमा अस्वाभाविक मूल्यांकन गरेको भन्नेसमेत।	२०७८।१२।७
३६१.	मकवानपुर मनहरी गाउँपालिका-१ का वडाअध्यक्षको आमा वेदमाया खनालको नाममा वडा नं. १, ३ र ७ बाट समेत सुरक्षा भत्ता वितरण भएको भन्नेसमेत।	२०७८।१२।७
३६२.	श्री आदर्श सरस्वती प्रा.वि., लौवापार, सप्तरीको पर्खाल निर्माणको लागि निकासा भएको रकम माँ सरस्वती वाल निर्माण समितिका अध्यक्ष नन्दकिशोर मण्डलसमेतले इष्टिमेट अनुसारको काम नगरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।७
३६३.	पर्सा गाउँपालिका-४, तपसी, सर्लाहीमा सेड निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।७
३६४.	हलेसी तुवाचुङ नगरपालिकास्थित च्यास्मिटार माध्यमिक विद्यालय भवनको शौचालय निर्माणका लागि जिल्ला शिक्षा कार्यालय, खोटाङबाट निकासा भएको रकम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण राईले पेश्की लिई फछर्यौंटसमेत नगरेको भन्नेसमेत।	२०७८।१२।१०
३६५.	जिल्ला स्वास्थ्य कार्यालय, कालिकोटका मो. ओजैर आलमले कार्यालय प्रमुखसँगको मिलोमतोमा विभिन्न कार्यक्रमको नक्कली बिल भरपाइ बनाई कार्यक्रम नगरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१०
३६६.	बाराको साबिक गा.वि.स. वडाध्यक्ष रंजितप्रसाद यादवले जग्गाको घरबाटो सिफारिस गर्दा खेतीयोग्य रहेको भनी गलत सिफारिस गरेको राजस्व छलेको भन्नेसमेत।	२०७८।१२।१०
३६७.	तत्कालीन नमुना गाउँ विकास समिति बेनौली, बाराका तत्कालीन गा.वि.स. सचिवसमेतले उक्त गा.वि.स. क्षेत्रमा रहेको भिखना माछा पोखरी ठेक्कामा लगाई सर्तबमोजिम बैंक ग्यारेन्टी नराखेको भन्नेसमेत।	२०७८।१२।१०
३६८.	नेपाल प्रहरीले Nepal FPU Camp Nyala Darfur Sudan का लागि खरिद गर्ने ४ वटा Armed Personnel Carriers (APCs) को न्यूनतम सर्त तथा स्पेसिफिकेसनसमेत नपुगेको अवस्थामा पनि खरिद कारबाही गरेको भन्नेसमेत।	२०७८।१२।१०
३६९.	जाजरकोटस्थित थनौरा कचुरानी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष गोरखबहादुर अधिकारीले आफू अध्यक्ष भएको अवधिभित्र सामुदायिक वनको आ.व २०७१/७२ को सामाजिक लेखापरीक्षण एक्लै गरेको र २०७२ देखि २०७४ सम्मको आम्दानी खर्चको सामाजिक लेखापरीक्षण नगरिएको	२०७८।१२।१०

	भन्नेसमेत।	
३७०.	डोटी पूर्वीचौकी गाउँपालिका-४ स्थित सालबुडेली वृक्षरोपण वन उपभोक्ता समितिको नाममा विनियोजित रकम गाउँपालिका अध्यक्ष दीर्घराज बोगटी, प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर खड्का र वन उपभोक्ता समितिका अध्यक्ष प्रेमसिंह बि.क.को मिलेमतोमा भुक्तानी गरेको भन्नेसमेत।	२०७८।१२।१०
३७१.	एभियन इन्फ्लुन्जा नियन्त्रण आयोजना प्रमुख डा. इन्द्रकान्त झाले आ.व.२०६६/६७ को जेठ महिनाको अन्त्यसम्म ७५ लाख आर्थिक हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१४
३७२.	हुम्ला अदानचुली गाउँपालिका-३ स्थित थाईमकै स्वास्थ्य इकाइमा अ.न.मी. पदमा कार्यरत उर्मिला भण्डारीले दोहोरो पारिश्रमिक लिइरहेको भन्नेसमेत।	२०७८।१२।१४
३७३.	पूर्वाधार विकास कार्यालय, सिरहाबाट सञ्चालित योजनामध्ये सप्तरी राजविराज नगरपालिका-२ को सडक निर्माण गर्दा बढी परिमाण मूल्यांकन देखाई कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानीका लागि बिल पेस गरेको भन्नेसमेत।	२०७८।१२।१४
३७४.	डोल्पा, त्रिपुरासुन्दरी नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत हिराचन्द्र धरालाले किर्ते हाजिरी गरी तलब भत्ता निकासा गरी रकम अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।१४
३७५.	रत्नराज्य माध्यमिक विद्यालय, पुरानोबानेश्वर काठमाडौंका प्रधानाध्यापक गीता खरेलले २०७२ साल वैशाख १२ को महाभूकम्पले क्षति भएको विद्यालय मिलेमतोमा ५ लाखमा बिक्री गरेको भन्नेसमेत।	२०७८।१२।१४
३७६.	गरिबी निवारण कोष, काठमाडौंले वैदेशिक अवलोकन भ्रमणमा नगई हवाई टिकटबापतको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१४
३७७.	कैलाली चुरे गाउँपालिका-६ मा रहेको सिद्ध भगवती सामुदायिक वन उपभोक्ता समूहमा काठ बिक्री वितरण गरी आएको राजस्व रकम समूहभित्रका केही व्यक्तिले आर्थिक हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१७
३७८.	पशुपंक्षी विकास निर्देशनालय, सुर्खेतले आ.व. २०७६।७७ मा दर्ता नभएको फर्मलाई ह्याचरी स्रोत केन्द्र स्थापनाका लागि अनुदान उपलब्ध गराएको भन्नेसमेत।	२०७८।१२।१७
३७९.	अछाम पञ्चदेवल विनायक नगरपालिका-४ स्थित बेलखेत सडक भनिने जम्फुगडा-चिल्ताडा-भानाकोट सडक निर्माण गर्दा डोजर खर्च बढी देखाई रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१७
३८०.	सप्तरी राजविराज नगरपालिका- १५ मा कार्यान्वयन भएको सुनौला हजार दिन कार्यक्रमअन्तर्गतका ५ वटा समूहले हालसम्म पनि पेश्की फछ्यौंट नगरेकोले सरकारी रकम खाइमासी दुरुपयोग भएको भन्नेसमेत।	२०७८।१२।१७
३८१.	कञ्चनपुर बेलौरी न.पा.-९ स्थित राष्ट्रिय मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह, बेलौरी, कञ्चनपुरका पूर्व अध्यक्ष वीरसिंह विष्टसमेतले आर्थिक कारोबारको आयव्यय हिसाब नराखी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१७
३८२.	सुनसरी, धरान उपमहानगरपालिका-६, पानबारीस्थित पाँचकन्या सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कर्णबहादुर कार्कीसमेतले सामुदायिक वनको आम्दानी र काठ हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१७
३८३.	जाजरकोट, नाहाडा सामुदायिक वन उपभोक्ता समूहको रकम हिनामिना भएको भन्नेसमेत।	२०७८।१२।१७

३८४.	सरिता सिंहको नाउँमा रहेको पर्सा चोर्नी गा.वि.स.-८ का जग्गाहरू लेखनदास राजहुसेन मियाले मालपोत कार्यालय, वीरगंजका कर्मचारीहरूको मिलोमतोमा आफ्नी छोरी नसिमा प्रविनका नाउँमा लिखत पारित गराएको भन्नेसमेत।	२०७८।१२।१७
३८५.	पर्सा वीरगंज महानगरपालिका-१२ कित्ता नं. ५१६ को नेपाल सरकारको जग्गा दिपुप्रसाद गुप्तासमेतले जालसाजी गरी आफ्नो नाममा कायम गराएको भन्नेसमेत।	२०७८।१२।१७
३८६.	मध्यपश्चिम विश्वविद्यालयका इन्जिनियरिङ संकायका डिन अनन्तराज घिमिरेले दोहोरो सरकारी सुविधा उपयोग गरेको भन्नेसमेत	२०७८।१२।१७
३८७.	लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य राजेश ज्ञवाली तथा अमिरका कोहारसमेतले ठूलो रकम भ्रमण खर्च भुक्तानी लिएको भन्नेसमेत।	२०७८।१२।१७
३८८.	कञ्चनपुर भीमदत्त नगरपालिका-३ तिलकपुरस्थित सहिद स्मृति सामुदायिक वन उपभोक्ता समितिको आम्दानी उक्त सामुदायिक वन समूहका अध्यक्ष कर्णबहादुर विष्टसमेतले हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।१७
३८९.	जिल्ला वन अधिकृत बाराका भैरव प्रसाद घिमिरेसमेतले सेक्टर वन कार्यालय, मधुवन अन्तर्गत संकलित काठमध्ये ३ हजार घनफिट काठ जिल्ला वन अधिकृतको मौखिक आदेशमा जिल्ला वन पैदावार आपूर्ति समितिमा चिरानका लागि पठाएको भन्नेसमेत।	२०७८।१२।१७
३९०.	वादी नेपाल सरकार प्रतिवादी कृष्णबहादुर सुनारसमेत भएको धादिङ गजुरी १ञ को सार्वजनिक जग्गालाई कुनै निर्णय र कैफियतबिना साबिक नापीपछि अनधिकृत नक्सा कायम गरी व्यक्ति विशेषमा दर्ता हुन गएको भन्नेसमेत।	२०७८।१२।२१
३९१.	वादी नेपाल सरकार प्रतिवादी तुलसीप्रसाद अधिकारी भएको धादिङ पीडा १ख को सार्वजनिक जग्गा व्यक्तिविशेषले भोग गरी राखेको भन्नेसमेत।	२०७८।१२।२१
३९२.	वादी नेपाल सरकार प्रतिवादी तपेन्द्रबहादुर वि.सी.समेतले सुर्खेत जिल्लाको चौकुने गाउँपालिका-१ का वडाध्यक्ष लक्षिराम आलेमगरसमेतले हिलेखाली टोपला खानेपानी योजनाका लागि विनियोजित रकममा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।२१
३९३.	महोत्तरी, पिपरा गाउँपालिका-५ बस्ने सुशील झासमेतका व्यक्तिहरूले सोही वडाको हर्दिया टोलमा ७ वटा सार्वजनिक पोखरी स्कुलको नाममा ठेक्कापट्टा लागिरहेकोमा २०७४ सालदेखि उक्त पोखरीहरू निजी रूपमा ठेक्कापट्टा लगाई सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेको भन्नेसमेत।	२०७८।१२।२१
३९४.	दाङ, घोराही उपमहानगरपालिका-१७ ढिकपुर सहयोगी टोलस्थित पानी जम्मा गर्नका लागि ङ्याम निर्माणसमेतका लागि उपलब्ध बजेट हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।२१
३९५.	धनकुटास्थित श्री शारदा माध्यमिक विद्यालय, बोझेनी, हात्तीखर्कका प्र.अ. कृष्णहाङ लिम्बु र वि.व्य.स. का अध्यक्षसमेतको मिलेमतोमा ३ कोठे भवन निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।२१
३९६.	यु.ए.ई. पठाउने भनी मदन वाइबासमेतले पटक-पटक गरी रु.६,००,०००।- लिई रोजगारीमा नपठाएको र सोही विभागका अनुसन्धान अधिकृत उत्तमप्रसाद खरेललाई अनुरोध गरी निवेदन दिँदा मिलापत्र गर्न इन्कार गरेको तर घुस/रिसवतमार्फत मिलापत्र गराउन सकिने भनी घुस/रिसवत मागेको भन्नेसमेत।	२०७८।१२।२४

३९७.	नवलपरासी, साबिक गा.वि.स. मंझरिया ५ख कि.नं. ११४५ ज.वि. ०-१६-४ जग्गाको नापी कार्यालय, परासीले फायल नक्सा बनाउँदा बढी जग्गा कायम गरेको भन्नेसमेत।	२०७८।१२।२४
३९८.	मनमाया अधिकारीले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि निकाल्दा कैफियत गरी सार्वजनिक सेवामा स्थायी नियुक्ति लिएको र यसमा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारीसमेतले कानुनविपरीत कार्य गरेको भन्नेसमेत।	२०७८।१२।२४
३९९.	भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगरले विराटनगर वडा नं. ६ को कित्ता नम्बर १९३, १९४ र २३७ को जग्गामा नक्कली मोही खडा गरी मोही बाँडफाँट गरेको भन्नेसमेत।	२०७८।१२।२४
४००.	जाजरकोट, शिवालय गाउँपालिकास्थित शिलाजु नेप्सा भुर-मान्देउला सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीले समूहको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।२४
४०१.	मकवानपुर, कैलाश गाउँपालिका र भीमफेदी गाउँपालिकाको सीमामा पर्ने मनहरी खोलामा गैरकानुनी रूपमा नदीजन्य पदार्थको दोहन भइरहँदा पनि सम्बद्ध निकायले अनुगमन नगरेको भन्नेसमेत।	२०७८।१२।२४
४०२.	कोहलपुर नगरपालिका-३ स्थित सुशील भट्टराईको घरदेखि छविलाल आचार्यको घरसम्म बाटोको दुवैतर्फको पक्की नालाको निर्माण कार्य मापदण्डअनुसार नगरी कमसल निर्माण सामग्री प्रयोग गरेको भन्नेसमेत।	२०७८।१२।२४
४०३.	जिल्ला सर्लाही बसबरिया गाउँपालिका-५ मा वडा कार्यालयको भवन निर्माणमा उपभोक्ता समितिले अनियिमतता गरेको भन्नेसमेत।	२०७८।१२।२९
४०४.	जाजरकोटको कार्कीगाउँ गा.वि.स.-१ अन्तर्गत छोरेखेत र मालिका सामुदायिक वनको रकम हिनामिना भएको भन्नेसमेत।	२०७८।१२।२९
४०५.	मोरङको उर्लाबारी नगरपालिका प्रमुखले उक्त नगरपालिकाको वडा नं. १ र ४ का खोलाहरूमा गुपचुप रूपमा भूमि कन्सट्रक्सन कटहरीसँग मिलेमतो गरी अवैध कर संकलन गरेको भन्नेसमेत।	२०७८।१२।२९
४०६.	सुर्खेत चिङ्गाड गाउँपालिका रानीबासस्थित श्री जनता माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट प्राप्त अनुदान विद्यालयका प्रधानाध्यापक विनोदकुमार यादव तथा व्यवस्थापन समितिका अध्यक्ष भीमबहादुर बि.क.समेतको मिलेमतोमा अनियमितता भएको भन्नेसमेत।	२०७८।१२।२९
४०७.	नेपाल राष्ट्रिय प्राथमिक विद्यालय विसुनपुर-९, बारामा कार्यरत तत्कालीन प्र.अ. मकसुद अन्सारीसमेतले सोही विद्यालयमा कार्यरत शिक्षक अनवर अन्सारीको नागरिक लगानी कोष र कर्मचारी संचय कोषको रकम दाखिला नगरी हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।२९
४०८.	आयोगबाट खटिई गएको सि.डी.ई. सुशील श्रेष्ठसमेतको टोलीले पूर्वाधार विकास कार्यालय, धनुषामार्फत कार्यान्वयन भएका विभिन्न योजना तथा कार्यक्रमहरूको स्थलगत निरीक्षण प्रतिवेदनमा महोत्तरी, पिपरा-५, सहोदवा मा.वि.मा रंगरोगन तथा मर्मत सम्भार कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।२९
४०९.	रुपन्देही, कोटहीमाई गाउँपालिका-२ पडरहवास्थित श्रीराम माध्यमिक विद्यालयको भवन निर्माण गर्दा गुणस्तरहीन निर्माण कार्य गरेको तथा पुस्तकालयका लागि प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।२९

४१०.	मधेश प्रदेश, पूर्वाधार विकास कार्यालयअन्तर्गत रौतहट जिल्ला, गढीमाई न.पा.-५ स्थित शंकर प्राथमिक विद्यालयमा रहेको भवन मर्मतसम्भार र निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७८।१२।२९
४११.	तेह्रथुम छथर गाउँपालिकाको कार्यालय शुक्रबारेले गाउँसभाबाट पारित नै नभएको बोरिङ प्रविधिबाट पानी निकाल्ने रु.१८ लाखमा सम्पन्न हुने योजनालाई आपसी मिलेमतोमा सोझै खरिद गर्ने गरी सम्झौता गरेको भन्नेसमेत।	२०७८।१२।२९
४१२.	उदयपुर, बेलका नगरपालिका-४ स्थित लालबजारदेखि हरिपुरसम्म ग्राभेल गर्ने कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७८।१२।२९
४१३.	मधेश प्रदेश, प्रदेश वन निर्देशनालय, जनकपुरधामअन्तर्गत ब्रह्मबाबा मन्दिर तथा घेरावाल निर्माण, अर्नामा-५, सिरहामा अन्तिम नापी किताब/कार्य सम्पन्न प्रतिवेदनमा कुल मूल्यांकन रकम भुक्तानीका लागि बढी रकम सिफारिस गरेको भन्नेसमेत।	२०७८।१२।२९
४१४.	मधेश प्रदेश, प्रदेश वन निर्देशनालय, जनकपुरधामअन्तर्गत नन्दबाबा मन्दिर मर्मत, कर्जन्हा-१, सिरहामा अन्तिम नापी किताब/कार्य सम्पन्न प्रतिवेदनमा कुल मूल्यांकन रकम भुक्तानीका लागि बढी रकम सिफारिस गरेको भन्नेसमेत।	२०७८।१२।२९
४१५.	हुम्लाको साबिक लाली गा.वि.स.का तत्कालीन गा.वि.स. सचिव जयबहादुर शाहीसमेतले सरकारी कागजात किर्ते गरी सामाजिक सुरक्षाको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७८।१२।२९
४१६.	महोत्तरीको साबिक बनौली दनौली गा.वि.स.का तत्कालीन सचिव ध्रुवदेव झासमेतले नेपाल सरकारको नाममा रहेको पोखरीमा आर्थिक लाभ लिई आफ्नो मानिसलाई ठेक्कामा दिएको भन्नेसमेत।	२०७८।१२।२९
४१७.	स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम) मा कार्यरत वरिष्ठ कविराज निरीक्षक देवेन्द्र ठाकुर, स्वास्थ्य सेवा कार्यालय, डोल्पामा कार्यरत कविराज निरीक्षक दीपेन्द्रकुमार उपाध्याय तथा स्वास्थ्य सेवा कार्यालय, हुम्लामा कार्यरत सहायक पाँचौं तहमा कार्यरत कृष्णचन्द्र जोशीले चिकित्सक नहुँदा नहुँदै पनि चिकित्सक भत्ताबापतको राज्य कोषको रकम बुझेको देखिन आएको भन्नेसमेत।	२०७९।१।५
४१८.	दैलेखको नारायण नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा पदाधिकारी र कर्मचारीको मिलेमतोमा भ्रमण आदेश नै नभएको बिल भरपाईसमेतका आधारमा कन्टेन्जेन्सी रकम खाएको भन्नेसमेत।	२०७९।१।५
४१९.	गोदावरी नगरपालिका, ललितपुरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद जैशीलाई रंगेहात नियन्त्रणमा लिँदा शंकास्पद लागि घुस/रिसवत लिएको हुनसक्ने भन्नेसमेत।	२०७९।१।५
४२०.	बारामा रहेको सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने निर्णय कानुनसम्मत नभएको भन्नेसमेत।	२०७९।१।५
४२१.	नवलपुर, सर्लाहीमा फासको मेनगेटमा चौकीदार नराखी दैनिक खटाइने पालो पहराका काममा अरू काममा लगाएको भन्नेसमेत।	२०७९।१।५
४२२.	सुर्खेत जिल्लास्थित सम्झना सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीले वन समूहको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।५
४२३.	श्री माध्यमिक विद्यालय रंगपुरले उपयोग गर्दै आएको रौतहटको सरकारी जग्गा मापदण्ड विपरीत गैरसुकुम्बासीलाई वितरण गरेको भन्नेसमेत।	२०७९।१।५
४२४.	काठमाडौं महानगरपालिका-१६ अन्तर्गतको जग्गा वर्षौंदेखि खाली रहेकोमा हाल	२०७९।१।५

	आएर उक्त जग्गा अन्नपूर्ण गुठीको रहेको भनी हडप्न चलखेल गरेको भन्नेसमेत।	
४२५.	हिमालयन बैंक, पाटन शाखाबाट भ्याली टप ओभरसिज सर्भिस प्रा.लि.का नाममा कर्जा प्रवाह गर्दा मिलेमतोमा सुनसरी जिल्ला मधेसा गा.वि.स.को कौडीको खोला बगेको जग्गा धितो राखी पचासौं लाख कर्जा प्रवाह गरी बैंक डुबाउने कार्य गरेको भन्नेसमेत।	२०७९।१।५
४२६.	नापी कार्यालय, साँखु काठमाडौंका अमिन सुशील बुढाथोकी र पंकजकुमार झासमेतले सेवाग्राहीसँग घुस/रिसवत लेनदेन गरेको भन्नेसमेत।	२०७९।१।५
४२७.	जलेश्वर नगरपालिका-१२, महोत्तरीको शिव मन्दिर निर्माण कार्यको बढी मूल्यांकन गरी अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।५
४२८.	जलेश्वर नगरपालिका-८, महोत्तरीको धर्मशाला निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७९।१।५
४२९.	डोटीको सायल गाउँपालिका-४, स्थित भवानी आधारभूत विद्यालय र ऐ.ऐ. वडा नं. ५, स्थित अद्धेश्वरी आधारभूत विद्यालयको भवन निर्माणमा नापी किताबबमोजिम निर्माण कार्य नगरी भुक्तानी गरेको भन्नेसमेत।	२०७९।१।५
४३०.	कपिलवस्तु जिल्ला, विजयनगर गाउँपालिकाको ४ नं. वडा कार्यालयबाट विनियोजन भएको शंकरपुर विद्यालयको बाउण्ड्री गेट निर्माणसमेतमा भ्रष्टाचार भएको भन्नेसमेत।	२०७९।१।८
४३१.	गाउँपालिकाले स्वास्थ्य व्यवस्थापन समितिको तालिमबापत विनियोजित र सशर्त कार्यक्रममा विनियोजित रकम एक पटकमात्र तालिम संचालन गरी सहभागीहरूलाई झुक्याएर दुईपटकको बिल भरपाई बनाई कार्यक्रम सम्पन्न गरिएको भन्नेसमेत।	२०७९।१।८
४३२.	सुर्खेतको लेकबेंसी नगरपालिकास्थित जोत्रेसाल सामुदायिक वन समूहका अध्यक्ष देवकुमार ठाडा मगरसमेतका पदाधिकारीले उपभोक्तालाई रसिद नदिई पैसा उठाई हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।८
४३३.	रुपन्देहीको सम्मरीमाई गाउँपालिका-५ चक्रिया टोलको पश्चिमपट्टि दानव नदीको छेउनिर प्रदेश सरकारद्वारा खेलमैदानका लागि विनियोजन गरिएको २० प्रतिशत पनि काम हुन नसकेको भन्नेसमेत।	२०७९।१।८
४३४.	जलेश्वर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत इन्जिनियर माधवेन्द्र चौधरीले जलेश्वर नगरपालिकामा भ्युटावर निर्माणको जिम्मा आफ्नै छोरीको नाममा रहेको कन्स्ट्रक्सन कम्पनीलाई दिएको भन्नेसमेत।	२०७९।१।८
४३५.	भू-जलाधार नियन्त्रण कार्यक्रमअन्तर्गत ग्याबिन सप्लाई गर्ने निर्माण कार्यमा आर्थिक ऐन विपरीत कुनै किसिमको प्रतिस्पर्धा नगराई कमिसन लिई कार्य गरेको भन्नेसमेत।	२०७९।१।८
४३६.	डोटीको, बडीकेदार गाउँपालिकाले १ करोड ९ लाखमा पाइने जेसीबी मिलेमतोमा १ करोड २२ लाखमा किनी अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।८
४३७.	बाराको, कलैया कट्टिपर्सा टोल बस्ने जयनारायण महतोले आफ्नो नागरिकता प्रमाणपत्रको उमेर ढाँटी सच्याई ज्येष्ठ नागरिक भत्ता लिइरहेको भन्नेसमेत।	२०७९।१।८
४३८.	पाल्पाको, माथागढी गाउँपालिका-२ मा सञ्चालित विभिन्न आयोजनाहरूमा सम्झौताअनुसार काम नगरेको भन्नेसमेत।	२०७९।१।८
४३९.	बर्दियाको मनिकापुर सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूको	२०७९।१।१५

	मिलेमतोमा रकम हिनामिना गरेको भन्नेसमेत।	
४४०.	सुर्खेतको, बराहताल गाउँपालिकामा रहेको सिमलचौर सामुदायिक वन समूहमा वनरक्षक खड्कबहादुर घर्तीको मिलेमतोमा सामुदायिक वनका रूखहरू काटेको भन्नेसमेत।	२०७९।१।१५
४४१.	प्युठानको मल्लरानी गाउँपालिका-१ मा ग्रामीण विद्युतीकरण गर्ने कार्यअन्तर्गत पोल खरिदमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।१५
४४२.	रौतहट जिल्ला गौर नगरपालिका-९ का वडा सचिव दिनेश राय यादवले वृद्ध भत्ता वितरण नगरेको भन्नेसमेत।	२०७९।१।१५
४४३.	मालपोत कार्यालय, इनरुवाबाट ऋणी रवीन्द्र श्रेष्ठ धनी मणिराज मास्के भई पारित गराई लिएको राजीनामा लिखतमा पिच सडक भएको जग्गालाई स्थानीय निकायको फर्जी सिफारिस पेस गरी मिलेमतोमा न्यूनतम मूल्यांकन कायम गरी लाखौं ठगी गरिएको भन्नेसमेत।	२०७९।१।१५
४४४.	सिन्धुलीको श्री जनता उ.मा.वि. मरिणबखपुर सिन्धुलीका प्रधानाध्यापक मेघा झाले नेपाल सरकारबाट विद्यालयको ४ कोठे पक्की घर निर्माण गर्नका लागि रकम विनियोजन भएकोमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग कुनै सरसल्लाह नगरी कमिसन खाई ठेक्का दिएको भन्नेसमेत।	२०७९।१।१५
४४५.	बाजुराको, गौमुल गाउँपालिका-५ मा सञ्चालित थारखोला लघु जलविद्युत परियोजना दोस्रोका पूर्व अध्यक्ष शंकरबहादुर रोकायाले परियोजनाबाट लिएको रकम पटकपटक बुझाउन भनी जानकारी गराउँदा पनि नबुझाएको भन्नेसमेत।	२०७९।१।१५
४४६.	मुगुको सोरु गा.पा.-१ स्थित जवलधारा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण इस्टिमेटअनुसार निर्माण नगरी भुक्तानी लिएको भन्नेसमेत।	२०७९।१।१५
४४७.	वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका कर्मचारीसमेतको मिलिभगतमा चरम आर्थिक अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।१५
४४८.	नेपाल टेलिकम, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयबाट सामान खरिदका क्रममा निर्देशक अमरनाथ झा र कर्मचारीहरूले विभिन्न बोलपत्रमा व्यापक अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।१५
४४९.	मुगुको सोरु गाउँपालिकास्थित पवित्र सहकारी संस्था लि.का संचालक बास्तोला शाहीले उक्त गाउँपालिकामा जिउला सिँचाइ कुलो निर्माण आयोजनाको अनुदान रकम सम्झौताअनुसार कार्य नगरेको भन्नेसमेत।	२०७९।१।१५
४५०.	भक्तपुरको साबिक कटुञ्जे गा.वि.स.का जग्गाधनी काशीनाथ मुनकर्मीका नाममा रहेको जग्गा काल्पनिक व्यक्ति खडा गराई राजीनामा पास तथा रोक्का फुकुवा कार्यमा संलग्न कर्मचारीहरूसमेतलाई कारबाही गरी पाऊँ भन्नेसमेत।	२०७९।१।१५
४५१.	गरिबी निवारण कोष, काठमाडौंले परामर्श सेवा खरिद गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।१५
४५२.	श्री माईस्थान विद्यापीठ, वीरगञ्ज, पर्साका प्रधानाध्यापक विनोद मेहताले विद्यालयमा नेपाली र अंग्रेजी माध्यमबाट शिक्षा दिने नाममा व्यापक रकम असुली अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।१५
४५३.	बाँकेको, हेभी इक्विपमेन्ट नेपालगञ्जका प्रमुख अरुण कटुवालसमेतले डिभिजनमा अत्यधिक रूपमा नियमविपरीत कार्य गर्दै आएको भन्नेसमेत।	२०७९।१।२२
४५४.	सर्लाहीको पर्सा गाउँपालिका-१ स्थित शिवालय भवन निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७९।१।२२

४५५.	वादी नेपाल सरकार प्रतिवादी घनश्याम उपाध्यायसमेत भएको जिल्ला चितवन भरतपुर ६क का जग्गाधनी कपिल श्रेष्ठको नाउँमा दर्ता रहेको जग्गा रोक्का रहेकोमा मालपोत कार्यालयका प्रमुखसमेतको मिलोमतोमा फुकुवा गरी दा.खा.समेत गरेको भन्नेसमेत।	२०७९।१।२२
४५६.	सुनसरीको, बर्जु गाउँपालिकास्थित नाराहा गाउँ क्षेत्रमा ग्राभेलका लागि बजेट विनियोजन भएकोमा गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्ष र प्राविधिकहरूको मिलेमतोमा उपभोक्ता समितिले लागत अनुमानविपरीत निर्माण कार्य गरेको भन्नेसमेत।	२०७९।१।२२
४५७.	सर्लाहीको चक्रघट्ट गाउँपालिका-४ मा माटो पुर्ने, मठ मर्मत, नाला निर्माण तथा सडक ढलान कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।२२
४५८.	सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा सञ्चालित योजनाहरूमा वडा नं.१६ हुँदै तीनघरे भित्रीखोला जाने गौरव मार्गमा विनियोजित रकमबमोजिम काम नभएको भन्नेसमेत।	२०७९।१।२२
४५९.	पूर्वाधार विकास कार्यालय, सिरहाले सप्तरी टिकुलिया-३ स्थित विहुल नदीदेखि पश्चिम सडक निर्माण कार्यको अन्तिम नापी किताब/ कार्यसम्पन्न प्रतिवेदनमा कुल मूल्यांकन रकमभन्दा भुक्तानीका लागि बढी रकम सिफारिस गरेको भन्नेसमेत।	२०७९।१।२२
४६०.	रोल्पाको, दुईखोली गाउँपालिका-१ मा बाटो निर्माणका लागि स्थानीय विकास मन्त्रालयबाट विनियोजित रकम, प्राविधिक इस्टिमेट र नापनक्सा विपरीत निर्माण कार्य गरेको भन्नेसमेत।	२०७९।१।२२
४६१.	भीमदत्त नगरपालिका-१६, कञ्चनपुरमा भएको सडक निर्माण कार्य गुणस्तरहीन भएको भन्नेसमेत।	२०७९।१।२२
४६२.	अर्घाखाँची जिल्ला मालारानी गाउँपालिकाका अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतसमेतको मिलोमतोमा खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत गरेको भन्नेसमेत।	२०७९।१।२२
४६३.	काभ्रेका क्रसर उद्योगहरू नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय एवं प्रदेश सरकारबाट जारी नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिको दफा ३ बमोजिम कायम मापदण्डमा नचलेको भन्नेसमेत।	२०७९।१।२२
४६४.	झापाको गौरीगंज-६ स्थित कि.नं. ८ को जग्गा भद्रपुर हुलाकी मूलबाटोले छोएकोमा घर बाटो नभएको आवादी जग्गा भनी वडाध्यक्ष बद्रीनारायण यादवले सही गरी मालपोत कार्यालय, दमक, झापाको नाममा झुटा घरबाटो सिफारिस गराएको भन्नेसमेत।	२०७९।१।२२
४६५.	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर, काठमाडौंका अध्यागमन अधिकृत कमलप्रसाद पराजुलीसमेत २० जनाले २४८ जनालाई गैरकानुनी लाभ लिई बिना कागजात अध्यागमन अनुमति दिएको प्रकरणमा अन्य कर्मचारीहरूको समेत संलग्नता रहेको हुनसक्ने भन्नेसमेत।	२०७९।१।२६
४६६.	रौतहटको, फतुवा विजयपुर नगरपालिका-७ मा रामजानकी मठदेखि स्कुल हुँदै हर्षाहा जाने बाटो ढलान कार्य नापी किताबमा भन्दा कम गरेको भन्नेसमेत।	२०७९।१।२६
४६७.	काभ्रेको बनेपा नगरपालिका बुडोलस्थित श्री भक्तेश्वर महादेवको नाममा बगैंचा रहेको करिब ५ रोपनी जग्गामा मोही कायम गराई क्षितिज माध्यमिक विद्यालयलाई संरचना बनाउन दिई भाडामा दिएको भन्नेसमेत।	२०७९।१।२६

४६८.	बाराको करैयामाई गाउँपालिका -४ मा पोलमा बत्ती जडान र थारु सामुदायिक भवन निर्माण योजनामा अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।२६
४६९.	धादिङको गजुरीमा रहेको मलेखु खोलाको जग्गा कित्ताकाट गरी व्यक्तिविशेषका नाममा कायम गरेको भन्नेसमेत।	२०७९।१।२६
४७०.	जिल्ला पर्सा साबिक गम्हरिया गा.वि.स.-६ मा शौचालय निर्माणका लागि निकासा भएको बजेट सचिव शिवशंकर साह तेलीसमेतले हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।२६
४७१.	रौतहटको गरुडा नगरपालिकाका तत्कालीन ना.सु. नागेन्द्र राय यादवले बालबालिका तथा सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।२६
४७२.	सिम्रौनगढ नगरपालिका-१० का वडा अध्यक्ष हरिशंकरप्रसाद यादव र वडा सचिव उमेशप्रसाद यादवसमेतको मिलेमतोमा मृत्यु भइसकेका व्यक्तिहरूको सामाजिक सुरक्षा भत्ता हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।२६
४७३.	कास्कीको, मादी गाउँपालिका-३ स्थित मर्के खानेपानी योजनाको कार्य सम्पन्न नभई भुक्तानी दिई अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।२६
४७४.	बाराको करैयामाई गा.पा.- ३ का वडा अध्यक्ष देवेन्द्रप्रसाद केशरीले घरबाटोको सिफारिस गर्दा सरकारी राजस्व छल्ने उद्देश्यले सिफारिस गरेको भन्नेसमेत।	२०७९।१।२६
४७५.	म्याग्दी जिल्ला धवलागिरी गाउँपालिकामा कार्यरत सि.अ.हे.व. लोकनाथ पौडेलले औषधी खरिदमा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।२९
४७६.	रौतहटको गुजरा नगरपालिका-८ मा शौचालय निर्माण सामग्रीहरू वितरणमा लाभग्राहीहरूको भरपाईअनुसार सामान वितरण नगरेको भन्नेसमेत।	२०७९।१।२९
४७७.	बाराको आदर्श कोतवाल गाउँपालिकाले वृद्धहरूलाई कम्बल खरिद गरी वितरण गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।२९
४७८.	वन कार्यालय, बाराले वीरगंज-अमलेखगंज छ लेन सडक विस्तारको क्रममा बाटोमा पर्ने रूखहरू छपान मूल्यांकन गरी, कटान गराई लिलाम गराउँदा काठको परिमाण घटाई भ्रष्टाचार गरेको भन्नेसमेत।	२०७९।१।२९
४७९.	नेपाल टेलिभिजन, सिंहदरबार, काठमाडौंमा ग्राफिक्स सिस्टम खरिदमा व्यापक अनियमितता भएको भन्नेसमेत।	२०७९।१।२९
४८०.	महोत्तरीको महोत्तरी गाउँपालिका-१ पर्सा दासटोलमा अधुरो धर्मशाला निर्माण गर्दा अनियमितता भएको भन्नेसमेत।	२०७९।१।२९
४८१.	बर्दियाको ठाकुरबाबा नगरपालिका-९ को सोझो, बोल्न नजान्ने प्रेम चुनाराको जग्गा स्थानीय तहका जनप्रतिनिधि र मालपोत कार्यालय, गुलरिया, बर्दियाका कार्यालय प्रमुख मिलेर बिक्री वितरण गरेको भन्नेसमेत।	२०७९।१।२९
४८२.	सर्लाहीको कविलासी नगरपालिका-४, बस्ने गोदावरी देवीले नेपाल सरकारबाट खाईपाई आएको सुविधा रकम वडा कार्यालयका सचिव अजबलाल रायले हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।२९
४८३.	भक्तपुर, मच्छिन्द्रनाथको गुठी जग्गामा मोही कायम गरेको, बाग्मती सिंह सत्तल गुठी नगर विकासको अधिग्रहणमा परेको जग्गा रैतान गरी अनियमितता गरेको भन्नेसमेत।	२०७९।१।२९
४८४.	भोजपुर याङपाङ गा.वि.स.-४ को सार्वजनिक जग्गा डम्बर बहादुर खत्रीले नापी र मालपोत कार्यालयका कर्मचारीसमेतको मिलेमतोमा दर्ता गराएको भन्नेसमेत।	२०७९।१।२९

४८५.	बारा वीरगंज-बरियारपुर-अरुवा सडकअन्तर्गत टियरपुलको निर्माण कार्य ठेक्का सम्झौताअनुसार नगरेको भन्नेसमेत।	२०७९।१।२९
४८६.	बैतडीस्थित केदारेश्वर उ.मा.वि., दुर्गास्थानको १ कोठे हल नबनाएको भन्नेसमेत।	२०७९।१।२९
४८७.	रेडियोमिटर कम्पनी डेनमार्कको ABG लगायतका मेशिनमा प्रयोग हुने Consumables/ kits/ Reagents खरिदमा अनियमितता भएको भन्ने समेत।	२०७९।१।२९
४८८.	उदयपुरस्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयले गरिबी निवारण तथा लघु उद्यम विकास कार्यक्रमको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।२९
४८९.	लोहजरा सप्तरीमा रहेको रामजानकी डिप बोरिङ मर्मतका लागि प्राप्त रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।१।२९
४९०.	सुर्खेत बराहताल गाउँपालिकामा रहेको सरस्वती सामुदायिक वनका अध्यक्ष टेकबहादुर फौजासमेतले एक रूखमा नम्बर लगाएर त्यसको वरिपरि १०-१२ वटासम्म रूखहरू लापरबाही तरिकाले काटी रकम असुली गरेको भन्नेसमेत।	२०७९।२।१०
४९१.	बागलुङ जैमिनी न.पा. मा रहेको श्री सतीढुंगा मा.वि., जैदीका प्रधानाध्यापक हरिप्रसाद पौड्यालले बिरामी बिदाको झुटो विवरण पेस गरेको भन्नेसमेत।	२०७९।२।१०
४९२.	सुनसरी, कोसी गाउँपालिकास्थित सशस्त्र प्रहरी बल, बि.ओ.पी.का सशस्त्र प्रहरी निरीक्षक सुरेन्द्रबहादुर भण्डारीसमेतले सामान तस्करीमा क्रियाशील व्यक्ति/समूहबाट रकम लिएर तस्करीजन्य कार्य बढाएको भन्नेसमेत।	२०७९।२।१०
४९३.	पर्सा साबिक जयमंगलापुर गा.वि.स.का तत्कालीन सचिव शिवपुजन साह कानुले सामाजिक सुरक्षा भत्ता र विकास निर्माणका बजेटसमेत हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।१०
४९४.	घोडाघोडी नगरपालिका, कैलाली-२ स्थित जनता नि.मा.वि. सरैयाका प्र.अ. मधुकर चौधरी र वि.व्य.स. अध्यक्ष सोमैरामसमेतले विद्यालयको दुईकोठे भवन निर्माणमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।२।१०
४९५.	जिल्ला, दैलेख भगवतीमाई गाउँपालिका-३ महेलतोलीस्थित सान्तडादेखि रातामाटा सडक मर्मत योजनामा रकम हिनामिना भएको भन्नेसमेत।	२०७९।२।१०
४९६.	बारा, मधुवन सेक्टर वन कार्यालयका तत्कालीन इन्चार्ज सहायक वन अधिकृत अमरदेवप्रसाद यादवको मिलेमतोमा तीन वटा सालका रूख काटी बिक्री वितरण गरेको भन्नेसमेत।	२०७९।२।१०
४९७.	कैलालीस्थित धनगढी दिपायल द्रुतमार्गको हसनपुर-स्याउले खण्डमा कल्भर्ट निर्माणमा अनियमितता भएको भन्नेसमेत।	२०७९।२।१०
४९८.	सुनसरी बराहक्षेत्र नगरपालिकामा नदीजन्य पदार्थको ठेक्कामा कम कबोल अंक गरेको भन्नेसमेत।	२०७९।२।१०
४९९.	कमला नदी नियन्त्रण आयोजना समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७९।२।१३
५००.	सर्लाही कबिलासी नगरपालिका-६ स्थित आधारभूत विद्यालय जमुनियाको कम्पाउण्डवाल निर्माणमा भ्रष्टाचार भएको भन्नेसमेत।	२०७९।२।१३
५०१.	महोत्तरीस्थित श्री राष्ट्रिय प्राथमिक विद्यालय भवानीगंजका प्रधानाध्यापक रामविशेष यादवले जिल्ला शिक्षा कार्यालय, महोत्तरीबाट चारकोठे भवनका लागि आएको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।१३
५०२.	अछाम, कमलबजार नगरपालिकास्थित गैरीटाङ-कुईका-ताल्सादेखि बयला	२०७९।२।१३

	बेलखेतसम्मको सडकमा भएको सडक स्तरोन्नति कार्यमा उपभोक्ता समितिका अध्यक्ष शेरबहादुर विष्टले ऐ. वडाका वडाध्यक्ष नन्दराम चलाउनेसँगको मिलेमतोमा किर्ते बिल भरपाई बनाई रकम हिनामिना गरेको भन्नेसमेत।	
५०३.	मधेस प्रदेश, पूर्वाधार विकास कार्यालय, वीरगंज, पर्साअन्तर्गत ने.रा.मा.वि. को मर्मतसम्भारसमेतको कार्यमा बढी मूल्यांकन देखाई बिल भुक्तानी गरेको भन्नेसमेत।	२०७९।२।१३
५०४.	मकवानपुरस्थित चकरी हुँदै रिङरोड गोगनपानी झुलुङ्गे गोलेटोल जाने बाटोको कल्भर्ट पुल गुणस्तरहीन बनाएको भन्नेसमेत।	२०७९।२।१३
५०५.	श्री ल्याबोरेटरी मा.वि. धरान, सुनसरीमा चारकोठे भवन निर्माणमा अनियमितता भएको भन्नेसमेत।	२०७९।२।१३
५०६.	कैलाली, कैलारी-२ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालयको भवन निर्माण कार्यमा कमसल अनियमितता गरेको भन्नेसमेत।	२०७९।२।१९
५०७.	कृषि तथा वन विज्ञान विश्वविद्यालयको केन्द्रीय कार्यालय भवनसमेतका लागि आवश्यक फर्निचरहरू खरिदका लागि बोलपत्र आह्वान गर्दा अनियमितता भएको भन्नेसमेत।	२०७९।२।१९
५०८.	काठमाडौं का.म.न.पा.-१४ बस्ने बुद्धकाजी तण्डुकारको जग्गामा भागवत कृष्ण श्रेष्ठले टहरो बनाई व्यवसाय गरेकोमा निज भागवत कृष्ण श्रेष्ठसमेतले का.म.न.पा.का कर्मचारीसमेतको मिलोमतोमा आफ्नो नाउँमा दर्ता गराएको भन्नेसमेत।	२०७९।२।१९
५०९.	वन कार्यालय, बाजुराका जिल्ला वन अधिकृत बेसिन्द्र राज सुवेदीले चाख्लाभावर चाखुरे सामुदायिक वन दर्ता गर्ने कार्ययोजनामा दस्तखत गर्नका लागि घुस/रिसवत बुझी लिएको भन्नेसमेत।	२०७९।२।१९
५१०.	धोबीखोलादेखि साततले मिलनचोक हुँदै तेन्जिङचोकसम्मको खहरे खोलाको अस्तित्व नै लोप गराई सडक बनाएको भन्नेसमेत।	२०७९।२।१९
५११.	सुनसरी धरान उपमहानगरपालिकास्थित पत्राङ्गबारी सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीसमेतको मिलेमतोमा वनपैदावार फँडानी भएको भन्नेसमेत।	२०७९।२।१९
५१२.	मकवानपुर, इन्द्रसरोबर गाउँपालिकामा नदीजन्य पदार्थको ठेक्कामा कुल क्षमताभन्दा कम परिमाण निकाल्ने अनुमति दिएर बढी उत्खनन् गर्न सहज हुने गरी न्यून मूल्य कायम गरेको भन्नेसमेत।	२०७९।२।१९
५१३.	जग्गा प्लटिङ गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले कृषियोग्य जग्गा खण्डीकरण/कित्ताकाट गरी घडेरीको रूपमा बिक्री वितरण गर्न/गराउन नपाउने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट निर्देशन जारी भएको र सो निर्देशनको प्रतिकूल हुने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट नै बाधा नपुग्ने भनी निर्णय भएको भन्नेसमेत।	२०७९।२।१९
५१४.	भरतपुर महानगरपालिका-२५ का वडा अध्यक्ष विजयकुमार भुजेलले सुजराम गुरौकी कान्छी श्रीमती आशा गुरौको नाता प्रमाणित गर्दा ५ लाख लिएको भन्नेसमेत।	२०७९।२।१९
५१५.	रौतहटका जिल्ला शिक्षा अधिकारी अब्दुल रउफ खाँले अन्तर्राष्ट्रिय गैरसरकारी संस्था प्लान नेपाल र गैरसरकारी संस्था साथी नेपालका प्रतिनिधिलाई भौतिक निर्माण कार्यअन्तर्गतको समितिमा प्रतिनिधित्व गराई विद्यालयहरूलाई भौतिक पूर्वाधारको रकम निकासा गर्दा कमिसन लिएको भन्नेसमेत।	२०७९।२।१९

५१६.	बाग्लुङ जिल्ला काठेखोला गाउँपालिकास्थित नालढुंगा (घुडेखोला) खानेपानी योजनामा नापी किताब अनुसारको पाइप प्रयोग नगरेको भन्नेसमेत।	२०७९।२।१९
५१७.	बाँके, कोहलपुर नगरपालिका-१२ र १३ लाई जोड्ने रोहिणी खोलामा बनेको पुल निर्माण कार्य सम्पन्न भएको एक वर्ष नपुग्दै उक्त पुल भत्किएको भन्नेसमेत।	२०७९।२।२३
५१८.	कृषि ज्ञान केन्द्र, रामेछापले गोकुलगंगा गाउँपालिका-४ बेतालीमा कृषि सडक निर्माण गर्दा अनियमितता गरेको भन्नेसमेत।	२०७९।२।२३
५१९.	जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तुका स्टोरकिपर र लेखाका कर्मचारीहरूसमेतको मिलेमतोमा प्रयोगशालाको केमिकल लगायतका सामग्री खरिदसमेतमा प्राप्त रकम दुरुपयोग गरेको भन्नेसमेत।	२०७९।२।२३
५२०.	पर्साको बिरुवागुठी गा.वि.स. वडा नं. ६(क) को कि.नं. १५३ को ऐलानी जग्गा कित्ताकाट गरी व्यक्तिको नाउँमा दर्ता गरेको भन्नेसमेत।	२०७९।२।२३
५२१.	सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, सुर्खेत अन्तर्गतको स्वास्थ्य चौकी भवन निर्माणको सम्झौताबमोजिम समयमा कार्य सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७९।२।२३
५२२.	इलामको फाकफोकथुम गाउँपालिका आम्चोकमा नेपाल विद्युत प्राधिकरण, इलाम वितरण केन्द्रबाट भइरहेको विद्युत पोल विस्तारकै कार्यलाई देखाई उपभोक्ता समितिका पदाधिकारीहरूले रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।२३
५२३.	सिराहाको औरही गाउँपालिका-५ बस्ने रामविलास यादवको अध्यक्षतामा गठित समितिले गोठ सुधार कार्यक्रमको रकम लिई हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।२३
५२४.	बाघभैरव सामुदायिक वन उपभोक्ता समूह, मकवानपुरको वनक्षेत्रभित्रको जग्गा शम्भुप्रसाद घिमिरेले गैरकानुनी ढंगले दर्ता गरेको भन्नेसमेत।	२०७९।२।२३
५२५.	गंगाजमुना गाउँपालिका, धादिङका अध्यक्ष बलबहादुर अधिकारी, प्रमुख प्रशासकीय अधिकृत विनोद रोक्कासमेतले गाउँपालिकाको आर्थिक स्रोतको चरम दुरुपयोग गरेको भन्नेसमेत।	२०७९।२।२३
५२६.	केन्द्रीय तथ्यांक विभागका अधिकांश कर्मचारीहरूले सस्तो मूल्यको हवाई टिकट लिई महँगो मूल्यको भुक्तानी लिने गरेको भन्नेसमेत।	२०७९।२।२३
५२७.	डोटी, दिपायल सिलगढी नगरपालिकास्थित खिचेखोलादेखि थाप्ला गाउँसम्मको नहर तथा पोखरी निर्माण आयोजनामा आर्थिक अनियमितता भएको भन्नेसमेत।	२०७९।२।२३
५२८.	जिल्ला रुकुम (पश्चिम) मुसिकोट नगरपालिका-१३ का कर्णबहादुर खत्री, तुलवीर खत्रीले काइयोखोला हुँदै साधनचौर गएको नहरको पाइप बिक्री गरी खाएको भन्नेसमेत।	२०७९।२।२३
५२९.	कुश्मा न.पा. पर्वतको उपप्रमुख पदमा निर्वाचित स्वस्थानी रिजाललाई विगतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेको र आगामी दिनमा पनि पदको दुरुपयोग गरी भ्रष्टाचार गर्ने प्रवल सम्भावना रहेको भन्नेसमेत।	२०७९।२।३०
५३०.	सडक डिभिजन हेटौंडाअन्तर्गत पर्सा जिल्लास्थित भेडाहा खोला पुल सर्त तथा मापदण्डविपरीत गुणस्तरहीन निर्माण कार्य गरेको भन्नेसमेत।	२०७९।२।३०
५३१.	सिरहा, औरही गाउँपालिका, गाउँकार्यपालिका कार्यालय, सिरहाले कोरोना रोकथाम तथा नियन्त्रणमा आफूखुसी खर्च गरेको भन्नेसमेत।	२०७९।२।३०
५३२.	पाल्पाको रिब्दीकोट गाउँपालिका-१ का वडा अध्यक्ष विष्णुप्रसाद गैरेले प्राविधिक विजय आचार्य तथा कार्यालय प्रमुखसँग मिलेमतो गरी पाइप	२०७९।२।३०

	खरिदलगायतको रकम हिनामिना गरेको भन्नेसमेत।	
५३३.	जिल्ला काभ्रेपलाञ्चोक जनस्वास्थ्य स्टोर भवन निर्माण कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।२।३०
५३४.	उदयपुर चौदण्डीगढी नगरपालिका-९ का वडा अध्यक्षसमेतले रक्सादह पोखरी निर्माण गर्दा बजेट हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।३०
५३५.	धनुषाको सरसमाईस्थानदेखि गौरीपुरसम्मको सडक निर्माण कार्यमा गुणस्तरहीन कार्य गरी विनियोजित रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।३०
५३६.	श्री बाराही माध्यमिक विद्यालय, व्यास, तनहुँमा पुस्तकालय विस्तारका लागि जिल्ला शिक्षा कार्यालय, तनहुँबाट विनियोजित रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।३०
५३७.	सुनसरी इनरुवा नगरपालिकामा फर्जी बिल भरपाई पेस गरी बाढीपीडितको राहत रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।२।३०
५३८.	रुपन्देही, वेलबास-वेथरी सडक खण्ड स्तरोन्नति तथा चौडा गराउने कार्यमा सम्झौताअनुसार कंक्रिटजन्य वस्तुहरू नभएको भन्नेसमेत।	२०७९।३।३
५३९.	जिल्ला हुलाक कार्यालय, पर्सा, वीरगंजका कार्यालय प्रमुख प्रदीप मेहतासमेतको मिलोमतोमा जिल्ला हुलाक कार्यालय, पर्सामा रहेको सरकारी जग्गा गैरकानुनी किसिमले निजी भोगचलनमा दिएको भन्नेसमेत।	२०७९।३।३
५४०.	काठमाडौंको गोंगबु गा.वि.स.-२ को जग्गा नेपाल सरकारको नाममा सार्वजनिक बाटो कायम भई आएकोमा मालपोत तथा नापी कार्यालय, डिल्लीबजारका कर्मचारीहरूको मिलेमतोमा व्यक्ति विशेषको नाममा समावेश गरेको भन्नेसमेत।	२०७९।३।३
५४१.	सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले सामग्री उपकरण खरिदमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।३।३
५४२.	सदाबहार सामुदायिक वन उपभोक्ता समूह बाँकेका अध्यक्ष विजयजित सिंह र कोषाध्यक्ष गयाप्रसाद यादवसमेतले विद्यान र कार्ययोजनाविपरीत समूहभन्दा बाहिर काठ दाउरा बिक्री गरी रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।३।३
५४३.	जिल्ला स्वास्थ्य कार्यालय, अर्घाखाँचीमा आर्थिक वर्ष २०६९/७० को वार्षिक बजेटमा काम नगरी श्रेस्ता मिलाई रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।३।३
५४४.	सिन्धुली जिल्ला खुर्कोट घुर्मी खण्ड निर्माण कार्य ठेक्का सम्झौताअनुसार नगरेको भन्नेसमेत।	२०७९।३।३
५४५.	कान्तिपुर पत्रिकामा प्रकाशित अनिवार्य पेट्रोलियम पदार्थमा संस्थागत अनियमितता भएको भन्नेसमेत।	२०७९।३।३
५४६.	दार्चुलाको शैल्यशिखर नगरपालिका-१ बलाचस्थित श्री कृष्ण उच्चमाध्यमिक विद्यालयमा पुस्तकालय स्थापनाका लागिजिल्ला शिक्षा कार्यालय, दार्चुलाबाट प्राप्त रकम विद्यालयका प्रधानाध्यापकसमेतले अनियिमितता गरे भन्नेसमेत।	२०७९।३।६
५४७.	सुन्दरबजार नगरपालिका, लमजुङ-१ नमुना टोलमा घरधनी चन्द्रावती गौलीले वडाका पदाधिकारीसँगको मिलोमतोमा भूकम्पअघि निर्माण भइसकेको र हुँदै गरेको संरचना देखाई भूकम्प पुनःनिर्माण लाभग्राही बनी सरकारी सम्पत्ति दुरुपयोग गरे गराएको भन्नेसमेत।	२०७९।३।६
५४८.	संघीय संसद भवन निर्माणस्थल, ठेकेदार कम्पनीसमेतले भवन निर्माणस्थलमा रहेको निर्माण सामग्री ठेकेदार कम्पनीको मिलेमतोमा अन्यत्रै लगी बेचबिखन गरेको भन्नेसमेत।	२०७९।३।६
५४९.	नवलपरासीको धनेवा खोलाको पुल समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७९।३।६

५५०.	नेपाल विद्युत प्राधिकरण, इन्जिनियरिङ सेवा निर्देशनालयअन्तर्गत माटो ढुंगा तथा कंक्रिट प्रयोगशालाले बाग्मती इन्टरप्राइजेसँग भएको सम्झौताको अवधि सकिँदा पनि नियमानुसार ठेक्काको म्याद थप्ने प्रक्रिया पूरा नगरेको भन्नेसमेत।	२०७९।३।६
५५१.	उदयपुरको बेलका नगरपालिका- ५ मा संचालित प्रभाकारी माध्यमिक विद्यालय, पोखरेमा विद्यालय भवनसमेतमा निकासा भएको रकम लागत अनुमानबमोजिम नगरी अनियमितता गरेको भन्नेसमेत।	२०७९।३।६
५५२.	कैलाली जानकी गाउँपालिका-६ स्थित जगतपुर सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रवीन्द्र कडायतसमेतले समूहको रकम खर्च पारदर्शी रूपमा नगरेको भन्नेसमेत।	२०७९।३।६
५५३.	बलरा नगरपालिका-५, सर्लाहीको सरस्वती अमरेश बबुनन्दन सिंह माध्यमिक विद्यालय, अर्नाहामा प्रक्रिया नपुर्‍याई शिक्षक नियुक्ति गरेको भन्नेसमेत।	२०७९।३।६
५५४.	धादिङ, नीलकण्ठ-१० स्थित भर्दौर खानेपानी योजना निर्माणमा योजनाका उपभोक्ता समितिका अध्यक्ष हिमप्रसाद पाठकले पूर्व गा.वि.स.बाट खानेपानीका लागि ३० हजार रकम लिएको भन्नेसमेत।	२०७९।३।१२
५५५.	गौशाला नगरपालिका, महोत्तरीमा राज निर्माण सेवासमेतले गरेको निर्माण कार्य मापदण्डअनुरूप नभएको भन्नेसमेत।	२०७९।३।१२
५५६.	मुगुको छायानाथ रारा नगरपालिकाद्वारा संचालित गमगढी सरसफाइ तथा ढल व्यवस्थापन कार्यमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।३।१२
५५७.	पर्वत, मोदी गाउँपालिका-५, बाजुङस्थित श्री महेन्द्र शिखरी माध्यमिक विद्यालयको भवन निर्माणमा अनियमितता भएको भन्नेसमेत।	२०७९।३।१२
५५८.	प्र.ना.नि. रामहरि रिजाल, प्र.स.नि. रमेश तिमल्सिनासमेतले अख्तियारको दुरुपयोग गरी काठमाडौं महनगरपालिका-२८ बाङ्गेमुढास्थित भ्यालुसिटी इम्पेक्सका संचालक राजेश शर्मालाई धम्क्याई रकम असुल गरेको भन्नेसमेत।	२०७९।३।१२
५५९.	सिन्धुपाल्चोक, मेलम्ची नगरपालिका-९ को मेलम्ची ज्यामिरे सडकलाई विनियोजित रकम उपभोक्ता समिति र इञ्जिनियर मिलेर इस्टिमेटबमोजिमको काम नगरिएको भन्नेसमेत।	२०७९।३।१२
५६०.	भैयादेवी सामुदायिक वन हिवल्चा, सल्यानका अध्यक्ष जीवनी रावतसमेतको मिलेमतोमा अवैध रूपले पोखरा र काठमाडौं लगी बेचेका भन्नेसमेत।	२०७९।३।१२
५६१.	जिल्ला सर्लाही, गोडैता नगरपालिका प्रमुख देवेन्द्रकुमार यादवसमेतले साइकल वितरण कार्यक्रम र ज्येष्ठ नागरिक कार्यक्रमको रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।३।१२
५६२.	त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल वायु सेवा निगम, यात्रु सेवा विभागका कर्मचारीहरूले टिकट, ब्यागेज तथा बोर्डिङ पास लगायतमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।३।१६
५६३.	कालीकोटको पलाँता गाउँपालिकास्थित दैनिकर कृषि सिँचाइ कुलो मर्मतसम्भारका लागि विनियोजन रकम उपभोक्ता समितिका अध्यक्ष धनबहादुर बि.क.समेतले इस्टिमेटअनुसारको काम नगरी प्राविधिकलाई मर्मतसम्भार भएको प्राविधिक प्रतिवेदन दिन लगाएको भन्नेसमेत।	२०७९।३।१६
५६४.	सर्लाहीको साबिक गडैता गा.वि.स.का तत्कालीन सचिव रामगुलाम सिंहले गा.वि.स.मा महिला तथा बालबालिका भत्तासमेतका रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।३।१६

५६५.	जिल्ला डोटी पूवीर्चौकी गाउँपालिकाको चिन्नेकोट काडामाडौं सडक निर्माण योजना उपभोक्ता समितिका अध्यक्ष दिर्ग खड्कासमेतले मिलेमतोमा रकम बाँडफाँड गरेको भन्नेसमेत।	२०७९।३।१६
५६६.	पशु सेवा कार्यालय, सर्लाहीको वार्षिक स्वीकृत बाख्रा कार्यक्रमको रकम कार्यक्रमका अध्यक्ष र सुरेन्द्र महतोले बिना निर्णय रकम निकासा गरेको भन्नेसमेत।	२०७९।३।१६
५६७.	राष्ट्रिय आवास कम्पनी योजना कार्यालय, नवलपरासीका योजना प्रमुख महेन्द्र थापासमेतले आपसी मिलेमतो गरी कार्यालयमा विभिन्न कर्मचारीहरूको नाममा पेश्की देखाई निजी प्रयोजनका लागि १ करोड रकम खर्च गरेको र पेश्की फछ्यौंट नगरेको भन्नेसमेत।	२०७९।३।१६
५६८.	जिल्ला काभ्रेपलाञ्चोक जनस्वास्थ्य स्टोर भवन निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७९।३।१६
५६९.	मकवानपुर हेटौंडा उपमहानगरपलिका-६ स्थित चौघडा रंगशाला रोस जाने सडकको कालोपत्रे गुणस्तरहीन भएको भन्नेसमेत।	२०७९।३।१६
५७०.	समाज कल्याण परिषद्का निर्देशक मदन रिमाल र भन्सार छुट सिफारिस शाखाका सहायक निर्देशकको मिलोमतोमा PACT नेपालसँग भएका चारपांग्रे सवारी साधनलगायतका भौतिक सामग्रीहरू गोप्यरूपमा स्थानीय सहयोगी संस्थालाई दिलाई नेपाल सरकारलाई करोडौं घाटा पुर्‍याएको भन्नेसमेत।	२०७९।३।१६
५७१.	सुर्खेत, चौकुने गाउँपालिका वडासैनस्थित सुदर्शन आधारभूत विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको मिलेमतोमा तारबारका लागि प्राप्त रकम कामै नगरी हिनामिना गरेको भन्नेसमेत।	२०७९।३।१६
५७२.	बर्दगोरिया गाउँपालिका, कैलालीको श्री उ.मा.वि., कोटा, तुल्सीपुरका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लौटन डगौरासमेतले आर्थिक तथा शिक्षक नियुक्तिमा अनियमितता गरेको भन्नेसमेत।	२०७९।३।२०
५७३.	निर्माणाधीन मन्थली-नाटिला-गेलु सडक निर्माण कार्य र खिम्ती-फर्पु-नामाडी-बेताली-रस्नालु सडक योजना समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७९।३।२३
५७४.	सासेक रोड कनेक्टिभिटी प्रोजेक्ट अन्तर्गतको हलेसी दिक्तेल सडक स्तरोन्नती कार्य निर्धारित समयमा सम्पन्न गर्न नसकेको भन्नेसमेत।	२०७९।३।२३
५७५.	श्री जनजागृति माध्यमिक विद्यालय, सिन्दुरेघारी, रौतहटको कक्षा ११ र १२ मा अध्ययनरत लक्षित वर्गका विद्यार्थीका लागि पुस्तक खरिद गर्न र आई.सी.टी. ल्याब स्थापना गर्न निकासा भएको रकम हिनामिना भएको भन्नेसमेत।	२०७९।३।२३
५७६.	मकवानपुर पिप्ले-मक्रान्चुली-मकवानपुरगढी सडकमा स्ल्याब ढलान गरेको महिना दिन नबित्दै भत्किएको भन्नेसमेत।	२०७९।३।२३
५७७.	सर्लाही, बलरा नगरपालिका-५ स्थित अर्नाहा सामुदायिक भवन निर्माण कार्यमा अनियमितता भएको भन्नेसमेत।	२०७९।३।२३
५७८.	वादी नेपाल सरकार प्रतिवादी रामएकवाल प्रसाद शाहसमेत भएको घुस/रिसवत मुद्दामा सरकारी साक्षीहरू सीतादेवी कानुसमेतले आयोगका अनुसन्धान अधिकारीसमक्ष गरेको सोधपुछ कागजको प्रतिकूल हुने गरी बकपत्र गरेको भन्नेसमेत।	२०७९।३।२३
५७९.	जिल्ला विकास समितिको कार्यालय मलंगवासमेतमा स्थलगत अनुगमन गर्दा विभिन्न योजना र सोको कार्यान्वयन एवं सेवा प्रवाहमा अनियमितता भएको	२०७९।३।२३

	भन्नेसमेत।	
५८०.	म्याग्दी खोला नियन्त्रण कार्यमा सीमित व्यक्तिको उपभोक्ता समिति गठन गरी खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, म्याग्दीको मिलेमतोमा नियम विपरीत अनावश्यक ठाउँमा ग्याबियन भर्ने कार्य भएको भन्नेसमेत।	२०७९।३।२३
५८१.	बालविकास प्राथमिक विद्यालय मल्हनी, बारामा २०७० सालदेखि १ जना विद्यार्थी पनि नभएको भन्नेसमेत।	२०७९।३।२३
५८२.	सिरहा, सुखिपुर नगरपलिका-१० स्थित बेलहाट गाछीदेखि गागन खोलासम्म ग्राभेल गर्दा रकम हिनामिना गरेको भन्नेसमेत।	२०७९।३।२३
५८३.	अर्घाखाँची, सन्धीखर्क नगरपालिका-१ मा अवस्थित युवावर्ष जनता रविचित्र माध्यमिक विद्यालयका प्रधानाध्यापकसमेतले अध्यापन अनुमति प्राप्त नगरेको व्यक्तिलाई शिक्षक नियुक्ति गरेको भन्नेसमेत।	२०७९।३।२७
५८४.	पोखरास्थित पोखरा मेट्रो ड्राइभिङ ट्रेनिङ इन्स्टिच्युटका खगेन्द्रप्रसाद काफ्लेले यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), गण्डकी प्रदेश, पोखरासँगको मिलेमतोमा लिखित परीक्षाको प्रश्नपत्रहरूको गोपनीयता भंग गरेको भन्नेसमेत।	२०७९।३।२७
५८५.	डिभिजन वन कार्यालय, बर्दियाका सहायक वन अधिकृत आनन्द साहसमेतका कर्मचारीहरूको मिलेमतोमा कागजातहरू मिलाई अवैधरूपमा काठ तस्करी गर्ने गरेको भन्नेसमेत।	२०७९।३।२७
५८६.	रानी विराटनगर इटहरी धरान सडक योजनाअन्तर्गत रानी नहरको सडक निर्माण कार्य तोकिएको मापदण्ड एवं लागत अनुमानबमोजिम नभएको भन्नेसमेत।	२०७९।३।२७
५८७.	जिल्ला बाँके, जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले बजार दररेट भन्दा बढी मूल्यमा ल्यापटप लगायतका सामग्री खरिद गरेको भन्नेसमेत।	२०७९।३।२७
५८८.	रुकुम पश्चिम, आठबीसकोटको महादेव आधारभूत विद्यालयका राहत शिक्षक पवन वि.एम.ले आफू विद्यालयमा अनुपस्थित भई सट्टा शिक्षक राखे गरेको भन्नेसमेत।	२०७९।३।२७
५८९.	वनगाड कुपिण्डे नगरपालिका, सल्यानका नगर प्रमुख गोबिन्दबहादुर पुनले पदीय अधिकारको दुरुपयोग गरी नगरसभा तथा नगर कार्यपालिकाले कोटेसनबिना चर्को दररेटमा गाडी भाडामा लिएको भन्नेसमेत।	२०७९।३।२७
५९०.	सुर्खेतस्थित साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहको लेखापरीक्षणमा विभिन्न खर्चका शीर्षक स्पष्ट नभएकाले सामुदायिक वनका तत्कालीन अध्यक्ष पदमबहादुर वलीसमेतका पदाधिकारीहरूउपर आवश्यक कारबाही गर्ने भन्नेसमेत।	२०७९।३।२७
५९१.	वादी नेपाल सरकार प्रतिवादी महेन्द्र महतोसमेत भएको घुस/रिसवत मुद्दामा सरकारी साक्षीको रूपमा पेस गरिएको उजुरी निवेदक रामचन्द्र महतोले प्रतिकूल बकपत्र गरेको भन्नेसमेत।	२०७९।३।२७
५९२.	वादी नेपाल सरकार प्रतिवादी शुकदेव अधिकारीसमेत भएको घुस/रिसवत मुद्दामा सरकारी साक्षीको रूपमा पेस गरिएको उजुरी निवेदक कमल गुरुङले प्रतिकूल बकपत्र गरेको भन्नेसमेत।	२०७९।३।२७
५९३.	संघीय निर्वाचन क्षेत्र विकास कोषबाट दैलेख, चामुण्डा विन्द्रासैनी नगरपालिका-४	२०७९।३।२७

	सिरौल कान्छावाडा सडक निर्माणका लागि विनियोजित रकमभन्दा कम रकमको मात्र काम गरी बाँकी रकम समिति अध्यक्षले हिनामिना गरेको भन्नेसमेत।	
५९४.	केन्द्रीय हज कमिटीको अध्यक्ष अलि अकबर मिकरानीसमेतले साउदीको मक्का मदिनामा रहेको आवासमा कमिसन खाएको भन्ने समेत।	२०७९।३।२७
५९५.	दोधारा चाँदनी नगरपालिकामा योजना सम्पन्न नहुँदै धमाधम भुक्तानी दिएको भन्नेसमेत।	२०७९।३।२७

तपसिल बमोजिमका राष्ट्रसेवक कर्मचारीहरूले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा सार्वजनिक पद धारण गरेको अवधिभित्रको आम्दानीका बैध स्रोतबाट प्रात रकमको अनुपातमा निजहरूले आर्जन गरेको चलअचल सम्पत्ति तथा अन्य खर्चहरू कम भएको खुल्न आएकाले पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानुनबमोजिम कारबाहीहरू हुने नै हुँदा हाल देहायका कर्मचारी/पदाधिकारीविरुद्धका ४२ वटा उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा (१२) बमोजिम तामेलीमा राखिएको छ ।

तालिका २.२०

स्रोत नखुलेको सम्पत्ति आर्जन सम्बन्धमा अनुसन्धानपश्चात तामेलीमा राखिएका फाइलहरू

सि.नं.	आयोगको निर्णय मिति	नाम, थर	पद	कार्यालय
१.	२०७८।४।१४	खडानन्द गौतम	उपसचिव	अर्थ मन्त्रालय।
२.	२०७८।४।१४	प्रेमकृष्ण श्रेष्ठ	सि.डी.ई.	एकीकृत सहरी विकास केन्द्र, ललितपुर।
३.	२०७८।४।२५	भुपेन्द्रलाल मास्के	जु.ई.	काठमाडौं महानगरपालिका, काठमाडौं।
४.	२०७८।४।२८	सुभाषप्रसाद श्रेष्ठ	तत्कालीन भन्सार अधिकृत	भन्सार कार्यालय, नेपालगंज।
५.	२०७८।५।१०	बिजेन्द्रराज जोशी	कम्प्युटर अधिकृत	यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुर।
६.	२०७८।५।२१	विनोद साह	तत्कालीन निमित्त सडक डिभिजन प्रमुख	सडक डिभिजन कार्यालय, लहान।
७.	२०७८।५।२१	सनतकुमार बस्नेत	तत्कालीन प्रहरी महानिरीक्षक	सशस्त्र प्रहरी बल, नेपाल।
८.	२०७८।६।७	अर्जुनकुमार कार्की	तत्कालीन सचिव	नेपाल ट्रष्टको कार्यालय।
९.	२०७८।७।८	कृष्णकान्त उपाध्याय	प्रमुख प्रशासकीय अधिकृत	तुलसीपुर उपमहानगरपालिका, दाङ।
१०.	२०७८।७।१५	कमलबहादुर राजलवट	उपसचिव	राजस्व अनुसन्धान विभाग ।
११.	२०७८।७।१५	विजयकुमार महतो	सि.डी.ई.	आयोजना निर्देशनालय ए.डी.बी,

				विशालनगर, काठमाडौं।
१२.	२०७८।७।१५	ठाकुरमोहन श्रेष्ठ	तत्कालीन प्रहरी अतिरिक्त महानिरीक्षक	सशस्त्र प्रहरी बल, नेपाल।
१३.	२०७८।७।१५	फणीन्द्र खतिवडा	भन्सार अधिकृत	भन्सार कार्यालय, विराटनगर।
१४.	२०७८।७।१५	माधवकुमार कार्की	तत्कालीन सह-सचिव	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
१५.	२०७८।७।१५	युवराज पोखरेल	सि.डी.ई.	सडक विभाग, चाकुपाट ललितपुर।
१६.	२०७८।८।२०	गंगा तिमसिना	तत्कालीन महाप्रबन्धक	दुग्ध विकास संस्थान, लैनचौर, काठमाडौं।
१७.	२०७८।८।२०	राजेशप्रसाद घिमिरे	अधिकृत, दसौं तह	यातायात पूर्वाधार निर्देशनालय, प्रदेश नं.-१
१८.	२०७८।८।२०	श्यामकुमार राई	तत्कालीन नायब उपरीक्षक, नेपाल प्रहरी	जिल्ला प्रहरी कार्यालय, म्याग्दी।
१९.	२०७८।९।१	अख्तर मोहम्मद	इन्जिनियर, आठौं तह	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्याङ्जा।
२०.	२०७८।९।१२	रामचन्द्र तिमल्सिना	शाखा अधिकृत	तातोपानी भन्सार कार्यालय, सिन्धुपाल्चोक।
२१.	२०७८।१०।१७	निरजकुमार अधिकारी	नायब प्रबन्ध निर्देशक	नेपाल टेलिकम ।
२२.	२०७८।११।१६	प्रदीपकुमार शर्मा	मिटररिडर सुपरभाइजर	नेपाल विद्युत प्राधिकरण
२३.	२०७८।११।१६	रविराज काफ्ले	तत्कालीन निर्देशक (उपसचिव)	सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग।
२४.	२०७८।११।२३	नारायणराज मिश्र	नायब सुब्बा	भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुर।
२५.	२०७८।११।२३	बद्रीबहादुर खड्का	उपनिर्देशक	काठमाडौं महानगरपालिका, काठमाडौं।
२६.	२०७८।११।२३	मोहनराज बिष्ट	सशस्त्र प्रहरी नायब उपरीक्षक	सशस्त्र प्रहरी बल, नेपाल।
२७.	२०७८।११।२६	लोकबहादुर जि.सी.	प्रहरी निरीक्षक	इलाका प्रहरी कार्यालय गैंडाकोट, नवलपरासी।
२८.	२०७८।११।३०	विदुरप्रसाद गौतम	तत्कालीन भन्सार परीक्षक	भन्सार जाँचपास परीक्षण, कार्यालय, काठमाडौं।
२९.	२०७८।१२।७	श्याम के.सी	मेकानिकल इन्जिनियर	यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुर।

३०	२०७८।१२।१४	रमेश बस्नेत	सि.डी.ई.	सिंचाइ विभाग ललितपुर।
३१	२०७८।१२।२४	विष्णुप्रसाद काफ्ले	सिनियर डिभिजनल इन्जिनियर	कार्यालय नखुलेको।
३२.	२०७८।१।८	रत्नेश्वर लाल कर्ण	तत्कालीन सि.डी.ई.	जलउत्पन्न प्रकोप नियन्त्रण डि.नं. २ जनकपुर।
३३.	२०७९।१।८	कुलानन्द झा	तत्कालीन ना.सु.	जलउत्पन्न प्रकोप नियन्त्रण डि.नं. २ जनकपुर।
३४.	२०७९।२।२३	पूर्णदिव भट्ट/ डम्बरबहादुर थापा	लेखापाल/ खरिदार	दशरथचन्द नगरपालिका, बैतडी।
३५.	२०७९।२।२३	मदन दाहाल	तत्कालीन भन्सार प्रमुख	भन्सार कार्यालय, कन्चनपुर।
३६.	२०७९।२।२३	झवीन्द्र पोखेल	कर अधिकृत	आन्तरिक राजस्व कार्यालय, नयाँबानेश्वर।
३७.	२०७९।२।२३	कृष्णकुमार पाठक	टाइपिष्ट नायब सुब्बा	उच्च अदालत, तुलसीपुर, नेपालगंज इजलास।
३८.	२०७९।२।३०	तत्कालीन प्रमुख कार्यकारी अधिकृत	भरतराज वस्ती	एन.आई.डि.सी. क्यापिटल मार्केट्स लिमिटेड, काठमाडौं।
३९.	२०७९।३।३	तत्कालीन प्रहरी नायब महानिरीक्षक	गोविन् प्रसाद निरौला	नेपाल प्रहरी ।
४०.	२०७९।३।१६	सुपरिटेन्टिङ इन्जिनियर (सु.ई.)	कुमार थापा	पूर्वाधार विकास आयोजना कार्यालय, पोखरा, कास्की।
४१.	२०७९।३।२३	तत्कालीन प्रमुख भन्सार अधिकृत	मिमांश अधिकारी	भन्सार कार्यालय, विराटनगर।
४२.	२०७९।३।२३	नायब सुब्बा	धीरजकुमार थापा	रसुवा भन्सार कार्यालय, रसुवा।

२.११ मुल्तबी

आयोगमा पर्न आएका उजुरीहरूमध्ये आ.व. ०७८/७९ मा देहायका ९ वटा उजुरीहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० को उपनियम (२) बमोजिम मुल्तबीमा राखिएको छ।

तालिका २.२१

मुल्तबीमा राखिएका फाइलहरू

क्र.नं.	उजुरीको व्यहोरा	निर्णय मिति
१.	मिना खड्काको नाममा दर्ता श्रेस्ता कायम रहेका साबिक थानकोट गा.वि.स. वडा नं. ५ हाल चन्द्रागिरी नगरपालिका वडा नं. ३ मा रहेको कित्ता नं. ४२८ र ४२६ क्षेत्रफल क्रमशः १-०-३-० र ०-३-१-० भएको जग्गाहरू मालपोत कार्यालय, कलंकीबाट जग्गाधनी निज खड्का बेल्जियममा रहेको बखतमा भू-माफिया तथा मालपोत कार्यालय, कलंकीका कर्मचारीहरूसमेतको मिलेमतोमा नक्कली जग्गाधनी खडा गरी उक्त जग्गा बिक्री गरी हक हस्तान्तरण गरेको	२०७८।४।२१

	भन्नेसमेत।	
२.	आन्तरिक राजस्व विभाग लाजिम्पाटमा कार्यरत तत्कालीन लेखा अधिकृत जिल्ला मोरङ साबिक शनिश्चरे गा.वि.स. वडा नं. २ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, टोखा न.पा. वडा नं. ८ बस्ने पीताम्बरप्रसाद पोखरेलले पद बहालमा रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०७८।११।२३
३.	मालपोत कार्यालय, पर्सा, वीरगंजमा कार्यरत कार्यालय सहयोगी श्यामप्रसाद तिमिल्सिनाले गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०७८।११।२६
४.	मालपोत कार्यालय पर्सा, वीरगंजमा कार्यरत कार्यालय सहयोगी जुगुलीप्रसाद कुर्मीले गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्नेसमेत।	२०७८।११।२६
५.	जिल्ला उदयपुर गाईघाट १(ख) को कि.नं. ७०१ ज.बि. ०-७-१९-० मध्ये ०-७-१८-० गाईघाट-कदमाहा सडक खण्डमा परेको जग्गाको साबिक ट्रेस नक्सामा रहेको कित्ता नम्बर केरमेट तथा किर्ते समेत गरी त्रियुगा न.पा. वडा नं. ३ बाट घरबाटो सिफारिस गरी मालपोत कार्यालय, उदयपुरबाट सडकको जग्गा व्यक्ति विशेषलाई बिक्री वितरण गरेको भन्नेसमेत।	२०७८।१२।७
६.	साबिक बालाजु गा.वि.स.-२ क कि.नं. ३४३ मृगस्थली गोरखनाथ गुठीको जग्गा किर्ते कागजात गराई गुठीका जग्गालाई रैकरमा परिणत गरी व्यक्ति विशेषका नाममा कायम गरी बिक्री गरेको भन्नेसमेत।	२०७८।१२।१०
७.	पोखरा म.न.पा.-१७ महतगौंडा, ढुंगेसाँघुस्थित सिद्धगुफा गुठी १८६४ सालमा लालमोहर प्राप्त मन्दिरकै भोग गर्दै आएको १५३ रोपनी जग्गामा १००० वर्षदेखि मकर संक्रान्ति मेला लाग्दै आएको जग्गा २०३२ सालको नापीमा जग्गा दलालहरूले दर्ता गरेको भन्नेसमेत।	२०७८।१२।२१
८.	जिल्ला बारा, कलैया उ.म.न.पा. वडा नं. २३ को कि.नं. १३ ज.बि. ०-९-१० र उक्त जग्गामा निर्माण भएको धर्मशाला तथा कि.नं. ३१२ समेतको जग्गा सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति, बाराको निर्णयानुसार गलत प्रक्रियाबाट दुर्गाप्रसादको नाममा जग्गाधनी प्रमाणपुर्जा वितरण भएको तर भूमिसुधार तथा मालपोत कार्यालय, बाराको अभिलेखमा श्रेस्ता कायम नभएको भन्नेसमेत।	२०७९।१।२६
९.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट आरोपपत्र दायर गर्दा भारतीय नागरिक भनिएका अनुप मेहरा र पाल्हीनन्दन गाउँपालिका वडा नं. ५ बस्ने अनुपकुमार खत्री एकै व्यक्ति भएको भन्ने सिफारिस दिएको भन्नेसमेत।	२०७९।३।१२

परिच्छेद- ३
भ्रष्टाचार नियन्त्रणका निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरू

३.१ पृष्ठभूमि

आयोगले संस्थागत रणनीति (आ.व.२०७६/७७-२०८०/८१) मार्फत् उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकास गरी चारवटा रणनीतिहरू अवलम्बन गर्दै आइरहेको छ। भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा भ्रष्टाचारका विविध आयाम, जोखिमका क्षेत्रहरूको पहिचानसम्बन्धी अध्ययन अनुसन्धान गर्दै आइरहेको छ । निरोधात्मक रणनीतिमार्फत सार्वजनिक निकायलाई सुझावहरू सम्प्रेषण गर्ने, कारबाहीका लागि लेखी पठाउने, समन्वय बैठक, छलफल तथा अन्तर्क्रियाहरू गर्ने, संसदीय समितिमा छलफल तथा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन गर्ने कार्यहरू भइरहेका छन् । प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत भ्रष्टाचारविरुद्ध समुदायिक सचेतना अभिवृद्धि, सञ्चार माध्ययमसँग भेटघाट तथा प्रेस विज्ञप्ति प्रकाशन, सरोकारवाला निकायबीच असल सञ्चार र अनुभव साटासाटमा सहकार्य गर्ने एवं सहयोग आदानप्रदान गर्ने कार्यले निरन्तरता पाइरहेको छ ।

सरोकारवाला निकाय र पदाधिकारीलाई तालिम प्रदान गर्ने, गोष्ठी र अन्तरक्रिया जस्ता कार्यक्रमहरू संचालन, बहस पैरवी गर्ने, भ्रष्टाचारविरुद्ध टेलिभिजन, रेडियो, एफ.एम., पत्रपत्रिका, अनलाइन मिडिया मार्फत तथा पर्चा, पम्प्लेट लगायत श्रव्य-दृश्य सामग्रीहरू समेत उत्पादन, प्रकाशन, प्रसारण र प्रवर्द्धन गर्दै आइरहेको छ। सामुदायिक शिक्षा कार्यक्रमबाट विद्यार्थी, शिक्षक, अभिभावक, पदाधिकारीलगायतलाई सभ्य समाज निर्माणमा समुदायको योगदानको महत्व उजागर गर्ने कार्य एकातिर हुँदै आइरहेको छ भने आयोगले विभिन्न जिल्ला तथा स्थानीय तहमा भ्रष्टाचारविरुद्ध निरोधात्मक र प्रचारात्मक कार्यक्रमहरू समेत संचालन गर्दै आइरहेको छ। कोभिड-१९ महामारीको प्रभावले सुस्त रहेका कार्यहरू महामारी कम हुँदै गएको परिस्थितिमा पुन तीव्र गतिमा अगाडि बढेका छन् । आयोगको संवैधानिक काम, कर्तव्य र जिम्मेवारीका साथै सबै सरोकारवाला निकाय तथा समुदाय र हरेक नागरिकको भ्रष्टाचार निवारणमा दायित्व रहेकाले सबैको एकीकृत प्रयास आवश्यक रहेको छ ।

३.२. निरोधात्मक कार्यक्रम

३.२.१. भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी सुझाव सम्प्रेषण

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न विद्यमान अवस्थाको समीक्षा, मूल्यांकन र कार्यानुभवबाट आगामी दिशा र रणनीतिका लागि आयोगले नेपाल सरकारलाई विभिन्न समयमा विविध सुझावहरू दिंदै आइरहेको छ। आयोगमा पर्ने उजुरीका विषय, आयोगको अनुसन्धान, अभियोजन र तहकिकातको क्षेत्रगत अनुभव, अन्य निकायको कार्यक्रम, शोध तथा प्रकाशन, आयोगसँग ती निकायहरूको अन्तरक्रिया तथा समय समयमा आयोगले आयोजना गर्ने विभिन्न कार्यक्रमहरू समेतको अनुभूतिबाट यस्ता विविध क्षेत्रगत समस्याहरूको पहिचान गर्दै समस्या

निदानका लागि आयोगको तर्फबाट नेपाल सरकारलाई सुझाव दिंदै आएको हो। यसरी प्रस्तुत सुझावहरू समयमै कार्यान्वयन गर्दा नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन संस्कृति प्रवर्द्धन गर्न सकिने देखिन्छ। आयोगले आर्थिक वर्ष ०७८/७९ मा मूलतः देहायका विषयसम्बन्धी सुझाव प्रदान गरेको छः-

क. भवन निर्माण, खानेपानी, विद्यालय आयोजना तथा पूर्वाधार निर्माण

प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (पछिल्लो संशोधन समेत) को पूर्ण पालना गरी प्रतिस्पर्धा सुनिश्चित गर्न गराउन विद्यालय, स्वास्थ्य चौकी आदि जस्ता संवेदनशील संरचनाको निर्माण गर्दा भूकम्पीय तथा अन्य प्राकृतिक विपत्तिले हुन सक्ने सम्भावित क्षतिलाई न्यून गर्नका निम्ति उपयुक्त Disaster prone zone र Land use map अध्ययन गरी विपद उत्थानशील संरचनाहरूको निर्माण गर्ने। खानेपानी लगायतका आयोजनाहरूमा आवश्यक पर्ने जिन्सी सामानहरूको खरिद योजना बनाउँदा संरचनामा उपयोग हुने परिमाणका लागि मात्र बजेट/कार्यक्रम बनाउन, स्टोरमा मौज्दात रहने गरी खरिद नगर्न, जुन आयोजनाका लागि खरिद गरिएको हो सोही आयोजनामा स्वीकृत लागत अनुमानबमोजिम प्रयोग गर्न, आयोजनामा खर्च भएको जिन्सीको अनिवार्य रूपमा नापी किताबमा प्रवृष्टि गर्न र जिन्सी सामानहरूको दुरुपयोग नहुने गरी अभिलेख व्यवस्थित राख्न । जैविक विविधताका महत्वपूर्ण क्षेत्र तथा संरक्षित क्षेत्रहरूमा भौतिक निर्माणका कार्यहरू गर्नुपर्दा वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्न निर्देशिका निर्माण गरी कार्यान्वयन हुनुपर्ने। वन क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि नेपाल सरकारले पर्यटकीय क्रियाकपापहरू संचालन गर्न मापदण्ड बनाएर लागू गर्नुपर्ने ।

भौतिक निर्माणका कार्यहरू संचालन गर्दा वातावरणीय अध्ययनले सिफारिस गरेका Mitigation का कार्यहरू अनिवार्य रूपमा संचालन गर्नुपर्ने गरी व्यवस्थापन गर्ने ।

ख. सार्वजनिक निर्माण तथा ठेक्का व्यवस्थापनसम्बन्धी सुझाव

ठेक्का लगाउँदा समयमा सम्पन्न गर्न नसकेको अवस्थामा आवश्यक पर्ने जग्गाको सुनिश्चितता गर्नु पर्नेमा सो नगरी ठेक्काको म्याद पटक पटक थप गर्नुपरेको कारण, कामको परिमाण र सम्झौता रकम घट्न गएको अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ बमोजिम भेरियसन आदेश स्वीकृत गरी गराई मात्र खरिद कार्य गर्ने गराउने व्यवस्था मिलाउने ।

गुणस्तरीय र दिगो पूर्वाधारमार्फत जनअपेक्षा अनुसारको प्रभावकारी सेवा प्रदान गर्न अनिवार्य रूपमा गुणस्तर सुनिश्चित योजना लागू गर्ने. निर्माण व्यवसायीले गर्ने गुणस्तर परीक्षणको अतिरिक्त निर्मित संरचना तोकिएबमोजिमको डिजाइन, ड्रइङ र गुणस्तरको भए नभएको कुरा ठेक्का व्यवस्थापन गर्ने निकायका सम्बन्धित कर्मचारी वा जिम्वेवारी प्राप्त परामर्शदाताले हरेक चरणमा आवश्यक मात्रामा चेकजाँच गरी स्पेसिफिकेसन र ड्रइङबमोजिम तोकिएको सीमाभित्र रहे नरहेको कुरा निर्माण व्यवसायीलाई लिखित जानकारी दिएर मात्र तत्पश्चातको थप कार्य गर्दै जाने, सम्पन्न निर्माण कार्यको उपयुक्तताको परीक्षण गरेर मात्र कार्य स्वीकार गर्ने र खरिद सम्झौताका शर्तहरूको पूर्ण पालनाका लागि प्रभावकारी अनुगमन तथा

मूल्यांकनको समेत व्यवस्था मिलाउने । खरिद सम्झौता गर्दा ठेक्का अंकको के कति अंश वा कुन भाग/प्रकृतिको काम सव-कन्ट्रयाक्ट गर्न सकिने हो सो कुरा बोलपत्रसम्बन्धी कागजातमा स्पष्ट रूपमा खुलाउन कन्ट्रयाक्टरले सव-कन्ट्रयाक्टर नियुक्त गर्दा अपनाउन पर्ने विधि खुलाई नियुक्त गर्नुपूर्व सार्वजनिक निकायले सव-कन्ट्रयाक्टरको योग्यता/उपयुक्तताको परीक्षण गरी लिखित रूपमा स्वीकृति दिन मौखिक सहमतिको भरमा कन्ट्रयाक्टरद्वारा अनधिकृत रूपमा सव-कन्ट्रयाक्टर परिचालित हुने प्रवृत्तिको अन्त्य गर्न अनधिकृत व्यक्ति/कम्पनीसँग सार्वजनिक निकायद्वारा पत्राचार वा ठेक्का व्यवस्थापन सम्बन्धी कुनै व्यवहार नगर्न र खरिद सम्झौता गर्ने बोलपत्रदातालाई सम्झौताबमोजिम पूर्णरूपमा जिम्मेवार बनाउन उपयुक्त हुने ।

ग. सार्वजनिक जग्गासम्बन्धी

सार्वजनिक जग्गा परापूर्वकालदेखि नै सार्वजनिक रूपमा स्थानीय व्यक्तिहरूले पानी घाट, गौचरण, तारो तगारो तथा अन्य सार्वजनिक हितको निम्ती उपभोग हुँदै आइरहेकोमा अतिक्रमित सरकारी/सार्वजनिक/पर्ति जग्गाहरूको अभिलेखांकन गरी भौतिक रूपमा नै छुट्टयाई संरक्षण र संवर्द्धन गर्नका लागी कानुन बमोजिम आवश्यक व्यवस्था गर्ने/गराउने ।

घ. सवारी चालक अनुमतिपत्र वितरण, सवारी साधनको कर असुली लगायतका विषयलाई थप व्यवस्थित बनाउने सम्बन्धी

सवारी चालक अनुमतिपत्रको प्रेवश परीक्षा लिने परीक्षा केन्द्रहरूको व्यवस्थापन पारदर्शी र एकाधिकार नहुने व्यवस्था मिलाउने ।

सातै प्रदेशका EDLVRS लाई केन्द्रीकृत तथ्यांक प्रणालीमा जोड्ने आवश्यक व्यवस्था मिलाउने ।ड्राइभिङ सेन्टरहरू मापदण्डबमोजिम भए नभएको नियमित अनुगमन गर्ने ।विदेशी लाइसेन्स नेपालीकरणका सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।सवारी साधनको कर असुलीसम्बन्धी व्यवस्थालाई नियमन गर्ने तथा सहज बनाउने ।भाडाका सवारी साधन ट्याक्सी आदिको सेवामा प्रभावकारिता ल्याउने व्यवस्था मिलाउने। राइड सेयरिङलाई नियमन गर्ने ।

ङ. मानव संसाधन व्यवस्थापनसम्बन्धी

नेपालभरका स्थानीय तहको करार सेवा तथा दरबन्दी भन्दा माथि बिना प्रतिस्पर्धा नियुक्ति भएकोमा करार सेवा ऐन र दरबन्दीभन्दा माथि कर्मचारी भर्ना नगर्ने र प्रतिस्पर्धाबाट कर्मचारी भर्ना गर्नुपर्ने ।

च. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सुझाव

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को परिच्छेद-४ बमोजिम प्रशासनिक कार्यसम्पादन गर्दा अपनाउनुपर्ने कार्यविधि अपनाई केराउ, सुपारी, नधुल्याएको मरिच, छोकडा तथा पोस्तादाना जस्ता परिमाणात्मक बन्देज लगाइने वस्तुहरूको पैठारी अनुमतिका लागि आगामी दिनमा इजाजत दिंदा पारदर्शिता कायम गर्न आधार र कारणसहितको व्यवस्थित वितरण प्रणाली उल्लेख भएको कार्यविधि निर्माण गरेर मात्र पैठारी इजाजत दिने, कुनैपनि

फर्महरूले पैठारी इजाजत माग गर्दा निकासी पैठारी नियमहरू, २०३४ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्ने र विभागले पैठारी अनुमति दिंदा अनुसूची-४ बमोजिमको ढाँचामा मात्र इजाजतपत्र जारी गर्ने, आयात अनुमति प्रदान गरिएको र आयात गरिएका परिमाणहरूको अभिलेख दुरुस्त राख्ने, प्रशासनिक त्रुटि सच्याई दर्ता चलानी व्यवस्थित, सिलसिलेवार र पारदर्शी ढंगबाट गर्ने।

छ. गरिबी निवारण कोषसम्बन्धी सुझाव

गरिबी निवारण कोषको आर्थिक वर्ष २०७६/०७७ को जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित सबै सामानहरूको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० बमोजिम सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षण गरी उचित व्यवस्थापन गर्ने गराउने।

ज. अर्थ मन्त्रालयसँग सम्बन्धित सुझाव

परिमाणात्मक बन्देज लगाइएका वस्तुहरूको परिमाण, पैठारी गरिसक्नुपर्ने अवधि तथा इजाजत प्राप्त फर्म/कम्पनीको नाम यकिन भई मालवस्तुको भन्सारजाँच पास नभएको कारण पैठारी अनुमति नलिएका फर्म/कम्पनीबाट समेत पोस्तादाना लगायतका वस्तुहरू आयात भएको भन्सार प्रशासनमा अभिलेखित भएको देखिंदा अब आइन्दा मालवस्तु पैठारी भई भन्सार जाँचपास गर्दा उल्लिखित कागजातको अलावा प्रचलित कानुनले अनिवार्य गरेका सबै कागजपत्रहरूको सुनिश्चितता गरेर मात्र भन्सार जाँचपास गर्ने व्यवस्था गर्ने ।

झ. नेपाल राष्ट्र बैंकसँग सम्बन्धित सुझाव

राष्ट्र बैंकको पूर्व स्वीकृत लिई कुनै पनि व्यापारिक फर्मको नामबाट वा नाममा वाणिज्य बैंकहरूले प्रतीतपत्र वा सोही प्रकारका अन्य भुक्तानीका साधनहरू जारी गर्दा वस्तु पैठारी गर्न इजाजत प्राप्त निकाय/अवधि/वस्तु र परिमाणको यकिन गरी प्रचलित कानुनले अनिवार्य गरेका सबै कागजातहरूको सुनिश्चितता गरेर मात्र प्रतीतपत्र वा सोही प्रकारका अन्य भुक्तानीका साधनहरू जारी गर्ने र सो पछि प्राप्तिका अन्य प्रमाणहरूको संकलन र नियमन गर्ने व्यवस्था अनिवार्य गर्ने।

ञ. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित सुझाव

केराउ, सुपारी, नधुल्याएको मरिच, छोकडा तथा पोस्तादाना लगायतका परिमाणात्मक बन्देज लगाई सूचित आदेशमार्फत पैठारी अनुमति दिइने वस्तुहरूको आयातमा मुलुकको उद्योगका लागि माग र आपूर्तिको विश्लेषणमार्फत आवश्यकताको पहिचान गरी परिमाण यकिन गर्ने ।

ट. नेपाल विद्युत प्राधिकरणसँग सम्बन्धित सुझाव

सेवाग्राहीप्रति सेवा प्रदायकको तर्फबाट दिइने सेवामा सकारात्मक पहल गरी यथोचित भूमिका निर्वाह हुने गरी कार्य सम्पादन गर्ने ।

३.२.२ समन्वय बैठक, छलफल तथा अन्तर्क्रिया

(क) संसदीय समितिबाट अनुगमन, छलफल तथा अन्तरक्रिया

नेपाल सरकार, संघीय संसदका विभिन्न समितिहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने गरी छलफल

कार्यक्रमहरू आयोजना हुँदै आएका छन् । बैठकमा आयोगले सम्पादन गरेका काम, लिएको रणनीति तथा हासिल गरेको कार्यप्रगतिका आधारमा आयोगका चुनौतीहरू तथा आयोगको आगामी कार्यदिशाका सम्बन्धमा छलफलसमेत हुने गरेको छ । साथै, विभिन्न मितिमा संसदीय समितिहरूको बैठकमा आयोगले आफ्नो क्रियाकलापको प्रस्तुतीकरण र छलफलसमेत गरेको छ । आयोगबाट हुने उजुरीमाथिको अनुसन्धान, अभियोजन र तहकिकातसम्बन्धी कार्य विधिसम्मत, तथ्यपरक र वस्तुनिष्ठ ढंगले अघि बढ्ने व्यहोरासमेत व्यक्त भएको छ । कुनै पनि सार्वजनिक क्षेत्रको विकासका लागि आयोग बाधक नभई नियम पालनाका लागि सहजकर्ता मात्र रहेको विषयसमेत उल्लेख भएको छ। विभिन्न यस्ता छलफल कार्यक्रमहरूमा नेपाल सरकारले लिएको विकाससम्बन्धी लक्ष्य पूरा गर्ने सन्दर्भमा भ्रष्टाचार हुन नदिन तथा सदाचार संस्कृति कायम गरी सुशासन प्रवर्द्धन गर्न सबै सरोकारवाला निकायको साथ, सहयोग र समर्थनका लागि आयोगको आग्रह रहेको छ ।

(ख) समन्वय बैठक तथा छलफल

- यस आयोगबाट राष्ट्रिय किताबखाना (निजामती, प्रहरी र शिक्षक) लाई सम्पत्ति विवरण फाराम भरी तोकिएको समयभित्र सम्पत्ति विवरण पेस नगर्ने सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक/कर्मचारीहरूको विवरणसहितको पत्र पठाइसकिएकाले राष्ट्रिय किताबखाना (निजामती, प्रहरी र शिक्षक) मा अभिलेख रहने गरी सम्पत्ति विवरण बुझाउने कर्तव्य भएका सार्वजनिक पद धारण गरेका तोकिएको समयभित्र सम्पत्ति विवरण पेस नगर्ने राष्ट्रसेवक/कर्मचारीहरूलाई राष्ट्रिय किताबखाना (निजामती, प्रहरी र शिक्षक) ले आयोगले पठाएको पत्रमा उल्लिखित व्यहोरा सम्बन्धित राष्ट्रसेवक/कर्मचारीहरूलाई हाल बहाल रहेको निकायमा पत्राचार गर्ने ।
- अनुसन्धानको सिलसिलामा आयोगलाई आवश्यक परेकाले राष्ट्रिय किताबखाना (शिक्षक) ले तत्काल किताबखानाको सिस्टममा यस आयोगलाई पहुँच उपलब्ध गराउने र राष्ट्रिय किताबखाना (प्रहरी) ले आफ्नो कम्प्युटर प्रणालीलाई छिटो भन्दा छिटो अद्यावधिक गरी पहुँच उपलब्ध गराउने व्यवस्था मिलाउने।
- राष्ट्रिय किताबखाना (निजामती, प्रहरी र शिक्षक) बाट राष्ट्रिय सतर्कता केन्द्रमा सम्पत्ति विवरण नभरेका राष्ट्रसेवकहरूको विवरण पठाउँदा आ-आफ्नो कम्प्युटर प्रणालीमा निरन्तर अद्यावधिक गर्ने र यथार्थपरक शुद्ध विवरणमात्र उपलब्ध गराउने व्यवस्था गर्ने।
- राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) मा अभिलेख रहने सबै राष्ट्रसेवकहरूको विवरणलाई Integrated Software System मा ल्याउन राष्ट्रिय किताबखानाले व्यवस्था मिलाउने।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग हात्ती दर्ता र चोरी निकासीलगायतका विषयको सम्बन्धमा छलफल ।
- यातायात व्यवस्थाका सम्बन्धमा सरोकारवाला निकायहरूसँग यातायात व्यवस्था कार्यालयमा भएका विविध समस्याहरूको सम्बन्धमा (बिचौलिया, अभिलेख सुरक्षा, स्मार्ट

लाइसेन्स वितरण, Trial Center यवस्थापन, सेवाग्राहीको चाप, इम्बोस्ड नं. प्लेट, राइड सेयरिङको नियमन, विदेशी लाइसेन्स नेपालीकरण आदि विविध विषयमा) छलफल ।

- सडक विभागका पदाधिकारीसँग सडक विभागसँग सम्बन्धित उजुरीलगायत योजनाको पूर्व तयारी, बोलपत्रको कागजातमा राखिने प्रावधान, परामर्शदाता, रुग्ण योजना आदि विषयमा छलफल ।
- वन तथा वातावरण मन्त्रालयका सचिव वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित उजुरीलगायतका विषयमा छलफल ।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव सडक विभागसँग सम्बन्धित उजुरी, रुग्ण योजनाहरूको वर्तमान अवस्था, प्रगति तथा भावी योजना, मूल्य समायोजन, भेरियसन आदेश, निर्माण कार्यको गुणस्तर आदि अन्य विविध विषयमा छलफल ।
- वन तथा वातावरण मन्त्रालय, नापी विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष जग्गाको क्षेत्राधिकार, IEE प्रतिवेदन कार्यान्वयनको अवस्था, सरकारी तथा निजी जग्गा रेखांकनलगायतका विषयसम्बन्धी उजुरीको विषयमा छलफल ।
- पेट्रोलियम पदार्थमा हुने मूल्यवृद्धि, चुहावट र गुणस्तरलगायतका समसामयिक विषय, उपत्यकाको एकीकृत फोहोरमैला व्यवस्थापन परियोजना, नेपाल ट्रष्टको जग्गा, राजकुलो ढुंगेधारा मिचिएको र खोलाको जग्गा अतिक्रमण सम्बन्धमा विभिन्न मितिमा सरोकारवालाहरूसँग छलफल ।
- आयोगमा उजुरीको रूपमा ग्रहण भएका जनगुनासा सम्बोधन गर्दा विभिन्न निकायका प्रमुख तथा जिम्मेवार पदाधिकारीहरूसँग ती निकायहरूबाट प्रदान भइरहेको सेवा प्रवाहको अवस्था, समस्या तथा चुनौतीहरू एवं समाधानका उपायहरूको विषयमा समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमहरू समेत संचालन गरेको छ। समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमहरूमार्फत आवश्यक निर्देशन, सल्लाह र सुझावमार्फत समेत आयोगले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि रचनात्मक प्रयास गरेको छ। प्रवर्द्धनात्मक र निरोधात्मक कार्यमा सहयोग पुग्ने गरी विभिन्न मन्त्रालय, प्रदेश वा निकायगत रूपमा समय समयमा गरिएका समन्वयात्मक एवं सहजीकरण बैठकहरूको माध्यमबाट आ-आफ्ना निकायमा भ्रष्टाचार नियन्त्रणका लागि सचेतना वा पूर्वसावधानी अपनाउन सुझावहरू प्रदान गरिएको तथा यसबाट प्रभावकारी र नतिजामुखी सार्वजनिक सेवा प्रवाह हुने र विकास निर्माण भ्रष्टाचाररहित भई अपेक्षित नतिजा हासिल हुने विश्वास गरिएको छ ।

(ग) अनुगमन बैठक

यस आयोगबाट तोकेको जिम्मेवारी पूरा गर्ने सन्दर्भमा समय समयमा भएका छलफल, अन्तरक्रिया, कार्यक्रम तथा बहसमार्फत विभिन्न निकायहरूलाई दिएका सुझावहरू तथा आयोगमा परेका उजुरीको छानबिनका क्रममा आयोगका निर्णयहरूको कार्यान्वयनको सन्दर्भमा आयोगले विभिन्न सम्बद्ध निकाय, क्षेत्र तथा व्यक्तिहरूसँग सो सम्बन्धमा विभिन्न चरणमा विभिन्न तरिकाले अनुगमनसमेत गर्ने गरेको छ। यसै क्रममा

आयोगबाट आ.व. २०७८।७९ मा मातहतका कार्यालयहरू इटहरी, महोत्तरी, हेटौंडा, पोखरा, बुटवल, नेपालगंज, सुर्खेत र कंचनपुरमा पनि अनुगमन भएको छ ।यस्तै आयोगबाट सञ्चार तथा सूचना प्रविधि एवं पत्राचारको माध्यमद्वारा सरोकारवाला निकाय र व्यक्तिसँग सम्बन्धित विषयहरूको अवस्थाको प्रगति र जानकारी लिने कार्य भएका छन् ।

३.२.३ भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्न तथा सदाचार संस्कृतिमा जनसहभागिता बढाई वाञ्छित लक्ष्य हासिल गर्न जनस्तरबाट भ्रष्टाचारविरोधी अभियानको थालनी गर्ने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७५।१०।११ मा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थासम्बन्धी अवधारणापत्र स्वीकृत भई आर्थिक वर्ष ०७५/७६ मा परीक्षणका रूपमा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन गरी आयोगबाट जनताको तहसम्म सहकार्य प्रारम्भ गर्ने कार्यको थालनी भएको थियो। यसरी गठित भ्रष्टाचार निगरानी संस्थाहरूको प्रभावकारिताका आधारमा तथा स्थानीय नागरिक समाजको सक्रियतामा यस्ता संस्थाहरू गठन गर्ने अवधारणा अगाडि बढाइएकोमा उक्त अवधारणाबमोजिम हालसम्म कञ्चनपुर, कैलाली, दैलेख, सुर्खेत, रुपन्देही, गुल्मी, कास्की, पर्वत, स्याङ्जा, चितवन, मकवानपुर, धादिङ, सिराहा, धनुषा, सुनसरी, रुकुम-पूर्व, झापा, मोरङ, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), बाग्लुङ, इलाम र बैतडीसमेत गरी २१ वटा जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था गठन भएका छन् ।नागरिक निगरानी संस्थाहरूमार्फत विभिन्न जनचेतनामूलक कार्यक्रम, बहस/पैरवी, सामाजिक र सार्वजनिक परीक्षण जस्ता कार्यहरूमार्फत भ्रष्टाचारविरुद्ध सामाजिक जागरण उजागर हुने आयोगले अपेक्षा लिएको छ।

नागरिक निगरानी संस्थाको संख्या र जिल्लाहरू

क्र.सं.	कार्यालयहरू	जिल्लाको नामावली	संख्या	कैफियत
१.	इटहरी	सुनसरी, मोरङ र इलाम	३	
२.	बर्दिबास	छैन	०	
३.	हेटौंडा	धादिङ, चितवन, मकवानपुर र रौतहट	४	
४.	पोखरा	कास्की, पर्वत, स्याङ्जा र बाग्लुङ	४	
५.	बुटबल	रुपन्देही, गुल्मी, कपिलवस्तु र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	४	
६.	नेपालगञ्ज	छैन	०	
७.	सुर्खेत	सुर्खेत, दैलेख र रुकुम पश्चिम	३	
८.	कंचनपुर	कैलाली, कंचनपुर र बैतडी	३	कैलाली र बैतडी जिल्लामा तदर्थ समिति मात्र गठन भएको।
		जम्मा	२१	

स्थानीय सरकार सञ्चालनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा आयोगका पदाधिकारीहरूको सहभागिता

क्र.सं.	प्रदेश	कार्यक्रम मिति	सहभागी हुने पदाधिकारीहरू	सहभागी संख्या
१	प्रदेश नं. १, मोरङ, विराटनगर	२०७९ जेठ २५ - २६ गते	माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राई	२७४
२	मधेश प्रदेश,महोत्तरी, बर्दिवास	२०७९ जेठ २७ - २८ गते	माननीय आयुक्त श्री जय बहादुर चन्द	२७२
३	बागमती प्रदेश, मकवानपुर, हेटौडा	२०७९ जेठ ३० - ३१ गते	माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राई	२३८
४	गण्डकी प्रदेश,कास्की ,पोखरा	२०७९ जेठ २७ - २८ गते	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल	१७०
५	लुम्बिनी प्रदेश, रुपन्देही ,बुटवल	२०७९ जेठ ३० - ३१ गते	माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्य	२१८
६	कर्णाली प्रदेश,सुर्खेत बिरेन्द्रनगर	२०७९ जेठ २७ - २८ गते	श्रीमान् सचिव तोयम राया	१५८
७	सुदुर-पश्चिम प्रदेश,कैलाली धनगढी	२०७९ जेठ २५ - २६ गते	माननीय आयुक्त डा. हरि पौडेल	१७६

३.३ प्रवर्द्धनात्मक कार्यक्रम

३.३.१ सामुदायिक शिक्षा कार्यक्रम

भ्रष्टाचारविरुद्ध जनचेतना फैलाउने कार्यअन्तर्गत आर्थिक वर्ष ०६४/६५ देखि आयोगले सामुदायिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिंदै आएको छ। आयोगका मातहत कार्यालयहरूबाट विद्यालयस्तरमा अध्ययन गर्ने विद्यार्थी एवं शिक्षकलाई लक्षित वर्गमा राखी यो कार्यक्रम संचालन हुँदै आएको छ । विद्यार्थीहरू भविष्यका सबै क्षेत्रमा नेतृत्व गर्ने ठाउँमा पुग्ने हुनाले त्यस्ता वर्गलाई भ्रष्टाचारविरुद्ध उभ्याउन सकियो भने वर्तमानमा मात्र नभई भोलि गएर सदाचारी र भ्रष्टाचारविरोधी नागरिक र नेतृत्व निर्माण गर्न सहज हुने कुरामा विश्वस्त भएर नै यस प्रकारका कार्यक्रमहरूलाई भ्रष्टाचारविरुद्धको रणनीतिको रूपमा आयोगले अवलम्बन गरेको हो । यस कार्यक्रमको मुख्य उद्देश्य व्यक्तिको सदाचार, इमान्दारिता, कर्तव्यनिष्ठता, मूल्यमान्यता तथा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्नु हो । आर्थिक वर्ष ०७७/७८ मा कुल २५ वटा कार्यक्रमहरूमार्फत २१७० जनाको उपस्थितिमा सामुदायिक शिक्षा कार्यक्रम संचालन भएको थियो भने आर्थिक वर्ष ०७८/७९ मा जम्मा ३५ जिल्लामा ४१ वटा भिन्नाभिन्नै कार्यक्रम संचालन भई कुल ४२६० जना सहभागी भएका थिए। आर्थिक वर्ष ०७८/७९ मा संचालन गरिएका कार्यक्रमहरूको विवरण देहायबमोजिम रहेको छ :

तालिका ३.१

आर्थिक वर्ष ०७८।७९ मा संचालित सामुदायिक शिक्षा कार्यक्रमसम्बन्धी विवरण

क्र.सं.	कार्यालय	संचालन स्थान	कार्यक्रम संख्या	सहभागी संख्या
१	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	लम्जुङ, स्याङ्जा, पर्वत, बाग्लुङ, तनहुँ, गोरखा, म्याग्दी, कास्की, मनाङ, मुस्ताङ ।	१०	१०८३
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल	अर्घाखाँची, गुल्मी, कपिलवस्तु, नवलपरासी-बर्दघाट सुस्ता पूर्व, नवलपुर, बर्दघाट सुस्ता पश्चिम र रूपन्देही ।	६	६३३
३	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, नेपालगंज	दाङ, बर्दिया र रोल्पा ।	३	३४४
४	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	जुम्ला ।	२	१४१
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर	कञ्चनपुर, डोटी, डडेलधुरा, बझाङ,बैतडी र दार्चुला ।	९	८४३
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	बारा, चितवन, पर्सा, मकवानपुर, रौतहट ।	५	४२१
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दीबास ।	महोत्तरी, धनुषा, सर्लाही र सिराहा ।	६	७९५
जम्मा :		३५ जिल्ला	४१	४,२६०

तालिका ३.२

हालसम्म संचालन भएका सामुदायिक शिक्षा कार्यक्रमहरूको विवरण

क्र.सं.	आर्थिक वर्ष	कार्यक्रम संख्या	सहभागी संख्या
१.	२०७५/७६ सम्म	५५६	६,९६६७
२.	२०७६/७७ मा	३२	२,९७६
३.	२०७७/७८ मा	२५	२१७०
४.	२०७८/७९ मा	४१	४२६०
जम्मा :		६५४	७९,०७३

३.३.२ अन्तरक्रिया कार्यक्रम

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धन गर्ने कार्यमा आयोग र मातहतका ८ वटा कार्यालयहरू मार्फत आ-आफ्नो क्षेत्रमा स्थानीयस्तरका अन्तरक्रिया कार्यक्रमहरू संचालन हुँदै आएको र यस्ता कार्यक्रमहरूमा स्थानीय तहका निर्वाचित पदाधिकारीहरू, जिल्लास्तरका सरकारी कार्यालय तथा संस्थानका कर्मचारी, गैरसरकारी संस्थाका प्रतिनिधि, निजी क्षेत्र, नागरिक समाज, उपभोक्ता समितिका पदाधिकारी, पत्रकारलगायतको सहभागिता हुने गरेको छ । अन्तरक्रिया कार्यक्रमको उद्देश्य संघीयतामा स्थानीय तहबाट प्रवाह हुने सेवासुविधाहरू गुणस्तरीय र सुलभ तवरमा जनताले पाउनुपर्ने, विकास निर्माणको काम स्थानीय जनताको मागअनुसार स्थानीयकै सहभागितामा हुनुपर्ने भन्ने हो । यसका साथै, स्थानीय तहमा रहेको भ्रष्टाचार र अनियमितताको अवस्था बुझ्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्दै स्थानीय सुशासन प्रवर्द्धन गर्ने र जनतालाई भ्रष्टाचारविरुद्ध आफैं सक्रिय भएर आयोगको कामकारबाहीमा सहयोग गर्न अपिल गर्नेसमेत रहेको छ । आर्थिक वर्ष ०७८/७९ मा संचालन भएका देहायबमोजिमका अन्तरक्रिया कार्यक्रमहरूमा आयोगका पदाधिकारीहरूको सहभागिता रहेको थियो :-

तालिका ३.३

आयोगका पदाधिकारी सहभागी अन्तरक्रिया कार्यक्रमको विवरण

क्र.सं.	स्थान	मिति	प्रमुख अतिथि
१.	पर्वत	२०७८।९।२५	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
२.	म्याग्दी	२०७८।९।२६	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
३.	बाग्लुङ	२०७८।९।२७	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
४.	धनकुटा	२०७८।११।१०	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
५.	संखुवासभा	२०७८।११।११	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
६.	भोजपुर	२०७८।११।१२	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
७.	दाङ	२०७८।१२।१५	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
८.	मनाङ	२०७९।२।११	माननीय आयुक्त श्री किशोरकुमार सिलवाल
९.	धनुषा	२०७८।९।७	माननीय आयुक्त श्री जयबहादुर चन्द
१०.	सर्लाही	२०७८।९।८	माननीय आयुक्त श्री जयबहादुर चन्द
११.	सिन्धुली	२०७८।९।९	माननीय आयुक्त श्री जयबहादुर चन्द
१२.	महोत्तरी	२०७८।११।२६	माननीय आयुक्त श्री जयबहादुर चन्द
१३.	सिरहा	२०७८।११।२७	माननीय आयुक्त श्री जयबहादुर चन्द
१४.	खोटाङ	२०७८।११।२९	माननीय आयुक्त श्री जयबहादुर चन्द
१५.	ओखलढुङ्गा	२०७८।११।३०	माननीय आयुक्त श्री जयबहादुर चन्द
१६.	कालिकोट	२०७८।१२।१०	माननीय आयुक्त श्री जयबहादुर चन्द
१७.	जुम्ला	२०७८।१२।११	माननीय आयुक्त श्री जयबहादुर चन्द
१८.	मुगु	२०७८।१२।१२	माननीय आयुक्त श्री जयबहादुर चन्द
१९.	हुम्ला	२०७८।१२।१५	माननीय आयुक्त श्री जयबहादुर चन्द
२०.	डोल्पा	२०७८।१२।१७	माननीय आयुक्त श्री जयबहादुर चन्द

२१.	बैतडी	२०७८।११।१३	माननीय आयुक्त श्री डा. हरि पौडेल
२२.	बझाङ	२०७८।११।१५	माननीय आयुक्त श्री डा. हरि पौडेल
२३.	पर्सा	२०७८।१२।८	माननीय आयुक्त श्री डा. हरि पौडेल
२४	बारा	२०७८।१२।९	माननीय आयुक्त श्री डा. हरि पौडेल
२५	रौतहट	२०७८।१२।११	माननीय आयुक्त श्री डा. हरि पौडेल
२६.	कपिलवस्तु	२०७८।९।८	माननीय आयुक्त श्री डा. सुमित्रा श्रेष्ठ अमात्य
२७.	बाँके	२०७८।११।२९	माननीय आयुक्त श्री डा. सुमित्रा श्रेष्ठ अमात्य
२८.	बर्दिया	२०७८।११।३०	माननीय आयुक्त श्री डा. सुमित्रा श्रेष्ठ अमात्य
२९.	गुल्मी	२०७८।१२।१५	माननीय आयुक्त श्री डा. सुमित्रा श्रेष्ठ अमात्य
३०.	नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)	२०७८।१२।१७	माननीय आयुक्त श्री डा. सुमित्रा श्रेष्ठ अमात्य
३१.	गुल्मी	२०७८।१२।१५	सचिव श्री तोयम राया
३२.	सुर्खेत	२०७९।२।९	सचिव श्री तोयम राया

आयोग मातहत कार्यालयहरूले संचालन गरेका अन्तरक्रिया कार्यक्रमहरूको विवरण देहायअनुसार रहेको छ :

तालिका ३.४

आर्थिक वर्ष २०७८।७९ मा संचालित अन्तर्क्रिया कार्यक्रमको विवरण

क्र.सं.	कार्यालय	संचालन भएका जिल्ला	कार्यक्रम संख्या	सहभागी संख्या
१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी	धनकुटा, संखुवासभा र भोजपुर ।	३	२८८
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास	सर्लाही, खोटाङ, ओखलढुङ्गा, धनुषा, सिन्धुली, महोत्तरी र सिराहा ।	७	९५५
३.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा	मकवानपुर, पर्सा, बारा र रौतहट ।	७	६७८
४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा	कास्की, बागलुङ,पर्वत,म्याग्दी र मनाङ ।	५	४८७
५.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बुटवल	कपिलवस्तु, गुल्मी र नवलपरासी-बर्दघाट सुस्ता पश्चिम ।	३	३३८
६.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, नेपालगञ्ज	बाँके, बर्दिया र दाङ ।	३	३३७
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत	कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा ।	५	४५२
८.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर	डोटी, अछाम, बझाङ, दार्चुला, डडेलधुरा, बाजुरा, बैतडी र कैलाली	१३	१०६६
जम्मा :		**३८ जिल्ला**	**४६**	**४६०१**

तालिका ३.५

हालसम्म संचालित अन्तर्क्रिया कार्यक्रमको विवरण

क्र.सं.	आर्थिक वर्ष	कार्यक्रम संख्या	सहभागी संख्या
१.	२०७५/७६ सम्म	४११	४१,८५२
२.	२०७६/७७ मा मात्र	४१	५,५२७
३.	२०७७/७८ मा मात्र	४३	२,९३४
४.	२०७८/७९ मा मात्र	४६	४६०१
जम्मा :		**५४१**	**५४,९१४**

३.३.३ संचार माध्यममार्फत प्रवर्द्धनात्मक कार्य

भ्रष्टाचारविरुद्ध जनचेतना बढाउन आयोगले सूचना प्रविधि तथा सामाजिक सञ्जालको प्रयोग गर्नुका साथै विविध सूचना तथा जानकारीमूलक सामग्रीहरूको प्रकाशन/प्रसारणसमेत गर्दै आएको छ । आयोगको वेबपेज, इमेल, फेसबुक, टोलफ्री टेलिफोन, हट लाइन नं. १०७ मार्फत आयोगमा उजुरी दिन र आयोगका गतिविधिहरूको जानकारी सजिलै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । नियमित रूपमा भ्रष्टाचारविरुद्धका जानकारी एवं सूचनामूलक सामग्रीहरू बुलेटिन, ब्रोसियर, स्मारिका, वार्षिक प्रतिवेदन, प्रेस विज्ञप्तिहरूमार्फत सरोकारवालाहरूलाई सम्प्रेषण गरिएको छ । आयोग र नेपाल टेलिभिजनसँगको सहकार्यमा आ.व. ०७५/७६ देखि नै सुशासन सवाल विषयक साप्ताहिक टेलिभिजन कार्यक्रम हरेक मंगलबार साँझ ७:२५ मा प्रसारण हुँदै आएको छ। आर्थिक वर्ष ०७८७/९ को अवधिमा नेपाल टेलिभिजनबाट ५२ भाग सुशासन सवाल कार्यक्रम प्रसारण भएको छ । आयोग र नेपाल टेलिभिजनको सहकार्यमा प्रसारण हुने सुशासन सवाल कार्यक्रमले भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापनाका सम्बन्धमा नागरिकको भूमिका, कर्तव्यका साथै भ्रष्टाचार नियन्त्रणमा आयोगबाट भएका कार्यका सम्बन्धमा यथोचित जानकारी प्रवाह गरी भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक कार्य गर्दै आएको छ । साथै भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशिष्ट व्यक्तिहरूलाई पुरस्कृत र सम्मान गर्ने नीतिसमेत रहेको छ। आयोगले भ्रष्टाचारविरुद्धका राष्ट्रिय र अन्तर्राष्ट्रिय दिवसहरूलाई उल्लास र विशेष भव्यताका साथ सम्पन्न गर्ने अभ्याससमेत गर्दै आइरहेको छ । यस्ता कार्यक्रमहरू आयोगको फेसबुक पेज र युट्युब च्यानलबाट समेत प्रत्यक्ष प्रसारण हुँदै आएको छ। रेडियो, टेलिभिजनमार्फत सूचना/जिंगल प्रसारण, पत्रपत्रिका मार्फत सूचना प्रकाशन, सेवाग्राहीको बढी चाप हुने कार्यालयहरूमा उजुरी गर्ने विवरणसहितको फ्लेक्स ब्यानर राख्ने कार्यक्रम, भ्रष्टाचार निवारणसम्बन्धी होर्डिङ बोर्डहरू राख्ने कार्यहरू भएका छन् ।

३.३.४ निबन्ध लेखन प्रतियोगिता

आयोगको स्थापना दिवसको अवसरमा २०७८ साल माघ २८ गते यस आयोगका कार्यालयहरूबाट विद्यालयस्तरीय (कक्षा १२ सम्म) निबन्ध लेखन प्रतियोगिताको आयोजना

गरिएको थियो । निबन्ध लेखन प्रतियोगिताको विषय भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन रहेको थियो ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनमा आयोगका सबै सातवटा कार्यालयहरूले खुला प्रतियोगिता आयोजना गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने उत्कृष्ट विद्यार्थीहरूलाई सातवटै कार्यालयहरूबाट पुरस्कृत गरिएको थियो ।

३.३.५ नारा लेखन प्रतियोगिता

आयोगको ३१ औं स्थापना दिवस माघ २८ को सन्दर्भमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी सन्देशमूलक नाराहरू संकलन गरी उत्कृष्ट १० लाई छनौट गरी पुरस्कृत गरिएको थियो ।

परिच्छेद- ४
भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण

४.१ पृष्ठभूमि

आयोगले भ्रष्टाचार तथा अनियमितता सम्बन्धमा परेका उजुरीहरूको विश्लेषण, छानबिन तथा अनुसन्धानबाट देखिएका तथ्यहरू, आयोगले समय समयमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनका क्षेत्रमा गरेका अध्ययन तथा अनुसन्धानहरूका आधारमा भ्रष्टाचारजन्य कार्यको प्रवृत्ति विश्लेषण गर्ने गरेको छ ।आयोगले गरेका कामकारबाहीको आधारमा भ्रष्टाचारजन्य प्रवृत्ति केलाउँदा सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनी लाभ वा हानि, घुस/रिसवत लिने दिने, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने जस्ता भ्रष्टाचारजन्य कार्यहरू अधिकरूपमा हुने गरेको देखिन्छ । झुटा विवरण पेस गरी सरकारी नियुक्ति, बढुवा तथा लाभ लिने, राजस्व चुहावट/हिनामिना गर्ने, गैरकानुनी रूपमा सरकारी/सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, सार्वजनिक खरिद तथा निर्माणका काम बदनियतपूर्वक गरी व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुऱ्याउने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउने, परीक्षाको गोपनीयता भंग गर्ने, परिणाम फेरबदल गर्ने जस्ता प्रवृत्तिहरू रहेका छन्।

४.२ भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्था

भ्रष्टाचार निवारण ऐन, २०५९ ले 'भ्रष्टाचार' भन्नाले सो ऐनको परिच्छेद २ अन्तर्गत सजाय हुने कसुर सम्झनुपर्छ भनी परिभाषित गरेको छ । तालिका ४.१ मा उक्त परिच्छेदको दफा ३ देखि दफा २४ सम्मका भ्रष्टाचारसम्बन्धी विभिन्न कसुर र सजायका व्यवस्थाहरूलाई उल्लेख गरिएको छ ।

तालिका ४.१

भ्रष्टाचारजन्य कसुर र सजायसम्बन्धी व्यवस्था

क्र.सं.	भ्रष्टाचारजन्य कसुर/सजाय	दफा	क्र.सं.	भ्रष्टाचारजन्य कसुर/सजाय	दफा
१.	रिसवत लिने/दिने	३	१२.	गैरकानुनी व्यापार व्यवसाय गर्ने	१४
२.	बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने	४	१३.	नपाएको ओहदा पाएँ भन्ने	१५
३.	दान, दातव्य, उपहार वा चन्दा लिने	५	१४.	झुटा विवरण दिने	१६
४.	कमिसन लिने	६	१५.	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने	१७
५.	राजस्व चुहावट गर्ने	७	१६.	गैरकानुनी दबाब दिने	१८
६.	गैरकानुनी लाभ वा हानि पुऱ्याउने	८	१७.	गलत प्रतिवेदन दिने	१९


	बदनियतले काम गर्ने				
७.	गलत लिखत तयार गर्ने	९	१८.	गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने	२०
८.	गलत अनुवाद गर्ने	१०	१९.	उद्योग गर्नेलाई हुने सजाय	२१
९.	सरकारी कागजात सच्याउने	११	२०.	मतियारलाई सजाय	२२
१०.	सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने	१२	२१.	संगठित संस्थाबाट भएको कसुरमा मुख्य भई काम गर्नेले कसुर गरेको मानिने	२३
११.	प्रश्नपत्रको गोपनीयता भंग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने	१३	२२.	थप सजाय	२४

४.३ भ्रष्टाचारको प्रवृत्ति विश्लेषण

आयोगबाट उजुरीको अनुसन्धान तहकिकातपछि विशेष अदालतमा दायर गरिएका विगत पाँच वर्षका मुद्दाहरूको संख्यात्मक विवरण चित्र ५.१ मा प्रस्तुत गरिएको छ । आयोगबाट आर्थिक वर्ष ०७४/७५ देखि आर्थिक वर्ष ०७८/७९ सम्म क्रमशः १९४, ३५१, ४४१, ११३ र १३१ वटा भ्रष्टाचारसम्बन्धी आरोपपत्रहरू विशेष अदालतमा दायर भएका छन्।

चित्र ४.१

विगत पाँच वर्षमा मुद्दा दर्ताको प्रवृत्ति



तालिका ४.२ मा आर्थिक वर्ष ०७८/७९ मा आयोगले दायर गरेका मुद्दाहरूको बिगो रकमका आधारमा गरिएको वर्गीकृत संख्यात्मक विवरण प्रस्तुत गरिएको छ । आर्थिक वर्ष ०७८/७९ मा दायर भएका १३१ वटा मुद्दाहरूमध्ये ११६ वटामा बिगो रकम मागदाबी गरिएको छ । शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र, नागरिकता, सिफारिसपत्रलगायत झुटा विवरण पेस गरेको

सम्बन्धी तीनवटा मुद्दामा मात्र बिगो रकम मागदाबी गरिएको छ। रु. १ लाखदेखि ५ लाखसम्मको बिगो रकम माग गरिएका मुद्दाहरू सबैभन्दा बढी ३० वटा रहेका छन् भने रु. १० हजारभन्दा कम बिगो मागदाबी गरिएका मुद्दाहरूको संख्या सबैभन्दा कम जम्मा ४ वटा रहेको छ । त्यस्तै, १५ वटा मुद्दामा १ करोडभन्दा बढी बिगो मागदाबी गरिएको छ । आयोगले आर्थिक वर्ष ०७८/७९ मा दायर गरेका मुद्दाहरूमा जम्मा रु. २,७९,२७,४८,१००.११ बिगो मागदाबी लिइएको छ ।


तालिका ४.२

बिगो रकमका आधारमा मुद्दाहरूको वर्गीकृत संख्या

क्र.सं.	मुद्दाको किसिम	बिगो रकम								जम्मा
		बिगो रकम नभएको	१०००० भन्दा कम	१० हजार देखि १ लाख भन्दा कम	१ लाख देखि ५ लाख भन्दा कम	५ लाख देखि १० लाख भन्दा कम	१० लाख देखि ५० लाख भन्दा कम	५० लाख देखि १ करोड भन्दा कम	१ करोड भन्दा बढी	
१	रिसवत (घुस)	०	४	१४	१०	३	०	१	०	**३२**
२	झुठ्ठा शैक्षिक प्रमाणपत्र	५	०	०	०	१	०	०	०	**६**
३	सार्वजनिक सम्पत्तिको हानी नोक्सानी	०	०	०	११	५	१३	३	३	**३५**
४	गैरकानुनी लाभ वा हानि पुर्याएको	०	०	०	८	५	१३	५	३	**३४**
५	गैरकानुनी सम्पत्ति आर्जन	०	०	०	०	०	०	१	६	**७**
६	राजस्व चुहावट	०	०	०	१	०	०	१	३	**५**
७	विविध मुद्दा	१०	०	०	०	१	१	०	०	**१२**
मुद्दाको संख्या		**१५**	**४**	**१४**	**३०**	**१५**	**२७**	**११**	**१५**	**१३१**

चित्र ४.२

बिगो रकमका आधारमा मुद्दाहरूको प्रवृत्ति



आयोगमा पर्ने उजुरीहरूको संख्या, आयोग तथा विभिन्न निकायहरूबाट गरिने भ्रष्टाचारसम्बन्धी सर्वेक्षणहरूका नतिजा, आम संचारमाध्यमहरूमा आइरहने भ्रष्टाचार एवं अनियमितताका समाचारहरू, ट्रान्स्परेन्सी इन्टरनेसनल जस्ता संस्थाले उल्लेख गरेका भ्रष्टाचारसम्बन्धी

सूचकांकमा नेपालको स्थानजस्ता कारणहरूले भ्रष्टाचार नियन्त्रणमा आयोगका चुनौतीहरूलाई उजागर गरेका छन्।

भ्रष्टाचारका कारणहरू बहुआयामिक हुने र यसको असरसमेत समाजका धेरै क्षेत्रमा पर्ने हुँदा यसको नियन्त्रण गर्न आयोगलाई राज्यका सबै निकायको साथ र सहयोग आवश्यक पर्दछ। आयोगले गर्ने अनुसन्धान तहकिकात र अभियोजनको काम भ्रष्टाचारजन्य कार्य भइसकेपछि मात्र हुने हुँदा नेपाल सरकारका सम्बन्धित क्षेत्रगत र नियामक निकायहरूबाट भ्रष्टाचार हुनै नदिनेतर्फ आवश्यक नीतिगत, पद्धतिगत, प्रविधिगत र प्रवृत्तिगत सुधारका फलदायी प्रयास हुन सक्दा मात्र भ्रष्टाचारजन्य प्रवृत्तिहरूमा अपेक्षाकृत कमी हुन सक्दछ।

भ्रष्टाचारजन्य कार्यहरूका सम्बन्धमा आर्थिक वर्ष ०७८/७९ मा आयोगबाट भएका अनुसन्धान र तत्पश्चात् विशेष अदालतमा दायर गरिएका मुद्दाहरूको विश्लेषण गर्दा विगतका वर्षहरूमा देखिएका विभिन्न भ्रष्टाचारजन्य प्रवृत्तिहरू यस वर्षसमेत दोहोरिएको देखिन्छ । रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने, झुटा विवरण दिने, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्नेजस्ता विगत वर्षहरूमा देखिएका भ्रष्टाचारका प्रवृत्तिहरूको पुनरावृत्ति यस वर्षसमेत देखिएको छ। देशका ७५३ वटै स्थानीय तहबाट सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका अधिकांश कार्य हुने र जनताको पहुँच र कामसमेत स्थानीय तहमा बढी हुने हुँदा स्थानीय तहसँग सम्बन्धित भ्रष्टाचारजन्य कार्यहरूको संख्या अत्याधिक बढ्न गएको देखिन्छ ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले गर्ने भ्रष्टाचार सबैभन्दा बढी आर्थिक लेनदेनसँग जोडिएको देखिएकाले सरकारी कोषमा राजस्व संकलन गर्ने र खर्च गर्ने दुबै अवस्थामा भ्रष्टाचार हुने प्रवृत्ति विद्यमान छ । यसका साथै सार्वजनिक सेवा प्रवाहका क्रममा सेवाग्राहीसँग रिसवत लिने प्रवृत्तिसमेत व्यापक रहेको देखिन्छ । सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने प्रवृत्तिले गर्दा सार्वजनिक सम्पत्तिको अतिक्रमण भएको छ । सार्वजनिक खरिद र निर्माणका क्रममा कानुनद्वारा निर्धारण गरिएको खरिद प्रक्रिया उल्लंघन गर्ने, सम्झौताबमोजिमको गुणस्तरको काम नगर्ने, पूर्वानुमान गर्न सकिने आकस्मिक अवस्थामा समेत पूर्वतयारी नगरी आकस्मिक अवस्था सिर्जना भएपछि मात्र खरिद गर्ने लगायतका प्रवृत्तिहरूमा कमी आएको देखिँदैन । सार्वजनिक लाभको पद हासिल गर्नका लागि शैक्षिक योग्यता वा अन्य कागजातका नक्कली प्रमाणपत्र पेस गर्ने र अन्य झुटा विवरण दिने प्रवृत्तिसमेत विद्यमान रहेको देखिन्छ । यसरी स्थानीय तह, प्रदेश र संघीय तहका सरकारी आम्दानी, खर्च, सार्वजनिक सम्पत्ति, सार्वजनिक खरिद, निर्माण र सार्वजनिक सेवाप्रवाहका विविध क्षेत्रमा विभिन्न रूप, रंग, शैली र प्रवृत्तिका भ्रष्टाचारजन्य कार्यहरू हुने गरेको देखिन्छ।

४.३.१ रिसवत लिने दिने प्रवृत्ति

राज्य संयन्त्र र सार्वजनिक सेवाप्रतिको जनताको विश्वास सेवा प्रवाह गर्ने कर्मचारीको सेवाग्राहीप्रतिको व्यवहार, कार्यकुशलता र जिम्मेवारी बोधमा निर्भर रहन्छ । मुलुक संघीय प्रणालीमा रूपान्तरण भएपश्चात् सेवा प्रवाह गर्ने कार्यालयहरूको संख्यामा समेत वृद्धि भएको

छ । यसबाट राज्य संयन्त्र, निर्णय प्रक्रिया, विकास निर्माण र सेवा प्रवाहमा जनताको सहभागिता वृद्धि गर्न सकिने अवसर प्राप्त भएको छ। साथै सेवा प्रवाहमा कुशलता, पारदर्शिता र व्यावसायिकता जस्ता मूल्य मान्यताहरू स्थापित गरी सुशासनका लक्ष्यहरू हासिल गर्न राज्यका तीनै तहको क्षमता विकास गर्नुपर्ने चुनौतीसमेत थपिएको छ ।

कानुनले तोकेको निश्चित प्रक्रिया पूरा गरेपछि कार्यालयबाट नियमानुसार पाउनुपर्ने सेवामा समेत केही कर्मचारीहरूले सेवाग्राहीसँग घुस (रिसवत) लिएको भन्ने उजुरीउपर अनुसन्धान हुँदा उजुरीको व्यहोरा सप्रमाण पुष्टि हुन आएका उजुरीउपर आयोगबाट विशेष अदालतमा मुद्दा दायर गरिएका छन् । आर्थिक वर्ष ०७८/७९ मा आयोगबाट दायर गरिएका घुस रिसवतका ३२ वटा मुद्दाहरूमा विभिन्न क्षेत्रमा कार्यरत ३० जना राष्ट्रसेवक कर्मचारीका साथै ८ जना निर्वाचित/मनोनीत पदाधिकारी र १४ जना बिचौलिया, मतियार, घुस दिने व्यक्ति तथा अन्य गरी जम्मा ५२ जनालाई प्रतिवादी कायम गरिएको छ । घुस रिसवत लिनेमा सबैभन्दा बढी १४ जना प्राविधिक कर्मचारी रहेका छन् । पदगत रूपमा सबैभन्दा बढी १७ जना नायब सुब्बा वा सो सरहका कर्मचारी रहेका छन् ।

घुस रिसवतको बिगो रकम हेर्दा घटीमा रु. ३ हजारदेखि बढीमा रु. ७० लाखसम्म रहेको छ, जसमा १० हजारभन्दा कम बिगो भएका ४ वटा, १० हजारदेखि १ लाखसम्मका १४ वटा, १ लाखदेखि ५ लाखसम्मका १० वटा, ५ लाखदेखि १० लाखसम्मका ३ वटा र ५० लाखदेखि १ करोडसम्मका १ वटा मुद्दा रहेका छन् । यससम्बन्धी विवरण तालिका ४.३ र चित्र नं. ४.२ मा प्रस्तुत गरिएको छ।


तालिका ४.३

आर्थिक वर्ष ०७८/७९ मा घुस रिसवतसम्बन्धी मुद्दाका प्रतिवादीको पदगत/पेसागत विवरण

क्र.सं.	पद/श्रेणी	प्रतिवादीको संख्या						
		प्रशासन	प्राविधिक	प्रहरी	शिक्षक	निर्वाचित / मनोनीत	मतियार/ बिचौलिया अन्य	कुल जम्मा
१	शाखा अधिकृत वा सो सरह	३	२		२			७
२	नायब सुब्बा वा सो सरह	६	१०	१				१७
३	खरिदार वा सो सरह	३	२					५
४	सहायक कर्मचारी			१				१
५	मतियार/बिचौलिया/ अन्य						१४	१४
६	निर्वाचित/मनोनीत					८		८
कुल जम्मा		१२	१४	२	२	८	१४	५२

चित्र ४.३ (क)


आर्थिक वर्ष ०७८।७९ मा घुस रिसवत मुद्दाका प्रतिवादीको क्षेत्रगत प्रवृति



उल्लिखित विवरणहरूबाट सानोदेखि ठूलो रकमसम्म घुस रिसवत लिने प्रवृत्ति रहेको तथा प्राविधिक र मतियार/बिचौलिया आदिको घुस रिसवत लिने कार्यमा बढी संलग्नता रहेको देखिन्छ । यसरी हेर्दा घुस रिसवत लिने प्रवृत्ति प्राविधिक एवं सहायकस्तरका कर्मचारी तथा मतियार/बिचौलियामा बढी रहेको देखिन्छ।

चित्र ४.३ (ख)

आर्थिक वर्ष ०७८।७९ मा घुस रिसवत मुद्दाका प्रतिवादीको पदगत प्रवृति



४.३.२ राजस्व चुहावट गर्ने प्रवृत्ति

राज्यको आम्दानीको परिमाणमा अधिकतम वृद्धि हुने गरी राजस्व संकलन तथा असुलीको जिम्मेवारी पाएका कर्मचारी/पदाधिकारीबाट नै राजस्व असुलीका कार्यमा चरम लापरबाही गरी अनुचित कर छुट र राजस्वबापत उठेको रकम हिनामिना, न्यून कर निर्धारण, कर परीक्षणमा गडबडी जस्ता कार्यहरू भए गरेको भनी यस आयोगमा दर्ता हुन आएका विभिन्न उजुरीहरूमध्ये आर्थिक वर्ष ०७८/७९ मा अनुसन्धान पूरा भएका राजस्व चुहावटसम्बन्धी ५ वटा मुद्दा विशेष अदालतमा दर्ता भएका छन्।

तालिका ४.४


आर्थिक वर्ष ०७७/७८ मा राजस्व हिनामिनासम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र. सं.	पद/श्रेणी	प्रतिवादीको संख्या						
		निर्वाचित/ मनोनीत	उद्योग	स्थानीय	कानुन तथा न्याय	यातायात	अन्य	कुल जम्मा
१	सहसचिव वा सो सरह		२					२
२	उपसचिव वा सो सरह		१	२	२	१		६
३	शाखा अधिकृत वा सो सरह		३	१				४
४	सहायक कर्मचारी			२				२
५	मतियार/बिचौलिया/अन्य						१३	१३
६	निर्वाचित/मनोनीत	१५						१५
कुल जम्मा		**१५**	**६**	**५**	**२**	**१**	**१३**	**४२**

यी ५ मुद्दाहरूमध्ये खानी तथा भूगर्भ विभागका महानिर्देशक, सु.मा.ई., उपसचिव (कानुन), उपन्यायाधिवक्ता, सि.डी.मे.ई., सि.डी.जी., लेखा अधिकृत, रिसर्च अधिकृत, जियोलोजिष्ट र विभिन्न ९ वटा सिमेन्ट कम्पनी र तिनका प्रोपाइटरसमेतलाई विपक्षी बनाइएको मुद्दामा सबैभन्दा बढी जम्मा १८ जना प्रतिवादी रहेका छन् । मोहन्याल गाउँपालिकाका पदाधिकारी तथा कर्मचारी र न्यू बडिमालिका निर्माण सेवालाई विपक्षी बनाइएको मुद्दामा दोस्रो बढी जम्मा १४ जना प्रतिवादी र बाँकी ३ वटा मुद्दामा १० जना गरी जम्मा ४२ जना प्रतिवादी रहेका छन् । मतियार/बिचौलिया/अन्य १३ जना, राष्ट्रसेवक कर्मचारी जम्मा १४ जना र निर्वाचित/मनोनीत जनप्रतिनिधि १५ जनाविरुद्ध राजस्व हिनामिनासम्बन्धी आरोपपत्र दायर भएको छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने राजस्व हिनामिनाको मामिलामा राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र र जनप्रतिनिधि सबैको लगभग समान किसिमको संलग्नता रहेको देखिन्छ ।


चित्र ४.४ (क)

राजस्व चुहावट मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृति



चित्र ४.४ (ख)

राजस्व चुहावट मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



राज्य संचालन गर्न अत्यावश्यक र अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको राजस्व संकलन गर्ने संवेदनशील जिम्मेवारी बहन गर्ने व्यक्तिहरूबाट नै उठाउनुपर्ने राजस्व नउठाउने, उठाउनुपर्ने भन्दा कम राजस्व उठाउने, विभिन्न बहानामा छुट दिने, सरकारी कोषमा राजस्व जम्मा नगरी हिनामिना गर्ने गरेको देखिन्छ ।

४.३.३ सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने प्रवृत्ति

नेपाल सरकार वा सार्वजनिक संस्थाको साधनस्रोत तथा सम्पत्ति लापरबाही वा बदनियतपूर्ण ढंगबाट हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको विषयमा आर्थिक वर्ष ०७८/७९ मा आयोगमा परेका उजुरीमध्ये अनुसन्धान तहकिकातपश्चात् १३६ जनालाई प्रतिवादी बनाई ३५ वटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन् । यी मुद्दामा जम्मा १३६ जना प्रतिवादीहरू रहेकोमा अधिकृतस्तरका कर्मचारी ३०, सहायक तथा सहयोगी स्तरका कर्मचारी ४२, निर्वाचित/मनोनीत/नियुक्त पदाधिकारी ४७ र मतियार/बिचौलियालगायतका व्यक्तिहरू १७ जना रहेका छन् ।

तालिका ४.५

सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण


क्र. सं.	पद/श्रेणी	प्रतिवादीको संख्या										
		स्थानीय	शिक्षा	कृषि	वन	स्वास्थ्य	गृह	वाणिज्य/आपूर्ति	बैंक	निर्वाचित	अन्य	कुल जम्मा
१	विशिष्ट श्रेणी			१								१
२	सहसचिव वा सो सरह			२								२
३	उपसचिव वा सो सरह	४		२	२							८
४	शाखा अधिकृत वा सो सरह	३	६	६	३	१						१९
५	नायब सुब्बा वा सो सरह	४	५	२	१	१		१				१४
६	खरिदार वा सो सरह	२१	२			१	१		१			२६

७	सहायक कर्मचारी	२										२
८	मतियार/बिचौलिया/अन्य										१७	१७
९	निर्वाचित/मनोनीत									४७		४७
कुल जम्मा		**३४**	**१३**	**१३**	**६**	**३**	**१**	**१**	**१**	**४७**	**१७**	**१३६**

आयोगबाट आर्थिक वर्ष ०७८/७९ मा विशेष अदालतमा दायर गरिएका सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाहरूमा सबैभन्दा बढी निर्वाचित/मनोनीत ४७ जना प्रतिवादी रहेका छन् । प्रतिवादी संख्या हेर्दा स्थानीय तहका कर्मचारी ३४ जना, शिक्षा (स्थानीय तहको समेत) र कृषिका कर्मचारी १३/१३ जना रहेका छन् । यससम्बन्धी विवरण तालिका ४.५ मा प्रस्तुत गरिएको छ।

चित्र ४.५ (क)


सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृत्ति



यसरी सरकारी कोषको संरक्षण गर्ने दायित्व भएका अधिकृत र सहायकस्तरका कर्मचारीहरूबाटै लापरबाही वा बदनियत गरी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने प्रवृत्ति देखिनुका साथै विगतका वर्षमा भन्दा यसवर्ष निर्वाचित/मनोनीत वा नियुक्त पदाधिकारी र निजी संस्था वा मतियार/बिचौलिया/अन्यसमेतको मिलेमतो बढेको प्रवृत्ति देखिएबाट भ्रष्टाचार नियन्त्रणका लागि सबै क्षेत्रमा निगरानी, अनुगमन र सचेतना अभिवृद्धि हुनु आवश्यक छ ।

चित्र ४.५ (ख)

सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



४.३.४ गैरकानुनी लाभ वा हानि पुऱ्याउने प्रवृत्ति

सार्वजनिक जग्गा, सार्वजनिक निर्माण/खरिद, सार्वजनिक व्यायलगायतका विषयमा आर्थिक वर्ष ०७८/७९ मा आफूलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याउने कार्य गरी भएका भ्रष्टाचारका ३४ वटा आरोपपत्रमा जम्मा ३२२ जनालाई प्रतिवादी कायम गरिएको छ । प्रतिवादीहरूमा मतियार, बिचौलियालगायतका व्यक्ति १०७ जना, निर्वाचित/मनोनीत व्यक्तिहरू ७९ जना, अधिकृतस्तरका कर्मचारी ७१ जना, सहायकस्तर र सहायक कर्मचारी ६५ जना रहेका छन् । यससम्बन्धी विवरण तालिका ४.६ र चित्र ४.६ (क) मा प्रस्तुत गरिएको छ ।


तालिका ४.६

गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र.सं.	पद/श्रेणी	प्रतिवादीको संख्या									
		निर्वाचित /मनोनीत	स्थानीय	भूमिसुधार	भौतिक पूर्वाधार	कृषि	वन तथा वातावरण	युवा तथा खेलकुद	स्वास्थ्य	अन्य	कुल जम्मा
१	सहसचिव वा सो सरह		१	१							२
२	उपसचिव वा सो सरह		१०	१	२	२					१५
३	शाखा अधिकृत वा सो सरह		२१	१९	५	३	१	३	२		५४
४	नायब सुब्बा वा सो सरह		३२	११	३		१		१		४८
५	खरिदार वा सो सरह		२	११			१				१४
६	सहायक कर्मचारी			३							३
७	मतियार/बिचौलिया/अन्य									१०७	१०७
८	निर्वाचित/मनोनीत	७९									७९
कुल जम्मा		७९	६६	४६	१०	५	३	३	३	१०७	३२२

चित्र ४.६ (क)


गैरकानुनी लाभ हानि मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत प्रवृत्ति



गैरकानुनी लाभ वा हानिसम्बन्धी उजुरीमा आयोगबाट अनुसन्धान गरी अदालतमा दायर गरिएका मुद्दाहरूमा सबैभन्दा बढी मतियार/बिचौलिया/अन्य १०७ जना, निर्वाचित/मनोनीत ७९ जना, स्थानीय तहका कर्मचारी ६६ जना रहेका छन् भने भूमिसुधारका ४६ जना, भौतिक पूर्वाधारका १० जना र कृषिका ५ जना रहेका छन् । त्यस्तै, वन तथा वातावरण, युवा तथा खेलकुद र स्वास्थ्यका कर्मचारी ३/३ जना रहेका छन् । विशेषतः स्थानीय तहमा खरिद गर्दा प्रतिस्पर्धा सीमित गर्ने, खरिद गर्दा अवलम्बन गर्नुपर्ने कानुनी प्रावधान पालना नगर्ने तथा निर्माण कार्यमा निर्माणस्थलमा भए गरेको कामभन्दा बढी परिमाणमा काम भएको मूल्यांकन गरी भुक्तानी गर्ने, गुणस्तरीय काम नगर्ने, नक्कली बिल भरपाई बनाई भुक्तानी गर्नेजस्ता कार्य गरी भ्रष्टाचार गरेका विषयहरू रहेका छन् । त्यस्तै, सार्वजनिक जग्गा गैरकानुनी रूपमा व्यक्ति विशेषको नाममा घुसाउने तथा नापी नक्सा तोडमोड गरी व्यक्ति विशेषलाई लाभ हुने गरी सार्वजनिक जग्गामा समेत प्लटिङ गरेका विषय रहेका छन् ।

चित्र ४.६ (ख)

गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृत्ति



४.३.५ झुटा विवरण (शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, झुटा अध्यापन अनुमतिपत्र) पेस गर्ने प्रवृत्ति

सार्वजनिक सेवामा प्रवेश गर्ने वा पदोन्नति हुने उद्देश्यले शैक्षिक योग्यताको नक्कली प्रमाण-पत्र, झुटा अध्यापन अनुमतिपत्र/नागरिकता/नियुक्तिपत्रजस्ता कागजातहरू पेस गर्ने जस्ता कसुरमा आयोगबाट मुद्दा दायर भएको छ । शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रका आधारमा सेवा प्रवेश हुँदा योग्य व्यक्तिको छनौटमा यसले असर पार्दछ भने शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रको आधारमा पदोन्नति हुँदा योग्य र सक्षम कर्मचारीको मनोबल र कार्यालयको कार्यसम्पादनमा नकारात्मक असर पर्दछ । आर्थिक वर्ष ०७८/७९ मा शैक्षिक योग्यतालगायत झुटा विवरणसम्बन्धी उजुरीहरू उपर अनुसन्धान तहकिकात गरी आयोगबाट ६ वटा मुद्दा विशेष अदालतमा दायर गरिएका छन् ।

क्र.सं.	पद/श्रेणी	प्रतिवादीको संख्या		
		प्रहरी	शिक्षक	कुल जम्मा
१.	शाखा अधिकृत वा सो सरह		१	१
२.	नायब सुब्बा वा सो सरह	१	३	४
३.	खरिदार वा सो सरह		२	२
४.	मतियार/बिचौलिया/अन्य		१	१
	कुल जम्मा	१	७	८

आयोगबाट उजुरीको अनुसन्धान गरी अदालतमा दायर गरिएका शैक्षिक योग्यताको झुटा प्रमाण-पत्रसम्बन्धी ६ वटा मुद्दाहरूमा रहेका आठ जना प्रतिवादीहरूमा शिक्षक सात जना र प्रहरी कर्मचारी एकजना रहेका छन्। ६ जना शिक्षकहरू आधारभूत विद्यालय तह अध्यापन गर्ने र बाँकी १ जना माध्यमिक तहमा अध्यापन गर्ने रहेका छन् ।

शिक्षक, निजामतीलगायत अन्य सरकारी सेवा र संस्थाका कर्मचारीलगायतले भर्ना र पदोन्नतिका लागि पेस गर्ने उल्लिखित शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरूको आधिकारिकताबारे समयमै यकिन गरेर मात्र कर्मचारी भर्ना र बढुवा गर्ने पद्धतिको अवलम्बन हुनसकेमा यसबाट योग्यता प्रणाली र कार्यसम्पादनस्तरमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ ।

४.३.६ गलत लिखत वा प्रतिवेदन दिने, कागजात सच्याउने वा परीक्षाको परिणाम फेरबदल गर्ने प्रवृत्ति

गलत लिखत तयार गर्ने, गलत प्रतिवेदन दिने, सरकारी कागजात सच्याउने, नोक्सान गर्ने वा लुकाउने, परीक्षाको परिणाम फेरबदल गर्ने जस्ता कार्य राष्ट्रसेवकबाट भएमा यस्ता कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार भ्रष्टाचारजन्य कसुर मानिन्छ। यद्यपि लापरबाही वा बदनियत राखी कार्यसम्पादनका सिलसिलामा यस किसिमका कार्य गर्ने प्रवृत्ति सार्वजनिक क्षेत्रमा विद्यमान छन् ।

गलत लिखत /प्रतिवेदन दिने, कागजात सच्याउने लगायतका मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र.सं.	पद/श्रेणी	प्रतिवादीको संख्या										
		यातायात	शिक्षा	स्थानीय	कृषि	बैंक	उर्जा	गृह	स्वास्थ्य	निर्वाचित / मनोनीत	अन्य	कुल जम्मा
१	विशिष्ट श्रेणी		२									२
२	सहसचिव वा सो सरह		३									३
३	उपसचिव वा सो सरह			४	१							५
४	शाखा अधिकृत वा सो सरह	१०	४	१	३	१	१					२०
५	नायब सुब्बा वा सो सरह	११	१			१		१	१			१५
६	खरिदार वा सो सरह		३									३
७	मतियार/बिचौलिया/अन्य										१०	१०
८	निर्वाचित/मनोनीत									२		२
	कुल जम्मा	२१	१३	५	४	२	१	१	१	२	१०	६०

आर्थिक वर्ष ०७८/७९ मा नेपाल प्रहरीको प्रहरी जवान पदमा नियुक्ति हुँदा पेस गरेका प्रमाणपत्रहरूमा जन्म मिति सच्याई नियुक्ति लिएको, भवन निर्माण गर्दा गलत लिखत तयार गरी निर्माण व्यवसायीको छनौट गरेको, पी.सी.आर. परीक्षण नै नगरी आफूखुसी गलत प्रतिवेदन तयार गरेको, फर्जी अग्रिम भुक्तानी जमानतपत्रहरू तयार गरेको, सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको परिणाम सिस्टममा प्रमाणित गर्ने क्रममा अनुपस्थित तथा फेल भएका परीक्षार्थीहरूलाई पास र पास भएका परीक्षार्थीहरूलाई फेल गरेको, त्रि.वि. सेवा आयोगको परीक्षाको परिणाम फेरबदल गरेको, लेटरप्याड, छाप तथा दस्तखत किर्ते गरी बैंकको दस्तखत नमुना कार्ड नै परिवर्तन गरी रकम निकालेको, न्यूनतम शैक्षिक योग्यता नमिल्ने व्यक्तिहरूको दरखास्त फाराम स्वीकृत गर्ने, गैरकानुनी रूपमा नयाँ व्यक्तिको नाममा सवारीचालक अनुमतिपत्र जारी गरेको लगायतका कसुरमा आयोगबाट विशेष अदालतमा मुद्दा दायर भएका छन् । मानिसको सुरक्षा तथा जीउधनसँग जोडिएका संवेदनशील विषय र योग्यता प्रणाली कायम राख्ने विषयमा समेत राष्ट्रसेवक कर्मचारीले नैतिकता र सदाचार कायम गर्न नसकेको देखिएबाट उल्लिखित निकायका आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनुपर्ने तथा सदाचार प्रवर्द्धनमा ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

४.३.७ गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने प्रवृत्ति

सार्वजनिक पदमा बहाल भएपछि राष्ट्रसेवकले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ मा रहेको छ । यसरी पेस गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिन आएमा वा सार्वजनिक पद धारण गरेको पदाधिकारीले अस्वाभाविक रूपमा उच्च जीवनयापन गरेमा त्यस्ता व्यक्तिले आफ्नो सम्पत्तिको वैधानिक स्रोत खुलाउनुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले कानुन र आचरणविपरीतका विभिन्न काम गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको भनी आयोगमा उजुरीहरू पर्ने गरेका छन् । आ.

व. २०७८/७९ मा कतिपय उजुरीहरूको अनुसन्धानबाट सार्वजनिक पदमा रहँदा विभिन्न किसिमले अनुचित लाभ लिई चलअचल सम्पत्ति आर्जन गरेको कारणले सम्बन्धित कर्मचारी/पदाधिकारीले सम्पत्तिको वैधानिक स्रोत पुष्टि गर्न नसकेको पाइएको हुँदा विशेष अदालतमा ७ वटा मुद्दा दायर गरिएको छ । यससम्बन्धी विवरण तालिका ४.७ र चित्र नं. ४.७ (क) र (ख) मा प्रस्तुत गरिएको छ।


तालिका ४.७

गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाका प्रतिवादीहरूको पदगत/पेसागत विवरण

क्र.सं.	पद/श्रेणी	क्षेत्र							कुल जम्मा
		अर्थ	वन	गृह	संघीय मामिला	पर्यटन	कानुन तथा न्याय	अन्य	
१	भूतपूर्व मन्त्री					१			१
२	सहसचिव वा सो सरह						१		१
३	शाखा अधिकृत वा सो सरह	१	१						२
४	नायब सुब्बा वा सो सरह	१		१	१				३
५	मतियार/बिचौलिया/अन्य							१२	१२
कुल जम्मा		**२**	**१**	**१**	**१**	**१**	**१**	**१२**	**१९**

चित्र ४.७ (क)


गैरकानुनी सम्पत्ति आर्जन मुद्दाका प्रतिवादीहरूको क्षेत्रगत अवस्था



आर्थिक वर्ष ०७८/७९ मा गैरकानुनी सम्पत्ति आर्जनतर्फ दायर गरिएका ७ वटा मुद्दाका प्रतिवादीहरूमा भूतपूर्व मन्त्री १ जना, सहसचिव वा सो सरह १ जना, शाखा अधिकृत वा सो सरह २ जना, नायब सुब्बा वा सो सरह ३ जना र मतियार/बिचौलिया/अन्य १२ जना गरी कुल १९ जना रहेका छन् ।

चित्र ४.७ (ख)

गैरकानुनी सम्पत्ति आर्जन मुद्दाका प्रतिवादीहरूको पदगत प्रवृति



४.३.८ नीतिगत भ्रष्टाचार गर्ने प्रवृत्ति

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिकरूपमा गरेको नीतिगत निर्णय सम्बन्धमा आयोगले कुनै कारबाही नगर्ने प्रावधान रहेको छ । आयोगले विगत वर्षका वार्षिक प्रतिवेदनमार्फत मन्त्रिपरिषद्मा पेस गरिने नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या गरी नीतिगत र प्रशासनिक निर्णयको सीमा निर्धारण गर्नुपर्ने सुझाव दिँदै आएको भए पनि कार्यान्वयन भएको देखिँदैन । उच्चपदस्थ पदाधिकारीहरूले मन्त्रालयबाट गर्न सकिने प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी विषयलाई समेत निर्णयका लागि मन्त्रिपरिषद्मा पुऱ्याई कानुनको भावनाविपरीत कार्य गर्ने गरेको देखिन आएको छ ।

आयोगबाट विभिन्न समयमा गराइएका "नेपालमा भ्रष्टाचार र सुशासनसम्बन्धी अध्ययन, २०७५" तथा "स्थानीय तहमा हुने भ्रष्टाचारसम्बन्धी अध्ययन/सर्वेक्षण, २०७६" जस्ता अध्ययन/सर्वेक्षणहरूबाट समेत नेपालमा नीतिगत भ्रष्टाचार हुने गरेको धारणा सेवाग्राहीहरूमा व्यापकरूपमा रहेको पाइएको छ । सेवाग्राही सर्वेक्षणअनुसार उच्चपदस्थ पदाधिकारीहरूबाटै बढी नीतिगत भ्रष्टाचार हुने देखिएको छ ।

४.४ भ्रष्टाचारको पदीय/पेसागत प्रवृत्तिको विश्लेषण

आयोगले आर्थिक वर्ष ०७८/७९ मा विशेष अदालतमा मुद्दा दायर भएका १३१ आरोपपत्रहरूमा कुल ६३९ प्रतिवादीहरू रहेका छन्। यिनीहरूमध्ये भूतपूर्व मन्त्री १, विशिष्ट श्रेणीका ३, अधिकृतस्तरका १५१, सहायक/सहयोगीस्तरका १५९ जना कर्मचारी, निर्वाचित/मनोनीत पदाधिकारी १५१ र बिचौलिया/मतियार/घुसदाता १७४ जना व्यक्तिहरू रहेका छन्। यसले भ्रष्टाचारजन्य प्रवृत्ति उच्च तहदेखि सहायक/सहयोगी तहका कर्मचारीसम्म र सर्वसाधारणदेखि राजनीतिको माथिल्लो तहका व्यक्तिसम्ममा रहेको देखाउँछ । यससम्बन्धी विवरण तालिका ४.८ र चित्र ४.७ मा प्रस्तुत गरिएको छ।


तालिका ४.८

आर्थिक वर्ष ०७८/७९ मा दायर भएका विभिन्न किसिमका मुद्दाअन्तर्गत प्रतिवादीको पद/श्रेणीगत संख्या

क.सं.	मुद्दाको किसिम	मुद्दा संख्या	प्रतिवादीको पदगत विवरण												
			भुतपूर्व मन्त्री	विशिष्ट कर्मचारी	अधिकृतस्तर कर्मचारी				सहायक /सहयोगी कर्मचारी				निर्वाचित / मनोनीत	मतियार / बिचौलिया /अन्य	जम्मा
					स.स.	उ.स.	शा.अ.	जम्मा	ना.सु.	खरिदार	स.क.	जम्मा			
१	रिसवत (घुस)	३२					७	७	१७	५	१	२३	८	१४	५२
२	झुठ्ठा शैक्षिक प्रमाणपत्र	६					१	१	४	२		६		१	८
३	सार्वजनिक सम्पत्तिको हानी नोक्सानी	३५		१	२	८	१९	२९	१४	२६	२	४२	४७	१७	१३६
४	गैरकानुनी लाभ वा हानि पुर्याएको	३४			२	१५	५४	७१	४८	१४	३	६५	७९	१०७	३२२
५	गैरकानुनी सम्पत्ति आर्जन	७	१		१		२	३	३			३		१२	१९
६	राजस्व चुहावट	५			२	६	४	१२			२	२	१५	१३	४२
७	विविध मुद्दा	१२		२	३	५	२०	२८	१५	३		१८	२	१०	६०
कूल जम्मा		१३१	१	३	१०	३४	१०७	१५१	१०१	५०	८	१५९	१५१	१७४	६३९

चित्र ४.७

आर्थिक वर्ष २०७८।७९ मा दायर मुद्दाका किसिमका आधारमा प्रतिवादीहरूको पदगत विवरण



कर्मचारीको पदगत अवस्थाको विश्लेषण गर्दा सहायकस्तरदेखि माथिल्लो स्तरसम्मका कर्मचारीसमेत भ्रष्टाचारमा संलग्न हुनुले आर्थिक अवस्था मात्र भ्रष्टाचार हुनुको मूल कारण नभएको देखिन्छ । भ्रष्टाचारको प्रवृत्ति हेर्दा कर्मचारीका साथै निर्वाचित/मनोनीत पदाधिकारी र बिचौलिया/मतियारसमेतको संलग्नताले भ्रष्टाचार एक आचरणगत र मनोवृत्तिगत समस्याको

रूपमा देखिएको हुँदा यसको नियन्त्रणमा सबै सरोकारवाला निकायको उत्तिकै गहन साथ, सहयोग र समर्थन रहनुपर्ने देखिन्छ ।

४.५ भ्रष्टाचारको क्षेत्रगत प्रवृत्ति विश्लेषण

संघीय शासन व्यवस्था लागू भई स्थानीय तहको पहिलो निर्वाचन २०७४ पश्चातका आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्म आयोगमा स्थानीय तह र शिक्षा (स्थानीय तहसमेत) क्षेत्रसँग सम्बन्धित उजुरी अत्यधिक संख्यामा परेको देखिन्छ। भूमि प्रशासन, वन तथा वातावरण, स्वास्थ्य तथा जनसंख्या, भौतिक पूर्वाधार तथा यातायात, गृह प्रशासन, पर्यटन, उद्योग तथा वाणिज्य, ऊर्जा, जलस्रोत तथा सिंचाइ, खानेपानी तथा सहरी विकासजस्ता क्षेत्रसँग सम्बन्धित विषयमा पनि बढी उजुरी परेको देखिन्छ। अर्थ, कृषि तथा पशुपक्षी, संचार तथा सूचना प्रविधि लगायत अन्य क्षेत्रहरूमा समेत भ्रष्टाचार र अनियमितता भएको भनी उजुरी परेका छन् । विगत केही वर्षयता आयोगमा परेका उजुरीहरूको विश्लेषण, छानबिन, अनुसन्धान र अभियोजनको परिणामसमेतका समग्र आधारमा भ्रष्टाचारका क्षेत्रगत प्रवृत्ति निम्नबमोजिम रहेका छन्:-

४.५.१ स्थानीय तह

- स्थानीय तहको स्वीकृत पुँजीगत खर्चबाट गरिने विकास निर्माणअन्तर्गत खरिद योजनादेखि निर्माण सम्पन्न प्रतिवेदन तयारी र भुक्तानी प्रक्रियासम्म स्वार्थको द्वन्द्व देखिने राजनीतिक तथा प्रशासनिक पहुँच भएकाहरूले आ-आफ्ना योजना छनौट गर्ने, उपभोक्ता समितिमा समेत तिनै व्यक्तिहरू रहने साथै राजनीतिक उद्देश्यले गठित संस्थाहरूमा समेत बजेट विनियोजन गर्ने गरेको स्थानीय पञ्जीकरणका कार्यहरू, विभिन्न सिफारिस, घरनक्सा पास तथा कर निर्धारण लगायत सेवा प्रवाहमा सहयोग गरिदिएको भनी घुस रिसवत माग गर्ने,
- संघ, प्रदेश र स्थानीय तहका विभिन्न कार्यालय/निकायबाट दोहोरो रूपमा बजेट विनियोजन हुने र एउटै प्रकृतिको योजना/कार्यक्रमका लागि भिन्न भिन्न कागजात बनाई एकै निकाय वा एक भन्दा बढी निकायबाट दोहोरो भुक्तानी लिने/दिने,
- तोकिएको कामै नगरी नक्कली भरपाई र किर्ते कागज बनाई सरकारी रकम भुक्तानी लिने,
- प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि तथा अन्य कानुनले तोकेबमोजिमका प्रक्रिया पूरा नगरी, पालना नगरी/नगराई रकम विनियोजन तथा हिनामिना गर्ने,
- उपभोक्ता समितिका पदाधिकारी र कर्मचारीहरूको मिलेमतोमा योजना कार्यान्वयनका लागि कानुनले तोकेको आवश्यक प्रक्रिया पूरा नगरी उपभोक्ताहरूलाई पेश्की दिने, कामबिना फछ्यौंटसमेत गर्ने, काम सम्पन्न नभई कार्यसम्पन्न प्रतिवेदन बनाई वा नबनाई भुक्तानी दिने, कमिसन लिई कार्यसम्पन्न नभएका योजनाहरूको फरफारक समेत गर्ने, योजनाहरू सम्पन्न नगरी बीचमै अलपत्र पार्ने तथा यान्त्रिक कार्यको भुक्तानी डोर हाजिरी गराई लिने दिने,

- पुल, भवनजस्ता सार्वजनिक संरचनाहरूको पूर्ण ड्रइङ, डिजाइन नबनाई विनियोजित बजेटअनुसार आंशिक संरचनाहरूको लागत अनुमान बनाई निर्माण कार्य गर्ने, पटक पटक एउटै योजनाका थुप्रै कार्य सम्पन्न प्रतिवेदनहरू बनाउने, उपभोक्ता समितिबाट गरिने निर्माण योजनाहरूमा सम्झौता अनुसार गर्नुपर्ने पूरा कार्य नगरी आर्थिक वर्षको अन्त्यमा जति काम भयो त्यसैलाई नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन बनाउने,
- जनश्रमदानको न्यूनतम अंश यकिन नभएको तथा उपभोक्ता समितिसँग सम्झौता गर्दा उक्त विषय नखुलाइने गरेको, साथै भुक्तानी गर्दा सम्झौताबमोजिम जनश्रमदानको न्यूनतम अंश अनिवार्य कट्टा गर्नुपर्नेमा कट्टा नै नगर्ने वा कम कट्टा गर्ने गरेको,
- स्थानीय तहका योजना अनुगमन गर्दा फर्जी अनुगमन प्रतिवेदन बनाउने, अनुगमन फिल्डमा नगई भत्ता बुझी अनियमितता गर्ने, निश्चित योजनाको अनुगमन गर्नुपर्नेमा गोलमटोल रूपमा अनुगमन गरेको भनी देखाउने, प्राविधिक नापजाँच यथार्थ नदेखाउने तथा गलत प्राविधिक परीक्षण प्रतिवेदन बनाई बढी भुक्तानी दिने/लिने गरेको,
- सामाजिक सुरक्षा भत्ता वितरणमा उमेर सच्याएर, मृत्यु भइसकेकाको र बसाइँ सराइँ गरेकाको समेत दोहोरो तेहोरो भत्ता दिन मिलिभगत गरेको,
- जिल्ला समन्वय समिति र स्थानीय तहका उपमेयर/उपाध्यक्षहरूले अनुगमन नै गर्ने नगरेको,
- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को ठेक्का, राजस्व संकलन तथा सोको उपयोगमा वातावरणीय पक्षलाई बेवास्ता गर्ने, दोहोरो रसिद प्रयोग, जथाभावी उत्खनन गरी राजस्व हिनामिना गर्ने, अवैधानिकरूपमा सञ्चालित क्रसर उद्योगहरूको दर्ता तथा संचालन गरी स्थानीय तहको मिलेमतोमा नदीजन्य पदार्थको हिनामिना गर्ने, अपारदर्शीरूपमा मिलेमतोमा ठेक्का पार्ने तथा आफूअनुकूल पक्षलाई ठेक्का दिने गरेको,
- उपलब्ध जनशक्तिबाट हुन सक्ने साधारण प्रकारको सर्भे/प्रतिवेदन आदि जस्ता काममा समेत परामर्श सेवाबाट गर्ने गराउने प्रवृत्ति रहेकाले अनावश्यक र औचित्यहीन विषयमा DPR लगायतका परामर्श सेवा लिई अनुचित लाभसमेत लिने,
- जथाभावीरूपमा आफू निकटका व्यक्तिसँग उच्चतम् दररेटमा सवारी साधन भाडामा लिने, सवारी साधनको दुरुपयोग गर्ने,
- कानुनी व्यवस्था, प्रक्रिया र मापदण्डविपरीत स्थानीय तहमा कर्मचारी बढुवा एवं करार नियुक्ति गर्ने,
- उपभोक्ता समितिमार्फत कार्य गर्न सम्झौता गरी ठेकेदारमार्फत कार्य गराउने,
- राजस्व असुली गर्नुपर्नेमा असुली नगर्ने, नियमविपरीत छुट दिने वा कर मिनाह गर्ने ।

४.५.२ शिक्षा

- शिक्षातर्फको भौतिक निर्माणको कार्य सम्पन्न नगर्ने, छात्रवृत्ति रकम वितरण नगर्ने, पाठ्यपुस्तक खरिद नगर्ने, शिक्षकहरूलाई दिनुपर्ने तलब भत्ता, संचयकोष तथा नागरिक लगानी कोष बापतको रकमसमेत हिनामिना गर्ने,

- विद्यालयको बजेट निजी तथा व्यक्तिगत खातामा स्थानान्तरण गर्ने, रकम बैंकबाट निकाली व्यक्तिगत प्रयोजनका लागि खर्च गरी सरकारी कोषको दुरुपयोग गर्ने,
- विद्यालयमा हाजिर नभएको शिक्षकको समेत आफ्नै नाममा तलब भुक्तानी लिने,
- मिलेमतोमा परीक्षा केन्द्र बाहिर अर्को उत्तरपुस्तिकामा लेख्न लगाई वा उत्तरपुस्तिका साटफेर गरी परीक्षाको नतिजामा फेरबदल गर्ने तथा स्थायी पदपूर्ति लगायतका परीक्षामा परीक्षार्थीको प्राप्तांक अनुचित ढंगले थपी परिणाम फेरबदल गर्ने,
- परीक्षा हुनुअगावै अनधिकृत रूपमा परीक्षाको प्रश्नपत्र निकाली विभिन्न विद्युतीय/सञ्चार माध्यमबाट पठाउने र सार्वजनिक गर्ने,
- नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र/झुटा अध्यापन अनुमतिपत्र पेस गर्ने,
- विद्यालयका भौतिक निर्माण कार्यमा हुँदै नभएको कार्य भएको देखाई वा कम गुणस्तर र परिमाणको काम गरी अनियमित तरिकाले भुक्तानी लिने दिने,
- छात्रवृत्ति वितरण/पुस्तक खरिदमा वास्तविक विद्यार्थीभन्दा बढी संख्या देखाई, नक्कली भरपाई पेस गरी बढी रकम भुक्तानी लिई हिनामिना गर्ने,
- विद्यालयहरूको कागजी रेकर्ड मात्र खडा गरी अनियमितता गर्ने तथा किर्ते दस्तखत वा कागजात तयार गरी रकम हिनामिना गर्ने,
- शिक्षक/प्राध्यापकले लिनुपर्ने पूर्वस्वीकृति नलिई अन्य शैक्षिक संस्थामा कामकाज गर्ने,
- मापदण्ड नै पूरा नगरेका शिक्षण संस्थाहरूलाई सम्बन्धन वा स्वीकृति दिने,
- बिना प्रतिस्पर्धा करार शिक्षक/कर्मचारी नियुक्ति गर्ने तथा नियुक्ति प्रक्रिया पूरा गरेको देखाउन फर्जी कागजातहरू तयार गर्ने,
- सट्टा शिक्षक/खेताला शिक्षक राखी पठनपाठन गर्ने गराउने,
- विद्यालयबाट हुने सार्वजनिक निर्माण एवं जिन्सी खरिद प्रक्रिया प्रचलित खरिद कानुनबमोजिम नहुने ।

४.५.३ भूमि व्यवस्था

- सरकारी, पर्ती, जंगल, बुट्यान, गुठी, आदिका जग्गाहरू व्यक्ति वा निजी कम्पनीका नाममा दर्ता गरी गराई बेचबिखन गर्ने, सरकारले मुआब्जा दिई अधिग्रहण गरी लिएको सरकारी, सार्वजनिक र गुठीका जग्गाहरू गैरकानुनी रूपमा व्यक्तिविशेषको नाममा दर्ता गर्ने, फिल्डबुक/कैफियत महलको विवरणविपरीत छुट जग्गा दर्ताका नाममा व्यक्ति विशेषका नाममा दर्ता गर्ने,
- जग्गाको कित्ता हालसाबिक गर्दा साँधमा रहेको सरकारी जग्गा व्यक्तिको जग्गामा घुसाउने तथा सरकारी जग्गा आफन्तका नाममा बाँडफाँड गरी बिक्री वितरणसमेत गर्ने, सरकारी/सार्वजनिक जनिएको जग्गाको नक्कली जग्गाधनी प्रमाणपुर्जा बनाई मुद्दा हाली मिलापत्रका नाममा सरकारी जग्गा हडप्ने र अनधिकृत भोगचलन गर्ने, दर्ता स्रेस्ताको कागजात हेरफेर गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने तथा वास्तविक

जग्गाधनीको विवरण सच्याई नक्कली जग्गाधनी कायम गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिको नाममा दर्ता गर्ने,

- नापीको काम गर्दा, ब्लुप्रिन्ट लिन जाँदा तथा जग्गाको नक्सा ट्रेस उपलब्ध गराउँदा घुस/रिसवत माग गर्ने, जग्गाको कित्ताकाट/दर्ता/एकीकरण/हालसाबिक/नामसारी/अंशबण्डा/लालपुर्जा/धितोबन्धक/फुकुवा/मोहियानी कायम जस्ता कार्य गराउँदा बिचौलियामार्फत वा सम्बन्धित कर्मचारीले सिधै घुस/रिसवत लिने,
- परीक्षण गर्नुपर्ने कागजात नहेरी, स्थानीय निकायको घर/बाटो चारकिल्ला प्रमाणितको सिफारिसलगायतका आवश्यक प्रमाण कागजात संकलन नगरी राजस्व चुहावट गर्ने,
- जग्गाको मूल्यांकन गर्दा हुनुपर्ने वास्तविकभन्दा कम थैली कायम गरी पुँजीगत लाभकर र रजिष्ट्रेशन शुल्क निर्धारण गर्ने,
- राजस्व रकम नक्कली रसिदबाट उठाई प्रचलित कानुनबमोजिम दाखिला नगरी हिनामिना गर्ने,
- पुँजीगत लाभकर प्रतिशत कम गर्ने,
- दोहोरो रजिष्टर खडा गरी दोहोरो रजिष्ट्रेसन नम्बर लेखी राजस्व हिनामिना गर्ने,
- मोठ भिडान नगरी अदालतबाट रोक्का रहेको जग्गा पास गर्ने तथा रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने, सरकारी कागजात अनधिकृत रूपमा नियतबस लुकाउने, सच्याउने, नष्ट गर्ने र अभिलेखांकन नगर्ने,
- पालना गर्नुपर्ने कार्यविधि पालना नगरी अंशियारको हकमा असर पर्ने गरी सिफारिस गर्ने एवं नामसारी गरिदिने,
- जग्गा प्लटिङको नाउँमा सार्वजनिक पर्ति एवं दर्ता नभएका जग्गा, कुलो, चौतारोसमेत मिसाउने,
- सरकारी सार्वजनिक जग्गाको गैरकानुनी रूपमा मिच्ने/अतिक्रमण गर्ने,
- गाउँब्लकभित्रका सरकारी सार्वजनिक जग्गाहरू व्यक्ति विशेषको नाममा दर्ता गरिदिने,
- घरायसी कागज गरी सरकारी सार्वजनिक जग्गा घडेरीको रूपमा बिक्री गर्ने,
- बिनास्वीकृति सार्वजनिक जग्गा कुनै व्यक्ति/संस्था वा निकायले भाडामा लगाई रकम उठाउने एवं उठेको रकम राजस्वमा दाखिला नगरी हिनामिना गर्ने र
- अनधिकृत मोही कायम गरी गुठीको जग्गा हिनामिना गर्ने ।

४.५.४ गृह प्रशासन

- व्यापार व्यवसायमा, प्राकृतिक स्रोतको उत्खनन् र ओसारपसारलगायतका विषयमा सहजीकरण गर्ने नाममा प्रहरी प्रशासनबाट घुस रिसवत लिने,
- सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा पास गराइदिने भनी घुस रिसवत लिने, सडक दुर्घटनामा घुस रिसवत लिई नक्कली चालक खडा गरी गलत अनुसन्धान प्रतिवेदन तयार पार्ने तथा प्रहरीले संचालन गरेका पेट्रोल पम्पहरूमा अनियमितता गर्ने,

- सार्वजनिक खरिद कानुनको पालना नगरी वा कानुनका छिद्रहरूको अन्वेषण गरी सुरक्षा निकायबाट खरिद कार्यमा अनियमितता गर्ने, सोझै खरिद गर्ने,
- नक्कली कागजात तयार पारी रकम हिनामिना गर्ने तथा सुरक्षाको संवेदनशीलताको नाउँमा प्रक्रियाको पूर्ण पालना नगर्ने,
- अध्यागमन कार्यालयबाट यात्रा अनुमति दिन नहुने व्यक्तिहरूलाई समेत घुस रिसवत लिई यात्रा अनुमति प्रदान गर्ने,
- नागरिकता प्रदान गर्न नहुने व्यक्तिलाई समेत मिलेमतो वा अनियमितता गरी नागरिकता प्रदान गर्ने, सीमा नाकामा तस्करहरूसँग मिलेमतो गरी भन्सार छली अबैध रूपमा सामान ओसारपसार हुने र सूचकको रूपमा सादा पोसाकमा खटाइएका घुमुवा प्रहरीलाई विभिन्न व्यापारी तथा तस्करहरूसँग रकम असुल्न प्रयोग हुने गरेको ।

४.५.५ स्वास्थ्य

- तीनवटै सरकारले औषधी खरिद गर्दा वार्षिक आवश्यकताका आधारमा टेन्डर गर्नुपर्नेमा नगर्ने,
- गर्नुपर्ने पूर्वतयारी समयमै नगरी आपत्कालीन अवस्था सिर्जना गराई खरिद गर्ने,
- ठूलो परिमाणमा खरिद गरेको देखाई स्टोर दाखिला कागजीरूपमा मात्र गर्ने,
- नक्कली बिलको आधारमा संचालन नै नभएको प्रवर्द्धनात्मक कार्यक्रमको भुक्तानी दिने/लिने,
- स्वास्थ्य संस्थामा विनियोजन भएको रकम नक्कली सेवाग्राहीहरूको अभिलेख खडा गरी हिनामिना गर्ने,
- सरकारी संस्थामा दिनुपर्ने समय नदिएर निजी स्वास्थ्य संस्थाहरूमा कार्य गर्ने,
- राज्यले निःशुल्क वितरण गर्ने भनेका औषधीहरू समेत निजी क्लिनिकबाट बिक्री गराउने,
- स्वास्थ्य संस्थाहरूले उपलब्ध गराउने सेवाको अनुगमन गर्ने निकायले नियमित/प्रभावकारी अनुगमन नगर्ने,
- सार्वजनिक खरिद ऐनका व्यवस्थाविपरीत तथा आवश्यकता नै नभएका औषधी/स्वास्थ्य उपकरण खरिद गर्ने,
- खरिद प्रक्रियामा मिलेमतो गरी कुनै एक कम्पनी/फर्मलाई मिल्ने गरी Specification बनाउने,
- अध्ययन बिदा स्वीकृति नगराई अध्ययन बिदामा जाने गरेको,
- आम नागरिकको स्वास्थ्य परीक्षणमा आवश्यक पर्ने बहुमूल्य यन्त्र उपकरणसमेत खरिदपश्चात लामो समयसम्म पनि जडान/प्रयोग नगर्ने ।

४.५.६ वन

- विभिन्न किसिमका नियमित कार्य (काठको लगत जाँच, कटान आदेश, छुटपुर्जी, वन उपभोक्ता समूहको विधान र कार्ययोजना दर्ता सिफारिस) गर्नसमेत रिसवत लिने,

- बदनियतपूर्वक वनका काठ कटान गरी ओसारपसार गर्ने, वन सम्पदाको विनाश/चोरी निकासीमा संलग्नलाई सहयोग पुऱ्याई अनुचित लाभ लिने तथा अनियमित रूपमा कटान गरेका काठको झुटा लगत तयार गरी स्वीकृत गर्ने गराउने,
- त्रुटिपूर्ण कार्ययोजना तयार गरी अत्यधिक परिमाणमा कटान आदेश दिने तथा सामुदायिक वन समूहको रकम हिनामिना गर्ने,
- बिरुवा उत्पादन, वितरण, वृक्षरोपण लगायतका कार्यक्रमहरूको झुटा बिल/भरपाई बनाई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने।
- सामुदायिक वन उपभोक्ता समूहको कोषको परिचालन प्रचलित वन ऐन नियमावलीबमोजिम नगरी रकम हिनामिना/हानि नोक्सानी गर्ने ।

४.५.७ अर्थ, राजस्व

- कर्मचारी, एजेन्ट तथा मालसामान धनीको मिलेमतोमा आयातित सामानको नक्कली प्रज्ञापनपत्र प्रयोग गर्ने, गुणस्तर, परिमाण र मूल्य फरक पारी भन्सार जाँचपास गर्ने, न्यून बिजकीकरण गर्ने जस्ता कार्य गरी राजस्व छली गर्ने,
- कर्जा प्रवाहसम्बन्धी तोकिएका मापदण्डहरू नअपनाई, धितोको गलत मूल्यांकन गरी बदनियतपूर्वक प्रतिवेदन तयार गरी अनियमित तवरले कर्जा प्रवाह गर्ने,
- मूल्य अभिवृद्धि करको नक्कली बिल बनाई भ्रष्टाचार गर्ने,
- किर्ते/गलत बैंक भौचर, बैंक विवरण, मौज्दात जस्ता कागजातहरू तयार पारी वा किर्ते सहीछाप गरी रकम हिनामिना गर्ने,
- संकलन भएको राजस्वसमेत समयभित्र बैंकमा दाखिला नगर्ने,
- सीमित वर्ग वा समूहलाई फाइदा पुग्ने गरी कर सहुलियत/छुट दिने तथा करयोग्य कारोबारलाई करको दायरामा समावेश नगरी राजस्व चुहावट गर्ने,
- सरकारलाई तिर्नुपर्ने कर छल्ने नियतले उद्यमीहरूले व्यावसायिक कारोबारको दुई किसिमको लेखा राखी तिर्नु/बुझाउनुपर्ने राजस्व छली गर्ने गराउने,
- दर्ता नै नगरी वा अशिक्षित/गरिब व्यक्तिहरूको नाममा व्यवसाय संचालन गरी/गराई कारोबार गर्ने,
- गैरकानुनी तवरका कारोबार गर्ने एवं राजस्व बक्यौता दाखिला नगर्ने,
- सरकारी बैंकहरूबाट प्रवाह भएको ऋण फरफारक गर्दा मिलेमतो र लेनदेनमा ब्याज मिनाहा गर्ने,
- बैंकिङ, धितोपत्र आदिसँग सम्बन्धित सफ्टवेयर खरिदमा अनियमितता हुने र बैंकहरूको मर्जरका क्रममा मिलेमतो र आर्थिक चलखेल हुने गरेको ।

४.५.८ सार्वजनिक खरिद तथा निर्माण

- बजेट र कार्यक्रमअनुसार दरभाउपत्र वा बोलपत्रबाट खरिद गर्नुपर्नेमा यस्तो खरिद कार्य नगरी तथा सार्वजनिक खरिद कानुनविपरीत हुने गरी सोझै बजारबाट खरिद गर्ने गराउने,

- गलत लगत इस्टिमेट बनाउने, लागत अनुमानभन्दा बढी कबोल गर्ने दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने तथा असम्बन्धित कर्मचारीले दरभाउपत्र र बोलपत्र स्वीकृत गर्ने,
- खरिद अनुसार स्टोर दाखिला र जिन्सी मालसामानको अभिलेख दुरुस्त नराख्ने, झुटा खरिद दाखिला गरी गराई गलत जिन्सी दाखिला प्रतिवेदन तयार पार्ने,
- कानुनद्वारा निर्धारित सर्त र मापदण्डविपरीत निर्माण कार्य गराई वा निर्माण कार्य नै नगराई वा कम निर्माण गरी गराई, नापजाँच फिल्डमा भएअनुसारको नगरी झुटा स्थलगत अनुगमन प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेस गरी गराई भुक्तानी लिने दिने,
- समयमै गर्नुपर्ने पूर्वतयारी (सूची अभिलेखीकरण, लगत इस्टिमेट, खरिद प्रक्रिया जस्ता कार्यहरू) नगरी आर्थिक वर्षको अन्त्यतिर सरकारी कोषको हिनामिना र दुरुपयोग गर्ने नियत राखी सोझै मालसामान खरिद गर्ने,
- योजना, कार्यक्रम वा परियोजनाको लागत र समय बढाई, नियतबस अस्वाभाविक भेरियसन कार्य गरी गराई सार्वजनिक स्रोत साधनको दुरुपयोग गर्ने तथा सरकारी हानि नोक्सानी गराउने ।

४.५.९ श्रम तथा वैदेशिक रोजगार

- कर्मचारी, प्रहरी र बिचौलियाले मिलेमतो गरी सेवाग्राहीलाई अनावश्यक दुख हैरानी दिई सहजीकरणको नाममा घुस रिसवत लिने दिने,
- कामदारको आवश्यकता, योग्यता तथा तलबभत्तासम्बन्धी नक्कली कागजात तयार पार्ने तथा नक्कली करार पत्रमा सम्झौता गराई रकम असुली गर्ने,
- वैदेशिक रोजगार व्यवसायीहरूले कर्मचारीसँग मिलेमतो गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूसँग वास्तविक लागतभन्दा बढी रकम उठाउने,
- फ्रि भिसा र फ्रि टिकेटको व्यवस्था विपरीत न्यूनतम रकमको बिल बनाई अत्यधिक रकम असुली गर्ने, बदनियतपूर्ण निर्णयका अभिलेख र कागजातहरू लुकाउने वा नष्ट गर्ने,
- अनुगमनको क्रममा म्यानपावर कम्पनीहरूसँग गैरकानुनी साँठगाँठ गर्ने, छुट दिने,
- श्रम स्वीकृतिका लागि अनलाइन प्रविधिको प्रयोग गरे तापनि कार्यसम्पन्न भइसकेपश्चात राहदानी वितरण गर्दा रकम असुली गर्ने, म्यानपावर एजेन्सीको संस्था नवीकरण गर्दा चलखेल हुने,
- कम्पनी र प्रोफेसन फरक गरी रि-इन्ट्रीको श्रम स्वीकृति दिने गरेको ।
- वैदेशिक रोजगारीका लागि नेपाली कामदार जाने मुलुकहरूबाट माग संकलन र मागपत्र पठाउने क्रममा तत् तत् मुलुकहरूमा कार्यरत श्रम सहचारी तथा काउन्सलरले मोटो रकम असुली गरेपश्चात अनुकूलका म्यानपावर एजेन्सीहरूलाई मागपत्र पठाउने गरेको ।

४.५.१० कृषि/पशु

- किसानहरूको नक्कली विवरण संकलन गरी क्षतिपूर्ति, राहत तथा अनुदान वितरण गरी सार्वजनिक कोषको हिनामिना गर्ने,

- कृषि बीउ बिजनको समुचित भण्डारण तथा उपयोग, कृषि उत्पादनमा विषादि परीक्षण प्रयोगशाला निर्माण र संचालन तथा कृषि उत्पादनको वितरण व्यवस्था नगरी बिचौलियासँगको मिलेमतोमा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गर्ने, कृषि मल आदिको खरिदमा गुणस्तर मापन प्रमाण नलिने,
- तोकेको परिणामभन्दा कम कृषि तथा पशु सेवाको ओसारपसार सेवाको स्वीकृत कार्यक्रम सम्पन्न नगरी बजेट हिनामिना गर्ने तथा हुँदै नभएको काम भएको भनी वा बिल बढाई भुक्तानी लिने दिने,
- स्थानीय तहमा पशु स्वास्थ्य तथा पशु सेवा प्रवर्द्धन कार्यक्रमअन्तर्गत वितरण गरिने घाँसको बीउ बिजनलगायत औषधी खरिदमा फर्जी बिल, भरपाई तयार पार्ने, आपूर्तिकर्ता छनौट गर्दा मिलेमतोमा एकै व्यक्तिका फरक नामका आशयपत्र पेस गर्न लागाउने तथा वास्तविक मूल्यभन्दा बढी मूल्यमा समयावधि समाप्त हुन लागेका औषधी खरिद गर्ने गरेको,
- स्थानीय तहमा स्वीकृत बजेट अनुरूपका कार्यक्रम संचालन गर्ने कार्यविधि नर्मसको अभाव देखाई कार्यपालिकाबाट निर्णय गराई अपारदर्शी रूपमा अनुदान वितरण गर्ने,
- प्रदेश तहमा पशु सेवासम्बन्धी कार्यविधि नर्म्सको तर्जुमा गर्दा कुनै स्वार्थ समूहलाई अनुकूल हुने गरी तर्जुमा गरी नीतिगत रूपमै अनियमितता गर्न मिल्ने गरी कानुनी छिद्र राख्ने गरिएको,
- नक्कली अनुदानग्राहीले अनुगमनको समयमा सूचनामा निर्धारित पशुक्षी संख्या र मापदण्ड अस्थाई रूपमा राख्ने तथा सो कुरा मिलाउन अनुदान प्रदायक निकायका कर्मचारीले बार्गेनिङ गरी अनुदान सम्झौता गर्ने गरेको,
- पहिचानसहितको अभिलेखको अभावमा बजारमा स्थापित भई संचालनमा रहेका पशुपक्षी फार्महरूलाई फरक फरक निकायबाट अनुदान प्रदान गर्ने गरिएको र कतिपयमा अनुदान प्रदायक निकायका कर्मचारीले अनुदान मिलाएबापत अनुदान रकमको केही अंश माग गरेका तथा संस्थापक शेयरसमेत माग गरेका गुनासोहरू सुनिएका,
- संघीय कार्यालयमा मौजुदा जनशक्तिमार्फत संचालन गर्न सकिने कार्यहरूमा समेत परामर्श सेवामार्फत कार्य गराउने गरिएको ।
- कोटेसन माग गर्दा सूचना आफ्नै कार्यालय परिसरमा टाँस गरी एकै व्यक्तिका फरक नामका फर्मलाई भुक्तानी दिन अख्तियार प्राप्त व्यक्तिले दर्ता गरी कमिसनको बार्गेनिङ गर्ने गरेको,
- कतिपय पशु क्वारेन्टाइन कार्यालयबाट जीवित पशु, पशुजन्य सामग्री आयात गर्दा रकम बार्गेनिङ हुने गरेको र पशुपक्षीजन्य औषधी तथा औषधीजन्य उत्पादन सामग्री आयात सिफारिसमा समेत कमिसन बार्गेनिङ हुने गरेको ।

४.५.११ विविध (ऊर्जा, समाज कल्याण, यातायात आदि)

- सवारी दर्ता गर्ने नाममा सरकारी कागजात सच्याई राजस्व हिनामिना, मस्यौट तथा चुहावट गर्ने,

- सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण र अनुपस्थित भएका परीक्षार्थीहरूलाई पास गराउने,
- सवारी चालक अनुमतिपत्रको नेपालीकरण गर्दा गलत लिखत तयार गर्ने,
- लोक सेवा आयोगको परीक्षामा सहभागीको उत्तरपुस्तिका सच्याई उत्तीर्ण गराउन खोज्ने,
- गैरसरकारी संस्थाहरूलाई स्वीकृति दिंदा अनुचित लाभ लिने, अनुगमन नगर्ने, मिलेमतोमा गलत प्रतिवेदन तयार पार्ने,
- विद्युत ऐन नियमविपरीत मिलेमतोमा अनियमित र असान्दर्भिक खरिद गर्ने, न्यून गुणस्तरका ट्रान्सफर्मर जडान गरी अनुचित लाभ लिने तथा विद्युतीकरण गर्दा अतिरिक्त रकम लिने,
- नियमानुसार पाउनेभन्दा बढी सेवा सुविधा लिने र नक्कली हस्ताक्षर गरी वा नक्कली बिल भरपाई पेस गरी दैनिक तथा भ्रमण भत्ताको रकम भुक्तानी लिने ।

४.६ आयोगको स्थापनाकालदेखि हालसम्म अदालतमा दायर गरिएका मुद्दाहरूको प्रवृत्ति विश्लेषण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो स्थापनाकालदेखि नै प्राप्त उजुरीहरूउपर अनुसन्धान र तहकिकात गरी अदालतसमक्ष मुद्दा दायर गर्ने काम गर्दै आइरहेको छ । स्थापनादेखिको ३२ वर्षमा आयोगमा परेका उजुरीको संख्या, अनुसन्धान तहकिकात गरी फछ्यौंट गरिएका उजुरीको संख्या र अदालतमा दायर गरिएका आरोपपत्रहरूको संख्या देहायबमोजिम रहेको छ ।

४.६.१. आर्थिक वर्ष ०४८।४९ देखि ०५६।५७ सम्म

विक्रम संवत् २०४७ सालमा आयोगको स्थापना भएदेखि आर्थिक वर्ष २०५६।५७ सम्मको अवधिमा आयोगबाट सीमित संख्यामा आरोपपत्रहरू अदालतमा दायर भएका छन् । यस अवधिमा सबैभन्दा कम आरोपपत्र आर्थिक वर्ष ०४८।४९ र ०५१।५२ मा एक-एक वटा मात्र दर्ता भएका थिए भने आर्थिक वर्ष ०५३।५४ मा सबैभन्दा बढी (११ वटा) आरोपपत्रहरू दायर भएका थिए । यस अवधिमा आयोगमा दायर भएका उजुरीहरूको संख्यामा समेत न्यूनता देखिन्छ । आर्थिक वर्ष २०५४।५५ मा सबैभन्दा बढी १६०६ वटा उजुरीहरू रहेको भए पनि अधिकांश आर्थिक वर्षहरूमा करिब एक हजारको हाराहारीमा उजुरीहरू रहेको देखिन्छ । तालिका ४.८ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्यौंट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ४.८

आर्थिक वर्ष २०४७।४८ देखि २०५६।५७ सम्मको उजुरी दर्ता, फछ्यौंट र मुद्दा दर्ताको संख्या

क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर	क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर
१.	२०४७/४८	५६४	-	-	६.	२०५२/५३	१०८५	७११	२
२.	२०४८/४९	१०६९	५८१	१	७.	२०५३/५४	१५०१	७५०	११
३.	२०४९/५०	१०५०	६१८	५	८.	२०५४/५५	१६०६	९२०	७

४.	२०५०/५१	१०२०	५२६	७	९.	२०५५/५६	१३१३	८६१	१०
५.	२०५१/५२	१००३	६३६	१	१०.	२०५६/५७	८५९	४९८	५

४.६.२. आर्थिक वर्ष २०५७।५८ देखि २०६३।६४ सम्म

आर्थिक वर्ष २०५७।५८ देखि आर्थिक वर्ष २०६३।६४ को अवधिमा मुलुकमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी महत्वपूर्ण कानुनी र संस्थागत सुधारका कार्य भएका थिए । विक्रम संवत् २०५९ साल असार ५ गते भ्रष्टाचार निवारण ऐन, २०५९ लागू हुनुका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दोस्रो संशोधन सोही वर्षको साउन ३० गते लागू भई भ्रष्टाचारविरुद्ध प्रभावकारी कानुनी व्यवस्था भएको थियो । साथै, विशेष अदालत ऐन, २०५९ को व्यवस्थाबमोजिम मिति २०५९ साल भाद्र ६ गते विशेष अदालत स्थापना भई भ्रष्टाचारसम्बन्धी मुद्दाहरूको न्याय निरुपणसम्बन्धी कार्य विशेष अदालतबाट हुने व्यवस्थाको सुरुवात भएको पाइन्छ । उल्लिखित सुधारसमेतका कारणले आर्थिक वर्ष २०५९।६० देखि आयोगबाट विशेष अदालतमा दायर गरिएका आरोपपत्रहरूको संख्यामा बढोत्तरी भएको देखिन्छ । आर्थिक वर्ष २०५७।५८ देखि आर्थिक वर्ष २०६३।६४ को अवधिमा आरोपपत्रहरूको दर्ताको संख्यालाई हेर्दा आर्थिक वर्ष २०५९।६० मा सबैभन्दा बढी १४७ वटा आरोपपत्रहरू दर्ता भएका छन् भने यस अवधिमा सबैभन्दा कम २६ वटा आरोपपत्रहरू आर्थिक वर्ष २०५७।५८ मा दर्ता भएको पाइन्छ । तालिका ४.९ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्यौंट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ।

तालिका ४.९

आर्थिक वर्ष २०५७।५८ देखि २०६३।६४ सम्मको उजुरी दर्ता, फछ्यौंट र मुद्दा दर्ताको संख्या

क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर	क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर
१.	२०५७/५८	१२६१	६९८	२६	५.	२०६१/६२	४७५९	३७०९	११३
२.	२०५८/५९	२५२२	२०१५	४१	६.	२०६२/६३	४३२४	३३५३	११४
३.	२०५९/६०	३९६६	२४८१	१४७	७.	२०६३/६४	३५६४	२९७६	११५
४.	२०६०/६१	३७३२	३१८८	१०५					

भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि आर्थिक वर्ष २०५९।६० देखि शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आरोपपत्रसमेत दर्ता हुन थालेको पाइन्छ र यस अवधिमा दायर भएका मुद्दाहरूमध्ये हरेक आर्थिक वर्षमा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी मुद्दा सबैभन्दा बढी संख्यामा रहेका छन्। आर्थिक वर्षहरू २०५९।६० र २०६०।६१ मा भने गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाहरू पनि उल्लेख्य संख्यामा रहेको देखिन्छ। यस अवधिमा दर्ता भएका विविध विषयका आरोपपत्रहरूअन्तर्गत राहदानी, सवारीसाधन दर्ता, भूमि

प्रशासन, बैंक कर्जा हिनामिनासम्बन्धी मुद्दाहरू समेत रहेका छन् । आयोग स्थापना भएपछि पहिलोपटक आर्थिक वर्ष २०६०।६१ मा घुस/रिसवतसम्बन्धी आरोपपत्र दर्ता भएको देखिन्छ । तालिका ४.१० मा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भएपछि आर्थिक वर्ष २०६३।६४ सम्मका विभिन्न विषयका मुद्दाहरूको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ४.१०

आर्थिक वर्ष २०५९।६० देखि २०६३।६४ सम्मका विभिन्न विषयका मुद्दाको संख्या

क्र.सं.	वर्ष	गैरकानुनी सम्पत्ति आर्जन	नक्कली शैक्षिक प्रमाणपत्र	राजस्व हिनामिना/ चुहावट	घुस/ रिसवत	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी	गैरकानुनी लाभ वा हानी	विविध	जम्मा मुद्दा दायर
१.	२०५९/६०	२८	८१	०	०	०	१८	२०	१४७
२.	२०६०/६१	१६	४७	०	४	०	०	३८	१०५
३.	२०६१/६२	८	८५	२	१	०	७	१०	११३
४.	२०६२/६३	९	६९	५	५	८	९	९	११४
५.	२०६३/६४	०	९३	९	३	१	०	९	११५

४.६.३. आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्म

यस अवधिमा सबैभन्दा कम **२७** मुद्दा आर्थिक वर्ष २०६६।६७ मा दर्ता भएका छन् ।
त्यस्तै, सबैभन्दा बढी १११ मुद्दा आर्थिक वर्ष २०६८।६९ मा दर्ता भएका छन् । सबैभन्दा बढी उजुरी भने आर्थिक वर्ष २०६९।७० मा परेको देखिन्छ । तालिका ४.११ मा यस अवधिमा आयोगमा परेको उजुरी, उजुरीको फछ्यौंट तथा मुद्दा दर्ताको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ४.११

आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्मको उजुरी दर्ता, फछ्यौंट र मुद्दा दर्ताको संख्या

क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर	क्र.सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर
१.	२०६४/६५	२७३२	२१३५	६५	४.	२०६७/६८	६१४५	३९०४	६७
२.	२०६५/६६	४१४९	३३०३	५०	५.	२०६८/६९	८८३९	५४६६	१११
३.	२०६६/६७	४२९५	३०६७	२७	६.	२०६९/७०	११२९८	६६७२	९३

यस अवधिमा दर्ता भएका आरोपपत्रहरूमा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी मुद्दा उल्लेख्य संख्यामा रहेका छन् । त्यसैगरी, घुस रिसवतसम्बन्धी तथा गैरकानुनी लाभहानिसम्बन्धी मुद्दाहरूको संख्या पनि क्रमिकरूपमा बढ्दै गएको देखिन्छ । तालिका ४.१२ मा यस अवधिमा आयोगबाट दायर भएका मुद्दाहरूको विषयगत संख्या प्रस्तुत गरिएको छ ।

तालिका ४.१२

आर्थिक वर्ष २०६४।६५ देखि २०६९।७० सम्मका विभिन्न विषयका मुद्दाको संख्या

क्र.सं.	वर्ष	गैरकानुनी सम्पत्ति आर्जन	नक्कली शैक्षिक प्रमाणपत्र	राजस्व हिनामिना / चुहावट	घुस/ रिसवत	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी	गैरकानुनी लाभ वा हानी	विविध	जम्मा मुद्दा दायर
१.	२०६४/६५	१	५४	०	२	१	५	२	६५
२.	२०६५/६६	२	३६	०	२	२	८	०	५०
३.	२०६६/६७	०	१९	०	२	०	५	१	२७
४.	२०६७/६८	०	४६	०	९	२	९	१	६७
५.	२०६८/६९	०	८६	०	१०	०	११	४	१११
६.	२०६९/७०	०	७०	१	७	३	७	५	९३

४.६.४. आर्थिक वर्ष २०७०।७१ देखि २०७८।७९ सम्म

आर्थिक वर्ष २०७०।७१ देखि आर्थिक वर्ष २०७८।७९ को अवधिमा आयोगमा दर्ता भएको उजुरीको, उजुरी फछर्यौट तथा आरोपपत्र दायर संख्या सबैमा उल्लेखनीय वृद्धि भएको छ । यस अवधिको उत्तरार्द्धतिर कोभिड-१९ को विश्वव्यापी महामारीका कारण सिर्जित परिस्थिति तथा निषेधाज्ञाले गर्दा लामो समयसम्म सार्वजनिक कार्यालयहरू पूर्णरूपमा संचालनमा आउन नसकेको तथा यस अवधिमा यातायातका गतिविधिसमेत प्रभावित रहेकाले स्थलगत छानबिनदेखि बयान र सोधपुछलगायतका अनुसन्धानका अत्यावश्यक कार्यहरू समेत प्रभावित भएको थियो । यस परिस्थितिका बाबजुद पनि आयोगले सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्दै अनुसन्धान लगायतका दैनिक कार्यहरू सम्पन्न गर्न प्रयास गरेको छ । तालिका ४.१३ मा आर्थिक वर्ष २०७०।७१ देखि २०७८।७९ को अवधिमा आयोगमा परेका उजुरी, उजुरी फछर्यौट तथा मुद्दा दायरको संख्या प्रस्तुत गरिएको छ ।

तालिका ४.१३

आर्थिक वर्ष २०७०।७१ देखि २०७८।७९ सम्मको उजुरी दर्ता, फछर्यौट र मुद्दा दर्ताको संख्या

क्र. सं.	वर्ष	उजुरी दर्ता	फछर्यौट	मुद्दा दायर	क्र. सं.	वर्ष	उजुरी दर्ता	फछर्यौट	मुद्दा दायर
१.	२०७०/७१	२२६०२	१२८९२	१६८	६.	२०७५।७६	२४०८५	१५५२७	३५१
२.	२०७१/७२	३१२१३	२१६४८	३०३	७.	२०७६/७७	२५१५२	१६९५२	४४१
३.	२०७२/७३	२४६९१	१६६९४	१४४	८.	२०७७/७८	२२६२५	१४५३२	११३
४.	२०७३/७४	१९५८०	११८६१	१५४	९.	२०७८/७९	२४३३१	१७१६९	**१३१**
५.	२०७४/७५	१९४८८	१२४००	१९४					

यस अवधिमा घुस रिसवत तथा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी मुद्दाहरूको संख्या उल्लेखनीय रहेको छ। त्यस्तै, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानुनी लाभ वा हानि तथा गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाहरूको संख्यामा समेत वृद्धि भएको छ । तालिका ४.१४ मा यस अवधिमा आयोगबाट दायर भएका मुद्दाहरूको विषयगत संख्या प्रस्तुत गरिएको छ ।

तालिका ४.१४

आर्थिक वर्ष २०७०।७१ देखि २०७८।७९ सम्मका विभिन्न विषयका मुद्दाको संख्या

क्र.सं.	वर्ष	गैरकानुनी सम्पत्ति आर्जन	नक्कली शैक्षिक प्रमाणपत्र	राजस्व हिनामिना / चुहावट	घुस/ रिसवत	सार्वजनिक सम्पत्तिको हानि नोक्सानी	गैरकानुनी लाभ वा हानी	विविध	जम्मा मुद्दा दायर
१.	२०७०/७१	२	८०	२	२१	१०	३९	१४	१६८
२.	२०७१/७२	२	९६	४	६८	१०५	१८	१०	३०३
३.	२०७२/७३	७	५२	२	४६	२३	११	३	१४४
४.	२०७३/७४	११	४०	४	६४	१८	११	६	१५४
५.	२०७४/७५	४	६४	५	९७	१३	८	३	१९४
६.	२०७५/७६	१२	८८	१०	१४७	३९	३३	२२	३५१
७.	२०७६/७७	१८	८५	१२	२०५	७५	३६	१०	४४१
८.	२०७७/७८	३	३	३	७०	२०	११	३	११३
९.	२०७८/७९	७	६	५	३२	३५	३४	१२	१३१

४.६.५ आयोगको स्थापनादेखि हालसम्मको मुद्दा दर्ताको समग्र अवस्था

स्थापनाकालदेखि हालसम्म ३२ वर्षको अवधिमा आयोगले जम्मा ३,१२३ वटा मुद्दाहरू अदालतमा दायर गरेको छ । जसअनुसार औसतमा प्रतिवर्ष ९७ आरोपपत्रहरू अदालतमा दर्ता भएका छन् । आयोगबाट हालसम्म अदालतमा दर्ता भएका आरोपपत्रहरूमध्ये विषयगत रूपमा हेर्दा सबैभन्दा बढी १,१९९ वटा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आरोपपत्रहरू रहेका छन् भने त्यसपछि घुस रिसवतसम्बन्धी ७९५ वटा आरोपपत्रहरू रहेका छन् । गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाको संख्या भने १३० वटा रहेको छ । यससम्बन्धी विवरण तालिका ४.१५ तथा चित्र नं. ४.८ मा प्रस्तुत गरिएको छ।


तालिका ४.१५

आयोग स्थापनादेखि हालसम्मको उजुरी दर्ता, फछ्यौंट र मुद्दा दर्ताको संख्या

क्र. सं.	आर्थिक वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर	क्र. सं.	वर्ष	उजुरी दर्ता	फछ्यौंट	मुद्दा दायर
१.	२०४७/४८	५६४	-	-	१७.	२०६३/६४	३५६४	२९७६	११५
२.	२०४८/४९	१०६९	५८१	१	१८.	२०६४/६५	२७३२	२१३५	६५
३.	२०४९/५०	१०५०	६१८	५	१९.	२०६५/६६	४१४९	३३०३	५०

४.	२०५०/५१	१०२०	५२६	७	२०.	२०६६/६७	४२९५	३०६७	२७
५.	२०५१/५२	१००३	६३६	१	२१.	२०६७/६८	६१४५	३९०४	६७
६.	२०५२/५३	१०८५	७११	२	२२.	२०६८/६९	८८३९	५४६६	१११
७.	२०५३/५४	१५०१	७५०	११	२३.	२०६९/७०	११२९८	६६७२	९३
८.	२०५४/५५	१६०६	९२०	७	२४.	२०७०/७१	२२६०२	१२८९२	१६८
९.	२०५५/५६	१३१३	८६१	१०	२५.	२०७१/७२	३१२१३	२१६४८	३०३
१०.	२०५६/५७	८५९	४९८	५	२६.	२०७२/७३	२४६९१	१६६९४	१४४
११.	२०५७/५८	१२६१	६९८	२६	२७.	२०७३/७४	१९५८०	११८६१	१५४
१२.	२०५८/५९	२५२२	२०१५	४१	२८.	२०७४/७५	१९४८८	१२४००	१९४
१३.	२०५९/६०	३९६६	२४८१	१४७	२९.	२०७५।७६	२४०८५	१५५२७	३५१
१४.	२०६०/६१	३७३२	३१८८	१०५	३०.	२०७६/७७	२५१५२	१६९५२	४४१
१५.	२०६१/६२	४७५९	३७०९	११३	३१.	२०७७/७८	२२६२५	१४५३२	११३
१६.	२०६२/६३	४३२४	३३५३	११४	३२.	२०७८/७९	२४३३१	१७१६९	१३१

चित्र नं. ४.८



४.६.६ अदालतबाट फैसला भएका मुद्दाहरूमा कसुर स्थापित भएको दर

आयोगको तर्फबाट दर्ता भएका आरोपपत्रहरू उपर अदालतबाट फैसला हुँदा पूर्ण वा आंशिक रूपमा आयोगको मागदाबीबमोजिमको फैसला प्राप्त भएका आधारमा हरेक आर्थिक वर्षमा कसुर कायम भएको दर पचास प्रतिशतभन्दा बढी रहँदै आएकोमा आ. व. २०७८/७९ मा भने सम्मानित सर्वोच्च अदालतबाट स्टिङ अपरेसनका सन्दर्भमा भएको फैसलाका कारण ऐतिहासिक रूपमा निकै कम ३८.५१ प्रतिशत मात्र कसुर कायम भएको छ । आ. व. २०७८/७९ बाहेकका विभिन्न आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०६६।६७ मा दोस्रो कम ५२.९ प्रतिशत कसुर कायम भएको छ भने सबैभन्दा बढी आर्थिक वर्ष २०६१।६२ मा ९१.५ प्रतिशत रहेको छ ।

तालिका ४.१६

विशेष अदालतबाट प्राप्त फैसलामा कसुर कायम भएको दर

क्र.सं.	आर्थिक वर्ष	फैसला प्राप्त संख्या	कसुर कायम भएको संख्या	कसुर कायम भएको प्रतिशत	क्र.सं.	आर्थिक वर्ष	फैसला प्राप्त संख्या	कसुर कायम भएको संख्या	कसुर कायम भएको प्रतिशत
१.	२०५९/६०	५५	४७	८५.४५	११.	२०६९/७०	९५	७६	८०
२.	२०६०/६१	१२९	१०९	८४	१२.	२०७०/७१	९८	७४	८०
३.	२०६१/६२	१०६	९७	९१.५	१३.	२०७१/७२	१०८	८८	८१.५
४.	२०६२/६३	१०९	८९	८१.६५	१४.	२०७२/७३	२७९	१६७	६०
५.	२०६३/६४	१७१	१४०	८१.८७	१५.	२०७३/७४	१६०	११७	७३.१३
६.	२०६४/६५	१२७	९५	७४.८	१६.	२०७४/७५	१७४	११८	६७.८२
७.	२०६५/६६	९२	६२	६७.४	१७.	२०७५/७६	२०४	१८०	८८.२४
८.	२०६६/६७	१०४	५५	५२.९	१८.	२०७६/७७	१९७	१६७	८४.८
९.	२०६७/६८	५९	३७	६२.७१	१९.	२०७७/७८	११३	८१	७१.६८
१०.	२०६८/६९	५९	५२	८८.१४	२०.	२०७८/७९	१४८	५७	३८.५१

४.६.७ पुनरावेदन/पुनरावलोकनको प्रवृत्ति


आयोगले दायर गरेका आरोपपत्रहरूमा अदालतबाट भएका फैसलामा चित्त नबुझेको अवस्थामा आयोगले पुनरावेदन गर्दै आएको छ। साथै, पुनरावेदनपश्चात भएको फैसलामा पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएमा आयोगले पुनरावलोकनसमेत गर्दै आएको छ। देहायको तथ्यांकले केही आर्थिक वर्षहरूमा बाहेक आयोगबाट उल्लेख्य संख्यामा पुनरावेदनको निवेदन दर्ता भएको देखाउँछ । यससम्बन्धी विवरण तालिका ४.१७ र चित्र ४.९ मा प्रस्तुत गरिएको छ।

तालिका ४.१७

पुनरावेदन र पुनरावलोकनको संख्या

क्र.सं.	आ.व.	पुनरावेदन गरिएको संख्या	पुनरावलोकन गरिएको संख्या	क्र.सं.	आ.व.	पुनरावेदन गरिएको संख्या	पुनरावलोकन गरिएको संख्या
१.	२०५३/५४	६	०	१४.	२०६६/६७	३५	१
२.	२०५४/५५	५	०	१५.	२०६७/६८	४०	२
३.	२०५५/५६	९	०	१६.	२०६८/६९	१८	०
४.	२०५६/५७	१२	०	१७.	२०६९/७०	२५	०
५.	२०५७/५८	१३	०	१८.	२०७०/७१	१९	०
६.	२०५८/५९	१९	०	१९.	२०७१/७२	२०	०
७.	२०५९/६०	४	२	२०.	२०७२/७३	१२३	२
८.	२०६०/६१	१३	०	२१.	२०७३/७४	५२	०
९.	२०६१/६२	२९	१	२२.	२०७४/७५	६८	०
१०.	२०६२/६३	३०	१	२३.	२०७५/७६	८३	०
११.	२०६३/६४	१७	०	२४.	२०७६/७७	२०	२
१२.	२०६४/६५	३०	०	२५.	२०७७/७८	५८	०
१३.	२०६५/६६	२३	१	२६.	२०७८/७९	५७	०

चित्र ४.९



यसरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरी, आयोगबाट भएको अनुसन्धान, अनुसन्धानपश्चात् विशेष अदालतमा दायर गरिएका मुद्दाहरू र आयोगबाट गरिएका अध्ययन, अनुसन्धान तथा विश्लेषणबाट सार्वजनिक क्षेत्रमा भ्रष्टाचारजन्य प्रवृत्ति दोहोरिइरहेको देखिएको छ । अर्कोतर्फ भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्ने सन्दर्भमा समय समयमा आयोगको तर्फबाट नेपाल सरकार र विभिन्न सार्वजनिक निकायहरूलाई दिइएका सुझावहरूको कार्यान्वयनसमेत प्रभावकारी हुन सकेको देखिंदैन । उल्लिखित भ्रष्टाचारजन्य प्रवृत्तिहरूको विश्लेषणसमेतका आधारमा सम्बन्धित नियामक निकाय, पदाधिकारी, कर्मचारी, सञ्चार जगत, नागरिक समाज, आम नागरिक तथा अन्य सरोकारवाला व्यक्ति र निकायसमेतबाट मुलुकमा सुशासन कायम गर्नका लागि प्रभावकारी समन्वय, सहकार्य, साथ र समर्थन हुन आवश्यक देखिन्छ ।

परिच्छेद- ५
सुझावहरू

५.१ पृष्ठभूमि

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम प्रदत्त काम, कर्तव्य र अधिकारबमोजिम कार्यसम्पादनको क्रममा सार्वजनिक तथा सरकारी क्षेत्रमा देखिएका कमी कमजोरीहरू सुधारका लागि हरेक वर्ष सुझाव प्रदान गर्दै आइरहेको छ। आयोगले दिएका सुझाव कार्यान्वयनमा तीन तहका सरकार तथा सम्पूर्ण सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहने कुरामा दुईमत छैन। विगतमा दिइएका सुझावहरू केही पूर्णरूपमा कार्यान्वयन भएका छन् भने कतिपय सुझावहरू आंशिक कार्यान्वयन भएको देखिएको छ। आयोगले दिएका सुझावहरूलाई सम्बन्धित सबै निकायले गम्भीररूपमा लिई सार्वजनिक क्षेत्रबाट हुने विकास निर्माण र सेवाप्रवाहमा सुधार गरी भ्रष्टाचारविरुद्धका कदममा सहकार्य गर्न सकेमात्र अपेक्षित नतिजा हासिल गर्न सकिन्छ। यस परिच्छेदमा विगतमा आयोगले दिएका सुझावहरूका सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारका विभिन्न निकायहरू तथा स्थानीय तहहरूबाट भए/गरेका सुधार र प्रगतिहरूको संक्षिप्त विवरण एवं आगामी दिनमा गरिनुपर्ने सुधारसम्बन्धी सुझावहरू प्रस्तुत गरिएको छ ।

५.२ विगतका सुझाव कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०७७/७८ को एकतिसौं वार्षिक प्रतिवेदनमार्फत आयोगले विभिन्न आठवटा विषयगत क्षेत्रहरू अन्तर्गत भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन, सुशासन र सदाचार प्रवर्द्धन, राजस्व चुहावट नियन्त्रण एवं सार्वजनिक वित्तीय क्षेत्रमा सुधार, सार्वजनिक सेवा प्रवाह र सेवाग्राही सरोकारका विषय, सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापन, कृषि, भूमि, वन तथा वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा एवं विविध विषयहरूमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूलाई ६० बुँदे सुझाव दिएको थियो। संघ तथा प्रदेश सरकारका मन्त्रालय र स्थानीय तहहरूले आयोगले दिएका सुझाव कार्यान्वयनका सन्दर्भमा आफूले गरेका कामकारबाहीको प्रगति विवरण आयोगलाई आंशिकरूपमा प्राप्त भएको छ। प्रदेश सरकारतर्फ गण्डकी र सुदूरपश्चिम प्रदेशबाट तथा केही स्थानीय तहहरूबाट सुझाव कार्यान्वयनसम्बन्धी विवरण प्राप्त भएको छ । प्राप्त विवरणअनुसार प्रदेश सरकार र स्थानीय तहले कामकारबाहीमा सुधार गर्दै सदाचारिता, जवाफदेहिता, जिम्मेवारिता प्रवर्द्धन गर्दै गरेको देखिन्छ। सार्वजनिक निकायको कार्यसम्पादनमा विद्युतीय शासनले प्रश्रय पाएको देखिन्छ जसले सुशासनलाई प्रत्यक्ष टेवा पुग्दछ । प्रदेश तथा स्थानीय तहले जनशक्तिको क्षमता विकास र भर्ना तथा सरुवालाई व्यवस्थित गर्ने प्रयत्न गरेका छन्। तथापि कतिपय निकायमा सुझावलाई गम्भीरताका साथ नलिने, सुझाव कार्यान्वयनको विवरण आयोगलाई उपलब्ध नगराउने जस्ता कमजोरीहरू कायमै देखिन्छ, जसमा शीघ्र सुधारको आवश्यकता रहेको छ। समग्रमा, आयोगका सुझाव कार्यान्वयनको अवस्थालाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

संघीय सरकार		
निकाय	**सुझावको संक्षिप्त व्यहोरा**	**सुझाव कार्यान्वयन अवस्थाको संक्षिप्त विवरण**
अर्थ मन्त्रालय	• नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइ (FIU) को	• नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइ (FIU) ले सूचना संकलन, विश्लेषण एवं सूचना प्रवाहको कार्य

	भूमिकालाई प्रभावकारी बनाउने।	प्रभावकारी रूपमा गरिरहेको। • यस इकाइको काम कारबाहीमा प्रभावकारिता अभिवृद्धिका लागि नेपाल राष्ट्र बैंकबाट माग भएबमोजिम अन्तर निकाय समन्वयका सम्बन्धमा सहजीकरण गर्ने गरिएको।
	• राजस्व चुहावट नियन्त्रण गर्ने, कर छुट र मिनाहा दिने प्रवृत्ति बन्द गर्ने ।	• राजस्व भुक्तानीमा विद्युतीय भुक्तानी लागू गरिएको। आर्थिक ऐनमा रहेका प्रावधान बाहेक कर छुट र मिनाहा दिने व्यवस्था नरहेको। • सबै किसिमका आर्थिक कारोबारलाई करको दायरामा ल्याउन नीतिगत व्यवस्था गरिएको । • सूचना एवं तथ्यमा आधारित कर छुटसम्बन्धी स्पष्ट प्रावधानको व्यवस्था,कर छुटको प्रावधानलाई साँघुरो बनाउँदै लैजाने रणनीति अवलम्बन गरिएको । • कर छली हुने विभिन्न सम्भाव्य क्षेत्रको पहिचान गरिएको। • माल सामान ढुवानीमा Vehicle & Consignment Tracking System (VCTS) लागू भएको । • वार्षिक रु.३५ करोडभन्दा माथि कारोबार गर्ने व्यवसायीहरूले अनिवार्य रूपमा Central Billing and Monitoring System (CBMS) मा आबद्ध हुनुपर्ने नीतिगत व्यवस्था गरिएको। • करदाताहरूको Risk Profiling गर्ने गरिएको । • मूल्य अभिवृद्धि कर फिर्ताका लागि कूटनीतिक व्यक्ति/निकाय/संस्थाले आन्तरिक राजस्व विभागले उपलब्ध गराएको User ID वाट System मा Claim Number सहित VAT Refund Form भरेर Submit गर्ने व्यवस्था रहको। • विद्युतीय कारोबारमा Digital Service Tax लगाई करको दायरामा ल्याईएको। • अन्तःशुल्क स्टिकर दुरुपयोग रोक्न QR code सहितको स्टिकरको व्यवस्था गरिएको ।
	• विद्युतीय शासनको अधिकतम अभ्यास गरी सुशासन प्रवर्द्धन गर्ने।	• Public Asset Management System (PAMS), सरकारी लेखा प्रणाली (CGAS+), Risk Management Information System (RMIS), Electronic Government Procurement (e-GP), Line Ministry Budget Information System (LMBIS), National Account Managers (NAMs) लगायत आन्तरिक Intranet को प्रयोग गरी डिजिटाइजेसन System मार्फत दैनिक पत्राचार लगायत अन्य कार्यहरू Software हरू मार्फत संचालन

		गरिदै आएको ।
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	• निकासी/पैठारीको मापदण्ड तथा कारोबारको अखिलेखांकन व्यवस्थित गरी कारोबारलाई सूचना प्रविधिमैत्री बनाउने ।	• आयात निर्यात गर्दा एक्जिम कोडसमेत संलग्न गर्नुपर्ने व्यवस्था कार्यान्यनमा रहेको । • TT/DAP मार्फत आयात हुने कारोबार अनलाइन सफ्टवेयर मार्फत हुने गरेको।
	• उपभोक्ता हित/ प्रतिकूल हुने गतिविधिहरू नियन्त्रण गर्ने ।	• प्रचार प्रसार सामग्री प्रकाशन गर्ने गरेको । • बजारमा हुने विभिन्न किसिमका ठगीविरुद्ध योजनाबद्ध रूपमा नियमित सम्बन्धित निकायहरूसँग समन्य गरी कार्यतालिका बनाई अनुगमन गरी नियन्त्रण गर्ने गरेको ।
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय	• सेवामा प्रभावकारिता, कर्मचारीमा मनोबल र उत्पादकत्व वृद्धि गर्ने ।	• कार्यालय परिसरमा CCTV जडान, गरिएको । • सेवाग्राही सहायता कक्ष र Hotline सेवा संचालनमा रहेको। • गुनासो सुन्ने अधिकारीको व्यवस्था भएको। • नेपालको प्रचलित ऐन, कानुन तथा निर्देशिकाबमोजिम पदस्थापन तथा सरुवासम्बन्धी कार्य भइरहेको । • सबै कर्मचारीहरूलाई पदीय कार्यजिम्मेवारी तोकिएको ।
	• सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापन प्रभावकारी बनाउने।	• सार्वजनिक खरिदमा संलग्न जनशक्तिहरूलाई तालिम प्रदान गरिएको। • वार्षिक खरिद योजना स्वीकृत, नियमानुसार मात्र ठेक्काको म्याद थप गर्ने गराउने लागायत सम्पूर्ण सार्वजनिक खरिद ऐन नियमावलीलाई पूर्ण पालना गरी कार्यान्वयन गरेको।
कानुन मन्त्रालय	• नेपाल सरकार मन्त्रिपरिषद्बाट गरिने नीतिगत निर्णयको स्पष्ट व्याख्या गर्ने प्रचलन गर्नुपर्ने।	• नीतिगत निर्णय गर्दा प्रस्तावमै कुन प्रयोजनका लागि निर्णय गर्ने हो सो स्पष्ट उल्लेख गर्ने गरिएको । • मन्त्रालयको सचिवको कार्यकक्षमा नियमित हुने अनौपचारिक बैठकमा नीतिगत विषयमा गर्न हुने वा नहुने सम्बन्धमा छलफल हुने गरेको ।
	• प्रदेश तथा स्थानीय तहका कानुनहरूको सुदृढीकरण गर्ने ।	• प्रदेशका लागि आवश्यक प्रदेश आर्थिक विधेयक, प्रदेश वित्त व्यवस्थापन विधेयक लगायतका १४ वटा कानुनको नमुना तयार गरी सम्बन्धित मन्त्रालयमार्फत पठाइएको । • स्थानीय तहका लागि न्यायिक समितिको कार्यविधि सम्बन्धी नमुना विधेयक तयार गरी पठाइएको। • प्रदेशहरूले बनाएका २४० वटा कानुन र स्थानीय तहहरूले बनाएका २,९८९ वटा कानुनहरू संविधान तथा संघीय कानुनबमोजिम बने नबनेको विषयमा

		अध्ययन गरिएको।
	• स्थानीय तहको संस्थागत सुदृढीकरण तथा स्थानीय सुशासन प्रवर्द्धनमा सहयोग गर्ने।	• २०७२ सालदेखि हालसम्म २७ वटा स्थानीय तहमा न्यायिक समितिको अधिकार र यसको प्रयोगसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको ।
रक्षा मन्त्रालय	• सार्वजनिक निकायमा हुने भ्रष्टाचार नियन्त्रणमा उक्त निकायका प्रमुखलाई उत्तरदायी बनाउने।	• सैनिक आचारसंहिता संग्रह- २०७६ लागू गरी कडाइका साथ पालना गर्न लगाइएको। • औंल्याइएको बेरुजु हटाइएको तथा न्यून गरिएको। • सार्वजिनक खरिद ऐन तथा सार्वजिनक खरिद नियमावली अनुसार खरिद प्रक्रिया पारदर्शी, मितव्ययी र नियमसंगत बनाइएको।
	• सार्वजनिक खरिद कानुनको पूर्ण परिपालना हुने व्यवस्था मिलाउने ।	• e-GP को माध्यमबाट खरिद गर्ने गरिएको। • Public Procurement Monitoring Office (PPMO) को Guide Line बमोजिम Standard Bid Document को प्रयोग गर्ने गरिएको। • भौतिक पूर्वाधारसम्बन्धी मापदण्डहरूको प्रयोग गर्ने र सार्वजनिक खरिद ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिम कार्य सम्पादन गर्ने गरिएको ।
	• सुरक्षा निकायका कल्याणकारी कोषको कानुन तथा कार्यविधिमा आवश्यक सुधार गरी लागू गर्ने।	• सैनिक ऐन २०६३ र सैनिक कल्याणकारी कोष नियमावली २०६५ तथा त्यसबमोजिम बनेका कार्यविधिहरूको परिधिभित्र रही कोषको क्रियाकलाप संचालन हुने गरेको। • नीतिगत व्यवस्थाहरूलाई समयसापेक्ष रूपमा संशोधन/परिमार्जन गरी लागू गर्ने गरिएको।
कृषि तथा पशुपक्षी विकास मन्त्रालय	• कृषि अनुदान सदुपयोगका लागि कृषक पहिचान, अनुदानग्राही वर्गीकरण र भुक्तानी प्रणाली सुधार गर्ने।	• कृषक सूचीकरण कार्यक्रम संचालनको Software तयार भई Software सम्बन्धी प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रमहरू सातै प्रदेशमा सम्पन्न भएको। • अनुदानग्राहीहरूको वर्गीकरण गर्ने र सो बमोजिम अनुदानको अनुपात निर्धारण हुने व्यवस्था रहेको । • खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली मस्यौदामा कृषक पहिचान तथा कृषक वर्गीकरणको विषय समावेश गरिएको । • नगद/प्रत्यक्ष अनुदान प्रदान गर्ने अवस्थामा कृषकको खातामा नगद जाने व्यवस्था भएको।
निर्वाचन आयोग	• निर्वाचनमा भाग लिने पदाधिकारीले उमेदवारी दिँदा नै अनिवार्य सम्पत्ति घोषणा गर्नुपर्ने व्यवस्था	• उम्मेदवारले मनोनयनपत्र दाखिला गर्दा अचल सम्पत्तिको विवरण पेस गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको।

	मिलाउने।	
	• राजनीतिक दलको कोष तथा निर्वाचनको उम्मेदवारको कोषमा हुने आयलाई अनिवार्य बैंकिङ प्रणालीसँग आबद्ध गरी पारदर्शिता कायम गर्ने।	• राजनितिक दलसम्बन्धी ऐन, २०७३ को व्यवस्था र निर्वाचन आचारसंहिताबमोजिम कार्यान्वयनमा लगिएको।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	• UNCAC, 2003 को कार्यान्वयनका लागि हालसम्मको प्रगतिको मूल्यांकन गर्दै आगामी कार्यदिशा तय गर्ने ।	• महासन्धिको कार्यान्वयन सम्बन्धमा आवधिक रूपमा Self-Assessment Report पेस हुने गरेको। • दोस्रो Self-Assessment Report उपर समकक्षी पुनरावलोकन (Peer Review) का लागि El Salvador र Lebanon का प्रतिनिधिहरूको country visit २५-२७ जनवरी २०२१ मा भएको। • १५ जुन २०२२ मा Final Report प्राप्त भएको। उक्त Report को executive summary UNODC को website मा समेत प्रकाशन गरिएको छ।
	• भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ लाई संघीय इकाइहरूको भूमिका समेत स्पष्ट हुने गरी परिमार्जन गर्ने ।	• नेपालको संविधानअनुकूल हुने गरी र परिवर्तन भएका कानुनी तथा संस्थागत सुधारलाई समेट्ने गरी नयाँ राष्ट्रिय रणनीति तथा कार्ययोजना निर्माण गर्न मिति २०७९।४।२ को सचिवस्तरीय निर्णयानुसार समिति गठन भएको।
	• नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइ (FIU) को भूमिकालाई प्रभावकारी बनाई सम्बद्ध मन्त्रालय र निकायगत कार्य एकता कायम गरी निकायगत तथा लक्षित प्रगति हासिल गर्ने।	• प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिव संयोजक रहने गरी सम्पत्ति शुद्धीकरण राष्ट्रिय समन्वय समिति रहेको र यसको पटक पटक बैठक भइरहेको।
	• राजनीतिक नियुक्ति हुनुअघि र पदाधिकार सकिएपछि अनिवार्य सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने गरी कानुनी व्यवस्था गर्ने।	• मिति २०७५ असार २० गतेको नेपाल राजपत्रको भाग ५ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनाअनुसार सम्पत्ति विवरण संकलन गर्ने व्यवस्था भएको।
	• राजनीतिक दलहरूलाई निश्चित मापदण्ड बनाई	• राजनीतिक दलहरूलाई निश्चित मापदण्ड बनाई राज्यले नै आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउन

	राज्यले नै आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउने।	मापदण्ड तयार भएको।
	• संघीय तथा प्रादेशिक मन्त्रालय, विभाग, कार्यालय तथा स्थानीय तहमा हुने भ्रष्टाचार नियन्त्रणको मुख्य दायित्व तत्-तत् निकायका प्रमुखको हुने गरी सुशासन ऐन तथा क्षेत्रगत कानुनहरू परिमार्जन गर्ने।	• सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ संघीय प्रणालीअनुरूप समसामयिक परिमार्जनको प्रक्रियामा रहेको।
	• Whistleblowers Protection Act तर्जुमा गरी लागू गर्ने।	• Whistleblowers Protection Act तर्जुमाका लागि सरोकार निकायसँग प्रारम्भिक छलफल अघि बढाइएको।
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	• सार्वजनिक खरिदमा संलग्न जनशक्तिहरूको क्षमता विकास गर्ने। • खरिद कानुनको पूर्ण परिपालनको व्यवस्था मिलाउने।	• गुणस्तर तथा अनुसन्धान विकास केन्द्रमार्फत प्राविधिक जनशक्तिको क्षमता विकासका कार्य निरन्तर भइरहेको। • Standard Bid Document र खरिद कानुनको पूर्ण परिपालना गरिएको।
राष्ट्रिय योजना आयोग	• दायित्व सिर्जना भइसकेका बहुवर्षीय आयोजनाहरूका लागि बजेट सुनिश्चित हुने गरी मात्र बहुवर्षीय आयोजना स्वीकृत गर्ने व्यवस्था मिलाउने।	• आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७८ (संशोधनसहित) बमोजिम अर्थ मन्त्रालयबाट स्रोत सहमति प्रदान भएका आयोजनाहरूलाई बहुवर्षीय ठेक्का स्वीकृति प्रदान गर्ने गरिएको।
	• आयोजना बैंकको अभ्यासलाई सबै क्षेत्रमा विस्तार गर्दै अनिवार्य लागू गर्दै जाने।	• आयोजना बैंक कार्यासंचालन कार्यविधि, आयोजना वर्गीकरणको आधार तथा मापदण्ड एवं आयोजना विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरणसम्बन्धी मापदण्ड तर्जुमाको चरणमा रहेको। • राष्ट्रिय आयोजना बैंक स्थापना भई राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली संचालनमा आई सो प्रणालीमा सबै संघीय मन्त्रालयहरूमार्फत आयोजना/परियोजना/कार्यक्रम प्रविष्टि गर्ने कार्य सुरु भएको । • सातवटै प्रदेशका लागि प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको विकास गरी हस्तान्तरण गरिनुका साथै प्रवोधिकरण कार्य सम्पन्न गरिएको । • स्थानीय तहमा आयोजना बैंक स्थापना, समन्वय तथा सहजीकरण गर्नका लागि चालु आर्थिक वर्षमा बजेट

		विनियोजन गरी कार्यक्रम तय गरिएको ।
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।	• प्रदेश तथा स्थानीय तहका कानुनहरूको तर्जुमा तथा पुनरावलोकनमा सहयोग गर्ने। • संघीय कानुनहरू प्राथमिकताका साथ निर्माण गर्ने।	• प्रदेश तथा स्थानीय तहका कानुनहरूको तर्जुमाका लागि नमुना कानुन तर्जुमा कार्यदलले काम गरिरहेको। • निजामती सेवा विधेयकको मस्यौदा सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको।
	• स्थानीय तहको संस्थागत सुदृढीकरण तथा स्थानीय सुशासन प्रवर्द्धनमा समन्वय तथा सहयोग गर्ने ।	• स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरूलाई अभिमुखीकरण तथा प्रशिक्षण प्रदान गरिएको।
सार्वजनिक खरिद अनुगमन कार्यालय	• संघ, प्रदेश एवं स्थानीय तहका सार्वजनिक खरिदमा संलग्न जनशक्तिहरूको क्षमता विकासको तालिम प्रदान गर्ने।	• आ.व. २०७८।७९ मा सार्वजनिक खरिदसम्बन्धी आधारभूत तालिम ७ वटा, विद्युतीय खरिदसम्बन्धी तालिम ७ वटा, निर्माणसम्बन्धी बोलपत्र कागजात तयारी प्रशिक्षण १ वटा, B१ Training (इटलीमा १ वटा संचालन), ToT (STAFF College सँगको सहकार्यमा २ वटा), B२ Training (STAFF College सँगको सहकार्यमा १५ वटा), B३ Training (STAFF College सँगको सहकार्यमा ५ वटा), B४ Training (STAFF College सँगको सहकार्यमा २ वटा), एकीकृत वित्तीय व्यवस्थापन सुधार आयोजना अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूका लागि सार्वजनिक खरिदसम्बन्धी १६ वटा तालिम संचालन गरिएको।
	• खरिद कानुनको पूर्ण परिपालना हुने व्यवस्था मिलाउने।	• सार्वजनिक निकायहरूको अनुगमन गरिएको। • खरिद कानुनको परिपालनाका लागि सार्वजनिक निकायहरूलाई ध्यानाकर्षण एवम् विभागीय कारबाहीका लागि सिफारिस गरिएको।
	• उपभोक्ता समितिबाट गरिने खरिद विधिलाई व्यवस्थित र विकृतिलाई नियन्त्रण गर्ने ।	• उपभोक्ता समिति गठनसम्बन्धी कार्यविधि तयार गरी स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको ।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	• ट्रेड युनियन पदाधिकारीहरूको पदीय आचारसंहिता तयार गरी लागू गर्ने। • पदको जिम्मेवारी अनुरूपको अनिवार्य सेवा गर्ने व्यवस्था	• श्रम सल्लाहकार परिषद्को बैठक बसी उक्त विषयमा छलफल गरिएको।

	मिलाउने ।	
	• वैदेशिक रोजगारीका क्षेत्रमा हुने ठगी र भ्रष्टाचार नियन्त्रण गर्न र सेवाहरू अनुमानयोग्य बनाउन कानुन तथा कार्यविधि परिमार्जन गर्ने। • कार्यसंचालनमा पारदर्शिता ल्याउने।	• वैदेशिक रोजगार व्यवस्थापन सेवाप्रवाह कार्यविधि तर्जुमा गरिएको। • वैदेशिक रोजगारीको क्षेत्रमा हुने ठगी नियन्त्रणका लागि शीघ्र प्रत्युत्तर टोली परिचालनका लागि कार्यविधि, २०७८ तर्जुमा गरी लागू गरिएको। • वैदेशिक रोजगार व्यवस्थापनसम्बन्धी सबै प्रकारका सेवा प्रवाहलाई विद्युतीय माध्यमबाट प्रवाह गर्न सुरुवात गरिएको।
	• वैदेशिक रोजगारीको अवसर भएका सबै मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गर्न अधिकतम प्रयत्न गर्ने।	• मित्रराष्ट्र बेलायतसँग द्विपक्षीय श्रम सम्झौताको कार्य अन्तिम चरणमा पुगेको।
	• वैदेशिक रोजगारीको अत्यधिक परनिर्भरता अन्त्य गर्नका लागि योजना निर्माण गर्ने।	• वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई सीप अनुसारको व्यवसाय संचालन र रोजगार सिर्जना गरी समाजमा पुनःएकीकरण गर्ने नीति बनाउन छलफल भएको।
	• रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने कार्यक्रमहरू निर्माण गरी लागू गर्ने।	• वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पुँजी, सीप र प्रविधिलाई उत्पादनमूलक क्षेत्रमा लगाउन पुनः एकीकरण कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	• महामारीको पूर्वानुमान, प्रतिरोध तथा उपचारका लागि समयानुकुल पूर्वाधार निर्माण गर्ने। • जनशक्ति व्यवस्थापन र क्षमता विकासका लागि कानुनी तथा संरचनागत सुधार गर्ने।	• नेपाल सरकारको कोभिड १९ रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी आदेशहरू कार्यान्वयन गरेको। • महामारीको पूर्वानुमानका आधारमा Rapid Action Plan तयार गरी सोही अनुरूप कार्य गरिएको। • आइसोलेसन सेन्टर, सातै प्रदेशमा खोप भण्डार गृह निर्माण गरी संचालनमा ल्याइएको। • ६४९ स्थानीय तहबाट चिकित्सकसहितको जनशक्ति व्यवस्थापन गरी कोभिड अस्थायी अस्पताल संचालनमा ल्याइएको। • कोभिड डेडिकेडेट अस्पतालहरूमा मन्त्रिपरिषदको निर्णयानुसार करारमा जनशक्ति व्यवस्थापन गरिएको। • १२ वर्षभन्दा माथिका २३३२७६१९ लक्षित जनसंख्यामध्ये हालसम्ममा पहिलो डोज २१५३०६७६, पूरा डोज २०५७७२९६ र ७२५८५२९ अतिरिक्त डोज खोप लगाइएको।

	• सबै प्रकारका खरिदमा प्रतिस्पर्धाका साथै गुणस्तर कायम गर्ने।	• G2G माध्यामबाट कोभिड-१९ विरुद्धको खोप मन्त्रिपरिषदको निर्णयानुसार Non-Disclosure Agreement(NDA) गरी खरिद गरिएको बाहेक अन्य खरिद सार्वजनिक खरिद ऐन/नियमावली अनुसार स्वास्थ्य सेवा विभाग तथा सम्बन्धित अस्पतालहरूबाट भएको।
	• स्वास्थ्य सेवामा पहुँच स्थापित गर्न स्वास्थ्य बिमा कार्यक्रम सबै जिल्लामा विस्तार गर्ने।	• स्वास्थ्य बीमा कार्यक्रम ७७ जिल्लाको ७४६ स्थानीय तहमा विस्तार भएको र बाँकी स्थानीय तहमा यसै आ.व. सुरुवात गरिने।
	• विपन्न नागरिकका लागि कडा रोगको उपचारको रकम शोधभर्ना दिँदा हुने अनियमितता नियन्त्रण गर्ने ।	• विपन्न नागरिक उपचार कार्यविधि संशोधन गरी कडा रोगको उपचारमा सहुलियत दिन संस्था सूचीकृत र उपचारको सोधभर्ना स्वास्थ्य बीमा बोर्डमार्फत हुने व्यवस्था मिलाइएको छ।

प्रदेश सरकार		
निकाय	**सुझावका विषयहरू**	**सुझाव कार्यान्वयनको अवस्था**
गण्डकी प्रदेश	• राष्ट्रसेवक कर्मचारीका लागि पर्याप्त पारिश्रमिक लगायतका सुविधा उपलब्ध गराउने ।	• संघीय मन्त्रालय/निकायबाट नीति, कानुन बनेपछि प्रदेश सरकारले सोको परिपालना गर्ने।
	• सार्वजनिक कार्य गर्दा प्राथमिकता प्राप्त कार्यक्रमहरू निर्धारण गरी ती कार्यक्रमहरू संचालन गर्दा मापदण्ड बमोजिम सार्वजनिक तथा स्थानीय कोषको दुरुपयोग नहुने व्यवस्था सुनिश्चित गर्ने।	• प्रदेश गौरव तथा प्रदेश रूपान्तरणका आयोजना तोकी कार्यान्वयनमा लगिएको।
	• विभिन्न व्यक्ति तथा संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायताको पारदर्शी मापदण्ड बनाउने ।	• प्रदेश रकारबाट स्वीकृत कार्यविधिको आधारमा सहायता उपलब्ध गराइएको।
	• प्रचलित कानुन र मापदण्डविपरीत तथा गलत सिफारिसका आधारमा कुनै पनि निर्माण कार्यको भुक्तानी हुन नदिने ।	• प्रचलित कानुन र मापदण्डको दायराभित्र रही निर्माण कार्यको भुक्तानी गरिएको।
	• बजेट तर्जुमा दिग्दर्शनको अनिवार्य कार्यान्वयन गर्ने, प्रदेश योजनाहरू छनौटमा पारदर्शिता कायम गर्न मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने, जिल्लाभित्रका सबै विकास निर्माण	• बजेट ल्याउनपूर्व नै विनियोजन ऐनका सिद्धान्त र प्राथमिकता तोकी बजेट तर्जुमा गरिएको, प्रदेशका आयोजनाहरूको अनुगमन, निरीक्षण र प्रतिवेदन गर्ने गरी जिल्ला समन्वय समितिलाई बजेट विनियोजन गरिएको।

	क्रियाकलापहरूको जिल्ला समन्वय समितिले अनुगमन गर्ने, बजेट निकासा, रकमान्तर र शीर्षकान्तर गर्ने विषयमा समेत स्पष्ट आधार, विधि र मापदण्ड तयार गरी लागू गर्ने।	• संविधान र कानुनबमोजिम समयमा नै प्रदेश सभामा बजेट पेस तथा पारित गरिएको। • प्रदेश सभा समितिहरूलाई क्रियाशील बनाइएको।
	• स्थानीय तहमा आवश्यक संख्यामा प्राविधिक कर्मचारी, सार्वजनिक खरिदसम्बन्धी कर्मचारी, लेखासम्बन्धी कर्मचारीसहित दरबन्दी अनुरूपका कर्मचारी पूर्ति हुने व्यवस्था मिलाउने।	• स्थानीय तहको मागबमोजिम रिक्त दरबन्दीमा प्रदेश लोकसेवा आयोगबाट स्थायी पदपूर्तिका लागि सिफारिस हुने गरेको। • ऐनबमोजिम स्थापित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत् स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीहरूलाई विभिन्न विषयमा क्षमता विकास तालिम प्रदान भएको।
	• सेवाग्राहीको बढी चाप हुने मालपोत, नापी, यातायात, वैदेशिक रोजगार, जिल्ला प्रशासन, नगरपालिका, गाउँपालिका कार्यालय लगायतका निकायहरूको सेवालाई क्रमशः अनलाइन सेवामा रूपान्तरण, सेवाग्राही सहायता कक्षको स्थापना र विस्तार, कार्यप्रणालीमा सुधार, प्रक्रिया सरलीकरण, निवेदन/फारमहरूको सरलीकरण, विचौलियाको प्रवेशमा रोक, पर्याप्त कर्मचारीद्वारा कार्य सहजीकरण, CCTV जडान, अडियो सहितको Digital नागरिक बडापत्र, गुनासो सम्बोधन संयन्त्रको विकास र अग्रपङ्क्तिका कर्मचारीको सेवामैत्री व्यवहारमा सुधार गर्दै निरन्तर निगरानी गर्ने।	• प्रदेश मातहतका यातायात र घरेलु कार्यालयहरूको सेवा प्रवाहलाई अनलाइनमैत्री बनाउँदै लगिएको, पुराना कागजातको डिजिटाइज्ड गर्दै लगिएको, कार्यालयमा विचौलियाको प्रवेशलाई निरूत्साहन गर्दै लगिएको, सिसिटिभी जडान गर्दै लगिएको।
	• कर्मचारीहरूको पदस्थापन र सरुवालाई अनुमानयोग्य बनाउन मापदण्डसहित कानुनमा परिमार्जन गरी कार्यान्वयन गर्ने गराउने।	• निजामती सेवा ऐन, नियमावलीलाई आधार बनाई कर्मचारीको पदस्थापना तथा सरुवा मापदण्ड बनाई सोहीबमोजिम पदस्थापन र सरुवा गर्ने गरिएको। • कार्यजिम्मेवारी र कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न निर्देशिका बनाई लागू गरिएको, कार्यचाप बढी भएका कार्यालयमा कार्यविधि बनाई प्रोत्साहन लागू गरिएको।

	• उपभोक्ता हित प्रतिकूल हुने गतिविधिहरू नियन्त्रण गर्ने ।	• पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतका उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय तथा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरूमार्फत् नियमित बजार अनुगमन, निरीक्षण गरी दोषीलाई सचेत गराउने तथा आवश्यकता अनुसार कारबाही गरिएको। • उपभोक्ता शिक्षा सम्बन्धमा छापा तथा विद्युतीय सञ्चार माध्यममार्फत् सूचना/विज्ञापन प्रसारण गरिएको।
	• सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापनसम्बन्धी कानुनको पूर्ण परिपालना हुने व्यवस्था मिलाउने।	• प्रचलित सार्वजनिक खरिद ऐन, कानुन बमोजिम नै सार्वजनिक खरिद कार्य गरिएको, खरिद कार्यमा संलग्न कर्मचारीलाई क्षमता विकास तालिम प्रदान गरिएको, प्रदेश सार्वजनिक खरिद नियमावली तर्जुमा गरी लागू गरिएको।
सुदूरपश्चिम प्रदेश	• राष्ट्रसेवक कर्मचारीका लागि पर्याप्त पारिश्रमिक लगायतका सुविधा उपलब्ध गराउने ।	• हालसम्म संघीय कानुनबमोजिम तोकिएको पारिश्रमिक सुविधा उपलब्ध गराइएको छ ।
	• सार्वजनिक निकायमा हुने भ्रष्टाचार नियन्त्रणमा उक्त निकायका प्रमुखलाई उत्तरदायी बनाउने, अनुचित कार्यलाई छानबिन, अनुसन्धान तथा कारबाहीको दायरामा ल्याई नियन्त्रण गर्ने।	• भ्रष्टाचार नियन्त्रण गर्न योजना अनुगमन तथा मूल्याकंन गर्ने कार्यलाई प्रभावकारी बनाइएको। • कार्यालय प्रमुखहरूलाई भ्रष्टाचार नियन्त्रण गर्न तथा नैतिकवान बनाउन विभिन्न किसिमका तालिममा सहभागिता गराउने गरेको। • कसैले अनुचित कार्य गरेमा निजामती सेवा ऐन तथा नियमावली बमोजिम कारबाही गरेको । • अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सोझै मन्त्रालयमा प्राप्त हुने गरेका उजुरी छानविन गरी आवश्यककारबाहीका लागि सिफारिस गर्ने गरेको ।
	• स्थानीय तहका कानुनहरूको सुदृढीकरण गर्ने।	• स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गरिएको। • स्थानीय तहमा कानुन निर्माणसम्बन्धी तालिम संचालन गरिएको। • संविधान प्रदत्त हक अधिकारअन्तर्गत रही कानुन तर्जुमा गर्ने गरेको ।

		• हालसम्म प्रदेश वन ऐन, प्रदेश वातावरण संरक्षण ऐन, प्रदेश औद्योगिक व्यवसाय ऐन, प्रदेश पर्यटन ऐन तथा विभिन्न नियमावली, गठन आदेश तथा निर्देशिकाहरू निर्माण भएका।
	• राजस्व चुहावट नियन्त्रण गर्ने, कर छुट र मिनाहा दिने प्रवृत्ति बन्द गर्ने ।	• प्रदेश तथा प्रदेश र स्थानीय तहबीचका क्षेत्राधिकारभित्रका करका दर तथा दायरा निर्धारण गर्ने, राजस्व असुली गर्ने, कर छुट लगायत राजस्व चुहावट नियन्त्रण गर्न प्रदेश सरकारले सालबसाली रूपमा प्रदेश आर्थिक ऐन तर्जुमा गरी सोको कार्यान्वयनको अनुगमन र मूल्यांकन गरी प्रतिवेदन तयार गरिएको। साथै प्रदेशको कर तथा गैरकर राजस्व लगाउने तथा उठाउने सम्बन्धमा सुदूरपश्चिम प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ तर्जुमा भई लागू गरिएको। • स्थानीय तहहरूले संकलन गरी विभाज्य कोषमार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने राजस्वको मन्त्रालयबाट नियमित रूपमा अनुगमन गरी कोषको स्थितिसम्बन्धी विवरण तयार गरिएको। • प्रदेशको राजस्व संकलन तथा चुहावट नियन्त्रणलगायतको कानुनी व्यवस्था सम्बन्धमा विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन गर्दा आमजनतामा कर सचेतना अभिवृद्धि भएको। • प्रदेशको कराधार क्षेत्र साँघुरो भए तापनि प्राप्त आधारको संरक्षणका लागि कर छुट र मिनाहा दिने प्रवृत्तिलाई निरुत्साहित गर्ने प्रयास भएको। • राजस्व चुहावट रोक्नका लागि सबै आर्थिक कारोबारलाई सफ्टवेयर प्रणालीमा आबद्ध गरिएको (जस्तै : प्रदेश लेखा नियन्त्रक कार्यालयले TSA तथा प्रादेशिक मन्त्रालय तथा निकायहरूले NewRMIS, PLMBIS, CGAS जस्ता सफ्टवेयर प्रणालीको अवलम्बन गरेको) ।

	• कार्यक्रम संचालन गर्दा सार्वजनिक कोषको सदुपयोग गर्ने तथा औचित्यपूर्ण अनुगमन र नियन्त्रण गर्ने व्यवस्था मिलाउने ।	• नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी भएको कार्यसंचालन निर्देशिका, २०७७ अन्तर्गत व्यवस्था भएको खर्चको मापदण्ड, नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ र यस मन्त्रालयबाट तर्जुमा भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७९ बमोजिम कार्यक्रम संचालन गर्दा/गराउँदा सार्वजनिक कोषको सदुपयोगमा अभिवृद्धि हुन गई अपेक्षित नतिजा प्राप्त भएको। • चालु खर्चलाई वाञ्छित सीमामा राख्न सालबसाली रूपमा यस मन्त्रालयबाट बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन जारी गरी प्रदेशका सबै निकायलाई सोको कार्यान्वयन गर्न निर्देशन गर्ने गरिएको र मार्गदर्शनको कार्यान्वयनको पालनाको अनुगमनसमेत गर्ने गरेको । • बजेट कार्यान्वयन अनुगमन निर्देशन समितिको बैठक तोकिएको समयमा बसी प्रदेशका आयोजना कार्यान्वयनसम्बन्धी समस्या पहिचान भएको, समस्या समाधानका लागि सम्बद्ध निकायहरूबाट आवश्यक सुझाव तथा समाधानका उपायहरू प्राप्त भएको र सोबाट आयोजना कार्यान्वयनमा सहजता भएको । • बजेट निर्माणको क्रममा नै प्राथमिकता प्राप्त क्षेत्रका कार्यक्रमहरूमा मात्र बजेट विनियोजन हुने गरेको, अर्थ मन्त्रालयबाट जारी कार्यसंचालन निर्देशिकाबमोजिम खर्चको व्यवस्थापन गर्ने गरेको, चौमासिक रूपमा प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने गरेको।
	• बजेट स्वीकृति र खर्च व्यवस्थापन नियमानुसार गर्ने तथा कानुनबमोजिम गठित विभिन्न समितिहरूलाई क्रियाशिलता बढाउने ।	• प्रदेशको बजेट तर्जुमा गर्दा नेपालको संविधान, राष्ट्रिय आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट, दिगो विकासका लक्ष्य, संघीय बजेट तर्जुमा दिग्दर्शन, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ तथा प्रदेश

		आर्थिक कार्यविधि नियमावली २०७६, सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन, प्रदेश आयोजना छनौटसम्बन्धी निर्देशिका २०७५, प्रदेश समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७६ तथा प्रदेश विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, प्रदेश सरकारको विनियोजन विधेयकका सिद्धान्त, प्रमुख नीति, उद्देश्य तथा प्राथमिकताको आधारमा गर्ने गरिएको । • यसैगरी बजेट तर्जुमा गर्दा राजनैतिक दलहरू, प्रदेशका विषयगत मन्त्रालय, निकायहरू, स्थानीय तहहरू, नागरिक समाज, निजी क्षेत्र, आम संचार तथा पत्रकार जगत तथा प्राज्ञिक वर्गसँग पूर्व बजेट छलफल तथा आम नागरिकहरूबाट सुझाव माग गरी बजेट तर्जुमा गर्ने अभ्यासले बजेटमा सबै वर्ग समुदायको अपनत्व भाव अभिवृद्धि हुनुका साथै आवश्यकतामा आधारित, यथार्थ, कार्यान्वयन योग्य, समावेशी र उत्पादनमुखी बजेट तर्जुमा भएको। • समपूरक र विशेष अनुदानबापत स्थानीय तहमा कार्यान्वयनका लागि प्रदेश सरकारबाट हस्तान्तरण गरिने आयोजना छनौटका लागि प्रदेश समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७६ तथा प्रदेश विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६, बमोजिम समिति गठन गरी सोहीबमोजिम स्थानीय तहको माग र पेस भएको प्रस्ताव, स्रोतको उपलब्धता, आयोजनाको कार्यान्वयन योग्यता र औचित्यको आधारमा बजेट विनियोजन गर्दा स्थानीय तहको पूर्वाधार विकास र सामाजिक तथा सशक्तीकरणको क्षेत्रमा सुधार तथा प्रगति हुँदै गएको। • प्रदेशबाट स्थानीय तहलाई सर्सत अनुदान सालबसाली/नियमित रूपमा प्रदान नगरिए

		तापनि यस्तो अनुदान उपलब्ध गराउँदा प्रदेशको वित्तीय हस्तान्तरणसम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्थाबमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई आएमा मात्रै ससर्त अनुदानबापत आयोजना स्थानीय तहमा हस्तान्तरण गर्ने अभ्यासले स्थानीय तहको माग र आवश्यकताको आधारमा तोकिएको क्षेत्र (जस्तैः पूर्वाधार, शिक्षा, स्वास्थ्य आदि) मा थप सुधार तथा विकास हुँदै गएको। • बजेट निकासा, रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधन गर्दा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६, सालवसाली रूपमा तर्जुमा हुने सुदूरपश्चिम प्रदेश विनियोजन ऐन तथा यस मन्त्रालयबाट जारी हुने बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन र प्रचलित ऐन, कानुन, कार्यविधि, निर्देशिका, मापदण्ड, बजेट कार्यान्वयनसम्बन्धी प्रचलित सिद्धान्तलगायतका विषयलाई अनुशरण गर्ने अभ्यासले वित्तीय अनुशासन, आयोजना तथा कार्यक्रम कार्यान्वयनमा सहजता एवम् प्रभावकारिता हासिल भएको, स्रोतको उत्पादनशील क्षेत्रमा परिचालन भएको र समग्रमा प्रदेशको आर्थिक एवम् वित्तीय अनुशासन कायम भएको। • प्रदेश सरकारबाट नेपालको संविधानको धारा २०७ बमोजिम प्रत्येक वर्ष आषाढ १ गते प्रदेश सभामा बजेट पेश भई सभाबाट बजेट स्वीकृत भएपश्चात् मात्रै खर्च गर्ने गरिएको, जसबाट कानुन बमोजिम मात्रै खर्च गर्ने परिपाटीको विकास भएको। • सालबसाली रूपमा राजस्व परामर्श समितिको बैठक बसी प्रतिवेदन प्रकाशन गर्ने गरिएको । • प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला मन्त्रालयको समन्वयमा प्रत्येक वर्ष

		प्रदेशका लागि आवश्यक बजेटको स्रोत अनुमान तथा बजेट सिलिङ्ग निर्धारण सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ मा भएको व्यवस्थाबमोजिम तोकिएको अवधिभित्र गरिएको। यसबाट वास्तविक बजेट तर्जुमामा सहयोग पुगेको। • मन्त्रालयको विनियोजन, राजस्व, धरौटी र कार्यसंचालन कोषको लेखाङ्कनका लागि PLMBIS, CGAS, NewRMIS, PAMS, NAMS (Nepal Audit Management System) जस्ता सूचना प्रविधिमा आधारित सफ्टवयरहरूको अवलम्बनले प्रणालीगत नियन्त्रण हुन गई खर्चको लेखाङ्कन, प्रतिवेदन र वित्तीय पारदर्शिता अभिवृद्धि हुन गएको। • मन्त्रालयले सालबसाली रुपमा मन्त्रालयको क्षेत्रगत मध्यमकालीन खर्च संरचना (MTEF-Medium Term Expenditure Framework) तर्जुमा गरी विनियोजन गर्ने गरेको । साथै प्रदेश नीति तथा योजना आयोगसँग समन्वय गरी प्रदेशको MTEF तर्जुमामा सहयोग गर्दै आएको। यसबाट प्रदेशको बजेट तथा वार्षिक योजनाबीच तादाम्यता कायम हुन गई विनियोजन कुशलता हासिल हुँदै गएको। • बजेट तर्जुमाको क्रममा बजेट दिग्दर्शनको पालना गर्ने गरिएको, योजना छनौट प्रक्रिया मागमा आधारित (Need Based) रहेको, रकमान्तर र शीर्षकान्तर गर्ने विषयमा स्पष्ट आधार, विधि र मापदण्ड बमोजिम गर्ने गरिएको।
	• सेवामा प्रभावकारिता, कर्मचारीमा मनोबल र उत्पादकत्व वृद्धि गर्ने ।	• कर्मचारी क्षमता वृद्धिसम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गरिएको। • मन्त्रालयबाट प्रवाह हुने सेवालाई सूचना प्रविधिमा आधारित बनाई छिटो छरितो एवम् पारदर्शी रुपमा सम्पादन गर्ने गरिएको । • कर्मचारीको मनोबल तथा उत्पादकत्व अभिवृद्धिका लागि गत आर्थिक वर्ष २०७८/७९ बाट प्रदेशका सबै कर्मचारीहरूका लागि प्रदेश विशेष प्रोत्साहन

		भत्ता प्रदान गर्ने गरिएको। • साथै आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा प्रदेशका निजामती कर्मचारीहरूका लागि आन्तरिक भ्रमण कार्यक्रमका लागि पर्याप्त बजेट विनियोजन हुँदा कर्मचारीको मनोबल अभिवृद्धि हुन गई सेवा प्रवाहमा थप सुधार एवम् छिटो छरितो हुन गएको। • मन्त्रालयमा कार्यरत कर्मचारीहरूको स्पष्ट रुपमा महाशाखा तथा शाखा तोकी अधिकार प्रत्यायोजन तथा जिम्मेवारी बाँडफाँट गरी कार्य सम्पादन गर्ने गराउने अभ्यासले कर्मचारीमा आफ्नो काम तथा जिम्मेवारीको बोध हुन गई उत्तरदायित्व तथा जवाफदेहीता अभिवृद्धि हुन गएको । साथै कर्मचारीको कार्यसम्पादनमा सकारात्मक प्रभाव परेको । • मन्त्रालयमा प्रवक्ता तथा सूचना अधिकारीको व्यवस्थाले आम जनता तथा सरोकारवालाको सूचनामा सरल एवम् सहज पहुँच, पारदर्शिता तथा सूचनाको हकको कार्यान्वयन, संरक्षण र प्रवर्द्धन भएको। • कर्मचारीको पदस्थापन र सरुवालाई अनुमानयोग्य बनाउन प्रदेश निजामती सरुवा तथा काजसम्बन्धी कार्यविधि, २०७७ को पूर्ण पालना गर्ने गरिएको।
	• विद्युतीय शासनको अधिकतम अभ्यास गरी सुशासन प्रवर्द्धन गर्ने ।	• प्रथम पञ्चवर्षीय योजनामा डिजिटल प्रदेश बनाउने उद्देश्य रहेको। • मन्त्रालयका विभिन्न सूचना, कानुनहरू वेबसाइटमा राख्ने गरिएको। • आइटी भिलेजको लागि सम्भाव्यता अध्ययन गर्ने तयारी रहेको। • घरेलु तथा साना उद्योग कार्यालयहरूमा अनलाइन सेवा विस्तारमा जोड दिइएको ।
	• उपभोक्ता हित प्रतिकुल हुने गतिविधिहरू नियन्त्रण गर्ने ।	• संयुक्त बजार अनुगमन निर्देशिका, २०७६ तयार गरी प्रदेश र जिल्लास्तरबाट नियमित बजार अनुगमनको कार्य गर्ने गरेको ।
	• सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम	• संघीय र प्रदेश खरिद कानुन कार्यान्वयनमा रहेको ।

	व्यवस्थापनसम्बन्धी कानुनको पूर्ण परिपालना हुने व्यवस्था मिलाउने ।	• बोलपत्र अघि पूर्व तयारी गर्ने गरिएको । • नियमानुसार ठेक्काको म्याद थप गर्ने गरिएको । • कार्यालय प्रमुखहरूसँग कार्य सम्पादन सम्झौता गरिएको । • स्वीकृत नर्म्स तथा मापदण्डबमोजिम सार्वजनिक खरिद एवं निर्माण गर्ने गरिएको । • कार्यालय प्रमुख र लेखा प्रमुखहरूका लागि सार्वजनिक खरिदसम्बन्धी तालिम कार्यक्रम संचालन गरेको । • सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालन हुने खरिदसम्बन्धी तालिममा सम्बन्धित कर्मचारीहरूलाई सहभागिता गराउने गरेको ।
	• विकास योजनाको आवश्यक पूर्वतयारी सम्पन्न गरेर मात्र आयोजना/कार्यक्रम बजेटमा राख्ने, आयोजना बैंकको अभ्यासलाई सबै क्षेत्रमा विस्तार गर्दै अनिवार्य लागू गर्दै जाने, दायित्व सिर्जना भइसकेका कार्यमा बजेट सुनिश्चित हुने गरी मात्र नयाँ बहुबर्षीय आयोजना स्वीकृत गर्ने व्यवस्था मिलाउने ।	• आर्थिक मामिला मन्त्रालयसँग समन्वय गरी स्रोत सुनिश्चितताका आधारमा विकास आयोजना कार्यान्वयन गर्ने गरिएको । • प्रदेश सरकारबाट स्वीकृत बहुवर्षीय ठेक्का बन्दोबस्तसम्बन्धी निर्देशिका २०७५ बमोजिम दीर्घकालीन विकास योजना, वार्षिक/बहुवर्षीय खरिद योजना, स्थानीय आवश्यकता र प्राथमिकता, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनलगायतका आवश्यक पूर्वतयारी सम्पन्न गरेका आयोजनालाई बहुवर्षीय ठेक्कामा लैजानका लागि सहमति प्रदान गर्ने र यस्ता आयोजनामा प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरिएको। आयोजना कार्यान्वयनको लागि पर्याप्त पूर्व तयारी, आयोजनाको प्राथमिकीकरण अभ्यास र आयोजनाबाट आर्थिक, सामाजिक, वातावरणीय एवं रोजगारी जस्ता बहुआयामिक क्षेत्रमा पर्ने प्रभावको विश्लेषण गरी सोही आधारमा आयोजना कार्यान्वयन गर्ने अभ्यासको थालनी भएको। • प्रदेश नीति तथा योजना आयोगमा आयोजना बैङ्क स्थापनाको क्रममा रहेको।
	• श्रममूलक कार्यमा मात्र सीमित गर्ने गरी उपभोक्ता समितिबाट हुने निर्माण	• उपभोक्ता समितिमार्फत हुने निर्माण कार्यको लागि सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति

	कार्यलाई व्यवस्थित गर्न उपभोक्ता समितिको गठन, परिचालन एवं व्यवस्थापनसम्बन्धी कार्यविधि बनाई लागू गर्ने ।	(गठन तथा परिचालन) कार्यविधि २०७६ तर्जुमा भई कार्यान्वयनमा रहेकोमा यसबाट वास्तविक उपभोक्ताको सहभागीताको सुनिश्चितता हुन गई उपभोक्ता समितिबाट हुने कार्यलाई तोकिएको समय, लागत, गुणस्तर र प्रक्रियाबमोजिम भएको साथै विकासमा आम जनताको अपनत्व अभिवृद्धि भएको। • खरिदसम्बन्धी कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्ने गरिएको । साथै प्रदेश सरकारले सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिद नियमावली, २०७८ तर्जुमा गरेको । प्रस्तुत कानूनी व्यवस्थाले मन्त्रालयको सार्वजनिक खरिदलाई जिम्मेवार, मितव्ययी, पारदर्शी, कानुनसम्मत् र नतिजामूलक बनाएको। • सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्यांकन निर्देशिका, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको ।
	• वन क्षेत्र व्यवस्थापन गर्ने, अतिक्रमण रोक्ने तथा दोहन, कटान र तस्करी नियन्त्रण गर्ने तथा वनक्षेत्रभित्र अनुमतिपश्चात मात्र निर्माण कार्य गर्ने ।	• प्रदेश वन क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नका लागि वन निर्देशनालय र डिभिजन वन कार्यालयहरूलाई निर्देशन गर्ने गरेको । • वन क्षेत्रको अतिक्रमण, वन पैदावार र वन्यजन्तुको चोरी निकासी जस्ता कार्य रोक्न वनकर्मीहरूलाई तालिम दिने गरेको । • वनक्षेत्रभित्र निर्माण कार्यको अनुमति दिनुभन्दा अगाडि IEE र EIA अनिवार्य रूपमा गर्नुपर्ने कुरामा जोड दिएको । • वनसम्बन्धी मुद्दामा अभियोजन गर्ने कार्यका लागि तालिम कार्यक्रम संचालन गर्ने गरेको ।
	• कृषि अनुदान सदुपयोगका लागि कृषक पहिचान, अनुदानग्राही वर्गीकरण र भुक्तानी प्रणाली सुधार गर्ने ।	• आम सर्वसाधारण कृषकले समेत अनुदान प्राप्त गर्न सकिने गरी कार्यक्रम तयार भएका छन्। • कृषि यन्त्र उपकरणहरू वितरण कार्य निरन्तर चलिरहेको छ जसले गर्दा उत्पादनमा वृद्धि र उत्पादत्व वृद्धि भएको छ। • मल, बीउविजन आदिको आपुर्तिका लागि निरन्तर प्रयास भइरहेको हुन्छ । संघीय

		सरकारसँगको सहकार्यमा मल वितरण र प्रदेश सरकारको पहलमा मलमा समेत अनुदान दिई प्रभावकारी बनाउने काम भएको छ। • कृषकहरूकै माग र आवश्यकताका आधारमा बजेट कार्यक्रम विनियोजन हुने गरेको । • अनुगमन मुल्याकंन नियमित हुने गरेको छ । नतिजासँग अनुबन्धित हुने गरी अझ प्रभावकारी बनाउन प्रयास भइरहेको छ । • अनुदानसम्बन्धी मापदण्ड तयार भएका छन्। अनुदान परिमाणको विवरण कार्यालयहरूले प्रकाशित गर्ने गरेको छ ।
	• महामारी पूर्वानुमान गरी सो बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सक्ने गरी जनशक्ति, पूर्वाधार, औषधोपचार र उपकरण तथा सरकारी अनुदान र सहुलियतपूर्ण उपचार कोष लगायतको उचित व्यवस्थापन गर्ने ।	• प्रदेश विपद् व्यवस्थापन कोषको लागि पर्याप्त बजेट विनियोजन गरिएको। यसले प्रदेशमा प्राकृतिक तथा मानवीय कारणले सिर्जना हुने विपद्हरुको नियन्त्रण तथा रोकथाम र विपद्पश्चात् उद्धार, राहत, पुनर्स्थापना गर्नमा स्रोतको व्यवस्थापन गरेको। यसबाट प्रदेशवासीहरूको मानव अधिकार तथा मौलिक अधिकारको रक्षा गर्न सहयोग पुगेको। • कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनका लागि तथा प्रदेशको समग्र स्वास्थ्य क्षेत्रतर्फको बजेटलाई उच्च प्राथमिकता दिई विनियोजन गरिएको। यसबाट आम प्रदेशवासीको आधारभूत तथा आधुनिक उपचारमा सरल तथा सहज पहुँचको विस्तार हुँदै गएको, स्वास्थ्य संस्थाहरूको भौतिक तथा सेवा प्रवाहमा सुधार एवम् सुदृढीकरण हुँदै गएको, अस्पतालहरूमा आधुनिक उपकरणहरूको व्यवस्था हुँदै गएको, स्वास्थ्य जनशक्तिको आपुर्ति हुँदै गएको र महामारी तथा अन्य रोगव्याधिबाट आमजनताको जीवनरक्षामा टेवा पुगेको। • महामारीको पूर्वानुमान, प्रतिरोध तथा उपचारका लागि समयानुकुल पूर्वाधार निर्माणको कार्य अगाडि बढाइएको, जनशक्ति व्यवस्थापन र क्षमता विकासका लागि करार सेवा भर्ना तथा तालिमको व्यवस्था गरिएको,

		विश्वव्यापी महामारीको रुपमा देखिएको कोरोना भाइरसको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि संघ र स्थानीय तहसँग पर्याप्त समन्वय र सहकार्य गरिएको, स्वास्थ्यजन्य उपकरण तथा औषधिको अभाव हुन नदिन उचित व्यवस्थापन गरिएको । • औषधि, पूर्वाधार तथा उपकरण निर्माण तथा खरिदमा सरकारी सम्पत्तिको हानि नोक्सानी हुन नदिन तथा सम्भाव्य भ्रष्टाचार रोक्न गुणस्तरमा सम्झौता नहुने गरी पारदर्शिता कायम गर्न संभव भएसम्म सबै प्रकारका खरिद E-GP मार्फत गर्ने गरिएको।महामारी नियन्त्रणका लागि पूर्वानुमान प्रणालीको विकास गरी आवश्यक औषधि र यन्त्रउपकरण खरिद, आपूर्ति, वितरण तथा व्यवस्थापन प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत गर्ने गरिएको । • सबै प्रकारका खरिदमा प्रतिस्पर्धाका साथै गुणस्तर कायम गर्ने गरी खरिद आवश्यकताअनुसार सरोकारवाला निकायबाट खरिद स्वीकृतिसमेत लिई बाँकी कार्य अगाडि बढाउने गरिएको ।साथै सरकारद्वारा गरिने खरिद लगायतका विधि, खरिद दर, सामग्रीको परिमाण तथा औचित्य, खरिद प्रक्रिया सुरु गर्नुअघि र खरिद गरेपश्चातसमेत सबैका लागि सार्वजनिक गर्ने गरी प्रत्येक आर्थिक वर्ष खरिद योजना बनाउने गरिएको । • सुलभ र शीघ्र स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने व्यवस्थाका लागि अस्पतालको भौतिक संरचनाको सुधार, जनशक्तिको व्यवस्था र सरकारी सहुलियत, उपचार खर्च, अनुदान लगायतका विषयमा कडाईका साथ मापदण्डको पालना गरिएको । • स्वास्थ्य सेवामा पहुँच स्थापित गर्न स्वास्थ्य बीमा कार्यक्रम सबै जिल्लामा बिस्तार गरिएको । • कर्मचारीको पदस्थापन र सरुवालाई

		अनुमानयोग्य बनाउन प्रदेश निजामती सरुवा तथा काजसम्बन्धी कार्यविधि २०७७ को पूर्ण पालना गर्ने गरिएको।
	• पर्यटकीय होटल, रेस्टुरेन्ट तथा आवास गृहहरूको सेवा गुणस्तर कायम गर्न मापदण्ड निर्माण गर्ने ।	• प्रदेश पर्यटन ऐनमा पर्यटकीय होटल तथा रेस्टुरेन्टहरूको सेवा र गुणस्तर कायम गर्न होटलहरूको मापदण्डसहित वर्गीकरण गरिएको ।
	• सरकारी अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्ने, आयोगबाट माग गरिएका विवरण एवं कागजातहरूको खोजी गरी मन्त्रालयको धारणासहित समयमै उपलब्ध गराउने ।	• मन्त्रालयबाट उत्पादन हुने तथा प्राप्त हुने अभिलेखलाई कम्प्युटराइज्ड गर्ने गरिएको साथै PLMBIS, CGAS, New RMIS, PAMS, E-attendance, Website को अवलम्बनले बजेट तर्जुमा तथा कार्यान्वयन, खर्चको प्रतिवेदन, राजस्वको विवरण, लेखाङ्कन तथा प्रतिवेदन, जिन्सी व्यवस्थापन र प्रतिवेदनको कार्य व्यवस्थित एवम् प्रभावकारी भएको र सूचना प्रवाह तथा पारदर्शिता अभिवृद्धि भएको । • चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रममा मन्त्रालयको Website, Dash Board, Internal Portal र कार्यालय स्वःचालन प्रणाली तथा पुस्तकालय निर्माणका लागि बजेट विनियोजन गरिएको। • आयोगबाट माग गरिएका विवरण एवं कागजातहरूको खोजी गरी मन्त्रालयको धारणासहित समयमै उपलब्ध गराउने प्रयोजनार्थ प्रशासन तथा योजना महाशाखा प्रमुखको संयोजकत्वमा समिति गठन गरिएको ।

स्थानीय तह		
निकाय	**सुझावका विषयहरू**	**सुझाव कार्यान्वयनको अवस्था**
	• विद्यालयस्तरीय पाठ्यक्रममा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने ।	• केही स्थानीय तहका सार्वजनिक विद्यालयहरूमा कक्षा ८ सम्म नैतिक शिक्षा पढाइने गरिएको र कक्षा ९ र १० मा नैतिकता र सदाचारसम्बन्धी १५ पूर्णांकको पाठ्यक्रम समावेश गरिएको।
	• राजस्व चुहावट नियन्त्रण गर्ने, कर छुट र मिनाहा दिने प्रवृत्ति बन्द गर्ने ।	• केही राजस्व चुहावटको लागि राजस्व सूचना प्रणाली (सफ्टवेयर) जडान तथा विद्युतीय माध्यमद्वारा राजस्व संकलन गर्ने गरिएको।

		• अधिकांश स्थानीय तहद्वारा कुनै पनि किसिमको कर छुट तथा मिनाहा दिने नगरिएको। • अधिकांश स्थानीय तहद्वारा करको दायर विस्तार गरिएको ।
	• सम्पूर्ण आर्थिक क्रियाकलापलाई बैंकिङ प्रणालीमा आबद्ध गर्ने व्यवस्था मिलाउने। • कर प्रक्रियालाई सरल बनाई कर सहभागिताको लागत घटाउन आवश्यक प्रबन्ध गर्ने।	• अधिकांश स्थानीय तहद्वारा आर्थिक क्रियाकलापलाई पूर्ण रुपमा बैंकिङ्ग प्रणालीमा आबद्ध गरिएको । • नेपाल सरकार र प्रदेश सरकारलाई राजस्व असुलीको क्षेत्रमा गर्नुपर्ने सहयोग पूर्ण रूपमा गर्ने गरिएको । • केही स्थानीय तहमा राजस्व सुधार योजना तयार तथा लागू गरिएको ।
	• कार्यक्रम संचालन गर्दा सार्वजनिक कोषको सदुपयोग गर्ने तथा औचित्यपूर्ण अनुगमन र नियन्त्रण गर्ने व्यवस्था मिलाउने ।	• धेरैजसो स्थानीय तहमा योजना छनौट गर्दा प्राथमिकीकरण गरी छनौट गर्ने गरिएको । • चौमासिक प्रगति प्रतिवेदन तयार गरी सोको सार्वजनिकीकरण गर्ने र सम्बन्धित निकायहरूमा पेस गर्ने गरिएको । • अनुदान खर्च निर्देशिका, आन्तरिक नियन्त्रण कार्य प्रणाली निर्देशिका लगायतका कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको। • समय समयमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएको।
	• बजेट स्वीकृति र खर्च व्यवस्थापन नियमानुसार गर्ने तथा कानुनबमोजिम गठित विभिन्न समितिहरूको क्रियाशीलता बढाउने।	• स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन तथा निर्देशिका बमोजिम बजेट तर्जुमा गर्ने गरिएको । • स्थानीय सरकार संचालन ऐन २०७४ र विनियोजन ऐनमा तोकिएको मापदण्ड भित्र रही बजेट रकमान्तर गर्ने गरिएको । • केही स्थानीय तहद्वारा आवाधिक योजना तयार गरी मध्यकालीन खर्च संरचना र आयोजना बैंकको कार्यान्वयन सुरुवात गरिएको। • धेरैजसो स्थानीय तहका आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, स्थानीय राजस्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समितिहरू क्रियाशील रहेको ।
	• स्थानीय तहको संस्थागत सुदृढीकरण तथा स्थानीय सुशासन प्रवर्द्धन गर्ने, सेवामा प्रभावकारिता, कर्मचारीमा मनोबल र	• केही स्थानीय तहमा ओ एण्ड एम सर्वे स्वीकृत गरी लागू गरिएको । • केही स्थानीय तहमा प्रशासनिक कर्मचारीसमेत तथा अधिकांश स्थानीय तहमा प्राविधिक कर्मचारीहरू करार सेवामा कार्यरत रहेकोमा हाल लोक सेवा आयोगबाट क्रमशः पदपूर्ति

	उत्पादकत्व वृद्धि गर्ने ।	भइरहेको। • कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासको लागि समय समयमा क्षमता विकास तालिम प्रदान गर्ने गरिएको । सो को लागि पर्याप्त बजेट व्यवस्थापन गर्ने गरिएको । • धेरैजसो स्थानीय तहमा कार्यालयमा CCTV जडान भएको । • समय समयमा नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने गरिएको, गुनासो सुनुवाइ अधिकारी तोकिएको । • केही स्थानीय तहमा कर्मचारी तथा जनप्रतिनिधिको आचारसंहिता बनाई लागू गरिएको। • डिजिटल नागरिक बडापत्र तथा अधिकांश स्थानीय तहमा सूचना अधिकारीको व्यवस्था गरिएको ।
	• विद्युतीय शासनको अधिकतम अभ्यास गर्ने, उपभोक्ता हित प्रतिकूल हुने गतिविधिहरू नियन्त्रण गर्ने ।	• अधिकांश स्थानीय तहद्वारा विद्युतीय भुक्तानी (EFT) प्रणालीलाई अवलम्बन गरिएको । • उपभोक्ता हित प्रतिकूल हुने गतिविधिहरू नियन्त्रण गर्न बजार अनुगमन तथा सचेतनामूलक कार्यक्रम संचालन गरिने गरिएको। • नागरिक बडापत्र र कर, दस्तुर तथा सेवा शुल्कका दरहरू Website मार्फत सार्वजनिकीकरण गर्ने गरिएको । • सम्बन्धित निकायहरूको समन्वय र सहयोगमा नियमित रुपमा बजार अनुगमन गर्ने गरिएको ।
	• सामाजिक सुरक्षा भत्ताको दुरुपयोग रोक्न लाभग्राहीको पहिचानसहित अद्यावधिक अभिलेख निर्माण गर्ने।	• सबैजसो स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अद्यावधिक गरी विद्युतीय प्रणालीमा राखी सार्वजनिक गर्ने गरिएको। केही स्थानीय तहद्वारा सामाजिक सुरक्षा भत्ता वितरणका लागि घुम्ती बैंकिङ सेवासमेत संचालन गरिएको ।
	• सार्वजनिक खरिद तथा आयोजना/कार्यक्रम व्यवस्थापन तथा संचालन प्रभावकारी बनाउने।	• केही स्थानीय तहमा सार्वजनिक खरिद नियमावली तर्जुमा गरी लागु गरिएको • खरिद कार्यमा संलग्न कर्मचारीहरूलाई खरिदसम्बन्धी विभिन्न तालिम प्रदान गरी क्षमता विकास गरिएको । • अधिकांश स्थानीय तहमा ई-बिडिङ मार्फत बोलपत्र आह्वान गर्ने गरिएको । • बोलपत्र आब्हान गर्नु अघी स्रोतको सुनिश्चितता, बहुवर्षीय/वार्षिक खरिद योजनाको स्वीकृति र निर्माण स्थलको सुनिश्चतता र ठुलो आयोजनाहरूमा वातावरणीय अध्ययन गरी निर्माण कार्य संचालन तथा सम्पन्न गर्ने गरिएको । • ठेक्का सम्झौता कार्यान्वयनमा आइपर्ने विवादहरू समयमै समाधान गरी निर्माण कार्य सुचारु गरिएको । • विस्तृत परियोजना प्रतिवेदन तयार गरी आयोजना तथा

		कार्यक्रम राख्ने गरिएको । आयोजनहरूलाई सूचिकृत गर्ने गरिएको । • दायित्व सिर्जना भइसकेका बहुवर्षीय आयोजनाहरूको लागि बजेटको सुनिश्चितता गरिएको । • धेरैजसो स्थानीय तहमा उपभोक्ता समिति गठन र परिचालनसम्बन्धी कार्यविधि स्वीकृत गरी लागू गरिएको । • सम्पन्न भएका कार्यहरूको सार्वजनिक परीक्षण गर्ने गरिएको । • ई-बिडिङ, आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन, ई-पेमेन्ट, बैंक मार्फत भुक्तानी एवम खरिद एकाइ सक्रीय गरिएको । • चौमासिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने प्रयत्न गरिएको । • निर्माण कार्यको फरफारक गर्दा प्रयोगशाला परीक्षण प्रतिवेदन अनिवार्य गर्ने अभ्यास गरिएको ।
	• सरकारी र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थित गर्ने ।	• सरकारी सार्वजनिक जग्गाको अभिलेख अद्यावधिक गर्ने गरिएको ।
	• वन क्षेत्र अतिक्रमण, दोहन, कटान र तस्करी नियन्त्रण गर्ने।	• विकास आयोजना संचालन पूर्व IEE/EIA गर्ने गरिएको ।
	• कृषि अनुदान सदुपयोगका लागि कृषक पहिचान, अनुदानग्राही वर्गिकरण र भुक्तानी प्रणाली सुधार गर्ने ।	• कृषि उत्पादन संकलनका लागि कृषि संकलन केन्द्र र स्टोरहरूको निर्माण गरिएको । • कृषकहरूलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने गरिएको । • केही स्थानीय तहद्वारा कृषक परिचयपत्र लागू गरिएको तथा अधिकांश स्थानीय तहद्वारा कृषक पहिचान एवं अनुदान वितरणसम्बन्धी कार्यविधि लागू गरिएको ।
	• महामारी पूर्वानुमान गरी सो बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सक्ने गरी जनशक्ति, पूर्वाधार, औषधि, उपचार र उपकरण तथा सरकारी अनुदान र सहुलियतपूर्ण उपचार कोष लगायतको उचित व्यवस्थापन गर्ने ।	• धेरैजसो स्थानीय तहमा निशुल्क औषधि वितरण व्यवस्था भएको । • केही स्थानीय तहमा ५ बेडको अस्पताल निर्माण भएको । • स्वास्थ्य संस्थामा करार तथा लोकसेवा आयोगबाट स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गरिएको । • स्वास्थ्य बिमा कार्यक्रम विस्तार तथा घुम्ती स्वास्थ्य सेवा शिविर संचालन गरिएको।

	• शैक्षिक सत्रको सुरुवाती समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गर्ने ।	• अधिकांश तहमा आधारभूत तहमा स्थानीय पाठ्यक्रमसमेत लागू गरिएको • एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली लागू गरिएको • पुस्तक छपाईको ढिलाइका कारण समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गर्न नसकेको।
	• सहकारी क्षेत्रको सुधार गर्ने ।	• केही स्थानीय तहद्वारा सहकारी ऐन लागू गरिएको साथै CoPoMIS मा आवद्ध गरिएको ।सहकारी संस्थाहरूमा सम्पत्ति शुद्धिकरणसम्बन्धी फोकल पर्सन तोक्ने गरिएको।
	• सरकारी अभिलेख व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।	• विद्युतीय अभिलेख प्रणालीलाई अधिकतम अवलम्बन गर्दै लगिएको।

५.३ भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्नका लागि आयोगद्वारा दिइएका सुझावहरू

मुलुकलाई विकासशील राष्ट्रमा स्तरोन्नति गरी दिगो आर्थिक सामाजिक समुन्नति हासिल गर्न समाजमा व्याप्त रहेको भ्रष्टाचारको प्रभावकारी नियन्त्रण हुनु अत्यावश्यक छ। यसका लागि शासनका सबै पक्षहरूमा सदाचार र पारदर्शी कार्यसंस्कृति, कर्तव्य र दायित्वप्रतिको सजगता, न्याय र समानताप्रतिको प्रतिवद्धता चाहिन्छ। सार्वजनिक क्षेत्रको भ्रष्टाचार नियन्त्रणका लागि एकाधिकार र स्वविवेकीय अधिकारको नियन्त्रण गरी स्थापित मापदण्डमा आधारित कार्यसम्पादन, जवाफदेही र नतिजामूलक शासकीय एवं प्रशासकीय पद्धति अवलम्बन गर्न जरुरी छ।

सार्वजनिक स्रोतसाधन परिचालन हुने क्षेत्रहरू, विकास आयोजना तथा जनतासँग प्रत्यक्ष सरोकार हुने दैनिक सेवा प्रवाहका क्षेत्रहरू बढी भ्रष्टाचार जोखिमयुक्त देखिएका छन्। विशेषगरी आयोगमा परेका उजुरीका आधारमा राजस्व असुली, सार्वजनिक खरिद, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगारी, अध्यागमन, यातायात, मालपोत जस्ता क्षेत्रमा बढी अनियमितता देखिएको छ । यसले आर्थिक विकास, पूर्वाधार निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक सुरक्षा प्रणाली एवं प्राकृतिक स्रोत सम्पदा संरक्षणमा नकारात्मक प्रभाव परी विकास र समुन्नतिका प्रयासहरूमा गम्भीर असर पारेको छ।

भ्रष्टाचार बहुआयामिक स्वरूपको हुने हुँदा शासनका सबै पक्षहरूको सहकार्य, दृढ इच्छाशक्ति र प्रतिबद्धताले मात्र यसको नियन्त्रण सम्भव हुन्छ। भ्रष्टाचार नियन्त्रण गरी सदाचारी संस्कृतिको विकास गर्न संघ, प्रदेश र स्थानीय तह एवं मातहतका निकायहरूका सबै पदाधिकारी र कर्मचारीहरूले कार्यपद्धतिमा पारदर्शिता र जवाफदेहिता, जीवनशैलीमा सरलता र नैतिकता एवं नेतृत्वमा अनुकरणीय (Role Model) भई कार्य गर्न प्रतिबद्ध हुनु अत्यावश्यक छ। सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा नागरिक समाजलगायत सबै पक्षबाट सदाचारिता र जिम्मेवारीसहित भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा दृढ साथ, समर्थन र सहयोगको आवश्यकता पर्दछ।

आयोगबाट मुलुकमा दिगो शान्ति, विकास, समृद्धि र सुशासनमा योगदान पुऱ्याउन भ्रष्टाचारजन्य क्रियाकलापलाई निरुत्साहित गर्दै सदाचार संस्कृतिको प्रवर्द्धन गरी भ्रष्टाचारमुक्त समाज स्थापना गर्ने दृष्टिले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै अन्तरनिकाय र अन्तरतहसँग सम्बन्धित देहायबमोजिमका सुझावहरू प्रस्तुत गरिएका छन् ।

प्रस्तुत सुझावहरू मूलतः सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गरी सुशासनलाई प्रवर्द्धन गर्ने, सार्वजनिक क्षेत्रका निकाय तथा पदाधिकारीलाई अझ जिम्मेवार र जवाफदेही बनाउँदै सार्वजनिक सेवालाई सरल, सहज र प्रभावकारी बनाउने, समाजबाट भ्रष्टाचारलाई अस्वीकार गर्ने संस्कृतिको विकास गर्ने र भ्रष्टाचार हुन नदिने पद्धति स्थापना गर्ने दिशातर्फ लक्षित रहेका छन् ।

५.३.१ नीति तथा कानुन

१. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC,२००३)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ मा देहायका विषयहरू समेत सम्बोधन हुनुपर्ने-

- साक्षी र विशेषज्ञ, पीडित र सूचनादाताको सुरक्षा, भ्रष्टाचार नियन्त्रणमा संघ, प्रदेश र स्थानीय तहको भूमिका, भ्रष्टाचारका परिवर्तित स्वरूप र प्रवृत्तिको सम्बोधन, भ्रष्टाचार निवारणका राष्ट्रिय प्रयासहरू तथा अन्तर्राष्ट्रिय अभ्यासहरूको अवलम्बन ।
- निजी तथा गैरसरकारी क्षेत्रको भ्रष्टाचारलाई कानुनको दायरामा ल्याउने, विद्यालयस्तरीय पाठ्यक्रममा सुशासन प्रवर्द्धनसम्बन्धी विषय समावेश गर्ने र सूचना प्रविधि प्रणालीको उच्चतम प्रयोग ।
- नागरिक शिक्षा एवं प्रचार प्रसारका सामग्रीहरूको प्रयोग, सार्वजनिक तालिम प्रदायक संस्थाहरूका तालिम पठ्यक्रमहरूमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनसम्बन्धी विषयवस्तु समावेश गर्नुपर्ने विषय ।
- स्वार्थको द्वन्द्व निवारणसम्बन्धी स्पष्ट मापदण्ड एवं सजायको व्यवस्थासहितको कानुनी प्रवन्ध ।

२. सार्वजनिक सेवा प्रवाह

- कर्मचारीको पदस्थापन, सरूवा, थप जिम्मेवारी प्रदान जस्ता कार्य गर्दा स्पष्ट कानुन, मापदण्ड बनाई कार्यान्वयन गर्ने र सेवा सञ्चालन गर्ने मन्त्रालय/निकायलाई जिम्मेवार र उत्तरदायी बनाउने ।
- कार्यालयमा प्रत्येक कर्मचारीलाई नियुक्ति तथा पदस्थापन गर्दा अनिवार्यरूपमा कार्यविवरण प्रदान गर्ने। सो को अनुगमन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिमका निकाय र जिल्लाको हकमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले समेत गर्ने ।
- स्थायी दरबन्दी अपुग भएको अवस्थामा मात्र स्वीकृत अस्थायी र करार दरबन्दीमा कर्मचारी भर्ना गर्ने व्यवस्था गर्ने।

- कानुनले तोकेबमोजिम भन्दा बढी समयसम्म कुनै पनि कर्मचारीलाई काज तथा कायम मुकायमको जिम्मेवारी नदिने। साथै योग्यता पुगेको कर्मचारी हुँदाहुँदै कनिष्ठ कर्मचारीलाई कायममुकायम नदिने।
- सार्वजनिक सेवा प्रवाहका क्रममा कर्मचारी, बिचौलिया र डेस्कहरूबाट हुनसक्ने अनियमितता रोक्न तालुक निकाय, मन्त्रालय तथा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूबाट अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाउने ।
- सेवा प्रवाह गर्ने स्थानहरूमा CCTV राखी त्यसको भण्डारण (Storage) लाई कानुनले तोकेको अवधिसम्म सुरक्षित राख्ने व्यवस्था मिलाउने, सरकारी कामकारबाहीलाई प्रभावकारी र पारदर्शी बनाउन सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, देशैभरिबाट हुने सेवाप्रवाहमा एकरूपता ल्याउन एकीकृत सार्वजनिक सेवा प्रणाली (Integrated Service System) को विकास गरी कार्यान्वयनमा ल्याउने।
- नागरिक बडापत्रबमोजिम कार्यालयबाट हुने सेवा प्रवाहलाई सेवाग्राहीमैत्री भएको सुनिश्चित गर्ने ।
- सार्वजनिक कारोबारको भुक्तानीलाई विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था मिलाउने ।
- बरबुझारथको कार्यलाई अनिवार्य र यथार्थपरक बनाउन संस्थागत स्मरण बरबुझारथ प्रतिवेदन (Handover Note), विद्युतीय कागजात, पासवर्ड तथा अन्य सम्बन्धित सूचनाहरू समेत हस्तान्तरण गर्ने ।
- सरकारी कार्यालयले जिन्सी निरीक्षण, लिलामी, कागजात धुल्याउने जस्ता कार्यहरू कार्ययोजना बनाई नियमितरूपमा सम्पादन गर्ने।
- कानुनमा तोकिएका विकास निर्माण र सेवा प्रवाहसम्बन्धी जिम्मेवारी पूरा नगरेको कारणबाट हुने सार्वजनिक हानि नोक्सानीका लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउने ।

३. सुशासन, सदाचार र नैतिक आचरण

- राजनीतिक नियुक्ति हुने पदहहरूमा नियुक्त हुनु अघि र पदाधिकार समाप्त भए पछि सम्पत्ति विवरण अनिवार्यरूपमा सार्वजनिक गर्न कानुनी व्यवस्था मिलाउने।
- सार्वजनिक नेतृत्व गर्ने उच्चपदस्थ व्यक्ति एवं कानुनबमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्तिले पेस गरेको सम्पत्ति विवरणको स्वायत्त एवं सक्षम निकायबाट परीक्षण गर्ने कानुनी व्यवस्था मिलाउने।
- सम्पत्ति विवरणलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण गर्न आवश्यक कानुनी, प्रविधिगत तथा संस्थागत प्रबन्ध मिलाउने ।
- भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सार्वजनिक पद धारण गरेका सबै व्यक्तिले सम्पत्तिको स्रोत वा निस्सासहितको अध्यावधिक विवरण अनिवार्यरूपमा भरी तोकिएको निकाय वा अधिकारीसमक्ष पेश गर्ने व्यवस्था रहेकोमा सो व्यवस्थालाई संशोधन गरी श्रेणीविहीन (स्थायी, अस्थायी र करार) कर्मचारीले त्यस्तो विवरण पेश गर्न नपर्ने साथै श्रेणीविहीनबाहेकका सबै सार्वजनिक पद धारण गरेका कर्मचारी र पदाधिकारीको

सम्पत्ति विवरण अनिवार्यरूपमा पेश गर्न लगाई सो को अभिलेख राख्ने व्यवस्था गर्न कार्यालय प्रमुखलाई जिम्मेवार बनाउने कानुनी व्यवस्था गर्ने।

- मन्त्री, संवैधानिक निकायका पदाधिकारी, सचिव, विभागीय प्रमुख तथा कार्यालय प्रमुखले सार्वजनिक कार्यसम्पादनको क्रममा गरेका महत्वपूर्ण निर्णयहरू नियमितरूपमा सार्वजनिक गरी पारदर्शिता कायम गर्ने।
- सबै सार्वजनिक निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा आ-आफ्नो सम्पत्ति अभिलेखीकरण तथा संरक्षण गर्ने।
- सार्वजनिक क्षेत्रमा देखिएको सदाचारिता तथा नैतिक आचरणको विचलनलाई रोक्न संघीय शासन प्रणाली अनुरूपको राष्ट्रिय सदाचार नीति निर्माण गरी लागू गर्ने।

४. नीतिगत निर्णय

- तोकिएका पदाधिकारीले सम्पादन गर्न सक्ने सम्बन्धित कानुनमा स्पष्ट व्यवस्था हुँदाहुँदै सार्वजनिक खरिदलगायतका विषयमा माथिल्लो निकायबाट निर्णय गराउने प्रवृत्तिलाई अन्त्य गर्न नीतिगत निर्णय (Policy Decision) को स्पष्ट परिभाषा र सीमा निर्धारण गर्न कानुनी व्यवस्था मिलाउने।
- सरकारी, सार्वजनिक जग्गामा अतिक्रमण हुन नदिने र भएको अतिक्रमणलाई हटाउने ।
- सार्वजनिक निकाय (संघ, प्रदेश, स्थानीय तह, सार्वजनिक संस्थानसमेत) ले जग्गा खरिद गर्दा प्रयोजन स्पष्ट गरी कानुनबमोजिम अधिग्रहण वा प्रतिस्पर्धात्मक प्रक्रियामार्फत गर्ने व्यवस्था मिलाउने ।

५. निर्वाचन प्रणाली

- राजनीतिक दल सञ्चालनको लागि पारदर्शी र वस्तुगत मापदण्ड बनाई राज्यले नै आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउने परिपाटी विकास गर्ने।
- चन्दा, दान, उपहार आदि लिने/दिने व्यक्ति, फर्म, निकाय, दल तथा सो को स्रोत एवं उपयोगका विवरण सार्वजनिक गरी पारदर्शिता कायम गर्ने।
- निर्वाचनको प्रचारप्रसार, कार्यकर्ता परिचालनजस्ता कार्यमा गरिने खर्चको मापदण्ड र आचारसंहितालाई कडाईका साथ लागू गर्ने।
- निर्वाचनमा भाग लिने पदाधिकारीले उम्मेद्वारी दिंदा नै अनिवार्य सम्पत्ति घोषणा गर्नुपर्ने, निर्वाचनसम्बन्धी आम्दानी र खर्च बैंकिङ प्रणालीसँग अनिवार्य आबद्ध गर्ने ।

६. सार्वजनिक निकायको दायित्व

- सार्वजनिक निकायको नेतृत्वले आफ्नो मातहत र आफूले प्रभाव पार्नसक्ने कर्मचारीहरूले गर्ने खर्च, नतिजा, गुणस्तर र कानुनको पालना सम्बन्धमा उत्तरदायित्व लिने व्यवस्था मिलाउने ।
- आफू मातहतका कर्मचारीहरूबाट हुने अनियमितता, हानि नोक्सानी, अनुशासन उल्लंघन जस्ता कार्य नियन्त्रणमा सार्वजनिक निकायका प्रमुखसमेत उत्तरदायी हुने व्यवस्था मिलाउने ।

- संघ तथा प्रदेश तहका मन्त्रालय, विभाग, कार्यालय र स्थानीय तहमा भ्रष्टाचार हुन नदिने व्यवस्था मिलाउने मुख्य दायित्व तत्तत् निकायका प्रमुखको हुने गरी सुशासनसम्बन्धी कानुन र अन्य विषयगत कानुनहरू परिमार्जन गर्ने।
- छानबिन गर्ने निकायले रायसहितको प्रतिवेदन माग भएकोमा सम्बन्धित निकायको प्रमुखले किटानी रायसहित पठाउनुपर्ने, विषयवस्तुको गहन छानबिन गर्ने व्यवस्था मिलाउने ।
- आयोगबाट आवश्यक कारबाहीका लागि लेखी पठाइएका उजुरीहरूको छानबिन गर्नुका साथै निरन्तर अनुगमन गर्ने ।
- सार्वजनिक निकायले समेत सरकारी हानि नोक्सानी भएको बेरूजु र भ्रष्टाचारलाई छुट्याई वस्तुगत छानबिन गर्ने।
- आयोगमा उजुरी परेकै कारणले मात्र सार्वजनिक निकायबाट काम नरोक्ने व्यवस्था मिलाउने।

७. अनुदान वितरण

- सार्वजनिक निकायले कानुनसम्मत मापदण्ड बिना अनुदान प्रदान नगर्ने, अनुत्पादक क्षेत्रको अनुदानलाई निरूत्साहित गर्ने, बैंकिङ प्रणालीमार्फत मात्र भुक्तानी दिने र अनुदान उपयोगको अनुगमन अनिवार्य गर्ने।
- संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा तथा विकास कार्यसम्बन्धी अनुदानहरू (समानीकरण/सशर्त/विशेष/समपूरक) बीच प्रभावकारी समन्वय गराई दोहोरोपना हुन नदिने।
- कृषि क्षेत्रमा दिइने अनुदान पारदर्शी र समन्यायिक मापदण्डबमोजिम आम कृषकको पहुँच सुनिश्चित गर्ने गरी अनुदान वितरण प्रणाली लागू गर्ने।
- व्यवसायिक प्रकृतिका क्रियाकलापमा संलग्न व्यक्ति, फर्म वा कम्पनीलाई अनुदान प्रदान गर्नु पर्दा उक्त अनुदानबाट समुदायलाई समेत लाभ हुने सुनिश्चित गर्ने ।
- सरकारी अनुदान प्राप्त गैरसरकारी संस्थाहरूको अभिलेख व्यवस्थित गरी आम्दानी र खर्चलाई पारदर्शी र जवाफदेही बनाउन आवश्यक प्रबन्ध मिलाउने ।
- प्राकृतिक वा मानवीय विपद्, चरम गरीबी एवं स्वास्थ्य जटिलता लगायतका अवस्थामा आर्थिक सहायता वा अनुदान दिनुपर्दा स्पष्ट मापदण्डका आधारमा मात्र दिने व्यवस्था मिलाउने।

८. अनुचित कार्य

- भ्रष्टाचार र अनुचित कार्य एक अर्कामा अन्योन्याश्रितरूपमा सम्बन्धित रहेको, पृथकरूपमा हेर्न नमिल्ने र एउटाको अनुसन्धान गर्दै जाँदा अर्को पहिचान हुनसक्ने विषय भएको हुँदा अनुचित कार्यको अनुसन्धान गर्न निकायगत व्यवस्था सुनिश्चित गर्नुपर्ने ।

९. प्रदेश तथा स्थानीय तहको क्षमता विकास

- संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकारका विषयमा स्थापित विधि, प्रक्रिया र मापदण्ड कायम गरी स्पष्टता, एकरूपता तथा कार्यान्वयन योग्यता सुनिश्चित हुने गरी कानुनको तर्जुमा र कार्यान्वयन गर्ने संयन्त्रको क्षमता विकास र सुदृढीकरण गर्नुपर्ने।
- संघीय कानुनबाट निर्धारण हुनुपर्ने आधार, मापदण्ड जस्ता विषयको अभावमा प्रदेश तथा स्थानीय तहका कतिपय कानुन तथा कार्यविधिहरू निर्माण हुन नसकी काम कारबाही अवरुद्ध भएको हुँदा यस्ता संघीय कानुनलाई प्राथमिकताका साथ निर्माण गर्नुपर्ने ।
- अन्तर निकाय समन्वयबाट आयोजना कार्यान्वयनमा हुने अवरोध समयमै निराकरण गरी आयोजना सम्पन्न गर्ने प्रबन्ध मिलाउनुपर्ने।
- प्राकृतिक स्रोतसाधनको उपभोगमा रहेको द्विविधामा स्पष्टता, अनियन्त्रित उत्खनन्को नियमन र लाभ उपयोगको सुनिश्चितता कायम हुने गरी स्पष्ट कानुनी व्यवस्था मिलाउनुपर्ने ।

१०. सार्वजनिक खरिद व्यवस्थापन

- खरिदसम्बन्धी कानुनमा हुने गरेको पटक पटकको संशोधनले कार्यान्वयनमा अस्थिरता सिर्जना भई समस्याको आंशिक समाधान (Piece Meal Solution) ले जटिलता कायम नै रहने हुँदा दीर्घकालीन समाधानको लागि सरोकारवाला पक्षहरूसँग राय सुझाव लिई परिमार्जन गर्ने।
- सार्वजनिक खरिदसम्बन्धी कानुन कार्यान्वयनमा सहजीकरणका लागि सार्वजनिक खरिद निर्देशिका (Public Procurement Guidelines) तर्जुमा गर्नुपर्ने ।
- सार्वजनिक खरिद कार्यमा प्रयोग हुने बोलपत्रसम्बन्धी कागजातहरू (Bidding Documents) लाई नेपाली र अंग्रेजी भाषामा तयार गरी वेबसाईटमा राख्ने व्यवस्था मिलाउने ।
- सार्वजनिक खरिद कानुन विपरीत प्रतिस्पर्धा संकुचित हुने गरी ठूला ठूला प्याकेज बनाउने तथा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्ने कार्य निषेध गरी स्वस्थ प्रतिस्पर्धाबाट गुणस्तरीय वस्तु र सेवा आपूर्ति हुने व्यवस्था मिलाउने ।
- सार्वजनिक खरिद कार्य पूर्व स्वीकृत गुरुयोजना मार्फत मात्र गर्ने ।
- पूर्वतयारीका कार्यहरु सम्पन्न नगरी ठेक्का सम्झौता गरेको कारणबाट थुप्रै आयोजनाहरु समयमा सम्पन्न हुन नसकी रुग्ण हुन गएको परिप्रेक्षमा मौजुदा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिमका पूर्वतयारीका कार्य सम्पन्न नगरी बोलपत्रको सूचना आव्हान गर्न नहुने प्रावधान कडाईका साथ पालना गर्ने ।
- सार्वजनिक निर्माण, परामर्श सेवा र मालसामान खरिदमा प्रतिस्पर्धा संकुचन हुने र कुनै व्यक्ति/फर्मलाई लाभ हुनेगरी मुल्यांकनका आधार र प्राविधिक योग्यता राख्ने कार्य हुन नदिन सार्वजनिक निकायको प्रमुखलाई उत्तरदायी बनाउने । साथै सार्वजनिक खरिद अनुगमन कार्यालयले यस्ता कार्यहरूको अनुगमन गरी अभिलेख राखी कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने।

- सार्वजनिक खरिद कार्यमा संलग्न हुने कर्मचारीको नियमित प्रशिक्षण, तालिमद्वारा क्षमता विकास गर्ने ।
- बजेटको सुनिश्चितता, आयोजनाको सर्भे/डिजाइन/लागत पुनरावलोकन, लाभ लागत विश्लेषण, वातावरणीय प्रभाव मूल्यांकन, सम्बन्धित सरोकारवाला निकायहरूबीच समन्वय, जग्गा प्राप्ति, अन्य संरचना हटाउने, निर्माणस्थलको तयारी लगायतका सार्वजनिक खरिद कानुनको प्रावधानबमोजिम पूर्व तयारीपश्चात मात्र बोलपत्र आह्वानसम्बन्धी कार्य गर्नुपर्ने।
- प्रतिस्पर्धा संकुचन हुने गरी वा प्रतिस्पर्धा नै नहुने गरी बोलपत्र कार्यको प्याकेजिङ गर्ने, एउटै कार्यलाई टुक्राटुक्रा गरी काम गराउने तथा निश्चित व्यवसायीलाई लक्षित गरी बोलपत्र मूल्यांकनका मापदण्ड तयार गर्ने गरेको पाइएकाले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको Standard Bidding Document को पूर्ण परिपालना गर्नुपर्ने।
- खरिद गरिएका मेसिनरी/औजार/उपकरणहरूको गुणस्तर सुनिश्चितता हुने ट्रेडमार्क, सिरियल नम्बर जस्ता सूचक नभएका गुणस्तरहीन मेसिनरी/औजार/उपकरणहरू खरिद गर्ने गरिएको पाइएकाले त्यस्तो परिपाटिको अन्त्य गर्नुपर्ने ।
- खरिद इकाइको कार्य र बोलपत्र मूल्यांकन समितिमा असम्बन्धित सेवा समूहका कर्मचारीहरूलाई संलग्न नगर्ने/नगराउने।
- प्राविधिक उपकरणहरू खरिद गरी भुक्तानी गर्दा दाखिला एवं जिन्सी अभिलेख राख्दा हरेक उपकरण र सो भित्र रहेका अवयवहरूको सिलसिलेवार नम्वर, सांकेतिक पहिचान, उत्पादन नम्बर अनिवार्यरूपले खुलाउनुपर्ने ।
- मन्त्रालयहरूले सफ्टवेयर खरिद गरी अन्य निकायलाई हस्तान्तरण गर्ने र प्रदेश/स्थानीय तहले समेत सफ्टवेयर खरिद गर्ने कार्य गरेको देखिँदा एकैप्रकारका सफ्टवेयरमा दोहोरोपना नआउनेतर्फ सजग रहने ।
- ठूला मेसिन तथा औजार खरिद गर्ने र सोको व्यवस्थापन गर्न नसकी उपयोगविहीन हुने अवस्था देखिएको हुँदा ठूला मेसिनरी उपकरण खरिद तथा ठूला पूर्वाधार निर्माण गर्दा लाभ लागत विश्लेषण र संचालन उपयोग योजना तयार गरी गर्ने ।
- उपभोक्ता समितिसँगको साझेदारीको नाममा कार्य गर्दा प्रतिस्पर्धा नहुने गरी एउटै आयोजनालाई टुक्र्याई सोझै खरिद गर्ने, दररेट विश्लेषणसमेत नगरी खरिद गर्दा मितव्ययी नहुने गरेको पाइएकाले यस प्रकारको खरिद कार्यलाई नियन्त्रण गर्ने।
- सार्वजनिक निकायबाट सार्वजनिक खरिद ऐन र नियमावलीको कार्यान्वयनका क्रममा देखापरेका द्विविधा सम्बन्धमा माग भई आएका राय, सुझाव सार्वजनिक खरिद अनुगमन कार्यालयले समयमा नै उपलब्ध गराउनुपर्ने ।
- सरकारी सार्वजनिक लगानीमा खरिद गरिएका निर्माण कार्य, मालसामान वा परामर्श सेवा उद्देश्यअनुरूप सञ्चालन नगरेमा वा प्रयोगमा नल्याएमा सरकारी सार्वजनिक सम्पत्तिको हानि नोक्सानी भएको मानिने हुँदा उद्देश्यअनुरूप प्रयोगमा ल्याउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउने ।

११. आयोजना व्यवस्थापन

- विषय क्षेत्रगत योजना एवं आवधिक विकास योजनामा समावेश नभएका सम्भाव्यता अध्ययन एवं प्रतिफलको सुनिश्चितता नभएका आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा लैजाने प्रवृत्ति बढ्दै गएको र यसले राष्ट्रिय प्राथमिकता र योजनाबद्ध विकासको प्रक्रियालाई नै नकारात्मक असर पुऱ्याउने हुँदा त्यस्ता आयोजना कार्यान्वयनमा नलैजाने ।
- राष्ट्रिय प्राथमिकतामा नपरेका र वार्षिक बजेट पर्याप्त मात्रामा नभएका आयोजनामा पनि पूर्वसिर्जित दायित्वको विश्लेषण नगरी स्रोत सुनिश्चितता माग गरी थप दायित्व सिर्जना गर्दै ठेक्कापट्टा गर्ने कार्य बन्द गर्ने ।
- तत्काल कार्यान्वयनमा लैजान स्रोत सुनिश्चितता भई नसकेका आयोजनाहरुको विस्तृत अध्ययन गराई अनावश्यक खर्च नगर्ने ।
- विकास निर्माण प्रक्रियाका अधिकांश टुक्रे योजना सम्झौता आर्थिक वर्षको अन्त्यतिर मात्र गर्ने र मोबिलाइजेसन पेश्की लिने र समयमै कार्य सम्पन्न नगरी आयोजना अलपत्र परिदिने गरिएको र वर्षातको समय, प्राकृतिक प्रकोप जस्ता कारण देखाई ठेक्काको अवधि लम्ब्याई नतिजामुखी कार्य नगरेको उजुरी गुनासो प्राप्त भएकाले तोकिएकै चौमासिक अवधिमा नै कार्य सम्पन्न गरी भुक्तानी लिइसक्नुपर्ने प्रबन्ध गर्नुपर्ने ।
- आयोजनाको कार्यान्वयन गर्न लाग्ने वास्तविक समय निर्धारण वैज्ञानिक आधारमा गरी स्पष्ट र ठोस कारण बिना पटक पटक म्याद थप गर्ने प्रवृत्ति रोक्ने।
- परामर्श सेवा लिनुपूर्व कार्य प्रकृति तथा मौजुदा जनशक्तिको क्षमता विश्लेषण गरी सार्वजनिक निकायको कार्य प्रकृतिसँग सम्बन्धित नियमित कार्य मौजुदा जनशक्तिबाट नै गराउने तथा मौजुदा जनशक्तिबाट काम हुन नसक्ने अवस्थामा विशेषज्ञ सेवाको आवश्यकता, अवधि, कार्यक्षेत्रगत सर्तहरू तथा लागतसमेतको स्पष्ट पुष्ट्याइँको आधार तयार गरी मात्र मितव्ययी रूपमा परामर्श सेवाबाट कार्य गर्ने/गराउने।
- उपलब्ध प्रयोगशाला, जनशक्तिलगायतको स्रोत साधनहरूको पूर्ण रूपमा उपयोग गरी सार्वजनिक निर्माण कार्यको गुणस्तर नियन्त्रण, निर्धारित समयमा कार्य सम्पन्न गराउने लगायतका निर्माण व्यवस्थापनको कार्यमा सुधार गर्नुपर्ने।
- परामर्शदाता मार्फत डिजाइन तथा सुपरीवेक्षण हुने आयोजनाहरूमा परामर्शदाताको त्रुटिका कारण डिजाइन परिवर्तन भई लागत बढ्ने, आयोजनामा ढिलाइ वा संरचनामा क्षति भएको अवस्थामा परामर्शदातालाई क्षतिपूर्तिसहित कारबाही गर्नुपर्ने।
- भेरियसन आदेश स्वीकृत नगरी सम्झौतामा उल्लिखित परिमाणभन्दा बढीको भुक्तानी गर्ने गरिएकाले उचित कारणसहित विश्लेषण हुन आवश्यक देखिएका आइटमहरूमा मात्र भेरियसन आदेश स्वीकृत भएपश्चात भुक्तानी हुनुपर्ने।
- सार्वजनिक निकाय र निर्माण व्यवसायीबीच विवाद भई मध्यस्थकर्तामार्फत विवाद समाधानका क्रममा तथा विवाद अदालतमा पुगेको अवस्थामा सार्वजनिक निकायको

सुस्तता तथा बेवास्ताका कारण सार्वजनिक निकायको विपक्षमा निर्णय हुने गरेकाले समयमै तथ्यपरक प्रमाण संकलन गरी प्रभावकारी प्रस्तुतिसमेत गर्नुपर्ने। अन्यथा कार्यालय वा व्यक्तिको लापरबाहीबाट हुने सरकारी हानिनोक्सानी सम्बन्धित व्यक्तिले नै व्यहोर्नुपर्ने व्यवस्था मिलाउने।

- निर्माण व्यवसायीलाई मोविलाइजेसन पेश्की दिएको लामो अवधिसम्म निर्माण कार्य सम्पन्न नहुने र पेश्की फछ्यौंट समेत नभएको अवस्थामा समेत निर्माण व्यवसायीलाई कुनै कारबाही नगरी म्याद थप गर्दै जाने प्रवृत्ति रहेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम २(१) बमोजिम पेश्की रकम जम्मा भएको बैंक खाता र खर्च प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्थाको पालना भएको नपाइएकोले सो नियमको कडाइकासाथ पालना गर्नुपर्ने।
- निर्माण कार्यलाई प्रभावकारी र एकरूपता कायम गर्न नवीनतम प्रविधिको समुचित प्रयोग हुने गरी अद्यावधिक स्पेसिफिकेसन र नर्म्स तयार गरी नियमानुसार स्वीकृत गराई प्रयोगमा ल्याउने।
- परामर्श सेवाबाट प्राप्त प्रतिफल वा रिपोर्ट तुरुन्त कार्यान्वयनमा जानुपर्ने, कार्यान्वयन आवश्यक नभएका परामर्श सेवा खरिद कार्य गर्दै नगर्ने।
- आवश्यकता र औचित्य बेगरका अनावश्यक सामग्री खरिद नगर्ने । आवश्यकताको पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमबमोजिम वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद गर्ने।
- सडक, पुल, नहर, भवन, खानेपानी जस्ता संरचनाहरु डिजाइन गर्दा उक्त संरचनाले दिने सेवा अवधि (Service Life) किटान गरी दिगो संरचना निर्माण गर्ने । डिजाइनका वखत पूर्वानुमान गर्न नसकिने विशेष कारणबाहेक त्यस्ता संरचना क्षति भएमा डिजाइनकर्ता, निर्माणकर्ता र सुपरिवेक्षणकर्तालाई जिम्मेवार बनाउने।
- आयोजना सम्पन्न भइसकेपछि आवश्यक परीक्षण (Test on Completion) गरेर मात्र कार्य स्वीकार गर्ने ।
- निर्माण कार्यको डिजाइन र सुपरीवेक्षणमा संलग्न कर्मचारी/परामर्शदातालाई उत्तरदायी बनाउन निर्देशिका तयार गरी अनिवार्यरूपमा लागू गर्ने ।
- ढुंगा, गिटी, बालुवाजस्ता नदीजन्य निर्माण सामग्रीको उत्खनन्का क्रममा कानुनी तथा वातावरणीय पक्षको परिपालना र व्यवस्थित उत्खनन् गरी दिगो व्यवस्थापनका लागि समन्वय गर्ने।

५.३.२ विषयगत निकायहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- सरकारी वा अर्धसरकारी वा सार्वजनिक निकायमा निर्णय गर्ने तहदेखि सेवा प्रदान गर्ने तहसम्मका कार्यको समयवद्ध सेवा प्रवाह प्रणालीको व्यवस्था कार्यान्वयनमा ल्याउने।

- सार्वजनिक निकायबाट योजनाबद्ध र प्रभावकारी अनुगमन तथा मूल्यांकनको व्यवस्था मिलाउने । साथै त्यस्ता अनुगमन तथा मूल्यांकन प्रतिवेदन सार्वजनिक गर्ने र सो को कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।
- भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा अन्तरनिकाय समन्वय प्रभावकारी बनाउने ।
- प्राविधिक परीक्षण (Technical Audit) कार्यलाई प्रभावकारी बनाउने, परीक्षणबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने ।
- सार्वजनिक संस्थानहरूले आफ्ना पदाधिकारी र कर्मचारीलाई बोनसका अतिरिक्त आफ्ना सेवा, उत्पादन वा कारोवारको निशुल्क सुबिधा (जस्तैः- नेपाल वायुसेवा निगमले हवाई टिकट, नेपाल टेलिकमले टेलिफोन/इन्टरनेट, नेपाल विद्युत प्राधिकरणले विद्युत, दूग्ध विकास संस्थानले डेरी प्रोडक्ट्स्, नेपाल आयल निगमले इन्धन, वीमा संस्थानले प्रिमियम आदि) उपलब्ध गराउँदै आएको हुँदा सेवाग्राही र ती निकायका कर्मचारी बिच विभेद र सार्वजनिक संस्थानहरूको वित्तीय स्थितिमा समेत नकरात्मक असर पर्ने हुँदा नेपाल सरकारले अध्ययन गरी यस्ता व्यवस्था खारेज गर्ने।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले अनिवार्यरूपमा संघीय सार्वजनिक खरिद ऐन र नियमावली पालन गर्नुपर्ने गरी सार्वजनिक खरिद ऐनको दफा ७४ मा संशोधन गर्नुपर्ने।

२. **अर्थ मन्त्रालय**

- झुटा करदाता सिर्जना गरी कम्पनी खडा गर्ने र अधिकतम कर दायित्व सिर्जना गरी करको दायित्व छल्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- गुणस्तरीय अन्तःशुल्क स्टिकर स्वदेशकै सेक्युरिटी प्रेसमा छाप्ने व्यवस्था मिलाउने। नक्कली स्टिकरको प्रयोगलाई नियन्त्रण गरी अन्तःशुल्क चुहावट हुन नदिने ।
- स्थानीय प्रशासन, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी र भन्सार प्रशासनबीच समन्वय कायम गरी अवैध चोरी पैठारी र भन्सार छलीलाई नियन्त्रण गर्ने।
- न्यून बिजकीकरण गरी भन्सार मूल्यांकन कम गराउने कार्यलाई रोकी यथार्थपरक राजस्व संकलन गर्ने।
- मूल्य अभिवृद्धि कर चुहावट हुन नदिन सबै कारोवारमा बिल/ बिजकको प्रयोगलाई अनिवार्य गर्ने तथा करदाता शिक्षालाई अभियानकै रूपमा संचालन गर्ने ।
- बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह तथा अचल सम्पत्तिको खरिद गर्ने एवं गैर बैंकिङ सम्पत्तिको लिलाम प्रक्रियामा अनियमितता बढेको देखिएकाले यसतर्फ नेपाल राष्ट्र बैंकको अनुगमन प्रकिया प्रभावकारी बनाउनुपर्ने ।
- सबै बैंक, वित्तीय संस्था र सहकारीहरूमा रहेका खाताहरूलाई एउटै निकायमार्फत प्राप्त गर्न सकिने गरी एकीकृत खाता प्रणालीको विकास गर्ने ।
- प्राथमिक र दोस्रो बजारको शेयर कारोबार गर्ने सिडिएस एण्ड क्लियरिङ लिमिटेड (CDSC), नेपाल स्टक एक्सचेन्ज (NEPSE) र ओभर द काउन्टर (OTC) बाट हुने

शेयर कारोबार, प्रमोटर शेयरको विवरण र ब्रोकर कम्पनीबाट भएको कारोबार समेत देखिने गरी एकीकृत सफ्टवेयर प्रणालीको विकास गर्ने ।

- सबै प्रकारका बीमाको भुक्तानी प्रक्रियालाई सरलीकृत गर्ने, बीमालेख बमोजिमको दायित्व भुक्तानीलाई सहज, सरल र अनुमानयोग्य बनाउने ।
- राजस्व चुहावट नियन्त्रणका लागि प्रविधिको अधिकतम प्रयोग, बैंकिङ प्रणालीमा अनिवार्य रूपमा आबद्धता, छिटो छरितो र व्यावहारिक अनुसन्धान पद्धति अवलम्बन गर्नुपर्ने ।

३. **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

- अनुदानको चामल वितरण र ढुवानीमा अनियमितता हुन नदिन ढुवानी प्रक्रियालाई प्रतिस्पर्धी र पारदर्शी बनाउने साथै केन्द्र र जिल्लास्थित अनुगमन समितिले नियमित अनुगमन गर्ने।
- प्राकृतिक स्रोतमा आधारित उद्योगबाट हुने प्राकृतिक स्रोतको दोहन हुन नदिने व्यवस्था मिलाउने।
- स्वदेशी तथा आयातित वस्तुको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण कार्यको संस्थागत सुदृढीकरण गर्ने।
- औद्योगिक क्षेत्रमा भाडा, बत्ती, पानी, मर्मत जस्ता विषयमा अनियमितताको गुनासो रहेकाले वातावरणीय प्रभावलाई समेत मध्यनजर गर्दै उद्योग संचालन र वातावरणमा तादम्यता मिलाउँदै निरन्तर औद्योगिक सुशासनमा ध्यान दिई औद्योगिक क्षेत्र व्यवस्थापन सुदृढीकरण गर्दै लैजाने।
- पेट्रोलियम पदार्थको मूल्य घटबढ हुँदा पम्प तथा डिलरहरूमा रहेको मौज्दातको परिमाण यकिन गरी नयाँ मूल्यमा कारोबार हुनुभन्दा पहिला त्यस्तो मौज्दातमा रहेको परिमाण यथावत मूल्यमा नै कारोबार गर्ने व्यवस्था मिलाउने साथै ग्यास सिलिण्डरको धरौटीलाई व्यवस्थित र पारदर्शी बनाउने।
- उद्योग, कारखानाबाट उत्पादन भएको फोहोर पानी फिल्टर नगरी सिधै खोला/नदीमा मिसाउने कार्यलाई नियन्त्रण गर्न प्रभावकारी व्यवस्था मिलाउने।
- सुन, हिरा, मोती जस्ता बहुमूल्य वस्तु आयात तथा खरिद बिक्री गर्दा प्रभावकारी अनुगमन र अभिलेख प्रणाली लागू गर्ने ।
- नेपाल सरकारले आयातमा रोक लगाएका वस्तुहरू गैरकानुनी तरिकाले आयात र विक्रिवितरण हुनबाट रोक्न निगरानी र अनुगमन कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने ।

४. **ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

- विद्युत खरिद बिक्री सम्झौता (PPA) मा विलम्ब हुँदा उत्पादकहरू लगानी गर्न निरूत्साहित हुने गरेको देखिएकोले समय सारिणी (Time Bound) सहितको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।

- विद्युत उत्पादनको सर्वेक्षण, उत्पादन अनुमति, उत्पादन क्षमता वृद्धिसम्बन्धी कार्यलाई पारदर्शी मापदण्डको आधारमा मात्र गर्ने। नियमानुसार बुझाउनुपर्ने दस्तुर समयमा नबुझाए पनि क्षमता वृद्धि गर्ने र उजुरी परेपछि मात्र तिर्न बुझाउन बाँकी दस्तुर असुल गर्ने जस्ता कार्य नियन्त्रण गर्ने ।
- विद्युत आयोजनालाई आवश्यक पर्ने सार्वजनिक वन र जग्गा अधिग्रहण तथा निजी क्षेत्रको जग्गा लिजबाट जग्गा प्राप्ति गर्ने प्रक्रियासमेत समेट्ने गरी कानुन निर्माण गर्ने।
- ग्रामीण विद्युतीकरणको कार्यक्रममा स्थानीय तह र नेपाल विद्युत प्राधिकरण बीच दोहोरोपना र अनियमितता नहुनेगरी आपसमा समन्वय गरेर मात्र आयोजना संचालन गर्ने।
- वैकल्पिक उर्जा केन्द्रमार्फत अनुदान लिई दुर्गम एवं ग्रामीण क्षेत्रमा लघु जलविद्युत आयोजना निर्माण उपभोक्ता समितिमार्फत गर्दा आयोजनाहरू समयमै सम्पन्न भई दिगोरूपमा सञ्चालन हुने गरी अनुदानको सदुपयोग गर्न आवश्यक व्यवस्था गर्ने।
- लघु जलविद्युत आयोजनाको निर्माण उपभोक्ता समितिबाट गर्न प्रविधिको कारणले समेत कठिन हुने हुँदा उपभोक्ता समितिमार्फत गर्ने कार्यको वैकल्पिक व्यवस्था मिलाउनुपर्ने।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

- मन्त्रालयले उपलब्ध गराउने राय, सुझाव, प्रतिक्रिया दिने समयसीमा यकिन भएको हुनुपर्ने।
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/महासन्धिबाट सिर्जित दायित्व पूरा गर्न सम्बन्धित निकायलाई जानकारी गराउने, समन्वय गर्ने, विवरण तयार पारी अन्तर्राष्ट्रिय निकायहरूमा पठाउन पहल गर्ने ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन अन्तर्गत प्रत्यायोजित अधिकार प्रयोग गर्ने पदाधिकारीबाहेक अन्यले आर्थिक क्रियाकलाप सञ्चालन नगर्ने व्यवस्था मिलाउने ।
- सार्वजनिक खरिद ऐन र नियमावलीको दायरा भित्र रहने पदाधिकारीले मात्र सार्वजनिक खरिद ऐन र नियमावलीको प्रयोगको अधिकार प्राप्त गर्ने गरी कानुनी व्यवस्था र सो नभएमा नीतिगत निर्णय गर्ने व्यवस्था मिलाउने ।

६. कृषि तथा पशुपक्षी विकास मन्त्रालय

- मन्त्रालयबाट सबै किसिमका कार्यक्रमहरू सञ्चालन गर्दा मितव्ययिता, यसको प्रतिफल र लाभग्राहीको अवस्थासमेत यकिन गरिएको हुनुपर्ने ।
- नियमितरूपमा आवश्यक पर्ने मल, बीउलगायतका कृषि सामग्रीको खरिद, भण्डारण र वितरणको विषयमा हरेक वर्ष द्विविधा देखिएको हुँदा अनुमानयोग्य बनाउने।
- कृषि उपजको उत्पादकदेखि उपभोक्तासम्मको वितरण प्रणाली व्यवस्थित बनाई उत्पादकले लाभ प्राप्त गर्ने सुनिश्चितता गर्ने ।
- अनुदानमा ठूला संरचना निर्माण गर्दा आम नागरिकले प्राप्त गर्ने सेवा सुविधा सम्झौताकै चरणमा तय हुनुपर्ने ।

७. खानेपानी मन्त्रालय

- एउटै योजना भित्रका कार्यहरू ठेक्का र उपभोक्तामार्फत गर्दा समयमा सम्पन्न नहुने र अन्त्यमा उक्त कार्य हुँदै नहुने, मर्मत सम्भार/संचालनमा उपभोक्ता समिति उदासीन रहने गरेको समेतको कारणबाट स्थानीय खानेपानी आयोजनाहरू उद्देश्यअनुरूप संचालन हुन नसकेकाले उपभोक्तामार्फत सञ्चालन हुने आयोजनाको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।
- खानेपानी र ढलका पाइपहरूको अवस्थिति नक्सा (Location Map) र अद्यावधिक अवस्था (Updated Inventory) तयार गर्ने।
- मेलम्ची खानेपानी आयोजना सञ्चालनका साथै अन्य विकल्प समेतको खोजी गरी काठमाडौं उपत्यकामा खानेपानी आपूर्तिको दिगो व्यवस्थापन गर्ने ।

८. गृह मन्त्रालय

- राष्ट्रिय परिचयपत्र प्राप्त गर्न नागरिकलाई सहज हुने गरी आवेदन तथा वितरण व्यवस्थामा सुधार गरी गुनासो नआउने व्यवस्था मिलाउने ।
- अन्तर्राष्ट्रिय खुला सीमानाबाट हुने गैरकानुनी निकासी पैठारी नियन्त्रण गर्न निगरानी तथा अनुगमनलाई प्रभावकारी बनाउने।
- स्थल तथा हवाई भन्सार नाकामा अत्याधुनिक प्रविधि तथा उपकरणको व्यवस्था गरी हुने सामान चेकजाँचलाई प्रभावकारी बनाउने।
- अध्यागमन अधिकृतको कार्यसम्पादनलाई निश्चित मापदण्डका आधारमा वस्तुगत र पारदर्शी बनाउने ।
- त्रिभुवन विमानस्थलमा अध्यागमन प्रणालीमा रहेका कमी कमजोरी तथा अनियमितता नियन्त्रण गर्ने।
- भन्सार जाँचमा खटिने सुरक्षाकर्मीहरू र घुमुवा प्रहरीहरूको कार्यलाई व्यवस्थित गर्न आन्तरिक नियन्त्रण प्रणाली चुस्त र प्रभावकारी बनाउने ।
- भिसा जारी तथा नविकरण लगायतका अध्यागमनसम्बन्धी कार्यहरूलाई पूर्णतः प्रविधिमैत्री बनाउने।
- प्रहरी कल्याणकारी कोषमा हुनसक्ने अनियमितता नियन्त्रण गर्न विद्यमान कार्यविधि परिमार्जनको व्यवस्था मिलाउने ।
- आपूर्ति गरिने मालसामान (Riot Control Gear, Biomedical Equipment, Badges, Cloths आदि) को प्राविधिक स्पेसिफिकेसन र गुणस्तरबमोजिम भए नभएको परीक्षणका लागि उपलब्ध भएसम्म नेपालमै परीक्षण गर्ने व्यवस्था मिलाउने।
- जिल्ला दररेटलाई बस्तुपरक बनाउने र एकरुपता कायम गर्ने गराउने व्यवस्था मिलाई मन्त्रालयले सो को अनुगमन गर्ने।
- थानकोट लगायतका मुख्य नाकाहरूमा Vehicle Scanner को व्यवस्था गरी अवैध सामग्रीहरूको ओसारपसारलाई नियन्त्रण गर्ने व्यवस्था गरिनुपर्ने ।

- सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूको बढुवाका प्रावधानहरूलाई अझ बढी वस्तुगत र तथ्यपरक बनाई बढुवा प्रक्रियालाई अनुमानयोग्य बनाउने । कार्यक्षेत्रमा कार्यरत सबै सुरक्षाकर्मीलाई कार्यसम्पादनका आधारमा बढुवा हुने पद्धतिलाई सुनिश्चित गर्ने ।

९. परराष्ट्र मन्त्रालय

- परराष्ट्र मन्त्रालय वा अन्तर्गत नियोगहरूबाट हुने हवाई टिकट खरिद तथा अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्ति गर्ने कार्य गर्दा सार्वजनिक खरिद कानुनको पालना गर्ने।
- विदेशस्थित नेपाली नियोगहरूमा कामदारको माग प्रमाणित गर्ने, अलपत्र नेपालीको उद्धार गर्ने, भिसा जारी गर्ने कार्यलाई व्यवस्थित बनाउने।

१०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आ-आफ्नो तर्फबाट सरकारी/सार्वजनिक जग्गाहरूको स्पष्ट, पूर्ण तथा कानुनी हैसियत कायम हुने गरी एकीकृत अभिलेख राख्ने व्यवस्था मिलाउने ।
- मोठ रोक्का, फुकुवा, लगत भिडाउने, टिप्पणी तयार गर्ने, पेस गर्ने, निर्णय गर्ने, स्रेस्ता तयार गर्नेको नाम, पद, दस्तखत र मिति अनिवार्य र प्रष्टरूपमा लेख्ने र नलेखेमा कार्यालय प्रमुखलाई नै उत्तरदायी बनाउने । साथै प्रत्येक फाइलको जिम्मेवारीको स्पष्ट व्यवस्था मिलाउने ।
- भूमि तथा नापीसँग सम्बन्धित कामहरू गर्दा चाहिने कागजातहरूको मानक मापदण्डहरू परिमार्जन गरी कार्यान्वयनमा ल्याउने ।
- साबिक फिल्डबुकमा सरकारी/सार्वजनिक वा व्यक्तिगत जनिएका तर हाल विभिन्न निकाय/व्यक्तिहरूको नाउँमा कानुनी प्रक्रियाहरू पुऱ्याई दर्ता हुन गएका सबै जग्गाहरूको सूचना नापी र मालपोत कार्यालयले एक आपसमा जानकारी दिई अभिलेख अध्यावधिक गर्ने ।
- हदबन्दीका कारण रोक्का रहेका वा अन्य कारणहरूले रोक्का हुन गएका जग्गाहरूको अभिलेखन मालपोत कार्यालयले अनिवार्यरूपमा जनाउने तथा राख्ने । यसरी रोक्का रहेका जग्गाहरूको सम्बन्धमा जे गर्नुपर्ने हो, सो कार्य समयावधि भित्रै टुंग्याउने ।
- संस्थागत स्मरणलाई प्रभावकारी बनाउने गरी भूमि प्रशासनसम्बन्धी अभिलेखहरू कागजी तथा विद्युतीयरूपमा अद्यावधिक गरी सुरक्षित भण्डारण गर्ने।
- जग्गाधनी तथा मोहीको लगत यकिन गरी अनधिकृतरूपमा थपघट गर्ने कार्यलाई नियन्त्रण गर्ने र यससम्बन्धी विवादहरू निरुपण गर्ने ।
- हालसम्मका मालपोत, नापी तथा गुठीसँग सम्बन्धित कानुनी, नीतिगत निर्णयहरू तथा नजिर जस्ता दस्तावेजको पूर्ण विद्युतीय अभिलेखन तयार गर्ने ।
- निजी गुठीलाई राजगुठीमा परिवर्तन गरी मोही खडा गर्ने जस्ता गुठीको भावना प्रतिकूल कामहरूलाई नियन्त्रण गर्ने।

- गुठीबाट प्राप्त कूत (अन्न बाली, नगद आदि), लिज रकमको व्यवस्थापन र गुठीका महन्त, पुजारी, गुठीयारको नियुक्ति सम्बन्धमा स्पष्ट कार्यविधि बनाई लागू गर्ने।
- घर जग्गाको कारोबारमा कर छली हुने र मुद्रा निर्मलीकरणको माध्यम बनाइने भएकाले यथार्थ कारोबारलाई नै थैली अङ्क कायम गर्ने प्रणाली स्थापित गर्ने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

- राष्ट्रिय राजमार्गबाहेक स्थानीय सडक तथा पुलहरूको जिम्मेवारी संवैधानिक प्रावधानबमोजिम सम्बन्धित प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने ।
- मन्त्रालयअन्तर्गत हालसम्म ठेक्कापट्टा भई सिर्जना भएको दायित्व र विनियोजन हुने गरेको वार्षिक बजेट बीच तादात्म्यता राखेर मात्र नयाँ योजना अगाडि बढाउने ।
- हाल कार्यान्वयनमा रहेका ठेक्का सम्पन्न गर्न विशेष पहल गर्ने । रूग्ण आयोजनालाई नियमानुसार पूरा गराउने वा ठेक्का तोडी फरफारक गर्ने ।
- हालसम्म निर्माण भएका सडक तथा पुलको आवश्यकताअनुसार मर्मत, स्तरोन्नति गरी सम्पत्ति संरक्षण तथा उपयोगमा ल्याउने ।
- बारम्बार सडक खन्ने कार्य नियन्त्रण गर्न नयाँ सडक निर्माण तथा मौजुदा सडकहरूको मर्मत तथा स्तरोन्नति गर्दा विद्युत, दूरसञ्चार, खानेपानी, ढल आदि सुबिधाका संरचनाहरूको प्रयोगका लागि युटिलिटि डक्ट (Utility Duct) पनि सँगै निर्माण गर्ने ।
- यातायात व्यवस्था विभाग र प्रदेश सरकारबीचको कार्यगत दोहोरोपना हुने (सवारी चालक अनुमतिपत्र, Electronic Driving License and Vehicle Registration System सञ्चालन आदि) कारणबाट सेवाग्राहीलाई भएको कठिनाइ र सेवाप्रदायकलाई भएको द्विविधा हटाउन आवश्यक व्यवस्था मिलाउने।
- विगतमा लिएको सवारी चालक अनुमति पत्र नविकरणको लागि EDVLRS मा राजस्व तिरेको व्यहोरा प्रविष्ट गर्न छुटेको कारण देखाई नवीकरण नगर्दा सेवाग्राहीलाई परेको मर्कालाई सम्बोधन गर्न उचित व्यवस्था मिलाउने।
- सवारीचालक अनुमतिपत्रको ट्रायल परीक्षा संचालन गर्दा सीसीटीभीको प्रयोग, फुटेजको निर्धारित समयसम्म सुरक्षण, उत्तीर्ण र अनुत्तीर्ण हुनेको प्रमाणित अभिलेखनको अनिवार्य व्यवस्था मिलाउने।
- यातायात कार्यालयमा सवारी साधनको अभिलेख राख्दा सवारी साधनको नम्बरका अतिरिक्त व्यक्तिको नाम, नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र समेतका आधारमा राख्ने व्यवस्था गर्ने ।
- रेल यातायातको गुरूयोजना तयार गरी सञ्चालन गर्न सम्भाव्य आयोजनाको पूर्वतयारीका काम सम्पन्न गरेर मात्र प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने।
- देशभित्रका नदीहरू प्रयोग गरी आन्तरिक जल यातायात साथै समुद्रसम्मको पहुँचका लागि आवश्यक कानुनी र भौतिक संरचना तयार गर्ने ।

१२. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

- समाज कल्याण परिषद्, नेपाल बाल संगठन लगायतका संस्थाहरूको सम्पत्ति अभिलेखीकरण गर्ने, उचित व्यवस्थापन गर्ने, स्थायी सम्पत्ति भाडा/लिजमा लगाउँदा प्रचलित कानुनको परिपालना भएको हुनुपर्ने ।
- समाज कल्याण परिषदले विगतमा गरेको संघ संस्थाको अनुगमन, सुपरीवेक्षण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत सञ्चालन हुने आर्थिक गतिविधि स्वीकृति लगायतमा सन्तोषजनक कार्य नभएको पाइएकोले त्यस्ता संघ संस्थाको नेपाल सरकारबाट प्रत्यक्ष नियमन गर्न छुट्टै कानुन तर्जुमा गरी व्यवस्थित गर्नुपर्ने ।
- सामाजिक संस्थाहरूलाई अनुदान दिंदा लक्षित लाभग्राहीउन्मुख भएको हुनुपर्ने ।
- समाज कल्याणसँग सम्बन्धित कानुनहरू समयसापेक्ष बनाउने ।

१३. युवा तथा खेलकुद मन्त्रालय

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरू अनुमानयोग्य हुनुपर्ने, कार्यक्रम सञ्चालन गर्ने नाउँमा प्रचलित कानुनको उल्लंघन हुनेगरी कुनै पनि कार्य नगर्ने व्यवस्था मिलाउने ।

१४. रक्षा मन्त्रालय

- नेपाली सेना स्वयं संलग्न भई संचालन गर्ने विकास कार्यबाहेक बोलपत्रमार्फत निर्माण व्यवसायीबाट गराउने आयोजना कार्यान्वयनको कार्यलाई निरूत्साहन गर्ने।
- विकास आयोजनामा आवश्यक पर्ने विष्फोटक पदार्थको आपूर्ति तथा व्यवस्थापन उपयुक्त समयमा गर्न आवश्यक सहजीकरण गर्ने ।
- सैनिक कल्याणकारी कोषको रकम सेनामा कार्यरत जनशक्ति र निजका परिवारबाहेक अन्य व्यक्तिलाई लाभ हुनेगरी खर्च गर्ने प्रवृत्तिलाई अविलम्ब रोक लगाउने ।

१५. वन तथा वातावरण मन्त्रालय

- संघ तथा प्रदेशका वनसम्बन्धी कानुनअनुरूप सबै प्रकारका वन क्षेत्रको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा तथा सीमांकन गरी प्राप्त लगत अनलाइन प्रणालीमा अद्यावधिक गरी प्रकाशित गर्नुपर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहको कोषको अभिलेख व्यवस्थित गर्नुपर्ने ।
- वन क्षेत्रभित्र निर्माण कार्य गर्दा हुने वातावरणीय क्षतिको यकिन गरी क्षतिपूर्तिका लागि आवश्यक संरचना निर्माण, संयन्त्र व्यवस्थापन लगायतका अन्य कार्यहरू समयमै गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- वन कार्यालयहरूले वन व्यवस्थापन गरी उत्पादन भएका र वनमुद्दाका क्रममा बरामद भएका वन पैदावार समयमा नै बिक्री वितरण हुन नसकी सरकारी सम्पत्तिको हानि नोक्सानी भइरहेको वर्तमान अवस्थालाई अन्त्य गर्ने ।
- वनको दिगो व्यवस्थापनको अलावा विविध उपायहरूको अवलम्बन गरी काष्ठ एवं गैरकाष्ठ वन पैदावारहरूको आन्तरिक मागहरूलाई सम्बोधन गर्दै वन पैदावारको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन कार्यमा जोड दिनुपर्ने ।

१६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

- सबै किसिमका पाठ्यपुस्तकको सहज उपलब्धता, राज्यबाट निर्दिष्ट गरिएका छात्रवृत्ति लक्षित वर्गले प्राप्त गरेको सुनिश्चितता गर्ने ।
- दिवा खाजा स्वास्थ्यवर्द्धक र लक्षित विद्यार्थीलाई उपलब्ध भएको हुनुपर्ने ।
- विद्यालयमा विषयगत शिक्षकको उपलब्धता हुनुपर्ने, पाठ्यक्रममा तोकिए बमोजिमको कक्षा घण्टा पूरा भएको सुनिश्चितता गर्ने ।

- विश्वविद्यालयहरूले भ्रष्टाचारसम्बन्धी उजुरीको छिटोछरितो ढंगबाट सम्बोधन गर्न सम्पर्क व्यक्ति तोकी फछ्यौंट गर्ने व्यवस्था मिलाउने।
- सबै तहका शिक्षक, कर्मचारीहरूको नियमित स्थायी पदपूर्तिको सुनिश्चितता गर्ने ।
- नक्कली शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण कार्य सहज र सरल बनाउन विदेशी कुटनीतिक नियोगसमेतको सहभागितामा आयोग, विश्वविद्यालयहरू र राष्ट्रिय परीक्षा बोर्डसमेतको समन्वयमा कूटनीतिक पहल गर्ने।

१७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

- वैदेशिक रोजगारसम्बन्धी व्यवसाय गर्ने म्यानपावर एजेन्सीहरूको संस्था दर्ता र नवीकरण कानुनबमोजिम मात्र गर्ने व्यवस्था गर्ने ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र दक्ष जनशक्तिउन्मुख बनाउने ।
- विदेशस्थित नेपाली कूटनीतिक नियोगले सम्बन्धित देशबाट कामदारको माग संकलन र वितरणको प्रक्रियालाई व्यवस्थित गरी श्रमिकमैत्री बनाउनुपर्ने।
- वैदेशिक रोजगारीमा जाने कामदार ठगिनबाट बच्न कामदारहरूको सम्भाव्य पहुँच भएको स्थानमा सुसूचित गर्न र वैदेशिक रोजगारीका कारण समाजमा घट्ने गरेका अप्रिय घटना, सामाजिक विकृति र विसंगतिहरूको न्यूनीकरणका लागि सामाजिक जनचेतना अभिवृद्धि गर्ने।
- वैदेशिक रोजगारीका लागि कतिपय अवस्थामा अनियमित तवरले स्वीकृति दिने लगायतका कार्यहरू नियन्त्रण तथा निगरानी गरी कामदारहरूसँग सम्बन्धित कार्यहरूमा गुनासो नआउने व्यवस्था मिलाउने ।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- हवाई यातायात संरचनाको निर्माण र सञ्चालन निकै महँगो हुनेहुँदा सञ्चालन सम्भाव्यता र लगानी प्रतिफलको सुनिश्चितता भएका आयोजना मात्र कार्यान्वयन गर्ने ।
- विमानस्थलहरू नयाँ निर्माण र विस्तार गर्नु अगाडि यातायातका अन्य माध्यमहरू सडक, रेल आदिको वर्तमान अवस्था र भावी योजना समेतको विश्लेषण गरी प्रतिफल सुनिश्चित हुनसक्ने योजना मात्र कार्यान्वयन गर्ने ।
- अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड पूरा गरी नेपालको हवाई सेवाको पहुँच विस्तार गर्ने।
- नेपाल वायुसेवा निगमको सेवालाई भरपर्दो र विश्वसनीय बनाउन नियमित उडान, दक्ष जनशक्तिको विकास, अनलाइन टिकट प्रणालीलगायत समग्र व्यवस्थापनमा कुशलता कायम गरी व्यवसायिक एवं प्रतिस्पर्धी बनाउने।
- मठ मन्दिरको भेटी/आयस्रोत, पर्यटन शुल्क, आरोहण प्रमाणपत्रका मापदण्डलाई पारदर्शी र वस्तुगत बनाई कार्यान्वयन गर्ने।
- राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र, निषेधित क्षेत्र, सम्पदा स्थल आदिमा पर्यटकको प्रवेश शुल्क विभिन्न निकायबाट असुल हुँदा पर्यटन क्षेत्रमा नकरात्मक असर परेकोले एकीकृत प्रणाली लागू गरी शुल्क लिने व्यवस्था गर्ने ।
- पदमार्ग निर्माणको रणनीतिक योजना बनाई आयोजनाहरू सञ्चालन गर्ने र अनुगमनमा स्थानीय तहलाई समेत जिम्मेवार बनाउने व्यवस्था मिलाउने ।

१९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

- कर्मचारीको सरूवा कानुनबमोजिम मात्र गर्ने ।
- कर्मचारी अभिलेख प्रणाली (PIS) लाई एकीकृत गरी कर्मचारीका सरूवा, बढुवा, विदा, बैदेशिक भ्रमण, पुरस्कार, दण्डसजाय समेतलाई अभिलेखीकरण गर्ने।
- तीनै तहको कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रचलित कानुनलाई समसामयिक बनाउने ।
- स्थानीय तहहरूले सार्वजनिक खरिद ऐन मात्र पालना गर्नुपर्ने तर नियमावली आफैंले बनाउन सक्ने व्यवस्थाले स्थानीय तहमा आर्थिक विकृतिहरू देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ मा सार्वजनिक खरिद ऐन र नियमावलीका अधीनमा रहेर स्थानीय तहले नियमावली बनाउन सक्नेगरी अविलम्ब परिमार्जन गर्ने ।

२०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

- मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरूको स्थायी सम्पत्तिको संरक्षण, यस्ता सम्पत्तिको लिज/भाडामा दिनुपर्दा प्रचलित कानुनको पालना हुने व्यवस्था मिलाउने ।
- इन्टरनेट सेवा प्रदायक सरकारी तथा निजी संस्थाहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउन स्पष्ट मापदण्ड बनाई लागू गर्ने, त्यसको निरन्तर अनुगमन गर्ने र यस्ता संस्थाबाट कर छली हुनबाट रोक्ने व्यवस्था मिलाउने।
- सेक्युरिटी प्रेसले प्रेसका उपकरण खरिद गर्दा प्याकेज मै (पूरै प्लान्ट) खरिद योजना तयार गरी खरिद गर्ने, एउटा मेशीन खरिद गरी लामो अवधि थन्काउने र अन्य Accessory का लागि पटक-पटक खरिद गर्ने कार्य रोक्ने। नयाँ मेशिन आदि खरिद गर्दा लाभ लागत विश्लेषण गरेरमात्र खरिद गर्ने, यस्ता मेशिन उपकरण सञ्चालन गर्ने दक्ष जनशक्तिको सुनिश्चितता भएको हुनुपर्ने।
- सार्वजनिक निकायका लागि खरिद हुने Satellite Bandwidth खरिद गर्दा निश्चित समयमा पुनः टेण्डर आह्वान गर्ने, पुरानै सम्झौताबमोजिम निरन्तरता दिँदा महँगो पर्न जाने हुनाले यस विषयमा दूरसञ्चार प्राधिकरणसँग समेत सहकार्य गर्ने ।
- सार्वजनिक सेवाका सफ्टवेयरहरूको प्रयोग, सुरक्षा र नियन्त्रणको जाँच गर्न निकायगत परीक्षण (Audit) गर्नुपर्ने ।
- दूरसञ्चार सेवा प्रदायकहरूबाट रोयल्टी तथा राजस्वबापतको उठाउन बाँकी रहेको बक्यौता रकम अविलम्ब दाखिला गर्न लगाउने।

२१. सहरी विकास मन्त्रालय

- नगरपालिकाका पूर्वाधार डिजाइनको लागि परामर्श सेवा खरिद गर्दा खरिद विधि परिवर्तन र दोहोरोपना नहुने गरी स्पष्ट कार्यक्षेत्र र कार्यशर्त (Scope and Terms of Reference) का आधारमा प्रतिस्पर्धात्मक विधिबाट मात्र गराउने।
- सरकारी भवनहरूको क्षेत्रफल (Space) र अन्य मापदण्ड (Standard) स्पष्ट गरी एकरूपता कायम गरी मितव्ययिता अपनाउन निश्चित कार्यविधि निर्माण गर्ने।

- भवनहरू निर्माण सम्पन्न भएर प्रयोगमा आउने बित्तिकै चुहिने, चर्किने र अन्य खराबीहरू समेत देखिने गरेकाले निर्माणमा रहेका सबै आयोजनाहरूमा गुणस्तर प्रत्याभूति योजना (QAP) पालना गर्नुपर्ने, निर्माण सम्पन्नताको परीक्षण गरेर मात्र कार्य स्वीकार गर्नुपर्ने ।

२२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

- गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न पूर्वाधार, जनशक्ति र औषधि उपकरणको प्रभावकारी व्यवस्थापन गर्ने ।
- अस्पतालका उपकरणहरूको खरिद, सञ्चालन तथा नियमित मर्मत सम्भार गरी अविछिन्न सेवा प्रवाहको लागि कार्यालय प्रमुख उत्तरदायी हुने व्यवस्था मिलाउने ।
- माग विश्लेषणका आधारमा मात्रै उपकरण खरिद गर्ने र खरिद भएका उपकरणलाई अनिवार्य प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।
- सहुलियतपूर्ण उपचार, अनुदान, स्वास्थ्य बीमा लगायत विषयका मापदण्ड पालना गर्ने।
- स्वास्थ्य संस्थाहरूको क्षमता बिस्तारसँगै दरबन्दी वृद्धि नहुँदा दरबन्दी पुनरावलोकन गरी पर्याप्त स्वास्थ्य जनशक्ति व्यवस्था गर्ने।
- चिकित्सक तथा स्वास्थ्यकर्मीहरू कार्यालय समयमा समेत निजी स्वास्थ्य संस्थामा काम गर्ने प्रवृत्तिलाई अन्त्य गर्ने ।
- सरकारी अस्पतालमा फार्मेसी सेवा अनिवार्य गरी आवश्यक औषधिहरू सहज सहुलियत मूल्यमा उपलब्ध हुने व्यवस्था मिलाउने।
- निशुल्क वितरण गर्ने औषधि खरिदका लागि वार्षिक माग विश्लेषण गरी वहुवर्षीय विधिबाट पारदर्शीढंगले खरिद गरी नियमित आपूर्तिको व्यवस्था मिलाउने ।

२३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- आ-आफ्नो प्रदेशमा सुशासनको प्रत्याभूतिको लागि सार्वजनिक सेवामा सेवाग्राहीको सन्तुष्टिको स्तर बढाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने ।
- भ्रष्टारचारविरुद्धको शुन्य सहनशीलताको रणनीति कार्यान्वयनमा अन्य निकायहरू तथा सरोकारवालासँगको सहकार्य र सहभागितामा भ्रष्टचार न्यूनीकरणका उपायहरू अवलम्बन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने ।
- संघीय मन्त्रालयहरूलाई दिइएका मन्त्रालयगत सुझावहरू प्रदेश मन्त्रालयहरूसँग समेत सम्बन्धित र सान्दर्भिक हुने हुँदा प्रदेश मन्त्रालयहरूले पनि सोहीबमोजिम कार्यान्वयन गर्ने।

२४. स्थानीय तह

- प्रचलित कानुनद्वारा गर्न नमिल्ने कार्यसमेत कार्यपालिकाबाट निर्णय गराई कार्यान्वयन हुने कार्य रोकी कानुनबमोजिम मात्र काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने।
- स्थानीय तहको अधिकारक्षेत्रभित्र मात्र कर लगाउनुपर्ने, कानुनमा नतोकिएको विषयमा कर नलगाउने।

- गाउँपालिका वा नगरपालिकालाई प्राप्त सबै प्रकारका आम्दानीलाई स्थानीय सञ्चित कोषमा दाखिला गरी खर्च गर्ने व्यवस्था मिलाउने।
- बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी क्रियाकलापगत बजेट विनियोजन गर्नुपर्नेमा सो नगरी अवण्डामा ठूलो बजेट राख्ने र निवेदनका आधारमा तोक लगाई आयोजना संचालन तथा भुक्तानी गर्ने कार्य रोकी बजेट तर्जुमाकै चरणमा आयोजना तथा क्रियाकलापमा छुट्याएर बजेट विनियोजन गर्ने व्यवस्था गर्ने।
- विकास निर्माणका कार्यहरू संचालन र अनुगमन गर्दा एउटै कामलाई दोहोरो देखाई झुट्टा बिल, डोरहाजिरी, भरपाई एवं विवरण बनाई भुक्तानी लिने कार्य निषेध गर्ने ।
- स्थानीय तहमा बिना दरबन्दी राखिएका शिक्षक/कर्मचारीलाई तलब खुवाउनका लागि आयोजना/कार्यक्रमको नक्कली लागत इस्टिमेट तथा रनिङ बिल एवं प्रतिवेदन तयार गरी तलब लगायतमा खर्च गर्नका लागि भुक्तानी गर्ने कार्य बन्द गर्ने ।
- लागत अनुमान स्वीकृत गर्दा श्रमिकबाट गर्ने गरी स्वीकृत गर्ने तर निर्माण कार्यमा हेभी इक्विपमेन्टको प्रयोग गर्ने र निर्माण व्यवसायीले पेस गरेका बिल भरपाईका आधारमा उपभोक्ता समितिले भुक्तानी दाबी गर्ने कार्य बन्द गर्ने ।
- नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को ठेक्का, राजस्व संकलन तथा सो को उपयोगमा अनिवार्यरूपमा प्रारम्भिक वातावरणीय परीक्षण गराई पारदर्शीरूपमा प्रतिस्पर्धामा ठेक्का सम्झौता गर्ने व्यवस्था मिलाउने।
- विद्यमान खरिद कानुनअनुसार कार्य सम्पन्न भएपछि मात्र भुक्तानी दिनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा काम सम्पन्न नहुँदै उपभोक्ताको खातामा रकम अग्रिम जम्मा गरिदिने कार्य बन्द गर्ने।
- तालिम तथा क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरूको संख्या अत्याधिक तर प्रतिफल न्यून रहने, एउटै व्यक्ति धेरै कार्यक्रममा सहभागी हुने, एउटै प्रकृतिका कार्यक्रम विभिन्न निकायले सञ्चालन गरी उही व्यक्तिहरूलाई सहभागी गराउने जस्ता कार्य नियन्त्रण गरी उद्यमशीलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोग एवं स्थानीय आवश्यकता बमोजिम मात्र सञ्चालन गर्ने ।
- कतिपय स्थानीय तहबाट प्रचलित कानुनविपरीत हुने गरेका सल्लाहकार, निजी सहयोगी तथा स्वयंसेवकहरूको नियुक्ति एवं सेवा सुविधा उपलब्ध गराउने कार्य रोक्ने।
- स्थानीय तहहरूले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित वर्गको वास्तविक पहिचान गरी खण्डिकृत तथ्यांक अद्यावधिक गरी बैंकिङ प्रणालीबाट मात्र वितरण गर्ने व्यवस्था मिलाउने।
- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्दा स्थानीयस्तरमा बेरोजगारको तथ्यांक यकिन गरी वास्तविक बेरोजगारलाई प्राथमिकताका साथ रोजगारीका अवसर उपलब्ध गराउने।

परिच्छेद- ६
आयोगको रणनीति र आगामी कार्यदिशा

६.१ पृष्ठभूमि

नेपालको संविधान तथा भ्रष्टाचारसम्बन्धी कानुनले प्रदान गरेको जिम्मेवारी, भ्रष्टाचारविरुद्ध राज्यले अंगीकार गरेको नीति, आवधिक योजनाको सोच र रणनीति तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेतका आधारमा आयोगले आफ्नो, रणनीति, कार्यदिशा र कार्यक्रम तय गरी कार्यसम्पादन गर्दै आएको छ। संविधानको धारा ५१ (ख) को राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिको खण्ड (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने तथा धारा ५१ (ट) को न्याय र दण्ड व्यवस्थासम्बन्धी नीतिको खण्ड (३) मा राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति रहेको छ। संविधानको भाग २१, धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने जिम्मेवारी आयोगलाई सुम्पेको छ । साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचार जनिने कसुर, कसुरको दायरा र उक्त कसुर गरेमा हुने सजाय तथा अनुसन्धान, तहकिकात र मुद्दा दायरसम्बन्धी व्यवस्था र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । चालु पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) ले "समृद्ध नेपाल : सुखी नेपाली" को दीर्घकालीन सोच लिई भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतासहित सदाचारयुक्त समाज निर्माण गर्ने, भ्रष्टाचारविरुद्ध चेतनामूलक, निरोधात्मक एवं दण्डात्मक कामकारबाहीलाई प्रभावकारी बनाउने, सार्वजनिक सेवालाई जवाफदेही एवं पारदर्शी बनाउने र सार्वजनिक, निजी, गैरसरकारी, सहकारी, बैंकिङ क्षेत्रमा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी निजी क्षेत्रको सेवालाई गुणस्तरीय एवं सेवामूलक बनाउने लगायतका रणनीतिहरू लिएको छ ।

संघीय संसदद्वारा भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC) को अनुमोदन भई भ्रष्टाचारविरुद्धको विश्वव्यापी प्रतिवद्धता प्रतिको ऐक्यबद्धता र सहकार्यलाई आत्मसात गरिएको छ। साथै, नेपालले महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ, जसमा भ्रष्टाचार हुन नदिन प्रभावकारी अभ्यासहरूको विकास र प्रवर्द्धन गर्ने, भ्रष्टाचार हुनसक्ने सम्भाव्य निकाय र स्थानहरूको पहिचान गरी उच्चतम् निगरानी गर्ने तथा सार्वजनिक पदाधिकारीहरूमा सदाचार, इमान्दारिता र जिम्मेवारीको भावना विकास गर्ने विषयमा जोड दिइएको छ। यस कार्ययोजनामा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र जिम्मेवारीलाई समेत उल्लेख गरिएको छ। भ्रष्टाचार

नियन्त्रणसम्बन्धी उल्लिखित व्यवस्थाहरूबाट आयोगलाई उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत सुधारको रणनीति र कार्यदिशा अवलम्बनका लागि मार्गदर्शन प्राप्त भएको छ ।

६.२ आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१)

आयोगले आफ्नो जिम्मेवारीलाई प्रभावकारी र जनअपेक्षा अनुरूप पूरा गर्नका लागि संस्थागत प्राथमिकता सहित विगतमा तय गरीएका रणनीतिको समीक्षा, सम्बद्ध निकायसँगको सहकार्य, सार्वजनिक निकाय, सरोकारवाला तथा विज्ञ समूहको पृष्ठपोषणसमेतका आधारमा संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयन गरिरहेको छ। संस्थागत रणनीतिक योजनामार्फत आयोगले भ्रष्टाचारका परिवर्तित प्रवृत्तिमाथि नियन्त्रण, भ्रष्टाचार नियन्त्रणप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता साथै सार्वजनिक निकायहरूको संस्थागत सुधारका आयामहरूलाई समेत सम्बोधन गर्ने अपेक्षा लिएको छ। संस्थागत रणनीतिक योजनामा भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माणको दूरदृष्टि राखी राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल र सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिका लागि रणनीति, नीति, कार्यनीति एवं कार्यान्वयन योजना निर्धारण गरिएका छन्। यस रणनीतिक योजनाले मूलतः निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र संस्थागत सुदृढीकरणमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने उद्देश्य लिएको छ ।

क. उपचारात्मक रणनीतितर्फ : भ्रष्टाचारजन्य कार्यको प्रभावकारी पहिचान, अनुसन्धान र अभियोजनमा जोड दिइएको छ। जसअन्तर्गत आधुनिक प्रविधिको उपयोग, भ्रष्टाचारमा निगरानी, भ्रष्टाचारसँग सम्बन्धित सबै किसिमका सूचना व्यवस्थापन तथा इन्टेलिजेन्स संयन्त्रको सुदृढीकरण र भ्रष्टाचारसम्बन्धी उजुरीहरूको प्राथमिकीकरण गरी अनुसन्धान र अभियोजन कार्यलाई वस्तुनिष्ठ, विश्वसनीय एवं प्रभावकारी बनाउने नीति अंगीकार गरिएको छ । उजुरीहरूको छानबिन र अनुसन्धान कार्यलाई सक्षम बनाउन र भ्रष्टाचारजन्य कार्यको अनुसन्धानसँग सम्बन्धित दस्तावेजको सुरक्षा तथा अभिलेखीकरणका लागि प्रविधिको समुचित प्रयोग गर्ने, अनुसन्धान र अभियोजनमा निष्पक्षता, प्रभावकारिता र एकरूपताका लागि अदालतका नजिरको विश्लेषणका साथै अध्ययन अनुसन्धान गर्ने, भ्रष्टाचारका सम्भाव्य क्षेत्र पहिचान एवं विकास आयोजनाहरूको कार्य सम्पादनको अध्ययन तथा अनुसन्धान गरी भ्रष्टाचारजन्य कार्यको रोकथामका उपायहरू अवलम्बन गर्ने, आयोगका कार्यालयहरूबीच सूचना सञ्जालीकरण, आयोगको वेबसाइटमा सूचनादाता र उजुरीकर्ताको पहुँच अभिवृद्धि तथा आयोग र भ्रष्टाचार नियन्त्रणसम्बद्ध निकायहरूबीच सूचना सञ्जालको विकास गर्ने, आयोगको उजुरी छानबिन र वर्गीकरणका आधार तथा मापदण्ड तयार गरी उजुरीउपर निश्चित अवधिभित्र अनुसन्धान गर्दै उच्च जोखिमयुक्त र ठूला भ्रष्टाचारजन्य कार्यहरूलाई प्राथमिकतामा राखी अनुसन्धान र तहकिकात गर्ने कार्यनीतिहरू अवलम्बन गरिएको छ ।

ख. निरोधात्मक रणनीतितर्फ : कानुनी र संगठनात्मक संरचनाको सुदृढीकरण एवं परिचालन गर्दै भ्रष्टाचार नियन्त्रणमा सम्बद्ध सबै पक्षहरूलाई जिम्मेवार बनाउने कार्यमा जोड दिइएको छ । जसअन्तर्गत विभिन्न निकायहरूसँग समन्वय, साझेदारी तथा सहकार्यमा जोड दिई सम्बद्ध

निकायहरूलाई भ्रष्टाचार न्यूनीकरणका उपायहरू अवलम्बन गर्न प्रोत्साहित गर्ने, भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनी सुधार, भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना परिमार्जन एवं सार्वजनिक सेवा प्रवाहसम्बन्धी निकायका पदाधिकारीहरूको आचारसंहिताको तर्जुमा र कार्यान्वयनमा जोड दिइएको छ । सार्वजनिक सेवाप्रवाह, सार्वजनिक निर्माणका ठेक्का तथा खर्च प्रक्रियालगायत प्रशासकीय विधि तथा आवधिक/वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सुधारका लागि पहलकदमी लिने, भ्रष्टाचारको जोखिमपूर्ण क्षेत्र पहिचान गरी आयोजना तथा कार्यालयहरूमा निगरानी राख्ने, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, संजालीकरण र साझेदारी प्रवर्द्धन गर्दै नवीनतम् ज्ञान र सीप तथा असल अभ्यासहरूको अवलम्बन गर्ने कार्यनीति लिइएको छ ।


ग. **प्रवर्द्धनात्मक रणनीति**का रूपमा सरोकारवाला पक्षहरूका बीचमा चेतना, समन्वय, सञ्जाल र ऐक्यबद्धता अभिवृद्धि गर्ने कार्यलाई आत्मसात गरिएको छ । जसअन्तर्गत भ्रष्टाचारविरुद्ध विभिन्न पक्षको सहभागिता र प्रतिबद्धता अभिवृद्धि गर्न आवश्यक भएकाले सम्बद्ध पक्षको अभिमुखीकरणका साथै विभिन्न सरोकारवाला निकायबीच संजाल विकास गर्ने, भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गरी भ्रष्टाचारप्रति असहिष्णु प्रवृत्तिलाई सशक्त बनाउने, सदाचारयुक्त व्यवहार र कार्यप्रणाली आत्मसात गर्न प्रोत्साहित गर्ने र यसका लागि सूचना, शिक्षा तथा सञ्चार सामग्रीको तयारी र वितरण गर्ने एवं उपलब्ध प्रचारप्रसारका माध्यमहरूको समुचित उपयोग गर्ने तथा सामाजिक अभियान संचालन गर्ने कार्यमा जोड दिइएको छ ।

घ. **आयोगको संस्थागत क्षमता विकास रणनीति**का रूपमा संस्थागत सुशासनको सुदृढीकरण र क्षमता अभिवृद्धिको कार्यलाई अगाडि बढाइएको छ । जसअन्तर्गत सूचना प्रविधिको उपयोगलाई बढावा दिई स्वचालित कार्यालय संचालन प्रणाली कार्यान्वयन, डिजिटल उपकरणको प्रभावकारी प्रयोग, संगठनात्मक संरचनालाई समयानुकूल सुदृढीकरण, सूचना तथा अभिलेख प्रणाली सुदृढीकरण, भौतिक पूर्वाधार विकास, जनशक्तिको क्षमता विकास एवं अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणाली सुदृढीकरणमा जोड दिइएको छ । आयोगको कानुनी तथा संस्थागत दायरा फराकिलो बनाई प्रभावकारीरूपमा भ्रष्टाचार न्यूनीकरण गर्न पहलकदमी लिने तथा भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले व्यवस्था गरेका अवसर र दायित्व निर्वाह गर्न राष्ट्रिय कानुनलाई समसामयिक परिमार्जनसहित कार्यान्वयनमा ल्याउन पहल गर्ने कार्यनीति अवलम्बन गरिएको छ ।

यस रणनीतिको कार्यान्वयन योजनाले कानुन तथा कार्यप्रक्रियामा सुधार, पूर्वाधार तथा क्षमता विकास एवं सञ्चार तथा अनुसन्धानमूलक क्रियाकलापहरू अगाडि सारेको छ । कानुनी सुधारतर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐन संशोधनका साथै आवश्यक कार्यविधिहरूको तर्जुमा र परिमार्जन तथा कार्यप्रक्रिया सुधारतर्फ एकीकृत अभिलेख प्रणाली र स्वचालित कार्यालय संचालन प्रणालीको स्थापनामा जोड दिइएको छ । पूर्वाधार विकासतर्फ कार्यालय भवन, इन्जिनियरिङ ल्याब, थुनुवा घर र बयान कक्ष निर्माण एवं क्षमता विकासतर्फ अभिमुखीकरण, विशिष्टीकृत तालिम, वैदेशिक तालिम र अन्तर्राष्ट्रिय सभा सम्मेलनमा सहभागितामा जोड दिइएको छ । प्रभावकारी सञ्चारतर्फ

डकुमेन्ट्री/श्रव्यदृश्य सामग्री निर्माण र प्रसारण लगायत टेलिभिजन कार्यक्रम तथा सूचना सम्प्रेषणका कार्यक्रम कार्यान्वयनमा जोड दिइएको छ। अध्ययन/अनुसन्धानतर्फ अदालतबाट भएका भ्रष्टाचारसम्बन्धी फैसलाको विश्लेषण, भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनको विश्लेषण, भ्रष्टाचारको जोखिम विश्लेषण, सुशासन परीक्षण एवं सेवाग्राही सन्तुष्टि सर्वेक्षणलगायतका अध्ययन/अनुसन्धानका कार्यहरू अगाडि सारिएको छ। समग्रमा आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) लाई देहायबमोजिमको चित्रमा प्रस्तुत गरिएको छ।

चित्र ६.१: आयोगको संस्थागत रणनीतिक योजना : दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा नीतिहरू



६.३ आयोगको संस्थागत रणनीतिक योजना (२०७६।७७-२०८०।८१) को मध्यावधिक समीक्षा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७–२०८०/८१) को मध्यावधिक समीक्षासहित मूल्यांकन गर्ने गरी स्वतन्त्र अध्ययन गराइएको थियो। आयोगमा पेश गरिएको उक्त अध्ययन प्रतिवेदनअनुसार रणनीतिक योजनाको कार्यान्वयनबाट भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा सकारात्मक वातावरण सिर्जना भए तापनि रणनीति कार्यान्वयनको लागि थप क्षेत्रमा सुधारको आवश्यकता रहेको निष्कर्ष रहेको छ । सो बमोजिम बाँकी अवधिमा योजनाले निर्दिष्ट गरेका प्रतिफल, असर तथा प्रभाव तहका नतिजा हासिल गर्न प्रदान गरिएका सुझावहरू देहायबमोजिम रहेका छन् । प्राप्त सुझावबाट तोकिएको समय र लागतमै लक्ष्य हासिल हुने गरी आगामी दिनमा कार्यसम्पादन गर्न आयोगलाई मद्दत पुग्ने अपेक्षा गरिएको छ।

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संस्थागत रणनीतिक योजनाको कार्यान्वयनमा सार्वजनिक निकायको स्वामित्व र क्रियाशीलता बढाउन ती निकाय सम्बद्ध कार्यनीति तथा क्रियाकलापको कार्यान्वयनमा जिम्मेवार बनाई नियमित रूपमा अनुगमन गर्ने प्रणाली विकास गर्ने,

२. भ्रष्टाचार र अनियमितताको स्वरूप र क्षेत्र विस्तारित भइरहेको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को प्रस्तावित संशोधनमार्फत आयोगको भूमिकालाई थप सुदृढ र सवल बनाउन आयोगको तर्फवाट संघीय-संसदसँग समन्वय गर्ने,

३. भ्रष्टाचार नियन्त्रणमा राजनीतिक स्वामित्व बढाउन बहस, पैरवी र नागरिक परिचालन गर्ने,

४. रणनीतिक योजनाको कार्यान्वयनबाट भ्रष्टाचार अनुभूति सूचकांकमा सुधार गर्ने अपेक्षित प्रभावलाई पुनर्विचार गर्ने । सम्बद्ध अन्य निकायलाई समेत परिचालन गरी उक्त सूचकांकमा सुधार ल्याउन आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

५. भ्रष्टाचार नियन्त्रणका लागि असल शासनको स्केलमा सुधार गरी योजनाको अन्तिम वर्षमा राखिएको लक्ष्य प्राप्त गर्न आयोगको प्रयासले मात्र पूर्णता पाउन नसक्ने हुँदा भ्रष्टाचार नियन्त्रणमा क्रियाशील रहेका सबै निकाय तथा मन्त्रालय, सचिवालय एवं आयोगलाई जिम्मेवार बनाउन भ्रष्टाचार नियन्त्रणका लागि ती निकायको प्रमुखलाई जवाफदेही बनाउने र आयोगले ती पदाधिकारीको कार्य र भूमिकाको अनुगमन गर्ने प्रणाली विकास गर्ने ।

६. सार्वजनिक पदाधिकारीलाई आफ्नो पारिभाषित जिम्मेवारीमा केन्द्रित गराउन आयोगको अनुगमन प्रणालीलाई सबल र सुदृढ बनाउने,

७. भ्रष्टाचार नियन्त्रणका लागि कानुनी अधिकार प्राप्त निकायबाट हुने अनुसन्धान, तहकिकात तथा अभियोजनलाई प्रभावकारी बनाउन आयोग र ती निकायको बीचमा कार्यगत अन्तर्सम्बन्ध विकास गर्ने । भ्रष्टाचारजन्य सूचनाको आदान प्रदान गर्न विद्युतीय प्रणाली निर्माण गरी राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्रका बीचमा अन्तरआबद्धता कायम गर्ने,

८. आयोगले भ्रष्टाचार तथा अनियमितताको नियन्त्रणका लागि कानुनी अधिकार प्राप्त निकायबाट हुने अनुसन्धान, तहकिकात एवं अभियोजन प्रक्रियामा स्तरीकरण कायम गरी

भ्रष्टाचारजन्य मुद्दामा अदालतबाट हुने निर्णयको सफलताको मात्रा बढाउन कार्य संचालन कार्यविधि (Standard Operating Procedure) को तर्जुमा र परिमार्जनमा जोड दिएको छ । प्रक्रियागत अस्पष्टता एवं त्रुटिका कारण भ्रष्टाचारजन्य मुद्दामा हुन सक्ने असफलतालाई निदान गर्न यस प्रकारको कार्यविधिको तर्जुमा उपयुक्त हुने हुँदा राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा कार्यविधि तर्जुमा र परिमार्जनको कार्यमा सहयोग गरी कार्यान्वयनको नियमित अनुगमन गर्ने । साथै, भ्रष्टाचार र अनियमितता जन्य घटनाको निरोधका लागि प्रत्येक सार्वजनिक निकायमा कार्य संचालन कार्यविधि तर्जुमा गर्न निर्देशन दिनुका अतिरिक्त कार्य सम्पादनमा उक्त कार्यविधिको पालनाको अनुगमन गर्न सम्बन्धित मन्त्रालयलाई परिचालन गर्ने,

९. रणनीतिक योजनाको रणनीति, कार्यनीति तथा क्रियाकलापका बीचमा समन्वय तथा सामञ्जस्यीकरण कायम गर्न आवश्यकतानुसार कार्यनीति र क्रियाकलापलाई समायोजन गर्ने,

१०. भ्रष्टाचारजन्य कार्यको अनुसन्धानको दायरामा उच्चपदस्थ कर्मचारी, निर्वाचित र मनोनीत पदाधिकारीलाई ल्याउन अनुसन्धान विधि तथा अनुसन्धान क्षमतामा सुधार गर्ने,

११. भ्रष्टाचार र अनियमितता नियन्त्रण साझा राष्ट्रिय मुद्दाको रूपमा स्थापित गर्न राजनीतिक दलका बीचमा साझा बुझाइ र ऐक्यबद्धता कायम गराउन नागरिक समाजमार्फत दबाब सिर्जना गर्ने,

१२. आयोगको गतिविधि तथा क्रियाकलापलाई निष्पक्ष, पारदर्शी एवं प्रभावकारी बनाउन स्रोत, साधन, कानुन तथा प्रणाली निर्माण गर्न सम्बद्ध सबैसँग समन्वय गर्ने,

१३. रणनीतिक योजनाको प्रतिफल संख्यात्मक रूपमा सन्तोषजनक देखिए तापनि गुणात्मक र लक्ष्यित वर्ग केन्द्रित हुन नसकेकाले गुणस्तरीय तथा प्रमाण केन्द्रित अनुसन्धान, अभियोजन क्षमता विकास गर्ने,

१४. आयोगमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रम निरन्तर रूपमा संचालन गर्ने व्यवस्था मिलाउने । भ्रष्टाचारका नवीन प्रवृत्तिलाई पहिचान गर्न सक्ने सक्षम अनुसन्धान पद्धति विकास गर्ने,

१५. भ्रष्टाचार नियन्त्रणको प्रभावकारिता बढाउन भ्रष्टाचार नियन्त्रणमा प्रत्यक्ष एवं परोक्ष रूपमा क्रियाशील निकाय तथा भ्रष्टाचार अनुभूति सूचकांकका आधारसँग सम्बन्धित निकायका बीचमा समन्वय कायम गरी ती निकायलाई जिम्मेवार बनाउनुका साथै प्रस्तुत कार्यमा आयोगले नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

१६. आयोगले प्रयोगमा ल्याएका प्रणालीको अन्तरआबद्धता एवं प्रणाली संचालनको दक्षता कायम गर्ने,

१७. भ्रष्टाचार नियन्त्रणको सम्पूर्ण अभिभारा आयोगमा मात्र केन्द्रित गर्ने विद्यमान सोचमा सुधार गर्न भ्रष्टाचार नियन्त्रणमा विभिन्न निकायलाई जिम्मेवार बनाउन निकायगत जिम्मेवारीको पुनर्परिभाषा गरी रणनीतिक योजनाका क्रियाकलापको कार्यान्वयनमा ती निकायलाई जिम्मेवार बनाउने,

१८. भ्रष्टाचार र अनियमितताको नियन्त्रणमा निजी क्षेत्रलाई उपचारात्मक र प्रवर्द्धनात्मक रणनीतिमा परिचालन गर्ने । निजी क्षेत्रको भूमिका रणनीतिक योजनामा समावेश गर्ने,

१९. भ्रष्टाचारको अभियोगमा आयोगले दायर गरेका मुद्दाको सफलताका लागि प्रमाणमा आधारित सवल अनुसन्धान, अभियोजनकर्ताको क्षमता विकास तथा न्यायिक निकायसँगको नियमित अन्तरक्रियालाई प्रभावकारी बनाउने । भ्रष्टाचारको सन्दर्भमा अदालतबाट भएका निर्णयको समीक्षा गरी अनुसन्धान पद्धतिलाई तदनुरूप सुधार गर्न न्यायपालिकासँगको समन्वयलाई सुदृढ बनाउने,

२०. भ्रष्टाचार नियन्त्रणको प्रयासमा नागरिक समाजको पूर्वक्रियाशील एवं उत्प्रेरित भूमिकाका लागि नागरिक समाजको विश्वास आर्जन गर्ने,

२१. नियमनकारी निकायको भूमिका, क्रियाकलाप तथा पदाधिकारीको आचरणउपर विशेष निगरानी राखी कारबाही बढाउने,

२२. आयोगबाट भ्रष्टाचार नियन्त्रणका लागि संचालित कार्यविधिगत क्रियाकलापको गुणात्मक पक्षमा सुधार गर्ने । आयोगको भूमिका र कार्य गल्ती गर्ने पदाधिकारी लक्षित बनाउने,

२३. भ्रष्टाचार नियन्त्रणमा अन्तर्राष्ट्रिय असल अभ्यासको अनुशरण, व्यक्तिको जीवनशैली, रहनसहन तथा सम्पर्क एवं समाजमा प्रदर्शित गरेको व्यवहारबाट प्राप्त हुने सूचनासहितको अप्रत्यक्ष विधिको प्रयोग, सूचना; तथ्यांक र जानकारीको सञ्जालीकरण विकास गर्ने । शंकास्पद गतिविधि, क्रियाकलाप र व्यवहारलाइ नियन्त्रण गर्ने,

२४. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९ को प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई उपलब्ध गराइएको सुझाव कार्यान्वयनको अनुगमन गर्ने र आयोगको तर्फबाट सम्पादन गर्नुपर्ने कार्यका लागि आयोगको योजना, अनुगमन तथा मूल्यांकन महाशाखालाई जिम्मेवार इकाइको रूपमा तोकी महासन्धिको कार्यान्वयनलाई तीव्र बनाउने ।

२५. भ्रष्टाचार र अनियमितताको निमित्त सहयोग पुग्ने गरी हुने नीतिगत निर्णयउपर निगरानी बढाउनुका साथै प्रशासकीय पदाधिकारीलाई यस प्रकारका निर्णयमा सजग गराउने,

२६. भ्रष्टाचार र भ्रष्टाचारजन्य कार्यका लागि आवश्यक दक्ष जनशक्ति विकास गरी स्थिरीकरणका लागि प्रोत्साहन, सुविधा तथा सुरक्षाको सुनिश्चितता दिने । कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिने,

२७. रणनीतिक योजनामा निर्दिष्ट गरिएका क्रियाकलापमध्ये पहिलो तीन वर्षमा सम्पादन हुन नसकेका र पूर्ण रूपमा उपलब्ध हासिल हुन नसकेको क्रियाकलापलाई पुनर्संरचना गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

२८. रणनीतिक योजना अन्तर्गतका कार्यक्रमको कार्यान्वयन प्रक्रियामा जवाफदेहिता प्रवर्द्धन गर्न आयोगका सम्बन्धित पदाधिकारीसँग कार्य सम्पादन सम्झौता गर्ने,

२९. योजनामा अनुमान गरिएको योजना कार्यान्वयनको लागत अनुमान क्रियाकलापको संचालनका लागि आवश्यक पर्ने रकमभन्दा न्यून आंकलन गरिएको कारण योजना कार्यान्वयनको कुल लागत अनुमान सही रूपमा यकिन हुन नसकेको हुँदा योजनाको बाँकी

अवधिमा सम्पादन गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने रकमको आँकलन सही तथा तथ्यपरक रूपमा गरी वार्षिक बजेटमा समावेश गर्ने ।

३०. रणनीतिक योजना कार्यान्वयनको व्यवस्थित अनुगमन प्रणाली विकास गर्ने । आयोगको क्रियाकलापको प्रभावकारिता मापन गर्न आयोगको तर्फबाट अल्प अवधिको क्षेत्रगत सर्वेक्षण संचालन गरी अन्तर्राष्ट्रिय प्रतिवेदनसँग सामञ्जस्यता कायम गर्ने ।

६.४ आयोगको आगामी कार्यदिशा

चालू संस्थागत रणनीतिक योजनाले तय गरेका नीति, रणनीति, कार्यनीति र मुख्य क्रियाकलापलाई निरन्तरता सहित थप सुधारका कार्यहरू समावेश गरी आगामी कार्यदिशा तय गरिएको छ। अनुसन्धान तथा छानबिनको सक्षमता विकास, सूचना प्रविधि तथा व्यवस्थापन, कानुनी तथा कार्यप्रक्रियागत सुधार, सञ्चार तथा ज्ञान हस्तान्तरण, पूर्वाधार निर्माण, प्रतिवेदन र अध्ययन अनुसन्धान एवं अनुगमन तथा मूल्यांकनसम्बन्धी क्रियाकलापहरूका आधारमा आयोगले रणनीतिक योजनाले तय गरेका उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक तथा संस्थागत क्षमता विकाससम्बन्धी रणनीतिका आधारमा आगामी कदमहरू अगाडि बढाउने छ। अनुसन्धान र अभियोजनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउँदै अन्य निकायसँगको समन्वय र सहकार्यलाई समेत जोड दिई आयोगले विगतमा तय गरेका देहायका विषयहरूको कार्यदिशालाई नै आवश्यक परिमार्जनसहित प्रभावकारी कार्यान्वयन गर्नु नै आयोगको भावी कार्यदिशा रहनेछन् । साथै आयोगले स्वतन्त्र निकायबाट गराएको संस्थागत रणनीतिक योजनाको आवधिक मूल्यांकन प्रतिवेदनबाट प्राप्त सुझावहरूलाई समेत सम्बोधन गर्ने गरी आगामी कार्यहरू संचालन गरिनेछ ।

१. उजुरीका विषयको गम्भीरता, समाजलाई हुनसक्ने हानि नोक्सानी र स्थापित हुन सक्ने गलत प्रवृत्तिलाई आधार लिई उजुरीहरूको वर्गीकरण तथा प्राथमिकता निर्धारण गरी अनुसन्धान गर्ने पद्धति विकास गरिनेछ। यस आधारमा तुलनात्मक रूपमा उजुरीहरूलाई उच्च, मध्यम र न्यून जोखिमयुक्त तहमा विभाजन गरी छुट्टा-छुट्टै अनुसन्धान सेलद्वारा वस्तुपरक, निष्पक्ष र सक्षम ढंगले निश्चित समयभित्रै नतिजा हासिल हुने गरी अनुसन्धान गरिनेछ।

२. आयोगले कामकारबाही गर्दा उजुरी तथा सूचनामा मात्र सीमित नभई भ्रष्टाचारका उच्च जोखिम क्षेत्र र कारोबार पहिचान गर्न आफ्नै इन्टेलिजेन्स संयन्त्र परिचालन गरी गरिने कार्यहरूलाई थप विस्तार गर्दै लगिनेछ।

३. क्षेत्रगत विशेषज्ञता हासिल हुने गरी कर्मचारीहरूको क्षमता विकास गर्दै छानबिन, अनुसन्धान र अभियोजन कार्यमा परिचालन गरिनेछ । अनुसन्धान विधि र पद्धतिको प्रभावकारिता अध्ययन तथा अनुसन्धान अधिकृतहरूको क्षमता विकासका साथै मनोबल अभिवृद्धि र तनाव व्यवस्थापनका लागि प्रभावकारी कार्यक्रमहरू संचालन गरिनेछ।

४. आयोगका कामकारबाहीलाई कुनै प्रकारको दबाब, अवरोध र आग्रह-पूर्वाग्रहबाट प्रभावित हुन नदिई न्यायपूर्ण, निर्भीक, स्वच्छ र सक्षम ढंगले सम्पादन हुने गरी कार्यवातावरणमा थप सुधार गरिनेछ।

५. समाजमा आयोगप्रतिको साख भरोसा र विश्वास अविछिन्न रूपमा अभिवृद्धि गर्न आयोगका पदाधिकारी तथा कर्मचारीमा असल आचरण, सरल जीवन पद्धति र नागरिकमैत्री व्यवहार अभिवृद्धि हुने गरी निरन्तर सुधारमा जोड दिइनेछ।

६. आयोगमा प्राप्त हुने उजुरीहरूको अभिलेख, कार्यसम्पादन प्रक्रिया, प्रमाण संकलन तथा परीक्षण कार्यमा सुधार गर्न सुरक्षित, भरपर्दो र प्रभावकारी सूचना तथा सञ्चार प्रविधि प्रणालीको महत्तम उपयोगलाई उच्च प्राथमिकता दिइनेछ। सूचनाको विश्लेषण र मातहतका कार्यालयहरूबीच सञ्जालीकरणमा यस्तो प्रविधिलाई उच्चतम प्रयोगमा ल्याइनेछ।

७. अनुसन्धान र अभियोजनसम्बन्धी कार्यविधि तथा दिग्दर्शनको निर्माण, परिमार्जन र कार्यान्वयन, अभियोजन नीति तथा अदालतका नजिरको विश्लेषण जस्ता कार्यहरूलाई निरन्तरता दिइनेछ।

८. भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि पालनाका लागि मौजुदा कार्ययोजनाको कार्यप्रगतिको समीक्षा गरी सुधार सहितको कार्यान्वयनलाई महत्व दिइनेछ।

९. आयोगको संगठनात्मक संरचनामा समयानुकूल सुदृढीकरण गरी ज्ञान, सीप, अनुभव, प्रविधि र अन्तर्राष्ट्रिय असल अभ्यासको उपयोग गर्दै आयोगको बहुपक्षीय सक्षमता विकास गरिनेछ।

१०. आयोगका कर्मचारीको कार्यसम्पादनसँग आवद्ध गरी प्रोत्साहन प्रणालीको कार्यान्वयन गरिनेछ।

११. आयोगबाट अधिकार प्रत्यायोजन भएका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अभिमुखीकरणमार्फत ज्ञान, सीप तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरूको अनुभवमार्फत क्षमता विकास गरिनेछ।

१२. आयोगको अनुगमन, मूल्यांकन र प्रतिवेदन प्रणालीलाई नतिजा प्रणालीमा आबद्ध गरी समयानुकूल सुढृढीकरण गर्दै लगिनेछ।

१३. आयोगले अवलम्बन गरेका असल अभ्यास, नीति, प्रशिक्षण सामग्री जस्ता स्रोतहरूको विद्युतीय अभिलेखीकरण, सूचना तथा स्रोत केन्द्र सुदृढीकरण र यसका लागि आवश्यक पर्ने पूर्वाधारको विस्तार गरिनेछ।

१४. आयोगका पूर्व पदाधिकारी र विज्ञ, नागरिक समाजका प्रबुद्ध व्यक्तिहरू, यस क्षेत्रमा क्रियाशील सञ्चारकर्मीहरूसँग निरन्तर संवाद मार्फत प्राप्त हुने पृष्ठपोषणलाई आन्तरिकीकरण गरी आवश्यक सुधार गर्दै लगिनेछ।

१५. आयोगबाट अभियोजन गरिएका र सजाय पाएका व्यक्तिहरूको एकीकृत अभिलेख प्रणाली विकास गरिनेछ। साथै आयोगले सुझावसहित लेखी पठाएका विषयहरूको कार्यान्वयनसमेतलाई अनुसन्धानको क्रममा अंग बनाइनेछ ।

१६. भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायहरू, अनुगमन तथा नियमनकारी निकायहरू र नागरिक समाजबीच समन्वय र साझेदारीलाई प्रभावकारीताका साथ निरन्तरता दिइनेछ ।

१७. ठूला आयोजना/परियोजना, राष्ट्रिय गौरवका आयोजना/परियोजना तथा सार्वजनिक निर्माणको ठेक्का तथा खर्चबारे अध्ययन/अनुसन्धान, भ्रष्टाचार सम्भाव्य आयोजना तथा कार्यालयहरूमा विशेष निगरानीको कार्यलाई सुदृढ गरी निरन्तरता दिइनेछ।

१८. सफलरूपमा कार्यान्वयन भएका र कार्यान्वयनमा समस्या देखिएका दुवै प्रकृतिका विकास आयोजनाहरूको तुलनात्मक अध्ययन तथा विकास आयोजनाको कार्यसम्पादनका क्रममा भ्रष्टाचार हुने सम्भावित चरण र तरिकाहरूको पहिचान गरी रोकथाम र नियन्त्रणका उपायहरू अवलम्बन गरिनेछ।

१९. भन्सार, कर, उद्योग, वाणिज्य, अध्यागमन, मालपोत, श्रम, यातायात क्षेत्र जस्ता बढी जोखिम र सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्क हुने निकायहरूमा आयोगबाट विशेष निगरानी गरी सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन पहल गरिनेछ।

२०. आयोग मातहतका आठवटै कार्यालयहरू र अधिकार प्रत्यायोजन गरिएका निकायहरूलाई आफ्नो कार्यक्षेत्रभित्रका सार्वजनिक निकायहरूबाट हुन सक्ने भ्रष्टाचारजन्य गतिविधिहरू नियन्त्रण गर्ने कार्यमा प्राथमिकता तोकी परिचालन गरिनेछ।

२१. प्रशासनिक र सार्वजनिक खरिदसम्बन्धी निर्णयसमेत नीतिगत निर्णयका रूपमा मन्त्रिपरिषद्मा पेस गर्ने परिपाटी निरुत्साहित गर्न कानुनी सुधारका लागि पहल गरिनेछ।

२२. अनुसन्धानलाई तथ्यपरक बनाउन आयोगमा स्थापित इन्जिनियरिङ ल्याबहरूको उच्चतम प्रयोग गरी प्राविधिक परीक्षणको माध्यमबाट गुणस्तरमा जोड दिइनेछ।

२३. आयोगका कामकारबाहीहरूलाई अध्ययन अनुसन्धानमा आधारित तुल्याउन र भ्रष्टाचारजन्य कार्यका कारणहरू पहिचान एवं सोको निवारणका आधारभूत सूचकांक निर्माण गर्न विश्वविद्यालय तथा अध्ययन प्रतिष्ठानसँगको सहकार्यमा कार्यक्रमहरू संचालन गरिनेछ।

२४. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न संजालीकरण र साझेदारी, भ्रष्टाचार नियन्त्रणमा अन्य मुलुकको अनुभवलाई स्थानीयकरण एवं राष्ट्रिय/अन्तर्राष्ट्रिय नवीनतम ज्ञान, सीप र अभ्यास अवलम्बन गर्न विशेष पहल गरिनेछ।

२५. भ्रष्टाचार गरी गैरकानुनी सम्पत्ति आर्जन गर्ने प्रवृत्ति नियन्त्रण र यसमा समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन, भ्रष्टाचारप्रति असहिष्णु प्रवृत्तिलाई सशक्त बनाउन तथा सदाचारयुक्त व्यवहार र कार्यप्रणाली स्थापित गर्न सूचना, शिक्षा, सञ्चार सामग्रीको प्रयोग समेत गरी सचेतना तथा जागरण अभियान संचालन गरिनेछ।

२६. भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धन सम्बन्धमा प्रदेश, तथा स्थानीय तहस्तरमा अन्तरक्रिया र अभिमुखीकरण, विद्यालयस्तरमा सामुदायिक शिक्षा र पाठ्य सामग्रीमा सुधार र सरोकारवालासँग गोष्ठी, छलफल र तालिमजस्ता कार्यक्रमहरू संचालन गरिनेछ।

२७. नागरिक समाज/गैरसरकारी संस्था एवं सामुदायिक संस्था, सञ्चार क्षेत्रबाट भएका सत्प्रयास र राष्ट्रसेवकबाट भएका सदाचारयुक्त कार्यसम्पादनको प्रशंसा, सम्मान र पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ।

२८. भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्थाको विस्तार र परिचालन एवं सरोकारवाला र सम्बद्ध पक्षबीच संजाल निर्माण र विस्तारलाई जोड दिइनेछ।

२९. आयोगमा परेका उजुरीहरूलाई शीघ्र फछ्यौंट हुने गरी छानबिन तथा अनुसन्धान प्रणालीको सुदृढीकरण गरिनेछ । अनुसन्धान तहकिकातलाई प्रभावकारी बनाउँदै विस्तृत अनुसन्धानमा रहेका उजुरीहरूलाई सत्यतथ्यसहित यथासम्भव छिटो टुंगाउने गरी अनुसन्धान अधिकृतबाट कार्यसम्पादन गरिनेछ ।

३०. आयोगको अनुसन्धान र अभियोजन प्रणालीलाई निष्पक्ष, तटस्थ र त्रुटिरहित तवरबाट संचालन गर्दै निर्दोष कारबाहीको भागिदार नहुने र दोषी कारबाहीबाट उम्कन नपाउने गरी कार्यसंचालन गरिनेछ ।

उपसंहार

नेपालको संविधान तथा कानुनले निर्दिष्ट गरेबमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गरी दोषीउपर अख्तियारप्राप्त अदालतमा मुद्दा दायर गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल जिम्मेवारीलाई निर्भीकता, निष्पक्षता र सक्षमताका साथ सम्पादन गर्न तथ्य एवं प्रमाणमा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्दै प्रचलित विधि, पद्धति र आन्तरिक कार्यविधि, निर्देशिका, मापदण्ड एवं आचार संहितालाई आधार लिने गरिएको छ। भ्रष्टाचारसम्बन्धी अनुसन्धानको कार्य जटिल र संवेदनशील हुने हुँदा आयोगले कानुनको प्रयोगमा पूर्ण निष्पक्षतासहित अधितकम सावधानी अपनाउने गरेको छ। आयोगले आफ्ना कामकारबाहीमा थप प्रभावकारिताका लागि संघ, प्रदेश र स्थानीय तह, सञ्चार जगत र प्रबुद्ध नागरिक समाजसँगको सहकार्य र समन्वयलाई समेत उत्तिकै महत्वका साथ अगाडि बढाएको छ। भ्रष्टाचार विरुद्धका हाम्रा अन्तर्राष्ट्रिय प्रतिबद्धता र सन्धि, सम्झौताहरूले सिर्जना गरेका साझा दायित्वहरू निर्वाह गर्न आयोग दृढताका साथ लागिपरेको छ।

आयोगको प्रस्तुत बत्तिसौं वार्षिक प्रतिवेदनको अवधिमा प्राप्त उजुरीउपर वस्तुनिष्ठ छानबिन र अनुसन्धान गर्ने, तथ्य एवं प्रमाणको आधारमा दोषी देखिएमा विशेष अदालतमा आरोपपत्र दायर गर्ने, उजुरीको विषयवस्तुको आधारमा सम्बन्धित निकायमा लेखी पठाउने, पर्याप्त आधार र प्रमाण नदेखिएका उजुरीलाई कानुनबमोजिम तामेली गर्ने तथा आयोग सहमत हुन नसकेका अदालतका फैसलामा पुनरावेदन गर्ने निर्णयहरू भएका छन्। यसका अतिरिक्त आयोगले भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले संचालन गरेका अन्तरक्रिया, गोष्ठी, सामुदायिक शिक्षा र सचेतनाजस्ता कार्यक्रमहरू, सन्देशमूलक सामग्रीहरूको प्रकाशन र प्रसारणजस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरू र ऐन, नियम, कार्यविधि, कार्य प्रणालीहरूको समयानुकूल सुधारका लागि सुझाव प्रदान जस्ता निरोधात्मक कार्यहरू संचालन गरी सो को विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ। यी कार्यहरूले भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धनमा सकारात्मक भूमिका निर्वाह गर्ने र समाजलाई भ्रष्टाचारविरुद्ध सजग, सतर्क र संवेदनशील हुनलाई प्रेरणा दिने आशा लिइएको छ। यस प्रतिवेदनमार्फत आयोगमा परेका उजुरी र तिनको अनुसन्धानसम्बन्धी तथ्यांक र प्रवृत्तिहरूको विश्लेषण गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूलाई सुधारका लागि दिइएका सुझावहरूलाई गम्भीररूपमा लिई सम्बोधन हुनेछ भन्ने अपेक्षा गरिएको छ।

आयोगको चौंथो संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) ले तय गरेका निरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीति अनुरूपका कार्यहरूलाई निर्धारित समय र स्रोत साधनभित्रै सम्पादन गर्ने गरी अगाडि बढाइएको छ। निर्णय गर्दा कसैप्रति पनि कुनै प्रकारको आग्रह र पूर्वाग्रह नराखी तटस्थ, निष्पक्ष र वस्तुगतढंगले कार्यसम्पादन गर्न आयोग दृढ संकल्पित रहेको छ। कार्यसम्पादनलाई सरल, सहज, आधुनिक र विश्वसनीय बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग एवं आन्तरिक कार्यशैली र कार्य वातावरणमा निरन्तर सुधारलाई उच्च प्राथमिकतामा राखिएको छ। संगठनको आन्तरिक संरचना, कर्मचारीको क्षमता विकास, सुविधा र मनोबलमा सुधारका साथै सम्बद्ध निकायहरू सँगको असल सम्बन्ध विस्तारलाई आयोगले महत्व दिंदै आएको छ।


आधुनिकतासँगै भ्रष्टाचारका नयाँ नयाँ प्रवृत्ति, स्वरूप र आयामहरूको विकास भइरहेको सन्दर्भमा त्यस्ता प्रवृत्तिहरूको वस्तुगत अनुसन्धान गरी दोषीलाई कानुनको दायरामा ल्याउने चुनौतीहरू थपिएका छन् । गत वर्ष समेत कोभिड-१९ महामारीको प्रभावले आयोगका छानबिन तथा अनुसन्धानसम्बन्धी काममा केही कठिनाइहरू आए तापनि आयोगले सक्षमताका साथ चुनौतीहरूको सम्बोधन गर्दै स्वअनुशासन, सदाचार, क्षमता विकासको सिद्धान्त अवलम्बन गरी सुशासनको बृहत लक्ष्य प्राप्तिका लागि अग्रपंक्तिमा रहेर क्रियाशील रहेको छ।

नेपालजस्तो विकासशील मुलुकको आर्थिक-सामाजिक उन्नतिमा भ्रष्टाचार गम्भीर बाधकको रूपमा रहेको हुँदा राज्यका स्रोत साधनको संरक्षण र विकास र समृद्धिप्रति नागरिकका आकांक्षाहरू हासिल गर्न यसको निरोध, निरुत्साहन र नियन्त्रण गर्न अत्यावश्यक रहेको छ। शासन (Governance) व्यवस्थाका सबै पक्षको सहकार्य, प्रतिबद्धता र इमानदार प्रयासबाट मात्रै सुशासनको लक्ष्यमा सफलता हासिल गर्न सकिने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन, अनुभवले सिद्ध गरेका छन्। तसर्थ, भ्रष्टाचार विरूद्धका कार्यमा आयोगले राजनीतिक नेतृत्व, प्रशासन संयन्त्र, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत र अन्तर्राष्ट्रिय समुदाय सबैको साथ, सहयोग र ऐक्यबद्धताको अपेक्षा गरेको छ। सार्वजनिक अख्तियारीको प्रयोग गर्ने हामी सबैले कर्तव्य पालनामा इमानदारिता एवं निर्णयमा जवाफदेहिता कायम गर्दा शासनमा स्वत: स्वच्छता र प्रभावकारिता अभिवृद्धि हुने विश्वास गर्न सकिन्छ। भ्रष्टाचार नियन्त्रण गर्ने र सुशासन कायम गर्ने कार्यमा आयोग मात्र नभई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका सम्बद्ध सबैले आ-आफ्ना जिम्मेवारी भित्रका कार्यलाई गम्भीरतापूर्वक निर्वाह गरेमा मात्र राज्यको यो महत्वपूर्ण जिम्मेवारी पूरा हुन सक्दछ।

अन्त्यमा, आयोगको अनुसन्धानलगायत समग्र कामकारबाहीमा सहयोग पुऱ्याउने सम्बद्ध सबैमा हार्दिक धन्यवाद प्रकट गर्दै आगामी दिनमा समेत समाजका सबै क्षेत्र र तहबाट रचनात्मक सहयोग रहिरहने अपेक्षा गर्दछौं। राष्ट्रले लिएको 'भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज' निर्माणको संकल्पलाई साकार पार्न आयोगसँग सबैको अटुट सहकार्य रहिरहने विश्वास व्यक्त गर्दछौं।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सांगठानिक ढाँचा


अनुसूची १ क.




अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयहरुको सांगठानिक ढाँचा

अनुसूची १ ख.

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय **इटहरी/बर्दिवास/हेटौंडा/पोखरा/बुटवल/सुर्खेत/कञ्चनपुर**



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय **नेपालगञ्ज**




नोटः- आयोगको सात वटै कार्यालयहरुको सांगठनिक ढाँचा एकै किसिमको भएकोले अलग-अलग उल्लेख नगरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
केन्द्रीय कार्यालय, टंगालको संगठन संरचना

अनुसूची १.१

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट
स्वीकृत मिति २०७७/०१/०८




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.२

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरी

संगठन संरचना




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.३

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास

संगठन संरचना




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.४

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा

संगठन संरचना




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.५

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखरा

संगठन संरचना




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल

संगठन संरचना




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.७

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल

सम्पर्क कार्यालय नेपालगञ्ज

संगठन संरचना




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.८

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत

संगठन संरचना




अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अनुसूची १.९

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुर

संगठन संरचना



अनूसुची -२

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्वीकृत दरबन्दी

	सचिव रा.प. विशिष्ट श्रेणी	अप्राविधिकतर्फ						प्राविधिकतर्फ			अप्राविधिकतर्फ			प्राविधिकतर्फ		जम्मा (क)		प्रहरीतर्फ																जम्मा (ख)		श्रेणी विहिन	जम्मा (क+ख)		कुल जम्मा
		सहसचिव वा सो सरह		उपसचिव वा सो सरह		शाखा अधिकृत वा सो सरह		सहसचिव वा सो सरह	उपसचिव वा सो सरह	शाखा अधिकृत वा सो सरह	ना.सु. वा सो सरह		खरिदार वा सो सरह	ना.सु.वा सो सरह	खरिदार वा सो सरह	अधिकृत स्तर	सहायक स्तर	प्रहरी नायव महानिरीक्षक	प्रहरी वरिष्ठ उपरीक्षक	**प्रहरी उपरीक्षक**	**प्रहरी नायब उपरीक्षक**	**प्रमुख अनुसन्धान अधिकृत**	**प्रहरी निरीक्षक**	**अनुसन्धा अधिकृत**	**प्रहरी नायब निरीक्षक**	वरिष्ठ अनुसन्धान सहायक	प्रहरी सहायक निरीक्षक	प्रहरी हल्दार	प्रहरी जवान	प्रहरी कार्यालय सहयोगी	अधिकृत स्तर	सहायक स्तर	सहायक स्तर	अधिकृत स्तर	सहायक स्तर	
		प्रशासन	न्याय	प्रशासन	न्याय	प्रशासन	न्याय				प्रशासन	न्याय	खरिदार वा सो सरह																									
केन्द्रीय कार्यालय	१	५	५	२१	९	३९	१२	१	१६	२९	४७	२	६	४४	१	१३८	१००	१	१	४	१२	१	२६	२	२३	२	१७	२६	६४	२	४७	१३४	९३	१८५	३२७	**५१२**
मातहत कार्यालय		७		८	७	४२	८		७	५१	३७	८		५४	१२	१३०	१११				७		२१		२२	७	१५	२९	५२	८	२८	१३३	७६	१५८	३२०	**४७८**
जम्मा	१	१२	५	२९	१६	८१	२०	१	२३	८०	८४	१०	६	९८	१३	२६८	२११	१	१	४	१९	१	४७	२	४५	९	३२	५५	११६	१०	७५	२६७	१६९	३४३	६४७	९९०

अनुसूची -३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

आयोगको आ.व. २०७८।७९ को बजेट, राजस्व तथा धरौटीको व्यवस्था

वार्षिक विनियोजन (थपसमेत)	बजेट	खर्च		बाँकी	प्रगति प्रतिशत
१ चालु खर्च (नेपाल सरकार)		निकासा	खर्च	निकासा नगरिएको	
क. ब.उ.शी.नं. २०६०००००१३ (नेपाल सरकार)	१०,४०२,५७९	८,१९६,८८०	८,१९६,८८०	२,२०५,६९९	७८.८०
ख. ब.उ.शी.नं. २०६१०००११३ (नेपाल सरकार)	९७६,२००,०००	७२९,८७३,४४०	७२९,८७३,४४०	२४६,३२६,५६०	७४.७७
चालु बजेट जम्मा	**९८६,६०२,५७९**	**७३८,०७०,३२०**	**७३८,०७०,३२०**	**२४८,५३२,२५९**	**७४.८१**
२. पुँजीगत खर्च ब.शी.नं.२०६०००००१४ (नेपाल सरकार)	२९०,३००,०००	१४३,३६८,५८०	१४३,३६८,५८०	१४६,९३१,४२०	४९.३९
पुँजीगत बजेट जम्मा	**२९०,३००,०००**	**१४३,३६८,५८०**	**१४३,३६८,५८०**	**१४६,९३१,४२०**	**४९.३९**
३. पुँजीगत र चालु खर्चसमेत जम्मा	**१२६६५००००० **	**८७३२४२०२०**	**८७३२४२०२०**	**३९३२५७९८०**	**६८.९५**
४. पुँजीगत र चालु खर्च (पदाधिकारीसमेत) जम्मा	**१२७६९०२५७९**	**८८१४३८९००**	**८८१४३८९००**	**३९५४६३६७९**	**६९.०३**

१. राजस्वतर्फ

१.१ केन्द्रीय कार्यालयतर्फ प्रशासनिक दस्तुर, न्यायिक दस्तुर, दण्ड जरिवाना र जफत, प्रशासनिक दण्ड जरिवाना जफत, सरकारी सामान बिक्रीको आय	३,०८,०२,५२५
जम्मा राजस्व	**३,०८,०२,५२५**

आ.व. २०७८।७९ को धरौटी तर्फ

१. केन्द्रतर्फको धरौटी

आ.व. २०७८।७९ का लागि जिम्मेवारी सरेको धरौटी	३९९३१९२०.९७
२०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्मको जम्मा धरौटी	४८३७३९५.६६
२०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्मको फिर्ता धरौटी	१२४८८२९८.३९
२०७९आषाढ मसान्तसम्मको बाँकी धरौटी	**३२२८१०१८.२४**

अनुसुची- ४ (क)

आर्थिक वर्ष २०७८/७९ मा आयोग र आयोग मातहत कार्यालयहरूमा परेका कुल उजुरीहरूमध्ये प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धानमा गएको, तामेली भएको, आयोगको महाशाखा/कार्यालयमा छानबिनका लागि प्रेषित गरिएको, विभिन्न कारबाहीका लागि लेखी पठाएको, अन्य उजुरीमा गाभिएको र आगामी आर्थिक वर्षमा जिम्मेवारी सरेको विवरण :

महाशाखा नं.	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	जम्मा फछ्यौंट संख्या	फछ्यौंटमध्ये					आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या)
				विस्तृत अनुसन्धानमा गएको (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सिधै तामेली (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सुझावसहित तामेली (संख्या)	आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा प्रेषित(संख्या)	अन्य कारबाही (संख्या)	
महाशाखा नं. १	भौ.पू.तथा यातायात	२६८	२१३	७	५७	०	५५	९४	५५
	वन तथा वा.	२७६	२४१	८	४८	७	८२	९६	३५
	प्रदेश भौ.पू.वि.(भौ. पू. तथा या. म. मात्र)	१७१	११०	६	२२	१	३५	४६	६१
	प्रदेश उद्योग, पर्यटन, वन तथा वा.(वन वातावरण मात्र)	१०३	९०	१	१८	१	१५	५५	१३
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४२	४०	०	९	०	१५	१६	२
	मुख्य मन्त्रीको कार्यालय	१६	१२	०	१	०	३	८	४
महाशाखा १ को जम्मा		**८७६**	**७०६**	**२२**	**१५५**	**९**	**२०५**	**३१५**	**१७०**
महाशाखा नं. २	अर्थ	४१६	३३३	४	७७	१	२०९	४२	८३
	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	१०८८	७७९	५७	२५५	३९	२४१	१८७	३०९
	प्रदेश आर्थिक मामिला तथा योजना	३	३	०	०	०	३	०	०
	प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी (कृ. तथा प. विकास वाहेक)	८	७	०	०	०	७	०	१
	राष्ट्रिय योजना आयोग	३	३	०	१	०	२	०	०
	परराष्ट्र	१८	१७	०	६	०	९	२	१

महाशाखा नं.	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	जम्मा फछ्यौट संख्या	फछ्यौटमध्ये					आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या)
				विस्तृत अनुसन्धानमा गएको (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सिधै तामेली (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सुझावसहित तामेली (संख्या)	आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा प्रेषित(संख्या)	अन्य कारवाही (संख्या)	
	महालेखा नियन्त्रक कार्यालय	१	१	०	०	०	०	१	०
महाशाखा २ को जम्मा		**१५३७**	**११४३**	**६१**	**३३९**	**४०**	**४७१**	**२३२**	**३९४**
महाशाखा नं. ३	गृह	६६८	६४५	१०	१३६	२	४०९	८८	२३
	कृषि तथा पशुपंछी विकास	१५५	१२२	५	२७	१	४३	४६	३३
	स्वास्थ्य तथा जनसंख्या	५०५	४४१	९	७९		१८८	१६५	६४
	प्रदेश आन्तरिक मामिला तथा कानुन	०	०	०	०	०	०	०	०
	रक्षा	१६	१५	०	३	०	१२	०	१
	प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी (कृषि तथा पशुपंछी विकास मात्र)	३७	२७	३	१	०	१२	११	१०
	प्रदेश सामाजिक विकास (स्वास्थ्य मात्र)	७५	६९	०	९	१	३४	२५	६
महाशाखा ३ को जम्मा		**१४५६**	**१३१९**	**२७**	**२५५**	**४**	**६९८**	**३३५**	**१३७**
महाशाखा नं. ४	संचार तथा सूचना प्रविधि	२०७	१४५	७	२६	१	५७	५४	६२
	संघीय मामिला तथा सामान्य प्रशासन	३४	२६	०	८	०	१४	४	८
	स्थानीय तह (संघीय मामिला)	२६७०	२३५४	४६	३३२	२३	९३४	१०१९	३१६
	संवैधानिक अंगहरू (अ.दु.अ.आ. बाहेक)	९८	९२	१	२३	०	३२	३६	६
	नेपाल ट्रष्टको कार्यालय	१	०	०	०	०	०	०	१
	राष्ट्रपतिको कार्यालय	१	१	०	०	०	०	१	०
	प्रदेश प्रमुखको कार्यालय	१	१	०	०	०	१	०	०
महाशाखा ४ को जम्मा		**३०१२**	**२६१९**	**५४**	**३८९**	**२४**	**१०३८**	**१११४**	**३९३**

महाशाखा नं.	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	जम्मा फछ्र्यौट संख्या	फछ्र्यौटमध्ये					आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या)
				विस्तृत अनुसन्धानमा गएको (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सिधै तामेली (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सुझावसहित तामेली (संख्या)	आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा प्रेषित(संख्या)	अन्य कारवाही (संख्या)	
महाशाखा नं. ५	ऊर्जा,जलस्रोत तथा सिँचाइ	३२५	२७८	११	९५	७	९६	६९	४७
	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	७७	६८	१	२०	१	४१	५	९
	प्रदेश भौतिक पूर्वाधार विकास (सिँचाइ मात्र)	१४	१२	०	३	०	१	८	२
	महिला बालबालिका तथा जेष्ठ नागरिक	९५	८६	३	१५	०	४४	२४	९
	प्रदेश सामाजिक विकास (शिक्षा स्वास्थ्य बाहेक)	६	६	०	२	०	०	४	०
	सार्वजनिक खरिद अनुगमन कार्यालय	२	२	१	०	०	०	१	०
महाशाखा ५ को जम्मा		**५१९**	**४५२**	**१६**	**१३५**	**८**	**१८२**	**१११**	**६७**
६	गैर कानुनी सम्पति आर्जन	११४८	६८५	२२	४८४	०	८	१७१	४६३
महाशाखा ६ को जम्मा		**११४८**	**६८५**	**२२**	**४८४**	**०**	**८**	**१७१**	**४६३**
महाशाखा नं. ७	खानेपानी	१५३	१३५	२०	३३	३	२२	५७	१८
	सहरी विकास	१३०	१०३	११	२५	०	१७	५०	२७
	प्रदेश भौतिक पूर्वाधार विकास (खानेपानी र सहरी विकास मात्र)	२७	२३	१	८	१	५	८	४
महाशाखा ७ को जम्मा		**३१०**	**२६१**	**३२**	**६६**	**४**	**४४**	**११५**	**४९**
महाशाखा नं. ९	प्रदेश सामाजिक विकास(शिक्षा मात्र)	२	०	०	०	०	०	०	२
	कानुन, न्याय तथा संसदीय मामिला	७५	७०	१	२८	०	२९	१२	५
	शिक्षा, विज्ञान तथा प्रविधि	४७५	४३५	१४	९५	१	२५६	६९	४०
	स्थानीय तह (शिक्षा)	८६१	८३६	१५	७८	२	५८०	१६१	२५

महाशाखा नं.	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	जम्मा फछ्र्यौट संख्या	फछ्र्यौटमध्ये					आगामी वर्षमा जिम्मेवारी सरेको (संख्या)
				विस्तृत अनुसन्धानमा गएको (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सिधै तामेली (संख्या)	प्रारम्भिक अनुसन्धानबाट सुझावसहित तामेली (संख्या)	आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा प्रेषित(संख्या)	अन्य कारवाही (संख्या)	
महाशाखा नं. ९	प्रदेश आन्तरिक मामिला तथा कानुन (न्याय कानुन सम्बन्धित मात्र)	४	३	०	०	०	१	२	१
	युवा तथा खेलकुद मन्त्रालय	५२	३२	३	९	०	१०	१०	२०
	संस्कृति पर्यटन तथा नागरिक उड्डयन	३३४	२६१	१५	५७	२	१०१	८६	७३
	उद्योग, वाणिज्य तथा आपूर्ति	२१९	१७७	११	५८	१	५९	४८	४२
	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	२०	१६	०	४	०	९	३	४
	प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण (पर्यटन, उद्योग, वाणिज्य र आपूर्ति मात्र)	१३	८	०	१	०	४	३	५
	महान्यायाधिवक्ताको कार्यालय (प्रदेशसमेत)	३	३	०	२	०	१	०	०
